# धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी विनियम, निर्देशिका तथा निर्देशन सङ्ग्रह
# २०८०


**नेपाल धितोपत्र बोर्ड**

खुमलटार, ललितपुर

२०८०

# नेपाल धितोपत्र बोर्ड


| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल धितोपत्र बोर्ड ।<br>खुमलटार, ललितपुर । |
| प्रथम संस्करण | : | जेठ २०७५ |
| प्रकाशन प्रति | : | ५०० |
| दोसो संस्करण | : | श्रावण २०७५ । |
| प्रकाशन प्रति | : | १००० |
| तेस्रो संस्करण (संशोधन सहित) | : | २०७९ जेठ |
| प्रकाशन प्रति | : | ५०० |
| चौथो संस्करण (संशोधन सहित) | : | २०८० जेठ |
| प्रकाशन प्रति | : | ५०० |


| | | |
|---|---|---|
| © प्रतिलिपी अधिकार | : | नेपाल धितोपत्र बोर्डमा सुरक्षित रहनेछ । |

नेपाल धितोपत्र बोर्ड
Securities Board of Nepal

अध्यक्षको कार्यालय
खुमलटार, ललितपुर, नेपाल
Chairman Office
Khumaltar, Lalitpur, Nepal

## प्राक्कथन

देशको आर्थिक विकासको लागि आवश्यक पूँजी परिचालन गर्न पूँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नका निम्ति धितोपत्रको निष्काशन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने उदेश्य साथ वि.सं. २०५० जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना भएको थियो । यसैक्रममा वस्तु विनिमय बजार सम्वन्धि ऐन, २०७४ ले समेत वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको संरक्षण, वस्तुको कारोबार, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्ने जिम्मेवारी बोर्डलाई प्रदान गरेको छ । बोर्डको कार्यक्षेत्र थप हुदै गइरहेको परिप्रेक्षमा धितोपत्र तथा वस्तु विनिमय सम्वन्धी ऐन तथा ऐन अर्न्तगत बनेका नियमावली, विनियमावली, निर्देशिका, निर्देशनहरु समावेश गर्दै धितोपत्र तथा वस्तु विनिमयसम्वन्धी विशेष कानून सङ्ग्रह बोर्डले प्रकाशन गर्दै आइरहेको छ ।

बोर्ड आफ्नो स्थापनाको तीस वर्ष पुरा गरी यहि २०८० साल जेष्ठ २५ गते ३१ औ वर्षमा प्रवेश गरिरहेको छ । यस उपलक्ष्यमा बोर्डले धितोपत्र तथा वस्तु विनिमयसम्वन्धी विशेष कानून सङ्ग्रहको चौथो संस्करण प्रकाशन गर्न लागेको छ । विगतका संस्करणहरुमा सम्पुर्ण ऐन, नियम, विनियम, निर्देशन एउटै सङ्ग्रहमा संलग्न गरी प्रकाशन गरिएकोमा यस संस्करण देखि ऐन र नियमावली संलग्न गरी एक सङ्ग्रह तथा विनियमावली, निर्देशिका तथा निर्देशनहरु संलग्न गरी अर्को सङ्ग्रह गरी फरक फरक सङ्ग्रह मार्फत व्यवस्थित गरिएको छ । यसै पृष्ठभूमिमा यस सङ्ग्रहमा धितोपत्र तथा वस्तु विनिमयसम्वन्धी निर्देशिका तथा निर्देशन सहित बोर्डले स्वीकृत गरेका धितोपत्र बजार व्यवस्थापन, सूचिकरण, कारोवार, राफसाफ तथा फछ्र्यौट तथा धितोपत्रको निक्षेप सेवा सम्वन्धी विनियमावलीहरु समाविष्ट गरिएको छ ।

धितोपत्र तथा वस्तु विनिमय सम्वन्धमा सरोकार राख्ने लगानीकर्ता, संगठित संस्था, धितोपत्र व्यवसायी, वस्तु विनिमय बजार सम्वन्धी व्यवसायी, कानून व्यवसायी, विद्यार्थी सहित सम्बन्धित सबैलाई यो सङ्ग्रह उपयोगी हुने विश्वास बोर्डले लिएको छ । यस सङ्ग्रहमा समाविष्ट सामाग्रीहरुमा कुनै त्रुटि भेटिएमा आवश्यक सल्लाह सुझाव प्रदान गरी दिनुहुन अनुरोध गर्दछु । अन्तमा, यस सङ्ग्रह तयार गर्न योगदान दिनुहुने कानून महाशाखा सहित बोर्डका सम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

२०८०/०२/१४

मिति २०८०/०२/१४

(रमेश कुमार हमाल)
अध्यक्ष

Post Box No.: 9031, Phone: 01-5554981, 5541057, Fax No.: 01-5541058
Toll Free No.: 1660-01-44433, Email: chairman@sebon.gov.np, Website: www.sebon.gov.np

# विषय-सूची

## क. निर्देशिका तथा निर्देशनहरु


| | | |
|---|---|---|
| १. | लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७ | १-१२ |
| २. | सामुहिक लगानी कोष निर्देशिका, २०६९ | १३-३१ |
| ३. | धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ | ३२-४३ |
| ४. | धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ | ४४-७० |
| ५. | धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४ | ७१-८६ |
| ६. | सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ | ८७-९७ |
| ७. | बुक विल्डिङ्ग सम्वन्धी निर्देशिका, २०७७ | ९८-१०५ |
| ८. | वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ | १०६-१३२ |
| ९. | धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डबाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ | १३३-१४२ |
| १०. | धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९ | १४३-१४८ |
| ११. | धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९ | १४९-१५३ |
| १२. | मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४ | १५४-१५६ |
| १३. | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ | १५७-१७३ |


## ख. विनियमावलीहरु


| | | |
|---|---|---|
| १४. | सरकारी ऋणपत्रको दोश्रो बजार व्यवस्थापन विनियमावली, २०६२ | १७४-१८२ |
| १५. | सरकारी ऋणपत्र दोश्रो बजार कारोबार संचालन विनियमावली, २०६२ | १८३-१९२ |
| १६. | ओ.टि.सि. (ओभर द काउण्टर) बजार सञ्चालन विनियमावली, २०६५ | १९३-२०३ |
| १७. | धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ | २०४-३०० |
| १८. | धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ | ३०१-३१६ |
| १९. | धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ | ३१७-३४४ |
| २०. | धितोपत्र सूचीकरण विनियमावली, २०७५ | ३४५-३६० |

लागू मिति २०६७।८।१५

# लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद : १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) निर्देशिका, २०६७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "अनुमतिपत्र" भन्नाले बोर्डबाट लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्न पाउने गरी प्रदान गरीएको अनुमति पत्र सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ग) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित कम्पनी सम्झनुपर्छ ।

(घ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।

(ङ) "नियमावली" भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ सम्झनुपर्छ ।

(च) "लगानी व्यवस्थापक" भन्नाले अनुमतिपत्र प्राप्त लगानी व्यवस्थापन गर्ने धितोपत्र व्यवसायी सम्झनुपर्छ ।

(छ) "मुद्रा बजार उपकरण" भन्नाले एक बर्ष भन्दा कम अवधि रहेका कमर्शियल पेपर, ट्रेजरी बिल, सरकारी ऋणपत्र, सर्टिफिकेट अफ डिपोजिट तथा नेपाल राष्ट्र बैंकले समय समयमा मुद्रा बजार उपकरण भनी तोकिदिएको अन्य उपकरणलाई समेत सम्झनुपर्छ ।

(ज) "स्वेच्छिक (डिस्क्रिशनरी) लगानी व्यवस्थापन सेवा" भन्नाले ग्राहकको तर्फबाट लगानी व्यवस्थापकले पूर्ण स्वतन्त्रतामा आफ्नो स्वविवेकको प्रयोग गरेर खरिद वा बिक्री लगायत करारमा उल्लेखित सबै कार्य गर्ने गरी लगानी व्यवस्थापकले ग्राहकको खाता संचालन गर्न सक्ने गरी गरिएको लगानी व्यवस्थापन कार्य सम्झनु पर्छ ।

(झ) "गैर स्वेच्छिक (नन डिस्क्रिशनरी) लगानी व्यवस्थापन सेवा" भन्नाले ग्राहकको आदेश बमोजिम मात्र खरिद बिक्री गरी लगानी व्यवस्थापकले ग्राहकको खाता संचालन गर्न नसक्ने गरी गरिने लगानी व्यवस्थापन कार्य सम्झनुपर्छ ।

(ञ) "ग्यारेन्टी लगानी व्यवस्थापन" भन्नाले ग्राहकले लगानी व्यवस्थापक संग सम्झौता गरी गरेको लगानीमा लगानी व्यवस्थापकले प्रतिफलको निश्चितता (ग्यारेन्टी) गरिएको लगानी व्यवस्थापन सम्झनुपर्छ ।

## परिच्छेद-२
## लगानी व्यवस्थापकको काम, कर्तव्य र अधिकार

**३. लगानी व्यवस्थापकको काम, कर्तव्य र अधिकार**: (१) लगानी व्यवस्थापकको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) ग्राहकहरुको लगानी व्यवस्थापन गर्ने,

(ख) लगानी व्यवस्थापनका लागि ग्राहकसँग करार गर्ने र ग्राहक खाता खोल्ने,

(ग) करार बमोजिम ग्राहकका लागि संगठित संस्थाको धितोपत्र तथा मुद्रा बजारका अन्य उपकरणहरु खरिद बिक्री गर्ने र खरिद विक्री अनुसार भुक्तानी लिने दिने कार्य गर्ने,

(घ) ग्राहकको लगानीको निर्णय सहज बनाउन सूचिकृत संगठित संस्थाहरुको वित्तीय विश्लेषण गरी सम्बन्धित ग्राहकलाई जानकारी उपलब्ध गराउने,

(ङ) ग्राहकका लागि खरिद बिक्री सम्बन्धमा परामर्श सेवा प्रदान गर्ने,

(च) आफ्ना ग्राहकको लगानीका क्षेत्रहरु र लगानीको अद्यावधिक अवस्थाबारे नियमित रुपमा सम्बन्धित ग्राहकलाई जानकारी दिने,

(छ) ग्राहकको रकमको नाफा मुलक लगानीका क्षेत्र पहिचान गर्न गहन अध्ययन अनुसन्धान पद्धती विकास गर्ने,

(ज ग्राहकको नाममा रहेका धितोपत्रहरुलाई सुरक्षित तरीकाबाट आफ्नो जिम्मामा राख्ने,

(झ) ग्राहकहरुको शेयर रहेका कम्पनीको वार्षिक साधारण सभा वा विशेष साधारण सभा वा ग्राहकहरुसंग सम्बन्धित अन्य कुनै सूचनाहरु भएमा सोको जानकारी सम्बन्धित ग्राहकलाई दिने,

(ञ) ग्राहकको बोनस शेयर वा लाभांश लिनुपर्ने भएमा सम्बन्धित कम्पनीबाट संकलन गरीदिने,

(ट) ग्राहकहरुसंग सम्बन्धित कम्पनीहरुबाट हकप्रद शेयर निष्काशन हुने भएमा सम्बन्धित ग्राहकलाई सूचना दिने र निजको इच्छा अनुसार सोको व्यवस्थापन गर्ने,

(२) लगानी व्यवस्थापकले गैर आवाशीय नेपाली नागरीकहरु ग्राहक बनाउने भएमा उनीहरुको तर्फबाट बैंक खाता खोल्न तथा सो खाता संचालन गर्न प्रचलित कानून बमोजिम कुनै स्वीकृति लिनुपर्ने भएमा त्यस्तो स्वीकृती लिएर मात्र कार्य संचालन गर्नु पर्नेछ ।

**४. लगानी व्यवस्थापकले लगानी गर्न सक्ने क्षेत्र**:(१) लगानी व्यवस्थापकले देहाय बमोजिमको क्षेत्रहरुमा लगानी गर्न सक्नेछः

(क) संगठित संस्थाको सूचिकृत धितोपत्र,

(ख) सार्वजनिक निष्काशन भएका धितोपत्र,

(ग) मुद्रा बजार उपकरण,

(घ) सामूहिक लगानी कोषले जारी गरेको इकाई ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक लगानी व्यवस्थापकले अन्य क्षेत्रमा लगानी व्यवस्थापन गर्ने भएमा बोर्डमा सो सम्बन्धमा जानकारी दिई बोर्डबाट स्वीकृती प्राप्त गरेर मात्र लगानी व्यवस्थापन शुरु गर्न सक्नेछ ।

५. **लगानी व्यवस्थापन सीमा:**यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लगानी व्यवस्थापकले ग्राहकको लागी कम्तीमा तीन लाख रुपैयाँको लगानी व्यवस्थापन गर्नु पर्नेछ ।

६. **स्वार्थ बाझिएको सम्बन्धमा:**(१) लगानी व्यवस्थापकलाई ग्राहकको तर्फबाट गरीने कुनै कारोवारसँग आफ्नो वा आफ्नो कम्पनी वा कम्पनीका कुनै संस्थापकहरुको स्वार्थ गाँसिएको भएमा त्यस्तो कुराको जानकारी लिखितरुपमा ग्राहकलाई गराउनु पर्नेछ । साथै प्रचलित कानूनले यस्तो स्वार्थ गाँसिएकोमा कारोवार गर्न रोक लगाएको अवस्थामा ग्राहकबाट लिखित स्वीकृति प्राप्त नभई त्यस्तो कारोवार गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि बोर्डले स्वार्थ वाझिएको कारोवारको लागि प्रतिवन्धात्मक व्यवस्था तोक्न सक्नेछ ।

७. **खरिद गर्न नहुने:**(१) लगानी व्यवस्थापकले ग्राहकको तर्फबाट धितोपत्र खरिदको आदेश दिंदा ग्राहकको लिखित आदेश भएको अवस्थामा बाहेक आफ्नो संस्थाको वा आफू संग सम्बन्धित रहेको संस्थाको धितोपत्र खरिद गरिदिनु हुदैन ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "आफू सँग सम्बन्धित" भन्नाले सम्बन्धित संस्थाको मुख्य वा सहायक वा साझेदार वा भगिनी संस्था लगायत सो संस्थाको आर्थिक संलग्नता रहेको वा संचालक र कार्यकारी प्रमुखको प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता रहेको भन्ने जनाउँछ ।

(२) लगानी व्यवस्थापकले आफूले प्रत्याभूती गरेका धितोपत्रहरु त्यस्तो प्रत्याभूति सम्बन्धी कार्य सम्पन्न गरेको तीन महिना अवधि व्यतित नभए सम्म त्यस्तो धितोपत्रहरु ग्राहकको लागि खरिद गर्नु हुदैन ।

तर ग्राहकले स्पष्ट रुपमा सोही धितोपत्र खरिद गर्नका लागि आदेश दिएमा त्यस्तो धितोपत्र खरिद गर्न सकिनेछ ।

८. **लगानी व्यवस्थापकका दायित्वहरु**: लगानी व्यवस्थापकका देहाय बमोजिमका दायित्वहरु हुनेछन्:-

(क) लगानी व्यवस्थापकले ग्राहकले तोकेको सीमासम्मको मात्र धितोपत्रको कारोबार गर्नु पर्ने,

(ख) ग्राहकको रकम वा धितोपत्रबाट लगानी व्यवस्थापकले कुनै प्रत्यक्ष अप्रत्यक्ष फाइदा लिन नहुने,

(ग) ग्राहकको तर्फबाट लगानी व्यवस्थापकले कुनै ऋण लिन नहुने,

(घ) ग्राहकबाट लिएको धितोपत्र वा रकम नियमानुसार बाहेक तेश्रो पक्षलाई दिन नहुने,

(ङ) ग्राहकको रकम करारमा उल्लेख भए बमोजिमको धितोपत्र वा मुद्रा बजारको अन्य उपकरणहरुमा मात्र लगानी गर्नु पर्ने,

(च) लगानी व्यवस्थापकले प्रत्येक ग्राहकको लागि धितोपत्र खरिद तथा विक्री कारोवार प्रतिस्पर्धात्मक मूल्यमा गर्नु पर्ने,

(छ) लगानी व्यवस्थापकले प्रत्येक ग्राहकको लागि धितोपत्र खरिद तथा विक्री अलग अलग नै गर्नु पर्ने,

(ज) ग्राहकको रकम लगानी गर्दा बास्तविक कारोवारमा मात्र गर्नु पर्ने,

(झ) लगानी व्यबस्थापकले ग्राहकको तर्फबाट आफ्नो नाममा धितोपत्र राख्न नहुने,

(ञ) ग्राहकबाट लिखित अनुमति प्राप्त भएको अवस्थामा बाहेक ग्राहकको धितोपत्र धितो वा बन्धक राख्न नहुने,

(ट) ग्राहकबाट लिएको रकम करारमा उल्लेख भए बमोजिमको क्षेत्रमा मात्र लगानी गर्नु पर्ने,

(ठ) ग्राहकलाई दिनु पर्ने वा दिन बाँकी रकम करारको अधिनमा रही समयमा नै उपलव्ध गराउनु पर्ने,

(ड) लगानी व्यवस्थापकले ग्राहकसंग कारोवारको सिलसिलामा थाहा पाएको ग्राहकको व्यक्तिगत लगानी क्षमता र अन्य गोपनीय प्रकृतिका सूचना वा जानकारी अन्य पक्षलाई जानकारी गराउन वा त्यस सम्बन्धमा छलफल गर्न नहुने ।

(ढ) ग्राहकको नाममा नामसारी भएका धितोपत्रहरु अभिलेख गर्ने, लाभांस दावा गरी प्राप्त गर्ने, व्याज लगायतका अन्य हक अधिकार प्राप्त गर्न सहयोग गर्नु पर्ने,

(ण) आफ्नो ग्राहकको लागि सही तथा यथार्थ सूचना दिनु पर्ने,

(त) लगानी व्यवस्थापकले ग्राहकसँग लगानी व्यवस्थापन सम्बन्धी सम्झौता गर्नु अघि त्यस्तो लगानीमा निहित जोखिम बारे जानकारी गराउनु पर्ने,

९. **लगानी व्यवस्थापक सम्बन्धी जानकारी दिनु पर्ने**: लगानी व्यवस्थापकले ग्राहकसंग करार गर्नु पूर्व लगानी व्यवस्थापक कम्पनीको बारेमा ग्राहकले यथेष्ट जानकारी प्राप्त गर्न सक्ने गरी जानकारी प्रदान  गर्नु पर्नेछ ।

## परिच्छेद-३
## ग्राहक खाता, करार तथा लगानी सम्बन्धी व्यवस्था

१०. **ग्राहक खाता सम्बन्धी व्यवस्था:** (१) लगानी व्यवस्थापक मार्फत आफ्नो धितोपत्र लगानी व्यवस्थापन गर्न चाहनेले व्यक्ति भएमा कम्तिमा अनुसूची-१ तथा संस्था भएमा कम्तिमा अनुसूचि-२ मा उल्लेखित विवरणहरु सहित ग्राहक खाता खोल्न लगानी व्यवस्थापक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा लगानी व्यवस्थापकले निवेदनको जाँचबुझ गरी ग्राहक खाता खोली दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ग्राहक खाता खोल्नु अघि अनुसूची-३ बमोजिमको विवरण खुलाई करार गर्नु  पर्नेछ ।

(४) लगानी व्यवस्थापकले लगानी व्यवस्थापन सम्बन्धमा प्रयोग गर्ने करारको ढाँचा बोर्डलाई जानकारी गराएर मात्र लागू गर्नु पर्नेछ र बोर्डले आवश्यक देखेमा यस्तो ढाँचामा सुधार गर्न वा विवरण थप गर्न लगाउन सक्नेछ ।

(५) उपदफा (२) बमोजिम करार गर्नु अघि लगानी व्यवस्थापनमा हुन सक्ने जोखिम सम्बन्धमा लगानी व्यवस्थापकले ग्राहकलाई पूर्ण जानकारी दिनु पर्नेछ र त्यस्तो जानकारी ग्राहकले प्राप्त गरेको भन्ने उद्घोषण समेत गराई सो को अभिलेख राख्नुपर्नेछ ।

(६) उपदफा (३) बमोजिम गरिएको करारमा उल्लेखित शर्तहरु ग्राहकले समय समयमा लगानी व्यवस्थापकको सहमतिमा हेरफेर गर्न सक्नेछ ।

(७) करार गरिएको एक वर्ष पूरा भए पछि करार अद्यावधिक गर्नु पर्ने वा नपर्ने सम्बन्धमा ग्राहकले लगानी व्यवस्थापकलाई पहल गर्न सक्नेछ र ग्राहकले त्यस्तो पहल नगरेमा लगानी व्यवस्थापक आफैले पहल गर्न सक्नेछ ।

(८) लगानी व्यवस्थापकले ग्राहकसँग गरिएको करारमा तोकिए बमोजिम कारोवार गर्न असफल भएमा हुने दण्ड सजाय धितोपत्र सम्बन्धी ऐन तथा नियमावलीमा तोके बमोजिम हुनेछ ।

**११. <u>लगानी व्यवस्थापकले प्रदान गर्न सक्ने सेवाहरुः</u>** (१) ग्राहकको लगानी व्यवस्थापन गर्दा लगानी व्यवस्थापकले देहाय बमोजिम सेवा प्रदान गर्न सक्नेछः-

(क) स्वेच्छिक (डिस्क्रिशनरी) लगानी व्यवस्थापन सेवा,

(ख) गैर स्वेच्छिक (नन डिस्क्रिशनरी) लगानी व्यवस्थापन सेवा,

(ग) खरिद तथा विक्रि सम्बन्धी परामर्श सेवा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम ग्राहकको तर्फबाट पूर्ण स्वतन्त्रतामा आफ्नो स्वविवेक प्रयोग गरेर लगानी व्यवस्थापन गर्दा लगानी व्यवस्थापकले ग्राहकको लागि आफैले खरिद वा बिक्री आदेश दिई खरिद वा बिक्री गर्न सक्नेछ ।

तर यसरी लगानी व्यवस्थापकले ग्राहकको तर्फबाट आफैले खरिद बिक्री गर्न पाउने सम्बन्धमा ग्राहकबाट अधिकार प्रत्यायोजन गरेको सम्बन्धमा करारमा स्पष्ट रुपमा उल्लेख गरी अधिकार प्राप्त गरेको हुनुपर्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भएको जुनसुकै प्रकारको सेवा प्रदान गर्ने भएमा पनि लगानी व्यवस्थापकले आफूले प्रदान गर्ने सेवाका सम्बन्धमा ग्राहकसँग गरिने करारमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिम परामर्श सेवा मात्र लिन चाहेमा सोही बमोजिमको व्यहोरा स्पष्ट रुपमा उल्लेख गरी करार गर्न तथा सेवा प्रदान गर्न सकिनेछ ।

**१२. <u>प्रतिफलको निश्चितता सम्बन्धमाः</u>** लगानी व्यवस्थापकले ग्राहकलाई लगानी व्यवस्थापनमा प्रतिफलको निश्चितता (ग्यारेन्टी) प्रदान गर्ने भएमा आफ्नो खुद सम्पत्ति मूल्य (नेटवर्थ) भन्दा बढि दायित्व श्रृजना हुने गरीप्रतिफल निश्चितता गर्न पाइने छैन ।

**१३. <u>लगानी वापतको रकम फिर्ता लिन सक्ने अवस्थाः</u>** देहाय बमोजिमको अवस्थाहरुमा ग्राहकले करारको अवधि पुरा हुनु अगाडि नै आफ्नो लगानी वापतको रकम फिर्ता लिन सक्नेछः

(क) अनिवार्य वा स्वेच्छिक रुपमा लगानी व्यवस्थापन सेवाको अन्त भएमा,

(ख) बोर्डबाट प्रदान भएको लगानी व्यवस्थापन अनुमतिपत्र निलम्बन वा खारेज भएमा,

(ग) लगानी व्यवस्थापक दामासाहीको अवस्थामा परेमा वा खारेज भएमा ।

## परिच्छेद - ४
## लगानी व्यवस्थापकको आचार संहिता

**१४. लगानी व्यवस्थापकको व्यावसायिक आचार संहिताः** लगानी व्यवस्थापकले देहाय बमोजिमको व्यावसायिक आचरण पालना गर्नु पर्नेछः-

(क) उच्च नैतिक चरित्र तथा स्वच्छता कायम गर्ने,

(ख) ग्राहकबाट जुन क्षेत्रमा लगानी गर्ने उद्देश्यबाट रकम प्राप्त गरीएको हो सोही उद्देश्य बमोजिम लगानी गरी बाँकी रहन गएको रकम भए सो समेत यथासम्भव छिटो ग्राहक खातामा जम्मा गरीदिनु पर्ने,

(ग) सदा उच्च दक्ष सेवा, कानुनको पालना, उपयुक्त व्यवहार तथा निष्पक्ष व्यवसायीक निर्णय दिनु पर्ने,

(घ) लगानी व्यवस्थापकले आफ्नो स्वार्थ बाभ्रीने अवस्था श्रृजना हुन नदिई निष्पक्ष व्यवहार गरीने कुरा यकिन गर्न पर्ने,

(ङ) कुनै तथ्य, कानुन तथा पूर्व अभ्यास लुकाउनु तथा अस्वस्थ प्रतिस्पर्धा गर्न गराउन नहुने,

(च) आफ्नो योग्यता, क्षमता तथा आफूले पुऱ्याएको सेवा तथा उपलब्धिहरुको बढाई चढाई गरी लिखित वा मौखिक विज्ञापन गर्न नहुने,

(छ) व्यवसायको सिलसिलामा आफूलाई प्राप्त ग्राहकको जानकारीहरु कुनै अन्य ग्राहक वा संचार माध्यमलाई उपलब्ध गराउन नहुने,

(ज) आफूले लगानी गरीदिए वापत ग्राहकले कमाएको नाफामा करारमा उल्लेख भए भन्दा बाहेक आफ्नो हकहिस्सा खोज्न नहुने,

(झ) लगानी व्यवस्थापकले ग्राहकलाई लगानीसंग सम्बन्धी सवै जानकारी तथा सल्लाह दिदा वा ग्राहकसंग कारोवार गर्दा आवश्यक सावधानी अपनाई दक्षता, इमान्दारिता र स्वच्छता पुर्वक गर्नु पर्ने,

(ञ) लगानी व्यवस्थापकले सवै ग्राहकलाई समान व्यवहार गर्नु पर्ने,

(ट) प्रत्येक ग्राहकको रकम तथा धितोपत्रको व्यवस्थापन छुट्टाछुट्टै राख्नुपर्ने र अन्य कसैको रकम र धितोपत्र संग मिसाउन नहुने,

(ठ) लगानी व्यवस्थापकले ग्राहकको हित विपरित आफ्नो कुनै स्वार्थ राख्न नहुने,

(ड) लगानी व्यवस्थापकले आफ्ना ग्राहकको लागि निजको आवश्यकता तथा व्यवसायीक क्षमता सम्बन्धमा असल सल्लाह दिने प्रयत्न गर्नु पर्ने ,

(ढ) लगानी व्यवस्थापकको प्रत्येक व्यावसायीक कारोवार तत्काल प्रभावी तथा दक्षताका साथ हुने विश्वास दिलाउने प्रयत्न गर्नु पर्ने,

(ण) सदैव उच्चस्तरको सेवा, कानून पालनाको प्रतिबद्धता तथा ग्राहकहरुको हित संरक्षण गर्नु पर्ने।

**१५. आर्थिक लाभ लिन नहुनेः** लगानी व्यवस्थापक वा लगानी व्यवस्थापकको तर्फबाट सेवा प्रदान गर्ने कुनै पनि व्यक्तीले आफूले प्रदान गरेको लगानी सम्बन्धी सुझाव, सल्लाह वा सेवा वापत करारमा उल्लेख गरीएको सेवा शुल्क बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि किसिमको आर्थिक लाभ लिनु हुदैन ।

१६. **कारोवार गर्न नहुने:** लगानी व्यवस्थापक तथा लगानी व्यवस्थापक कम्पनीका संचालक, प्रवन्ध निर्देशक, निर्देशक तथा कार्यकारी प्रमुखले आफ्नो तथा आफ्नो एकासगोलको परिवारको नामबाट कारोवारमा संलग्न हुने भएमा बोर्डको पूर्व स्वीकृती लिनु पर्नेछ ।

## परिच्छेद - ५

## लेखा, अभिलेख, जानकारी तथा विवरण प्रवाह सम्बन्धी व्यवस्था

१७. **अभिलेख राख्नु पर्ने:** (१) लगानी व्यवस्थापकले ग्राहकको तर्फबाट गरीएका सम्पूर्ण कारोवारको विवरणहरु छुट्टा छुट्टै र स्पष्ट रुपमा अभिलेख गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेख लगानी व्यवस्थापकले कारोवार भएको कम्तीमा पाँच वर्ष सम्म सुरक्षित राख्नु पर्नेछ ।

(३) लगानी व्यवस्थापकले आफ्नो र ग्राहकको हिसाब छुट्टाछुट्टै रुपमा स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

(४) लगानी व्यवस्थापकले राख्ने अभिलेख तथा हिसाब विद्युतीय (इलेक्ट्रोनिक) रुपमा समेत राख्न सकिनेछ ।

(५) लगानी व्यवस्थापकले प्रत्येक आर्थिक बर्षको वासलात, नाफा नोक्सानी हिसाब, लेखापरिक्षण प्रतिवेदन तथा वित्तीय स्थितिको विवरण तयार गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(६) लगानी व्यवस्थापकले प्रत्येक लगानी सम्बन्धी कारोबारका सिफारिश तथा निर्णयहरुको छुट्टाछुट्टै विवरण तयार गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

१८. **वित्तीय विवरण पेश गर्नु पर्ने:** (१) लगानी व्यवस्थापकले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र उक्त आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब तथा अन्य तोकिएको विवरणहरु बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) लगानी व्यवस्थापकले अर्ध बार्षिक अवधि समाप्त भएको साठी दिन भित्र सो अवधिको अर्धबार्षिक विवरण पेश गर्नुपर्नेछ ।

१९. **लेखा राख्नु पर्ने:** (१) लगानी व्यवस्थापकले प्रत्येक ग्राहकको हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै लेखा राख्नु पर्नेछ ।

(२) लगानी व्यवस्थापकले प्रत्येक ग्राहकबाट प्राप्त लगानी रकम, सोको लगानी तथा लगानीफिर्ता र ग्राहकको खातामा जम्मा तथा खर्च हुने सम्पूर्ण कारोबारको उचित रुपमा लेखा राख्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम राखिएको ग्राहकको लेखा सम्बन्धमा ग्राहकले आफैले कुनै लेखा परिक्षक मार्फत लेखा परिक्षण गराउन चाहेमा आवश्यक कागजात तथा विवरण उपलब्ध गराउनु पर्नेछ ।

(४) लगानी व्यवस्थापकले राख्ने लेखा विद्युतीय (इलेक्ट्रोनिक) रुपमा समेत राख्न सकिनेछ ।

२०. **ग्राहकलाई जानकारी दिनु पर्ने:** (१) लगानी व्यवस्थापकले कम्तीमा छ महिनाको एक पटक अनिवार्य रुपमा ग्राहकलाई निजको कारोवारको सम्बन्धमा कम्तीमा निम्न विषय सहितको विवरण उपलब्ध गराउनु पर्नेछ :-

(क) लगानी व्यवस्थापनको बनावट,
(ख) धितोपत्रको संख्या तथा विवरण,
(ग) लगानी व्यवस्थापकसंग भएका प्रत्येक धितोपत्रको मूल्य,
(घ) विवरण तयार पार्दासम्मको धितोपत्रको औसत मूल्य तथा मौज्दात,
(ङ) कारोवारको खरिद तथा विक्री मिति समेत देखिने कारोवार विवरण,
(च) उक्त समयमा प्राप्त लाभ जस्तै व्याज, लाभांश, वोनस शेयर, हकप्रद शेयर आदि,
(छ) ग्राहकको लगानी व्यवस्थापनको क्रममा भएको खर्चको विवरण,
(ज) लगानी व्यवस्थापकले लगानीमा देखेका जोखिमहरु आदि ।

(२) ग्राहकले आफ्नो लगानी व्यवस्थापन सम्बन्धमा कुनै पनि बेलामा जानकारी माग गरेमा लगानी व्यवस्थापकले सो सम्बन्धी जानकारी उपलव्ध गराउनु पर्नेछ ।
तर यसरी मागीएको जानकारी अव्यवहारिक तथा औचित्यहिन भएमा लगानी व्यवस्थापक सो जानकारी गराउन वाध्य हुने छैन ।

(३) उपदफा (१) बमोजिमको विवरणहरु लगानी व्यवस्थापकले आफ्नो वेव साइटमा राख्ने भएमा प्रत्येक ग्राहकले आफ्नो विवरणमात्र हेर्न सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(४) लगानी व्यवस्थापकले ग्राहकलाई लगानी व्यवस्थापनसंग सम्बन्धित विवरण तथा सूचना मात्र उपलव्ध गराउनु पर्नेछ ।

(५) ग्राहकले करार अन्त गरी खाता वन्द गर्न निवेदन दिएको अवस्थामा लगानी व्यवस्थापकले ग्राहकको नाममा रहेको खाता तथा ग्राहकको नाममा गरीएको कारोवारको विस्तृत विवरण उपलव्ध गराई हिसाव फरफारक गरेर खाता वन्द गरी दिनु पर्नेछ ।

२१. **बोर्डलाई विवरण पेश गर्नु पर्नेः** (१) लगानी व्यवस्थापकले बोर्डले मागेको बेलामा निम्न बमोजिमको विवरण उपलव्ध गराउनु पर्नेछः

(क) लगानी व्यवस्थापकको लगानी व्यवस्थापन सम्बन्धी विवरणहरु,
(ख) लगानी व्यवस्थापकले जुन जुन ग्राहकहरुको लगानी व्यवस्थापन गरेको छ तिनीहरुको नामावली, सम्पर्क ठेगाना तथा लगानी व्यवस्थापन गरेको रकम,
(ग) लगानी व्यवस्थापकको लागि आवश्यक पूँजी पर्याप्त रहेको देखिने विवरण,
(घ) बोर्डले माग गरेका अन्य विवरण ।

(२) अनुमतिपत्र प्राप्त गर्ने क्रममा बोर्डमा पेश भएका विवरणहरुमा कुनै परिवर्तन भएमा सो विवरणहरु बोर्डमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

२२. **निरीक्षण तथा सुपरीवेक्षण गर्नेः** (१) बोर्डले आवश्यकता अनुसार लगानी व्यवस्थापकको स्थलगत वा गैरस्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्नेछ ।

(२) बोर्डबाट गरिने निरीक्षणका क्रममा माग गरेका सूचना तथा विवरण सम्बन्धित लगानी व्यवस्थापकले अविलम्ब उपलब्ध गराउनु पर्नेछ ।

(३) बोर्डले स्थलगत रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्दा निरीक्षणका तथा सुपरीवेक्षणका लागि खटाईएको कर्मचारीलाई लगानी व्यवस्थापकले आफ्नो कार्यालय तथा सूचना, कागजात तथा विवरणमा पहुँच दिनु पर्नेछ ।

(४) बोर्डले स्थलगत रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्दा निरीक्षणका लागि खटाईएको कर्मचारीले लगानी व्यवस्थापकको कार्यालयमा तत्कालै कुनै सुधार गर्नु पर्ने देखेमा त्यस्तो सुधार गर्न निर्देशन दिन बोर्डमा सिफारिश गर्न सक्नेछ ।

**२३. प्रतिवेदन पेश गर्नु पर्ने:** दफा बमोजिम निरिक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले त्यसरी निरिक्षण वा सुपरिवेक्षणको कार्य सम्पन्न गरेको मितिले सामान्यतया पन्ध्र दिन भित्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-७
## विविध

**२४. गैर आवासिय नेपालीलाई ग्राहक सुविधा प्रदान गर्न सक्ने:** (१) लगानी व्यवस्थापकले प्रचलित कानुनको अधिनमा रही नेपाल बाहिर रहेका गैर आवासिय नेपाली (एन.आर.एन) लाई पनि करार गरी तथा ग्राहक बनाई सेवा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गैर आवासिय नेपालीलाई सेवा प्रदान गर्दा पूर्ण स्वतन्त्रतामा आफ्नो स्वविवेक प्रयोग गरेर लगानी व्यवस्थापन गरी लगानी व्यवस्थापकले ग्राहकको लागि आफैले खरिद वा बिक्री आदेश दिई खरिद वा बिक्री गर्न सक्नेछ ।

तर यसरी लगानी व्यवस्थापकले ग्राहकको तर्फबाट आफैले खरिद बिक्री गर्न पाउने सम्बन्धमा ग्राहकबाट अधिकार प्रत्यायोजन गरेको सम्बन्धमा करारमा स्पष्ट रुपमा उल्लेख गरी अधिकार प्राप्त गरेको हुनुपर्नेछ ।

**२५. ग्राहकको गुनासो सुन्ने तथा समाधान गर्ने:** (१) आफूले गरेको लगानी व्यवस्थापन सम्बन्धमा ग्राहकहरुबाट कुनै पनि किसिमका गुनासा प्राप्त भएमा यथाशिघ्र समाधान हुने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासा तथा समाधानको स्थिति सम्बन्धमा बोर्डलाई अर्धबार्षिक रुपमा जानकारी गराउनु पर्नेछ ।

**२६. नियम पालना अधिकृत तोक्नु पर्ने: (१)** लगानी व्यवस्थापकले लगानी व्यवस्थापन कार्य शुरु गर्नु अघि एक नियम पालना अधिकृत तोक्नु पर्नेछ । यो निर्देशिका लागू हुँदाका बखत संचालनमा रहेको लगानी व्यवस्थापकले यो निर्देशिका लागू भएको तीन महिना भित्र नियम पालना अधिकृत तोकी सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(२) लगानी व्यवस्थापन सम्बन्धमा कुनै प्रकारको नियम पालना नभएमा उपदफा (१) बमोजिम नियुक्त नियम पालना अधिकृतले सम्बन्धित संचालक समिति तथा बोर्डमा समेत जानकारी गराउनु पर्नेछ ।

**२७. निर्देशिकाको व्याख्या:** यो निर्देशिकामा लेखिएका कुराहरु कार्यान्वयन गर्ने सीलसीलामा कुनै कठिनाई पर्न आएमा वा निर्देशिकाको कुनै व्यवस्था अस्पष्ट भएमा वा दुविधा जनक देखिएकोमा बोर्डले सो को व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूचि - १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदक व्यक्ति भएमा ग्राहक खाता खोल्नको लागि दिने निवेदनमा खुलाउनु पर्ने न्यूनतम विवरण**

| हालसालै खिचिएको फोटो |
|---|

१. पूरा नामथरः देवनागरीमाः ..........................
अंग्रेजीमाः...............................
जन्म मिति...................... जन्म स्थानः ..........................
नागरिकताः.......................
नागरिकता नम्बरः ..............................
नागरिकता जारी भएको मिति र जिल्लाः ........................
राहदानी नं.: ..........................राहदानी जारी स्थान र मितिः .............................

२. स्थायी ठेगानाः ...............अंचल................जिल्ला ................... गा. वि.स. ⁄ न.पा. ⁄ म. न. पा.
टोल................वडा नं.........ब्लक नं......... फोन नंः........... फ्याक्सः............
इमेल .............

३. हालको ठेगानाः ..................अंचल...............जिल्ला ..................... गा. वि.स. ⁄ न.पा. ⁄ म.पा.
टोल................वडा नं.........ब्लक नं......... फोन नंः............. फ्याक्सः..................
इमेल.............

४. बाबुको नामः

५. बाजेको नामः

६. पति वा पत्निको नामः

७. शैक्षिक योग्यताः

८. पेशा : (कुनै कार्यालयमा कार्यरत भए कार्यालयको नाम, ठेगाना र पद अनिवार्य रुपमा खुलाउनु पर्ने)

९. स्थायी लेखा नम्बर (PAN):

१०. कारोबार गर्ने बैंकको नाम, ठेगाना तथा खाता नम्बरः (खाताको प्रकार खुलाउनु पर्ने)
लगानी व्यवस्थापकले यस दफामा उल्लेख भएको वैंकसँग आफ्नो ग्राहकको सम्बन्धमा जानकारी माग्न सक्नेछ ।

११. लगानी व्यवस्थापनका लगाइने रकमको श्रोत सम्बन्धी विवरणः

.............................
निवेदकको दस्तखत

<u>संलग्न गर्नु पर्ने कागजातः</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. राहदानीको प्रतिलिपि ।

## अनुसूचि - २

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदक संस्था भएमा ग्राहक खाता खोल्नको लागि दिने निवेदनमा खुलाउनु पर्ने न्यूनतम विवरण**

१. संस्थाको नामः

संस्थाको प्रकृती

दर्ता प्रमाणपत्र नं.

दर्ता मिति, स्थान तथा दर्ता भएको निकायः

सम्पूर्ण संचालकहरुको नाम र ठेगानाः

संचालकहरुको बाबु तथा बाजेको नामः

कार्यकारी प्रमुखको नाम र ठेगानाः
कार्यकारी प्रमुखको बाबु तथा बाजेको नामः

२. स्थायी लेखा (प्यान) नम्बर :

३. ठेगाना (संस्थाको रजिष्टर्ड ठेगाना)
.................. अंचल ...................... जिल्ला ....................
(गा.वि.स/नपा/मनपा/उमनपा) .................. टोल ............ वडा नं. .................
ब्लक नं........... फोन नं. ................पोष्ट वक्स नं.: ................
फ्याक्सः.................इमेल.............

४. कारोबार गर्ने बैंकको नाम, ठेगाना तथा खाता नम्बरः (खाताको प्रकार खुलाउनु पर्ने)
लगानी व्यवस्थापकले यस दफामा उल्लेख भएको वैंकसँग आफ्नो ग्राहकको सम्बन्धमा जानकारी माग्न सक्नेछ ।

५. लगानी व्यवस्थापनमा लगाइने रकमको आय श्रोत सम्बन्धी विवरणः
आधिकारीक व्यक्तिको दस्तखत............................
आधिकारीक व्यक्तिको नाम...............................
निवेदकले संलग्न गनुपर्ने कागजातः-
(१)कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
(२)प्रवन्धपत्र तथा नियमावली, विधान वा सम्बन्धित कागजातको प्रतिलिपि

(३) लगानी व्यवस्थापकसँग खाता खोल्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि
(४) हस्ताक्षर गर्न अख्तियारी प्रदान गरेको व्यक्तिको नाम तथा नागरीकता प्रमाणपत्रको प्रतिलिपि
(५) स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्र को प्रतिलिपि

## अनुसूचि - ३

(दफा ३ को उपदफा (२) तथा दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## ग्राहकसँगको करारमा खुलाउनु पर्ने न्यूनतम कुराहरु

१. लगानी व्यवस्थापन गरिने रकम र लगानी व्यवस्थापकले ग्राहकलाई कस्तो प्रकारको लगानी व्यवस्थापन सेवा प्रदान गर्ने हो सो सम्बन्धमा

२. ग्राहकको तर्फबाट गरिएको लगानीबाट प्राप्त धितोपत्र तथा बजारका अन्य उपकरणहरुलाई सुरक्षित साथ राख्नको लागि गरिने व्यवस्था सम्बन्धमा

३. लगानी व्यवस्थापक र ग्राहक वीच गरिएको करारको अवधि तथा रकम सम्बन्धमा

४. लगानी गर्न सकिने क्षेत्र तथा सीमा सम्बन्धमा

५. लगानी व्यवस्थापकले लगानी व्यवस्थापन सम्बन्धी सेवा प्रदान गरे वापत ग्राहकले बुझाउनु पर्ने सेवा शुल्क सम्बन्धमा

६. लगानी व्यवस्थापकको कुनै लगानीमा स्वार्थ बाझिएको भए सो सम्बन्धमा पहिले नै खुलाउनु पर्ने सम्बन्धमा

७. ग्राहकको लगानीबाट गरिएको कारोवारको गोप्यता कायम राख्ने सम्बन्धमा

८. लगानी व्यवस्थापनमा आइपर्न सक्ने सम्पूर्ण जाखिमको पूर्ण जिम्मेवार ग्राहक आफै हुने, लगानी व्यवस्थापक तथा लगानी व्यवस्थापकका कुनै पनि कर्मचारी लगानी व्यवस्थापनको क्रममा हुन सक्ने हानी नोक्सानीको भागिदार नहुने र लगानी व्यवस्थापनको क्रममा आइपर्ने खर्चहरु जस्तै कर, ग्राहकको प्रतिनिधि भई कामगर्दा बुझाउनु पर्ने सेवा शुल्क आदि जस्ता खर्चहरु सवै ग्राहकले नै व्यहोर्नु पर्ने सम्बन्धमा
९. लगानी व्यवस्थापकले ग्राहकलाई प्रवाह गर्ने विवरण तथा जानकारी सम्बन्धमा
१०. लगानीमा हुन सक्ने जोखिम सम्बन्धमा
११. ग्राहकको नाममा खरिद गरिएको शेयरहरुमा प्राप्त हुन सक्ने हकप्रद शेयर तथा वोनस शेयर सम्बन्धमा
१२. ग्राहकको नामबाट धितोपत्रमा गरिने लगानीको प्रतिफल सम्बन्धमा लगानी व्यवस्थापकको वारेन्टी नरहने सम्बन्धमा,
१३. ग्राहकको लगानी सिमा भन्दा बढी हुने गरी दायित्व नरहने सम्बन्धमा,
१४. लगानी व्यवस्थापन सम्बन्धमा लगानी व्यवस्थापकको दायित्वहरु सम्बन्धमा
१५. लगानी व्यवस्थापन सम्बन्धमा उठेका विवाद तथा गुनासाहरुको समाधान सम्बन्धमा
१६. करारमा लागू हुने कानुन सम्बन्धमा
१७. करारको व्याख्या सम्बन्धमा
१८. करारका अन्य शर्तहरु सम्बन्धमा
१९. सम्पत्ती शुद्धिकरण सम्बन्धमा ऐन नियम परिपालना गर्ने सम्बन्धी उद्घोषण सम्बन्धमा
२०. ग्राहकले लगानी गर्न इच्छा गरेका बिशेष वा सीमित कम्पनी भएमा त्यस्तो कम्पनीको नाम,
२१. करारको समयावधी र अगाडी नै करार अन्त गर्ने भए सो को शर्तहरु,
२२. लगानी व्यवस्थापन गरिने क्षेत्र, लगानी सीमा तथा लगानी सम्बन्धी निर्णयहरुलाई निर्धारण गर्ने आधारहरु,
२३. लगानी व्यवस्थापन गर्दा लगानी व्यवस्थापकले सम्पूर्ण कुरा आफू खुशी गर्न पाउने हो वा अन्यथा हो सो कुराहरु,
२४. ग्राहकले करारमा उल्लेख भएको समयावधि अगाडि नै रकम फिर्ता लिन सक्ने भए सो व्यहोरा,
२५. ग्राहकको बैंक खाता संचालन सम्बन्धी बिशेष प्रकृया भए सो सम्बन्धी विवरण,
२६. लगानी व्यवस्थापन सम्बन्धी गुनासो वा विवाद समाधान सम्बन्धमा मध्यस्थताको व्यवस्था गर्ने भए सो सम्बन्धी व्यवस्था सम्बन्धमा,

❖❖❖

लागू मितिः २०६९।०४।०१

# सामुहिक लगानी कोष निर्देशिका, २०६९

सामूहिक लगानी कोष नियमावली,२०६७ को नियम ४७ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "सामुहिक लगानी कोष निर्देशिका, २०६९" रहको छ ।

(२) यो निर्देशिका बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "खुलामुखी योजना" भन्नाले समयावधि नतोकी सञ्चालन गरिने योजना सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ सम्झनुपर्छ ।

(घ) "बन्दमुखी योजना" भन्नाले समयावधि तोकी सञ्चालन गरिने योजना सम्झनु पर्छ ।

(ङ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(च) "वितरक" भन्नाले खुलामुखी योजनको इकाई बिक्री गर्न यस निर्देशिकाको दफा १४ बमोजिम तोकिएको वितरक सम्झनु पर्छ ।

(छ) "विवरण पुस्तिका" भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नु अघि योजनाको सम्बन्धमा जानकारी प्रदान गर्ने प्रयोजनका लागि यस निर्देशिकाको दफा ६ बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्छ ।

## परिच्छेद – २
## योजनाको स्वीकृति तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. **संलग्न गर्नु पर्ने थप कागजात तथा विवरण :** (१) योजना व्यवस्थापकले आफूले सञ्चालन गर्न चाहेको योजना स्वीकृतिका लागि बोर्ड समक्ष निवेदन दिँदा नियमावलीको नियम २४ को उपनियम (३) मा उल्लिखित विवरण तथा कागजातका अतिरिक्त बोर्डले तोकिदिएका देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ :-

(क) नियमावलीको नियम २४ को उपनियम (२) बमोजिम प्राप्त गरेको कोष सुपरिवेक्षकको सहमति पत्र,

(ख) योजना व्यवस्थापकको प्रबन्धपत्र र नियमावली वा योजना व्यवस्थापकको स्थापना र सञ्चालन गर्ने कानूनको सम्बद्ध व्यवस्था,

(ग) योजना व्यवस्थापकको सञ्चालन अवधि एक आर्थिक वर्ष व्यतित भइसकेको भए पछिल्लो आर्थिक वर्षको आर्थिक विवरण सहितको लेखा परीक्षण प्रतिवेदन तथा सञ्चालन अवधि एक बर्ष भइनसकेको भए व्यवस्थापनबाट प्रमाणित आर्थिक विवरण ।

(२) नियमावलीको नियम २४ को उपनियम (३) बमोजिम निवेदनसाथ संलग्न कागजातहरुमा योजना व्यवस्थापकको सञ्चालक समितिको अख्तियारप्राप्त अधिकारीले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

तर निवेदनसाथ संलग्न विवरणको हकमा योजना व्यवस्थापकको सञ्चालक समितिका सबै सञ्चालकहरुले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

४. **योजना सञ्चालनको स्वीकृति**: (१) योजना सञ्चालन स्वीकृतिको लागि लाग्ने शुल्क र आवश्यक विवरण तथा कागजात सहित निवेदन प्राप्त हुन आएमा बोर्डले निवेदनसाथ संलग्न विवरण तथा कागजातको प्रारम्भिक जाँचबुझ गर्नेछ ।

(२) बोर्डमा प्राप्त निवेदन तथा सोसाथ संलग्न विवरण तथा कागजातको प्रारम्भिक जाँचबुझको क्रममा बोर्डले सम्बन्धित योजना व्यवस्थापकसँग कुनै थप विवरण वा कागजात माग गर्न वा कुनै कुरा स्पष्ट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश दिएकोमा निवेदकबाट पेश हुन आएको थप विवरण तथा कागजात समेतका सम्बन्धमा आवश्यक जाँचबुझ गरी योजना सञ्चालन गर्न उपयुक्त हुने देखिएमा बोर्डले योजना दर्ता गरी त्यस्तो योजना सञ्चालन गर्न योजना व्यवस्थापकलाई स्वीकृति प्रदान गर्नेछ ।

## परिच्छेद – ३
## इकाई सार्वजनिक निष्काशन तथा बिक्री सम्बन्धी व्यवस्था

५. **सार्वजनिक निष्काशन गर्ने :** नियमावलीको नियम २६ बमोजिम इकाई सार्वजनिक रुपमा निष्काशन गर्दा सो सम्बन्धी सम्पूर्ण काम कारवाही योजना व्यवस्थापक आफैले गर्न वा निष्काशन तथा बिक्री प्रवन्धक मार्फत गराउन सक्नेछ ।

६. **विवरण पुस्तिका प्रकाशन गर्ने** : (१) इकाई सार्वजनिक निष्काशन गर्न आव्हानपत्र प्रकाशन गर्नु अगावै योजना व्यवस्थापकले सर्वसाधारणलाई योजना सम्बन्धी विषयमा जानकारी दिन अनुसूची-१ बमोजिमको ढाँचामा विवरण पुस्तिका तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण पुस्तिका प्रकाशन गर्नु अघि बोर्डबाट स्वीकृति लिनु पर्नेछ ।

(३) विवरण पुस्तिका तयार गरी उपदफा (२) बमोजिम बोर्डको स्वीकृतिको लागि पेश गर्दा अनुसूची-२ बमोजिमको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) र खुलामुखी योजना तथा बन्दमुखी योजनाको छुट्टाछुट्टै विवरण पुस्तिका पेश गर्नु पर्नेछ ।

(४) बन्दमुखी योजनाको विवरण पुस्तिकामा बिक्री गरिने अधिकतम तथा न्यूनतम इकाई संख्या समेत उल्लेख गर्नु पर्नेछ ।

७. **आव्हान पत्र प्रकाशन गर्नेः** (१) इकाई बिक्री गर्न योजना व्यवस्थापक वा निष्काशन तथा बिक्री प्रबन्धकले विवरण पुस्तिकाको मुख्य मुख्य बुँदा समावेश गरी राष्ट्रिय दैनिक पत्रिकामा आव्हान पत्र प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गरिने आव्हान पत्रमा विवरण पुस्तिका पाउने वा हेर्न सकिने स्थान समेत उल्लेख गर्नु पर्नेछ ।

(३) इकाई बिक्री खुल्ला गर्नुभन्दा कम्तीमा सात कार्य दिन अगावै आव्हान पत्र प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आव्हान पत्र प्रकाशन गर्नु अघि प्रकाशन गर्न लागेको आव्हानपत्र समेत संलग्न गरी सोको जानकारी बोर्डलाई  दिनु पर्नेछ ।

८. **बिक्री खुल्ला गर्नेः** (१) योजना व्यवस्थापक वा निष्काशन तथा बिक्री प्रबन्धकले बोर्डबाट योजना सञ्चालन स्वीकृति प्राप्त भएको मितिले दुई महिनाभित्र इकाई सार्वजनिक निष्काशन मार्फत बिक्री खुल्ला गरी सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र इकाई बिक्री खुल्ला गर्न नसकिएमा सो योजनाको प्राविधिक, वित्तीय वा व्यवस्थापन सम्बन्धी पक्षहरुको पुनरावलोकन गरी आवश्यक भएमा विवरण पुस्तिका संशोधन गरी बोर्डबाट स्वीकृत गराई पुनः इकाई बिक्रीको खुल्ला गर्नु पर्नेछ ।

९. **विज्ञापन प्रकाशन गर्न सक्नेः** (१) योजना व्यवस्थापक, निष्काशन तथा बिक्री प्रबन्धक वा वितरकले योजनाको सम्बन्धमा सर्वसाधारणलाई जानकारी प्रदान गर्न विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन प्रकाशन गर्दा इकाई खरिद बिक्री गर्न लागिएको योजनाको जानकारीमूलक विषय बाहेक लगानीकर्तालाई आकर्षित गर्ने अन्य कुनै सामग्री प्रकाशन गर्न पाइने छैन र बिक्री खुल्ला गरिएको अवधिको तथ्यले पुष्टी गरेकोमा बाहेक इकाईको माग अत्याधिक भएको भन्ने आशयको प्रचार प्रसार गर्न समेत पाइने छैन ।

(३) योजनाको सम्बन्धमा विज्ञापन प्रकाशन गर्दा देहायका शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) विज्ञापन  सही, स्पष्ट  तथा तथ्यमा आधारित हुनु पर्नेछ,

(ख) विज्ञापनमा सर्वसाधारणलाई भ्रम सिर्जना गर्न सक्ने प्रकृतिका विवरण प्रकाशन गर्न हुँदैन,

(ग) विज्ञापनमा आफ्नो योजनालाई अन्य योजनासँग तुलना गर्न हुँदैन,

(घ) निश्चित मुनाफाको सुनिश्चितता गरिएको योजनामा बाहेक अन्य योजनाका सम्बन्धमा निश्चित मुनाफा दिइने कुरा उल्लेख गर्न हुँदैन, र

(ङ) विज्ञापनमा कुनै रंगकर्मी वा कलाकारको प्रयोग गरी बढाई चढाई गर्न हुँदैन ।

१०. **खरिद गर्न निवेदन दिनु पर्ने :** (१) इकाई खरिद गर्न चाहने व्यक्ति वा संस्थाले निष्काशन तथा बिक्री प्रबन्धक, सङ्कलन केन्द्र वा वितरक मार्फत वा सोभै योजना व्यवस्थापक समक्ष इकाई खरिद गर्न अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) योजना व्यवस्थापकले इकाईको बाँडफाँड तथा वितरणलाई सरल र प्रभावकारी बनाउन निवेदनमा थप विवरण तथा सूचना पेश गर्नु पर्ने व्यवस्था गरेमा निवेदकले उपदफा (१) बमोजिमको निवेदनमा सोही बमोजिमको थप विवरण तथा सूचना समेत उपलब्ध गराउनु पर्नेछ ।

११. **अङ्कित मूल्य, इकाई संख्या तथा माग गर्न सकिने रकम**: (१) इकाईको अङ्कित मूल्य दश रुपैंया हुनु पर्नेछ ।

(२) खरिद गर्न सकिने इकाई संख्या निर्धारण गर्दा एकसय इकाई भन्दा कम नहुने तथा दशले भाग जाने गरी गर्नु पर्नेछ ।

(३) इकाई खरिदको लागि निवेदनसाथ बुझाउनु पर्ने रकम सम्बन्धी व्यवस्था आव्हान पत्रमा नै स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

## परिच्छेद – ४

## बन्दमुखी योजनाको सार्वजनिक निष्काशन तथा बिक्री सम्बन्धी व्यवस्था

१२. **सङ्कलन केन्द्र तोक्ने** : (१) योजना व्यवस्थापक वा निष्काशन तथा बिक्री प्रबन्धकले बन्दमुखी योजनाको इकाई बिक्री सम्बन्धी निवेदन वितरण तथा सङ्कलन गर्नको लागि बैंक वा वित्तीय संस्था वा मर्चेन्ट बैंकरलाई सङ्कलन केन्द्र तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सङ्कलन केन्द्रसँग योजना व्यवस्थापक वा निष्काशन तथा बिक्री प्रबन्धकले बन्दमुखी योजनाको इकाईको बिक्री सम्बन्धी निवेदन वितरण तथा सङ्कलन सम्बन्धी सेवा, शर्त तथा शुल्कका सम्बन्धमा आवश्यक सम्पूर्ण कुरा उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिने सम्झौतामा सङ्कलन केन्द्रले ऐन, नियमावली, यो निर्देशिका तथा बोर्डले समय समयमा दिएका निर्देशनको अधीनमा रही कार्य गर्ने तथा बोर्डले दिएको आदेश पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नु पर्नेछ ।

(४) योजना व्यवस्थापक वा निष्काशन तथा बिक्री प्रबन्धकले बन्दमुखी योजनाको इकाई बिक्रीका लागि सङ्कलन केन्द्र तोकेको जानकारी बन्दमुखी योजना इकाई बिक्री कार्य शुरु गर्नु भन्दा कम्तीमा सात कार्यदिन अगावै बोर्डलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दिएको जानकारी समेतका आधारमा कुनै सङ्कलन केन्द्र उपयुक्त नहुने देखेमा बोर्डले त्यस्तो सङ्कलन केन्द्र हटाउन योजना व्यवस्थापक वा निष्काशन तथा बिक्री प्रबन्धकलाई आदेश दिनेछ ।

१३. **निष्काशन बैंकसँग सम्झौता गर्नु पर्ने :** (१) योजना व्यवस्थापकले बन्दमुखी योजनाको इकाई बिक्रीको क्रममा निवेदकहरुबाट प्राप्त हुने रकम जम्मा गर्न निष्काशन बैंकसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहायका कुराहरु खुलाइएको हुनु पर्नेछ :-

(क) रकम जम्मा गर्नु पर्ने निष्काशन बैंकको खाता नम्बर,

(ख) खण्ड (क) बमोजिमको खातामा रकम जम्मा गरिएमा दिइने ब्याज दर,

(ग) बिक्री गरेको इकाई बापतको रकम योजना व्यवस्थापकलाई भुक्तानी गर्ने अवधि तथा प्रकृया,

(घ) उक्त खातामा रकम जम्मा गरिने तथा फिर्ता गरिने प्रकृया सम्बन्धी अन्य आवश्यक विवरण ।

१४. **बिक्री खुला रहने अवधि र स्थान :** (१) बन्दमुखी योजनाको इकाई बिक्रीका लागि निवेदन दिन पाउने अवधि बिक्री खुला भएको मितिबाट पन्ध्र दिनसम्म खुला रहन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र बन्दमुखी योजनाको सम्पूर्ण इकाई बिक्री हुन नसकेमा बोर्डको स्वीकृति लिई बढीमा पन्ध्र कार्य दिनसम्म निवेदन दिन पाउने अवधि थप गर्न सकिनेछ ।

(३) बन्दमुखी योजनाको इकाई बिक्रीको लागि निवेदन दिने अवधि दिँदा कम्तीमा पाँच कार्य दिन हुने गरी दिनु पर्नेछ ।

तर प्रत्येक विकास क्षेत्रमा कम्तीमा एउटा सङ्कलन केन्द्र रहने गरी मुलुक भरीमा कम्तीमा दश वटा सङ्कलन केन्द्रको व्यवस्था गरिएमा निवेदन दिने अवधि कम्तीमा चार कार्य दिन दिए पुग्नेछ ।

(४) यस दफा बमोजिम बन्दमुखी योजनाको इकाई बिक्री गर्दा धितोपत्र बजारको मुख्य कार्यालय रहेको जिल्लामा कम्तीमा दुई वटा सङ्कलन केन्द्रको व्यवस्था गर्नु पर्नेछ ।

(५) अंकित मूल्य पाँच करोड रुपैँया वा सो भन्दा बढी मूल्यको बन्दमुखी योजनाको इकाई बिक्री गर्दा प्रत्येक विकास क्षेत्रमा कम्तीमा एउटा सङ्कलन केन्द्रको व्यवस्था गर्नु पर्नेछ ।

१५. **इकाई बिक्री तथा बाँडफाँड :** (१) बन्दमुखी योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नु पर्ने न्यूनतम अवधि व्यतित भए पछि योजना व्यवस्थापक वा निष्कासन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।

(२) बिक्री खुला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तीमा पचास प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गर्न सकिनेछ ।

तर विवरण पुस्तिकामा न्यूनतम बिक्री हुनु पर्ने इकाई संख्या पचास प्रतिशत भन्दा बढी हुने गरी तोकिएकोमा सोही प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त नभई इकाईको बाँडफाँड गर्न सकिने छैन ।

(३) उपदफा (२) बमोजिमको न्यूनतम संख्यामा इकाई बिक्री नभएमा उक्त योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गर्न भुक्तानी प्रकृया शुरु गरिसक्नु पर्नेछ ।

(४) इकाई बाँडफाँड गर्दा विवरण पुस्तिकामा उल्लेख भए बमोजिमको अधिकतम सिमासम्मको इकाई बाँडफाँड गर्नु पर्नेछ ।

तर निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गर्न सकिनेछ ।

(५) इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था धितोपत्र बाँडफाँड निर्देशिका, २०६८ बमोजिम हुनेछ।

(६) इकाईको बाँडफाँडको प्रारुप (एलोटमेण्ट मोडल) इकाई बाँडफाँड हुने मितिभन्दा तीन कार्य दिन अगावै बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद – ५

## खुलामुखी योजनाको इकाई निष्काशन तथा बिक्री सम्बन्धी व्यवस्था

१६. **वितरक तोक्ने** : (१) खुलामुखी योजनाको ईकाइ बिक्रीका लागि योजना व्यवस्थापकले कुनै बैक वा वित्तीय संस्था वा मर्चेण्ट बैंकरलाई वितरक तोक्न सक्नेछ ।

(२) खुलामुखी योजनाको इकाई बिक्रीका लागि योजना व्यवस्थापकले वितरकको काम आफैं गरेको वा वितरक तोकेको जानकारी तुरुन्त बोर्डलाई दिनु पर्नेछ ।

(३) योजना व्यवस्थापकले उपदफा (१) बमोजिम वितरक तोक्दा योजना व्यवस्थापकले निजसँग वितरकको सेवा शर्त तथा शुल्क समेतका सम्बन्धमा सम्झौता गर्नु पर्नेछ ।

१७. **जानकारी गराउनु पर्ने :** वितरकले आफूसँग सम्बन्धित देहायको विषयको जानकारी योजना व्यवस्थापकलाई तुरुन्त गराउनु पर्नेछ :-

(क) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन भएको,

(ख) सञ्चालक तथा कार्यकारी प्रमुख उपर प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा कारवाही अगाडि बढाईएको,

(ग) आफैं, संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेकोमा,

(घ) धितोपत्र व्यवसाय वा वितरक सम्बन्धी कार्य छोड्ने निर्णय गरेमा ।

१८. **इकाई प्रदान गर्ने** : (१) निवेदकले खुलामुखी योजनाको इकाई खरिद गर्न निवेदन दिएको सात दिन भित्र त्यस्तो निवेदन स्वीकृत भए वा नभएको कुराको जानकारी उपयुक्त माध्यम मार्फत निवेदकलाई दिनु पर्नेछ ।

(२) निवेदन स्वीकृत भएको निवेदकलाई निवेदन स्वीकृत भएको मितिबाट लागू हुने गरी निजको नाममा इकाई जारी गरी पन्ध्र दिनभित्र खुलामुखी योजनाको इकाईको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(३) कुनै निवेदकले खुलामुखी योजनाको इकाई खरिद गर्न दिएको निवेदन अस्वीकृत भएमा निवेदन अस्वीकृत भएको तीन दिनभित्र निवेदकलाई रकम फिर्ता गर्ने कार्य शुरु गर्नु पर्नेछ ।

१९. **खरिद बिक्री मूल्यः** (१) योजना व्यवस्थापकले खुलामुखी योजनाको इकाई खरिद तथा बिक्री मूल्य सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खुलामुखी योजनाको इकाईको खरिद तथा बिक्री मूल्य प्रति इकाई खुद सम्पत्ति मूल्य बराबर हुने गरी निर्धारण गर्नु पर्नेछ ।

२०. **पालना गर्नु पर्ने शर्त :** योजना व्यवस्थापकले खुलामुखी योजनाको इकाई कारोबार गर्दा देहायको शर्त पालना गर्नु पर्नेछ :-

(क) खुलामुखी योजनाको इकाई खरिद गर्दा इकाईको खुद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यू) को बराबर हुने गरी गर्नु पर्नेछ,

(ख) बिक्रिकर्ता तथा खरिदकर्ता बीचको मूल्य तथा इकाई हस्तान्तरण प्रकृया पारदर्शी हुनु पर्नेछ ।

(ग) बोर्डले समय समयमा तोकिदिएका शर्त पालना गर्नु पर्नेछ ।

## परिच्छेद – ६

## योजनाको खर्च तथा सम्पत्ति मूल्याङ्कन सम्बन्धी व्यवस्था

२१. **योजनाको खर्च**: (१) योजना सञ्चालनको लागि प्रत्यक्ष रुपमा आवश्यक पर्ने सम्वद्ध खर्च तथा देहायका खर्च बाहेक अन्य कुनै खर्च योजनाको कोषबाट गर्न पाइने छैन :-

(क) प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजश्व, कर तथा शुल्क,

(ख) सम्झौता बमोजिम वितरकलाई प्रदान गर्नु पर्ने कमिशन,

(ग) योजनाको दर्ता, स्वीकृति, सूचीकरण, नविकरण आदिको लागि लाग्ने शुल्क,

(घ) विवरण पुस्तिका प्रकाशन, इकाई निष्काशन तथा बिक्री वितरण गर्दा लाग्ने खर्च,

(ङ) योजनाको लेखापरीक्षकलाई प्रदान गर्नु पर्ने पारिश्रमिक,

(च) योजनाको बीमा गरेको भए बीमाको प्रिमियम रकम,

(छ) लगानी कोषको सम्पत्तिको मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्तालाई प्रदान गरिने पारिश्रमिक,

(ज) योजनाको प्रयोजनका लागि गरिएको सम्झौता पुनरावलोकन गर्दा लागेको खर्च,

(झ) सहभागीहरुको हितको लागि कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापक कम्पनीले हुने सभा, बैठकमा हुने खर्च,

(ञ) योजना खारेज हुने भएमा सोको लागि लाग्ने प्रक्रियागत खर्च,

(ट) बोर्डले तोकिदिएका अन्य खर्च ।

(२) उपदफा (१) बमोजिम योजनामा योजना व्यवस्थापकले गरेको खर्च आवश्यक मात्रामा र नियमानुसार भए वा नभएको सम्बन्धमा कोष सुपरीवेक्षकले अनुगमन गर्नु पर्नेछ ।

(३) योजना व्यवस्थापकले योजनाको खर्चका रुपमा जनाएको रकम अनावश्यक मात्रामा वा नियम विपरित गरेको देखेमा कोष सुपरिवेक्षकले आफ्नो राय सहितको जानकारी अविलम्व बोर्डलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) वा अन्य कुनै व्यहोराबाट अनावश्यक मात्रामा वा नियम विपरित योजनाको रकम खर्च भएको भन्ने जानकारी बोर्डलाई प्राप्त हुन आएमा सहभागीको हित संरक्षण गर्न बोर्डले योजना व्यवस्थापकलाई आवश्यक आदेश दिन सक्नेछ ।

२२. **सम्पत्ति मूल्याकनको आधारः** (१) बोर्डमा दर्ता भई धितोपत्र विनिमय बजारमा सूचीकृत भई नसकेको योजनाले लगानी गरेको धितोपत्रको मूल्याङ्कन गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

(क) साधारण सेयरको मूल्याङ्कन गर्दा साधारणतया आम्दानी पूँजीकरणको आधारमा अर्थात आम्दानी पूँजीकरण र खुद किताबी मूल्य वा नेटवर्थको संयुक्त आधारमा, र

(ख) ऋणपत्रको मूल्याङ्कन गर्दा साधारणतया खुद लागत मूल्यका आधारमा ।

(२) धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्रको मूल्याङ्कन गर्दा नियमित कारोवार भइरहने धितोपत्रको हकमा धितोपत्र विनिमय बजारमा कायम भएको अन्तिम मूल्यको आधारमा गर्नु पर्नेछ ।

तर तीस दिनभन्दा अघिको मूल्यका आधारमा धितोपत्रको मूल्याङ्कन गर्न पाइने छैन ।

(३) धितोपत्र विनिमय बजारमा नियमित कारोवार नभएको धितोपत्रकोमूल्याङ्कन गर्दा योजना व्यवस्थापकको सञ्चालक समितिले स्वीकृत गरेको मूल्याङ्कन विधि तथा प्रकृयाका आधारमा गर्नु पर्नेछ ।

**स्पष्टिकरण** : यस दफाको प्रयोजनका लागि "नियमित कारोवार नभएको धितोपत्र " भन्नाले धितोपत्र विनियम बजारमा सूचीकृत भएको तर कारोवार नै नभएको वा मूल्याङ्कन गर्ने दिन भन्दा तीसदिन अगाडिसम्म पनि कारोवार नभएको धितोपत्र सम्झनु पर्छ ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कन विधि तथा प्रकृया स्वीकृत गरेको निर्णयको जानकारी अविलम्व बोर्डलाई दिई तत्सम्बन्धी आवश्यक कागजात सुरक्षित राख्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम स्वीकृत गरेको मूल्याङ्कन विधि तथा प्रकृया कोष सुपरिवेक्षकले समय समयमा पुनरावलोकन गर्नु पर्नेछ र सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(६) नेपाल सरकार नेपाल राष्ट्र बैंक वा नेपाल सरकारको जमानत वा पुर्ण सुरक्षित हुने गरी जारी गरिएको ऋणपत्र, ट्रेजरी विल तथा मुद्रा बजारका अन्य साधनहरुको मूल्याङ्कन गर्दा साधारणतया खुद लागत मूल्यका आधारमा गर्नु पर्नेछ ।

(७) बैकमा रहेको निक्षेपको मूल्याङ्कन गर्दा निक्षेप रकममा प्राप्त हुने ब्याज समेत जोडि कायम गरेको मूल्यको आधारमा गर्नु पर्नेछ ।

(८) मुद्रा बजार उपकरण मूल्याङ्कन गर्दा साधारणतया खुद लागत मूल्यको आधारमा गर्नु पर्नेछ ।

२३. **प्रतिइकाईको मूल्य कायम गर्ने विधिः** (१) प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यू) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कूल इकाई संख्याले भाग गरी प्रतिइकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यू) कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम इकाईको खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यू) खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र (फर्मूला) देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| **प्रतिइकाई खुद सम्पत्ति मूल्य** = | (लगानी मूल्य) + (प्रतिफल) + (अन्य आय) - दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च / कुल इकाई संख्या |

**स्पष्टिकरणः** (क) "लगानी मूल्य" भन्नाले मूल्याँकन गरिने दिनमा योजनाले गरेको लगानीको बजार मूल्य सम्झनुपर्छ ।

(ख) "प्रतिफल" भन्नाले योजनाले गरेको लगानीमा प्राप्त प्रतिफल सम्झनुपर्छ ।

## परिच्छेद – ७
## विविध

२४. **अन्य धितोपत्र व्यवसाय गर्न स्वीकृति लिनु पर्ने :** (१) योजना व्यवस्थापकले नियमावलीको नियम ८ को उपनियम (५) बमोजिम वित्तीय स्वार्थ नबाझिने गरी अन्य प्रकारको धितोपत्र व्यवसाय गर्न चाहेमा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनका साथ योजना व्यवस्थापकले त्यस्तो धितोपत्र व्यवसाय योजना व्यवस्थापकसँग स्वार्थ नबाझिने कुराको पुष्टि गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा र सो उपर आवश्यक जाँचबुझ गर्दा योजना व्यवस्थापकलाई अन्य धितोपत्र व्यवसाय गर्न स्वीकृति दिँदा निजको वित्तीय स्वार्थ नबाझिने देखिएमा बोर्डले निवेदकलाई अन्य प्रकारको धितोपत्र व्यवसाय गर्न स्वीकृति दिन सक्नेछ ।

(४) बोर्डले उपदफा (३) बमोजिम स्वीकृति लिँदा सम्बन्धित नियमावलीको व्यवस्थाका अधीनमा रही दिनु पर्नेछ ।

२५. **योजना व्यवस्थापक नियुक्त गर्न स्वीकृति लिनु पर्ने :** (१) कुनै कोष प्रबर्द्धकले नियमावलीको नियम ८ को उपनियम (६) बमोजिम मर्चेन्ट बैंकरलाई योजना व्यवस्थापकको रुपमा नियुक्त गर्न चाहेमा स्वीकृतिको लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी मर्चेन्ट बैंकरलाई योजना व्यवस्थापक नियुक्त गर्न बोर्डले कोष प्रबर्द्धकलाई स्वीकृति दिनेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त मर्चेन्ट बैंकरले योजना व्यवस्थापकको रुपमा कार्य गर्न नियमावलीको नियम १३ बमोजिम अनुमति पत्र लिनु पर्नेछ ।

(४) बोर्डले उपदफा (२) बमोजिम स्वीकृति दिँदा कोष व्यवस्थापक तथा मर्चेण्ट बैंकरलाई आवश्यक शर्त तोक्न सक्नेछ ।

२६. **धितोपत्र प्रत्याभूति गर्न सक्ने :** (१) नियमावलीको नियम ३६ को अधीनमा रही योजनाले बोर्डलाई जानकारी गराई आफ्नो खुद सम्पत्ति मूल्यको कुल दश प्रतिशतसम्मको रकम सार्वजनिक निष्काशन हुने धितोपत्रको प्रत्याभूति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम धितोपत्र प्रत्याभूति गर्दा इकाईको अङ्कित मूल्य भन्दा खुद सम्पत्ति मूल्य बढी भएको अवस्थामा मात्र गर्न सकिनेछ ।

(३) योजनाले यस दफा बमोजिम धितोपत्र प्रत्याभूति गरे बापत प्राप्त कमिशन रकमको हिसाब राख्दा योजनाको आम्दानीको रुपमा जनाउँनु पर्नेछ ।

२७. **जानकारीमा पहुँच :** (१) योजना व्यवस्थापकले सहभागीलाई योजना सम्बन्धी जानकारीको लागि कागजात, विवरण तथा सूचनामा सहज पहुँच हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि योजना दर्ता, इकाईको सार्वजनिक निष्काशनका लागि बोर्डबाट प्राप्त स्वीकृतिको प्रतिलिपि, बोर्डले तोकिदिएका शर्त, इकाई दर्ता र निष्काशन स्वीकृतिका लागि बोर्डमा पेश गरेका विवरण समेतका कागजातहरुको एक एक प्रति कागजात तथा अभिलेख योजना व्यवस्थापकले प्रमाणित गरी निवेदन वितरण गर्ने कार्यालयहरुमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कागजात तथा विवरण कुनै सहभागीले हेर्न चाहेमा हेर्न तथा प्रतिलिपि माग गरेमा प्रतिपृष्ठ एक रुपैंयाका दरले शुल्क लिई प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

२८. **मतदान सम्बन्धी व्यवस्था :** (१) योजनाले लगानी गरेको धितोपत्रको आधारमा योजना व्यवस्थापकले मतदान गर्नु पर्दा योजनाको हित विपरित नहुने गरी गर्नु पर्नेछ ।

(२) योजना व्यवस्थापकले व्यवस्थापन गरेको योजनाले ग्रहण गरेको धितोपत्रको प्रोक्सी दिन पाईने छैन ।

(३) योजना व्यवस्थापक योजनाले लगानी गरेको संगठित संस्थाको सञ्चालकमा नियुक्त भएमा सोको जानकारी सातदिन भित्र बोर्डलाई दिनु पर्नेछ ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि सहभागीहरुको हितको लागि बोर्डले योजना व्यवस्थापकलाई कुनै विषयमा हुने मतदानमा भाग लिन वा संगठित संस्थाको सञ्चालक हुन वा कायम रहन नपाउने गरी निर्देशन दिन सक्नेछ ।

२९. **गुनासो समाधानको व्यवस्था :** (१) योजनाको सम्बन्धमा सहभागीहरुको कुनै गुनासो प्राप्त भएमा त्यस्तो गुनासो यथाशीघ्र समाधान गरी योजना व्यवस्थापकले सोको जानकारी कोष सुपरीवेक्षकलाई दिनु पर्नेछ ।

(२) योजना व्यवस्थापकले उपदफा (१) बमोजिम गुनासो समाधान गर्न नसकेमा सो सम्बन्धमा आफ्नो टिप्पणी सहितको जानकारी तुरुन्त कोष सुपरीवेक्षकलाई दिनु पर्नेछ ।

३०. **लगानीकर्ताको गुनासो सुनुवाई गर्नु पर्ने :** (१) योजना व्यवस्थापक, निष्काशन तथा बिक्री प्रबन्धक वा वितरकले आफूले सार्वजनिक निष्काशन गरेको इकाई वा आफूले गरेको सार्वजनिक निष्काशन सम्बन्धी अन्य काम कारवाहीको सम्बन्धमा कुनै गुनासो प्राप्त भएमा सोको यथाशिघ्र सुनुवाई गरी समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफू समक्ष प्राप्त गुनासो तथा त्यस्तो गुनासो समाधानको लागि गरेको काम कारवाहीको वास्तविक स्थितिको जानकारी योजना व्यवस्थापक, निष्काशन तथा बिक्री प्रबन्धक वा वितरकले बोर्डलाई तुरुन्त गराउनु पर्नेछ ।

३१. **निर्देशिकाको व्याख्या :** यो निर्देशिका कार्यान्वयन गर्न कुनै कठिनाई उत्पन्न भएमा वा निर्देशिकाको कुनै व्यवस्था अस्पष्ट वा दुविधाजनक देखिएकोमा बोर्डले ऐन तथा नियमावली प्रतिकूल नहुने गरी आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची - १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
सामूहिक लगानी कोष अन्तर्गत दर्ता भएको योजनाको
**विवरण पुस्तिकाको ढाँचा**

**१. विवरण पुस्तिकाको मुख पृष्ठमा उल्लेख हुनुपर्ने विवरणहरु**

१.१ "विवरण पुस्तिका" भन्ने शव्द,
१.२ सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम विवरण पुस्तिका जारी भएको व्यहोरा,
१.३ सामुहिक लगानी कोषको नाम तथा लोगो,
१.४ सामुहिक लगानी कोषका कोष प्रबर्द्धक, कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको नाम, ठेगाना र लोगो,
१.५ योजना व्यवस्थापक कम्पनीको कुनै रेटिङ्ग कम्पनीले रेटिङ्ग गरेको भए उक्त रेटिङ्ग कम्पनीको नाम तथा उक्त कम्पनीले गरेको मूल्याङ्कन अनुसारको स्तर निर्धारण गरेको विवरण, वा संकेत
१.६ योजनाको लोगो तथा नारा (भएमा),
१.७ योजनाको किसिम (बन्दमुखी वा खुलामुखी),
१.८ नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मिति,
१.९ योजना अर्न्तगत जारी गरिने इकाईको संख्या, अंकित मूल्य, न्यूनतम खरिद गर्नुपर्ने इकाई संख्या र निवेदन साथ भुक्तानी गर्नु पर्ने रकम,
१.१० योजनाको किसिम, बोर्डमा दर्ता मिति, बन्दमुखी योजनाको हकमा योजना परिपक्क हुने मिति,
१.११ सार्वजनिक निष्काशन खुल्ला हुने मिति,
१.१२ बन्दमुखी योजना इकाईको हकमा सार्वजनिक निष्काशन बन्द हुने मिति,
१.१३ "योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूती गर्दैन र कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसँग पढ्नु होला" भन्ने व्यहोरा,

**२. विवरण पुस्तिकाको दोस्रो पृष्ठबाट क्रमशः उल्लेख हुन पर्ने विवरणहरु**

२.१ विषय सूची,
२.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा,
२.३ विवरण पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदननिवेदन बुझाउने स्थानहरु,
२.४ विवरण पुस्तिका उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायीत्व सम्बन्धमा,

**३. उद्घोषण**

३.१ नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण
३.२ कोष प्रबर्द्धकको उद्घोषण,
३.३ योजना व्यवस्थापकको उद्घोषण,
३.४ कोष सुपरिवेक्षकको उद्घोषण,

**४. योजना सम्बन्धी संक्षिप्त जानकारी**

**५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी**

५.१ कोष प्रबर्द्धकको नाम
५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत

५.३ कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी सम्बन्धी विवरण
५.४ कोष प्रबर्द्धकको संक्षिप्त इतिहास
५.६ कोष प्रबर्द्धकका प्रमुख उद्देश्यहरु
५.७ कोष प्रबर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर)र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण

## ६. योजना व्यवस्थापक सम्बन्धी विवरण

६.१ योजना व्यवस्थापकको परिचय
६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति
६.३ योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था
६.४ योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी
६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी
६.६ योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी,
६.७ योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण
६.८ योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था
६.९ योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना
६.१० योजना व्यवस्थापको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भइ जरिवाना वुझाएको भए सो सम्बन्धी विवरण
६.११ यो योजना भन्दा अगाडीको योजनाको खुद सम्पत्ती मूल्य (नेट एसेट भ्याल्यू) सम्बन्धी विवरण
६.१२ योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग, संकेत

## ७. कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसंगको सम्झौता सम्बन्धी विवरण

७.१ कोष सुपरिवेक्षको नाम, ठेगाना, उमेर तथा योग्यता
७.२ कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी
७.३ योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका
७.४ कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु

## ८. योजना सम्बन्धी जानकारी

८.१ योजना सम्बन्धी विवरण
८.२ योजनाको उद्देश्य
८.३ योजनाले लगानी गर्ने क्षेत्र
८.४ योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण
८.६ योजनाको खर्च सम्बन्धी विवरण
८.७ योजनाको मुनाफा वितरणको लक्ष्य

८.८ लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था

८.९ योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया

८.१० खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशनसम्बन्धी व्यवस्था

८.११ योजनामा अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणााईबन्धी विवरण

**९. इकाई निष्काशन सम्बन्धी विवरण**

९.१ इकाई बिक्री खुला गरिने मिति तथा अवधि

९.२ निवेदनसङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी

९.३ निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु

९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या

९.५ इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था

९.६ निवेदनदिँदा ध्यान दिनुपर्ने कुराहरु

**१०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा**

**११. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया**

**१२. योजना व्यवस्थापकको प्रतिवद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति**

**१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन् सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौ भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**

**द्रष्टव्य:** विवरण पुस्तिका तयार गर्दा देहायका शीर्षक अन्तर्गत न्यूनतम रुपमा देहायका कुराहरु सरल र स्पष्ट रुपमा खुलाउनु पर्नेछ :-

१.९ योजना अर्न्तगत जारी गरिने इकाईको संख्या, अंकित मूल्य, न्यूनतम खरिद गर्नुपर्ने इकाई संख्या र निवेदन साथ भुक्तानी गर्नुपर्ने रकम :
योजना अन्तर्गतका प्रति इकाईको परल मूल्य नियमावलीमा उल्लेख भए बमोजिम . दश रुपैँयाहुने भन्ने विवरण

१.१२ बन्दमुखी योजनाको हकमा निष्काशन बन्द हुने मिति :
कोष अन्तर्गतको नयाँ योजना बिक्री खुल्ला रहने तथा बिक्री बन्द हुने मिति तथा समय, योजना बिक्री शुरु भएको मितिबाट कम्तीमा सात दिन तोकि उल्लेख गर्नुपर्ने र प्रत्येक विकासक्षेत्रमा कम्तिमा एक बिक्री केन्द्र राख्नु पर्नेछ,

२.४ विवरण पुस्तिका उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायीत्व सम्बन्धमा देहायको कुरा उल्लेख गर्नुपर्ने-
यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनु भन्दा अगाडी नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुला हुनु अघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

३.१ नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जम्मेवारी लिएको मानिने छैन ।

३.२ कोष प्रबर्द्धकको उद्घोषण, (कुनै भए)

३.३ योजना व्यवस्थापकको उद्घोषण,
यो विवरण पुस्तिकामा योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ। यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सत्य तथ्ययुक्त रहेका छन् ।

३.४ कोष सुपरिवेक्षकको उद्घोषण,

४. योजना सम्बन्धी संक्षिप्त जानकारी : यसमा योजनाका सम्बन्धमा विवरण पुस्तिकामा उल्लेखित देहायका कुराहरुलाई एउटा तालिकामा संक्षिप्त तथा स्पष्ट रुपमा उल्लेख गर्ने ।

४.१ योजनाको नाम, आकार तथा प्रकार :

४.२ बन्दमुखी योजनाको हकमा, निष्काशन गर्न लागिएको इकाई संख्या तथा प्रति इकाई मूल्य, कुल निष्काशन मध्ये न्यूनतम खरिद गर्न पाउन इकाई संख्या तथा अधिकतम सकारिने इकाई संख्या, योजनाको अवधि तथा योजना परिपक्क हुने मिति, योजना बिक्रि खुला तथा बन्द मिति, इकाई बिक्री केन्द्रहरु, खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या तथा खरिद गर्न सकिने अधिकतम इकाई संख्या, इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था, सुचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था आदि :

४.३ खुलामुखी योजनाको हकमा इकाई बिक्री तथा पुनर्खरिद स्थान तथा कारोवार समय र इकाई बिक्री तथा पुर्नखरिद गर्दा लाग्ने प्रवेश तथा वर्हिगमन शुल्क सम्बन्धी जानकारी :

४.४ योजनाको मुनाफा वितरणको लक्ष्य :

४.५ इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु :

४.६ योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट कोष व्यवस्थापकको अनुमति प्राप्त मिति :

४.७ योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना :

४.८ कोष सुपरिवेक्षकको नाम तथा ठेगाना :

४.९ रेटिङ्ग गरिएको भए रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत :

४.१० लगानीका क्षेत्रहरु :

४.११ योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियूक्त डिपोजिटरीको नाम र ठेगाना :

४.१२ खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था :

६.१ योजना व्यवस्थापकको परिचय

(क) योजना व्यस्थापकको नाम :

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :
यसमा योजना व्यवस्थापक कम्पनी स्थापना तथा सञ्चालन सम्बन्धी कानूनको सम्बद्ध व्यवस्थाका साथै कम्पनी दर्ता सम्बन्धी विवरण जस्तै कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति तथा दर्ता नम्बर र नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको रुपमा कार्य गर्न अनुमति प्राप्त मिति जस्ता विवरणहरु :

(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :

(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :

(ङ) योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु :

६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क व्यवसाय⁄ सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :

६.५ योजना व्यवस्थापकको संस्थापक⁄सञ्चालक सम्बन्धी जानकारी

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव :

(ख) सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :

(ग) संस्थापकहरु कुनै कम्पनी⁄संस्था भएमा त्यस्तो कम्पनी⁄संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी⁄संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

(घ) सँगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी⁄संस्थासँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको कम्पनी⁄संस्थाको नाम तथा ठेगाना :

(ङ) सञ्चालकहरुलाई दिईएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

६.६ योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी,

(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण :

(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

७.२ योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका सम्बन्धी जानकारी

कोष सुपरीवेक्षकले योजना व्यवस्थापकको कामको अनुगमन गर्ने काम गर्नेछ । योजना व्यवस्थापकबाट समय समयमा प्राप्त कार्यसम्पादन प्रतिवेदन, कानून पालना प्रतिबेदन को आधारमा योजना व्यवस्थापन कम्पनीको मूल्याकंन गर्दछ । चौमासिक रुपमा योजना व्यवस्थापकबाट पेश हुने प्रतिबेदन सुपरीवेक्षकहरुको बैठकमा पेश गर्ने र त्यहाँबाट भएको निर्णय बमोजिम काम अगाडी बढाउने गर्दछ । लेखापरीक्षणका माध्यमले सुपरीवेक्षकले योजना व्यवस्थापकलाई नियन्त्रण गर्ने गर्दछ आदि कुरा उल्लेख गर्नु पर्नेछ ।

८.१ योजना सम्बन्धी जानकारी

(क) योजनाको नाम, आकार तथा प्रकार सम्बन्धी विवरण :

(ख) बन्दमुखी योजनाको हकमा, निष्काशन गर्न लागिएको इकाई संख्या, प्रति इकाई मूल्य, कुल निष्काशन मध्ये न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या, अधिकतम सकारिने इकाई संख्या, योजनाको अवधि तथा योजना परिपक्क हुने मिति, सुचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था, इकाई दर्ता तथा हस्तान्तरण गर्न नियूक्त रजिष्ट्रारको नाम र ठेगाना :

(ग) खुलामुखी योजनाको हकमा, इकाई बिक्री तथा पुर्नखरिद स्थान तथा कारोवार समय सम्बन्धी जानकारी, इन्टरनेटबाट समेत खरिद गर्न सकिने भए सो सम्बन्धी प्रकृया तथा व्यवस्था, इकाई बिक्री तथा पुर्नखरिद गर्दा लाग्ने प्रवेश तथा वर्हिगमन शुल्क सम्बन्धी जानकारी जस्तै पुर्नखरिद मूल्य र बिक्री मूल्यको हिसाब किताब खुद सम्पत्ति मूल्यको आधारमा गरिने र यसरी पुर्नखरिद मूल्यको हिसाब गर्दा योजनाबाट बाहिरिँदा लाग्ने शुल्क घटाइन्छ भने बिक्री मूल्य हिसाब गर्दा योजनामा प्रवेश शुल्क लागेको भए सो मूल्य जोडिने कुरा :

८.६ योजनाको खर्च सम्बन्धी जानकारी

(क) योजना निष्काशनका लागि गरिने खर्च सम्बन्धी विवरण जस्तै योजना दर्ता शुल्क, निवेदनफाराम छपाई शुल्क, निवेदनसङ्कलन, प्रमाणपत्र छपाई तथा वितरण शुल्क, सुचना प्रकाशन शुल्क तथा अन्य निष्काशनसँग सम्बन्धित खर्चहरु :

(ख) योजनाको नियमित खर्च सम्बन्धी विवरण जस्तै वार्षिक सुचिकरण नविकरण शुल्क, लेखा परिक्षण शुल्क, सुचना प्रकाशन शुल्क, इकाई दर्ता तथा रजिष्ट्रेशन शुल्क, कोष व्यवस्थापन तथा कोष सुपरिवेक्षण शुल्क आदि खर्चहरु :

८.८ लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कर सम्बन्धी जानकारी

योजनामा उल्लेख गरिने कर छुट वा कर सुबिधाका कुराहरु प्रचलित कानून बमोजिम हुने कुरा :

८.१० खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी जानकारी

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था

योजना बिक्री बन्द भएको तीस दिनभित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्ने र त्यस पछि पनि खुद सम्पत्ति मूल्यको निर्धारण प्रत्येक हप्ता गर्ने कुरा उल्लेख गर्ने । साथै योजना व्यवस्थापकले आफ्नो लगानीको विवरण पनि त्रैमासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने भन्ने कुरा उल्लेख गर्ने ।

८.११ योजनामा अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

(क) सामान्य जोखिम तत्वहरु

(१) सामुहिक लगानी कोषमा गरीने लगानी धितोपत्र बजारको जोखिमसँग भर पर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा

(३) कोष प्रबर्द्धक, कोष सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा

(४) कोष प्रबर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा

(ख) खास जोखिम तत्वहरु

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दती आदिले असर पार्ने सम्बन्धमा

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा

(४) व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा

(६) ईक्वीटि सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्नेकुरा उल्लेख गर्ने

(७) ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तोकी सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा,

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतीनै तरलता आउने बारे उल्लेख गर्ने,
(९) व्याजदरमा हुने जोखिम यसको गतिबिधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीर्ती भएमा आदी बारे,
(१०) पुर्नलगानी जोखिम यथावत रहने कारणमा व्याज दरमा भएको अनिश्चिततताका कारण तथा ऋण पत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुर्नलगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने,
(११) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदीले खुद सम्पत्ति मूल्यमा प्रभाब पार्ने बारे,
(१२) योजना अन्तर्गत लगानी गरीने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्र भन्दा व्यापारीक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा,
(१३) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने
(१४) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने
(१५) योजनाको अवधि भर सो को मूल्य वृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा
(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापन कम्पनी सदैव सचेत रहने कुरा तथा जोखिम व्यवस्थापनका लागि गरिएको व्यवस्थाका वारेमा उल्लेख गर्नुपर्ने।

९.६ निवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु
(क) इकाईवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, इकाईवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा खारेजी आदी सम्बन्धी विवरण उल्लेख गर्ने,
(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम इकाई संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने र कुल निष्काशनको अधिकतम १० प्रतिशत भन्दा बढी लिन नसक्ने भन्ने कुरा उल्लेख गर्ने,
(ग) निवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी निवेदन दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु,
(घ) योजनाको इकाई कुनै निकायमा बितरण गर्न निषेध गरिएको भए सो को जानकारी उल्लेख गर्ने,
(ङ) बिक्री प्रस्तावमा उल्लेख गरिएका बाहेक अरु कसैले पनि योजना बारे विज्ञापन गर्न, जानकारी उपलव्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले बारे,
(च) अन्य आवश्यक कुराहरु

१०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा
यसमा इकाईधनीको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, इकाईधनीको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा खारेजी आदी सम्बन्धी विवरण ।

**अनुसूची - २**

**(निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**

**सामूहिक लगानी कोष अन्तर्गत दर्ता भएको योजनाका सम्बन्धमा योजना व्यवस्थापकको**

**प्रतिबद्धता पत्र**

(ड्यु डेलिजेनस् सर्टिफिकेट)

मिति : ....................

श्री नेपाल धितोपत्र बोर्ड
गौशाला, काठमाण्डौ ।

विषय : **प्रतिबद्धता पत्र** ।

महाशय,

यस ......(योजना व्यवस्थापकको नाम) ले .......(म्युचअल फण्डको नाम) अन्तर्गत ...... (योजनाको नाम) को इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र ऐन, २०६३, सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष सम्बन्धी निर्देशिका, २०६९ बमोजिम अगाडि बढाईएका हुन् ।
२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ,
३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

...............................
प्रमुख कार्यकारी अधिकृत

## अनुसूची– ३
## (दफा १० सँग सम्बन्धित)
## इकाई खरिदका लागि दिइने निवेदनको ढाँचा

श्री योजना व्यवस्थापक,
..................योजना

म/हामीलाई त्यस योजनाले निष्काशन गरेको ...... (अक्षरमा...........) इकाई खरिद गर्ने इच्छा भएकोले सोका लागि रु.........(अक्षरेपी ....... रुपैयाँ) यसै साथ संलग्न गरी यो निवेदन पेश गर्दछु/छौं । मेरो/हाम्रो माग बराबर वा सो भन्दा घटी इकाई बाँडफाँड भएमा समेत मेरो हाम्रो मञ्जुरी रहेको व्यहोरा समेत अनुरोध छ ।

१. पूरा नाम र थर (नेपाली र अंग्रेजीमा) :
२. स्थायी ठेगानाः ................अञ्चल.................जिल्ला ................ गा. वि.स./न.पा./म. न. पा.
   टोल...................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल .....
३. हालको ठेगानाः ...................अञ्चल...................जिल्ला ....................... गा. वि.स./न.पा.
   टोल...................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल ........
४. बाबुको नामः
५. बाजेको नामः
६. पति वा पत्निको नामः
७. नाबालकको हकमा संरक्षकको नामः
८. इच्छाइएको व्यक्तिको नामः
९. दरखास्त पेश गरेको संकलन केन्द्रः
१०. खाता रहेको बैंकको नाम र खाता नं. :
११. अन्य आवश्यक विवरण :

दस्तखतः ..........................

संलग्न गर्नु पर्ने कागजातः
१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा गैर आवसीय नेपालीको हकमा परिचय पत्रको प्रतिलिपी ।
२. नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि तथा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. संस्थागत निवेदक भएमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।
४. दश लाख रुपैयाँ वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफूले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण ।

**नोटः** संस्थागत निवेदक भएमा उपरोक्त विवरणमा कार्यकारी प्रमुखको विवरण भर्नु पर्नेछ ।

❖❖❖

लागू मितिः २०७३।०८।०१
पहिलो संशोधनः २०७३।१०।४
दोस्रो संशोधनः २०७३।१२।२७
तेस्रो संशोधनः २०७९।०५।०५

# धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३

**<u>प्रस्तावना:</u>** सार्वजनिक निष्काशन भएको धितोपत्रको खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी, छिटो छरितो तथा मितव्ययी बनाउन आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका बोर्डले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको स्थानमा सोही सूचनामा तोकिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "खाता" भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदको लागि दरखास्त दिने लगानीकर्ताको नाममा बैंक वा वित्तीय संस्थामा रहेको [१]चल्ती, कल वा बचत खाता सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ सम्झनु पर्छ ।

(घ) "निष्काशनकर्ता कम्पनी" भन्नाले ऐन तथा नियमावली बमोजिम धितोपत्र निष्काशन गर्न इजाजतप्राप्त कम्पनी वा संगठित संस्था सम्झनु पर्छ ।

(ङ) "धितोपत्र निष्काशन" भन्नाले नियमावलीको नियम ७ बमोजिम सर्वसाधारणको लागि गरिने प्राथमिक धितोपत्रको सार्वजनिक निष्काशन सम्झनु पर्छ र सो शब्दले धितोपत्रको हकप्रद निष्काशन र थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) समेतलाई जनाँउछ ।

(च) "निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमति प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(छ) "बैंक वा वित्तीय संस्था" भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदको लागि दरखास्त संकलन गर्न दफा ५ बमोजिम बोर्डबाट अनुमति प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(ज) "लगानीकर्ता" भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिद गर्न दरखास्त दिने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

---

१ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३ द्वारा संशोधित ।

## परिच्छेद- २

## अनुमती सम्बन्धी व्यवस्था

३. **<u>अनुमति लिनु पर्ने</u> :** (१) धितोपत्र निष्काशनकर्ता कम्पनीको धितोपत्र खरिदका लागि आफ्नो बैंक वा वित्तीय संस्थामा खाता रहेका व्यक्ति वा संस्थाबाट दरखास्त संकलनको काम गर्न चाहने बैंक वा वित्तीय संस्थाले त्यस्तो कार्य गर्नको लागि बोर्डबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिन चाहने बैंक वा वित्तीय संस्थाले निवेदन दस्तुर वापत पाँच हजार रुपैयाँ सहित देहायका कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा बोर्डमा निवेदन दिनु पर्नेछ :-

(क) कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि,

(ख) नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न प्राप्त इजाजतपत्रको प्रतिलिपि,

(ग) धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्यको लागि बोर्डबाट अनुमति लिने सम्बन्धमा सञ्चालक समितिको निर्णय ।

४. **<u>योग्यताः</u>** (१) दफा ३ बमोजिम अनुमतिका लागि निवेदन दिन चाहने बैंक वा वित्तीय संस्थाको देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछ :-

(क) नेपाल राष्ट्र बैंकबाट [२] "क" वा "ख" वा "ग" वर्गको इजाजतपत्र प्राप्त गरी नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी कायम गरेको,

(ख) प्रति शेयर चुक्ता पूँजी भन्दा प्रति शेयर नेटवर्थ बढी भएको,

(ग) कम्तीमा पाँच वर्ष सञ्चालनमा रहेको र कम्तीमा पछिल्लो दुई वर्ष खुद नाफामा सञ्चालनमा रहेको,

(घ) निष्कृय कर्जा पाँच प्रतिशत भन्दा कम रहेको,

(ङ) नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा भएको भए त्यसको फुकुवा भएको तीन वर्ष पूरा भएको,

(च)[३].......

(छ) धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत भएको,

(ज) बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र वा नियमावलीमा धितोपत्र खरिदको दरखास्त संकलन सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था उल्लेख भएको ।

तर प्रबन्धपत्र वा नियमावलीमा उक्त व्यवस्था नभए पनि यो निर्देशिका प्रारम्भ भएको एक वर्षसम्म यस निर्देशिका बमोजिम धितोपत्र खरिदको दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमती दिन बाधा पुग्ने छैन ।

(२) बोर्डले आवश्यकता अनुसार उपदफा (१) मा उल्लिखित योग्यतामा हेरफेर गर्न सक्नेछ ।

[४](३) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पचास प्रतिशतभन्दा वढी सरकारी स्वामित्व रहेको वाणिज्य बैंकको हकमा खण्ड (छ) को व्यवस्था लागू हुने छैन ।

---

२ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३ द्वारा संशोधित ।

३ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ द्वारा झिकिएको ।

४ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ द्वारा थप ।

**५. अनुमति प्रदान गर्ने :** (१) दफा ३ बमोजिम बैंक वा वित्तीय संस्थाबाट पर्न आएको निवेदन तथा सो साथ संलग्न कागजात उपर बोर्डले जाँचबुझ गर्दा दफा ४ बमोजिमको योग्यता पूरा भएको तथा यस निर्देशिका बमोजिमको अन्य शर्त पूरा भएको देखिएमा धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न त्यस्तो बैंक वा वित्तीय संस्थालाई अनुसूची-२ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्रदान गर्दा पच्चीस हजार रुपैयाँ दस्तुर लाग्नेछ । त्यस्तो दस्तुर सम्बन्धित बैंक वा वित्तीय संस्थाले बोर्डले तोकिदिएको खातामा जम्मा गरी त्यसको सक्कल भौचर बोर्डमा पेश गर्नु पर्नेछ ।

**६. अनुमतिको अवधि र नवीकरण :** (१) दफा ५ बमोजिम प्रदान गरिएको अनुमति एक आर्थिक वर्षको लागि बहाल रहनेछ । त्यस्तो अनुमति प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ ।

(२) दफा ५ बमोजिम प्राप्त अनुमतिको नवीकरण गराउन चाहने बैंक तथा वित्तीय संस्थाले अनुमतिको बहाल अवधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर बोर्डले जाँचबुझ गर्दा निवेदक बैंक तथा वित्तीय संस्थाको यस निर्देशिका बमोजिम अनुमतिप्राप्त गर्नको लागि चाहिने योग्यता र शर्त पूरा भएको देखिएमा अनुमति नवीकरण दस्तुर बापत पच्चीस हजार रुपैयाँ लिई बोर्डले अर्को एक आर्थिक वर्षको लागि अनुमति नवीकरण गरिदिनेछ ।

**७. अनुमतिको निलम्बन तथा खारेजी** : (१) देहायको अवस्थामा धितोपत्र निष्काशनकर्ता कम्पनीको धितोपत्र खरिदका लागि दरखास्त संकलन गर्न बैंक वा वित्तीय संस्थालाई बोर्डले दफा ५ बमोजिम प्रदान गरेको अनुमतिको निलम्बन गर्न सक्नेछ : -

(क) घाटामा सञ्चालन हुन गएमा,

(ख) निष्क्रिय कर्जा पाँच प्रतिशत भन्दा बढी हुन गएमा ।

(२) देहायको अवस्थामा धितोपत्र निष्काशनकर्ता कम्पनीको धितोपत्र खरिदका लागि दरखास्त संकलन गर्न बैंक वा वित्तीय संस्थालाई बोर्डले दफा ५ बमोजिम प्रदान गरेको अनुमतिको खारेज गर्न सक्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाको उपदफा (१) मा उल्लेख भए बाहेक दफा ४ बमोजिमको योग्यता कायम नरहेमा,

(ख) अनुमति प्राप्त बैंक वा वित्तीय संस्थाले ऐन, नियमावली वा यस निर्देशिकाको पालना नगरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुमति निलम्बन वा खारेज गर्नु अघि त्यस्तो बैंक वा वित्तीय संस्थालाई आफ्नो सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले दिएको निर्देशन अनुसार तोकिएको म्यादभित्र दफा ४ बमोजिमको योग्यता कायम राख्ने प्रतिबद्धता व्यक्त गरेमा त्यस्तो समयावधिसम्म बोर्डले त्यस्तो बैंक वा वित्तीय संस्थाको अनुमति कायमै राख्न सक्नेछ ।

८. **सूची सार्वजनिक गर्नु पर्ने** : [५](१) बोर्डले दफा ५ बमोजिम अनुमति प्रदान गरेका बैंक वा वित्तीय संस्थाको अद्यावधिक सूची तयार गरी समय समयमा राष्ट्रियस्तरको दैनिक पत्रिका र आफ्नो वेबसाईट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

[६](२) वोर्डवाट अनुमति प्राप्त बैंक वा वित्तीय संस्थाले आफूले सेवा प्रदान गर्ने शाखा कार्यालयको नाम, ठेगाना, सम्पर्क अधिकृत, टेलिफोन नम्बर राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरी आफ्नो वेभ साईट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-३

## धितोपत्र खरिद दरखास्त सम्बन्धी व्यवस्था

९. **दरखास्त संकलन गर्न सक्ने**: (१) बैंक वा वित्तीय संस्थाले कुनै संगठित संस्थाको धितोपत्र सार्वजनिक निष्काशन हुँदाका बखत त्यस्तो धितोपत्र खरिद गर्न इच्छुक आफ्नो बैंक वा वित्तीय संस्थामा खाता भएको लगानीकर्ताको दरखास्त संकलन सम्बन्धी कार्य गर्न सक्नेछन् ।

[७](२) उपदफा (१) को प्रयोजनको लागि अनुमति प्राप्त बैंक वा वित्तीय संस्था तथा सम्बन्धित शाखा कार्यालयले अनुसूची-४ बमोजिमको विवरण सहितको दरखास्त फारम तयार गरी लगानीकर्तालाई उपलब्ध गराउनु पर्नेछ । बैंक वा वित्तीय संस्थाबाट यस्तो दरखास्त फारम वेभसाईट मार्फत समेत उपलब्ध गराउन सकिनेछ । लगानीकर्ताले दरखास्त दिंदा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थामा मात्र दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो दरखास्त फारम बुझिलिई सम्बन्धित लगानीकर्ता लाई अनुसूची-४ बमोजिमको निस्सा दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम दरखास्त संकलन गर्ने प्रयोजनको लागि बैंक वा वित्तीय संस्थाले विद्युतीय प्रणाली (अनलाइन सिस्टम) को समेत प्रयोग गर्न सक्नेछन् ।

१०. **रकम रोक्का तथा दरखास्त फारम स्थानान्तरण गर्ने**: (१) दफा ९ बमोजिम धितोपत्र खरिदका लागि प्राप्त हुन आएका दरखास्त उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्ता लगानीकर्ताको खातामा रहेको रकममध्ये निजले दरखास्तमा माग गरे बमोजिमको धितोपत्र खरिदको लागि लाग्ने रकम धितोपत्रको बाँडफाँट (शेयर एलटमेन्ट) कार्य सम्पन्न नभएसम्म झिक्न नपाउने गरी तुरुन्त रोक्का राख्नु पर्नेछ ।
[८]स्पष्टीकरण : "खातामा रहेको रकम" भन्नाले लगानीकर्ताको खातामा रहेको ऋण वा ओभर ड्राफ्ट बाहेकको रकमलाई जनाउँछ ।

---

५ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ द्वारा संशोधित ।

६ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ द्वारा संशोधित ।

७ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन) संशोधन, २०७३ द्वारा थप ।

८ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ द्वारा संशोधित ।

(२)[९] दफा ९ बमोजिमको दरखास्त संकलन गर्ने बैंक वा वित्तीय संस्थाले अनुसूची-५ बमोजिमको संक्षिप्त विवरण विद्युतीय माध्यमबाट दैनिक रुपमा र अनुसूची-६ बमोजिमको ढाँचामा भरिएको विस्तृत विवरण काठमाडौं उपत्यका भित्रको हकमा पाँच कार्य दिनभित्र र काठमाडौं उपत्यका बाहिरको हकमा दश कार्यदिन भित्र निष्काशन तथा बिक्री प्रबन्धकलाई पठाउनु पर्नेछ । यस्तो विवरण पेश गर्दा प्रणालीगत प्रतिवेदन (सिष्टम कन्फर्मेशन रिपोर्ट)को रुपमा पेश गर्नु पर्नेछ ।

(३) [१०]बैंक तथा वित्तीय संस्थाले दर्ता हुन आएका सम्पूर्ण दरखास्तहरु धितोपत्रको बिक्री वन्द भएको मितिले एक महिना भित्र सम्वन्धित निष्काशनकर्ता कम्पनीमा पठाउनु पर्नेछ ।

[११]**११. दरखास्तको जाँचबुझः** (१) निष्काशन तथा बिक्री प्रबन्धकले दफा १० को उपदफा (२) बमोजिम बैंक वा वित्तीय संस्थाबाट प्राप्त धितोपत्र खरिद सम्बन्धी दरखास्तको आवश्यक जाँचबुझ तथा हितग्राही खाता रुजु गर्नु पर्नेछ । यस प्रकार कागजात तथा विवरणको आवश्यक जाँचबुझ तथा हितग्राही खाता रुजु गर्ने कार्य सम्वन्धित वैंक वा वित्तीय संस्थाले समेत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ तथा हितग्राही खाता रुजु गर्ने प्रयोजनको लागि धितोपत्र केन्द्रीय निक्षेप सेवा प्रदायकले निष्काशन तथा बिक्री प्रबन्धक वा सम्वन्धित वैंक वा वित्तीय संस्थालाई आवश्यक विद्युतीय कारोबार सुविधा उपलब्ध गराउनु पर्नेछ ।

[१२]३) धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदायकले उपदफा (२) बमोजिमको सुविधा उपलब्ध गराए बापत निष्काशन तथा बिक्री प्रबन्धकले प्रति दरखास्त वापत एक रुपैयाँका दरले शुल्क बुझाउनु पर्नेछ ।

**१२. दरखास्त रद्द गर्ने** : (१) निष्काशन तथा बिक्री प्रबन्धकले देहायको अवस्थामा दरखास्त रद्द गर्नेछ :-

(क) दफा ५ बमोजिम जाँचबुझ गर्दा एउटै लगानीकर्ताको नाममा एकभन्दा बढी दरखास्त दर्ता हुन आएको कुरा प्रमाणित भएमा,

(ख) दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नु पर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नपाइएमा,

(ग) धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा ।

(२) उपदफा (१) बमोजिम दरखास्त रद्द गरिएको जानकारी सम्बन्धित लगानीकर्तालाई गराई धितोपत्र खरिदको प्रयोजनको लागि रोक्का राखिएको निजको खाताको रकम तुरुन्तै फुकुवा गरि दिनु पर्नेछ ।

---

९ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ द्वारा संशोधित ।

१० धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन), २०७३ द्वारा थप ।

११ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन), २०७३ द्वारा संशोधित ।

१३ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (तेस्रो संशोधन), २०७९ द्वारा संशोधित ।

**१३. <u>धितोपत्रको बाँडफाँटको जानकारी दिनु पर्ने</u>** : (१) दफा ११ बमोजिम दरखास्तको जाँचबुझ कार्य सम्पन्न भएपछि धितोपत्र बाँडफाँट निर्देशिका, २०६८ अनुसार धितोपत्रको बाँडफाँट गर्नु पर्नेछ र त्यसरी धितोपत्रको बाँडफाँट भएको जानकारी सम्बन्धित लगानीकर्तालाई एकमुष्ठ वा व्यक्तिगत रुपमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम धितोपत्रको बाँडफाँट भएको जानकारी गराउँदा वेबसाईट मार्फत दिनु पर्नेछ र त्यस्तो जानकारी लगानीकर्ताले दरखास्त फारममा उल्लेख गरेको इमेल ठेगानामा ईमेल गरी वा मोबाइल नम्बरमा एसएमएस पठाई गराउन सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम धितोपत्र बाँडफाँट गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै लगानीकर्ताको खाता रोक्का राखेको जानकारी प्राप्त भएमा त्यस्तो लगानीकर्ताको दरखास्त निष्काशन तथा बिक्री प्रबन्धकले बाँडफाँटमा समावेश गर्नु हुँदैन । त्यसरी दरखास्त बाँडफाँटमा समावेश नगरिएको व्यहोराको जानकारी सम्बन्धित लगानीकर्तालाई दिनु पर्नेछ ।

**१४. <u>रकम स्थानान्तरण तथा धितोपत्र जम्मा</u>:** (१) निष्काशन तथा बिक्री प्रबन्धकले दफा १३ बमोजिम धितोपत्रको बाँडफाँट गर्ने कार्य सम्पन्न भएको भोलिपल्ट प्रत्येक लगानीकर्ताले प्राप्त गरेको धितोपत्रको संख्या बमोजिमको रकम त्यस्तो लगानीकर्ताको खाताबाट तीन कार्य दिनभित्र निष्काशन तथा बिक्री प्रबन्धकको खातामा स्थानान्तरण(ट्रान्सफर) गरिदिन सम्बन्धित बैंक वा वित्तीय संस्थालाई अनुसूची-७ बमोजिमको ढाँचामा सूचना पठाउनु पर्नेछ ।

[१३](२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएको तीन कार्य दिनभित्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले दफा १० बमोजिम रोक्का राखेको रकममध्ये सम्बन्धित लगानीकर्तालाई बाँडफाँटमा परेको धितोपत्र बापतको रकम अनिवार्य रुपमा निष्काशन तथा बिक्री प्रबन्धकको खातामा हस्तानान्तरण (ट्रान्सफर) गरी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आफ्नो खातामा रकम जम्मा भएको दुई कार्य दिनभित्र निष्काशन तथा बिक्री प्रबन्धकले सम्बन्धित धितोपत्र निष्काशनकर्ता कम्पनीको खातामा त्यस्तो रकम स्थानान्तरण (ट्रान्सफर) गरिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम धितोपत्र निष्काशनकर्ता कम्पनीको खातामा रकम जम्मा भएको सात कार्य दिनभित्र निष्काशन तथा बिक्री प्रबन्धकले दफा १३ बमोजिम बाँडफाँट भएको अभौतिकृत धितोपत्र सम्बन्धित लगानीकर्ताको हितग्राही खातामा जम्मा गर्नु पर्नेछ ।

**१५. <u>खाता फुकुवा गरिदिने</u>:** (१) दफा १३ बमोजिम धितोपत्रको बाँडफाँट गर्दा धितोपत्र नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन/निवेदन बमोजिम रोक्का राखेको खाताको रकम दफा १४ को उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि बढीमा तीन कार्य दिनभित्र फुकुवा गर्नु पर्नेछ ।

---

१३ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन), २०७३ द्वारा संशोधित ।

(२) दफा १३ बमोजिम धितोपत्रको बाँडफाँट गर्दा धितोपत्र पर्ने लगानीकर्ताको खाताबाट निजलाई बाडफाँटमा परेको धितोपत्र वापत दफा १४ को उपदफा(२)बमोजिम रकम निष्काशन तथा बिक्री प्रबन्धकको खातामा स्थानान्तरण (ट्रान्सफर) गरेपछि बाँकी रकम फुकुवा गर्नु पर्नेछ ।

## परिच्छेद-४
## विविध

**१६. सेवा शुल्क लिन सक्ने:** [१४](१) बैंक वा वित्तीय संस्थाले यस निर्देशिका बमोजिम धितोपत्र खरिद सम्बन्धी सुविधा उपलब्ध गराए बापत बढीमा पाँच रुपैयाँ सेवा शुल्क लिन सक्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाले दफा ९ बमोजिम दरखास्त संकलन शुरु गर्नु भन्दा[१५] कम्तीमा तीन दिन अघि उपदफा (१) बमोजिम लिने शुल्कको बारेमा आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिका मार्फत सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ ।

[१६](३) बैंक वा वित्तीय संस्थाले निष्काशन तथा बिक्री प्रवन्धकलाई प्रति दरखास्त दुई रुपैया धितोपत्र बिक्री बन्द भएको मितिले एक महिनाभित्र बुझाउनु पर्नेछ ।

**१७. विवरण उपलब्ध गराउनु पर्ने :** (१) बैंक तथा वित्तीय संस्थाले सेवा प्रदान गर्ने शाखा थप गरेमा, हेरफेर गरेमा वा सम्पर्क अधिकृत परिवर्तन भएमा त्यसको विवरण सहितको जानकारी तुरुन्त बोर्डलाई दिनु पर्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाले यस निर्देशिका बमोजिमको कार्यसंग सम्बन्धित बोर्डले समय समयमा माग गरेको सूचना, जानकारी वा आवश्यक अन्य विवरण बोर्डले माग गरेको अवधिभित्र बोर्डलाई उपलब्ध गराउनु पर्नेछ ।

**१८. बोर्डले निर्देशन दिन सक्ने** : यस निर्देशिकाको कार्यान्वयनको सम्बन्धमा बोर्डले बैंक वा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी बोर्डले दिएको निर्देशन पालना गर्नु सम्बन्धित बैंक वा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

---

१४ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (तेस्रो संशोधन), २०७९ द्वारा संशोधित ।

१५ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन), २०७३ द्वारा संशोधित ।

१६ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (तेस्रो संशोधन), २०७९ द्वारा संशोधित ।

## अनुसूची-१
## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
## धितोपत्र खरिद दरखास्त संकलन गर्न अनुमतिका लागि दिने निवेदनको ढाँचा

मितिः......................

श्री नेपाल धितोपत्र बोर्ड ।

.................................

**विषयः** धितोपत्र खरिद दरखास्त संकलन गर्न अनुमती पाउँ ।

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ३ बमोजिम लगानीकर्ताबाट धितोपत्र खरिदका लागि दरखास्त संकलन सम्बन्धी कार्य गर्न इच्छा भएको र यस ...................... (बैंक वा वित्तीय संस्थाको नाम) को दफा ४ बमोजिम हुनु पर्ने योग्यता समेत कायम रहेकोले धितोपत्र निष्काशनकर्ता कम्पनीको धितोपत्र खरिदका लागि लगानीकर्ताबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्ने अनुमति पाउनको लागि यो निवेदन पेश गरिएको छ । अनुमति पाएको अवस्थामा धितोपत्र खरिदका लागि यस बैंक वा वित्तीय संस्थाका देहायका कार्यालयबाट लगानीकर्ताबाट दरखास्त संकलनको व्यवस्था मिलाउने व्यहोरा समेत अनुरोध छ ।

| क्र.सं | शाखा कार्यालयको नाम र ठेगाना | सम्पर्क पदाधिकारीको नाम, दर्जा र सम्पर्क नम्बर |
|---|---|---|
| | | |
| | | |
| | | |

अधिकार प्राप्त अधिकारीको नाम : ........

दस्तखतः ..............

पदः ............

छापः

**संलग्न कागजातहरुः**

(क) कम्पनीदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) प्रबन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि

(ग) नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न प्राप्त इजाजतपत्रको प्रमाणित प्रतिलिपि ।

(घ) धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न बोर्डबाट स्वीकृति लिने सम्बन्धमा सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

## अनुसूची-२
### (दफा ५ को उपदफा (१) सँग सम्वन्धित)
### नेपाल धितोपत्र बोर्ड
### अनुमति

श्री ........................................

...............................................

धितोपत्रको निष्काशन हुँदाका बखत लगानीकर्ताबाट दरखास्त फारम संकलन सम्बन्धी कार्य गर्नको लागि अनुमति पाउँ भनी त्यस बैंक वा वित्तीय संस्थाले दिएको निवेदन उपर कारबाही हुँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ तथा देहाय बमोजिमका शर्तको अधीनमा रही धितोपत्रको निष्काशन हुँदाका बखत लगानीकर्ताको दरखास्त संकलन तथा तत् सम्बन्धी कार्य गर्न सोही निर्देशिकाको दफा ५ बमोजिम अनुमति प्रदान गरिएको छ । यो अनुमति नवीकरण गराएको अवस्थामा बाहेक एक आर्थिक वर्षको लागि मान्य हुनेछ ।

**शर्तहरुः**

१.

२.

३.

अधिकृत दस्तखतः

नामः

पदः

मितिः

### अनुमति नवीकरण

नवीकरण मिति

| नवीकरण अवधि | नवीकरण गर्ने पदाधिकारीको | | | नवीकरण मिति |
|---|---|---|---|---|
| | नाम | दर्जा | दस्तखत | |
| मिति........देखि....................सम्म | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-३
### (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)
### अनुमति नवीकरणको लागि दिने निवेदनको ढाँचा

मितिः...............

श्री नेपाल धितोपत्र बोर्ड ।

..................................

**विषयः** अनुमति नवीकरण गराई पाउँ ।

त्यस बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३ को दफा ५ बमोजिम यस संस्थालाई प्रदान गरिएको अनुमतिको अवधि आगामी २०.....।....।.... देखि समाप्त हुने भएकाले अनुमति नवीकरण गरी पाउनको लागि यो निर्देशिकाको दफा ६ को उपदफा (२) बमोजिम यो निवेदन पेश गरिएको छ । अनुमतिपत्र नवीकरण वापत लाग्ने दस्तुर बोर्डले माग गरेको बखत दाखिल गरिनेछ ।

बैंक वा वित्तीय संस्थाको छापः

अधिकार प्राप्त अधिकारीको,-

दस्तखतः

नामः

पदः

## [17]अनुसूची- ४
## (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)
## धितोपत्र खरिद (सार्वजनिक निष्काशन) दरखास्त फारममा समावेश गर्नुपर्ने न्यूनतम विवरणः

१. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
२. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
३. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
४. संस्थाको हकमा अख्तियारी प्राप्त व्यक्तिको नाम, थर र पद ।
५. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
६. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
७. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
८. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

(नोट : संस्थाको हकमा धितोपत्र खरिद तथा रकम रोक्काको लागि दरखास्त दिने सम्बन्धमा दरखास्त दिन अधिकार दिइएको व्यक्तिको नाम सहितको सञ्चालक समितिको निर्णय संलग्न गर्नु पर्नेछ ।)

## अनुसूची-५
## (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

श्री ........(निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना)
..........................................।

**विषय** : संक्षिप्त विवरण पेश गरेको बारे ।

तहाँको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा मिति २०........../......../ ...देखि २०...../ .../ सम्म निष्काशन भएको ....................................... कम्पनी लिमिटेडको मिति २०......./... /....सम्ममा संकलित धितोपत्रको विवरण देहाय अनुसार रहेको व्यहोरा अनुरोध छ।

| क्र.सं. | दरखास्त संकलन गर्ने बैंक तथा वित्तीय संस्था तथा शाखा कार्यालयको नाम तथा ठेगाना | संकलित दरखास्त संख्या | रोक्का राखिएको रकम रु. | सम्पर्क अधिकारीको नाम तथा फोन नं |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा | | | | |

विवरण पेश गर्ने,
बैंक वा वित्तीय संस्थाको
नाम तथा ठेगाना :

अधिकारप्राप्त अधिकारीको,-
नाम :
पद :

१७ धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी (दोस्रो संशोधन), २०७३ द्वारा संशोधित ।

## अनुसूची-६
## (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

श्री ..........................................................

(निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना)

**विषय** : विस्तृत विवरण पेश गरेको बारे ।

तहाँको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा निष्काशन भएको ........................... ............. कम्पनी लिमिटेडको मिति २०..../.../....देखि मिति २०...../...../...सम्ममा संकलित धितोपत्र खरिद दरखास्तको विस्तृत विवरण देहाय अनुसार रहेको व्यहोरा अनुरोध छ । साथै यस कार्यालय र यस अन्तर्गतका शाखा कार्यालय समेतमा दर्ता हुन आएको जम्मा थान...... दरखास्तहरु यसै साथ संलग्न गरी पठाइएको छ ।

| क्र. सं. | दरखास्त नं. | आवेदकको विवरण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | माग गरेको धितोपत्र संख्या | खरिदको लागि रोक्का राखेको रकम रु. | निक्षेप सदस्य नं.(आठ अंक) | लगानीकर्ता खाता नं. (आठ अंक) | बैंक खाता नं | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

विवरण पेश गर्ने,-

बैंक वा वित्तीय संस्थाको नाम तथा ठेगाना :

आधिकारिक व्यक्तिको नाम :

दस्तखत :

पद :

कम्पनीको छाप :

## अनुसूची-७
## (दफा १४ को उपदफा (१) सँग सम्वन्धित)

श्री ..................................................

(बैंक वा वित्तीय संस्थाको नाम तथा ठेगाना)

**विषय** : बाँडफाँटमा परेको रकम भुक्तानी गरी बाँकी रकम फुकुवा गर्ने बारे ।

यस संस्थाको निष्काशन तथा बिक्री प्रबन्धकबाट मिति २०......./.../...... देखि मिति २०....../.../......सम्म निष्काशन गरिएको ..................कम्पनी लिमिटेडको धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३ अनुसार तहाँबाट मिति २०....../..../.... मा प्राप्त विस्तृत विवरण अनुसार देहाय अनुसारका निवेदकलाई देहाय बमोजिम धितोपत्र बाँडफाँट गरेको व्यहोरा जानकारी गराउदै बाँडफाँट अनुसार धितोपत्रको कुल रकम रु. ........... (अक्षरेपी) ......................यस संस्थाको ....... बैंक लिमिटेडमा रहेको खाता नं ..................... मा जम्मा गरिदिनु हुन र बाँकी रकम सम्बन्धित दरखास्तवालालाई फुकुवा गरिदिनु हुन अनुरोध छ ।

| क्र. सं. | दरखास्त नं. | आवेदकको नाम | माग धितोपत्र संख्या | धितोपत्र खरिदका लागि जम्मा गरेको रकम रु. | बाँडफाँट गरिएको धितोपत्र संख्या | धितोपत्र बापत कट्टा गर्नु पर्ने जम्मा रकम रु. | फुकुवा गर्नु पर्ने रकम रु. | बैंक खाता नं |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

भवदीय,

निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगानाः

आधिकारिक व्यक्तिको नाम :

दस्तखत :

पद :

कम्पनीको छाप :

❖❖❖

लागू मिति: २०७४।०२।१२
प्रथम संशोधन लागू मिति: २०७५।०३।५
दोस्रो संशोधन लागू मिति: २०७५।०४।१५
तेस्रो संशोधन लागू मिति: २०७५।०७।१२
चौथो संशोधन लागू मिति: २०७५।०९।०३
पाँचौं संशोधन लागू मिति: २०७५।०९।२३
छैठौं संशोधन लागू मिति: २०७९।०७।१७
सातौं संशोधन लागू मिति: २०७९।१२।२९

# धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अग्राधिकार शेयर" भन्नाले लाभांश प्रदान गर्दा साधारण शेयरधनी भन्दा पहिले लाभांश पाउने अधिकार रहने गरी सङ्गठित संस्थाद्वारा निष्काशन गरिने धितोपत्र सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "ऋणपत्र" भन्नाले तोकिएको व्याज प्रदान गर्ने गरी सङ्गठित संस्था वा अन्तराष्ट्रिय वित्तीय संस्थाद्वारा निष्काशन गरिने डिबेञ्चर वा बण्ड सम्झनु पर्छ ।

(घ) "धितोपत्र प्रत्याभूतिकर्ता" भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ सम्झनु पर्छ ।

(च) "निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(छ) "निष्काशन बैङ्क" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनका क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैङ्क तथा राष्ट्रिय स्तरको विकास बैङ्क सम्झनु पर्छ ।

[1](ज) "खुद सम्पत्ति" भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरूको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ ।

(झ) "प्रिमियम" भन्नाले धितोपत्रको अङ्कित मूल्य भन्दा बढी मूल्य सम्झनु पर्छ ।

(ञ) "पूँजी फिर्ता जगेडा कोष" भन्नाले सङ्गठित संस्थाले जारी गरेको अग्राधिकार शेयर फिर्ता गर्दा वा कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको अवस्थामा प्रचलित कानून बमोजिम धितोपत्रको अङ्कित मूल्य बराबरको रकम जम्मा गरी खडा गरिएको कोष सम्झनु पर्छ ।

(ट) "बोनस शेयर" भन्नाले कम्पनीको मुनाफाबाट भएको वचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरधनीहरूलाई अतिरिक्त शेयरको रूपमा जारी गरिएको शेयर सम्झनु पर्छ । सो शब्दले वचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरको चुक्ता रकम वृद्धि गरेको अवस्था समेतलाई जनाउँछ ।

(ठ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ड) "शेयर रजिष्ट्रार" भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ग) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(ढ) "सङ्कलन केन्द्र" भन्नाले निष्काशन तथा बिक्री प्रवन्धक, निष्काशन कर्ता कम्पनी, धितोपत्र निष्काशनको क्रममा आवेदन फाराम वितरण गर्न तथा आवेदन बुझिलिन मञ्जुर गरी निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गर्ने बैङ्क, वित्तीय संस्था, मर्चेन्ट बैङ्कर वा आस्वा प्रणालीमा सहभागी बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धी व्यवस्था

३. **धितोपत्र निष्काशनका लागि निवेदन दिनु पर्ने**: (१) धितोपत्र निष्काशन गर्न चाहने सङ्गठित संस्थाले आफूले निष्काशन गर्न चाहेको धितोपत्रको सम्बन्धमा विवरणपत्र, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण, विवरण पुस्तिका, बिक्री प्रस्ताव वा अन्य विवरण स्वीकृतिका लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग), हकप्रद शेयर निष्काशन, थप धितोपत्र निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार शेयर निष्काशन वा अन्य निष्काशन मध्ये कुन निष्काशन गर्ने हो सो स्पष्ट खुलाउनु पर्नेछ ।

---

१ धितोपत्र निष्काशन तथा बाँडफाँट (सातौं संशोधन) निर्देशिका २०७९ द्वारा संशोधन

[2](२क) प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाले क्रेटिड रेटिङ्ग प्रदान गर्ने संस्थाबाट न्यूनतम ग्रेड भन्दा कम्तिमा एक स्तर माथिको रेटिङ्ग प्राप्त गरेको हुनु पर्नेछ।

(३) सङ्गठित संस्थाले निवेदन साथ पेश गर्ने सम्पूर्ण कागजातका प्रतिलिपिहरू अधिकार प्राप्त व्यक्तिले प्रमाणित गरेको हुनु पर्नेछ।

(४) सङ्गठित संस्थाको साधारण सभाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नको लागि पारित गरेको निर्णय बमोजिम सम्पूर्ण धितोपत्र एकमुष्ट दर्ता गर्न निवेदन दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा बोर्डले आवश्यक कारवाही गरी नियमावलीको नियम १३ बमोजिम स्वीकृति प्रदान गर्नेछ।

४. **निष्काशन गर्नु पर्ने प्रतिशतः** (१) प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा नियमावलीको अधिनमा रहि धितोपत्र बजारमा कारोबारका लागि पर्याप्त मात्रामा उपलब्ध हुने गरी निष्काशन गर्नु पर्नेछ।

(२) स्थानिय प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने सङ्गठित संस्थाले उद्योग वा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई बिक्री वितरण गर्नको लागि नियमावली बमोजिम शेयर छुट्याएको हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रभावित क्षेत्रका बासिन्दाहरूलाई निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी जारी गर्नु पर्नेछ।

४(क). [3]**आयोजना प्रभावित स्थानीयलाई धितोपत्र निष्काशनः** (१) कुनै सूचीकृत जलविद्युत कम्पनीको कम्तीमा एकाउन्न प्रतिशत शेयर स्वामित्व रहेको सहायक जलविद्युत कम्पनी वा सरकारी स्वामित्वको कम्पनीले विशेष परिस्थितिमा आयोजना प्रभावित स्थानीयलाईभन्दा पूर्व सर्वसाधारणलाई साधारण शेयरको प्राथमिक निष्काशन गर्न चाहेमा बोर्डले त्यस्तो कम्पनीलाई आयोजना प्रभावित स्थानीयलाईभन्दा पूर्व सर्वसाधारणलाई साधारण शेयरको प्राथमिक निष्काशन गर्ने अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम धितोपत्र निष्काशन गरेमा त्यस्तो संगठित संस्थाले आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई निष्काशन गरिने धितोपत्र प्रत्याभूत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको मुख्य कम्पनीको खुद सम्पत्ति सकारात्मक भएको र विगत तीन वर्षदेखि लगातार नाफामा भएको हुनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम सर्वसाधारण समूहलाई पहिला सार्वजनिक धितोपत्र निष्काशन गर्दा आयोजना प्रभावित बासिन्दाले धितोपत्र आवेदन गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम आयोजना प्रभावित क्षेत्रका बासिन्दालाईभन्दा पहिला सर्वसाधारणलाई शेयर निष्काशन गरेको जलविद्युत कम्पनीले त्यस्तो सार्वजनिक निष्काशन गरेको छ महिना वा विद्युतको उत्पादन शुरु हुनुभन्दा कम्तीमा तीन महिनामा जुन पहिला हुन्छ सो समयभित्र स्थानियलाई शेयर निष्काशन गर्नु पर्नेछ।

---

२ धितोपत्र निष्काशन तथा बाँडफाँट (पाँचौं संशोधन) निर्देशिका २०७५ द्वारा थप

३ धितोपत्र निष्काशन तथा बाँडफाँट (तेस्रो संशोधन) निर्देशिका २०७५ द्वारा थप

[4]**४ख. विदेशमा बसी रोजगार गरेका नेपालीहरुलाई शेयर निष्काशन :** (१) संगठित संस्थाले सर्वसाधारणलाई प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु अगावै सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि छुट्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्याएको शेयर निष्काशन गर्दा निष्काशन तथा बिक्री प्रबन्धकले सर्वसाधारणको लागि निष्काशन गर्नु अगावै १५ दिनको अवधि तोकि अव्हानपत्र प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निष्कशित शेयरमा आवेदन दिंदा बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नु पर्नेछ ।

स्पष्टीकरण : "विप्रेषण (रेमिट्यान्स) बचत खाता" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तिय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिट् यान्स) वचत खाता सम्झनु पर्छ ।

(४) उपदफा (२) बमोजिमको निष्काशनमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा पचास हजार नेपाली रुपैयाँ सम्बन्धित व्यक्तिले आफू रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम निष्काशित शेयरको बाँडफाँड दफा ३० बमोजिम गर्नुपर्नेछ । यसरी बाँडफाँड भए पश्चात मात्र सर्वसाधारणको लागि प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम निष्काशित शेयर बिक्री नभई वाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी जारी गर्नु पर्दछ ।

(७) निक्षेप सदस्यले यस दफाको प्रयोजन लागि विदेशमा बसी रोजगारी गरिरहेको नेपाली नागरिकका लागि हितग्राहि खाता खोल्दा विद्युतिय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गरी हितग्राहि खाता खोल्न सक्नेछ ।

(८) यस दफाको प्रयोजनको लागि विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुका लागि बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थाले विद्युतिय माध्यमबाट सिआरएन नम्बर लिई आवेदन दिने व्यवस्था गर्न सक्नेछ ।

(९) उपदफा (२) बमोजिम निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याएको शेयरमा आवेदन गर्न सक्ने छैन ।

---

४ धितोपत्र निष्काशन तथा बाँडफाँट (छैठौं संशोधन) निर्देशिका २०७९ द्वारा थप

५. **कर्मचारीका लागि शेयर छुट्याउने** : (१) प्रचलित कानूनले बिशेष व्यवस्था गरेकोमा बाहेक सङ्गठित संस्थाले सर्वसाधारणलाई छुट्याएको शेयर मध्ये बढीमा पाँच प्रतिशतसम्म संस्थामा कार्यरत करार र ज्यालादारी कर्मचारी बाहेकका कर्मचारीलाई छुट्याउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थामा कार्यरत रहेको कर्मचारी संख्याको आधारमा देहाय बमोजिम शेयर छुट्याउनु पर्नेछ :-

| कर्मचारी सङ्ख्या | शेयर प्रतिशत |
|---|---|
| एकदेखि पचास जनासम्म | दुई प्रतिशत |
| एक्काउन्नदेखि एक सय जनासम्म | तीन प्रतिशत |
| एक सय एक देखि दुई सय जनासम्म | चार प्रतिशत |
| दुई सय एकदेखि माथि | पाँच प्रतिशत |

(३) सङ्गठित संस्थाले सार्वजनिक निष्काशन गर्न अगावै संस्थामा कार्यरत कर्मचारीका लागि शेयर निष्काशन गरिसकेको भएमा वा प्रबन्धपत्र तथा नियमावलीमा विशेष व्यवस्था गरी कर्मचारीका लागि छुट्टै शेयर जारी गर्न सक्ने व्यवस्था भएमा सार्वजनिक निष्काशनका लागि सर्वसाधारणलाई छुट्याइएको शेयरबाट कर्मचारीलाई बाँडफाँड गर्न पाईने छैन ।

६. **धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि निवेदन दिनु पर्ने** : (१) दफा ३ बमोजिमको निवेदन स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्र सूचीकरणका लागि अनुमितपत्र प्राप्त धितोपत्र बजारमा निवेदन दिनु पर्नेछ र सो को जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(२) दफा ३ बमोजिमको निवेदन स्वीकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि अनुमितपत्र प्राप्त केन्द्रीय निक्षेप कम्पनीमा निवेदन दिनु पर्नेछ र सो को जानकारी बोर्डलाई दिनु पर्नेछ ।

७. **धितोपत्रको थप सार्वजनिक निष्काशन** : (१) धितोपत्रको थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्न चाहने सङ्गठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित संस्थाको चार्टरमा थप सार्वजनिक निष्काशन गर्न सकिने सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको हुनु पर्नेछ ।

(२) धितोपत्रको थप सार्वजनिक निष्काशन भए पश्चात सङ्गठित संस्थाको पूँजी संरचना तथा सञ्चालक समितिमा हुने परिवर्तन सम्बन्धमा त्यस्तो सङ्गठित संस्थाको प्रबन्धपत्र, नियमावली तथा सम्बन्धित संस्थाको चार्टरमा स्पष्ट व्यवस्था गरिएको हुनु पर्नेछ ।

(३) सङ्गठित संस्थाले साधारण सभाबाट निर्णय भएको दुई महिनाभित्र धितोपत्रको थप सार्वजनिक निष्काशनको लागि बोर्डमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिँदा सङ्गठित संस्थाले देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ :-

(क) धितोपत्रको थप सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सञ्चालक समिति तथा साधारण सभाको निर्णय,

(ख) पछिल्लो पाँच वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण,

(ग) धितोपत्रको थप सार्वजनिक निष्काशनका लागि नियुक्त गरिएको निष्काशन तथा बिक्री प्रबन्धकसँग गरिएको सम्झौता,

(घ) निष्काशन गरिने धितोपत्र प्रत्याभूत (अण्डरराइट) गरिएको भए प्रत्याभूतिकर्तासँग गरिएको सम्झौता ।

(५) सङ्गठित संस्थाले धितोपत्रको थप सार्वजनिक निष्काशन गरेको मितिले पाँच वर्ष पूरा नभएसम्म पुनः धितोपत्रको थप सार्वजनिक निष्काशन गर्न सक्ने छैन ।

८. **<u>बैङ्क, वित्तीय वा बीमा बाहेकका सूचिकृत सङ्गठित संस्थाको थप सार्वजनिक निष्काशन</u>** : (१) नियमावलीको नियम १४ बमोजिम धितोपत्रको थप सार्वजनिक निष्काशन गर्ने सङ्गठित संस्था बैङ्क, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने बाहेकका अन्य सूचीकृत सङ्गठित संस्था भएमा त्यस्तो सङ्गठित संस्थाले धितोपत्रको थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकम सोही सङ्गठित संस्थामा वा सङ्गठित संस्था प्रवर्द्धित परियोजनामा लगानी गर्ने भएमा देहायको अवस्थाहरू पूरा गरेको हुनु पर्नेछ :-

(क) धितोपत्रको थप सार्वजनिक निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना तथा रणनीतिहरू साधारण सभाबाट पारित गरेको,

(ख) क्रेडिट रेटिङ्ग गरेको,

(ग) जारी पूँजी शत प्रतिशत चुक्ता भएको,

(घ) परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनु पर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिएको,

(ङ) परियोजना निर्माणको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक पूर्वाधार निर्माण कार्य शुरु गरेको,

(च) परियोजनाको लागि आवश्यक पर्ने यान्त्रिक, उपकरण तथा त्यसका पार्टपूर्जा लगायतका वस्तु खरिद गर्नु पर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाएको,

(छ) परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजर को सैद्धान्तिक सहमतिपत्र (लेटर अफ ईन्टेन्ट) प्राप्त गरेको,

(ज) जलविद्युत परियोजनाको सम्बन्धमा परियोजना विकास सम्झौता तथा विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरू निर्माणका लागि टेण्डर आह्वान गरेको,

(२) सङ्गठित संस्थाले थप सार्वजनिक निष्काशन सम्बन्धमा उपदफा (१) मा उल्लिखित अवस्थाहरू पूर्ण पालना भएको सम्बन्धमा सो सङ्गठित संस्थाको लेखापरीक्षकबाट प्रमाणित गराई बोर्डमा पेश गर्नु पर्नेछ ।

(३) सङ्गठित संस्थाले दोश्रो कम्पनीको शेयर खरिद गर्ने उद्देश्यले धितोपत्रको थप सार्वजनिक निष्काशन गर्न पाउने छैन ।

९. **ऋणपत्र निष्काशन** : (१) सङ्गठित संस्थाले ऋणपत्र निष्काशन गर्दा विवरणपत्रमा नियमावलीको नियम ११ मा उल्लिखित विवरणको अतिरिक्त देहायको विवरण समेत खुलाउनु पर्नेछ :-

(क) जारी गरिने ऋणपत्रबाट प्राप्त हुने रकम उपयोग गरिने कार्य, ऋणपत्रको अवधि, व्याजदर, व्याज भुक्तानी गर्ने समय, अवधि, स्थान र तरीका,

(ख) सङ्गठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको प्रथम वा द्वितीय हक हुने हो भन्ने स्पष्ट गरिएको र द्वितीय हक हुने भएमा अघिल्लो हकवाला वा समूहको नाम तथा रकम,

(ग) साधारणतया ऋणपत्रको अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात ७०:३० भन्दा बढी हुने गरी पूँजी संरचना परिवर्तन नगरिने प्रतिवद्धता गरिएको, र सो भन्दा बढी अनुपात हुने भएमा त्यस्तो अनुपात उल्लेख गरी सो उचित मान्न सकिने आधारहरू,

(घ) परिवर्तनशील ऋणपत्रको हकमा परिवर्तन अनुपात, मूल्य, प्रिमियम, परिवर्तन मिति तथा मताधिकार सम्बन्धी विषय,

(ङ) विगतमा ऋणपत्र निष्काशन गरेको भए सो सम्बन्धी विवरण ।

(२) सङ्गठित संस्थाको सम्पत्तिको सुरक्षणमा ऋणपत्र जारी गरिने भएमा त्यस्तो सम्पत्ति सम्बन्धित विशेषज्ञबाट मूल्याङ्कन गराएको हुनु पर्नेछ ।

(३) रकम फिर्ता हुने ऋणपत्र (रिडिमेवल डिभेन्चर) जारी गरिने भएमा ऋणपत्रको रकम फिर्ता गर्न ऋणपत्र भुक्तानी जगेडा कोष (रिडिमेवल डिभेन्चर रिजर्व फण्ड) को व्यवस्था गरेको हुनु पर्नेछ ।

[५]तर नियमनकारी निकायको यस्तो कोषको व्यवस्था गर्नु नपर्ने व्यवस्था गरेको भएमा यस्तो कोषको व्यवस्था गर्नुपर्ने छैन ।

(४) सङ्गठित संस्था र डिवेन्चर ट्रष्टि बीच भएको सम्झौतामा प्रचलित कानून बमोजिम लगानीकर्ताको हित अनुकूलका प्रावधान रहेको हुनु पर्नेछ ।

(५) सङ्गठित संस्थाको सम्पत्तिमा द्वितीय हक कायम हुने ऋणपत्र निष्काशन गर्दा सङ्गठित संस्थाको सम्पत्तिमा द्वितीय हक कायम भई उठाइने ऋण खुद सम्पत्तिको पचास प्रतिशतभन्दा बढी नभएको हुनु पर्नेछ ।

[६]तर नियमन निकायले स्वीकृति दिएको अवस्थामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तत्काल कायम प्राथमिक पूँजी/खुद सम्पत्तिको शतप्रतिशतसम्म ऋणपत्र निष्काशन गर्न सक्नेछ ।

(६) शेयरमा परिणत हुने विशेषता भएको ऋणपत्र जारी गर्ने भएमा कम्पनी सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम आवश्यक निर्णय गर्नु पर्नेछ ।

---

५ धितोपत्र निष्काशन तथा बाँडफाँट (छैठौं संशोधन) निर्देशिका २०७९ द्वारा थप

६ धितोपत्र निष्काशन तथा बाँडफाँट (चौथो संशोधन) निर्देशिका, २०७५ द्वारा थप

[७](७) संगठित संस्थाले ऋणपत्र जारी गर्दा जारी रकमको कम्तीमा चालिस प्रतिशत ऋणपत्र प्राकृतिक व्यक्तिलाई बिक्री वितरण गर्नको लागि छुट्टयाउनु पर्नेछ ।

तर यसरी छुट्याइएको ऋणपत्र तोकिएको अवधि भित्र प्राकृतिक व्यक्तिले खरिद नगरेमा अन्य खरिदकर्तालाई बिक्री गर्न सकिनेछ ।"

१०. **अग्राधिकार शेयर निष्काशन** : (१) अग्राधिकार शेयर निष्काशन गर्न चाहने सङ्गठित संस्थाको प्रबन्धपत्र, नियमावली वा चार्टरमा त्यस्तो शेयर जारी गर्न सकिने व्यवस्था उल्लेख गरिएको हुनु पर्नेछ ।

(२) अग्राधिकार शेयर जारी गर्न चाहने सङ्गठित संस्थाले आफ्नो विवरणपत्रमा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :-

(क) अग्राधिकार शेयरको रकम फिर्ता हुने वा नहुने (रिडिमेवल वा इरिडिमेवल),

(ख) फिर्ता हुने भएमा भूक्तानी अवधि र प्रिमियम सहित वा प्रिमियम विना फिर्ता हुने,

(ग) अग्राधिकार शेयरमा दिइने लाभांश दर र त्यस्तो लाभांश सञ्चयशील हुने वा नहुने (क्युमुलेटिभ वा नन्क्युमुलेटिभ),

(घ) साधारण शेयरमा परिवर्तन हुने वा नहुने, यदि परिवर्तन हुने भएमा परिवर्तनको अनुपात, मूल्य, अवधि लगायतका व्यवस्था र

(ङ) अग्राधिकार शेयर धनीले मताधिकार प्रयोग गर्न पाउने अवस्था,

(च) अग्राधिकार शेयर निष्काशन गर्दाको वखत निर्धारित शर्तमा परिवर्तन नहुने कुरा,

(छ) पूँजी फिर्ता जगेडा कोष स्थापना सम्बन्धी व्यवस्था,

(ज) संगठित संस्था खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार दिने कुरा ।

११. **बिक्री प्रस्ताव (अफर डकुमेन्ट) मार्फत धितोपत्र बिक्री** : (१) धितोपत्र बजारमा सूचीकृत सङ्गठित संस्थाको चुक्ता पूँजीको कम्तीमा एक प्रतिशत साधारण शेयर ग्रहण गरेका शेयर धनीले बिक्री प्रस्ताव प्रकाशन गरी सार्वजनिक रूपमा शेयर बिक्री गर्न चाहेमा सम्बन्धित कम्पनीको सञ्चालक समितिलाई जानकारी दिनु पर्नेछ ।

(२) धितोपत्र बजारमा सूचीकृत नभएका तर बोर्डमा धितोपत्र दर्ता गराएका सङ्गठित संस्थाका शेयर धनी आफूले ग्रहण गरेको शेयर बिक्री प्रस्ताव प्रकाशन गरी सार्वजनिक रूपमा बिक्री गर्न चाहेमा साधारण सभाबाट निर्णय गराई बोर्डको स्वीकृति लिई बिक्री गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक रूपमा बिक्री गरिने शेयर त्यस्तो सङ्गठित संस्थाको चुक्ता पूँजीको कम्तीमा दश प्रतिशत हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम शेयर बिक्री गर्नको लागि त्यस्तो संस्था पव्लिक कम्पनी वा संगठित संस्थाको रूपमा स्थापना भई सञ्चालन अवधि तीन वर्ष पूरा भएको हुनु पर्नेछ ।

(५) बिक्री प्रस्ताव मार्फत बिक्री भएको शेयर सम्बन्धित सङ्गठित संस्थाले प्रचलित कानून बमोजिम धितोपत्र बजारमा सूचीकरण गराउनु पर्नेछ ।

---

७ धितोपत्र निष्काशन तथा बाँडफाँट (पाँचौं संशोधन) निर्देशिका २०७५ द्वारा थप

## परिच्छेद-३
## हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था

१२. **हकप्रद शेयर निष्काशनका लागि पूरा हुनु पर्ने अवस्था :** (१) सङ्गठित संस्थाले हकप्रद शेयरको निष्काशन गर्ने भएमा हकप्रद शेयर निष्काशन गर्नु अघि निष्काशन भैसकेको शेयरको अङ्कित मूल्य पूरा चुक्ता भएको हुनु पर्नेछ ।

(२) सङ्गठित संस्थाले एक आर्थिक वर्षमा एकपटक मात्र हकप्रद शेयर निष्काशन गर्न सक्नेछ । यसरी हकप्रद शेयर निष्काशन गर्दा पछिल्लो पटक निष्काशन गरेको शेयरहरू धितोपत्र बजारमा सूचीकरण भएको मितिबाट एक सय असी दिन पूरा भएको हुनु पर्नेछ ।

तर नियमन निकायको निर्देशन बमोजिम पूँजी बृद्धि गर्नु पर्ने अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(३) सङ्गठित संस्थाले आफ्नो व्यवसायसँग सम्बन्धित नियमन व्यवस्थाका कारण हकप्रद शेयर जारी गर्नु पर्ने भएमा सोही बमोजिमको कारण खुलाई साधारण सभाबाट हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धी प्रस्ताव पारित गरेको हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको हकप्रद शेयर निष्काशनका लागि निवेदन दिएको सङ्गठित संस्थाको सञ्चालक लगायत आधारभूत शेयरधनीहरूले समेत आफूले लिनु पर्ने हकप्रद शेयर बराबरको रकम जम्मा गरिसकेपछि मात्र सर्वसाधारण समूहका शेयरधनीका लागि हकप्रद शेयरको दरखास्त खुला गर्नु पर्नेछ ।

तर सङ्गठित संस्थाका सञ्चालक वा आधारभूत शेयरधनीले आफूले लिनु पर्ने हकप्रद शेयर नलिएमा वा लिन नचाहेमा सो को जानकारी समावेश गरेर अन्य शेयरधनीका लागि हकप्रद शेयरको दरखास्त खुला गरिएको सूचना प्रकाशन गर्न सकिनेछ ।

(५) सङ्गठित संस्थाको सञ्चालक वा आधारभूत शेयरधनीले आफूले लिनु पर्ने हकप्रद शेयर वापतको हक अरु कसैलाई हस्तान्तरण गर्ने भएमा दरखास्त खुला हुनु भन्दा कम्तीमा तीन दिन अगावै हक हस्तान्तरण गरी हक हस्तान्तरण गरिएको व्यहोरा सहित निष्काशन बैङ्कमा रकम जम्मा गरी सक्नु पर्नेछ ।

(६) सङ्गठित संस्थाले आफ्नो व्यवसायसँग सम्बन्धित नियमन व्यवस्थाका कारण बाहेक अन्य कारणले हकप्रद शेयर जारी गर्नु पर्ने भएमा सो को कारण सहित पूँजी वृद्धिको उद्देश्य, वृद्धि गरिने रकम, हकप्रद शेयर प्रदान गरिने अनुपात तथा पूँजीको उपयोग सम्बन्धी विवरण समेतको व्यहोरा खुलाई साधारण सभाबाट हकप्रद निष्काशन गर्ने सम्बन्धी प्रस्ताव पारित गरेको हुनु पर्नेछ ।

(७) सङ्गठित संस्थाको प्रदान गर्ने हकप्रद शेयर वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पूर्ण कित्ताको रूपमा नपुग रकम समेत लिई दरखास्त लिने र त्यसो गर्दा सम्बन्धित कम्पनीको पूँजी संरचना परिर्वतन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र, नियमावली वा चार्टरमा आवश्यक संशोधन गरी थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा वार्षिक साधारण सभाबाट निर्णय गराउनु पर्नेछ ।

(८) सङ्गठित संस्थाले हकप्रद शेयर निष्काशन अनुमतिका लागि बोर्ड समक्ष निवेदन दिँदा नियमावलीको नियम १७ को उपनियम (२) बमोजिमको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरूमा अनुसूची-१ बमोजिमको विवरण समेत खुलाउनु पर्नेछ ।

(९) सङ्गठित संस्थाले साधारण सभाबाट हकप्रद शेयरको निष्काशन गर्ने निर्णय गरेको दुई महिना भित्र बोर्डमा निवेदन दिनु पर्नेछ ।

(१०) सङ्गठित संस्थाले साधारण सभाबाट हकप्रद शेयरको निष्काशन गर्ने निर्णय गरेमा सो निर्णय अनिवार्य रूपमा कार्यान्वयन गर्नु पर्नेछ ।

१३. **बैङ्क, वित्तीय वा बीमा बाहेकका सूचीकृत सङ्गठित संस्थाको हकप्रद निष्काशन** : (१) बैङ्क, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने सङ्गठित संस्था बाहेकको अन्य सूचीकृत सङ्गठित संस्थाले हकप्रद शेयर निष्काशन गरी प्राप्त हुने रकम त्यस्तो सङ्गठित संस्था वा सङ्गठित संस्था प्रवर्द्धित परियोजना वा दोश्रो कम्पनी वा सहायक कम्पनी प्रवर्द्धित परियोजनामा लगानी गर्ने भएमा देहायको अवस्थाहरू पूरा गर्नु पर्नेछ :-

(क) हकप्रद शेयर निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना र रणनीतिहरू तथा निष्काशन गर्ने हकप्रद शेयर अनुपातको औचित्य पुष्टि गर्ने आधारहरू खुलाई साधारण सभाबाट पारित गरेको,

(ख) प्रारम्भिक सार्वजनिक निष्काशन गरेको कम्तीमा दुई वर्ष पूरा भएको,

(ग) क्रेडिट रेटिङ्ग गरेको,

(घ) जारी पूँजी शत प्रतिशत चुक्ता भएको,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासन सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरेको,

(च) परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनु पर्ने भएमा त्यस्तो इजाजत, अनुमतिपत्र वा स्वीकृति लिएको,

(छ) परियोजना निर्माणको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक पूर्वाधार निर्माण कार्य शुरु गरेको,

(ज) परियोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसको पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाएको,

(झ) परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजर को सैद्धान्तिक सहमतिपत्र (लेटर अफ इन्टेन्ट) प्राप्त गरेको,

(ञ) जलविद्युत परियोजनाको सम्बन्धमा परियोजना विकास सम्झौता तथा विद्युत खरिद सम्झौता गरेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरू निर्माणका लागि बोलपत्र आह्वाजन गरेको,

(ट) दोश्रो कम्पनी वा सहायक कम्पनीले नियम अनुसार लेखापरीक्षण तथा साधारण सभा गरेको,

(ठ) दोश्रो कम्पनी वा सहायक कम्पनीले कारोबार सञ्चालन गरेको कम्तीमा एक वर्षको अवधि पूरा गरेको,

(२) सङ्गठित संस्थाले हकप्रद शेयर निष्काशनको लागि दिने निवेदनसाथ उपदफा (१) मा उल्लिखित अवस्थाहरूको पालना भएको सम्बन्धमा सो संस्थाको लेखापरीक्षकबाट प्रमाणित गराई बोर्डमा पेश गर्नु पर्नेछ ।

(३) सङ्गठित संस्थाले हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम दोश्रो कम्पनी वा सहायक कम्पनीमा लगानी गर्ने भएमा त्यस्तो रकम छुट्टै बैङ्क खातामा जम्मा गरी सो सम्बन्धी विवरण बोर्डमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको खातामा रहेको रकम उपदफा (१) को खण्ड (क) बमोजिम साधारण सभाबाट पारित भएको वित्तीय योजना अनुरूप उपयोग गरिएको सम्बन्धमा विवरण सो संस्थाको लेखा परीक्षकबाट प्रमाणित गराई बोर्डमा पेश गर्नु पर्नेछ।

१४. **<u>हकप्रद शेयर निष्काशनका अन्य व्यवस्था</u>** : (१) सङ्गठित संस्थाले हकप्रद शेयरको निष्काशन गर्दा शेयरधनीको संख्या र ठेगानालाई आधार मानी शेयरधनीको पहुँच हुने गरी संकलन केन्द्र तोक्नु पर्नेछ । यसरी संकलन केन्द्र तोक्दा काठमाडौं बाहिर समेत तोक्नु पर्नेछ ।

(२) हकप्रद शेयरको दरखास्त फाराम डाउनलोड गरी भर्न सक्ने गरी सम्बन्धित सङ्गठित संस्था तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटमा राख्नु पर्नेछ ।

(३) हकप्रद शेयर पाउने शेयरधनीको भौतिक तथा अभौतिक जुनसुकै रुपमा शेयर कायम रहेता पनि आफूले पाउने सम्पूर्ण शेयरको एउटै दरखास्त दिने व्यवस्था गर्नु पर्नेछ।

१५. **<u>हकप्रद शेयर लिलाम बढाबढ गर्ने प्रक्रिया</u>** : (१) हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रवन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम प्रक्रिया गर्दा देहायका अवस्थाहरू पूरा गर्नु पर्नेछ :-

(क) सबै समूहको (संस्थापक, सर्वसाधारण र अन्य) लिलाम प्रक्रिया एकै पटक गर्नु पर्ने,

(ख) अङ्कित मूल्यमा बढावढ गर्नु पर्ने,

(ग) हकप्रद शेयर लिलाम बढाबढबाट बिक्री गर्ने सम्बन्धी सूचना बिक्री खुला हुनु भन्दा कम्तीमा सात दिन अगाडि कुनै दुईवटा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको संक्षिप्त विवरण (बिक्री गर्न लागिएको शेयर संख्या, न्यूनतम मूल्य, कम्पनीको नाम र विस्तृत विवरण प्रकाशन गरिएको पत्रिकाको नाम तथा प्रकाशित मिति) समावेश भएको सूचना देहाय बमोजिम प्रकाशन गर्नु पर्ने :-

१. बिक्री खुला हुनुभन्दा तीन दिन अगाडि र कम्तीमा दुईवटा प्रमुख अनलाईन पत्रिकामा,

२. बिक्री खुला हुनुभन्दा दुई दिन अगाडि र कम्तीमा दुईवटा प्रमुख एफएम रेडियामा,

३. बिक्री खुला हुनुभन्दा एक दिन अगाडि र कम्तीमा दुईवटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा,

(ङ) खण्ड (घ) बमोजिम प्रकाशित सूचना निष्काशन तथा बिक्री प्रबन्धक र सम्बन्धित कम्पनीको वेवसाइटमा राख्नु पर्ने,

(च) लिलाम बढाबढको दरखास्त लिने अवधि कम्तीमा सात कार्य दिन राख्नु पर्ने,

(छ) लिलाम बढाबढ गर्दा लिलाम सम्बन्धी सामान्य सिद्धान्त अनुशरण गर्नु पर्ने,

(ज) लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गर्नु पर्ने,

(झ) लिलाम बढाबढमा शेयर खरिदका लागि दरखास्त दिने आवेदकले फिर्ता भुक्तानी पाउने रकम फिर्ता गर्ने कार्य तीन दिन भित्र शुरु गर्नु पर्ने,

(ञ) लिलाम बढाबढ गरिएका शेयरका सम्बन्धमा विस्तृत विवरण सहित उक्त लिलामबाट प्राप्त हुने रकम मध्ये बोर्डमा धितोपत्र दर्ता गर्दा उल्लेखित रकम भन्दा बढी भएको रकमको नियमावलीको व्यवस्था बमोजिम थप दर्ता शुल्क सात कार्य दिन भित्र बुझाउनु पर्ने ।

## परिच्छेद-४
## धितोपत्र निष्काशन सम्बन्धी प्रक्रिया

१६. **सम्झौता गर्नु पर्ने :** (१) धितोपत्रको सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाले धितोपत्र निष्काशन गर्नका लागि बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेण्ट बैङ्करसँग निष्काशन सम्बन्धी सम्झौता गर्नु पर्नेछ ।

(२) धितोपत्रको निष्काशन गर्न चाहने सङ्गठित संस्थाले धितोपत्रको प्रत्याभूति गर्नु पर्ने भएमा अनुमतिपत्र प्राप्त प्रत्याभूतिकर्तासँग आवश्यक सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने सम्झौतामा कुनै कुरा संलग्न गर्नु पर्ने गरी बोर्डले तोकिदिएमा सो समेत उक्त सम्झौतामा संलग्न गर्नु पर्नेछ ।

१७. **धितोपत्रको प्रत्याभूत (अण्डरराईट) गराउनु पर्ने** : (१) धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थाले आफूले सार्वजनिक निष्काशन गर्ने शेयरको कम्तीमा पचास प्रतिशत शेयरको प्रत्याभूत गराउनु पर्नेछ ।

(२) धितोपत्रको सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाले [८]न्यूनतम भन्दा एक स्तर माथिको रेटिङ्ग प्राप्त गरेमा सो संस्थाले निष्काशन गर्ने सम्पूर्ण धितोपत्रको प्रत्याभूत गराउनु पर्नेछ ।

८ धितोपत्र निष्काशन तथा बाँडफाँट (पाँचौं संशोधन) निर्देशिका २०७५ द्वारा थप

(३) प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाको पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण बमोजिम प्रति शेयर खुद सम्पत्ति प्रति शेयर अङ्कित मूल्य भन्दा कम भएमा आफूले सार्वजनिक निष्काशन गर्ने सम्पूर्ण शेयरको प्रत्याभूत गराउनु पर्नेछ ।

तर उद्योग प्रभावित क्षेत्रका बासिन्दाका लागि शेयर निष्काशन गर्दा त्यस्तो शेयरको प्रत्याभूत गर्नु अनिवार्य हुने छैन ।

(४) सङ्गठित संस्थाले धितोपत्र निष्काशन गर्दा अङ्कित मूल्य भन्दा बढी मूल्यमा वा प्रिमियम थप गरी निष्काशन गर्ने भएमा त्यस्तो धितोपत्रको प्रत्याभूत गराउनु पर्नेछ ।

१८. **सङ्कलन केन्द्र तोक्ने** : (१) निष्काशन तथा बिक्री प्रबन्धकले दरखास्त वितरण तथा सङ्कलन कार्यका लागि निष्काशनकर्ता कम्पनी, बैङ्क वा वित्तीय संस्था वा मर्चेन्ट बैङ्करलाई सङ्कलन केन्द्र तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा सर्वसाधारण लगानीकर्तालाई सहज रूपमा दरखास्त प्राप्त गर्ने तथा बुझाउन सक्ने गरी पर्याप्त मात्रामा सङ्कलन केन्द्रहरूको व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएका सङ्कलन केन्द्र अपर्याप्त भएको देखेमा बोर्डले निष्काशन तथा बिक्री प्रबन्धकलाई पर्याप्त मात्रामा सङ्कलन केन्द्रको व्यवस्था गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम तोकिने प्रत्येक सङ्कलन केन्द्रमा जेष्ठ नागरिक, अपाङ्गता भएका तथा महिला लगानीकर्ताको लागि आवश्यकता अनुसार छुट्टै काउण्टर वा लाइनको व्यवस्था गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा निष्काशन तथा बिक्री प्रबन्धकले सङ्कलन केन्द्रसँग सेवा शर्त तथा शुल्कका सम्बन्धमा आवश्यक सबै कुरा उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गरिने सम्झौतामा सङ्कलन केन्द्रले प्रचलित कानून बमोजिम कार्य गर्ने तथा बोर्डले दिएको निर्देशन पालना गर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ ।

(७) धितोपत्रको बिक्री वितरण गर्दा काठमाडौं उपत्यकामा अनिवार्य रूपमा कम्तीमा चारवटा सङ्कलन केन्द्रको व्यवस्था गर्नु पर्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परियोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि शेयर निष्काशन गर्दा सोही क्षेत्रमा मात्र सङ्कलन केन्द्रको व्यवस्था गरी कम्तीमा चारवटा सङ्कलन केन्द्र तोक्नु पर्नेछ ।

[९]तर भौगोलिक जटिलता, मौसमी प्रतिकूलता, प्राकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको सङ्कल केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने बिशेष परिस्थितिमा बोर्डको स्वीकृति लिई सिमित अवधिका लागि अन्य स्थानमा समेत सङ्कलन केन्द्र तोक्न सकिनेछ ।

(९) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्रको निष्काशनका लागि तोकिएको सङ्कलन केन्द्र सम्बन्धमा त्यस्तो धितोपत्रको निष्काशन कार्य शुरु हुनु भन्दा कम्तीमा तीन कार्य दिन अगावै बोर्डमा जानकारी दिनु पर्नेछ ।

(१०) निष्काशन तथा बिक्री प्रबन्धकले निष्काशनका क्रममा सङ्कलन केन्द्र थप गर्नु परेमा बोर्डलाई जानकारी गराई थप गर्न सक्नेछ ।

१९. **निष्काशन बैङ्कसँग सम्झौता गर्नु पर्ने :** (१) निष्काशन तथा बिक्री प्रबन्धकले निष्काशनको क्रममा दरखास्त वापत प्राप्त हुने रकम जम्मा गर्नका लागि निष्काशन बैङ्कसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहायका कुराहरू खुलाउनु पर्नेछ :-

(क) निष्काशन बैङ्कमा रकम जम्मा गरिने खाता नम्बर,

(ख) उक्त खातामा प्रदान गरिने ब्याज दर,

(ग) निष्काशनकर्ता संगठित संस्थालाई निष्काशन गरेको धितोपत्र वापतको रकम भुक्तानी गर्ने अवधि तथा प्रक्रिया,

(घ) सङ्कलन केन्द्रबाट उक्त खातामा रकम जम्मा गर्ने तथा फिर्ता गर्ने प्रक्रिया सम्बन्धी विवरण ।

(३) निष्काशन तथा बिक्री प्रबन्धकले निष्काशन बैङ्क थप गर्नु परेमा तीन दिन अगाडि बोर्डलाई जानकारी गराई थप गर्न सक्नेछ ।

२०. **वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्बन्धी जानकारी दिनु पर्ने :** सङ्गठित संस्थाले बोर्डबाट धितोपत्र निष्काशन अनुमति पछि वित्तीय व्यवस्थापन गर्ने व्यवस्था गरेको भएमा धितोपत्र निष्काशनको सार्वजनिक सूचना प्रकाशन गर्नु भन्दा कम्तीमा तीन कार्य दिन अगाडि परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन भएको सम्बन्धमा सो को प्रमाणित प्रतिलिपि सहित बोर्डलाई जानकारी दिनु पर्नेछ ।

२१. **दरखास्त दिने न्यूनतम शेयर सङ्ख्या र दरखास्त साथ माग गर्न सकिने पेश्की रकम** : (१) निष्काशन गरिने धितोपत्र साधारण शेयर भएमा दरखास्त दिन सकिने न्यूनतम सीमा दशले भाग जाने संख्यामा पचास कित्ता भन्दा बढी नहुने, म्युचुअल फण्डको इकाईको हकमा न्यूनतम सय युनिट भन्दा बढी नहुने तथा ऋणपत्रको हकमा एकले भाग जाने संख्यामा न्यूनतम पच्चीस कित्ता भन्दा बढी नहुने गरी व्यवस्था गर्नु पर्नेछ ।

(२) [१०]धितोपत्रको सार्वजनिक निष्काशनको खरिदका लागि दरखास्त दिन सकिने अधिकतम सीमा विवरण पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

---

९ धितोपत्र निष्काशन तथा बाँडफाँट (दोस्रो संशोधन) निर्देशिका २०७५ द्वारा थप

१० धितोपत्र निष्काशन तथा बाँडफाँट (पहिलो संशोधन) निर्देशिका २०७५ द्वारा संशोधन

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र बजारले तोकेको कारोबार एकाई अनुसार हुने गरी कम संख्यामा दरखास्त दिन पाउने व्यवस्था गर्न र धितोपत्र बाँडफाँड गर्न बाधा पुऱ्याइएको मानिने छैन ।

(४) सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशनमा शेयर खरिदको लागि दरखास्त आह्वान गर्दा कम्पनी सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्था अनुसार प्रति शेयरको अङ्कित मूल्यको पचास प्रतिशतभन्दा बढी रकम दरखास्तसाथ माग गर्न हुँदैन । तर विशेष ऐन अनुसार शत प्रतिशत रकम माग गर्नु पर्ने व्यवस्था भएमा वा संचालनमा रहेका संगठित संस्थाले आफ्नो अघिल्लो तीन वर्षको वासलात प्रकाशन गरी पूँजी सङ्कलन गर्दा पचास प्रतिशतभन्दा बढी रकम दरखास्तसाथ माग गर्न सक्नेछ ।

(५) सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ ।

(६) [११]उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रिमियम मूल्य सहित जारी गरिएको शेयर भएमा वा विवरणपत्रमा सर्वसाधारणलाई निष्काशन गरिएको समयावधि भित्र सम्पूर्ण शेयर बिक्री नभएमा संगठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछउपदफा (५) बमोजिम जारी भएको शेयर तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ ।

**२२. <u>दरखास्त दिन नपाउने</u> :** (१) देहायका व्यक्ति वा संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशनको क्रममा दरखास्त दिन पाउने छैनन् :-

(क) आयोजना प्रभावित, कर्मचारी वा संस्थापकको रूपमा वा अन्य कुनै प्रकारबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पूर्व सङ्गठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनी,

(ख) संस्थापक शेयरधनीका एकाघरको सदस्य ।

(२) उपदफा (१) मा उल्लिखित व्यक्ति वा संस्थाले दरखास्त दिएमा त्यस्तो दरखास्तलाई बाँडफाँडमा समावेश गरिने छैन ।

२३. **<u>प्रचारप्रसार तथा विज्ञापन सम्बन्धी व्यवस्था</u>** : (१) सङ्गठित संस्थाले आफूले निष्काशन गर्न लागेको धितोपत्रको सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि निष्काशन तथा बिक्री प्रबन्धक मार्फत सार्वजनिक सञ्चारको माध्यमबाट पर्याप्त प्रचारप्रसार तथा विज्ञापन गर्नु पर्नेछ । तर निष्काशन हुन लागेको धितोपत्र सम्बन्धी जानकारी मूलक प्रचारप्रसार तथा विज्ञापन बाहेक लगानीकर्तालाई आकर्षित गर्ने अन्य किसिमको प्रचारप्रसार तथा विज्ञापन गर्न पाईने छैन ।

(२) निष्काशनकर्ता सङ्गठित संस्था र निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र निष्काशन खुला रहेको अवधिमा तथ्यले पुष्टि गर्ने बाहेक धितोपत्रको माग अत्याधिक भएको आशयको प्रचारप्रसार गर्न पाउने छैन ।

---

११ धितोपत्र निष्काशन तथा बाँडफाँट (पहिलो संशोधन) निर्देशिका २०७५ द्वारा संशोधन

२४. **दरखास्त फारममा खुलाउनु पर्ने न्यूनतम विवरण** : (१) धितोपत्र निष्काशनका क्रममा धितोपत्र खरिदका लागि दिइने दरखास्त फाराममा देहायको विवरण खुलाएको हुनु पर्नेछ :-

(क) आवेदकको पूरा नाम (नेपाली तथा अङ्ग्रेजी दुवैमा),

(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,

(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम,

(घ) आवेदकको स्थायी ठेगाना,

(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोवाइल नम्बर,

(च) आवेदकको खाता रहेको बैङ्क वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,

(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर,

(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम,

(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर),

(ञ) आवेदन फाराम रद्द हुन सक्ने कारण सम्बन्धी जानकारी,

(ट) लगानीकर्ताको परिचयपत्रको व्यवस्था गरिएकोमा त्यस्तो परिचयपत्र नम्बर,

(ठ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना,

(ड) आवेदन फाराम बुझाएको मिति,

(ढ) निष्काशन गर्ने सङ्गठित संस्था सम्बन्धी संक्षिप्त जानकारी ।

(२) धितोपत्रको सार्वजनिक निष्काशनको क्रममा वितरण गरिने दरखास्त फाराममा रकम उल्लेख गरी बढीमा प्रति फाराम दुई रुपैयाँ शुल्क लिन सकिनेछ ।

(३) धितोपत्रको सार्वजनिक निष्काशनको क्रममा वितरण गरिने दरखास्त फाराम निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी बुझाउन सक्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) कम्पनी वा संस्था आवेदक भएमा सो कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र आवेदन दिने सम्बन्धमा सञ्चालक समितिको निर्णय सहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो समावेश गर्नु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्रको हकप्रद निष्काशनका सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकले दरखास्त फाराममा आवेदकको नाम, ठेगाना, साविकको शेयरधनीको परिचय, बाबु, आमा तथा बाजेको नाम लगायतका अन्य आवश्यक विवरण खुलाउने व्यवस्था गर्न सक्नेछ ।

२५. **दरखास्त फारमको सङ्कलन** : (१) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र खरिदका लागि दिइने दरखास्त फारमको सङ्कलन सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ :-

(क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी दरखास्त फाराम बुझाएको हुनु पर्ने,

(ख) नाबालकको हकमा आमाबाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको संरक्षकद्वारा प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने,

(ग) आवेदन फाराम बुझ्दा दरखास्त फाराममा न्यूनतम रूपमा खुलाउनु पर्ने भनी तोकिएका विवरणहरू सबै स्पष्ट रूपमा भरेको दरखास्त फाराम मात्र लिने व्यवस्था गर्नु पर्ने,

(घ) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्ने,

तर एक व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गर्ने व्यवस्था गर्नु पर्ने र सो अभिलेखका लागि बोर्डमा पेश गर्नुपर्ने,

(ङ) धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको सङ्कलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउने व्यवस्था गर्नु पर्ने,

(च) आमा बावु बाहेक अन्य व्यक्ति संरक्षक भई नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिँदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नु पर्ने ।

(२) निष्काशन तथा बिक्री प्रबन्धकले परियोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि शेयर निष्काशन गर्दा आवेदकले आवेदन फारामसाथ देहायका कागजात समेत समावेश हुने गरी व्यवस्था गर्नु पर्नेछ :-

(क) परियोजना प्रभावित क्षेत्रको वासिन्दा प्रमाणित गर्ने स्थानीय निकायबाट जारी कागजात,

(ख) बसाई सराई गरी आएको हकमा कम्पनीको यस्तो शेयर निष्काशन भएको मिति अगावै बसाई सराई गरी आएको प्रमाणपत्र,

(३) परियोजना प्रभावित क्षेत्रको बासिन्दाको स्थानियता तथा परिचयका सम्बन्धमा कुनै विवाद आएमा निष्काशनकर्ताले त्यस्तो विवादको समाधान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम परियोजना प्रभावित क्षेत्रका बासिन्दाबाट दरखास्त माग गर्दा सम्बन्धित निष्काशनकर्ताले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आधारित भई शेयरको लागि दरखास्त दिन पाउने क्षेत्रहरूको विवरण स्पष्ट रूपमा विवरणपत्रमा उल्लेख गर्नु पर्नेछ ।

२६. **<u>दरखास्त फारामको छानबिन तथा प्रशोधन</u>** : धितोपत्रको दरखास्त दिने अन्तिम मिति समाप्त भए पश्चात निष्काशन तथा बिक्री प्रबन्धकले सम्पूर्ण आवेदन कार्यालयमा ल्याई देहाय बमोजिम छानबिन तथा प्रशोधन गर्नु पर्नेछ :-

(क) रीतपूर्वक नभरेको, आवश्यक कागजात संलग्न नभएको दरखास्त फाराम लगायतका दरखास्तलाई छुट्याउने र त्यस्ता दरखास्त बाँडफाँडका लागि अयोग्य ठहऱ्याई सम्बन्धित सङ्कलन केन्द्रमा फिर्ता पठाउने,

(ख) एक व्यक्तिले आफूले लिन चाहेको धितोपत्रको लागि एक भन्दा बढी दरखास्त दिए नदिएको जाँच गर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सम्पूर्ण दरखास्त रद्द गर्ने ।

२७. **दरखास्त रकम सङ्कलन र संरक्षण** : (१) निष्काशन तथा बिक्री प्रबन्धकले सार्वजनिक निष्काशनका क्रममा सङ्कलन केन्द्रमा प्रत्येक दिन जम्मा भएको सम्पूर्ण आवेदन फाराम गणना गर्न लगाई सो को कूल संख्या त्यसको भोलिपल्ट तथा आवेदनसाथ प्राप्त कुल रकम सम्बन्धी विवरण तीन दिन भित्र बोर्डमा पेश गर्नु पर्नेछ ।

(२) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्रको लागि दरखास्त साथ प्राप्त रकम सोही दिन निष्काशन बैङ्कको खातामा जम्मा हुने गरी प्रबन्ध मिलाउनु पर्नेछ ।

(३) धितोपत्रको दरखास्तसाथ सङ्कलन केन्द्रमा जम्मा भएको रकम हरेक दिन वा त्यसको भोलिपल्ट सम्ममा निष्काशन बैङ्कको खातामा जम्मा गर्नु पर्नेछ ।

(४) धितोपत्र खरिदको लागि दरखास्तसाथ प्राप्त पेश्की रकम निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशन बैङ्कको संयुक्त संरक्षणमा रहने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-५
## धितोपत्र बाँडफाँड प्रक्रिया

२८. **धितोपत्रको बाँडफाँड :** (१) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र खरिदका लागि रीतपर्वक भरिएका दरखास्त फारमहरू यकिन गरी त्यस्तो धितोपत्रको बाँडफाँड तालिका तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको तालिका निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्रको बाँडफाँड गर्नु भन्दा कम्तीमा तीन कार्य दिन अघि बोर्डमा पेश गर्नु पर्नेछ ।

(३) एकपटक सार्वजनिक निष्काशन गर्ने भनी विवरणपत्रमा उल्लेख गरी छुट्याएको धितोपत्र कुनै खास व्यक्ति वा वर्गको प्राथमिकतामा बाँडफाँड गर्न पाइने छैन ।

तर नियमावलीको व्यवस्था बमोजिम कर्मचारी वा उद्योग प्रभावित क्षेत्रका बासिन्दाका लागि वा प्रचलित कानून बमोजिम मान्यता प्राप्त गरेको सामुहिक लगानी कोषलाई कुनै धितोपत्र सुरक्षित गरिएको अवस्थामा त्यस्तो धितोपत्रको बाँडफाँडको ढाँचा सम्बन्धित सङ्गठित संस्था तथा निष्काशन तथा बिक्री प्रवन्धकले तयार गरी बाँडफाँड गर्नु अगावै बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

२९. **धितोपत्रको बाँडफाँड गर्नु पर्ने अवधि** : (१) सार्वजनिक निष्काशनका लागि खुला गरिएको धितोपत्र बिक्री बन्द भएपछि देहाय बमोजिम बाँडफाँड गर्नु पर्नेछ :-

| धितोपत्र खरिदको लागि प्राप्त दरखास्तको परिमाण | बाँडफाँड गर्नु पर्ने अवधि |
|---|---|
| दुई लाखसम्म | तीस दिन |
| दुई लाखदेखि तीन लाखसम्म | चालीस दिन |
| तीन लाखदेखि माथि | पचास दिन |

(२) उपदफा (१) बमोजिमको समयावधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकले दरखास्त वापत जम्मा गरेको रकम आवेदकलाई फिर्ता भुक्तानी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज वापतको रकमसहित फिर्ता भुक्तानी दिनु निष्काशनकर्ता र निष्काशन तथा बिक्री प्रबन्धकको संयुक्त दायित्व हुनेछ ।

(४) निष्काशनकर्ता र निष्काशन तथा बिक्री प्रबन्धकले हकप्रद शेयर तथा ऋणपत्रको हकमा बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र बाँडफाँड गरी सम्बन्धित लगानीकर्ताहरूलाई बाँडफाँड(पत्र र फिर्ता भुक्तानी दिनु पर्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको अवस्था परी उपदफा (१) बमोजिमको अवधिभित्र धितोपत्रको बाँडफाँड गर्न असमर्थ भई निष्काशनकर्ता र निष्काशन तथा बिक्री प्रबन्धकले थप समय माग गरेमा बार्डले आवश्यक समयावधि थप गर्न सक्नेछ।

३०. **धितोपत्र बाँडफाँड प्रक्रिया** : (१) धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरूलाई पुनः दश कित्ताका दरले धितोपत्रको बाँडफाँड गर्नु पर्नेछ।

(३) (२) बमोजिम धितोपत्र बाँडफाँडको प्रक्रिया सम्मन्न भएपश्चात धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम धितोपत्र बाँडफाँड गर्दा दश कित्ताका दरले सबै आवेदकहरूलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरी धितोपत्र बाँडफाँड गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम निष्काशित धितोपत्रको बाँडफाँड गर्दा अनुसूची-२ बमोजिमको नमूना बमोजिम गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम धितोपत्रको बाँडफाँड गरेको दिन वा भोलिपल्ट सम्ममा निष्काशन तथा बिक्री प्रबन्धकले बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

(८) यस दफा बमोजिम बाँडफाँड गर्ने सम्बन्धमा धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्बा) बमोजिम दरखास्त दिनुपर्ने अनिवार्य व्यवस्था भएको मिति देखि शुरु गर्नु पर्नेछ।

३१. **निष्पक्ष तथा पारदर्शी हुनु पर्ने** : यस निर्देशिका बमोजिम धितोपत्रको बाँडफाँड प्रक्रिया निष्पक्ष तथा पारदर्शी बनाउनु निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता सङ्गठित संस्थाको जिम्मेवारी हुनेछ।

३२. **कर्मचारीको लागि छुट्याएको धितोपत्रको बाँडफाँड प्रक्रिया** : (१) निष्काशनकर्ता सङ्गठित संस्थाले विवरणपत्र अनुसार सो संस्थामा कार्यरत कर्मचारीलाई धितोपत्र सुरक्षित राखी धितोपत्र बाँडफाँड गरिएको अवस्थामा सम्बन्धित कर्मचारीले त्यस्तो धितोपत्र कम्तीमा तीन वर्षसम्म बिक्री गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ।

(२) सङ्गठित संस्थामा कार्यरत कर्मचारीलाई छुट्याएको धितोपत्र सम्बन्धित सङ्गठित संस्थाको सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) सङ्गठित संस्थाले यस दफा बमोजिम गरिएको धितोपत्र बाँडफाँडको आधार तथा बाँडफाँड सम्बन्धी विस्तृत विवरण बाँडफाँड भएको सात दिनभित्र निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

३३. **अभिलेख सुरक्षित राख्ने** : यस निर्देशिका बमोजिम धितोपत्रको बाँडफाँडसँग सम्बन्धित दरखास्त, धितोपत्रको बाँडफाँड सम्बन्धी विवरण, कागजात तथा अभिलेखहरू निष्काशन तथा बिक्री प्रबन्धकले प्रमाणित गरी कम्तीमा पाँच बर्षसम्म सुरक्षित राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखलाई विद्युतीय माध्यमबाट समेत सुरक्षित राख्नु पर्नेछ ।

३४. **निष्काशनकर्ता सङ्गठित संस्थालाई भुक्तानी दिनु पर्ने** : निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र बाँडफाँड भएको तीन दिनभित्र धितोपत्र निष्काशनकर्ता सङ्गठित संस्थालाई निष्काशन गरिएको रकमको भुक्तानी दिनु पर्नेछ ।

३५. **रकम फिर्ता गर्नु पर्ने** : (१) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र बाँडफाँड भएको पाँच दिनभित्र आवेदकलाई बाँडफाँड(पत्र तथा फिर्ता गर्नु पर्ने रकम भुक्तानी दिन शुरु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र बाँडफाँड(पत्र तथा फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज वापतको रकम सहित हिसाब गरी फिर्ता भुक्तानी दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम फिर्ता भुक्तानी गर्दा आवेदकले दरखास्त फाराममा उल्लेख गरेको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिनु पर्नेछ ।

## परिच्छेद-६
## धितोपत्रको प्रिमियम निर्धारण सम्बन्धी व्यवस्था

३६. **प्रारम्भिक सार्वजनिक निष्काशन वा बिक्री प्रस्तावमा प्रिमियम निर्धारण** : (१) धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन वा बिक्री प्रस्ताव मार्फत निष्काशन गर्न चाहने सङ्गठित संस्थाको धितोपत्रको प्रिमियम गणना गर्दा पछिल्लो तीन वर्षको पूँजीकृत भएको आम्दानी (क्यापिटलाइज्ड अर्निङ्ग), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्याँस फ्लो) र अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्याङ्कनकर्ताले अपनाएको अन्य कुनै एक विधि अवलम्बन गरी प्राप्त हुने कुल मूल्यको औषत मूल्य गणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम भएको औषत मूल्य र सङ्गठित संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको [१२]दुई गुणाले हुन आउने मूल्यमा जुन कम हुन्छ सो रकमलाई प्रिमियम कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका विधि अवलम्बन गर्दा लिइएका मान्यता तथा आधारहरू खुलाई सो को औचित्य समेत स्पष्ट गर्नु पर्नेछ ।

---

१२ धितोपत्र निष्काशन तथा बाँडफाँट (पाँचौं संशोधन) निर्देशिका २०७५ द्वारा थप

[13]३७. **धितोपत्रको थप सार्वजनिक निष्काशनमा प्रिमियम निर्धारण** : सूचीकृत सङ्गठित संस्थाले प्रिमियममा धितोपत्रको थप सार्वजनिक निष्काशन गर्न चाहेमा त्यस्तो संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थ भन्दा बढी नहुने गरी प्रिमियम सहितको निष्काशन मूल्य निर्धारण गर्नु पर्नेछ ।

## परिच्छेद-७
## बोनस शेयर सम्बन्धी अवस्था

३८. **बोनस शेयर निष्काशन गर्न सकिने अवस्था** : (१) सङ्गठित संस्थाले आफूले सृजना गरेको वचत वा जगेडा मध्ये शेयरधनीको दावी रहन सक्ने गरी सृजना गरिएका स्वतन्त्र जगेडा तथा नगदमा प्राप्त शेयर प्रिमियम रकमलाई पूँजीकरण गरी बोनस शेयर निष्काशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोनस शेयर निष्काशन गर्दा देहायको अवस्था पूरा भएको हुनु पर्नेछ :-

(क) पहिले जारी गरिसकेको शेयरको अङ्कित मूल्य बराबरको रकम चुक्ता भएको हुनु पर्ने,

(ख) अद्यावधिक लेखापरीक्षण भैसकेको वित्तीय विवरण अनुसार मुनाफा आर्जन गरेको हुनु पर्ने।

३९. **बोनस शेयर जारी गर्न नसकिने अवस्था** : देहायका अवस्थामा बोनस शेयर जारी गर्न सकिने छैन :-

(क) दफा ३७ मा उल्लिखित व्यवस्थाहरू पूरा नभएको,

(ख) नेटवर्थ ऋणात्मक भएको,

(ग) कम्पनीले जारी गरेको डिवेन्चर वा ऋणपत्रका हकमा तिर्नु पर्ने व्याज तथा फिर्ता गर्नु पर्ने साँवा नतिरेको,

(घ) म्याद नाघि सकेको निक्षेप वा निक्षेपमा दिनु पर्ने व्याज चुक्ता नगरेको,

(ङ) अग्राधिकार शेयरको हकमा वितरण गर्नु पर्ने लाभांश वितरण नगरेको,

(च) सरकारी तथा अन्य नियमन निकायलाई तिर्नु पर्ने रकम नतिरेको,

(ङ) कर्मचारीलाई तिर्नु पर्ने दायि त्वको लागि पर्याप्त कोषको व्यवस्था नगरेको,

(च) कम्पनीको कुनै स्थिर सम्पत्तिलाई पुर्नमूल्याङ्कन वा बिक्री गरी सृजित बचत वा जगेडा कोषबाट बोनस शेयर जारी गर्न खोजेको,

(छ) प्रचलित कानूनले लाभांश बाँड्नमा बन्देज लगाएको ।

४०. **बोनस शेयर निष्काशन प्रक्रिया** : (१) बोनस शेयर निष्काशन गर्ने सन्दर्भमा सङ्गठित संस्थाको नियमावलीमा बोनस शेयर निष्काशन गर्न सकिने प्रावधान समावेश गरिएको हुनु पर्नेछ र सो नभएमा त्यस्तो व्यवस्था समावेश गरेर मात्र बोनस शेयर निष्काशन गर्ने निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्थाको हकमा नेपाल राष्ट्र बैंक तथा बीमा कम्पनीको हकमा बीमा समितिको पूर्व स्विकृति लिएर बोनस शेयर निष्काशन गर्ने व्यवस्था भएमा सोही बमोजिम पूर्व स्वीकृति लिई कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम साधारण सभाबाट विशेष प्रस्ताव पारित गराई बोनस शेयर निष्काशन गर्नु पर्नेछ ।

१३ धितोपत्र निष्काशन तथा बाँडफाँट (पाँचौं संशोधन) निर्देशिका २०७५ द्वारा संशोधित

(३) उपदफा (१) वा (२) बमोजिम कुनै सङ्गठित संस्थाले बोनस शेयर जारी गर्ने भएमा बोनस शेयरको लागि शेयरधनी किताब बन्द गरिने मिति साधारण सभा सम्बन्धी जानकारीमा समावेश गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ। सोको संक्षिप्त सूचना एफ.एम. रेडियो तथा अनलाईनमा समेत दिनु पर्नेछ।

(४) बोनस शेयर निष्काशन गरेपछि हुन आउने कूल पूँजी सङ्गठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए अनुसारको अधिकृत तथा जारी पूँजीको सीमा भन्दा बढी भएमा साधारण सभामा पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रस्ताव साधारण सभाबाट पारित भएपछि पब्लिक लिमिटेड कम्पनीको हकमा कम्पनी सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम अधिकृत पूँजीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त गरी र जारी पूँजीको हकमा उक्त कार्यालयमा अभिलेख गराई कार्यान्वयन गर्नु पर्नेछ।

(६) बोनश शेयरको निर्धारण गर्न सङ्गठित संस्थाको खुद सम्पत्ति गणना गर्दा वासलातमा देखाइएका मुनाफामा असर पार्न सक्ने सम्पूर्ण सम्भावित दायित्व वापतको व्यवस्था आवश्यकता अनुसार गरेको हुनु पर्नेछ।

४१. **बोनस शेयर दर्ता तथा सूचीकरण गर्नु पर्ने अवधि** : (१) सङ्गठित संस्थाको सञ्चालक समितिले बोनस शेयर निष्काशन गर्ने निर्णय गरे पश्चात सो प्रस्ताव विशेष प्रस्तावको रूपमा साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव साधारण सभाले पारित गरी बोनस शेयर निष्काशन गर्ने निर्णय गरेमा त्यस्तो निर्णय बमोजिमको बोनस शेयर त्यस्तो निर्णय भएको तीस दिनभित्र धितोपत्र दर्ताका लागि बोर्डमा निवेदन दिनु पर्नेछ।

तर त्यसरी बोनस शेयर जारी गर्दा त्यस्तो संगठित संस्थाको पूँजी बृद्धि हुने भएमा प्रचलित कानून बमोजिम पूँजी बृद्धि स्वीकृत भएको वा अभिलेख भएको मितिले पन्ध्र दिन भित्र निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निष्काशन गरिएको बोनस शेयर बोर्डमा दर्ता गर्दा यस निर्देशिका बमोजिमको व्यवस्था पालना गरिएको व्यहोरा सहितको कागजात कम्पनी सचिवले प्रमाणित गरी निवेदन साथ पेश गर्नु पर्नेछ।

४२. **सञ्चालक समितिको निर्णय अनुसार हुने** : सञ्चालक समितिले निर्णय गर्दाको अवस्थामा नै बोनस शेयर निष्काशन गर्ने वा नगद लाभांश दिने वा दुवै दिने हो सो सम्बन्धमा स्पष्ट गर्नुपर्दछ। एक पटक निर्णय भैसकेपछि थपघट गर्न वा नगद लाभांशको सट्टा बोनस शेयर निष्काशन गर्न वा बोनस शेयरको सट्टा नगद लाभांश वितरण गर्न पाईने छैन।

४३. **बोर्डलाई जानकारी दिनु पर्ने** : सङ्गठित संस्थाको सञ्चालक समितिले बोनस शेयर निष्काशन गरी पूँजी वृद्धि गर्ने निर्णय गरे पश्चात सो बारे बोर्ड तथा धितोपत्र बजारलाई त्यस्तो निर्णय भएको सोही दिन वा भोलीपल्टसम्म जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-८
## विविध

४४. **<u>प्रबन्धपत्र र नियमावलीमा हुनु पर्ने व्यवस्था</u> :** (१) सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाको प्रबन्धपत्र र नियमावलीमा सर्वसाधारणमा निष्काशन गरिने शेयरको अनुपात अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(२) प्रारम्भिक सार्वजनिक निष्काशन गर्न चाहने सङ्गठित संस्थाको प्रबन्धपत्र र नियमावलीमा शेयरधनीको अधिकार, साधारण सभा सम्बन्धी व्यवस्था तथा धितोपत्र खरिद बिक्री भएकोमा सरल तरिकाबाट धितोपत्र दाखिला खारेज हुने व्यवस्था गरी कार्यविधिहरू समेत स्पष्टरूपमा उल्लेख गरिएको हुनु पर्नेछ ।

४५. **<u>विवरणपत्र भन्दा फरक भएमा जानकारी दिनु पर्ने</u>** : (१) विवरणपत्र, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू, विवरण पुस्तिका वा अन्य विवरणमा प्रक्षेपण गरिएका विवरणहरूमा पन्ध्र प्रतिशत वा सो भन्दा बढी फरक पर्न गएमा सो को कारण सहित खुलाई सङ्गठित संस्थाले बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तथा प्रक्षेपणकर्ताको जानकारी सहित सङ्गठित संस्थाको आगामी वार्षिक प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नु पर्नेछ ।

४६. **<u>स्थलगत निरीक्षण तथा जाँचबुझ गर्न सक्ने</u>** : (१) धितोपत्र निष्काशन गर्ने सङ्गठित संस्थाको विवरणपत्र, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू, विवरण पुस्तिका वा अन्य विवरण स्वीकृत गर्नु अघि बोर्डले आवश्यक देखेमा सम्बन्धित संस्थाको कार्यालय वा कार्यस्थलको स्थलगत निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गरी सम्बन्धित सङ्गठित संस्थालाई कुनै आदेश वा निर्देशन दिएमा सो आदेश वा निर्देशन पालना नगरी सार्वजनिक निष्काशन गर्न पाईने छैन ।

४७. **<u>एक आपसमा गाभिएको सङ्गठित संस्थाको धितोपत्र दर्ता गर्नु पर्ने</u>** : (१) बोर्डमा धितोपत्र दर्ता गराएका साविक सूचीकृत सङ्गठित संस्थाहरू एक आपसमा देहाय बमोजिम गाभिएमा बोर्डमा धितोपत्र दर्ता गर्नु पर्नेछ :-

(क) साविक एक वा एक भन्दा बढि सूचीकृत सङ्गठित संस्था एक आपसमा गाभिएमा त्यसरी गाभिएका सङ्गठित संस्था मध्ये साविक कै कुनै एक कम्पनीको नाम कायम भएको,

(ख) साविक एक वा एक भन्दा बढि सूचीकृत सङ्गठित संस्था एक आपस गाभिएर नयाँ सङ्गठित संस्था बनेको,

(ग) साविक सूचीकृत सङ्गठित संस्थाले अर्को साविक सूचीकृत सङ्गठित संस्थालाई प्राप्त गरेको,

(घ) साविक सूचीकृत सङ्गठित संस्थाले सूचीकृत नभएको सङ्गठित संस्थालाई खरिद वा प्राप्त गरेको ।

(२) उपदफा (१) बमोजिम धितोपत्र दर्ता गर्दा नियमावलीको नियम ३ को उपनियम (१) बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिँदा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :-

(क) सङ्गठित संस्थाको साधारण वा विशेष सभाको निर्णय,

(ख) सङ्गठित संस्थाको प्रबन्धपत्र र नियमावली,

(ग) सम्बन्धित नियमन निकायको स्वीकृती पत्र,

(घ) गाभिने सम्बन्धमा भएको सम्झौता पत्र,

(ङ) गाभिदाको शेयर अनुपात खुल्ने कागजात,

(च) शेयर पूँजी कायम भएको कागजात ।

(४) सूचिकृत संगठित संस्थाहरू गाभ्ने वा गाभिने कार्य सम्पन्न भए पश्चात एकिकृत कारोबार शुरु भए संगै शेयरको कारोबार समेत शुरु हुने व्यवस्था गर्नुपर्नेछ ।

तर एकिकृत कारोबार शुरु भए सँगै शेयरको कारोबार समेत शुरु हुने व्यवस्था गर्न नसकिने भएमा एकिकृत कारोबार शुरु भएको बढीमा पन्ध्र दिनभित्र शेयरको कारोबार शुरु गर्नु पर्नेछ ।

४८. **लगानीकर्तालाई कागजातमा पहुँच प्रदान गर्ने** : (१) सार्वजनिक निष्काशनका लागि बोर्डबाट प्राप्त निष्काशन अनुमतिपत्रको प्रतिलिपि, तोकिएका शर्तहरू र बोर्डमा धितोपत्र दर्ता र निष्काशन अनुमति प्रदान गर्ने प्रयोजनका लागि पेश गरेका विवरणहरूको एक(एक प्रति निष्काशन तथा बिक्री प्रबन्धकले प्रमाणित गरी दरखास्त वितरण गर्ने कार्यालयहरू र निष्काशनकर्ता सङ्गठित संस्थाको मुख्य कार्यालयमा राख्नु पर्नेछ ।

(२) धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू, विवरण पुस्तिका, बिक्री प्रस्तावहरू लगानीकर्ताले सहज रूपमा हेर्न सक्ने र उनीहरूलाई सूचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरू सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राख्नु पर्नेछ ।

(३) बार्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू, विवरण पुस्तिका, बिक्री प्रस्तावहरू सार्वजनिक निष्काशनका लागि प्रकाशन गर्नु दुई दिन अगावै सोको विद्युतीय प्रति बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको विवरणहरू कुनै लगानीकर्ताले हेर्न चाहेमा हेर्न दिने र प्रतिलिपि माग गरेमा न्यूनतम शुल्क लिई प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

४९. **साधारणसभा गर्न नहुने** : सार्वजनिक निष्काशनका लागि अनुमति प्राप्त गरिसकेको सङ्गठित संस्थाले नयाँ शेयरधनीहरू समेत समावेश नभई साधारणसभा गर्नु हुँदैन ।

तर बाध्यात्मक अवस्था परी साधारणसभा गर्नु परेमा सो साधारण सभा नयाँ लगानीकर्ताहरूको हित विपरीत नहुने प्रतिबद्धता सहित साधारण सभा गर्नुको कारण, औचित्य र सभामा छलफल हुने विषयहरू खुलाई बोर्डमा निवेदन दिएमा बोर्डले साधारण सभा गर्न अनुमति दिन सक्नेछ ।

५०. **<u>लगानीकर्ताको गुनासो सुन्ने तथा समाधान गर्ने</u>** : (१) आफूले निष्काशन गरेको धितोपत्रको सम्बन्धमा वा आफूले गरेको निष्काशन सम्बन्धी कार्य सम्बन्धमा कुनै गुनासा प्राप्त भएमा यथाशिघ्र समाधान गर्नु  पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासा तथा समाधानको स्थिति सम्बन्धमा बोर्डलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

५१. **<u>धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिकाको व्यवस्था बमोजिम हुने</u>** : सार्वजनिक निष्काशनको दरखास्त सङ्कलन गर्न बोर्डबाट अनुमति प्राप्त बैङ्क वा वित्तीय संस्था मार्फत धितोपत्र खरिदका लागि दरखास्त दिएको भएमा त्यस्तो दरखास्त सम्बन्धमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को व्यवस्था बमोजिम हुनेछ ।

५२. **<u>निर्देशिकाको व्याख्या</u> :** यो निर्देशिकामा लेखिएका कुराहरू कार्यान्वयन गर्ने सीलसीलामा व्याख्या सम्बन्धी कुनै प्रश्न उठेमा बोर्डले गरेको व्याख्या बोर्डको काम कारबाहीको लागि अन्तिम हुनेछ ।

५३. **<u>खारेजी र बचाउ</u>** : (१) धितोपत्र निष्काशन निर्देशिका, २०६५, धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिका, २०६८ र बोनस शेयर निष्काशन निर्देशिका, २०६७ खारेज गरिएको छ ।

(२) धितोपत्रको निष्काशनका सम्बन्धमा यसअघि बोर्डबाट जारी भएका आदेश तथा निर्देशन खारेज गरिएको छ ।

(३) धितोपत्र निष्काशन निर्देशिका, २०६५, धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिका, २०६८ र बोनस शेयर निष्काशन निर्देशिका, २०६७ तथा यस अघि बार्डको आदेश तथा निर्देशन बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
## (दफा १२ को उपदफा (८) सँग सम्बन्धित)
## <u>हकप्रद शेयर जारी गर्दा समावेश गर्नु पर्ने विवरण</u>

१. मुखपृष्ठमा उल्लेख हुनु पर्ने कुराहरू :-
   १.१ सङ्गठित संस्था कुन ऐन अन्तर्गत संस्थापित तथा कारोबार गर्ने
   १.२ सङ्गठित संस्थाको नाम, लोगो, रजिष्ट्र्ड कार्यालयको ठेगाना, टेलिफोन नम्बर, वेभसाइट तथा इमेल ठेगाना,
   १.३ सङ्गठित संस्थाको चुक्ता पूँजी, हकप्रद शेयर निष्काशनको अनुपात तथा सङ्ख्या, अङ्कित मूल्य,
   १.४ दरखास्त साथ भुक्तानी गर्नुपर्ने रकम,
   १.५ हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू भन्ने वाक्यांश,
   १.६ सङ्गठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरणमा नेटवर्थ अङ्कित मूल्य (फेस भ्यालु भन्दा कम भएको अवस्थामा तत्सम्बन्धी विवरण,
   १.७ निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण,
   १.८ नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति,
   १.९ निष्काशन खुला हुने मिति,
   १.१० निष्काशन बन्द हुने मिति,
   १.११ निष्काशन तथा बिक्री प्रबन्धकको नाम, लोगो, ठेगाना तथा टेलिफोन नम्बर
२. हालका शेयरधनीहरूको समूह खुल्ने संस्थागत संस्थापकहरूको हकमा उक्त संस्थाको सञ्चालकहरूको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) र शेयर सङ्ख्या,
३. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव,
४. सङ्गठित संस्थाको सञ्चालन अवधी तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भई नसकेको अवस्थामा सञ्चालन अवधीको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण का साथै प्रक्षेपित प्रति शेयर आम्दानी (इ.पि.यस), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल,
५. आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरू पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने,
६. धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरूमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार तथा संशोधन गर्नु पर्ने र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरू बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ,
७. निष्काशनबाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण,
८. निष्काशन बैङ्क (बैङ्कर टु द ईस्यु) को नाम तथा ठेगाना,
९. धितोपत्रको अङ्कित मूल्य र दरखास्त साथ भुक्तानी गर्नु पर्ने रकम,

१०. लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण
११. सङ्गठित संस्थाले आफ्नो व्यवसायसँग सम्बन्धित नियमन व्यवस्थाका कारण हकप्रद निष्काशन गरेको भए सो सम्बन्धी विवरण,
१२. हकप्रद शेयर जारी गर्नु परेको कारण, उठाइने पूँजी लगानी सम्बन्धी योजना तथा उक्त लगानीबाट प्राप्त हुने प्रतिफल सम्बन्धी विवरण,
१३. हकप्रद शेयर जारी गर्दा तोकिएको अनुपातलाई उचित मान्न सकिने आधारहरू र त्यसलाई पुष्टि गर्ने सङ्गठित संस्थाको वित्तीय स्थिति ।

## अनुसूची–२
## (दफा ३० को उपदफा (५) सँग सम्बन्धित)
## धितोपत्र बाँडफाँडको नमूना

१. यदि कुनै कम्पनीले सय रुपैयाँ दरको दश लाख कित्ता धितोपत्र निष्काशन गर्दा धितोपत्र खरीदका लागि देहाय अनुसार दरखास्त प्राप्त भएमा बुँदा नं. २ अनुसार बाँडफाँड गरिनेछ ।

**सार्वजनिक निष्काशनमा परेको आवेदन सम्बन्धी विवरण**

| क्र.सं. | आवेदन परेको सेयर कित्ता | आवेदक संख्या | आवेदन रकम |
|---|---|---|---|
| १ | १० | १०,००० | १,००,००,००० |
| २ | २० | ७,००० | १,४०,००,००० |
| ३ | ३० | ७,५०० | २,२५,००,००० |
| ४ | ४० | ६,००० | २,४०,००,००० |
| ५ | ५० | ५,००० | २,५०,००,००० |
| ६ | १०० | ४,००० | ४,००,००,००० |
| ७ | २०० | ३,००० | ६,००,००,००० |
| ८ | ३०० | २,००० | ६,००,००,००० |
| ९ | ५०० | १,००० | ५,००,००,००० |
| **जम्मा** | | **४५,५००** | **३०,५५,००,०००** |

२. बाँडफाँड तालिका :-

| १ | २ | ३ (१x२) | ४ (कोलम ३ को कित्ता जोडदै जाने) | निष्काशित कित्ता - कूल बाँडफाँड हुने कित्ता |
|---|---|---|---|---|
| **धितोपत्र प्राप्त गर्ने आवेदक संख्या** | **प्रति आवेदक बाँडफाँड गरिने कित्ता** | **बाँडफाँड हुने कित्ता** | **कूल बाँडफाँड हुने कित्ता** | **बाँकी कित्ता** |
| ४५,५०० | १० | ४,५५,००० | ४,५५,००० | ५,४५,००० |
| ३५,५०० | १० | ३,५५,००० | ८,१०,००० | १,९०,००० |
| २८,५०० मध्ये १९,००० लाई गोला प्रथाबाट | १० | १,९०,००० | १०,००,००० | - |

(**पुनश्च :** माथिको नमूनामा न्यूनतम दश कित्ता आवेदन गर्नेले दश कित्ता र न्यूनतम बीस कित्ता आवेदन गर्नेले बीस कित्तानै पाउने अवस्था रहन्छ । यस्तै गोला प्रथाबाट छानिने आवेदकले थप दश कित्ता सहित तीस कित्ता पाउने अवस्था रहन्छ ।)

❖❖❖

# धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४

**प्रस्तावना :** निष्काशन तथा बिक्री प्रबन्धक र अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाका लागि धितोपत्र खरिद सम्बन्धी दरखास्तको आवश्यक जाँचबुझ तथा हितग्राही खाता रुजु गर्नुका साथै सम्पूर्ण निष्काशन प्रक्रियामा संलग्न निकायहरुले प्रदान गर्ने सेवामा एकरुपता कायम गर्न धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० को उपनियम (२) बमोजिम नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम “धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा संचालन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका सिडिएस एण्ड क्लियरिङ्ग लि.ले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको स्थानमा सोही सूचनामा तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) “बोर्ड” भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ख) “बैंक तथा वित्तीय संस्था” भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदको लागि दरखास्त संकलन गर्न धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (संशोधन सहित) को दफा ५ बमोजिम बोर्डबाट अनुमति प्राप्त गरेको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ग) “निष्काशनकर्ता कम्पनी” भन्नाले ऐन तथा नियमावली बमोजिम धितोपत्र निष्काशन गर्न इजाजत प्राप्त कम्पनी वा संगठित संस्था सम्झनु पर्छ ।

(घ) “निष्काशन तथा बिक्री प्रबन्धक” भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमति प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(ङ) “आस्वा अन्तर्गतको आवेदन” भन्नाले धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (संशोधन सहित) अनुसार अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थामा खोलिएको खरिदकर्ताको बैंक खातामा मौज्दात रहेको रकम रोक्का राख्ने गरी प्राप्त धितोपत्र खरिद आवेदनलाई जनाउने छ ।

(च) “गैर आस्वा आवेदन” भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदका लागि खरिदकर्ताले निष्काशन तथा बिक्री प्रबन्धक वा निजले तोकेको संकलन केन्द्रमा आवेदन गरेको धितोपत्र बराबरको रकम सहित बुझाएको आवेदनलाई जनाउने छ ।

(छ) “केन्द्रीकृत विद्युतिय सेवा” भन्नाले धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (संशोधन सहित) बमोजिम सम्पूर्ण निष्काशन प्रक्रियामा संलग्न निकायहरुलाई केन्द्रीकृत रुपमा धितोपत्र सार्वजनिक निष्काशनमा आवेदन दिने सम्बन्धी सेवामा एक रुपता प्रदान गर्ने उद्देश्यले तयार गरिएको सफ्टवेयरलाई (C-ASBA) सम्झनु पर्छ ।

(ज) “लगानीकर्ता/ग्राहक” भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिद गर्न आवेदन दिने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(झ) “आवेदन” भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिद गर्नको लागि विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त दरखास्तलाई सम्झनु पर्छ ।

(ञ) “अन्तिम विवरण” भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिद गर्नको लागि निष्काशन बन्द हुने अन्तिम समयसम्म प्राप्त भएका दरखास्तहरुको विवरणलाई सम्झनु पर्छ ।

(ट) “बाँडफाँड” भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिद गर्नको लागि प्राप्त दरखास्तहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिए बमोजिम शेयर प्रदान गरिने व्यवस्थालाई सम्झनु पर्छ ।

(ठ) “रजिष्ट्रेशन नम्बर”भन्नाले बैंक तथा वित्तीय संस्थाले ग्राहकको विवरण रुजु गरिसके पश्चात् C-ASBA सफ्टवेयर मार्फत् प्रदान गरिने एक पृथक नम्बरलाई सम्झनु पर्छ ।

(ड) “हितग्राही खाता” भन्नाले लगानीकर्ता/ग्राहकले निक्षेप सदस्य संस्थामा खोलिएको खातालाई सम्झनु पर्छ ।

(ढ) “बैंक खाता”भन्नाले लगानीकर्ता/ग्राहकले बैंकमा खोलिएको खातालाई सम्झनु पर्छ ।

(ण) “मेरो शेयर” भन्नाले सिडिएससिले हितग्राहीहरुले आफ्नो खाताको विवरण इन्टर नेटको माध्यमबाट हेर्न तथा धितोपत्र सार्वजनिक निष्काशनका क्रममा विद्युतिय रुपमा आवेदन गर्न मिल्ने गरी तयार गरेको सफ्टवेयरलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## सफ्टवेयर निर्माण र प्रयोग सम्बन्धी व्यवस्था

३. **सफ्टवेयर निर्माण गर्ने** : (१) सिडिएस एण्ड क्लियरिङ्ग लि.ले सार्वजनिक निष्काशन भएका धितोपत्रको खरिद आवेदन प्रक्रियालाई एक रुपता कायम गर्ने उद्देश्यले सी-आस्वा (C-ASBA) नामको सफ्टवेयर निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण भएको सफ्टवेयरमा देहायका विशेषता रहने छन् :

(क) बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकको वैक खाता र हितग्राहि खाता रुजु गरी सो को विवरण प्रविष्टि गर्ने,

(ख) सम्पूर्ण बैंक तथा वित्तीय संस्थाले धितोपत्रको सार्वजनिक निष्काशनका क्रममा प्राप्त हुने आवेदनहरु केन्द्रीकृत रुपमा प्रविष्टि गर्ने ।

(ग) सम्पूर्ण बैंक तथा वित्तीय संस्थाले धितोपत्रको सार्वजनिक निष्काशनका क्रममा प्राप्त हुने आवेदनहरुको आधारमा ग्राहकको खातामा रहेको रकम रोक्का राखिएको विवरण प्रविष्टि गर्ने ।

(घ) निष्काशन तथा विक्री प्रबन्धकले धितोपत्रको सार्वजनिक निष्काशनका क्रममा सम्पूर्ण बैंक तथा वित्तीय संस्था मार्फत प्राप्त हुने आवेदनहरुको विवरण प्राप्त गर्ने ।

(ङ) निष्काशन तथा विक्री प्रबन्धकलाई दोहोरो आवेदनको स्थिती जाँचवुझ गर्न आवश्यक विवरण प्राप्त हुने तथा दोहोरो आवेदन प्रमाणित भएको खण्डमा आवेदन रद्द गर्ने ।

(च) निष्काशन तथा विक्री प्रबन्धकले धितोपत्र वाँडफाँट गर्नको लागि अन्तिम विवरण तयार हुने ।

(छ) निष्काशन तथा विक्री प्रबन्धकले वाँडफाँटको विवरण प्रविष्टि गरी सम्बन्धित बैक तथा वित्तीय संस्थालाई ग्राहकको खातामा रोक्का रहेको रकम मध्ये बाँडफाँड भएको धितोपत्र वरावरको रकम निष्काशन तथा बिक्री प्रबन्धकको खाता मार्फत् निष्काशनकर्ता कम्पनीको खातामा रकमान्तरका गरी वाँकी रकम फूकुवा गर्नका लागि आवश्यक विवरण उपलब्ध गराउने ।

(ज) बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकको खातामा रोक्का रहेको रकम मध्ये बाँडफाँड भएको धितोपत्र वरावरको रकम निष्काशन तथा बिक्री प्रबन्धकको खाता मार्फत् निष्काशनकर्ता कम्पनीको खातामा रकमान्तर गरी वाँकी रकम फूकुवा गरेको जानकारी निष्काशन तथा विक्री प्रबन्धकलाई उपलव्ध गराउने ।

(झ) निष्काशन तथा विक्री प्रबन्धकले बैंक तथा वित्तीय संस्थाबाट रकमान्तरण विवरण प्राप्त भए पश्चात वाँडफाँट भएको धितोपत्र लगानीकर्ताको खातामा जम्मा गर्नको लागि आवश्यक विवरण तयार गर्ने ।

(ञ) निष्काशन तथा विक्री प्रबन्धकले गैर आस्वा प्रणाली अन्तर्गत निष्काशन भएका धितोपत्रको हकमा प्राप्त हुने आवेदनको प्रविष्टि गर्ने ।

(ट) आवेदकले मेरो शेयर सफ्टवेयर प्रयोग गरी विद्युतिय रुपमा आवेदन गर्न सक्ने ।

(३) उपदफा (१) बमोजिम निर्माण भएको सफ्टवेयर सिडिएस एण्ड क्लियरिङ्ग लि.ले आस्वा सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त बैंक वा वित्तीय संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

४. **सफ्टवेयर प्रयोगका लागि निवेदन दिनु पर्ने :** (१) निष्काशन तथा बिक्री प्रबन्धक र बैंक तथा वित्तीय संस्थाले सार्वजनिक निष्काशन सम्बन्धी कार्य गर्दा निष्काशन सम्बन्धी जानकारी तथा विवरण पत्र संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-३ बमोजिमको शुल्क सहित निवेदन दिनु पर्नेछ । यसरी प्रयोग गर्ने सफ्टवेयर मर्मत वापत वार्षिक रुपमा अनुसूची-३ बमोजिमको शुल्क बुझाउनु पर्नेछ।

(२) सिडिएससिले निष्काशन तथा बिक्री प्रबन्धकको लागि सो कम्पनीले निष्काशन सम्बन्धी आवश्यक कार्य गर्न दिने गरी निष्काशन तथा बिक्री प्रबन्धकसँग अनुसूची-६(क) र बैंक तथा वित्तिय संस्थासंग अनुसूची-६(ख) बमोजिम सम्झौता गरी सी-आस्वा माष्टर लगईन (C-ASBA Master Login) प्रदान गर्नेछ । यस्तो लगईन बोर्डलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(३) सार्वजनिक निष्काशनका लागि आस्वा मार्फत् सेवा दिन अनुमति प्राप्त निष्काशन तथा विक्री प्रबन्धक र बैंक तथा वित्तीय संस्थाले सी-आस्वा प्रयोग गर्नका लागि सिडिएससि समक्ष अनुसूची-२ को ढाँचामा अनुसूची-३ बमोजिमको शुल्क सहित निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी उक्त संस्थाको लागि सी-आस्वा माष्टर लगईन (C-ASBA Master Login) प्रदान गर्नेछ ।

(५) उपदफा (२) र (३) अनुसार माष्टर लगईन (Master Login) प्राप्त गर्ने संस्थाले आफ्ना शाखाहरुका लागि छुट्टा छुट्टै Login तयार गरी आवश्यक कार्य गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## सी आस्वा रजिष्ट्रशन (सिआरएन नं.)सम्बन्धी व्यवस्था

५. **सि.आर.एन नं. लिनु पर्ने :** (१) आस्वा अन्तर्गत आवेदन दिन चाहने ग्राहकले आफ्नो बैंक एकाउण्ट खाता रहेको बैंक तथा वित्तीय संस्थामा निवेदन दिनु पर्नेछ । यसरी निवेदन प्राप्त भएपछि बैंक तथा वित्तीय संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा सी-आस्वा रजिष्ट्रेशन फारम (CRF) तयार गरी आफ्ना ग्राहकलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्राहकबाट प्राप्त सी-आस्वा रजिष्ट्रेशन फारम (CRF) मा उल्लेख भएका विवरणसंग हितग्राही खाताको विवरण र बैंक खाताको विवरणसँग रुजु गर्नुपर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले ग्राहकको विवरण रुजु गर्दा सी-आस्वामा उपलब्ध हितग्राही खाता सम्बन्धी विवरण र बैंक खाता सम्बन्धी विवरण तथा ग्राहकले सी-आस्वा रजिष्ट्रेशन फारम (CRF) मा उल्लेख गरेको विवरण रुजु नभएको खण्डमा रुजु नहुनुको कारण खुलाई ग्राहकलाई सूचित गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम बैंक तथा वित्तीय संस्थाले सी-आस्वा सफ्टवेयर प्रयोग गरी ग्राहकको हितग्राही खाताको विवरणसँग बैंक खाताको विवरण रुजु गर्न ग्राहकबाट प्राप्त आवेदन फारम प्रविष्टि गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम विवरण रुजु भएपछि हरेक ग्राहकका लागि छुट्टा छुट्टै पृथक नम्बर सी-आस्वा रजिष्ट्रेशन नम्बर तयार गरी सी-आस्वामा बैंक खाता सम्बन्धी विवरण (बैंक खाता नम्बर, खाता रहेको शाखा, खाताको प्रकार आदि) सँगै प्रविष्टि गर्नु पर्नेछ ।

६. **<u>ग्राहकको विवरण रुजु गरी सी-आस्वा (C-ASBA) मा दर्ता गराउने :</u>** (१) बैंक तथा वित्तीय संस्थाले सी-आस्वा सफ्टवेयर प्रयोग गरी ग्राहकको हितग्राही खाताको विवरणसँग बैंक खाताको विवरण रुजु गर्ने, ग्राहकलाई रजिष्ट्रेशन नम्बर प्रदान गर्ने, ग्राहकबाट प्राप्त आवेदन रुजु गर्ने तथा प्रविष्टि गर्ने, सफ्टवेयरबाट प्राप्त रिपोर्टको आधारमा ग्राहको बैंक खातामा रकम रोक्का राख्ने, डेबिट गर्ने वा फुकुवा गर्ने तथा सो को रिपोर्ट सफ्टवेयरमा प्रविष्टि गर्ने लगायतका कार्य गर्ने छन् ।

(२) उपदफा (१) बमोजिम बैंक तथा वित्तीय संस्थाले सी-आस्वामा ग्राहकको बैंक खाताको विवरण तथा रजिष्ट्रेशन नम्बर प्रविष्टि गरे पश्चात् उक्त ग्राहक उक्त बैंक वित्तीय संस्था मार्फत् शेयर खरिद आवेदन दिन योग्य मानिने छ । बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकलाई सफ्टवेयरबाट प्राप्त हुने सी-आस्वामा रजिष्ट्रेशन गरेको विवरण सहित रजिष्ट्रेशन नम्बर उपलब्ध गराउनु पर्नेछ ।

७. **<u>रजिष्ट्रेशन नम्बर (सि.आर.एन नं.) प्रदान गर्ने :</u>** १) बैंक तथा वित्तीय संस्थाले ग्राहकको विरण रुजु गरिसके पश्चात् हरेक ग्राहकका लागि छुट्टा छुट्टै पृथक नम्बर सी-आस्वा रजिष्ट्रेशन नम्बर तयार गरी सी-आस्वा मा बैंक खाता सम्बन्धी विवरण (बैंक खाता नम्बर, खाता रहेको शाखा, खाताको प्रकार आदि) सँगै प्रविष्टि गर्नु पर्नेछ ।

(२) यसरी बैंक तथा वित्तीय संस्थाले सी-आस्वामा ग्राहकको बैंक खाताको विवरण तथा रजिष्ट्रेशन नम्बर प्रविष्टि गरे पश्चात् उक्त ग्राहक उक्त बैंक वित्तीय संस्था मार्फत् शेयर खरिद आवेदन दिन योग्य मानिने छ । बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकलाई सफ्टवेयरबाट प्राप्त हुने सी-आस्वामा रजिष्ट्रेशन गरेको विवरण साथै उक्त रजिष्ट्रेशन नम्बर उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ४
## आवेदन प्रविष्टि तथा खाता रोक्का सम्बन्धी व्यवस्था

८. **<u>ग्राहकको धितोपत्र खरिद आवेदन सी-आस्वा</u>** <u>(C-ASBA)</u> **<u>मा प्रविष्टि गर्ने :</u>** (१) बैंक तथा वित्तीय संस्थाले ग्राहकको शेयर आवेदन लिँदा अनुसूची-५ बमोजिमको ढाँचामा आवदेन फारममा सम्पूर्ण विवरण उल्लेख गरिएको निवेदन लिनु पर्नेछ ।

(२) दफा (१) बमोजिम प्राप्त भएको आवेदन फारममा बैंक तथा वित्तीय संस्थाले हितग्राही खाता नम्बर सी-आस्वामा प्रविष्टि गरी ग्राहकको विवरण तथा ऋच्ल नम्बर रुजु गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रुजु भएको खण्डमा आवेदनमा उल्लेख गरे बमोजिमको कित्ताको विवरण प्रविष्टि गर्नु पर्नेछ ।

९. **ग्राहकले अनलाईन सेवा मार्फत् धितोपत्र खरिद आवेदन दिन सक्ने :** अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थामा खाता रहेका ग्राहकले CRN नम्बर प्राप्त गरिसके पश्चात् आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्य मार्फत् मेरो शेयर सफ्टवेयरको सेवा लिई इन्टरनेट मार्फत् उपलब्ध हुने पोर्टलबाट आवेदन दिन सक्ने छन् ।

१०. **खाता रोक्का राखी सो को जानकारी प्रदान गर्ने :** (१) बैंक तथा वित्तीय संस्थाले हरेक दिन सार्वजनिक निष्काशन क्रममा भौतिक रुपमा प्राप्त आवेदनहरु प्रविष्टि गरि तथा विद्युतिय रुपमा प्राप्त भएका आवेदनको विवरण तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विवरणको आधारमा सम्बन्धित ग्राहकको बैंक खातामा रहेको आवेदन वरावरको रकम रोक्का राखी सो को जानकारी कन्फरमेशन रिपोर्ट (Confirmation Repot) सी-आस्वामा अपलोड गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बैंक तथा वित्तीय संस्थाबाट प्रविष्टि भएका तथा ग्राहकले इन्टरनेटको माध्यमबाट प्रविष्टि गरेका आवेदनको रिपोर्ट सो निष्काशनसँग सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकले सिडिएससिले उक्त बिक्री प्रबन्धकलाई प्रदान गरेको सी-आस्वा सफ्टवेयरमा उपलब्ध हुनेछ ।

११. **दोहोरो आवेदन छानबिन गर्ने :** (१) निष्काशन तथा बिक्री प्रबन्धकले बैंक तथा वित्तीय संस्थाले बैंक खातामा रकम रोक्का राखेको जनाउ दिएको रिपोर्टको आधारमा आवेदकहरुको दोहोरो आवेदन परे नपरेको यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम यकिन गर्दा सी-आस्वामा उपलब्ध "Duplicate Citizenship Report" नामक रिपोर्ट डाउनलोड गरी उक्त रिपोर्टमा उपलब्ध आवेदकको तिन पुस्ते विवरण हेरी कुनै आवेदकको एक भन्दा बढी आवेदन रहे नरहेको यकिन गरी दोहोरो आवेदनलाई बदर गर्नु पर्नेछ ।

१२. **धितोपत्र बाँडफाँड गर्ने :** (१) निष्काशन तथा बिक्री प्रबन्धकले सदर भएका आवेदनहरुको अन्तिम विवरण तयार गरी धितोपत्र बाँडफाँड प्रकृयामा समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम धितोपत्र बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम बाँडफाँट गरी सोको विवरण सी-आस्वामा प्रविष्टि गर्नुपर्नेछ ।

१३. **बाँडफाँड बापतको रकम कट्टा गरी बाँकी रकम फुकुवा गर्ने :** (१) निष्काशन तथा बिक्री प्रबन्धकले प्रविष्टि गरेको बाँडफाँडको विवरणको आधारमा "Allotment Result Report" डाउललोड गरी बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकको खातामा रोक्का रहेको रकम मध्ये बाँडफाँड भएको शेयर बापतको रकम रकमान्तरण गरी बाँकी रकम फुकुवा गर्ने गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्राहकको खातामा रोक्का रहेको रकम रकमान्तरण गरी बाँकी रकम फुकुवा गरेको विवरण सी-आस्वामा प्रविष्टि गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रविष्टि भएको विवरणको आधारमा सम्पूर्ण आवेदकको खातामा

रोक्का रहेको रकम मध्ये बाँडफाँड भएको रकम रकमान्तरण गरिएको र बाँडफाँडमा नपरेको शेयर बराबरको रकम फुकुवा गरिएको यकिन भए पश्चात् निष्काशन तथा बिक्री प्रबन्धकले सिडिएससिमा आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित ग्राहकको हितग्राही खातामा शेयर हस्तान्तरण गर्नेछ ।

## परिच्छेद - ५
## शुल्क सम्बन्धी व्यवस्था

**१४. शुल्क बुझाउनु पर्ने:** (१) बैंक तथा वित्तीय संस्थाले धितोपत्र सार्वजनिक निष्काशनका क्रममा प्राप्त भएका आवेदन बापत अनुसूची-३ मा उल्लेख गरे बमोजिमको शुल्क गणना गरी धितोपत्र बाँडफाँड भएको तीन कार्य दिन (T+3) भित्र सिडिएससिलाई बुझाउनु पर्नेछ ।

(२) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र सार्वजनिक निष्काशनका क्रममा गैर आस्वा अन्तर्गत प्राप्त आवेदन तथा बाँडफाँड भएका सम्पूर्ण आवेदकहरुको संख्या अनुसार अनुसूची-३ मा उल्लेख गरे बमोजिमको शुल्क गणना गरी धितोपत्र बाँडफाँड भएको तीन कार्य दिन (T+3) भित्र सिडिएससिलाई बुझाउनु पर्नेछ ।

**१५. वाधा अड्काउ फुकाउने:** यो निर्देशिका कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ पर्न गएमा बोर्डले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची - १

(दफा ४ को उपदफा (१) संग सम्बन्धीत)

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

**विषय : सफ्टवेयर उपलब्ध गराई दिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा हामीले निष्काशन तथा बिक्री प्रबन्धकको जिम्मेवारी प्राप्त गरेको ..........................................कम्पनीको .............. कित्ता शेयर मिति ........... देखि सार्वजनिक निष्काशन गर्न लागिएको हुँदा उक्त शेयर निष्काशन कार्यको लागि तहाँ लि. ले तयार पारेको सफ्टवेयरमा निष्काशन सम्बन्धी तपशिल बमोजिमको विवरण उल्लेख गरी निष्काशन कार्य सम्बन्धी कार्य गर्नको लागि सम्पूर्ण निष्काशन प्रक्रियामा संलग्न निकायहरुलाई एकै स्थानबाट केन्द्रीकृत रुपमा निष्काशन सम्बन्धी आवश्यक सेवा प्रदान गर्ने उद्देश्यले तयार गरेको सफ्टवेयर Centralized Application for ASBA Based Issuance (C-ASBA) उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

**कम्पनीको निष्काशन सम्बन्धी विवरण :**

| | |
|---|---|
| कम्पनीको नाम : | |
| निष्काशन हुने शेयरको किसिम : | |
| निष्काशन हुने शेयरको संख्या : | |
| दरखास्त दिन पाउने न्यूनत्तम शेयर संख्या : | |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : | |
| निष्काशन हुने शेयरको प्रति शेयर मुल्य : | |
| निष्काशन सुरु हुने मिति : | |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : | |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : | |
| निष्काशनका लागि सम्पर्क व्यक्ति : | |
| निष्काशनका लागि सम्पर्क नम्बर : | |

निवेदक, ........................................................

## अनुसूची - २

(दफा ४ को उपदफा (३) संग सम्बन्धीत)

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.

पुतलीसडक, काठमाडौं ।

**विषय : सफ्टवेयर उपलब्ध गराई दिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम यस लि. मा निक्षेप खाता रहेका लगानीकर्ताहरुको शेयर खरिद आवेदन संकलन गर्दा तहाँ लि. ले तयार गरेको सफ्टवेयर मार्फत् आवेदकको हितग्राही खाताको विवरण रुजु गरी उक्त हितग्राही खातामा नै विवरण प्रविष्टि गर्न, खरिद आवेदन विवरण तयार गरी आवेदकको खातामा रकम रोक्का गर्न, शेयर बाँडफाँडको विवरण प्राप्त गर्न र बाँडफाँडको आधारमा आवेदकको खातामा रोक्का रहेको रकम फुकुवा वा कट्टा गर्न आवश्यक रिपोर्ट प्राप्त गर्न साथै उक्त निर्देशिका बमोजिम विभिन्न सरोकारवाला निकायहरुलाई आवश्यक विवरणहरु आदान प्रदान गर्ने लगायतका सेवा केन्द्रीकृत रुपमा प्रदान गर्न सी आस्वा (C-ASBA) सफ्टवेयर उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

निवेदक,

.............................

.............................

## अनुसूची - ३

(दफा ४ उपनियम (३) संग सम्बन्धीत)

**सिडिएससिले लिने शुल्क**

**निष्काशन तथा बिक्री प्रबन्धक र बैंक तथा वित्तिय संस्थासँग लिने शुल्कः**

सफ्टवेयर शुल्क - रु. ५०,०००।-

बार्षिक मर्मत शुल्क - रु. २०,०००।-

# अनुसूची - ४

(दफा ५ को उपदफा (१) संग सम्बन्धीत)

## धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा दर्ता फारम

## (C-ASBA Registration Form)

**मिति/Date:**............................

श्री .............................

.................................

मैले/हामीले अब उपरान्त हुने धितोपत्रको सार्वजनिक निष्काशनका क्रममा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (दोस्रो संशोधन, २०७४ सहित) अन्तर्गत खरिद गर्नका लागि त्यस बैंकमा रहेको मेरो/हाम्रो खाता नम्बर .................................... . मा मौज्दात रहेको रकम प्रयोग गरी खरिद गर्न तथा बाँडफाँड भए पछी प्राप्त हुने धितोपत्र ............................. मा खोलिएको हितग्राही खाता नम्बर ......................................... . मा जम्मा गराउने हुँदा धितोपत्र खरिद प्रयोजनको लागि निम्न अनुसारको विवरण प्रयोग गर्नका लागि त्यस बैंकमा आवश्यक व्यवस्था गरिदिनु हुन मेरो/हाम्रो बैंक खाता तथा हितग्राही खाता सम्बन्धी विवरण सहित यो निवेदन पेश गरेको छु/छौं ।

**बैंक खाताको विवरण :**

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खाता नम्बरः<br>A/C Number : | | | | | | | | | | | | | | | | | | | | |
| किसिम :<br>Type : | | | | | | | | | | | | | | | | | | | | |

**हितग्राही खाताको विवरण :**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| निक्षेप सदस्य नम्बर :<br>(DPID) | | | | | | | | |
| हितग्राही नम्बर :<br>(Client ID) | | | | | | | | |

**आवेदकको विवरण :**

| | | | | | |
|---|---|---|---|---|---|
| आवेदकको नाम/थर : | | | | | |
| Name of Applicant<br>(BLOCK Letter) | | | | | |
| नागरिकता नम्बर :<br>Citizenship No: | | जारी जिल्ला :<br>Issue District | | जारी मिति :<br>Issue Date | |
| स्थायी लेखा नम्बर : | | | | कम्पनी दर्ता नम्बर :<br>(संस्थाको हकमा) | |
| PAN No.: | | | | Company Registration No.:<br>(In case of Company) | |
| **स्थायी ठेगाना** (Permanent Address) : | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अंचल :<br>Zone : | | जिल्ला:<br>District : | | गा.पा. ⁄ न.पा. ⁄ म.न.पा.:<br>V.M. /Municipality / Metropolitan | |
| टोल:<br>Tole : | | वडा नं.:<br>Ward No.: | | ब्लक नं.:<br>Block No.: | |
| टेलिफोन नं.:<br>Telephone No.: | | मोबाइल नं.:<br>Mobile No.: | | ईमेल:<br>E-mail ID : | |
| **हालको ठेगाना** (Current Address) : | | | | | |
| अंचल :<br>Zone : | | जिल्ला:<br>District : | | गा.पा. ⁄ न.पा. ⁄ म.न.पा.:<br>V.M. /Municipality / Metropolitan | |
| टोल:<br>Tole : | | वडा नं.:<br>Ward No.: | | ब्लक नं.:<br>Block No. : | |
| टेलिफोन नं.:<br>Telephone No. : | | मोबाइल नं.:<br>Mobile No.: | | ईमेल:<br>E-mail ID : | |

| | | | |
|---|---|---|---|
| बुबाको नाम : | | | |
| Father's Name:<br>(BLOCK Letter) | | | |
| आमाको नाम : | | | |
| Mother's Name:<br>(BLOCK Letter) | | | |
| हजुर बुबाको नाम : | | | |
| Grand Father's Name :<br>(BLOCK Letter) | | | |
| पति ⁄ पत्नीको नाम : | | | |
| Spouse's Name:<br>(BLOCK Letter) | | | |
| संरक्षकको नाम :<br>(नाबालकको हकमा) | | | |
| Guardian's Name:<br>(In case of Minor) | | | |
| **संस्थाको तर्फबाट भए अख्तियार प्राप्त व्यक्तिको नाम :** | | पद: | |
| **अन्य :** | | | |

*<u>पुनश्च :</u> माथि उल्लेखित विवरण आधारमा त्यस बैंकले प्रदान गरेको रजिष्ट्रेशन नम्बर (CRN Number) उल्लेख गरी धितोपत्र खरिद आवेदन दिँदा सिडिएससिले प्रदान गरेको इन्टरनेटमा आधारित सेवा "मेरो शेयर" मार्फत् वा त्यस बैंकको शाखाहरुमा उपलब्ध भौतिक आवेदन फाराम भरेर बुझाए बापत मेरो ⁄ हाम्रो खातामा मौज्दात रहेको रकम रोक्का राख्न तथा बाँडफाँड पश्चात् प्राप्त हुने धितोपत्र बापतको रकम कट्टा गरी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको खाता मार्फत् निष्काशनकर्ता कम्पनीको खातामा स्थानान्तरण (Transfer) गराउन साथै, त्यस बैंकले सार्वजनिक रुपमा उल्लेख गरेको धितोपत्र खरिद निवेदन शुल्क समेत सोही खाताबाट कट्टा गरी असुल उपर गर्न मेरो ⁄ हाम्रो मन्जुरी रहेको छ ।*

............................ ............................

**छाप (संस्थाको हकमा)** **आवेदनको दस्तखत**

**Stamp (For Institution)** **(Applicant's Signature)**

## अनुसूची -५

(दफा ८ को उपदफा (१) संग सम्बन्धीत)

**सार्वजनिक निष्काशन धितोपत्र खरिद तथा रकम रोक्का आवेदन फाराम**

श्री ............................ लि.

..................................

मिति ........................ देखि मिति ......................... सम्म निष्काशन हुने देहाय अनुसारको धितोपत्र खरिद गर्ने इच्छा भएकोले सो को लागि यो निवेदन पेश गरेको छु ।

**निष्काशकर्ता कम्पनीको नाम :**

**धितोपत्रको किसिम :**

| | | | | |
|---|---|---|---|---|
| हितग्राही (डिम्याट) खाता नम्बर : | | | | |
| आवेदकको पूरा नाम, थर :<br>Name of Applicant<br>(BLOCK Letter) | | | | |
| | | | | |
| रकम रोक्का राख्ने बैंक खाता नम्बर :<br>शाखाको नाम, ठेगाना | | | | |
| रजिष्ट्रेशन नम्बर :<br>(C-ASBA Registration Number) | | | | |
| धितोपत्रको संख्या : | अंकमा: | | अक्षरमा: | |
| प्रति धितोपत्र खरिद रकम : | | | | |
| जम्मा खरिद रकम : | | | | |
| अंकमा : | | | | |
| अक्षरमा : | | | | |

उपर्युक्तानुसार धितोपत्र खरिदका लागि आवश्यक हुने रकम मेरो बैंक खातामा मौज्दात रहेकोले उक्त रकम रोक्का राखि दिनु हुन अनुरोध गर्दछु । धितोपत्र बाँडफाँड भएपछि मेरो नाममा धितोपत्र बाँडफाँड हुने भएमा उक्त रकम मेरो खाताबाट निष्काशन तथा बिक्री प्रबन्धकको खाता मार्फत् निष्काशनकर्ता कम्पनीको खातामा रकमान्तरका लागि मेरो मन्जुरी रहेको छ । साथै, त्यस बैंकले सार्वजनिक रुपमा उल्लेख गरेको धितोपत्र खरिद निवेदन शुल्क समेत सोही खाताबाट कट्टा गरी असुल उपर गर्न मेरो/हाम्रो मन्जुरी रहेको छ ।

.............................          ...............................

**छाप (संस्थाको हकमा)**          **आवेदनको दस्तखत**

**Stamp (For Institution)**          **(Applicant's Signature)**

.........................................................................................................................................

## धितोपत्र खरिदका लागि रकम रोक्का सम्बन्धी अर्धकट्टी
## (आवेदनकर्ताको प्रति)

धितोपत्र खरिद गर्ने प्रयोजनको लागि तपाईंले पेश गर्नु भएको धितोपत्र खरिद तथा रकम रोक्का आवेदन फाराम अनुसार देहाय अनुसार तपाईंको बैंक खातामा रकम रोक्का गरिएको छ। धितोपत्र बाँडफाँड भएपछि तपाईंको नाममा बाँडफाँड हुने धितोपत्र बराबरको रकम तपाईंको रोक्का रहेको रकमबाट निष्काशन तथा बिक्री प्रबन्धकको खाता मार्फत् निष्काशनकर्ता कम्पनीको खातामा रकमान्तर गरिनेछ।

**निष्काशकर्ता कम्पनीको नाम :**

**धितोपत्रको किसिम :**

| | | | |
|---|---|---|---|
| हितग्राही (डिम्याट) खाता नम्बर : | | | |
| आवेदकको पूरा नाम, थर : | | | |
| रकम रोक्का राख्ने बैंक खाता नम्बर : | | | |
| धितोपत्रको संख्या : | | प्रति धितोपत्र खरिद रकम : | |
| अंकमा : | | अंकमा : | |
| अक्षरमा : | | अक्षरमा : | |
| जम्मा खरिद रकम : | | | |
| अंकमा : | | | |
| अक्षरमा : | | | |

**प्रमाणित गर्ने अधिकारीको नाम :**

पद :

दस्तखत :

मिति :

बैंक/वित्तीय संस्थाको नाम, ठेगाना र छाप :

## अनुसूची -६(क)

(दफा ४ को उपदफा (२) संग सम्बन्धीत)

## धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा संचालन सम्बन्धी सिडिएस एण्ड क्लियरिङ्ग लि. र निष्काशन तथा बिक्री प्रबन्धक बीच सम्झौतापत्र

लिखितम् पुतलीसडक, काठमाडौं स्थित सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएससि) (यसपछि यस लिखतमा प्रथम पक्ष भनी सम्बोधन गरिएको) को तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत ............. र ............... स्थित ..................... (यसपछि यस लिखतमा दोश्रो पक्ष भनी सम्बोधन गरिएको) को तर्फबाट अख्तियार प्राप्त ........................बीच दोश्रो पक्षले ............ लिमिटेडका लागि मिति ............. देखि .............. सम्म गर्न लागेको निष्काशन प्रयोजनका लागि ऋ(ब्क्यब सफ्टवेयर प्रयोग गर्ने सम्बन्धमा आज मिति ........................ गते काठमाडौं स्थित सिडिएस एण्ड क्लियरिङ्ग लि.को कार्यालयमा बसी यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

## तपशिल

सफ्टवेयर प्रयोग गर्ने सम्बन्धमा ।

**१) प्रथम पक्ष :**

- प्रथम पक्षले Centralized Application for ASBA Based Issuance (C-ASBA) मार्फत विद्युतीय कारोबार सम्बन्धी कार्य सचालन निर्देशिका, २०७४ (जसलाई यस पश्चात निर्देशिका भनिएको छ) मा उल्लिखित प्रकृया बमोजिम Centralized Application for ASBA (C-ASBA) Software दोश्रो पक्षलाई प्रदान गर्नेछ ।
- प्रथम पक्षले सफ्टवेयर संचालन सम्बन्धी उल्लिखित कार्य संचालन निर्देशिका (Operating Manual) दोश्रो पक्षलाई प्रदान गर्नेछ ।
- प्रथम पक्षले आवश्यकतानुसार उक्त सफ्टवेयर सम्बन्धमा प्राविधिक सहयोग (Support) दोश्रो पक्षलाई प्रदान गर्नेछ ।
- प्रथम पक्षले प्रदान गर्ने उक्त सफ्टवेयर आस्बा प्रणाली अन्तर्गतको सार्वजनिक निष्काशन प्रयोजनका लागि मात्र प्रयोग हुनेछ ।
- प्रथम पक्षले २४ सै घण्टा सेवा प्रदान गर्न प्रतिबद्द हुनेछ र मर्मत कार्य गर्नु पूर्व तथा सफ्टवेयर सम्बन्धमा आवश्यक अद्यावधिक सूचनाहरु दोश्रो पक्षलाई जानकारी गराउने छ ।
- प्रथम पक्षको नियन्त्रण बाहिरको केही घट्ना (जस्तै : भुकम्प, आगलागी, बाढी, आँधी, दैव प्रकोप इत्यादी ) भई सेवामा अवरोध भएमा प्रथम पक्ष जिम्मेवार हुने छैन । तर उक्त सेवा अविलम्ब सूचारु गर्न प्रथम पक्षले आवश्यक व्यवस्था गर्नेछ ।

**२) दोश्रो पक्ष :**

- प्रथम पक्षले प्रदान गरेको सफ्टवेयर दोश्रो पक्षले निर्देशिकामा उल्लिखित व्यवस्था बमो जिम संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।
- प्रथम पक्षले उक्त सफ्टवेयर मार्फत प्रयोग गर्न दिएको तथ्याङ्क (data) को गोपनियता दोश्रो पक्षले राख्नु पर्नेछ ।
- दोश्रो पक्षले आधिकारीक व्यक्तिलाई उक्त सफ्टवेयरको संचालन गर्न जिम्मेवारी दिनु पर्नेछ ।
- दोश्रो पक्षले उक्त सफ्टवेयर संचालन सम्बन्धमा आवश्यक सम्पर्क गर्न सम्पर्क व्यक्तिको चयन गरी प्रथम पक्षलाई जानकारी गर्नु पर्नेछ ।
- दोश्रो पक्षले निर्देशिकाको अनुसूची ३ मा व्यवस्था भए बमोजिमको शुल्क प्रथम पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।
- दोश्रो पक्षले उल्लिखित सफ्टवेयर प्रणालीबाट उत्पन्न सम्पूर्ण च्भउयचतक सुरक्षित रुपले अभिलेख राख्नु पर्नेछ ।
- प्रथम पक्षले प्रदान गरेको सफ्टवेयर मार्फत प्राप्त हुने तथ्याङ्कको प्रयोग दोश्रो पक्षले यस सम्झौतामा उल्लेख गरिएको प्रयोजनका लागि बाहेक अन्य कुनै पनि प्रयोजनका लागि प्रयोग गर्ने छैन ।

| | |
|---|---|
| सम्झौताका प्रथम पक्ष | सम्झौताका दोश्रो पक्ष |
| सिडिएससिको तर्फबाट | …………………को तर्फबाट |
| अख्तियार प्राप्त व्यक्तिको नाम : …………….. | अख्तियार प्राप्त व्यक्तिको नाम : |
| ……………….. दस्तखत : | दस्तखत : |
| कम्पनीको छाप : | कम्पनीको छाप : |
| साक्षी : | साक्षी : |
| १. | १. ………………………….. |

**अनुसूची -६(ख)**

(दफा ४ को उपदफा (२) संग सम्बन्धीत)

**धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा संचालन सम्बन्धी सिडिएस एण्ड क्लियरिङ्ग लि. र बैंक तथा वित्तीय संस्था बीच**

**सम्झौतापत्र**

लिखितम् पुतलीसडक, काठमाडौं स्थित सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएससि) (यसपछि यस लिखतमा प्रथम पक्ष भनी सम्बोधन गरिएको) को तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत ............. र ............... स्थित ..................... बैंक तथा वित्तिय संस्था (यसपछि यस लिखतमा दोश्रो पक्ष भनी सम्बोधन गरिएको) को तर्फबाट अख्तियार प्राप्त ........................बीच दोश्रो पक्षले................................. (निष्काशनकर्ता कम्पनी)का लागि मिति ................ देखि ........................... सम्म गर्न लागेको निष्काशन प्रयोजनका लागि C-ASBA सफ्टवेयर प्रयोग गर्ने सम्बन्धमा आज मिति ........................ गते काठमाडौं स्थित सिडिएस एण्ड क्लियरिङ्ग लि.को कार्यालयमा बसी यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

**तपशिल**

सफ्टवेयर प्रयोग गर्ने सम्बन्धमा ।

१) **प्रथम पक्ष :**

- प्रथम पक्षले Centralized Application for ASBA Based Issuance (C-ASBA)_ मार्फत विद्युतीय कारोबार सम्बन्धी कार्य सचालन निर्देशिका, २०७४ (जसलाई यस पश्चात निर्देशिका भनिएको छ) मा उल्लिखित प्रकृया बमोजिम Centralized Application for ASBA (C-ASBA) Software दोश्रो पक्षलाई प्रदान गर्नेछ ।
- प्रथम पक्षले सफ्टवेयर संचालन सम्बन्धी उल्लिखित कार्य संचालन निर्देशिका (Operating Manual) दोश्रो पक्षलाई प्रदान गर्नेछ ।
- प्रथम पक्षले आवश्यकतानुसार उक्त सफ्टवेयर सम्बन्धमा प्राविधिक सहयोग (Support) दोश्रो पक्षलाई प्रदान गर्नेछ ।
- प्रथम पक्षले प्रदान गर्ने उक्त सफ्टवेयर आस्बा प्रणाली अन्तर्गतको सार्वजनिक निष्काशन प्रयोजनका लागि मात्र प्रयोग हुनेछ ।
- प्रथम पक्षले २४ सै घण्टा सेवा प्रदान गर्न प्रतिबद्द हुनेछ र मर्मत कार्य गर्नुपूर्व तथा सफ्टवेयर सम्बन्धमा आवश्यक अद्यावधिक सूचनाहरु दोश्रो पक्षलाई जानकारी गराउन छ ।
- प्रथम पक्षको नियन्त्रण बाहिरको केही घट्ना (जस्तै : भुकम्प, आगलागी, बाढी, आँधी, दैव प्रकोप इत्यादी) भई सेवामा अवरोध भएमा प्रथम पक्ष जिम्मेवार हुने छैन । तर उक्त सेवा अविलम्ब सूचारु गर्न प्रथम पक्षले आवश्यक व्यवस्था गर्नेछ ।

२) **दोश्रो पक्ष** :

- प्रथम पक्षले प्रदान गरेको सफ्टवेयर दोश्रो पक्षले निर्देशिकामा उल्लिखित व्यवस्था बमोजिम संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

- प्रथम पक्षले उक्त सफ्टवेयर मार्फत प्रयोग गर्न दिएको तथ्याङ्क (data) को गोपनियता दोश्रो पक्षले राख्नु पर्नेछ ।
- दोश्रो पक्षले आधिकारीक व्यक्तिलाई उक्त सफ्टवेयरको संचालन गर्न जिम्मेवारी दिनु पर्नेछ ।
- दोश्रो पक्षले उक्त सफ्टवेयर संचालन सम्बन्धमा आवश्यक सम्पर्क गर्न सम्पर्क व्यक्तिको चयन गरी प्रथम पक्षलाई जानकारी गर्नुपर्नेछ ।
- दोश्रो पक्षले निर्देशिकाको अनुसूची ३ मा व्यवस्था भए बमोजिमको शुल्क प्रथम पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।
- दोश्रो पक्षले उल्लिखित सफ्टवेयर प्रणालीबाट उत्पन्न सम्पूर्ण Reports सुरक्षित रुपले अभिलेख राख्नु पर्नेछ ।

सम्झौताका प्रथम पक्ष
सिडिएससिको तर्फबाट
अख्तियार प्राप्त व्यक्तिको नाम : .................
दस्तखत :
कम्पनीको छाप :
साक्षी :
१.

सम्झौताका दोश्रो पक्ष
.....................को तर्फबाट
अख्तियार प्राप्त व्यक्तिको नाम : ..............
दस्तखत :
कम्पनीको छाप :
साक्षी :
१. ................................

❖❖❖

बोर्ड निर्णय मितिः २०७४।१०।२२
पहिलो संशोधन : २०७५।०३।३१
लागू मितिः २०७५।०४।०१

# सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४

**प्रस्तावना :** धितोपत्र बजारलाई व्यवस्थित, पारदर्शी तथा जवाफदेही बनाई संस्थागत सुशासन प्रवर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम ‘‘सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४’’ रहेको छ ।

(२) यो निर्देशिका बोर्डले तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “अध्यक्ष” भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) “एकाघरको परिवार” भन्नाले सम्बन्धित व्यवस्थापक तथा कर्मचारीको पति, पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूमा आश्रित दाजु, भाई, दिदी र बहिनी सम्झनु पर्छ ।

(घ) “कर्मचारी” भन्नाले संस्थामा नियुक्त भई पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) “कार्यकारी प्रमुख” भन्नाले संस्थाको दैनिक व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्ने प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले संस्थाको प्रशासन, व्यवस्थापन वा व्यवसायको जिम्मेवारी सम्हाल्ने प्रमुख व्यक्ति वा प्रशासक समेतलाई जनाँउछ ।

(च) ‘‘बोर्ड’’ भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(छ) ‘‘वित्तीय स्वार्थ’’ भन्नाले संस्थापक समूह वा सञ्चालक वा एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख, कम्पनी सचिव वा त्यस्तो व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, कम्पनी वा सङ्गठित संस्थाले कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशत वा सो भन्दा बढी हुने गरी छुट्टा छुट्टै वा संयुक्त रूपमा शेयर खरिद गरेमा त्यस्तो व्यक्ति वा व्यक्तिहरूको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेको संस्थामा रहेको निजहरूको वित्तीय स्वार्थ सम्झनु पर्छ र सो शब्दले बोर्डले समय समयमा कारोबारको प्रकृति र अवस्था हेरी वित्तीय स्वार्थ भनी तोकेको स्वार्थ समेतलाई जनाउँछ ।

(ज) "व्यवस्थापक" भन्नाले कुनै संस्थाको क्रियाकलापमा निर्णय लिने व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी संस्थाको कुनै शाखा वा इकाईको प्रमुख पदमा नियुक्त भएको व्यवस्थापक, प्रबन्धक वा अधिकृत स्तर वा सो सरहको कर्मचारी समेतलाई जनाँउछ ।

(झ) "सञ्चालक" भन्नाले संस्थाको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सञ्चालक समितिको अध्यक्षलाई समेत जनाउँछ ।

(ञ) "सञ्चालक समिति" भन्नाले दफा ५ बमोजिम गठन हुने संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

(ट) "संस्था" भन्नाले धितोपत्र बजारमा धितोपत्र सूचीकरण गराएका सूचीकृत सङ्गठित संस्था सम्झनु पर्छ ।

३. **संस्थागत सुशासनको सिद्धान्तहरू :** संस्थाले संस्थागत सुशासनको सम्बन्धमा देहायका सिद्धान्तहरू अवलम्बन गर्नु पर्नेछ :–

(क) शेयरधनी प्रतिको दायित्व,

(ख) शेयरधनी बीच समान व्यवहार,

(ग) जवाफदेहिता,

(घ) पारदर्शीता र सूचना प्रवाह,

(ङ) सञ्चालक समितिको उत्तरदायित्व,

(च) सरोकारवालाहरू प्रतिको दायित्व ।

४. **सूचना तथा जानकारी प्रवाह :** (१)[१] संस्थाले संस्थाको पूँजी तथा शेयरको संरचना, वित्तीय अवस्था तथा प्रचलित कानून बमोजिम सार्वजनिक गर्नुपर्ने सूचना, कागजात, तथ्याङ्क, विवरण, संस्थाको धितोपत्रको मूल्यमा असर पर्न सक्ने संवेदनशील निर्णय र अन्य कागजात तथा जानकारी नियमित रूपमा सार्वजनिक गर्नु पर्नेछ।

(२) संस्था तथा सरोकारवालाहरू बीच एक आपसमा संस्थाको उद्देश्य तथा व्यवसाय प्रवर्द्धनका लागि निरन्तर संवाद तथा सञ्चार भएको हुनु पर्नेछ ।

(३) संस्थाले सूचना तथा जानकारी प्रवाह गर्दा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ढाँचाको अनुसरण गर्न प्रोत्साहित गर्नु पर्दछ ।

## परिच्छेद - २
## सञ्चालक समिति

५. **सञ्चालक समिति :** (१) संस्थामा शेयर स्वामित्वको अनुपातको आधारमा सबै समूहका शेयरधनीहरूको उचित प्रतिनिधित्व हुने गरी एक सञ्चालक समितिको गठन गर्नु पर्नेछ ।

(२) सञ्चालक समितिमा आवश्यक सङ्ख्यामा सञ्चालकहरू रहनेछन् ।

(३) सञ्चालकहरूको नियुक्ति वा मनोनयन कम्पनी सम्बन्धी प्रचलित कानूनको अधीनमा रही संस्थाको साधारण सभाले गर्नेछ ।

---

१ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

(४) सञ्चालक समितिमा आवश्यक स्वतन्त्र सञ्चालक समेत नियुक्त गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वतन्त्र सञ्चालकको नियुक्त गर्दा संस्थाको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान तथा अनुभव हासिल गरेको व्यक्तिलाई साधारण सभाबाट नियुक्त गर्नु पर्नेछ ।

[२] तर, प्रचलित कानून बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

(६) संस्थाको सञ्चालकको कार्यकाल बढीमा चार वर्षको हुनेछ ।

(७) सञ्चालकको पद रिक्त भएमा रिक्त भएको पैंतीस दिनभित्र सञ्चालक समितिले बाँकी अवधिका लागि त्यस्तो रिक्त पदमा अर्को सञ्चालक नियुक्त गर्नु पर्नेछ ।

(८) सञ्चालक नियुक्त वा हेरफेर भएमा वा सञ्चालक पद रिक्त भएमा त्यसरी नियुक्त वा हेरफेर वा रिक्त भएको सम्बन्धी विवरण तयार गरी सो को जानकारी बोर्ड र धितोपत्र बजारलाई समेत दिनु पर्नेछ ।

(९) [३]संचालक समितिमा एकाघर परिवारमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनीबाट एकभन्दा बढी सञ्चालक नियुक्त भएको अवस्थामा सो सम्बन्धमा बार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ ।

६. **सञ्चालकको अयोग्यता :** देहायको कुनै व्यक्ति सञ्चालकको पदमा नियुक्त वा मनोनीत हुन अयोग्य मानिनेछ :-

(क) धितोपत्र व्यवसायी संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको,

(ख) कुनै सञ्चालक, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको कुनै व्यक्तिले ऐनको दफा १०१ बमोजिमको कुनै सजाय पाएमा त्यस्तो सजाय पाएको मितिले दश वर्षको अवधि पूरा नभएको,

(ग) धितोपत्रको सार्वजनिक निष्काशन गरी ऐन बमोजिम पेश गर्नु पर्ने विवरण वा जानकारी पेश नगरी सञ्चालनको अवस्था अज्ञात रहेको संस्थाको पदाधिकारी रहेको ।

७. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** (१) सञ्चालकको काम, कर्तव्य र अधिकार संस्थाको प्रबन्धपत्र र नियमावलीमा स्पष्ट रूपमा उल्लेख भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सञ्चालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) [४]संस्थाको समग्र जोखिम व्यवस्थापन गरी आफ्नो व्यवसाय संचालन गर्ने व्यवस्था मिलाउने,

(ख) संस्थागत सुशासन कायम गर्ने र दैनिक काम कारबाहीमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्ने,

(ग) साना लगानीकर्ताको हित संरक्षण गर्ने गराउने,

---

२ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा थप

३ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

४ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

[५]**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "साना लगानीकर्ता" भन्नाले चुक्ता पूँजीमा पचास हजार रुपैयाँसम्म रकम लगानी गर्ने लगानीकर्ता सम्झनु पर्छ ।

(घ) संस्थागत व्यवस्थापनको काम कारबाहीको नियमित रूपमा अनुगमन तथा विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(ङ) संस्थाका उद्देश्य तथा लक्ष्यहरू प्राप्त गर्न समूहगत प्रयास गर्ने,

८. **अध्यक्षको नियुक्ति :** असल संस्थागत सुशासनको अभ्यास तथा संस्थाको प्रभावकारीताको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने व्यक्तिलाई सञ्चालक समितिले अध्यक्षको रूपमा नियुक्त गर्नु पर्नेछ ।

९. **अध्यक्षको काम, कर्तव्य र अधिकार :** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सञ्चालक समितिको जिम्मेवारी प्रभावकारी रूपमा पूरा गरी संस्थालाई नेतृत्व प्रदान गर्ने,

[६](ख) सञ्चालक समितिमा छलफल हुने प्रस्ताव पेश गर्ने तथा सञ्चालक समितिका सदस्यले समयमै पूर्ण तथा सही सूचना प्राप्त गरेको यकिन गर्नु पर्ने,

(ग) सञ्चालक समितिको बैठक तथा छलफलका अध्यक्षता गर्ने,

[७](घ) संचालक समिति तथा व्यवस्थापनबीच समन्वय गर्ने,

(ङ) सरोकारवालाहरूलाई प्रभावकारी सञ्चार प्रदान गर्न आवश्यक कदम चाल्ने तथा चाल्न लगाउने,

(च) संस्थागत सुशासनको असल अभ्यासको लागि नेतृत्व प्रदान गर्ने ।

१०. **सञ्चालक समितिको बैठक :** (१) सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित हुनु पर्नेछ ।

(२) बैठकमा निर्णयहरू वस्तुगत रूपमा संस्थाको सर्वोकृष्ट हित हुने गरी गरिनु पर्नेछ ।

(३) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरूको कम्तीमा एकाउन्न प्रतिशतले हस्ताक्षर गर्नु पर्नेछ ।

(५) कुनै विषयमा छलफल गर्दा कुनै सदस्यले निर्णयमा सहमति नजनाएमा वा त्यस्तो निर्णयभन्दा भिन्न मत राखेमा त्यस्तो सदस्यले चाहेमा सोही व्यहोरा बैठकको निर्णयको विवरण (माइन्यूट) मा अभिलेख गर्न सक्नेछ ।

तर कुनै सदस्यको हस्ताक्षर नभएको कारणले मात्र सो निर्णयमा कुनै सदस्यको असहमति रहेको तथा सो निर्णय अवैध भएको मानिने छैन ।

(६) सञ्चालक समितिले कुनै बिषयमा विशेषज्ञसँग आवश्यक राय परामर्श लिन सक्नेछ ।

---

५ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

६ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

७ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

**११. सञ्चालकको भत्ता तथा सुविधा :** (१) सञ्चालकले बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता तथा अन्य सुविधा संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा संस्थाको कार्य सञ्चालन, कारोबार, व्यवसायिक योजना, खुद सम्पत्ति (नेटवर्थ), दाबी भुक्तानीको अवस्था, मुनाफाको स्थिति, व्यवस्थापन खर्च तथा मुद्रास्फिति दर लगायत अन्य सूचकाङ्कको आधारमा अध्ययन गरी निर्धारण गर्नु पर्नेछ ।

**१२. अध्यक्ष र कार्यकारी प्रमुख अलग अलग व्यक्ति हुनु पर्ने** : (१) अध्यक्ष र कार्यकारी प्रमुख अलग अलग व्यक्ति हुनु पर्नेछ ।

(२) सञ्चालक समितिको नेतृत्व गर्ने र यसको निरन्तर सञ्चालनको सुनिश्चितता लगायत नियमित रूपमा सञ्चालक समितिको वैठक सञ्चालन गर्ने कार्य अध्यक्षले गर्नु पर्नेछ ।

(३) संस्थाको व्यवस्थापकीय, प्रशासनिक र आर्थिक विषयको सम्पूर्ण काम कारबाही तथा जिम्मेवारी कार्यकारी प्रमुखको रहनेछ ।

## परिच्छेद-३
## सञ्चालकको आचरण

**१३. सञ्चालकको आचरण सम्बन्धी व्यवस्था :** (१) प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी संस्थालाई गराउनु पर्नेछ :-

(क) संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण,

(ख) निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,

(ग) निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण,

(घ) निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए त्यसको विवरण,

(ङ) सञ्चालक समितिलाई जानकारी गराउनु पर्ने भनी बोर्डले समय समयमा तोकिदिएको अन्य विवरण ।

(२) संस्थाले उपदफा (१) बमोजिम सञ्चालकले दिएको जानकारीको अभिलेख राख्नु पर्नेछ ।

[८](३) सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गर्नु हुँदैन ।

तर नेपाल सरकारले मनोनयन वा नियुक्त गरेका सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन । [९](४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाको सहायक कम्पनी भएमा त्यस्तो सहायक कम्पनीमा मुख्य संस्थाको प्रतिनिधिको रुपमा सञ्चालक नियुक्त गर्न सकिनेछ ।

[१०](५)

---

८ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

९ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

१० सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा झिकिएको

**१४. <u>संस्थाको हित विपरीत कार्य गर्न नहुने</u> :** (१) सञ्चालक प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संस्थाको हित विपरीत हुने कुनै पनि गतिविधिमा संलग्न हुनु हुँदैन ।

(२) सञ्चालक आफूसँग वित्तीय स्वार्थ रहेको कुनै पनि कारोबारमा संलग्न हुनु हुँदैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले कुनै कारोबारको सम्बन्धमा कुनै सञ्चालकको वा निजको एकाघरको परिवारको सदस्यको वित्तीय स्वार्थ गाँसिएको छ भनी प्रमाणित नगरेसम्म सार्वजनिक रूपमा निष्काशन गरिएका शेयर तथा ऋणपत्रहरूको कारोबार गर्नमा कुनै बाधा पुगेको मानिने छैन ।

(४) सञ्चालकले कुनै पनि प्रयोजनको लागि संस्थाको वित्तीय स्वार्थ रहेका शेयरधनी वा निजको एकाघर परिवारको स्वामित्वमा रहेको वा निजहरूको फर्म तथा कम्पनीसँग घर भाडामा लिई कारोबार गर्न पाउने छैन ।

[११](५) कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहुञ्जेल उस्तै प्रकृतिको उद्देश्य भएका सूचीकृत संस्थाको लेखापरीक्षक, सल्लाहकार, कार्यकारी प्रमुख, कर्मचारी वा तेस्रो पक्ष सहजकर्ता भई कार्य गर्न पाउने छैन ।

(६) कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहुञ्जेल र सो पदबाट हटेको एक वर्ष सम्म सोही संस्थाको कुनै पनि प्रकारको शेयर, डिबेञ्चर खरीद बिक्री गर्न पाउने छैन ।

**१५. <u>पदको दुरूपयोग गर्न नहुने</u> :** (१) सञ्चालकले आफ्नो नाम तथा पदको दुरूपयोग गरी कुनै किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुनु हँदैन ।

(२) सञ्चालकले संस्थाको आधिकारिक अभिलेख वा कागजपत्रमा व्यक्तिगत रूपमा कुनै थपघट वा संशोधन गर्न पाउने छैन ।

(३) सञ्चालकले कम्पनी मार्फत वा कम्पनीको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने काम गर्न हुँदैन ।

**१६. <u>गोपनीयता कायम राख्नु पर्ने</u> :** (१) सञ्चालकले प्रचलित कानून बमोजिम सार्वजनिक गर्नु पर्ने बाहेकका संस्थासँग सम्बन्धित सूचना, जानकारी तथा अन्य कागजातहरूको गोपनीयता कायम राख्नु पर्नेछ ।

(२) कुनै सञ्चालक आफ्नो पदबाट निवृत्त भएपछि वा कुनै प्रकारले हटेपछि संस्थासँग सम्बन्धित सूचना वा जानकारी सार्वजनिक गर्न वा आफ्नो कुनै स्वार्थका लागि प्रयोग गर्न पाउने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनको अधीनमा रही अदालत वा न्यायिक निकायको आदेश  कुनै कागजात तथा ग्राहकको सूचना वा जानकारी सार्वजनिक गर्न वा उपलब्ध गराउन वा सञ्चालक समितिको अनुमतिले कुनै लेख, रचना प्रकाशन गर्न बाधा पर्ने छैन ।

---

११ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

## परिच्छेद - ४

## संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली

१७. **जोखिम व्यवस्थापन र सम्पत्ति तथा दायित्व समिति :** (१) सम्बन्धित क्षेत्रका नियमनकारी निकायले अन्यथा तोकेको अवस्थामा बाहेक संस्थामा जोखिम व्यवस्थापन, सम्पत्ति तथा दायित्व लगायतका विषयमा अध्ययन तथा पुनरावलोकन गर्न छुट्टा छुट्टै सञ्चालकको संयोजकत्वमा छुट्टा छुट्टै समिति गठन गर्नु पर्नेछ ।

(२) कुनै कारणबाट आउन सक्ने सम्भावित सङ्गठनात्मक तथा आर्थिक जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक जोखिम व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिमा संस्थाको जोखिम व्यवस्थापन ढाँचा तथा नीतिहरूको पुनरावलोकन गर्ने काममा स्वतन्त्र सञ्चालकलाई समेत सहभागी गराउनु पर्नेछ ।

(४) संस्थाको सम्पत्ति तथा दायित्व मूल्याङ्कन सम्बन्धमा आवश्यक कार्य गर्न सम्पत्ति तथा दायित्व समितिको गठन गर्नु पर्नेछ ।

१८. **आन्तरिक नियन्त्रण प्रणाली :** प्रत्येक संस्थाले अन्य विषयका अतिरिक्त देहायका विषयका सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ :-

(क) कम्पनीको पूँजीको सञ्चालन तथा व्यवस्थापनका विषयमा,

(ख) कम्पनीको काम कारबाहीमा कम्पनीका सञ्चालक, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतको निजी स्वार्थ वा सरोकार बाझिने गरी काम कारबाही गर्न नहुने सम्वन्धमा,

(ग) कम्पनीका सञ्चालक, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतको निजी स्वार्थ वा सरोकार बाझिने कुनै विषय रहे भएमा अग्रिम जानकारी गराउनु पर्ने विषयमा,

(घ) भ्रष्ट्राचार तथा आर्थिक अनियमिता नियन्त्रणको सम्बन्धमा,

(ङ) सम्वद्ध कानून कार्यान्वय तथा पालना गर्ने, गराउने सम्बन्धमा,

(च) सूचक (ह्वीसेल ब्लोअर) को संरक्षण संयन्त्र सम्बन्धमा,

(छ) कम्पनीका सञ्चालक, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा,

(ज) संस्थाले आवश्यक देखेका अन्य विषयमा ।

## परिच्छेद-५

## सङ्गठन संरचना र कर्मचारी

१९. **सङ्गठन संरचना तयार गर्नु पर्ने :** (१) संस्थाले कार्यबोझ तथा लागतको विश्लेषण गरी आफ्नो सङ्गठन संरचना तयार वा अद्यावधिक गर्नु पर्नेछ ।

(२) संस्थाले आफूलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी तय गरी त्यस्तो दरबन्दी अनुरूप पदपूर्ति गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारीको पदपूर्ति गर्दा पारदर्शी प्रकृया अपनाउनु पर्नेछ ।

२०. **परिपालन (कम्प्लाइन्स) अधिकृत नियुक्त गर्नु पर्ने :** (१) संस्थाले व्यवस्थापन, वाणिज्यशास्त्र, कानून विषय वा आफ्नो व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी कम्तीमा तीन वर्षको कार्यानुभव भएका व्यवस्थापक तहका आफ्ना अधिकृत कर्मचारीहरुमध्येबाट परिपालन अधिकृत तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको परिपालन अधिकृतले देहायका विषयहरू संस्थाबाट अद्यावधिक रूपमा पालना भएको सुनिश्चित गर्नु पर्नेछ :-

(क) ऐन, नियमावली तथा नियमनकारी निकायबाट समय समयमा जारी भएको निर्देशन तथा निर्देशिका बमोजिम गर्नु पर्ने कुरा,

(ख) नियमनकारी निकायले इजाजतपत्र जारी गर्दाका बखत तोकेका शर्तहरू,

(ग) नियमनकारी निकायले संस्थाको नियमन, निरीक्षण वा सुपरीवेक्षण गर्दा सम्बन्धित संस्थालाई दिइएको निर्देशन ।

[१२](३) परिपालन अधिकृतले उपदफा (२) मा उल्लिखित विषयका सम्बन्धमा सम्बन्धित संस्थाबाट पालना भए वा नभएकोबारे प्रतिवेदन तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई त्यस्तो प्रतिवेदनलाई लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्नेछ ।

[१३](४) उपदफा (३) बमोजिम प्रमाणित भएको प्रतिवेदनको मुख्य मुख्य बुँदाहरु सहितको प्रमाणित साराँश सम्बन्धित संस्थाको बार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम तयार भई उपदफा (४) बमोजिम पेश भएको प्रतिवेदनमा संलग्न विवरणको सत्यता तथा प्रमाणिकताका लागि सम्बन्धित परिपालन अधिकृत जिम्मेवार हुनेछ ।

(६) यस निर्देशिकामा लेखिएको कुनै पनि कुराले उपदफा (२) मा उल्लिखित विषयहरू अद्यावधिक रूपमा पालना गर्नु पर्ने कुराबाट संस्था, सो संस्थाको सञ्चालक समिति वा कार्यकारी प्रमुखले छुट पाएको मानिने छैन ।

२१. **अधिकार तथा कर्तव्य निर्धारण गर्नु पर्ने :** (१) संस्थाले कुनै कर्मचारीलाई काममा लगाउँदा त्यस्तो कर्मचारीले गर्नु पर्ने कामको विवरण सहित जिम्मेवारी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको कार्य विवरणप्रति सम्बन्धित कर्मचारी व्यक्तिगत रूपमा जवाफदेही हुनु पर्नेछ ।

२२. **कर्मचारीले गोपनियता कायम गर्नु पर्ने :** संस्थामा कार्यरत कुनै कर्मचारीले दफा १६ सरहको गोपनियता कायम गर्नु पर्नेछ ।

२३. **तलब, भत्ता तथा अन्य सुविधा :** (१) संस्थामा रहने कर्मचारीलाई दिइने तलब, भत्ता तथा अन्य सुविधाका सम्बन्धमा संस्थाले सम्बन्धित कर्मचारीलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने तलब, भत्ता तथा अन्य सुविधाका सम्बन्धमा संस्थाले आवश्यक ठानेमा एक समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिस बमोजिम संस्थाले कर्मचारीलाई दिइने तलब, भत्ता तथा अन्य सुविधा निर्धारण गर्न सक्नेछ ।

---

१२ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

१३ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

[१४]तर, कुनै सूचीकृत संस्थाबाट पारिश्रमिक र अन्य सुविधा प्राप्त हुने गरी पदमा बहाल रहेको व्यक्ति अर्को सूचीकृत संस्थाबाट पारिश्रमिक र अन्य सुविधा पाउने गरी नियुक्त हुन सक्ने छैन

## परिच्छेद - ६
## संस्थाको लेखा तथा लेखापरीक्षण

२४. **लेखा राख्नु पर्ने** : संस्थाले सम्पूर्ण आय व्ययको लेखा लेखाका मान्य सिद्धान्त बमोजिम दुरूस्त रूपमा राख्नु पर्नेछ।

२५. **आन्तरिक लेखा परीक्षण गर्नु पर्ने** :संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने प्रयोजनको लागि संस्थाले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

२६. **लेखापरीक्षण समिति :** [१५](१) संस्थामा सञ्चालकको संयोजकत्वमा एक लेखापरीक्षण समितिको गठन गर्नु पर्नेछ।

(२) संस्थाको अध्यक्ष, कार्यकारी प्रमुख, सल्लाहकार तथा वित्त वा लेखा प्रमुख वा तिनको एकाघरको परिवारको सदस्य उपदफा (१) बमोजिमको समितिमा सदस्य हुन सक्ने छैन।

[१६](३) उपदफा (१) बमोजिमको समितिमा रहने सदस्यमध्ये कम्तीमा एक जना सदस्य लेखा वा वित्त बिषयमा विज्ञ वा लेखा वा लेखापरिक्षण क्षेत्रमा तीन वर्षको अनुभव प्राप्त रहेको हुनु पर्नेछ। ।

२७. **लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार :** (१) लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको वित्तीय विवरणको समिक्षा गरी त्यस्ता विवरणमा उल्लिखित सूचनाको प्रमाण, सत्यता र यथार्थताको यकिन गर्ने,

(ख) संस्थाको लेखा, बजेट, आन्तरिक नियन्त्रण प्रणाली उपयुक्त भए वा नभएको नियमन, अनुगमन गरी यकिन गर्ने,

(ग) संस्थाको खरिद प्रणाली उपयुक्त र मितव्ययी भए वा नभएको सम्बन्धमा निरीक्षण र अनुगमन गर्ने,

(घ) संस्थाको बहीखाता, आन्तरिक लेखापरीक्षण प्रणालीको अभिलेखका कागजात वा विद्युतीय अभिलेख उपयुक्त ढङ्गबाट राखिएको वा नराखिएको यकिन गर्ने,

(ङ) संस्थाको लेखा, लेखापरीक्षण, वासलात वा वित्तीय बिवरण प्रचलित कानून बमोजिम तथा नियमनकारी निकायबाट जारी भएको निर्देशन वासंस्थाको नियमावली बमोजिम भए वा नभएको यकिन गर्ने,

(ज) संस्थाको सञ्चालक समितिले माग गरेको बिषयमा राय तथा परामर्श दिने,

(झ) संस्थाले नियमनकारी निकायले दिएको निर्देशन पालना गरे वा नगरेको यकिन गर्ने,

(ञ) आन्तरिक लेखापरीक्षण कार्य प्रभावकारी तथा स्वतन्त्र रूपमा सम्पादन भए वा नभएको यकिन गर्ने।

(२) लेखापरीक्षण समितिले आफ्नो काम कारबाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नु पर्नेछ।

---

१४ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा थप

१५ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

१६ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

# परिच्छेद - ७
## सूचिकृत सङ्गठित संस्थाले गर्न नहुने

२८. **ऋण लिन वा दिन नहुने :** संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैङ्क तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिन वा दिन हुँदैन ।

२९. **साझेदारीमा सम्पत्ति जोड्न नहुने :** संस्थाले वित्तीय स्वार्थ भएको कुनै ब्यक्ति, फर्म, कम्पनी वा संस्था वा आफ्नो कर्मचारी, सल्लाहकार, परामर्शदातासँग साझेदारीमा कुनै सम्पत्ति जोड्न  हुँदैन ।

३०. **सम्पत्तिको भोगचलन गर्न नपाउने :** (१) प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेकसूचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गर्न पाउने छैन ।

(२) उपदफा (१) विपरीत कसैले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन वा उपयोग गरेमा अनधिकृत रूपमा भोगचलन गरेको मानिनेछ ।

(३ संस्थाले वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताको सम्पत्ति भाडामा लिई वा भाडामा दिई वा अन्य कुनै किसिमले उपयोग गर्नु, गराउनु हुँदैन ।

# परिच्छेद-८
## विविध

३१. [१७] **खरिद विनियमावली वा कार्यविधि बनाई लागू गर्नु पर्ने** : खरिद प्रकृयालाई व्यवस्थित र पारदर्शी बनाउन प्रत्येक संस्थाले खरिद बिनियमावली वा कार्यविधि बनाई लागू गर्नु पर्नेछ ।

३२. **सिकाई तथा पुर्नताजगी कार्यक्रमको सञ्चालन :** (१) प्रत्येक संस्थाले सङ्गठित संस्था सम्बन्धी कानून र त्यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासका विषयमा आफ्ना सञ्चालकहरूलाई जानकारी दिन वार्षिक रूपमा सिकाई तथा पुर्नताजगी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रममा अन्य विषयका अतिरिक्त देहायका विषयहरू समावेश भएको हुनु पर्नेछ :-

(क) कम्पनीको लक्ष्य तथा उद्देश्य,

(ख) नियन्त्रण प्रणाली तथा कार्यविधि,

(ग) कम्पनीको प्रमुख नीति तथा कार्यविधि,

(घ) जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण विधि र प्रणाली,

(ङ) प्रशासनिक तथा आर्थिक विषयमा भएको अधिकार प्रत्योजन,

---

१७ सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५द्वारा संशोधित

(च) सञ्चालक समितिको संरचना तथा कर्मचारी सम्वन्धी व्यवस्था र कार्यविवरण,

(छ) वजेट योजना तथा कार्य सम्पादन मूल्याङ्कन प्रणाली,

(ज) संस्थागत सुशासन सम्बन्धी सिद्धान्त तथा त्यसको प्रयोग,

(झ) संस्थाले आवश्यक देखेका अन्य विषय ।

**३३. शपथ :** कुनै व्यक्ति संस्थाको सञ्चालकको पदमा नियुक्त भएमा निजले आफ्नो कार्यभार सम्हाल्नु अघि पद तथा गोपनियताको शपथ लिनु पर्नेछ । कुनै पनि सञ्चालकले पद तथा गोपनियताको शपथ ग्रहण नगरी कार्यभार सम्हाल्न पाउने छैन ।

**३४. आचरण संहिता :** सञ्चालक समितिले सञ्चालक तथा संस्थामा कार्यरत कर्मचारीको सम्बन्धमा आचरण सम्बन्धी संहिता बनाई लागू गर्नु पर्नेछ ।

**३५. बाधा अड्काउ फुकाउन सक्ने :** (१) यो निर्देशिकामा लेखिएका कुराहरू कार्यान्वयन गर्ने सिलसिलामा कुनै कठिनाई पर्न आएमा वा कुनै अस्पष्टता भएमा वा दुविधाजनक देखिएमा बोर्डले सो को बाधा अड्काउ फुकाउन सक्नेछ ।

❖❖❖

लागू मिति २०७७।४।२२

# बुक विल्डिङ्ग सम्वन्धी निर्देशिका, २०७७

**<u>प्रस्तावना:</u>** संगठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा धितोपत्रको निष्काशन मूल्य बजारले नै निर्धारण गर्न तथा मूल्य निर्धारण प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधन सहित) को नियम २५ग को प्रयोजनको लागि नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस निर्देशिकाको नाम "बुक विल्डिङ्ग सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कट अफ मूल्य" भन्नाले योग्य संस्थागत लगानीकर्तालाई बोलकबोलमार्फत् निष्काशित सम्पूर्ण धितोपत्र बिक्री हुँदा कायम हुन आउने बोलकबोल मूल्य सम्झनु पर्छ ।

(ग) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता र बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्र खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधन सहित) सम्झनु पर्छ ।

(ङ) "निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ (१) को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमति प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(च) "बुक विल्डिङ्ग विधि" भन्नाले संगठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा धितोपत्रको निष्काशन मूल्य निर्धारण गरिने विधि वा प्रक्रिया सम्झनु पर्छ।

(छ) "योग्य संस्थागत लगानीकर्ता" भन्नाले नियमावलीको नियम २५ग को उपनियम (५) बमोजिम बोर्डबाट स्वीकृति प्राप्त संस्था सम्झनु पर्छ ।

(ज) "विवरणपत्र" भन्नाले संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अघि ऐनको दफा ३० बमोजिम प्रकाशन गर्नु पर्ने विवरणपत्र सम्झनु पर्छ ।

## परिच्छेद- २
## योग्य संस्थागत लगानीकर्ताले स्वीकृति लिने सम्बन्धी व्यवस्था

३. **योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न सक्ने :** (१) नियमावलीको नियम २५ग को उपनियम (५) का अतिरिक्त देहायका संस्थाले बोर्डबाट स्वीकृति लिई योग्य संस्थागत लगानीकर्ताको रुपमा बुक बिल्डिङ्ग विधि मार्फत् निष्काशित धितोपत्र खरिद गर्न सक्नेछन्:

(क) धितोपत्र व्यापारी,

(ख) धितोपत्रमा लगानी गर्ने उद्देश्यले स्थापित लगानी कम्पनी ।

(२) उपदफा (१)(ख) बमोजिमको संस्थाको नेटवर्थ न्यूनतम रु.१० करोड हुनुपर्नेछ ।

४. **योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न स्वीकृतिका लागि निवेदन दिनुपर्ने :** (१) यस निर्देशिका बमोजिम बुक विल्डिङ्ग विधि मार्फत् निष्काशित धितोपत्र खरिद गर्न चाहनेले योग्य संस्थागत लगानीकर्ताको रुपमा स्वीकृति पाउन अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दस्तुर वापत रु. १०,०००।- सहित बोर्डसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको जाँचबुझ गरी बोर्डले अनुसूची-२ बमोजिमको ढाँचामा योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न स्वीकृति प्रदान गर्नेछ ।

## परिच्छेद- ३
## निष्काशन मूल्य सीमा निर्धारण सम्बन्धी व्यवस्था

५. **सम्झौता गर्नुपर्ने :** (१) बुक विल्डिङ्ग विधि अनुसार धितोपत्र निष्काशन गर्न चाहने संगठित संस्थाले यस विधि अनुरुप गर्नुपर्ने कार्य सम्पन्न गर्ने प्रयोजनका लागि बोर्डबाट अनुमतिपत्र प्राप्त निष्काशन तथा बिक्री प्रिबन्धकसँग सम्झौता गर्नुपर्नेछ ।

(२) संगठित संस्थाले स्वचालित विद्युतीय प्रणालीमार्फत् बुक विल्डिङ्ग सम्बन्धी कार्य संचालन गर्ने सम्बन्धमा धितोपत्र बजारसँग सम्झौता गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिने सम्झौतामा कुनै कुरा संलग्न गर्नु पर्ने गरी बोर्डले तोकिदिएमा सो समेत उक्त सम्झौतामा संलग्न गर्नुपर्नेछ ।

६. **प्रारम्भिक विवरणपत्र तयार गर्नुपर्ने :** (१) बुक विल्डिङ्ग विधि अनुसार धितोपत्र निष्काशन गर्नका लागि संगठित संस्थाले निष्काशन तथा विक्री प्रबन्धकको परामर्शमा प्रारम्भिक विवरणपत्र तयार गर्नुपर्नेछ । उक्त विवरणपत्रको मुखपृष्ठमा “बुक विल्डिङ्ग विधिबाट योग्य संस्थागत लगानीकर्तालाई गरिने धितोपत्र निष्काशनसम्बन्धी विवरणपत्र” भन्ने उल्लेख गर्नुपर्नेछ ।

(२) प्रारम्भिक विवरणपत्रमा देहायको विवरण उल्लेख गर्नुपर्दछ:

(क) नियमावलीको अनुसूची ५ बमोजिमको विवरण,

(ख) निष्काशन गरिने धितोपत्रको संख्या,

(ग) धितोपत्रको अनुमानित मूल्य,

(घ) मूल्यांकनको आधार र औचित्य ।

७. **छलफल कार्यक्रम संचालन गर्नुपर्ने :** (१) संगठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्धकको सहभागितामा दफा ६ बमोजिम तयार गरिएको प्रारम्भिक विवरणपत्र उपर योग्य संस्थागत लगानीकर्ताहरुलाई सहभागी गराई छलफल कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन गरिने छलफल कार्यक्रमका लागि कार्यक्रम संचालन गरिने समय र स्थान तोकी कम्तिमा सात दिन अगाडि योग्य संस्थागत लगानीकर्ताहरुलाई लिखित रुपमा वा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी गराउनुपर्नेछ ।

(३) निष्काशन तथा बिक्री प्रबन्धक र संगठित संस्थाले छलफल कार्यक्रम संचालन गरिने मितिभन्दा कम्तिमा सात दिन अगावै प्रारम्भिक विवरणपत्र वेभसाइटमा राख्नु पर्नेछ ।

(४) संगठित संस्थाले छलफल कार्यक्रममा उक्त संस्थाको पछिल्लो तीन वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण उपलब्ध गराउनुपर्नेछ ।

८. **आशय मूल्य प्राप्त गर्नुपर्ने :** (१) संगठित संस्थाले निष्काशन तथा विक्री प्रबन्धकको सहयोगमा योग्य संस्थागत लगानीकर्तासँग निजले चाहेको न्यूनतम खरिद संख्या, आशय मूल्य र सो को मूल्यांकन विधिसहित प्रारम्भिक विवरणपत्रमा सुझाव माग गर्नुपर्नेछ ।

(२) योग्य संस्थागत लगानीकर्ताले छलफल कार्यक्रम समाप्त भएको पाँच कार्य दिन भित्र लिखित रुपमा खरिद गर्न चाहेको न्यूनतम धितोपत्र संख्या, खरिद आशय मूल्य तथा मूल्यांकनको आधार सहित प्रारम्भिक विवरणपत्रको सम्बन्धमा आफ्नो सुझाव दिन सक्नेछ ।

(३) संगठित संस्थाले खरिद आशय मूल्य लिदा योग्य संस्थागत लगानीकर्ताका लागि छुट्याइएको सम्पूर्ण धितोपत्र बिक्री हुने गरी कम्तिमा १० योग्य संस्थागत लगानीकर्ताबाट आशय पत्र प्राप्त गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आशय पत्रहरु प्राप्त हुन नसकेमा संगठित संस्थाले अनुमानित मूल्य पुनरावलोकन गरी पुनः आशय मूल्य प्राप्त गर्न सक्नेछ ।

(५) आशय मूल्य पेश गर्ने योग्य संस्थागत लगानीकर्ताले पेश गरेको आशय मूल्य दफा ९ बमोजिमको मूल्य सीमा भित्र परेमा वा सोभन्दा बढी भएमा यस निर्देशिका बमोजिम संचालन हुने बोलकबोल प्रक्रियामा अनिवार्य रुपमा सहभागिता जनाउनुपर्नेछ ।

९. **धितोपत्रको मूल्य सीमा निर्धारण गर्नुपर्ने :** (१) संगठित संस्थाले योग्य संस्थागत लगानीकर्ताबाट प्राप्त आशय मूल्यको अध्ययन गरी धितोपत्रको आधार मूल्य तय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधार मूल्य तय भएपश्चात् धितोपत्रको बिक्री मूल्य सीमा निर्धारण गर्नुपर्नेछ ।

(३) धितोपत्रको बिक्री मूल्य सीमा निर्धारण गर्दा माथिल्लो सीमा आधार मूल्यमा २० प्रतिशत थप गर्दा कायम हुने मूल्य र तल्लो सीमा आधार मूल्यमा २० प्रतिशत घटाउदा हुने मूल्य कायम गर्नुपर्नेछ ।

**१०. बोर्डमा धितोपत्र दर्ता गराउन तथा बुक बिल्डिङ्ग विधिबाट निष्काशन गर्न स्वीकृतिका लागि निवेदन दिनुपर्ने :** (१) संगठित संस्थाले आफ्नो सम्पूर्ण धितोपत्र दर्ता गराउन तथा बुक बिल्डिङ्ग विधिबाट निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक मार्फत् धितोपत्रको बिक्री मूल्य सीमा समेत उल्लेख भएको विवरणपत्र तयार गरी स्वीकृतिका लागि बोर्डसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदन र अन्य कागजातको अध्ययन गरी उपयुक्त देखिएमा उक्त धितोपत्र दर्ता गरी बुक बिल्डिङ्ग विधिबाट निष्काशन गर्न तयार पारेको विवरणपत्र प्रकाशन गर्न बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ४
## धितोपत्र निष्काशन र मूल्य निर्धारण

**११. बोलकबोल गर्नुपर्ने:** (१) दफा १० को उपदफा (२) बमोजिम विवरणपत्र प्रकाशन गर्न बोर्डबाट स्वीकृति प्राप्त भएको बढीमा १० कार्य दिनभित्र निष्काशन तथा बिक्री प्रवन्धकले योग्य संस्थागत लगानीकर्ताहरुलाई बोलकबोलमा सहभागी हुन आव्हानपत्र प्रकाशन गर्नुपर्नेछ ।

(२) आव्हानपत्र प्रकाशन भएको सात कार्य दिन पछि बोलकबोलमा भाग लिन सक्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) बोलकबोल शुरु भएको चार कार्य दिनसम्म खुला राख्नुपर्नेछ र आवश्यक भएमा बोर्डको स्वीकृति लिई बोलकबोलको समयावधि थप गर्न सकिनेछ ।

(४) योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा बिक्री मूल्य सीमाभित्र आफूले लिन चाहेको धितोपत्रका लागि आवेदन पेश गर्नुपर्नेछ ।

(५) आशय मूल्य पेश गरेका योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा आशय मूल्य पेश गर्दा उल्लेख गरिएको धितोपत्र संख्या र मूल्यभन्दा कम हुने गरी बोलकबोल गर्न पाइनेछैन ।

(६) कुनै एक योग्य संस्थागत लगानीकर्ताले निष्काशित धितोपत्रको २० प्रतिशतभन्दा बढी धितोपत्रको लागि बोलकबोल प्रस्ताव पेश गर्न पाइने छैन ।

(७) संगठित संस्थासँग कुनै स्वार्थ बाझिने भएमा योग्य संस्थागत लगानीकर्ता बोलकबोल प्रक्रियामा सहभागी हुन पाउने छैन ।

(८) योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको शत प्रतिशत रकम तोकिएको निष्काशन बैंक खातामा जम्मा गर्नुपर्ने वा आवेदकको बैंक खातामा रोक्का राख्नुपर्ने वा गुड फर पेमेन्ट चेक पेश गर्नुपर्दछ ।

**१२. स्वचालित विद्युतीय प्रणाली संचालन :** (१) धितोपत्र बजारले यस निर्देशिका बमोजिम स्वचालित विद्युतीय बोल कबोल (विडिङ्ग) प्रणाली संचालन गर्नुपर्नेछ ।

(२) धितोपत्र बजारले योग्य संस्थागत लगानीकर्तालाई उपदफा (१) बमोजिमको स्वचालित विद्युतीय बोल कबोल (विडिङ्ग) प्रणालीको युजर आइडि र पासवर्ड प्रदान गर्नुपर्नेछ ।

(३) धितोपत्र बजारले योग्य संस्थागत लगानीकर्तासँग स्वचालित विद्युतीय बोल कबोल (विडिङ्ग) प्रणालीको युजर आइडि र पासवर्डका लागि निवेदन दस्तुर वापत रु. १०,०००।- (अक्षेरुपी दश हजार मात्र) र वार्षिक नविकरण शुल्क रु. ५,०००।- (अक्षेरुपी पाँच हजार मात्र) सम्म लिन सक्नेछ ।

(४) धितोपत्र बजारले संगठित संस्थालाई विद्युतीय बोलकबोल प्रणाली संचालन गरिदिएवापत योग्य संस्थागत लगानीकर्तालाई छुट्याइएको धितोपत्रको अंकित मूल्यको ०.१ प्रतिशत वा न्यूनतम रु. २,००,०००। - (अक्षेरुपी दुई लाख मात्र) सम्म शुल्क लिन सक्नेछ ।

**१३. कट अफ मूल्य निर्धारण गर्नुपर्नेः** (१) आवेदन दिने अन्तिम मितिको भोलिपल्ट धितोपत्र बजारले योग्य संस्थागत लगानीकर्तालाई निष्काशित धितोपत्र पूर्ण रुपमा बिक्री हुने गरी प्राप्त बोलकबोलको अनुसूची-३ बमोजिमको नमूना बमोजिम कट अफ मूल्य निर्धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कट अफ मूल्य निर्धारण गरेपछि कट अफ मूल्य र सो भन्दा माथिल्लो मूल्यमा कबोल गर्ने सबै आवेदनकर्ताहरुलाई माग बमोजिमको धितोपत्र कट अफ मूल्यमा बाँडफाँड गर्नुपर्नेछ ।

(३) कट अफ मूल्यमा आवेदन गर्ने लगानीकर्तालाई माग बमोजिमको धितोपत्र बाँडफाँट गर्न नपुगेमा समानुपातिक रुपमा बाँडफाँट गर्नुपर्नेछ ।

(४) योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको मूल्य कट अफ मूल्य भन्दा कम भएमा त्यस्तो योग्य संस्थागत लगानीकर्तालाई धितोपत्र बाँडफाँट गरिने छैन ।

(५) बाँडफाँटमा नपरेको रकम बाँडफाँट भएको तीन कार्य दिनभित्र आर्जित व्याजसहित फिर्ता गर्नुपर्ने वा खाता फुकुवा गर्नुपर्नेछ ।

## परिच्छेद- ५
## सर्वसाधारणलाई धितोपत्र जारी गर्ने सम्बन्धी व्यवस्था

**१४. धितोपत्रको निष्काशन मूल्यः** सर्वसाधारणलाई धितोपत्र जारी गर्दा दफा १३ बमोजिम निर्धारण भएको कट अफ मूल्यमा १० प्रतिशत छुट दिई निष्काशन गर्नुपर्नेछ ।

**१५. सार्वजनिक निष्काशनका लागि बोर्डमा विवरणपत्र पेश गर्नुपर्नेः** (१) संगठित संस्थाले योग्य संस्थागत लगानीकर्तालाई धितोपत्र बाडफाँट सम्पन्न गरेको सात कार्य दिन भित्र बोर्डमा संशोधित विवरणपत्र स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिको विवरणपत्रमा कट अफ मूल्य, धितोपत्र बाडफाँट भएका योग्य संस्थागत लगानीकर्ताको नामावली, बाडफाँट भएको धितोपत्रको संख्या तथा दफा १० बमोजिम स्वीकृत भएको विवरणपत्रमा संगठित संस्थाको प्राविधिक, वित्तीय र व्यवस्थापन पक्षमा कुनै परिवर्तन भएको भए त्यस्तो परिवर्तन भएको विषय समेत उल्लेख भएको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदनसाथ प्राप्त विवरणपत्रमा उल्लेखित विषय वा तथ्यहरुको प्रस्तुतीबाट बोर्ड सन्तुष्ट भएमा सात कार्य दिनभित्र त्यस्तो विवरणपत्र प्रकाशन गर्न स्वीकृति प्रदान गर्नेछ ।

(४) संगठित संस्थाले उपदफा (३) बमोजिम बोर्डबाट विवरणपत्र स्वीकृत भएको सात कार्य दिनभित्र आव्हानपत्र प्रकाशन गरिसक्नुपर्नेछ ।

(५) संगठित संस्थाले धितोपत्र विक्री खुला गरिने दिनभन्दा सात कार्य दिन अगावै सार्वजनिक जानकारीका लागि आव्हानपत्र प्रकाशन गर्नुपर्नेछ ।

१६. **निष्काशन, खरिद तथा बाडफाँट सम्बन्धी व्यवस्थाः** (१) सर्वसाधारणले धितोपत्र खरिदका लागि आवेदन दिने न्यूनतम संख्या ५० कित्ता हुनुपर्नेछ ।

(२) संगठित संस्थाले धितोपत्र बाडफाँट गर्दा प्रति आवेदक न्यूनतम ५० कित्ता पाउने गरी बाडफाँट गर्नुपर्नेछ ।

(३) सर्वसाधारणमा धितोपत्र निष्काशन, खरिद तथा बाडफाँट सम्बन्धी अन्य व्यवस्था धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ र धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा संचालन निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

## परिच्छेद- ५
## विविध

१७. **धितोपत्रको प्रत्याभूति (अण्डरराइटिङ्ग) गराउनु पर्ने :** (१) बुक विल्डिङ्ग विधि अनुसार धितोपत्र निष्काशन गर्न चाहने संगठित संस्थाले योग्य संस्थागत लगानीकर्तालाई निष्काशन गरिने धितोपत्र बाहेक सर्वसाधारण लगानीकर्तालाई निष्काशन गरिने धितोपत्रको प्रत्याभूति (अण्डरराइटिङ्ग) गराउनुपर्नेछ ।

(२) योग्य संस्थागत लगानीकर्ताको रुपमा आवेदन दिई धितोपत्र बाँडफाँटमा परेका प्रत्याभूतिकर्ताले समेत प्रत्याभूति गर्न सक्नेछन् ।

(३) प्रत्याभूति गरिने धितोपत्रको न्यूनतम पाँच प्रतिशत धितोपत्र सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकले प्रत्याभूति गर्नुपर्नेछ ।

१८. **सिलबन्दी मार्फत् बोलकबोल गर्न सकिने :** यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि स्वचालित विद्युतीय बोलकबोल प्रणाली संचालनमा नआउञ्जेल संगठित संस्थाले सिलबन्दी बोलकबोलमार्फत् धितोपत्रका लागि आवेदन माग गर्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिकामा लेखिएका कुराहरु कार्यान्वयन गर्ने शिलशिलामा कुनै कठिनाई पर्न आएमा वा कुनै अस्पष्टता भएमा वा द्विविधाजनक देखिएमा बोर्ड अध्यक्षले सो को बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०. **निर्देशिकाको पालना नभए कारवाही हुने :** यस निर्देशिकाको विधि, प्रक्रिया पूरा नगरेमा वा पूर्ण पालना नगरेमा ऐन बमोजिम बोर्डले कारवाही गर्नेछ ।

## अनुसूची-१
### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### योग्य संस्थागत लगानीकर्ताको स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

मितिः.......................

श्री नेपाल धितोपत्र बोर्ड ।

.................................

**विषयः** योग्य संस्थागत लगानीकर्ताको स्वीकृति पाउँ ।

सार्वजनिक निष्काशनमा बुक विल्डिङ्ग सम्बन्धी निर्देशिका, २०७७ को दफा ..... बमोजिम बुक विल्डिङ्ग विधि मार्फत निष्काशित धितोपत्र खरिद प्रक्रियामा सहभागी हुन सक्ने गरी यस संस्थालाई योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न स्वीकृति पाउनको लागि यो निवेदन पेश गरिएको छ ।

नाम :

दस्तखतः ..............

पदः ............

छापः

**संलग्न कागजातहरुः**

१. प्रबन्धपत्र तथा नियमावली
२. लेखापरिक्षण भएको पछिल्लो वित्तीय विवरण
३. योग्य संस्थागत लगानीकर्ताको स्वीकृति लिने सम्बन्धमा सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि
४. कर चुक्ता प्रमाणपत्र वा आयकर बुझाएको निस्सा ।

## अनुसूची-२
### (दफा ४ को उपदफा (२) सँग सम्वन्धित)
### योग्य संस्थागत लगानीकर्ताको स्वीकृति दिने ढाँचा

श्री .........................................

................................................

**विषयः** योग्य संस्थागत लगानीकर्ताको स्वीकृति प्रदान गरिएको बारे ।

तहाँबाट पेश भएको निवेदन उपर कारवाही हुदाँ सार्वजनिक निष्काशनमा बुक विल्डिङ्ग सम्बन्धी निर्देशिका, २०७७ को दफा ..... बमोजिम बुक विल्डिङ्ग विधि मार्फत निष्काशित धितोपत्र खरिद प्रक्रियामा सहभागी हुन सक्ने गरी त्यस संस्थालाई योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न स्वीकृति प्रदान गरिएको छ ।

अधिकृत दस्तखतः

नामः

पदः

मितिः

## अनुसूची-३
## (दफा १३ को उपदफा (१) सँग सम्वन्धित)
## कट अफ मूल्य निर्धारण सम्बन्धी ढाँचा

१. योग्य संस्थागत लगानीकर्ताका लागि निष्काशित शेयर संख्या १०,००,००० कित्ता रहेको र बोलकबोल मार्फत आवेदनको अवस्था देहाय अनुसार भएमा बुँदा नं. २ अनुसार कट अफ मूल्य निर्धारण गर्नुपर्नेछ ।

| क्र.सं. | बोलकबोल गर्ने योग्य संस्थागत लगानीकर्ताको संख्या | बोलकबोल रकम (रु.) | जम्मा बोलकबोल शेयर संख्या | बाँडफाँट हुने शेयर (पूर्ण योग) |
|---|---|---|---|---|
| १ | ३ | २५० | ५०,००० | ५०,००० |
| २ | ७ | २४५ | १,५०,००० | २,००,००० |
| ३ | १० | २३५ | २,००,००० | ४,००,००० |
| ४ | १७ | २३० | २,५०,००० | ६,५०,००० |
| ५ | १५ | २२८ | २,७५,००० | ९,२५,००० |
| ६ | २१ | **२२५** | ५,००,००० | **१०,००,०००** (७५,००० कित्ता २१ आवेदकहरुलाई समानुपातिक रुपमा बाँडफाँट हुने) |
| ७ | १५ | २२० | ३,००,००० | |
| ८ | २० | २१८ | ३,५०,००० | |
| ९ | २० | २१५ | २,८५,००० | |
| १० | १० | २१२ | १,५०,००० | |
| **जम्मा** | **१३८** | | **२५,१०,०००** | |

२. रु. २५० देखि रु. २२५ सम्म आवेदन दिने योग्य संस्थागत लगानीकर्तालाई बाँडफाँट गर्दा निष्काशित शेयर पूर्ण रुपमा विक्री हुने भएकोले कट अफ मूल्य रु. २२५ हुनेछ ।

❖❖❖

लागू मितिः २०७८।०३।१५

# वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८

प्रस्तावनाः नेपालमा वस्तु विनिमय बजार सम्बन्धी प्रचलित कानुन बमोजिम वस्तु विनिमय बजार सञ्चालन गर्ने कम्पनी स्थापना गर्न बोर्डबाट पूर्व स्वीकृति, अनुमतिपत्र तथा सञ्चालन स्वीकृति प्रदान गर्ने प्रकृयालाई व्यवस्थित, पारदर्शी एवं विश्वसनीय बनाउन आवश्यक भएकाले नेपाल धितोपत्र बोर्डले वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा ६३ को खण्ड (ख) को व्यवस्था बमोजिम यो "वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका" बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस व्यवस्थाको नाम "वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८" रहेको छ। (२) यो निर्देशिका बोर्डले तोकेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "वस्तु विनिमय बजार" भन्नाले ऐनको दफा ५ बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ सम्झनु पर्छ।

(घ) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झन पर्छ।

(ङ) "बोर्ड व्यवस्थापन" भन्नाले बोर्डको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने अध्यक्ष सहितको कार्यालय सम्झनु पर्छ।

(च) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम संस्थापना भएको कम्पनी वा संगठित संस्था सम्झनु पर्छ।

(छ) "संगठित संस्था" भन्नाले प्रचलित कम्पनी कानुन बमोजिम संस्थापना भएको पब्लिक कम्पनी वा धितोपत्र बजार मार्फत धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्था सम्झनु पर्छ।

(ज) "विदेशी रणनीतिक साझेदार" भन्नाले नपाल बाहिर वस्तु विनिमय बजार सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था सम्झनु पर्छ।

(झ) "प्रस्तावित संस्था" भन्नाले वस्तु विनिमय बजार कम्पनी स्थापना गर्न पूर्व स्वीकृतिका लागि बोर्डमा निवेदन पेश गर्ने संस्था सम्झनु पर्छ।

# परिच्छेद-२

# पूर्व स्वीकृति सम्बन्धी व्यवस्था

३. **<u>वस्तु विनिमय बजार सञ्चालन गर्न आवश्यक न्युनतम चुक्ता पुँजी र आर्थिक स्रोत:</u>** (१) कारोबार गरिने वस्तुका आधारमा वस्तु विनिमय बजार सञ्चालन गर्ने सङ्गठित संस्थाको न्यूनतम चुक्ता पुँजी  देहाय बमोजिम हुनु पर्नेछः-

| न्यूनतम चुक्ता पुँजी | कारोवार गर्न सक्ने वस्तुहरु |
|---|---|
| रु.१ अर्ब ५० करोड | वस्तु विनिमय बजार सम्बन्धी नियमावली,२०७४ को अनुसूची-१३ को खण्ड (क),  (ङ), र (च) मा तोकिएका वस्तुहरु |
| रु.२ अर्ब | वस्तु विनिमय बजार सम्बन्धी  नियमावली,२०७४ को अनुसूची-१३ को खण्ड (क), (ख), (ग), (घ), (ङ), र (च) मा तोकिएका वस्तुहरु |

(२) वस्तु विनिमय बजार सञ्चालन गर्ने संस्थाको संस्थापकहरुले कम्तीमा एकाउन्न प्रतिशत र बढीमा सत प्रतिशत सेयर लगानी गर्ने प्रस्ताव गरी निवेदन दिनु पर्नेछ । प्रस्तावित संस्थामा विदेशी रणनीतिक साझेदार संस्थाले कुल चुक्ता पुँजीको बढीमा एकाउन्न प्रतिशतसम्म सेयर लगानी गर्न सक्नेछ ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि संस्थापकहरु भन्नाले व्यक्ति, स्वदेशी संस्था र रणनीतिक साझेदार संस्था समेतलाई जनाउनेछ ।

(३) संस्थापकहरुले लगानी गर्ने रकम बैंक, वित्तीय संस्था लगायतबाट ऋण सापटी प्राप्त गरेको रकमबाट प्रस्तावित संस्थामा लगानी गर्न पाइने छैन ।

(४) विदेशी रणनीतिक साझेदार संस्थाको लगानीमा स्थापना हुने प्रस्तावित संस्था प्रचलित नेपाल कानुन बमोजिमको सबै कानुनी प्रकृया पूरा गरी दर्ता हुनु पर्नेछ ।

(५) विदेशी रणनीतिक साझेदार संस्थाको सहभागितामा संस्थापना हुन` संस्थाले देहाय बमोजिमका थप विवरणहरु पेश गर्नु पर्नेछः-

(क) नेपालमा संस्थापना हुने प्रस्तावित संस्थामा विदेशी रणनीतिक साझेदार संस्थाले लगानी गर्ने सम्बन्धमा रकम समेत उल्लेख गरेको पत्र ।

(ख) सम्बन्धित मुलुकको नियमन निकायको नेपालमा वस्तु विनिमय बजारमा लगानी गर्न दिएको स्वीकृतिपत्र वा सहमतिपत्र (नो अब्जेक्सन लेटर) ।

(ग) लेखा परीक्षण भएको पछिल्लो तीन वर्षको अवधिमा सञ्चित मुनाफामा सञ्चालन भएको प्रमाणित हुने वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण ।

(घ) प्रस्तावित संस्थामा लगानी गर्ने नेपाली संस्थापक लगानीकर्ताहरुसँग भएको संयुक्त लगानी सम्झौताको प्रमाणित प्रतिलिपि ।

(ङ) विदेशी रणनीतिक साझेदार संस्थाको नेपालमा हाल कुनै संस्थामा लगानी छ भने सो वा कुनै शाखा, प्रतिनिधि वा सम्पर्क कार्यालय छ भने त्यसको व्यहोरा खुल्ने कागजात ।

(६) प्रस्तावित संस्थामा प्रचलित नेपाल कानुन बमोजिम दर्ता भएको कुनै फर्म, सगठित संस्था वा कम्पनी संस्थापक हुने भएमा त्यस्तो फर्म, संगठित संस्था वा कम्पनीको हकमा देहाय बमोजिमका थप विवरणहरु समेत पेश गर्नु पर्नेछः-

(क) दर्ता प्रमाणपत्र र कारोवार गर्न इजाजत पाएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) संस्थामा लगानी गर्ने रकम र प्रतिनिधित्व गर्ने भए प्रतिनिधित्व गर्ने व्यक्ति/संस्था किटान गरिएको सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।

(ग) प्रबन्धपत्र तथा नियमावली वा विनियमको प्रमाणित प्रतिलिपि ।

(घ) सञ्चालकहरुको नामावली र सयर स्वामित्वको अनुपात तथा निजहरुको वित्तीय स्वार्थ भएको संस्था तथा सो संस्थाका सञ्चालकहरुको विवरण ।

(ङ) फर्म, संगठित संस्था वा कम्पनी र त्यसका सञ्चालकहरुले अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

(च) विगत तीन आर्थिक वर्षदेखि सञ्चित मुनाफामा सञ्चालन भएको प्रमाणित हुने लेखा परीक्षण भएको वासलात र नाफा नोक्सान सहितको विवरण ।

४. **वस्तु विनिमय बजार सञ्चालन गर्न कम्पनी संस्थापना गर्नु अघि पूर्व स्वीकृतिको लागि बोर्डमा निवेदन दिन प्रकृया** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि वस्तु विनिमय बजार सञ्चालन गर्ने कम्पनी संस्थापना गर्नुअघि बोर्डको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) कसैले वस्तु विनिमय बजार सञ्चालन गर्न चाहेमा कम्पनी संस्थापना गर्नु अघि वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४ को अनुसूची-१ बमोजिमको ढाँचामा पच्चीस हजार रुपैयाँ समेत सलग्न गरी बोर्ड समक्ष पूर्व स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) अनुरुपको निवेदन शुल्क बोर्डको बैंक खातामा जम्मा गरी सोको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निवेदनको साथमा नियमावलीको अनुसूची-२ लगायत देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(क) प्रस्तावित संस्थाको प्रबन्धपत्र र नियमावली,

(ख) अनुसूची–३ बमोजिमको न्यूनतम विषयहरु समावेश गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन तथा आगामी तीन आर्थिक वर्षको प्रक्षेपित वित्तीय विवरण सहितको व्यावसायिक योजनाको दुई प्रति,

(ग) संस्थापकहरू बीच वस्तु बजार सम्बन्धी संस्था संस्थापना गर्ने सम्बन्धमा कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि,

(घ) संस्थापकले लिने सेयर स्वामित्व सम्बन्धी विवरण तथा लगानीको स्रोत खुल्ने कर चुक्ता प्रमाणपत्र, संस्थापकहरुले लगानी गर्न प्रस्ताव गरेको सम्पूर्ण रकमको श्रोत र सो प्रमाणित हुने कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी प्राप्त हुन आउने विवरणका सम्बन्धमा बोर्ड व्यवस्थापनले सम्बन्धित निकायबाट आवश्यक जानकारी लिन वा सम्बन्धित निकायलाई जानकारी उपलब्ध गराउन समेत सक्नेछ ।

(ङ) प्रस्तावित संस्थाको संस्थापकको अन्य संस्थामा सेयर स्वामित्व वा कुनै संलग्नता रहेको भए सो को विवरण,

(च) विद्युतीय कारोबार प्रणालीको सुरक्षाका लागि गरिने व्यवस्था सम्बन्धी विवरण,

(छ) कारोवार हुने वस्तु र वस्तुको मूल्य सम्बन्धी नियमित सूचना संकलन, प्रशोधन तथा आवश्यक सूचकाङ्क प्रकाशन गर्ने कार्य योजना,

(ज) कुनै विशेष ऐनद्वारा संस्था संस्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(झ) कुनै सङ्गठित संस्थाले वस्तु विनिमय बजार सञ्चालन गर्न चाहने सङ्गठित संस्थाको सेयर लिने भए सो सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ञ) प्रस्तावित वस्तु विनिमय बजारको संस्थापक प्राकृतिक व्यक्तिको अनुसूची-१(क) बमोजिमको विवरण, संस्थापक संस्थाको अनुसूची-१(ख) बमोजिमको विवरण तथा स्वघोषणा र संस्थापक रणनीतिक साझेदार संस्थाको अनुसूची-१(ग) बमोजिमको विवरण तथा स्वघोषणा,

(ट) अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्तावित वस्तु विनिमय बजारको संस्थापक/सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको लागि स्वघोषणा,

(ठ) संस्थापकले ऐन तथा यस नियमावली बमोजिम वस्तु विनिमय बजारको स्वामित्व लिन अयोग्यता नरहेको उद्घोषण,

(ड) संस्थापक कालो सूचीमा रहे नरहेको तथा रहेको भए सो फुकुवा भएको कम्तीमा तीन वर्ष व्यतित भएको निस्सा,

**स्पष्टीकरणः बोड**ँ व्यवस्थापनले संस्थापक कालो सूचीमा रहे नरहेको निस्सा सम्बन्धित निकायबाट प्राप्त गर्न सक्नेछ र यसरी प्राप्त गर्दा लाग्ने सम्पूर्ण शुल्क तथा दस्तुर रकम सम्बन्धित निवेदक संस्थाले व्यहोर्नु पर्नेछ ।

(ढ) प्रस्तावित वस्तु विनिमय बजारको कुल चुक्ता पुँजीको १ प्रतिशत सेयरभन्दा बढी स्वामित्व रहेको संस्थापक वस्तु विनिमय बजारको व्यवस्थापनमा रही कार्य नगर्ने प्रतिवद्धता ।

**स्पष्टीकरणः** रणनीतिक साझेदार संस्थाको हकमा यो व्यवस्था लागू हुने छैन् ।

(५) उपदफा (४) बमोजिम पेश गरेको विवरणमा बोर्डले पूर्व स्वीकृति दिनु पूर्व कुनै परिवर्तन भएमा परिवर्तित विवरणको जानकारी निवेदकले बोर्ड व्यवस्थापनलाई तुरुन्त गराउनु पर्नेछ ।

(६) यस अघि पूर्व स्वीकृतिका लागि बोर्डमा निवेदन दिईसकेकाहरुको हकमा यस निर्देशिका बमोजिमका व्यवस्थाहरु परिपालना हुनेगरी तोकिएको समयसीमा भित्र थप विवरण तथा कागजातहरु पेश गरी निवेदन अद्यावधिक गर्नु पर्नेछ ।

## ५. वस्तु विनिमय बजार सञ्चालन गर्न कम्पनी संस्थापना गर्नु अघि पूर्व स्वीकृति दिने प्रकृया:

(१) प्रस्तावित वस्तु विनिमय बजारको संस्थापकहरुको वित्तीय अनुशासन तथा अवस्थाको वारेमा जानकारी लिन बोड ´ व्यवस्थापनले अनुसूची-७ को ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) वस्तु विनिमय बजार सञ्चालनको पूर्व स्वीकृतिका लागि प्राप्त निवेदन उपर जाँचबुझ गर्दा बोर्ड व्यवस्थापनले आवश्यक ठानेमा निवेदकसँग थप कागजात तथा विवरण माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(३) वस्तु विनिमय बजार सञ्चालनको पूर्व स्वीकृतिका लागि प्राप्त कागजातहरुको जाँचबुझ गरी अनुसूची-४ बमोजिमका आधारहरु बमोजिम संस्थापकहरुको योग्यता परीक्षण गर्दा उपयुक्त देखिएमा बोर्ड व्यवस्थापनले प्रस्तावित सञ्चालकहरुलाई अर्न्तकृयाको लागि बोलाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना अनुसार कुनै पनि प्रस्तावित संस्थापकको वित्तीय अनुशासन तथा अवस्थाको सम्बन्धमा नकारात्मक स्थितिको सम्बन्धमा बोर्डमा जानकारी नआएमा र वस्तु विनिमय बजारको पूर्व स्वीकृतिका लागि बोर्डमा पेश भएको विवरण तथा कागजातका साथै सम्भाव्यता अध्ययन प्रतिवेदन सहितको व्यवसायिक योजनाको अध्ययन तथा विश्लेषणबाट लगानीकर्ता र सर्वसाधारणको हित हुने कुरामा विश्वस्त भई निवेदकलाई पूर्व स्वीकृति दिन उपयुक्त देखिएमा बोर्ड व्यवस्थापनले सिफारिस सहित सञ्चालक बोर्डमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(५) निवेदकलाई वस्तु विनिमय बजार सञ्चालन गर्न प्रचलित कानुन बमोजिम कम्पनी संस्थापना गर्न पूर्व स्वीकृति दिन सञ्चालक बोर्डले उपयुक्त देखेमा संस्थापकले कबूल गरेको न्यूनतम चुक्ता पुँजीको दश प्रतिशत बरावरको रकम "क" वर्गको बाणिज्य बैंकमा जम्मा गरेको प्रमाण पेश गर्न लगाई पचास हजार रुपैयाँ शुल्क लिई आवश्यक विवरण तथा कागजात प्राप्त भएको मितिले तीस दिनभित्र पूर्व स्वीकृति प्रदान गर्नु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक बोर्डले देहायको अवस्थामा पूर्व स्वीकृति प्रदान गर्न इन्कार गर्न सक्नेछ:-

(क) मुलुकको आर्थिक अवस्था तथा कृयाकलापको आधारमा वस्तु विनिमय बजार सञ्चालन गर्न उपयुक्त नहुने भएमा,

(ख) लगानीकर्ताको हित संरक्षणको लागि थप वस्तु विनिमय बजार सञ्चालन गर्न दिनु उचित र उपयुक्त नहुने भएमा,

(ग) वस्तु विनिमय बजार सञ्चालन पूर्व स्वीकृतिको निवेदनसाथ पेश गरिएका विवरणहरु पर्याप्त वा विश्वसनीय नदेखिएमा ।

(७) उपदफा (६) बमोजिम पूर्व स्वीकृति प्रदान नगर्ने भएमा सोको कारण सहितको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

६. **पूर्व स्वीकृति प्रदान गरेपछि अनुमतिपत्र प्राप्त नगरेसम्म बन्देज लाग्ने अवस्थाः** (१) बोर्डबाट पूर्व स्वीकृति प्रदान भएपछि संस्थापकको संख्या थप गर्न पाइने छैन, तर, कुनै संस्थापकको मृत्यु भएमा निजको कानुन बमोजिमको हकवालालाई निजले कबुल गरेको लगानी बराबरको सेयर नामसारी गर्न र सम्बन्धित हकवालाले सेयर खरिद नगरेको वा आंशिक सेयर मात्र खरिद गरेको अवस्थामा हकवालाले खरिद नगरेको सेयर विद्यमान संस्थापकहरुले खरिद गर्न भने बाधा पर्ने छैन ।

(२) बोर्डबाट पूर्व स्वीकृति प्रदान भएपछि कुनै संस्थापकले आफुले लिन कबुल गरेको संस्थापक सेयर लिन नचाही संस्थापकबाट हट्न चाहेमा वा कबुल गरे बराबरको संस्थापक सेयरको अनुपात घटाउन चाहेमा निज संस्थापकहरुको लगानी रकम विद्यमान संस्थापकहरु बीच मात्र थपघट गर्न सकिनेछ, तर, प्रस्तावित सञ्चालकको हकमा निजहरुले सेयर धारण गर्न कबुल गरेको संस्थापक सेयरलाई घटाउन पाइने छैन ।

स्पष्टीकरणः कुनै संस्थापकले कबुल गरे बमोजिम सेयर लिन नचाहेमा अन्य संस्थापकहरुले त्यस्तो सेयरको अंश खरिद गर्न सक्नेछन् ।

(३) पूर्व स्वीकृति प्रदान गरिएपछि बोर्ड व्यवस्थापनको स्वीकृति नलिई संस्थापक सेयर र अनुपात परिवर्तन गर्न पाइने छैन ।

## परिच्छेद-३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

७. **वस्तु विनिमय बजार सञ्चालन अनुमतिपत्र प्राप्त गर्न बोर्डमा निवेदन दिने प्रकृयाः** (१) दफा ५ को उपदफा (५) बमोजिम पूर्व स्वीकृति प्राप्त गरेको संगठित संस्थाले ऐनको दफा ३ बमोजिमको व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गर्न तोकिए बमोजिमको विवरण तथा निवेदन शुल्क रु.२५,००,०००।–(पच्चीस लाख रुपैया मात्र) सहित बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ नियमावलीको अनुसूची-५ लगायत देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(क) वस्तु विनिमय बजार सम्बन्धी

(१) पूर्व स्वीकृतिपत्र

(२) संगठित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(३) प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि,

(४) कुनै विशेष ऐनद्वारा स्थापना भएको सङ्गठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(५) कम्पनी वा सङ्गठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको स्वघोषणा,

(६) कम्पनी वा सङ्गठित संस्था वा कम्पनी वा सङ्गठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत उपर प्रचलित कानुन बमोजिम कुनै कारबाही भएको भएमा वा भैरहेको भए सो सम्बन्धी विवरण,

(७) कर दर्ता प्रमाण,

(८) सदस्यता प्रदान, वस्तु कारोवार सञ्चालन तथा कारोबार राफसाफ सम्बन्धमा अवलम्बन गरिने व्यवस्थाको संक्षिप्त विवरण,

(९) वस्तु कारोबारका अभिलेख राख्न तथा अभिलेखको सुरक्षा गर्न गरिने व्यवस्था,

(१०) वस्तु कारोबार सञ्चालनका लागि तयार गरिने स्वचालित कारोबार तथा राफसाफ प्रणाली, कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,

(११) कारोवार व्यवसायी सदस्यता सम्बन्धी विनियमावली र सदस्यता प्रदान गर्न सक्ने वस्तु दलाल व्यवसायी तथा वस्तु व्यापारीको अधिकतम सङ्ख्या सम्बन्धी विवरण,

(१२) सदस्यता प्रदान गर्न सक्ने वस्तु दलाल व्यवसायी तथा वस्तु व्यापारीको अधिकतम संख्या सम्बन्धी विवरण ।

(ख) वस्तु विनिमय बजार व्यवसाय सम्बन्धी कम्तिमा पाँच वर्षको अनुभव भएको पूर्णकालीन कार्य गर्ने गरी न्युनतम दुई जना योग्य कर्मचारीको नियुक्ति गरेको खुल्ने कागजात ।

(ग) चुक्ता पुँजीको एक प्रतिशत भन्दा बढी लगानी नभएको तथा स्वतन्त्र व्यावसायिक व्यक्ति मात्र व्यवस्थापनमा संलग्न भएको सम्बन्धी विवरण, तर, विदेशी रणनीतिक साझेदार  संस्थाको हकमा उक्त व्यवस्था लागू हुने छैन् ।

(घ) संस्थापकले कबूल गरेको न्यूनतम चुक्ता पुँजीको चालिस प्रतिशत बरावरको रकम "क" वर्गको बाणिज्य बैंकमा जम्मा गरेको प्रमाण निवेदन साथ पेश गर्नु पर्नेछ ।

(ङ) रणनीतिक साझेदार संस्था सम्बन्धित मुलुकको नियमन निकायले नेपालमा वस्तु विनिमय बजारमा लगानी गर्न स्वीकृति दिएको पत्र ।

(च) देहाय बमोजिकका थप कागजात तथा विवरणहरु:-

(१) लगानीकर्ता संरक्षण कोषको व्यवस्था तथा सञ्चालन विनियमावली,

(२) वस्तु विनिमय बजार साक्षरता कार्यक्रम सञ्चालन सम्बन्धी कार्य योजना,

(३) वस्तुको मूल्यमा हुने ठूलो उतार चढाव, प्रणाली एवं प्रविधिगत जोखिम, बजार तरलता सम्बन्धी जोखिम व्यवस्थापन सम्बन्धी नीति तथा जोखिम व्यवस्थापन समिति गठन गरेको प्रमाणित कागजात,

(४) कारोवारबाट श्रृजना हुनसक्ने विदेशी विनिमय सम्बन्धी दायित्व व्यवस्थापन सम्बन्धी कार्यविधि,

(५) कारोवारका लागि आवश्यक मार्जिन तथा सोको निर्धारण सम्बन्धी कार्यविधि,

(६) कारोवार गर्ने वस्तुहरु सम्बन्धी विवरण र सन्दर्भ मूल्य लिने सम्बन्धी कार्यविधि,

(७) साझेदार बैंक सम्बन्धी विवरण,

(८) ठूलो कारोवारीको सूचना प्रवाहको पद्दती,

(९) कारोवारमा अनियमितता हुन नदिन गरिएको नियन्त्रण सम्बन्धी नीतिगत व्यवस्था,

(१०) कारोवार हुन वस्तुहरुको माग तथा आपूर्तिको पूर्वानुमानको संयन्त्रे ,

(११) गोदामघर संयन्त्र तथा भौतिक वस्तु सहजतापूर्वक हस्तान्तरण हुने व्यवस्था सम्बन्धी कार्यविधि,

(१२) कर्मचारीहरुलाई नियमितरुपमा तालिम प्रदान गर्ने तथा व्यवसायिकता विकास गर्ने योजना,

(१३) बजार सदस्य लगायत अन्य बजार सहभागीहरुको कारोवार नियमितरुपमा सुपरिवेक्षण एव अनुगमन गर्ने संयन्त्र तथा कार्यविधि,

(१४) राफसाफ प्रत्याभूति कोष तथा सञ्चालन विनियामावली,

(१५) लगानीकर्ताको गुनासो सुन्ने तथा समाधान गर्ने व्यवस्था,

(१६) कारोवार सम्बन्धमा श्रृजना हुनसक्ने विवाद समाधान गर्ने नीति तथा संयन्त्रसम्बन्धी अवधारणा,

(१७) कारोवार प्रणाली तथा राफसाफ तथा फछ्र्यौट प्रणाली र सोको सुरक्षा सम्बन्धी अवधारणा,

(१८) संस्थाको विभागीय स्वरुप सहितको संगठन ढाँचा एवं कर्मचारीको व्यवस्था सम्बन्धी विवरण,

(१९) बजार सञ्चालन कार्यविधि,

(२०) लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि सम्बन्धी व्यवस्था,

(२१) संस्थागत सुशासन कायम गर्ने सम्बन्धी नीतिगत व्यवस्था ।

(३) वस्तु विनिमय बजारको अनुमतिपत्र प्राप्त गर्नको लागि बोर्ड समक्ष निवेदन दिने प्रस्तावित वस्तु विनिमय बजारको सञ्चालक समितिले देहायका कुराहरुमा प्रतिबद्धता जाहर गरेको कागजात निवेदनसाथ पेश गर्नु पर्नेछः-

(क) वस्तु विनिमय बजार कारोबार सञ्चालन गर्ने सम्बन्धमा बोर्डले तोकेका शर्तहरु र कारोवार प्रणालीमा आवश्यक सुधार गर्ने सम्बन्धमा बोर्डले दिएको निर्देशन पालना गर्ने,

(ख) प्रस्तावित वस्तु विनिमय बजारले कारोबार सञ्चालन नियमित रुपमा भई लगानीकर्ताको हक हित संरक्षण हुने,

(ग) प्रस्तावित बजारले कारोबार सञ्चालन गरुन्जेल बोर्डले समय समयमा तोकिदिए बमोजिमको न्यूनतम सेयर पुँजी तथा आवश्यक तरल पुँजी कायम राख्ने,

(घ) बोर्ड सन्तुष्ट हुने गरी वस्तु विनिमय बजार सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गरी सेवा तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको,

(ङ) कारोवार र राफसाफ तथा फछ्र्यौट प्रणालीको नियमितरुपमा संपरीक्षण तथा कारोवार सम्बन्धी तथ्याङ्क तथा विवरणको सुरक्षा गर्ने,

(च) ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी नियमन व्यवस्थाको पूर्णरुपमा परिपालना गर्ने ।

**८. <u>वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमति दिने प्रकृयाः</u>** (१) दफा ७ बमोजिमको निवेदन र कागजातको अध्ययन गर्दा निवेदकसँग थप विवरण वा कागजात माग गर्नुपर्ने वा पेश भएको विवरण वा कागजातका सम्बन्धमा थप स्पष्ट गर्नुपर्ने देखिएमा बोर्ड व्यवस्थापनले त्यस्तो विवरण वा कागजात माग गर्न वा पेश भएको विवरण वा कागजातका सम्बन्धमा थप स्पष्ट गर्न बढीमा तीस दिनको अवधि तोकी आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएमा सम्बन्धित निवेदकले त्यस्तो आदेश बमोजिम विवरण वा कागजात पेश गर्ने वा पेश भएको विवरण वा कागजातमा थप स्पष्ट गर्नु पर्नेछ।

(३) अनुमतिपत्र प्रदान गर्नुअघि बोर्ड व्यवस्थापनले प्रस्तावित वस्तु विनिमय बजारका प्रमुख कार्यकारी अधिकृतलाई वस्तु विनिमय बजारको सम्बन्धमा प्रस्तुतिकरण गर्न लगाउन सक्नेछ।

(४) दफा ७ बमोजिम प्राप्त निवेदन र कागजात अध्ययन गदा लगानीकर्ता र सर्वसाधारणको हित हुने कुरामा बोर्ड व्यवस्थापन सन्तुष्ट भई वस्तु विनिमय बजार सञ्चालनका लागि अनुमति प्रदान गर्न उपयुक्त देखेमा एक सय बीस दिनभित्र नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुमतिपत्र प्रदान गर्दा वस्तु बजारको अवस्था, व्यवसायको स्वस्थ सञ्चालन तथा लगानीकर्ताहरूको हितको संरक्षणलाई ध्यानमा राखी बोर्ड व्यवस्थापनले आवश्यक देखेमा अन्य आवश्यक शर्तहरू समेत तोक्न सक्नेछ र त्यस्तो शर्तहरुको पालना गर्नु अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

९. **<u>अनुमतिपत्र दिन इन्कार गर्न सकिने:</u>** दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक बोर्डले मुलुकको अर्थतन्त्र, औद्योगिक व्यवसायको विकास, वस्तु कारोबारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणको दृष्टिकोणले उपयुक्त नदेखिएमा अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछ र त्यसरी इन्कार गर्नाको आधार र कारण उल्लेख गरी यथाशीघ्र लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

१०. **<u>पूर्वाधार तयार गर्नु पर्ने:</u>** (१) दफा ८ उपदफा (४) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र प्राप्त गरेको एकसय असी दिनभित्र देहाय बमोजिमको न्यूनतम पूर्वाधार तयार गरी बोर्डलाई जानकारी दिनु पर्नेछः-

(क) नियमावलीको अनुसूची-९ बमोजिम वस्तु विनिमय बजार सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्बन्धी विवरणः-

(१) कार्यालयको क्षेत्रफल कम्तीमा दुई हजार वर्गफिट भएको, (२) आवश्यक संख्या र योग्यता पुगेका कर्मचारी रहेका,

(३) वस्तु विनिमय कारोबार सञ्चालनका लागि तयार गरिएको कारोबार स्थल, स्वचालित कारोबार तथा राफसाफ प्रणाली, कार्यालय उपकरण तथा प्रविधि जडान गरिएको,

(४) वस्तु विनिमय बजार कारोबार प्रणाली तथा सम्बन्धित प्रविधि र तथ्याङ्कको आवश्यक सुरक्षाका लागि पर्याप्त व्यवस्था गरिएको,

(५) वस्तु विनिमय कारोबारको अभिलेख राख्ने तथा अभिलेखको सुरक्षा गर्ने व्यवस्था गरेको,

(६) टेलिफोन, कम्प्यूटर, प्रिण्टर, फ्याक्स, कुर्सी टेबल, लगायत आवश्यक भौतिक सामानको व्यवस्था गरिएको,

(७) सर्वसाधारणको लागि सरल पहुँच हुने स्थानमा कार्यालय स्थापना गरेको।

(ख) लगानीकर्ताबाट प्राप्त खरिद/बिक्री आदेश स्वीकार गर्ने, मिलान गर्ने तथा कारोवारको सम्पूर्ण विवरण सुरक्षित राख्ने र कारोवार सम्बन्धी संभावित जालसाझी र छलकपटबाट लगानीकर्ता तथा अन्य सरोकारवालाहरुलाई जोगाउन विद्युतीय कारोवार संयन्त्रमा पर्याप्त सुरक्षाका उपायहरु अपनाइएको सुनिश्चित हुन सकिने व्यवस्था भएको ।

(ग) विद्युतीय कारोवार संयन्त्रले सम्बन्धित वस्तुको करार, करार महिना (अवधि), खरिद/बिक्री आदेश, ग्राहकको परिचय, करार संख्या, खरिद/बिक्री गर्न मूल्य (प्रचलित मूल्यमा वा लिमिट/स्टप मूल्य जस्ता विषयको बारेमा स्पष्ट विवरण दिने तथा कारोवारको अभिलेख राख्ने व्यवस्था पूरा भएको ।

(घ) कारोवार सम्बन्धी सफ्टवयेर वा प्रणालीको गुणस्तर, प्रभावकारिता, विश्वसनीयता तथा प्राविधिक पक्षको आधिकारिक निकायबाट परीक्षण र पुष्ट्याई गराई कारोवार सञ्चालनको लागि मान्यता प्राप्त गरेको वा एप्लीकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपिआई) सहितको आदेश मिलान हुने कारोवार प्रणाली, लगानीकर्ता एप्स (इन्भेष्टर्स एप्स्), वास्तविक समयमा बजार अनुगमन गर्न सकिने प्रणालीको व्यवस्था र बोर्डलाई वास्तविक समय अनुगमन गर्न पहुँच उपलब्ध गराउने पद्दती सहितको अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको स्वचालित विद्युतीय कारोवार प्रणालीको व्यवस्था भएको ।

(ङ) कुनै पनि समयमा आइपर्न सक्ने भवितव्य वा दुर्घटनाबाट तथ्याङ्क नष्ट हुन नदिनका लागि महत्वपूर्ण सूचनाहरु सुरक्षित राख्न कम्तीमा तीस किलो मिटरको दुरीको फरकमा वा छुट्टाछुट्टै भूकम्पकीय क्षेत्र (सेएइस्मिक जोन) मा सूचना भण्डारण केन्द्र, ब्याकअप सर्भर, वस्तुका करारहरुको मार्जिनको निरन्तर अनुगमनको व्यवस्था र सूचना सञ्जालको व्यवस्था भएको ।

(च) अनलाइन कारोवारको सुविधा तथा राष्ट्रिय पँहुच सहित कुशल तथा वास्तविक समय अनुगमन तथा सुपरिवेक्षण पद्दति स्थापना र सोको सञ्चालनका लागि पर्याप्त दक्ष जनशक्तिको व्यवस्था भएको ।

(छ) कारोवारको राफसाफ गृह र यसका सदस्यहरुले वस्तु विनिमय बजारमा हुने करार हरुको कारोवारबाट सृजित सम्पूर्ण दायित्व पूरा गर्न सक्ने सुनिश्चित हुन सकिने गरी राफसाफ तथा फछ्र्यौट् र आवश्यक अन्य व्यवस्था भएको ।

(ज) संस्थापकले कबूल गरेको न्यूनतम चुक्ता पुँजीको बाँकी पचास प्रतिशत बरावरको रकम "क" वर्गको बाणिज्य बैंकमा जम्मा गरेको प्रमाण निवेदन साथ पेश गर्नु पर्नेछ ।

(झ) दफा ३ उपदफा (१) मा उल्लेखित (क), (ङ) र (च) समूहका कृषिजन्य वस्तुहरुको कारोवार गर्न तयार गरिने करारमा गुणस्तरको सम्बन्धमा नेपाल नाप तौल बिभाग तथा गुणस्तर बिभाग र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण बिभागबाट प्रमाणपत्र पाप्त गर्ने व्यवस्था गरेको ।

(ञ) नियमावलीको अनुसूची-१० बमोजिमको ढाँचामा तयार गरिएको जनशक्तिको विवरण ।

(ट) वस्तु कारोवार तथा करार बमोजिमको रकम लेनदेन गर्दा बैंकिङ्ग प्रणाली मार्फत् गर्ने र ग्राहक पहिचान विवरण (केवाईसी) अद्यावधिक गरी राख्ने व्यवस्था गरेको ।

(२) बोर्डले समय समयमा निर्धारण गरेको अन्य पूर्वाधार ।

**११. कारोबार सञ्चालनको स्वीकृतिः** (१)अनुमतिपत्र प्राप्त संस्थाबाट दफा १० बमोजिम पूर्वाधार तयार गरेको जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र बोर्ड व्यवस्थापनले आवश्यक निरीक्षण तथा जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बोडले निरीक्षण तथा जाँचबुझ गर्दा वस्तु विनिमय बजार सम्बन्धी व्यवसाय सञ्चालन गर्न उपयुक्त देखेमा बोर्ड व्यवस्थापनको सिफारिशमा सञ्चालक बोर्डले कारोबार सञ्चालनको स्वीकृति दिनेछ ।

(३) उपदफा (२) बमोजिम कारोबार सञ्चालनको स्वीकृति प्राप्त गरेको तीस दिनभित्र अनुमतिपत्र प्राप्त संस्थाले नियम पालना अधिकृत (कम्प्लायन्स अफिसर) तोकी सोको जानकारी बोर्डलाई तुरुन्त दिनु पर्नेछ ।

**१२. अनुमतिपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) वस्तु विनिमय बजार सञ्चालन अनुमतिपत्रको अवधि तीन वर्ष बहाल रहनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा नब्बे दिन अगावै अनुमतिपत्र नवीकरणका लागि नियमावलीको अनुसची-४ बमोजिमको रु.७,५०,०००।– दस्तुर सहित नियमावलीको अनुसची-७ बमोजिम तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा तीस दिन अगावै अनुमतिपत्र नवीकरणका लागि लाग्ने दस्तुरको दोब्बर दस्तुर सहित बोर्ड समक्ष नियमावलीको अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन दिन सकिनेछ ।

(४) उपदफा (२) वा उपदफा (३) बमोजिम नवीकरणका लागि निवेदन प्राप्त भएमा बोर्ड व्यवस्थापनले निवेदन प्राप्त भएको तीस दिनभित्र नवीकरण गरी त्यसको जानकारी अनुमतिपत्र प्राप्त संस्थालाई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम अनुमतिपत्र नवीकरण नभई अनुमतिपत्रको अवधि समाप्त भएमा त्यस्तो संस्थाको अनुमतिपत्र ऐनको दफा ३५ को उपदफा (१) बमोजिम खारेज हुनेछ र त्यसको जानकारी सम्बन्धित पक्षलाई यथाशीघ्र दिनु पर्नेछ ।

## परिच्छेद-४

## सञ्चालक समिति सम्बन्धी व्यवस्था

**१३. सञ्चालक सम्बन्धी व्यवस्थाहरुः** (१) वस्तु विनिमय बजारमा कम्तीमा दुई जना स्वतन्त्र सञ्चालक सहित बढीमा सात जना सञ्चालक रहने छन ।

(२) सञ्चालकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानुन विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ख) पैंतीस वर्ष उमेर पूरा गरेको, र

(ग) तोकिए बमोजिमको अयोग्यता नरहेको ।

(३) सञ्चालकको नियुक्ति गर्दा सम्भव भएसम्म उपदफा (२) को खण्ड (क) मा उल्लिखित फरक फरक विधाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(४) स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने प्रयोजनको लागि वस्तु विनिमय बजारले रिक्त स्वतन्त्र सञ्चालकको संख्याको तेब्बर संख्यामा सम्भाव्य उम्मेदवारको नामावली सिफारिश गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएका सम्भाव्य उम्मेदवारहरु मध्येबाट उपयुक्त उम्मेदवारलाई बोर्डले स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।

(६) वस्तु विनिमय बजारको संस्थापकले अनुसूची-४ र सञ्चालकले अनुसूची-५ बमोजिमका फिट एण्ड प्रोपर मापनका आधारहरु पूरा गर्नु पर्नेछ ।

(७) वस्तु विनिमय बजारमा कार्यकारी सञ्चालक/अध्यक्षको नियुक्त गर्न पाइने छैन ।

**१४. <u>प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था:</u>** (१) अनुमति प्राप्त संस्थाको सञ्चालक समितिले प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले प्रमुख कार्यकारी अधिकृत नियुक्त भएको सात दिनभित्र नियमावलीको अनुसूची-१२ बमोजिमको विवरण सहितको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(३) प्रस्तावित वस्तु विनिमय बजारको प्रमुख कार्यकारी अधिकृत/प्रबन्ध सञ्चालकले अनुसूची-६ बमोजिमको फिट एण्ड प्रोपर मापन आधार पुरा गर्नु पर्नेछ ।

(४) प्रमुख कार्यकारी अधिकृत विदेशी नागरिक भएमा नियुक्ती गर्नु अघि बोर्डबाट पूर्व स्वीकृति लिनुपर्ने र कार्यभार सम्हाल्नु अघि प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

**१५. <u>सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतको अयोग्यता:</u>** देहायको कुनै अवस्था विद्यमान रहेको कुनै व्यक्ति अनुमति प्राप्त संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुनेछः-

(क) मानसिक सन्तुलन ठीक नभएको,

(ख) प्रचलित कानुन बमोजिम दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी, ठगी वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको,

(घ) बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालो सूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन बर्ष पूरा नभएको,

(ङ) प्रचलित कानुन बमोजिम कर दाखिला नगरेको वा प्रचलित कानुन बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत रहेको,

(च) स्वार्थ बाझिने कुनै अर्को सङ्गठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत रहेको,

(छ) अर्को कुनै वस्तु विनिमय बजार, वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस व्यवसायीको बहालवाला पदाधिकारी भएको,

(ज) धितोपत्र सम्बन्धी कसूरमा सजाय पाएको मितिले दश वर्ष पूरा नभएको ।

## परिच्छेद-५
## विविध

**१६. <u>वस्तु विनिमय बजारको सेयर सम्बन्धी व्यवस्था:</u>** (१) कसैले पनि वस्तु विनिमय बजार सञ्चालन गर्ने कम्पनीको चुक्ता पुँजीको पाँच प्रतिशत भन्दा बढी सेयर लिन सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी पुँजी, सीप तथा प्रविधिको प्रयोग गरी वस्तु विनिमय बजार सञ्चालन गर्ने प्रयोजनको लागि रणनीतिक साझेदार संस्थाको रुपमा विदेशी लगानीकर्ताले प्रस्तावित कम्पनीको चुक्ता पुँजीको बढीमा एकाउन्न प्रतिशतसम्म सेयर लिन सक्नेछ ।

**१७. <u>पद तथा गोपनीयताको सपथग्रहण सम्बन्धी व्यवस्था:</u>** वस्तु विनिमय बजारको प्रमुख कार्यकारी अधिकृत र अध्यक्षले कार्य शुरु गर्नु अगावै बोर्ड अध्यक्ष समक्ष पद तथा गोपनीयताको सपथग्रहण गर्नु पर्नेछ ।

**१८. <u>निर्देशिकाको व्याख्या:</u>** यो निर्देशिकामा लेखिएका कुराहरु कार्यान्वयन गर्ने सिलसिलामा कुनै कठिनाई पर्न आएमा वा निर्देशिकाको कुनै व्यवस्था अस्पष्ट भएमा वा द्विविधाजनक देखिएकोमा सञ्चालक बोर्डले सो को व्याख्या गरी वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूचीहरु

## अनुसूची-१(क)

(दफा ४ को उपदफा (४) खण्ड(ञ) सँग सम्बन्धित)

प्रस्तावित वस्तु विनिमय बजारको संस्थापकका व्यक्तिगत विवरण

| हालसालै खिचिएको फोटो |
|---|

१. पूरा नाम थर:
२. जन्म मिति:
३. जन्म स्थान:
४. नागरिकता:
५. पुरा ठेगाना: (क) स्थायी: (१) टेलिफोन (२) इमेल (३) फ्याक्स
(ख) अस्थायी: (१) टेलिफोन (२) इमेल (३) फ्याक्स
६. हालको पेशा:
(क) फर्म वा कार्यालयको नाम:
(ख) ठेगाना:
(ग) व्यवसायको प्रकृति/काम:
(घ) पदको नाम:
(ङ) टेलिफोन/ फ्याक्स/ईमेल:
७. वैवाहिक स्थिति:
(क) विवाहित/ अविवाहित/सम्बन्ध विच्छेद भई अलग बसेको:
(ख) विवाहितको हकमा पति/पत्नीको नाम:
(ग) पति/पत्नीको पेशा:
(घ) आश्रितहरुको विवरण:

| पुरा नाम | सम्बन्ध | उमेर | इच्छाएको व्यक्ति/संस्था | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ...................... | ................. | .......... | ............................. | ................... |
| ...................... | ................. | .......... | ............................. | .................... |

८. बावु बाजेको नाम
(क) बाबुको नाम:
ठेगाना: पेशा:
(ख) बाजेको नाम:
ठेगाना:
९. शैक्षिक योग्यता:

| तह | संस्थाको नाम, ठेगाना | मुख्य विषय | उपाधि लिएको वर्ष |
|---|---|---|---|
| एस.ई.ई./एस.एल.सी. | | | |

| | | | |
|---|---|---|---|
| प्लस टू/प्रविणता प्रमाणपत्र | | | |
| स्नातक | | | |
| स्नातकोत्तर | | | |
| विद्यावारिधि | | | |
| अन्य | | | |

१०. रोजगारी/अनुभवको अभिलेख (विगत ५ वर्षको):

| संस्थाको नाम, ठेगाना | अवधि | पद | काम छोडनुको कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

११. लगानीको स्रोतः मैले/हामीले प्रस्तावित संस्थामा रकम रु........................................ .................. (अक्षरेपी.................................. ) लगानी गर्न लागेको छु/छौं । उक्त रकम संस्थाको कूल जारी पजीको प्रतिशत ............. हुन्छ । मैले/हामीले कारोवार गर्ने कर कार्यालय ....................................हो ।

साथै, लगानी गर्न लागेको रकमको आय स्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं ।

| क्र. सं. | लगानी रकम रु. | लगानी गर्ने रकमको श्रोत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| जम्मा: | | | |

नोटः माथि उल्लिखित विभिन्न स्रोतहरुबाट लगानी गर्न प्रस्ताव गरिएको रकमको लागि देहाय बमोजिमका आवश्यक प्रमाणहरु पेश गर्नु पर्नेछः (क) उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन गरेको भए कुन कुन उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन भएको हो सो को विवरण स्पष्ट हुने कागजात र सो मा तिरेको कर सम्वन्धी कागजात, (ख) पैतृक वा पारिवारिक सम्पत्तिबाट सेयरमा लगानी गर्न प्रस्ताव गरिएको अवस्थामा सो सम्बन्धी अंशबण्डा लिखतको प्रतिलिपि वा अन्य कागजात । अंशवण्डा नभएको हकमा चल/अचल संपत्ति हस्तान्तरण भएको प्रमाण, (ग) घरजग्गा विक्रीबाट प्राप्त आयको हकमा रकम स्पष्ट हुने रजिष्ट्रेशन लिखतको प्रतिलिपि, लाभांशको

हकमा त्यस्तो लाभांश प्राप्त गरेको कम्पनी, वर्ष, रकम आदि विस्तृत विवरण, (घ) घरबहाल आयको हकमा सो सम्बन्धी सम्झौताको छवि चित्र र कर चुक्ता गरेको प्रमाण सहितको आय विवरण, पारिश्रमिक आयको हकमा सम्बन्धित रोजगारदाताबाट प्रमाणित आयको विवरण, (ङ) कृषि आयको हकमा कहाँ र कुन स्थानको कति जमीन, स्वामित्व प्राप्त भएको मिति तथा कृषियोग्य आयआर्जन हो सो विवरण तथा सो व्यहोरा खुल्ने कागजात र लालपूर्जाको प्रतिलिपि, (च) पेन्सन तथा अवकास रकमको हकमा सो वापत प्राप्त रकम प्रमाणित हुने पेन्सन पट्टा वा यस्तै अन्य आधिकारिक कागजात, रेमिटान्स बापत प्राप्त रकमको हकमा रेमिटान्स पठाउने र पाउने बीचको नाता, कहाँबाट के वापत यस्तो रेमिटान्स प्राप्त भएको हो सो खुल्ने कागजात, (छ) माथि उल्लिखित श्रोत वाहेक अन्य श्रोतवाट लगानी गर्ने भएमा त्यस्तो श्रोत प्रमाणित हुने कागजात ।

१२. एकाघर परिवार सम्बन्धी विवरणः

| क्र.सं. | पूरा नाम थर | नाता | पेशा/व्यवसायको विवरण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

१३. प्रस्तावित संस्थाको सेयर धारण गर्ने सम्बन्धी विवरणः

| धारण गरेको सेयर संख्या | कुल सेयर पुँजीको प्रतिशत | कैफियत |
|---|---|---|
| | | |
| | | |

१४. तपाईले कुनै व्यवसायिक विषयमा काम गर्न कुनै अनुमतिपत्र पाप्त गर्नु भएको छ ?

छ　　　　छैन

यदि छ भने

(क) अनुमतिपत्रको प्रकृतिः　　　　(ख) अनुमतिपत्र लिएको मितिः

(ग) अनुमतिपत्र नम्वरः　　　　(घ) अनुमतिपत्र दिने संस्था र ठेगानाः

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. अघिल्लो आर्थिक वर्षसम्मको कर दाखिला गरेको प्रमाण ।

२. योग्यता, अनुभव, व्यवसायीक विषयमा काम गर्न अनुमतिपत्र प्राप्त गरेको प्रमाणित गने कागजात ।

३. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

दस्तखतः

नामः

मितिः

ठेगानाः

टेलिफोन/मोबाइलः

# अनुसूची-१(ख)

((दफा ४ को उपदफा (४) खण्ड(ञ) सँग सम्बन्धित)

**प्रस्तावित वस्तु विनिमय बजारको संस्थापक (स्वदेशी संस्था) सम्बन्धी विवरण तथा स्वघोषणा (क) विवरण**

१. कम्पनीको नाम
२. केन्द्रीय कार्यालय रहेको स्थान
३. पूरा ठेगाना (टेलिफोन, फ्याक्स समेत)
४. सञ्चालक समितिका सदस्यहरूको नाम र ठेगाना, टेलिफोन नम्बर तथा तीन पुस्ते विवरण
५. प्रस्तावित संस्थापक स्वदेशी संस्थाका संस्थागत सेयरधनीको विवरण,
६. वस्तु विनिमय बजारमा लगानी गर्ने सम्बन्धी सञ्चालक समितिको निर्णय,
७. सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृत र अन्य अधिकृत कर्मचारीलाई वस्तु विनिमय बजार सम्बन्धमा प्रदान गरेको अख्तियारी,
८. लगानी गरेको कुल सेयर संख्या र रकम रु.
९. लगानीको प्रतिशतः
१०. पाँच प्रतिशतभन्दा बढी सेयर भएका संस्थापकहरुको विवरण

**संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरुः**

१. कम्पनीको संस्थापना र गठन सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी
२. स्थायी लेखा नम्वर सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि
३. अघिल्लो आर्थिक वर्षसम्मको करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
४. संस्थाको गत तीनवर्षको वार्षिक प्रतिवेदन वा लेखा परीक्षण प्रतिवेदनः
५. कम्पनीको उद्देश्य खुल्ने प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि

**ख) स्वघोषणा**

नेपाल धितोपत्र बोर्ड
ललितपुर–१५, खुलमटार ।

विषयः स्वघोषणा सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा वस्तु विनिमय बजार सम्बन्धी कार्य गर्ने प्रयोजनको लागि देहाय बमोजिम स्वघोषणा पेश गरिएको छ ।

| क्र.स. | प्रश्नावली | जवाफ |
|---|---|---|
| १ | दामासाही सम्बन्धी कारबाहीमा परेको भए बाह्र वर्ष अवधि व्यतित भएको: | |
| २ | अर्को वस्तु विनिमय बजारको सेयरधनी नरहेको: | |
| ३ | प्रचलित कानुन बमोजिम करार गर्न अयोग्य नरहेको: | |
| ४ | प्रचलित कानुन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको वा त्यस्तो सूचीबाट हटेको तीन वर्षको अवधि पूरा भएको: | |
| ५ | सरकारी रकम तिर्न बाँकी नभएको: | |
| ६ | प्रचलित कानुन बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश गरेको, | |
| ७ | वित्तीय विवरण सार्वजनिक गर्नुपर्ने कम्पनी वा सङ्गठित संस्थाको हकमा लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक गरेका, | |
| ८ | अन्य वस्तु कारोबार व्यवसायी कम्पनीमा कुनै लाभको पद ग्रहण नगरेको, | |

| | | |
|---|---|---|
| ९ | यस नियम बमोजिम सयर लिन अयोग्य नरहेको कम्पनी वा सङ्गठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत नरहेको । | |

आधिकारीक प्रतिनिधिको दस्तखतः
आधिकारीक प्रतिनिधिको नामः
कम्पनीको नामः
कम्पनीको छापः
मितिः
ठेगानाः

## अनुसूची-१(ग)

((दफा ४ को उपदफा (४) खण्ड(ञ) सँग सम्बन्धित)

## प्रस्तावित वस्तु विनिमय बजारको विदेशी रणनीतिक साझेदार संस्थाको विवरण तथा स्वघोषणा

### (क) विदेशी रणनीतिक साझेदार संस्था सम्बन्धी विवरण

१. रणनीतिक साझेदार संस्थाको नामः
२. रणनीतिक साझेदार संस्थाको पूरा ठेगानाः
३. संस्था संस्थापना भएको मितिः साल............ महिना..........तारिख (ई.सं.मा)
४. संस्थाको कानुनी स्वरुप तथा कम्पनी संस्थापना भएको कानुनः
५. प्रमुख गतिविधिहरु सम्बन्धी संक्षिप्त विवरणः
६. प्रमुख गतिविधि शुरु गरेको वर्ष र अवधिः
७. संस्थाको समूह सम्बन्धी विवरणः
८. रणनीतिक साझेदार संस्था आवद्ध रहेको अन्य कम्पनीको नाम, देश र साल
९. कुल चुक्ता पुँजी रु.................
१०. विगत तीन वर्षको अवधिको प्रत्येक वर्षको सञ्चित मुनाफाको अवस्थाः
११. निवेदक संस्था कुनै कोष भए सो सम्बन्धी विवरणः
१२. सम्बन्धित देशको नियमन संस्था सम्बन्धी जानकारीः
१३. वस्तु विनिमय वजारमा लगानी गर्न चाहेको कुल रकम रु.
१४. लगानीको प्रतिशत (कुल चुक्ता पुँजीको) रकम रु.
१५. नेपालमा अन्य संस्थाहरुसँग रणनीतिक साझदार संस्था रहेको भए सो सम्बन्धी विवरणः
१६. कुनै अदालती वा नियमन कारवाहीमा परेको भए सो सम्बन्धी विवरणः

### (ख) स्वघोषणा

१. रणनीतिक साझेदार संस्था दामासाहीमा नपरेको
२. कुनै पनि प्रकारको अनुमतिपत्र खारेजीमा नपरेको
३. वस्तु विनिमय बजार तथा विदेशी विनिमय सम्बन्धी कानुन र प्रचलित नेपाल कानुनको पूर्ण पालना गर्ने,

आधिकारीक प्रतिनिधिको दस्तखतः
आधिकारीक प्रतिनिधिको नामः
कम्पनीको नामः
कम्पनीको छापः
मितिः

ठेगानाः

## अनुसूची-२

(दफा ४ को उपदफा (४) खण्ड(ट) सँग सम्बन्धित)

## प्रस्तावित वस्तु विनिमय बजारको संस्थापक/सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको लागि स्वघोषणा

नेपाल धितोपत्र बोर्ड

ललितपुर–१५, खुलमटार ।

विषयः स्वघोषणा सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा वस्तु विनिमय बजार सम्बन्धी कार्य गर्ने प्रयोजनको लागि देहाय बमोजिम स्वघोषणा गर्दछुः-

| क्र.सं. | प्रश्नावली | जवाफ |
|---|---|---|
| १ | तपाई कुनै नैतिक पतन देखिने फौजदारी कसूरमा दोषी ठहरिनु भएका छः | |
| २ | तपाईले देवानी कानुन उल्लघंन गरेको कारणबाट सजायँ पाउनु भएको छः | |
| ३ | मानसिक सन्तुलन ठीक छः | |
| ४ | ठगी वा नैतिक पतन देखिने फौजदारी सम्बन्धी कसूरको अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको छः | |
| ५ | दामासाही सम्बन्धी कारबाहीमा परेको भएमा, दामासाही सम्बन्धी कारवाहीमा परेको पाँच वर्ष अवधि व्यतित भएको छः | |
| ६ | प्रचलित कानुन बमोजिम कालो सूचीमा रहेको वा त्यस्तो सूचीबाट हटेको मितिले कम्तीमा तीन वर्षको अवधि पूरा भएको छः | |
| ७ | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतङकवादी क्रियाकलापमा वित्तीय लगानी् सम्बन्धी कसूरको अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको छः | |
| ८ | सरकारी रकम तिर्न बाँकी रहेको छः | |
| ९ | संलग्न भएको संस्था कहिल्यै गैरकानुनी कृयाकलापमा संलग्न भएको छः | |
| १० | वित्तीय गतिवधि सम्बन्धी कसूरमा सजाय पाएको मितिले कम्तीमा पाँच वर्षको अवधि पूरा भएको छः | |
| ११ | धितोपत्र सम्बन्धी कसूरमा सजाय पाएको मितिले दशवर्ष अवधि पूरा भएको छः | |
| १२ | ठगी वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको छः | |
| १३ | प्रचलित कानुन बमोजिम कर दाखिला नगरेको वा प्रचलित कानुन बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत रहनु भएको छः | |

| | | |
|---|---|---|
| १४ | स्वदेशी संस्थापक भएमा, प्रस्तावित वस्तु विनिमय बजारको चुक्ता पुँजीको पाँच प्रतिशत भन्दा बढी सेयर लिएको छ: | |
| १५ | विदेशी रणनीतिक साझेदार संस्था संस्थापक भएमा, प्रस्तावित वस्तु विनिमय बजारको चुक्ता पुँजीको पाँच प्रतिशत भन्दा कम वा एकाउन्न प्रतिशत भन्दा बढी सेयर लिएको छ: | |
| १६ | स्वार्थ बाझिने कुनै अर्को सङ्गठित संस्था वा व्यवसायीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा वहालवाला पदाधिकारी रहनु भएको छ: | |
| १७ | अर्को कुनै वस्तु विनिमय बजार, वस्तु कारोवार व्यवसाय, राफसाफ तथा फछर्यौट कार्य् गर्ने संस्थाको सेयरधनी, वाहालवाला पदाधिकारी, लेखा परीक्षक, कानुनी वा अन्य सल्लाहकार हुनुहुन्छ: | |
| १८ | तपाई नेपाल वा विदेशमा कुनै नियमन निकाय वा सुपरिवेक्षण अधिकारीको कारवाहीमा पर्नु भएको छ: | |

नेपाल धितोपत्र बोर्डलाई माथि उल्लिखित विवरण रुजु गर्न मञ्जुरीनामा दिएको छु र उक्त विवरण झुठो ठहरिएमा कानुन बमोजिम सहुँला/बुझाउँला ।

नामः

दस्तखतः

मितिः

## अनुसूची-३

(दफा ४ उपदफा (४) को खण्ड (ख)सँग सम्बन्धित)

## प्रस्तावित वस्तु विनिमय बजारको सम्भाव्यता अध्ययन प्रतिवेदनमा समावेश गर्नुपर्ने न्यूनतम बिषयहरु

१. वस्तु विनिमय बजारको परिचय तथा महत्व

२. वस्तु विनिमय बजारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्था र सोको विश्लेषण

३. नेपालको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण

(क) नेपालको वर्तमान प्रमुख आर्थिक तथा वित्तीय परिसूचकहरु

(ख) कृषि, नगदेवाली, औद्योगिक, खनिज, बहुमूल्य धातु, प्राकृतिक ग्यास तथा सेवा क्षेत्रको वर्तमान अवस्था, संभावना र चुनौतीहरु,

(ग) औद्योगिक अवस्था,

(घ) बचत तथा लगानीको अवस्था,

(ङ) सरकारी वित्त स्थिति (कर प्रणाली समेत),

(च) वैदेशिक व्यापार तथा भुक्तानी सन्तुलनको स्थिति,

(छ) विदेशी विनिमय सम्बन्धी व्यवस्था तथा स्थिति ।

४. नेपालको वित्तीय प्रणाली

(क) धितोपत्र बजार, बैंक तथा वित्तीय संस्था, बीमा, आदि

(ख) उपलब्ध वित्तीय औजार र वित्तीय नवीनता (फाइनान्सियल इनोभेसन) को आवश्यकता,

(ग) विद्यमान कानुनी संरचना,

(घ) वित्तीय क्षेत्रमा विद्यमान कमजोरी, सुधारका आवश्यकता र वस्तु विनिमय बजारको आवश्यकता ।

५. वस्तु विनिमय बजारको व्यवसायिक योजना

(क) वस्तु विनिमय बजार सञ्चालन हुन सक्ने तथा दीगो वृद्धि हासिल गर्न सक्ने आधार,

(ख) वस्तु विनिमय बजारले प्रदान गर्ने सेवा (मूल्य अविष्कार, जोखिम व्यवस्थापन तथा सट्टेवाजी, क्षेत्र तथा वित्तीय औजार सम्बन्धी योजना),

(ग) कारोवार क्षेत्र तथा शाखा विस्तार सम्बन्धी नीति,

(घ) मानव संशाधन योजना, संगठन ढाँचा, तालिका, व्यवस्थापन शीप, व्यवस्थापन सूचना प्रणाली, कानुन सम्बन्धी जनशक्ति विवरण,

(ङ) प्रविधि, प्रविधि हस्तान्तरण सम्बन्धी योजना र वस्तु विनिमय बजारले प्रयोग गर्ने कारोवार, राफसाफ तथा फछ्र्यौट प्रणाली एवं सफ्टवेयर सम्बन्धी विवरण तथा विशेषता, नियमित मर्मत संभार, तथ्याकंको व्यवस्थापन तथा सुरक्षा सम्बन्धी रणनीति । प्रयोगमा ल्याउने प्रणालीमा वास्तविक समय वा डे टु डे राफसाफ पद्दती, बजार र ग्राहकको बैंक बीच आवद्धता भएको हुनुपर्ने र एप्लिकेशनमा आधारित सफ्टवेर हुनुपर्ने । बोर्डले कारोवारको वास्ताविक समय सुपरिवेक्षण गर्न आवश्यक संयन्त्र तथा लिंक उपलब्ध हुने सम्बन्धमा ।

(च) प्रणाली संपरीक्षण सम्बन्धी कार्य योजना,

(छ) कारोवार गरिने वस्तु तथा क्षेत्र सम्बन्धी विवरण,

(ज) बजार प्रवेश रणनीति,

(झ) व्यवसाय निरन्तरता योजना, डिजास्टर रिकभरी योजना, स्रोत परिचालन रणनीति तथा जोखिम व्यवस्थापन नीति,

(ञ) वस्तु व्यापारमा सहभागी हुने व्यक्ति वा संस्था बजारमा प्रवेश गरेदेखि बहिर्गमन नभएसम्मको व्यापार चक्रको स्पष्ट कार्य योजना,

(ट) कारोवारमा अनियमितता हुन नदिने व्यवस्था,

(ठ) कारोवार रद्द गर्ने नीति तथा कार्य विधि,

(ड) जोखिम व्यवस्थापन नीति तथा आन्तरिक नियन्त्रण प्रणाली,

(ढ) भौतिक वस्तु हस्तान्तरण तथा गोदाम घर सञ्चालन सम्बन्धी (प्रदेशगत वा भौगोलीक क्षेत्र अनुरुपको योजना र उपयुक्तता,

(ण) संस्थागत सुशासन सम्बन्धी व्यवस्था,

(त) कारोवारको राफसाफ तथा फछ्र्यौट सञ्चालन विधि,

(थ) कारोवार हुने वस्तु र वस्तुको मूल्य सम्बन्धी सूचना संकलन तथा प्रशोधन सम्बन्धी सूचकांक प्रकाशन गर्ने सम्बन्धी कार्य योजना,

(द) ठूला कारोवारीको सूचना प्रवाहको पद्दती,

(ध) वस्तु विनिमय बजार सम्बन्धी सर्वसाधारण लगानीकर्ताहरुलाई प्रदान गरिने साक्षरता कार्यक्रम सम्बन्धी कार्य योजना,

(न) कर्मचारीलाई प्रदान गरिने तालिम तथा प्रशिक्षण सम्बन्धी कार्य योजना,

(प) ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी विद्यमान व्यवस्था पालना गर्ने नीति, तथा परिपालना सम्बन्धी योजना,

(फ) भित्री कारोवार तथा क्यिररिङ्ग हाउसको सूचना चुहावट रोक्ने सम्बन्धी कार्य योजना,
(व) वस्तु कारोवारको लागि आवश्यक मार्जिन तथा सोको निर्धारण सम्बन्धी व्यवस्था,
(भ) कारोवारबाट विदेशी विनिमय सम्बन्धी दायित्व सृजना हुने नहुने, हुने भए कतिसम्म हुने सो सम्बन्धी विवरण र कार्य योजना,
(म) कारोवार हुने वस्तुको विवरण र सोको विविधिकरणको पर्याप्तता तथा माग प्रक्षेपण अनुरुप आपूर्ति व्यवस्था गर्ने योजना तथा पर्याप्त आपूर्ति हुने सम्बन्धी व्यवस्था,
(य) कारोवार हुने वस्तुको सन्दर्भ मूल्य प्राप्ति सम्बन्धी व्यवस्था,
(र) वस्तुको गुणस्तर परीक्षण व्यवस्था
(ल) गोदामघर प्राप्ति वित्त व्यवस्था
(व) ढुवानी सम्बन्धी संयन्त्र ।

६. व्यवसायिक प्रक्षेपण, आर्थिक औचित्य र वित्तीय विश्लेषण
(क) पुँजी लागत,
(ख) पुँजी संरचना तथा आर्थिक स्रोत व्यवस्थापन,
(ग) स्थिर पुँजी खर्च विवरण,
(घ) संचालन खर्चको विवरण,
(ङ) कर्मचारी खर्च विवरण,
(च) प्रारम्भिक खर्चको विवरण,
(छ) वित्तीय साधन जुटाउन अवलम्बन गरिने उपायहरु,
(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण,
(झ) संवेदनशीलता विश्लेषण,
(ञ) वस्तु विनिमय बजारको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति बारेको विश्लेषण (स्वट एनालाइसिस) ।

## अनुसूची-४

(दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

## संस्थापकको लागि फिट एण्ड प्रोपर मापनका आधारहरु

वस्तु विनिमय बजारको संस्थापना गर्ने क्रममा प्रस्तावित संस्थापकहरुलाई परीक्षण गर्ने क्रममा देहायका फिट एण्ड प्रोपर मापनका आधारहरु तोकिएको छः-

**१. संस्थापक प्राकृतिक व्यक्ति भएमा अयोग्य मानिने अवस्था**
(क) पच्चिस वर्ष उमेर पूरा नभएको,
(ख) मगज विग्रिएको वा मानसिक सन्तुलन ठीक नभएको,
(ग) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाई त्यस्तो सजाँय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,
(घ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,
(ङ) संस्थापकहरुमध्ये एक तिहाई संस्थापकहरु कम्तीमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको नभएमा ।

**२. संस्थापक अयोग्य मानिने अन्य अवस्था**
(क) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,
(ख) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ग) प्रचलित कानुन बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(घ) सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा मुद्दा लागेको वा त्यस्तो कसूरको लागि सजाय पाई सजाय भुक्तान भएको मितिले पाँच बर्ष नपुगेको, (ङ) नेपाल धितोपत्र बोर्डले निलम्वन गरेको व्यक्तिको हकमा निलम्वन अवधिभर ।

**३. अदालती कारबाही**

बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा दुरुपयोग गरी असुलीको क्रममा अदालतमा मुद्दा चलिरहेको व्यक्ति संस्थापक हुन पाउने छैन ।

**४. जालसाजी**

बैंक तथा वित्तीय संस्था र धितोपत्र बजारको काम कारवाहीमा बेईमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा त्यस्तो व्यक्ति संस्थापक हुन सक्ने छैन ।

**५. दामासाहीमा परेको**

प्रचलित कानुन बमोजिम दामासाहिमा परेको व्यक्ति संस्थापक हुन सक्ने छैन ।

**६. आर्थिक हैसियत**

संस्थापकहरुले वस्तु विनिमय बजारमा लगानी गर्न प्रस्ताव गरेको रकमलाई मूल्याङ्कन गर्दा निजको वित्तीय अवस्थाले वजार सञ्चालनको लागि आवश्यक परेमा निजले गरेको लगानीको अनुपातमा थप पुँजी लगाउन सक्ने क्षमता हुनु पर्नेछ ।

**७. बन्देज**

प्रस्तावित संस्थाको संस्थापक अर्को वस्तु विनिमय बजारको संस्थापक, सेयरधनी तथा वस्तु विनिमय बजार व्यवसायी रहेको हुन पाउने छैन ।

## अनुसूची-५

((दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

## सञ्चालकको लागि फिट एण्ड प्रोपर मापनका आधारहरु

वस्तु विनिमय बजारको संस्थापना गर्ने क्रममा प्रस्तावित सञ्चालकको परीक्षण गर्न देहायका फिट एण्ड प्रोपर मापनका आधारहरु तोकिएको छः-

**१. सञ्चालकको योग्यता**

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानुन विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ख) पैंतीस वर्ष उमेर पूरा गरेको, र

(ग) तोकिए बमोजिमको अयोग्यता नरहेको ।

**२. अयोग्य भएको मानिने अवस्था**

(क) पैतीस वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) बोर्डबाट अनुमतिपत्र प्रदान गरिएको कुनै बजार सहभागी संस्थाको सञ्चालक वा त्यस्ता संस्थामा कार्यरत कर्मचारी वा त्यस्ता संस्थाको बहालवाला लेखा परीक्षक वा सल्लाहकार,

(च) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको,

(छ) वस्तु विनिमय बजारको विनियमावली बमोजिम सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम सेयर नलिएको,

(ज) नेपाल धितोपत्र बोर्डको विशिष्ट श्रेणीको कर्मचारीको पदमा बहाल रही सेवाबाट हटेको वा अवकास प्राप्त गरेको व्यक्ति भएमा सेवाबाट हटेको वा अवकाश प्राप्त गरेको मितिले कम्तीमा एक वर्ष पूरा नभएको,

(झ) प्रचलित कानुन बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(ण) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,

(त) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,

(थ) नेपाल धितोपत्र बोर्डको निर्देशन पालना नगरेको कारणबाट नेपाल धितोपत्र बोर्डले कारबाही गरेको ५ वर्ष नपुगेको,

(द) कुनै व्यक्ति वा पूर्णकालिन सञ्चालक वा प्रवन्ध साझेदारलाई नियमन निकायले वस्तु बजार वा धितोपत्र बजारमा प्रवेश गर्न तीन वर्षको लागि निषेघ जारी गरेकोमा निषेश गरेको मितिबाट तीन वर्षको अवधि व्यतित भैनसकेको,

(ध) व्यक्ति वित्तीय रुपमा सवल नरहेमा,

(न) अर्को वस्तु विनिमय बजारको सेयरधनी रहेको,

(प) प्रचलित कानुन बमोजिम करार गर्न अयोग्य रहेको,

(फ) प्रचलित कानुन बमोजिम कालो सूचीमा रहेको वा त्यस्तो सूचीबाट हटेको तीन वर्षको अवधि पूरा नभएको,

(ब) प्राकृतिक व्यक्तिको हकमा भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको,

(भ) सरकारी रकम तिर्न बाँकी भएको,

(म) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको ।

**३ सञ्चालकको पदमा बहाल नरहने अवस्था**

(क) बुँदा (१) मा लेखिए बमोजिम सञ्चालकको पदमा नियुक्त हुन योग्य नभएमा र बुँदा (२) मा लेखिए बमोजिम सञ्चालकको पदमा नियुक्त हुन अयोग्य भएमा,

(ख) साधारण सभाले सञ्चालकको पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

(ग) सञ्चालकले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) वस्तु विनिमय बजारको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) प्रचलित कानुन र बोर्डको निर्देशन बमोजिम सञ्चालकले गर्न नहुने भनी तोकिएको कुनै काम गरेमा ।

**४. सञ्चालकलाई व्यवस्थापनबाट हटाएको वा निलम्वन गरेको अवस्था**

बोर्डको निर्देशन पालन नगरेको कारणबाट बोर्डले कारवाही गरेका मितिले पाँच वर्ष नपुगेको व्यक्ति सञ्चालक हुन सक्ने छैन ।

**५ अपराध गरेको वा कानुन तोडेको अवस्था**

नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको व्यक्ति सञ्चालक हुन सक्ने छैन । बोर्डबाट अनुमतिपत्र

प्राप्त गरेका र वस्तु विनिमय बजारबाट सदस्यता प्राप्त गरेका अन्य बजार सहभागी संस्थाका सञ्चालक, कर्मचारी, बहालवाला लेखा परीक्षक, सल्लाहकार रहेको व्यक्ति वस्तु विनिमय बजारको सञ्चालक हुन पाउने छैन ।

**६. दोषीहरु उपर आवश्यक प्रशासनिक तथा अन्य आदेश दिएको अवस्था**

कालोसूचीमा परी फुकुवा भएको मितिले तीन वर्ष पुरा नभएको, अदालतबाट दोषी ठहर भई सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुरा नभएको र प्रचलित कानुन बमोजिम सजाय पाएको व्यक्ति सञ्चालक हुन पाउने छैन ।

**७. अनुसन्धानको अवस्था**

प्रचलित कानुन बमोजिम अपराध गरेको भनि अनुसन्धान वा छानविनको क्रममा रहेको र बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा दुरुपयोग गरी असुलीको क्रममा अदालतमा मुद्दा चलिरहेको व्यक्ति सञ्चालक हुन पाउने छैन ।

**९. दामासाहीमा परेको अवस्था**

प्रचलित कानुन बमोजिम दामासाहीमा परेको व्यक्ति सञ्चालक हुन पाउने छैन ।

**१०. प्रतिवद्धता जाहेर गर्नुपर्ने**

वस्तु विनिमय बजार सञ्चालनको लागि कम्पनीले बोर्ड समक्ष निवेदन पेश गर्दा कम्पनीको सञ्चालक समितिले देहायका विषयहरुमा प्रतिवद्धता जाहेर गरेको कागजात पनि निवेदनको साथ पेश गर्नु पर्नेछः-

(क) बोर्डले समय समयामा तोकिदिए बमोजिमको न्युनतम चुक्ता पुँजी कायम राख्ने व्यहोरा,

(ख) कारोवार सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गरी सेवा तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको व्यहोरा, र

(ग) वस्तु विनिमय बजार सञ्चालन गर्न बोर्डले तोकेका शर्तहरु पालना गर्न मन्जुरी ।

## अनुसूची–६

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

## प्रमुख कार्यकारी अधिकृत/प्रवन्ध सञ्चालकको लागि फिट एण्ड प्रोपर मापनका आधारहरु

वस्तु विनिमय बजारको प्रमुख कार्यकारी अधिकृत वा एकाउन्न प्रतिशत संस्थापक सयर लिने रणनीतिक साझेदार संस्थाको तर्फबाट प्रबन्ध सञ्चालकको पदमा नियुक्ति हुने व्यक्ति देहाय वमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछः-

**१. शैक्षिक योग्यता**

अर्थशास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानुन विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच बर्षको कार्यानुभव भएको तथा नियमावलीको नियम २० बमोजिम अयोग्यता नरहेको व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ ।

**२. व्यवस्थापन दक्षता र क्षमता**

(क) कार्यकारी प्रमुखको पदमा नियुक्ति हुने व्यक्ति वस्तु विनिमय बजार तथा धितोपत्र बजार सम्वन्धी प्रचलित कानुन र अन्य प्रचलित नेपाल कानुन बमोजिम अयोग्य नभएको ।

(ख) वस्तु विनिमय बजार कारोवारको लागि आवश्यक पर्ने व्यवसायिक अनुभव, संस्थाप्रति पूर्ण उत्तरदायी, सक्षम र योग्य ठानिएको ।

(ग) संस्थाको क्रियाकलाप सम्वन्धी प्रचलित कानुन तथा बोर्डको निर्देशन बारे पर्याप्त जानकारी भएको ।

(घ) संस्थाको आन्तरिक नीति नियमहरु, आन्तरिक नियन्त्रण, बजारको अवस्था, आन्तरिक तथा वाह्य वातावरण वारे पर्याप्त जानकारी हासिल गरेको ।

(ङ) सञ्चालक समिति तथा कर्मचारीहरुको वीचमा रहेर मध्यस्थताको कार्य गर्न सक्ने क्षमता तथा दक्षता हासिल गरेको ।

(च) संस्थालाई नेतृत्व प्रदान गर्न सक्ने, कर्मचारीहरुलाई उत्प्रेरणाको माध्यमबाट अभिप्रेरित गरी सामूहिक भावनाको आधारमा संस्थागत लक्षहरु हासिल गर्न सक्ने भनि सञ्चालक समितिबाट योग्य ठहर गरिएको ।

**३. अपराध गरेको वा कानुन तोडेको अवस्था**

(क) आफ्नो पूर्व कारोवारमा बोर्डबाट निलम्वनमा नपरेको वा बोर्डबाट भएको अनुसंधानमा शंकास्पद कारोवारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्वनवाट फकुवा भएको् दश वर्ष पुगेको वा त्यस्तो संकास्पद कारोवारको संलग्नतावाट सफाई पाएको ।

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन सक्ने छैन ।

**४. वर्तमान पदीय अवस्था**

बोर्डबाट अनुमतिपत्र प्राप्त गरेका वस्तु विनिमय बजारका अन्य बजार सहभागी तथा वस्तु विनिमय बजारबाट सदस्यता प्राप्त गरेका अन्य संस्थामा प्रमुख कार्यकारी अधिकृत कर्मचारी, बहालवाला लेखा परीक्षक, सल्लाहकार रहेको वस्तु विनिमय बजारको प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

**५. अनुसन्धानको अवस्था**

प्रचलित कानुन बमोजिम अपराध गरेको भनि अनुसन्धान वा छानविनको क्रममा रहेको र अदालतमा मुद्दा चलिरहेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

**६. दोषीहरु उपर आवश्यक प्रशासनिक तथा अन्य आदेश दिएको अवस्था**

कालोसूचीमा परी फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा नभएको र प्रचलित कानुन बमोजिम सजाय पाएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

**७. दामासाहीमा परेको अवस्था**

प्रचलित कानुन बमोजिम दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

**८. राजनैतिक पद धारण गरेको अवस्था**

व्यवस्थापिकाको सांसद पदमा वाहाल रहेको, राजनीतिक दलको सदस्य रहेको तथा स्थानीय निकायमा निर्वाचित वा मनोनित पदाधिकारीको रुपमा रहेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

**९. वैयक्तिक गुणहरुको अवस्था**

वस्तु विनिमय बजारको प्रमुख कार्यकारी अधिकृतको चरित्र, क्रियाकलाप, चालचलन राम्रो हुनुका साथै व्यवसायिक इमान्दारिता हुनु पर्नेछ ।

## अनुसूची–७

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## सार्वजनिक सूचना

देहायका व्यक्ति/फर्म/कम्पनीबाट ..........................................................नामक वस्तु विनिमय बजार संस्थापना गर्न पूर्व स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा मिति ........... ......................मा निवेदन प्राप्त हुन आएको छ । सो सम्वन्धमा उल्लिखित वस्तु विनिमय बजारका संस्थापकहरुको वित्तीय अनुशासन र अवस्था, इमान्दारिता र नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी ठहर भएको सम्वन्धमा कसैको कुनै भनाई वा गुनासो भएमा त्यस्ता व्यक्ति/फर्म/कम्पनीलाई निजहरुको निवेदन वमोजिमको वस्तु विनिमय बजार संस्थापना गर्न अनुमतिपत्र दिन औचित्यपूर्ण नहुने कुनै आधारहरु भए यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र ठोस कारण तथा प्रमाण सहित यस बोर्डमा लिखित रुपमा जानकारी गराउनु हुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावित वस्तु विनिमय बजारका संस्थापकहरुः

| क.सं. | संस्थापकको नाम र ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ......... | | | |
| ......... | | | |

नेपाल धितोपत्र बोर्ड । नोटः

१. "सर्वसाधारणको जानकारीको लागि वस्तु विनिमय बजारको अनुमति प्रदान गर्ने व्यवस्था सम्वन्धी नीतिगत
   एवं प्रकृयागत व्यवस्था यस बोर्डको वेव साइट www.sebon.gov.np मा राखिएको छ ।"
२. यस बोर्डबाट अनुमतिपत्र प्राप्त नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., धितोपत्र दलाल व्यवसायी, धितोपत्र व्यापारी, मर्चेन्ट बैंकर, निक्षेप सदस्य, क्रेडिट रेटिङ्ग संस्था तथा सामूहिक लगानी योजनाले यसै सूचनालाई आधार मानी उल्लिखित व्यक्तिहरुको सम्बन्धमा कुनै जानकारी भए पन्ध्र दिनभित्र यस बोर्ड समक्ष अनिवार्यरुपमा जानकारी उपलब्ध गराउनु हुन अनुरोध छ। अन्यथा, यसै सूचनालाई आधार मानी थप कारवाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

❖❖❖

लागू मिति २०७९।०५।२६

# धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डबाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९

धितोपत्र सम्बन्धी ऐन तथा नियमावली बमोजिम धितोपत्र बजार सञ्चालन गर्ने संगठित संस्था स्थापना गर्न बोर्डको सिफारिस सम्वन्धी कार्यलाई स्वच्छ, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका बोर्डले तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार,स्थान वा सुविधा सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले धितोपत्र बजार संचालन नियमावली, २०६४ सम्झनु पर्छ।

## परिच्छेद-२
## सिफारिस सम्बन्धी व्यवस्था

३. **सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने :** धितोपत्र बजार सञ्चालनको लागि कम्पनी स्थापना गर्न बोर्डको सिफारिस प्राप्त गर्नका लागि निवेदन पेश गर्न बोर्डले पैंतालीस दिनको समयावधि तोकि अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

४. **निवेदन दिनुपर्नेः** (१) दफा ३ बमोजिमको अवधि भित्र धितोपत्र बजार सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम सीमित दायित्वको संगठित संस्था स्थापना गर्न चाहनेले त्यस्तो संस्था स्थापना गर्न बोर्डबाट सिफारिसका लागि ऐन तथा नियमावलीको व्यवस्था बमोजिम बोर्डमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ प्रस्तावित संगठित संस्थाका संस्थापकहरुले ऐन तथा नियमावलीमा तोकेको विवरण तथा कागजातका अतिरिक्त देहाय बमोजिमका विवरणहरु समेत पेश गर्नु पर्नेछः-

(क) अनुसूची-२ बमोजिमका विषयहरु समावेश गरी शिलवन्दी गरिएको नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (ग) बमोजिमको विस्तृत व्यवसायिक योजना,

(ख) प्रस्तावित धितोपत्र बजारको संस्थापकको संचालक एवं कार्यकारी प्रमुख साथै प्रस्तावित धितोपत्र बजारको संचालक र कार्यकारी प्रमुखको अनुसूची-३ बमोजिम विवरण र सेयर स्वामित्वको अनुपात तथा निजहरुको वित्तीय स्वार्थ भएको संस्था तथा सो संस्थाका संचालकहरुको विवरण,

(ग) अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्तावित धितोपत्र बजारको संस्थापकको संचालक एवं कार्यकारी प्रमुख साथै प्रस्तावित धितोपत्र बजारको संचालक एवं कार्यकारी प्रमुखको स्वघोषणा,

(घ) प्रस्तावित धितोपत्र बजारको संस्थापकले लिने सेयरमा लगानी गर्ने लगानीको स्रोतको स्वघोषणा,

(ङ) प्रस्तावित धितोपत्र बजारको संस्थापकको पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र,

तर निवेदन पेश गर्ने मिति सम्ममा लेखापरीक्षण सम्पन्न भई नसकेको र प्रचलित कानुन बमोजिम लेखापरीक्षण गर्ने म्याद बाँकी नै रहेको अवस्थामा लगत्तै अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र पेश गर्न सकिनेछ ।

(च) प्रस्तावित धितोपत्र बजारमा लगानी गर्ने सम्बन्धमा संस्थापकको संचालक समितिको निर्णयको प्रतिलिपि,

(छ) प्रस्तावित धितोपत्र बजारले अवलम्बन गर्ने विद्युतीय कारोबार प्रणालीसम्बन्धी विवरण,

(ज) प्रस्तावित धितोपत्र बजारका संस्थापकले ऐन तथा नियमावली बमोजिम धितोपत्र बजारको स्वामित्व लिन अयोग्य नरहेको उद्घोषण,

(झ) संस्थापक वा संस्थापकका संचालक तथा कार्यकारी प्रमुख कालो सूचीमा रहेको भए हटेको कम्तीमा तीन वर्ष व्यतित भएको प्रमाण,

(ञ) प्रस्तावित धितोपत्र बजारको संस्थापकका संचालकहरु धितोपत्र बजारको दैनिक व्यवस्थापकीय कार्यमा संलग्न नहुने प्रतिवद्धता,

तर नेपाल बाहेक अन्य मुलुकको संस्थाको हकमा यो व्यवस्था लागू हुने छैन् ।

(३) नेपाल बाहेक अन्य मुलुकमा धितोपत्र वजार संचालन गरिरहेको कम्पनी वा संगठित संस्थाले प्रस्तावित धितोपत्र बजारको स्वामित्व ग्रहण गर्ने भएमा सम्वन्धित मुलुकको नियमनकारी निकायबाट धितापत्र वजार सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त गरी विगत दश वर्ष देखि धितोपत्र वजार संचालन गरिरहेको तथा प्रचलित कानून बमोजिम नेपालमा लगानी वा व्यवसाय गर्न अनुमति प्राप्त गरेको वा नेपाल सरकारको स्वीकृति सहित देहाय बमोजिमका थप विवरणहरु पेश गर्नु पर्नेछः-

(क) नेपालमा संस्थापना हुने प्रस्तावित संस्थामा लगानी गर्ने रकमको प्रतिवद्धता,

(ख) सम्बन्धित मुलुकको नियमन निकायले नेपालमा धितोपत्र बजारमा लगानी गर्न दिएको स्वीकृतिपत्र वा सहमतिपत्र (नो अब्जेक्सन लेटर),

(ग) लेखा परीक्षण भएको पछिल्लो तीन वर्षको अवधिमा सञ्चित मुनाफामा सञ्चालन भएको प्रमाणित हुने वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण,

(घ) प्रस्तावित संस्थामा लगानी गर्ने नेपाली संस्थापक लगानीकर्ताहरुसँग भएको संयुक्त लगानी सम्झौताको प्रमाणित प्रतिलिपि,

(ङ) नेपालमा हाल कुनै संस्थामा लगानी छ भने सो वा कुनै शाखा, प्रतिनिधि वा सम्पर्क कार्यालय छ भने त्यसको व्यहोरा खुल्ने कागजात ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्राप्त निवेदन, विवरण तथा कागजात उपर प्रारम्भिक जाँचबुझ गर्दा बोर्ड व्यवस्थापनले आवश्यक ठानेमा निवेदकसँग थप विवरण माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(५) उपदफा (२) र उपदफा (३) बमोजिम पेश गरेको विवरणमा बोर्डले सिफारिस प्रदान गर्नु पूर्व कुनै परिवर्तन भएमा परिवर्तित विवरणको जानकारी निवेदकले बोर्डलाई तुरुन्त गराउनु पर्नेछ ।

**५.** **प्रारम्भिक जाँचवुझ सम्बन्धी व्यवस्था :** (१) दफा ४ बमोजिम प्राप्त निवेदनका सम्बन्धमा बोर्ड व्यवस्थापनले प्रारम्भिक जाँचबुझ गरी तोकिए बमोजिमका विवरण तथा कागजात प्राप्त भए नभएको यकिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा बोर्ड व्यवस्थापनले आवश्यक देखेमा निवेदकसँग कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

**६.** **बोर्ड समक्ष पेश गर्ने:** (१) दफा ५ बमोजिम जाँचवुझ गरी तोकिए बमोजिमका विवरण तथा कागजात सहित प्राप्त भएका निवेदनहरु बोर्ड व्यवस्थापनले बोर्ड समक्ष पेश गर्नेछ । यसरी पेश गर्दा अनुसूची-२ बमोजिमको विस्तृत व्यवसायिक कार्य योजनाको अंक बाहेक अन्य अंक गणना गरी सो सहित बोर्ड समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनहरु मध्ये धितोपत्र बजार संचालन गर्न संगठित संस्था स्थापना गर्न सिफारिस गर्न विस्तृत व्यवसायिक कार्य योजनाको मूल्यांकन गर्न बोर्ड सदस्यको संयोजकत्वमा एक समिति गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मूल्यांकन गर्दा अनुसूची-५ बमोजिमको आधारमा अंक प्रदान गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समिति गठन भएको अवस्थामा सो समितिले विस्तृत कार्य योजनाको मूल्यांकन पश्चात निवेदकहरुको योग्यताक्रम निर्धारण गरी बोर्ड समक्ष पेश गर्नेछ ।

**७.** **सिफारिस प्रदान गर्ने:** दफा ६ बमोजिम सिफारिस प्राप्त भए पश्चात बोर्डले योग्यताक्रमको आधारमा सवैभन्दा बढी अंक प्राप्त गर्ने एक निवेदकलाई धितोपत्र बजार संचालन गर्न संगठित संस्था संस्थापना गर्न सिफारिस प्रदान गर्नेछ ।

८. **परिवर्तत गर्न नपाईने:** (१) दफा ७ बमोजिम सिफारिस प्राप्त गरेका निवेदक संस्थाले देहाय बमोजिमको कार्य गर्न पाउने छैनस(

(क) प्रस्तावित संस्थापकहरुमा कुनै थपघट गर्न,

(ख) प्रस्तावित संस्थाको पुँजी संरचनामा परिवर्तन गर्न,

(ग) प्रस्तावित संचालक समिति संरचना, संचालक तथा कार्यकारी प्रमुख परिवर्तन गर्न,

(घ) बोर्डको स्वीकृति प्राप्त नगरी प्रस्तावित संस्थाको नामबाट कुनै कारोवार गर्न,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कावुवाहिरको परिस्थितिमा देहाय बमोजिमको कार्य गर्न बाधा पर्ने छैनस(

(क) कुनै प्रस्तावित संस्थापकले शेयर स्वामित्व लिन नसक्ने भएमा अन्य प्रस्तावित संस्थापकहरुले त्यस्तो शेयर स्वामित्व लिन,

(ख) प्रस्तावित संचालक तथा कार्यकारी प्रमुख परिवर्तन गर्नुपर्ने अवस्था भएमा प्रस्तावित संचालक र कार्यकारी प्रमुखको योग्यता र अनुभव यथावत हुने गरी व्यवस्था गर्न ।

## अनुसूची-१
## (दफा ३ संग सम्बन्धित)

सूचना प्रकाशित मितिः

## धितोपत्र बजार सञ्चालनको लागि संगठित संस्था स्थापना गर्ने सिफारिसका लागि बोर्डमा निवेदन दिने सम्बन्धी सूचना

धितोपत्र वजारलाई थप प्रतिस्पर्धी, प्रभावकारी, लगानीकर्ता मैत्री एवं अन्तर्राष्ट्रियस्तरको प्रविधि सहितको क्षमतायुक्त बनाई धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नका निम्ति तथा अर्थतन्त्रमा रहेका स्थापित बास्तविक क्षेत्रका संगठित संस्थालाई धितोपत्र बजारमा भित्र्याई राष्ट्रिय पूँजी निर्माण र परिचालनलाई सहजिकरण गर्नका लागि निजी क्षेत्रको लगानीमा थप एक धितोपत्र बजार संचालन गर्न दिई धितोपत्र बजारको सेवा तथा गुणस्तरमा प्रतिष्पर्धा, विकास र विस्तार गरी धितोपत्र बजारमा सर्वसाधारण लगानीकर्ताको पहुँच अभिवृद्धि गर्न आवश्यक भएकोले धितोपत्र सम्बन्धी  ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र बजार सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम सीमित दायित्वको संगठित संस्था स्थापना गर्न चाहनेले त्यस्तो संस्था स्थापना गर्नु अघि बोर्डबाट सिफारिस लिनु पर्ने व्यवस्था रहेको र बोर्डले धितोपत्र बजार सञ्चालन गर्न त्यस्तो संगठित संस्था स्थापना गर्न चाहनेलाई सिफारिस गर्न लागेको हुँदा सो प्रयोजनको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ (संशोधन सहित) र धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ बमोजिम देहायका शर्तहरुको अधीनमा रही निवेदन पेश गर्न इच्छुक सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरुः</u>**

१. धितोपत्र सम्बन्धी  ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र बजार सञ्चालन गर्न इच्छुक धितोपत्र सम्बन्धी ऐन तथा नियमावली बमोजिम योग्यता पुगेका संस्थाले यो सूचना प्रकाशित भएको मितिले ४५ (पैंतालीस)  दिन भित्र (अन्तिम दिनको कार्यालय समय भित्र) धितोपत्र बजार संचालन गर्ने संगठित संस्था दर्ता गर्न सम्बन्धित कार्यालयमा बोर्डको सिफारिसका लागि धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ तथा धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ मा तोकिए बमोजिम निवेदन, निवेदन दस्तुर, विवरण तथा कागजात संलग्न गरी बोर्ड समक्ष निवेदन पेश गर्नु पर्नेछ । निवेदन पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय समय भित्र निवेदन बुझाउन सकिनेछ ।

२. निवेदन पेश गर्दा निवेदकको नाम, ठेगाना स्पष्ट खुल्ने गरी नेपाल धितोपत्र बोर्डलाई सम्बोधन गरी धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ तथा धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ मा उल्लेखित कागजात तथा विवरणहरु एवं शीलवन्दी गरिएको

विस्तृत व्यवसायिक कार्ययोजना समावेश गरी खामबन्दी गरी निवेदन पेश गर्नुपर्नेछ ।

३. रितपूर्वक नभएका वा म्याद नाघी आएका वा कुनै शर्त समावेश गरी पेश भएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

५. सूचना बमोजिम पेश हुन आएका कुनै वा सबै निवेदन स्वीकृत गर्ने वा नगर्ने अधिकार बोर्डमा सुरक्षित रहनेछ ।

६. धितोपत्र बजार सञ्चालनको लागि संगठित संस्था स्थापना गर्न सिफारिस सम्बन्धी अन्य शर्तहरु धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ एवं धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ ।

नेपाल धितोपत्र बोर्ड

## अनुसूची-२

**(दफा ४ को उपदफा (२) को खण्ड (क) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

**विस्तृत व्यवसायिक कार्ययोजना सम्बन्धी विवरण**

१. धितोपत्र बजारको परिचय तथा महत्व ।

२. धितोपत्र बजारको राष्ट्रिय तथा अन्तराष्ट्रिय अवस्था र सोको विश्लेषण ।

३. नेपालको समष्टिगत आर्थिक अवस्थाको विश्लेषणः-

  ३.१ नेपालको वर्तमान प्रमुख आर्थिक तथा वित्तीय परिसूचकहरु,

  ३.२ औद्योगिक अवस्था,

  ३.३ बचत तथा लगानीको अवस्था,

  ३.४ सरकारी वित्त स्थिती (कर प्रणाली सहित),

  ३.५ वैदेशिक व्यापार तथा भुक्तानी सन्तुलनको स्थिति,

  ३.६ विदेशी विनिमय सम्बन्धी व्यवस्था तथा स्थिति ।

४. नेपालको वित्तीय प्रणालीः-

  ४.१ धितोपत्र बजार, बैंक तथा वित्तिय संस्था, बीमा आदि,

  ४.२ उपलब्ध वित्तीय औजार र वित्तीय नविनता (फाईनान्सियल इनोभेसन) को आवश्यकता,

  ४.३ विद्यमान कानूनी संरचना,

  ४.४ वित्तीय क्षेत्रमा विद्यमान कमजोरी तथा सुधारका आवश्यकता ।

५. धितोपत्र बजारको व्यवसायिक योजनाः-

  ५.१ बजार संचालन हुन सक्ने तथा दिगो वृद्धि हासिल गर्न सक्ने आधार,

  ५.२ बजारले प्रदान गर्न सक्ने सेवा,

  ५.३ कारोवार क्षेत्र तथा शाखा विस्तार सम्बन्धी नीति,

  ५.४ मानव संशाधन योजना, सँगठन ढाँचा, तालिका, व्यवस्थापन शीप, व्यवस्थापन सूचना प्रणाली कानुन सम्बन्धी जनशक्ती विवरण,

  ५.५ प्रविधि, प्रविधि हस्तानान्तरण सम्बन्धी योजना र विनिमय बजारले प्रयोग गर्ने कारोबार राफ-साफ तथा फछ्र्यौट प्रणाली एवं सफ्टवेयर सम्बन्धी विवरण तथा विशेषता, नियमित मर्मत संभार, तथ्याङ्कको व्यवस्थापन तथा सुरक्षा सम्बन्धी रणनीति, प्रयोगमा ल्याउने प्रणालीमा वास्तविक समय वा दैनिक राफ साफ पद्धति, बोर्डले कारोवारको

वास्तविक समय सुपरीवेक्षण गर्न आवश्यक संयन्त्र तथा लिङ्क उपलब्ध हुने सम्बन्धमा,

५.६ प्रणाली संपरीक्षण सम्बन्धी कार्ययोजना,

५.७ बजार प्रवेश रणनीति,

५.८ व्यवसाय निरन्तरता योजना, डिजास्टर रिकभरि योजना, स्रोत परिचालन रणनीति,

५.९ कारोवारमा अनियमितता हुन नदिने व्यवस्था,

५.१० जोखिम व्यवस्थापन नीति तथा आन्तरिक नियन्त्रण प्रणाली,

५.११ संस्थागत सुशासन सम्बन्धी व्यवस्था,

५.१२ करोवारको राफसाफ तथा फछ्र्यौट संचालन व्यवस्था,

५.१३ कारोवार हुने उपकरण तथा मूल्य सम्बन्धि सुचना संकलन तथा प्रशोधन सम्बन्धी सुचकाङ्क प्रकाशन गर्ने कार्य योजना,

५.१४ कारोवारको सूचना प्रवाह पद्धति,

५.१५ पूँजी बजार सम्बन्धी साक्षरता, सचेतना तथा अभिमुखीकरण जस्ता कार्यक्रम सम्बन्धी कार्ययोजना,

५.१६ कर्मचारीलाई प्रदान गरिने तालिम तथा प्रशिक्षण सम्बन्धी कार्ययोजना,

५.१७ कारोवार हुने आवश्यक उपकरणहरुको सन्दर्भ मूल्य प्राप्ति सम्बन्धि व्यवस्था,

५.१८ लगानीकर्ताको हित संरक्षण सम्वन्धी विषय ।

६. प्रस्तावित धितोपत्र बजारको तीनवर्षको व्यवसायिक प्रक्षेपण, आर्थिक औचित्य र वित्तीय विश्लेषण:-

६.१ पूँजी लागत,

६.२ पूँजी संरचना तथा आर्थिक स्रोत व्यवस्थापन,

६.३ स्थिर पूँजी खर्च विवरण,

६.४ संचालन खर्चको विवरण,

६.५ कर्मचारी खर्च विवरण,

६.६ प्रारम्भिक खर्चको विवरण

६.७ वित्तीय साधन जुटाउन अवलम्बन गरिने उपायहरु,

६.८ आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण,

६.९ संवेदनशीलता विश्लेषण,

६.१० धितोपत्र बजारको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बारेको विश्लेषण ।

७. नेपाल बाहेक अन्य मुलुकको संस्थासंगको सम्झौता सम्वन्धी विवरण ।

८. प्राविधिक साझेदारसंगको सम्झौता सम्वन्धी विवरण ।

९. नेपालको पूँजी बजारलाई जिवन्त तथा प्रभावकारी बनाउने कार्ययोजना:-

(क) शेयर तथा इक्विटी बजार सम्बन्धमा

(ख) ऋणपत्र बजारको सम्बन्धमा,

(ग) डेरिभेटिभ्स् बजारको सम्बन्धमा,

(घ) अन्य विशेष उपकरणका सम्बन्धमा ।

## अनुसूची–३

(दफा ४ को उपदफा (२) को खण्ड (ख) संग सम्बन्धित)

**प्रस्तावित धितोपत्र बजारको संस्थापकको संचालक एवं कार्यकारी प्रमुख साथै प्रस्तावित धितोपत्र बजारको संचालक र कार्यकारी प्रमुख सम्बन्धी विवरण**

फोटो

१. नामः

२. स्थायी ठेगानाः ...............प्रदेश...............जिल्ला .................... गा.पा. / न.पा. / उ. म. न. पा. / म.न.पा .......टोल................वडा नं.........ब्लक नं......... फोन नंः........... फ्याक्सः............इमेल .............

३. हालको ठेगानाः ..................प्रदेश..............जिल्ला ...................... गा. पा / न.पा. / उ. म. न. पा / म.न.पा .......टोल................वडा नं.........ब्लक नं......... फोन नंः.......... फ्याक्सः............इमेल ..............

४. बाबुको नामः

५. बाजेको नामः

६. पति वा पत्निको नामः

७. शैक्षिक योग्यताः

८. व्यवसायिक अनुभवः

९. तालिमः

१०. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको भए तत्सम्बन्धी विवरणः

११. धितोपत्र बजारको अन्य संचालक वा कार्यकारी प्रमुखसंग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,

१२. धितोपत्र दलाल वा धितोपत्र व्यापारीको संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधिसँग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,

१३ आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धि कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः

१४. धितोपत्र बजारको संचालक/कार्यकारी प्रमुख हुन योग्यता पूरा भएको तथा अयोग्यता नरहेको उद्घोषणः

दस्तखतः ............................

**सम्लग्न गर्नु पर्ने कागजातः**

१. अघिल्लो आर्थिक बर्ष सम्मको कर दाखिला गरेको प्रमाण ।

२. कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए त्यस्तो सूचीबाट हटेको प्रमाणित गर्ने कागजात ।

३. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो समेत प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसूची-४

(दफा ४ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

**प्रस्तावित धितोपत्र बजारको संस्थापकको संचालक एवं कार्यकारी प्रमुख साथै प्रस्तावित धितोपत्र बजारको संचालक र कार्यकारी प्रमुखको स्वघोषणा**

नेपाल धितोपत्र बोर्ड
ललितपुर, खुमलटार ।

विषयः स्वघोषणा सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा धितोपत्र बजार सम्बन्धी कार्य गर्ने प्रयोजनको लागि देहाय बमोजिम स्वघोषणा गर्दछुः-

| क.स. | बिषय | छ/छैन |
|---|---|---|
| १ | कुनै नैतिक पतन देखिने फौजदारी कसूरमा दोषी ठहर भएको : | |
| २ | मानसिक सन्तुलन ठीक : | |
| ३ | ठगी वा नैतिक पतन देखिने फौजदारी सम्बन्धी कसूरको अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको : | |
| ४ | दामासाही सम्बन्धी कारबाहीमा परेको भएमा, दामासाही सम्बन्धी कारवाहीमा परेको तीन वर्ष अवधि व्यतीत भएको : | |
| ५ | प्रचलित कानुन बमोजिम कालो सूचीमा रहेको वा त्यस्तो सूचीबाट हटेको मितिले कम्तीमा छ महिनाको अवधि पूरा भएको : | |
| ६ | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अभियोगमा अदालतको अन्तिम फैसलाबाट कसूरदार ठहर भएको : | |
| ७ | सरकारी रकम तिर्न बाँकी रहेको : | |
| ८ | संलग्न भएको संस्था गैरकानुनी कृयाकलापमा संलग्न भएको : | |
| ९ | वित्तीय गतिवधि सम्बन्धी कसूरमा सजाय पाएको मितिले कम्तीमा पाँच वर्षको अवधि पूरा भएको : | |
| १० | धितोपत्र सम्बन्धी कसूरमा अदालतबाट अन्तिम फैसला भई सजाय पाएको मितिले दशवर्ष अवधि पूरा भएको | |
| ११ | ठगी वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतको अन्तीम फैसलाबाट कसूरदार ठहर भएको : | |
| १२ | प्रचलित कानुन बमोजिम कर दाखिला नगरेको वा प्रचलित कानुन बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत रहनु भएको : | |
| १३ | स्वदेशी संस्थापक भएमा, प्रस्तावित धितोपत्र बजारको चुक्ता पुँजीको पाँच प्रतिशत भन्दा बढी सेयर लिएको : | |
| १४ | स्वार्थ बाझिने कुनै अर्को सङ्गठित संस्था वा व्यवसायीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा वहालवाला पदाधिकारी रहेको: | |

| | | |
|---|---|---|
| १५ | अर्को कुनै धितोपत्र बजार वा धितोपत्र व्यवसायी संस्थाको सेयरधनी, वाहालवाला पदाधिकारी, लेखा परीक्षक, कानुनी वा अन्य सल्लाहकार रहेको: | |
| १६ | नेपाल वा नेपाल बाहेक अन्य मुलुकको कुनै नियमन निकाय वा सुपरिवेक्षण अधिकारीको कारवाहीमा परेको: | |

नेपाल धितोपत्र बोर्डलाई माथि उल्लिखित विवरण रुजु गर्न मञ्जुरीनामा दिएको छु र उक्त विवरण झुठो ठहरिएमा कानुन बमोजिम सहुँला/बुझाउँला ।

नाम:

दस्तखत:

मिति:

## अनुसूची-५
### (दफा ६ को उपदफा (३) संग सम्बन्धित)
### जाँचवुझ तथा मुल्यांकनका आधारहरु ।

| क्र.सं. | विषय वस्तु | अंकभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | विस्तृत व्यवसायिक कार्य योजना | | ६० |
| २ | पूँजी | | ८ |
| | (क) नियमावलीमा तोकिए बमोजिमको न्यूनतम प्रस्तावित चुक्ता पूँजी | ४ | |
| | (ख) नियमावलीमा तोकिएको न्यूनतम चुक्ता पूँजीभन्दा प्रत्येक थप ५० करोड रुपैंयाका लागि थप १ अंकका दरले अधिकतम चार अंक | ४ | |
| ३ | प्रस्तावित संचालकहरुको अनुभव तथा शैक्षिक योग्यता: | | ८ |
| | (क) नियमावलीमा तोके बमोजिम दुई तिहाई संचालकहरुको न्यूनतम शैक्षिक योग्यता तथा अनुभवको लागि, | ५ | |
| | (ख) नियमावलीमा तोके बमोजिमका सम्पूर्ण संचालकहरुको न्यूनतम शैक्षिक योग्यता तथा अनुभव भएमा थप तीन अंक | ३ | |
| ४ | कारोवार प्रणाली तथा प्रविधि सम्बन्धी: | | २४ |
| | (क) प्रस्तावित कारोवार प्रणाली तथा प्रविधि नेपाल बाहेक अन्य मुलुकका कम्तीमा तीन वटा धितोपत्र बजार संचालनको लागि प्रयोग भएको भएमा, | १४ | |
| | (ख) प्रस्तावित कारोवार प्रणाली तथा प्रविधि नेपाल बाहेक अन्य मुलुकका चार देखि सात वटा धितोपत्र बजार संचालनको लागि प्रयोग भएको भएमा थप पाँच अंक, | ५ | |
| | (ग) प्रस्तावित कारोवार प्रणाली तथा प्रविधि नेपाल बाहेक अन्य मुलुकका सात वटा भन्दा बढी धितोपत्र बजार संचालनको लागि प्रयोग भएको भएमा खण्ड (ख) का अतिरिक्त थप पाँच अंक । | ५ | |
| ५ | कुल जम्मा | | १०० |

❖❖❖

लागू मिति २०७९।०७।२४

# धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९

**प्रस्तावना:** धितोपत्र दर्ता गराएका संगठित संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी कार्यलाई व्यवस्थित गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "गाभ्ने/गाभिने" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएका दुई वा दुई भन्दा बढी संगठित संस्थाबीच प्रचलित कानून बमोजिम एक आपसमा भएको सम्झौता बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने वा एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य सम्झनुपर्छ र सो शब्दले धितोपत्र दर्ता गराएका संगठित संस्था र धितोपत्र दर्ता नगराएका संगठित संस्थाबीच एक आपसमा गाभ्ने/गाभिने कार्यलाई समेत जनाउँछ।

(ग) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरिलिन मन्जुर गरेको संगठित संस्था सम्झनु पर्छ।

(घ) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने तथा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व समाप्त हुने संगठित संस्था सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ सम्झनु पर्छ।

(च) "प्राप्ति" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएको एउटा संगठित संस्थाले समान प्रकृतिको अर्को संगठित संस्थाको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाब गरी संगठित संस्थाको कानूनी हैसियत समाप्त हुने गरी प्राप्ति गर्ने कार्य सम्झनु पर्दछ। साथै यस शब्दले बोर्डमा धितोपत्र दर्ता नगराएको संगठित संस्थाले बोर्डमा धितोपत्र दर्ता गराएको समान प्रकृतिको अर्को संगठित संस्थालाई प्राप्ति गर्ने कार्यलाई समेत सम्झनु पर्दछ।

(छ) "प्राप्ति गर्ने संस्था" भन्नाले एउटा संगठित संस्थाले अर्को लक्षित संस्थाको सम्पूर्ण सम्पत्ति, दायित्व तथा व्यवसाय प्राप्ति गर्ने संगठित संस्थालाई सम्झनु पर्दछ।

(ज) "बोर्ड" भन्नाले ऐनको दफा ३ को उपदफा (१) बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(झ) "लक्षित संस्था" भन्नाले प्राप्ति गर्ने संस्थामा आफ्नो सम्पूर्ण सम्पत्ति तथा दायित्व सहित समाहित हुने संगठित संस्था सम्झनु पर्दछ ।

(ञ) "शेयर आदान प्रदान अनुपात" भन्नाले गाभ्ने/गाभिने वा लक्षित संस्थाका शेयरधनीहरुले आफ्नो प्रत्येक शेयर बापत गाभिएपछि कायम हुने संस्था वा प्राप्ति गर्ने संस्थामा कायम हुने शेयरको अनुपातलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## आधारभूत शेयरधनीको कारोवार रोक्का तथा पूर्व स्वीकृति सम्बन्धी व्यवस्था

३. **आधारभूत शेयरधनीको कारोवार रोक्का सम्बन्धी व्यवस्था :** (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थाको संचालक समितिले गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी प्रारम्भिक समझदारी गरेको दिन वा सोको भोलीपल्ट कारोवार समय अगाडि गाभ्ने/गाभिने वा लक्षित संगठित संस्थाका आधारभूत शेयरधनीको कारोवार दफा ७ बमोजिमको साधारण सभा सम्पन्न नभएसम्म रोक्का राख्न आधारभूत शेयरधनीको विवरण सहित संगठित संस्थाले धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्था समक्ष निवेदन दिनुपर्नेछ । यसरी प्राप्त निवेदन बमोजिम धितोपत्र बजार तथा केन्द्रिय निक्षेप सेवा प्रदायक संस्थाले सो संस्थाको आधारभूत शेयरधनीको कारोवार तत्काल रोक्का राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था वा सो संस्थाको शेयर रजिष्ट्रारले उपदफा (१) बमोजिमको आधारभूत शेयरधनीको विवरण धितोपत्रको राफसाफ तथा अन्य कुनै कारणले हेरफेर भएमा तत्काल वा भोलिपल्ट कारोवार समय अगावै धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थालाई उपलब्ध गराउनुपर्नेछ । यसरी प्राप्त विवरण बमोजिम धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले कारोवार रोक्का गरिने आधारभूत शेयरधनीको विवरण आफ्नो कारोवार प्रणालीमा अद्यावधिक गरी सोही बमोजिम आधारभूत शेयरधनीको कारोवार रोक्का राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी जानकारी राख्ने संगठित संस्थाका संचालक, कर्मचारी तथा अन्य सम्बन्धित पक्षले प्रारम्भिक समझदारी नभएसम्म गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा कुनै पनि सूचना तथा जानकारी सार्वजनिक गर्न पाइने छैन ।

(४) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थाले प्रारम्भिक समझदारी गरेपछि उक्त संगठित संस्थाको दफा ७ बमोजिमको साधारण सभाबाट गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी प्रस्तावमा निर्णय नभएसम्म गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रिया रद्द गर्न सक्ने छैन ।

४. **पूर्व स्वीकृतिका लागि निवेदन दिनुपर्ने :** (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थाले अर्को संगठित संस्थासँग गाभ्न/गाभिन वा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृतिका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को व्यवस्था बमोजिम अनुसूची–१ मा उल्लेखित ढाँचामा बोर्ड समक्ष संयुक्त रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि निवेदन दिँदा देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछ :-

(क) गाभ्ने ⁄ गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाले गरेको निर्णय,

(ख) संगठित संस्थाहरुले गाभ्ने ⁄ गाभिने वा प्राप्ति सम्बन्धमा गरेको प्रारम्भिक समझदारी,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(घ) गाभ्ने ⁄ गाभिने वा प्राप्ति कार्य सम्पन्न गर्ने समयबद्ध कार्यतालिका,

(ङ) नियमनकारी निकायको पूर्व सहमति वा पूर्व स्वीकृति लिनुपर्ने भएमा त्यस्तो पूर्व सहमति वा पूर्व स्वीकृतिपत्र ।

**५. पूर्व स्वीकृति प्रदान गर्ने :** (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था गाभ्ने ⁄ गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा दफा ४ बमोजिम प्राप्त भएको निवेदन उपर बोर्डले आवश्यक जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझको सिलसिलामा बोर्डले आवश्यकता अनुसार थप कागजात समेत माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले संगठित संस्थालाई गाभ्ने ⁄ गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन सात कार्य दिनभित्र पूर्व स्वीकृति दिनेछ ।

(३) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थालाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृति दिँदा बोर्डले आवश्यकता अनुसार शर्तहरु समेत तोक्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित नियमनकारी निकायको पूर्व सहमति वा पूर्व स्वीकृति सहित निवेदन दिएका संगठित संस्थालाई बोर्डले उक्त पूर्व सहमति वा पूर्व स्वीकृतिको आधारमा तीन कार्य दिनभित्र पूर्व स्वीकृति दिनुपर्नेछ ।

## परिच्छेद-३

## डयू डिलिजेन्स अडिट तथा शेयर आदान प्रदान अनुपात सम्बन्धी व्यवस्था

**६. ड्यू डिलिजेन्स अडिट सम्बन्धी व्यवस्था** : (१) दफा ५ बमोजिम पूर्व स्वीकृति प्राप्त संगठित संस्थाले स्वतन्त्र मूल्याङ्कनकर्ताबाट सम्पत्ति, दायित्व तथा व्यवसायको ड्यू डिलिजेन्स अडिट गराउनु पर्नेछ ।

(२) स्वतन्त्र मूल्यांकनकर्ताले ड्यू डिलिजेन्स अडिट गर्दा मूल्याङ्कनको आधार समेत खुलाउनु पर्नेछ ।

(३) संगठित संस्थाले ड्यू डिलिजेन्स अडिट गरे पछि सो प्रतिवेदन समेतको आधारमा अन्तिम शेयर आदान प्रदान अनुपात निर्धारण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात सम्बन्धित संस्थाको संचालक समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमोदित निर्णय सोही दिन वा सोको भोलीपल्ट कारोवार शुरु हुनु अगाडि धितोपत्र बजारलाई जानकारी गराउनुपर्नेछ ।

७. **गाभ्ने /गाभिने वा प्राप्ति सम्बन्धी प्रस्ताव साधारण सभाबाट पारित गर्नुपर्ने** : गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न संगठित संस्थाले शेयर आदान प्रदान अनुपात सहित गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाबाट निर्णय गराउनुपर्नेछ ।

## परिच्छेद-४
## अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

८. **अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था :** (१) दफा ७ बमोजिम शेयर आदान प्रदान अनुपात सहित गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाबाट निर्णय भएको संगठित संस्थाले अन्तिम स्वीकृतिका लागि अनुसूची–२ बमोजिमको ढाँचामा बोर्ड समक्ष संयुक्त रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि निवेदन दिंदा देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछ :-

(क) दफा ७ बमोजिम साधारण सभाले गरेको निर्णय,

(ख) सम्पत्ति, दायित्व तथा व्यवसायको मूल्याङ्कन सहितको ड्यू डिलिजेन्स अडिट,

(ग) शेयर आदान प्रदान अनुपात सम्बन्धी विवरण,

(घ) गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा संगठित संस्थाहरु विच भएको सहमतिपत्र (स्कीम अफ अरेन्जमेन्ट),

(ङ) सम्बन्धित नियमनकारी निकायको अन्तिम सहमति वा अन्तिम स्वीकृतिपत्र लिनुपर्ने भएमा सो अन्तिम सहमति वा अन्तिम स्वीकृतिपत्र ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थासँग थप जानकारी वा कागजात माग गर्न आवश्यक देखेमा बोर्डले थप जानकारी वा कागजात माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले संगठित संस्थालाई एक आपसमा गाभ्न/गाभिन तथा प्राप्ति गर्न सात कार्य दिन भित्र अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित नियमनकारी निकायको अन्तिम सहमति वा अन्तिम स्वीकृतिपत्र संलग्न गरी बोर्ड समक्ष निवेदन दिएको संगठित संस्थाको हकमा एक आपसमा गाभ्न/गाभिन तथा प्राप्ति गर्न तीन कार्य दिन भित्र अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

९. **एकिकृत कारोवार सम्बन्धी व्यवस्थाः** (१) दफा ८ बमोजिम गाभ्ने/गाभिने वा प्राप्तिका लागि स्वीकृति प्राप्त गरेका संगठित संस्थाले कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम एकीकृत व्यवसायिक कारोवारको स्वीकृति प्राप्त गरेपश्चात् एकीकृत व्यवसायिक कारोवार गर्ने मिति निर्धारण गरी सोको जानकारी बोर्ड, धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थालाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकीकृत व्यवसायिक कारोवार गरेको मितिबाट गाभ्ने/ गाभिने वा प्राप्तिको हकमा लक्षित संस्थाको शेयर मिलान, धितोपत्र पुनः दर्ता, धितोपत्रको अभौतिकिकरण तथा सूचिकरण प्रयोजनको लागि बढीमा १५ कार्य दिनसम्म शेयर कारोवार रोक्का राख्न सम्बन्धित संगठित संस्थाले धितोपत्र बजार समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि धितोपत्र बजारले सम्बन्धित संगठित संस्थाको शेयर कारोवार रोक्का राख्नुपर्नेछ ।

## परिच्छेद-५
## विविध

**१०. गाभ्ने/गाभिने वा प्राप्ति सम्पन्न गर्नुपर्ने समयावधिः** (१) संगठित सस्थाले गाभ्ने/गाभिने वा प्राप्ति कार्य प्रारम्भिक सम्झौता भएको छ महिना भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र गाभ्ने/गाभिने वा प्राप्ति कार्य सम्पन्न नभएमा सम्बन्धित संगठित संस्थाको संचालक समिति जबाफदेही हुनेछ ।

**११. शेयर स्वामित्व संरचना सम्बन्धी व्यवस्थाः** (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था र धितोपत्र दर्ता नगराएको संगठित संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्दा त्यस्तो संगठित संस्थाले सम्बन्धित नियमनकारी निकाय वा प्रचलित कानूनले तोकेको शेयर स्वामित्व संरचना कायम हुने गरी मिलाउनु पर्नेछ ।

(२) संगठित संस्थाले उपदफा (१) बमोजिमको शेयर स्वामित्व संरचना कायम गर्ने कार्य एकिकृत व्यवसायिक कारोवार शुरु गरेको एक वर्षभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

**१२. प्रक्रिया अघि बढाउन बाधा नपर्नेः** यो निर्देशिका प्रारम्भ हुनु अघि गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रियामा रहेका संगठित संस्थाको हकमा तत्काल कायम रहेको प्रचलित व्यवस्था बमोजिम गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।

**१३. शेयर कारोवार फुकुवा सम्बन्धी विशेष व्यवस्थाः** (१) यो निर्देशिका प्रारम्भ हुनु अघि गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा रहेका कारण शेयर कारोवार रोक्का रहेका संगठित संस्थाको आधारभूत शेयरधनी बाहेक अन्य शेयरधनीको शेयर कारोवार फुकुवा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आधारभूत शेयरधनी बाहेकका शेयरधनीको शेयर कारोवार फुकुवा गर्न संगठित संस्थाले आधारभूत शेयरधनीको विवरण सहित धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्था समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले संगठित संस्थाको आधारभूत शेयरधनी बाहेकको शेयर कारोवार तत्काल खोल्ने व्यवस्था गर्नुपर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित नियमनकारी निकायले शेयर कारोवार रोक्का राखेको भएमा सम्बन्धित नियमनकारीको सहमतिमा आधारभूत शेयरधनी बाहेकका शेयरधनीको शेयर कारोवार फुकुवा गर्न सकिनेछ ।

**१४. बाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा बोर्डले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१
### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

मितिः.......................

श्री नेपाल धितोपत्र बोर्ड ।

.................................

विषयः पूर्व स्वीकृति सम्बन्धमा ।

महोदय,

..................लि. ले ................................लि. सँग/लाई गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा निर्णय भएकोले पूर्व स्वीकृति पाउनको लागि यो निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्नः**

१.  २.  ३.

भवदीय,

| | |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः ............ | पदः ............ |
| संगठित संस्थाको नामः | संगठित संस्थाको नामः |
| छापः | छापः |

## अनुसूची-२
### (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
### संगठित संस्था गाभ्न/गाभिन वा प्राप्ति गर्नका लागि अन्तिम स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

मितिः.......................

श्री नेपाल धितोपत्र बोर्ड ।

.................................

**विषयः अन्तिम स्वीकृति सम्बन्धमा ।**

महोदय,

..................... लि.ले ................................लि. सँग/लाई गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा तहाँबाट अन्तिम स्वीकृति पाउनको लागि देहाय बमोजिम विवरण संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

**संलग्नः**

१.  २.  ३.

भवदीय,

| | |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः ............ | पदः ............ |
| संगठित संस्थाको नामः | संगठित संस्थाको नामः |
| छापः | छापः |

❖❖❖

लागू मिति २०७९।११।०४

# धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९

**प्रस्तावना:** धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी कार्यलाई व्यवस्थित गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम " धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "धितोपत्र दलाल व्यवसायी" भन्नाले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २७ को उपनियम (१) बमोजिमको कार्य गर्न धितोपत्र दलालको रुपमा अनुमतिपत्र प्राप्त संगठित संस्था वा कम्पनी सम्झनु पर्छ ।

(ग) "बोर्ड" भन्नाले ऐनको दफा ३ को उपदफा (१) बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

**३. निवेदन दिनुपर्ने:** (१) धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्न अनुसूचि-१ बमोजिमको ढाँचामा अनुसूचि-२ मा उल्लेखित विवरण तथा कागजात सहित बोर्ड समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन दिदाँ धितोपत्र दलाल व्यवसायीले एक पटकमा एउटा मात्र शाखा कार्यालय खोल्नका लागी निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी बोर्डले सम्पूर्ण विवरण तथा कागजात प्राप्त भएको मितिले १५ कार्यदिन भित्र निवेदकलाई अनुसूचि-३ बमोजिमको पूर्वाधार तयारी गरी शाखा कार्यालय खोल्न स्वीकृति प्रदान गर्नेछ ।

(४) धितोपत्र दलाल व्यवसायीले उपदफा (३) बमोजिम स्वीकृति पाएको मितिले तीन महिनाभित्र शाखा कार्यालय खोली सञ्चालनमा ल्याउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम खोलिएको शाखा कार्यालय सञ्चालन गर्नुपूर्व कम्तिमा सात दिन अगाडि बोर्डलाई जानकारी गराउनुपर्नेछ ।

(६) धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालय सञ्चालन गर्नु अगाडि बोर्डले आवश्यक देखेको खण्डमा शाखा कार्यालयको पूर्वाधारको निरीक्षण गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम निरीक्षण गर्दा अनुसूचि-३ बमोजिमको पूर्वाधार तयार गरेको नदेखिएमा बोर्डले बढीमा १५ दिनको समय दिई पूर्वाधार तयार गर्न निर्देशन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम पूर्वाधार तयार नगर्ने धितोपत्र दलाल व्यवसायीलाई शाखा कार्यालय खोल्न दिएको स्वीकृति बोर्डले रद्द गर्नसक्नेछ ।

(८) धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय स्थानान्तरण गर्नुपरेमा बोर्डलाई जानकारी गराई जुन जिल्लामा शाखा कार्यालय खोल्न स्वीकृति प्राप्त गरेको हो, सोही जिल्ला भित्र साविकको पुर्वाधार कायम राखी शाखा स्थानान्तरण गर्न सक्नेछ ।

४. **शाखा कार्यालयको संख्याः** (१) धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्दा प्रति शाखा .एक करोड पचास लाख रुपैयाका दरले चुक्ता पूँजी कायम गर्नुपर्नेछ ।

(२) धितोपत्र दलाल व्यवसायीले मुख्य कार्यालय रहेको जिल्लामा शाखा कार्यालय खोल्न स्वीकृति दिइने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले तोकेको दुर्गम जिल्लामा थप शाखा कार्यालय खोल्न बोर्डले स्वीकृति दिन सक्नेछ ।

(४) धितोपत्र दलाल व्यवसायीले काठमाण्डौं उपत्यका बाहिर कम्तिमा तिन वटा शाखा खोले पछिमात्र काठमाण्डौं उपत्यका भित्र शाखा खोल्न सक्नेछ ।

५. **नेटवर्थसम्बन्धी व्यवस्थाः** (१) शाखा कार्यालय खोल्न चाहने धितोपत्र दलाल व्यवसायीको नेटवर्थ चुक्ता पूँजी भन्दा बढी हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नेटवर्थ सम्बन्धी विवरण नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यता प्राप्त चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको हुनुपर्नेछ ।

६. **तालिमसम्बन्धी व्यवस्थाः** (१) शाखा कार्यालयमा खटाइने कर्मचारीहरुलाई जिम्मेवारीमा पठाउनु अघि ग्राहक व्यवस्थापन, कारोबार, कारोबार प्रणाली, राफसाफ तथा फछ्र्यौट, जोखिम व्यवस्थापन, धितोपत्र बजारसम्बन्धी प्रचलित कानुन, स्थापित संस्था तथा तिनीहरुको काम, कर्तव्य अधिकार लगायतका विषयमा पर्याप्त जानकारी हुने गरी मुख्य कार्यालयबाट तालिम दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम सम्पन्न भएको सात कार्यदिनभित्र बोर्डमा जानकारी गराउनुपर्नेछ ।

७. **शाखा कार्यालय खोल्न नसक्नेः** (१) धितोपत्र दलाल व्यवसायी वा उक्त व्यवसायीको सचालक वा कार्यकारी प्रमुखले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (१), (२) वा (३) वा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी प्रचलित कानुन बमोजिम सजाय पाएको भएमा सजाय पाएको मितिले एक वर्षसम्म सम्बन्धित धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्न सक्ने छैन ।

(२) शाखा कार्यालय खोल्न स्वीकृति प्राप्त गरी कार्यालय खोल्न नसकि बोर्डबाट स्वीकृति रद्द भएको मितिले एक वर्षसम्म शाखा कार्यालय खोल्नका लागि निवेदन दिन सकिने छैन ।

८. **शाखा कार्यालय बन्द गर्ने सम्वन्धी व्यवस्थाः** (१) संचालनमा रहेको शाखा कार्यालय संचालन गर्न नसक्ने अवस्था आई धितोपत्र दलाल व्यवसायीले त्यस्तो शाखा बन्द गर्न चाहेमा संचालक समितिको निर्णय सहित सोको कारण खुलाई अनुसुचि ४ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपधि बोर्डले आवश्यक जाँचवुझ गरी शाखा कार्यालय बन्द गर्नुपर्ने कारण मनासिव देखेमा निवेदन प्राप्त भएको मितिले पन्ध्र दिन भित्र शाखा कार्यालय वन्द गर्न स्वीकृति प्रदान गर्नेछ ।

(३) उपदफा (२) बमोजिम शाखा कार्यालय बन्द भएमा उक्त शाखा कार्यालय मार्फत प्रदान हुदै आएको ग्राहकको सेवा र कारोवार सम्वन्धी सम्पुर्ण जिम्मेवारी मुख्य कार्यालयमा सर्नेछ ।

९. **मुख्य कार्यालय जिम्मेवार रहनेः** (१) शाखा कार्यालयबाट भएका कारोवार, कारोबार प्रणाली, कारोबारको राफसाफ तथा फछ्र्यौट, कानून परिपालना लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी तथा जवाफदेहिता मुख्य कार्यालयमा रहनेछ ।

(२) शाखा कार्यालयबाट सम्पन्न भएका कारोवारको विवरण सम्बन्धित मूख्य कार्यालय तथा शाखा कार्यालयले समेत राख्नुपर्नेछ ।

१०. **शाखा कार्यालय सम्वन्धी विशेष व्यवस्थाः** (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत शाखा कार्यालय खोल्न निवेदन दिई पूर्वाधार तयार गर्न बोर्डबाट सूचना नगरिएका धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्न यो निर्देशिका बमोजिम पुनः निवेदन दिनु पर्नेछ ।

(२) यो निर्देशिका प्रारम्भ हुँदाका बखत शाखा कार्यालय खोल्न निवेदन दिई पूर्वाधार तयार गर्न बोर्डबाट सूचना गरिएका धितोपत्र दलाल व्यवसायीले पूर्वाधार तयार गरी बोर्डलाई जानकारी गराएको अवस्थामा बोर्डबाट स्वीकृति लिई शाखा कार्यालय सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम शाखा कार्यालय खोलेका धितोपत्र दलाल व्यवसायीको चुक्ता पूँजि यो निर्देशिकाको व्यवस्था बमोजिम नपुगेको भएमा यो निर्देशिका प्रारम्भ भएको मितिले ६ महिना भित्र चुक्ता पूँजि पुर्‍याउनुपर्नेछ ।

११. **बाधा अड्काउ फुकाउन सक्ने :** यो निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा बोर्डले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची– १
### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
### शाखा कार्यालय खोल्नका लागि दिने निवेदनको ढाँचा

मितिः .....................

श्री नेपाल धितोपत्र बोर्ड ............................ ।

**बिषयः शाखा कार्यालय खोल्नका लागि स्वीकृति पाऊ ।**

धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गत बनेको नियम, विनिमय, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही .............प्रदेश....................जिल्ला ............. गा.वि.स. ⁄ न.पा.,........वडा नं...............टोलमा शाखा कार्यालय खोल्ने इच्छा भएकोले आवश्यक विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौ । हामीले शाखा कार्यालय खोल्नका लागि तोकिएको योग्यता तथा व्यवस्थाहरु पुरा गरेका छौं ।

संलग्न कागजात तथा उल्लेखित विवरण ठिक साँचो छन । अन्यथा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**कार्यकारी प्रमुखः**

नाम :

दस्तखतः

निवेदक कम्पनीको नाम तथा ठेगाना र छापः

## अनुसूची– २
### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### संलग्न गर्नुपर्ने कागजातहरुः

१. हाल सञ्चालनमा रहेका शाखा कार्यालयसम्बन्धी विवरण (शाखा कार्यालयको संख्या, शाखा कार्यालय रहेका स्थान, बोर्डबाट शाखा कार्यालय खोल्नका लागि दिएको स्वीकृति मिति),
२. कार्यालय सञ्चालन र व्यवस्थापनसम्बन्धी कार्यविधि,
३. सम्भाव्यता अध्ययन प्रतिवेदन,
४. नेटवर्थ र चुक्ता पुँजी प्रमाणित हुने कागजात,
५. शाखा कार्यालय खोल्ने सम्वन्धी संचालक समितिको निर्णय ।

## अनुसूची– ३
### (दफा ३ को उपदफा (३) सँग सम्बन्धित)
### धितोपत्र दलालको शाखा कार्यालयमा तयार गर्नुपर्ने न्यूनतम पूर्वाधार

(क) शाखा कार्यालयको क्षेत्रफल प्रत्येकमा कम्तिमा पाँच सय वर्गफिट हुनुपर्ने,

(ख) शाखा कार्यालयमा कम्तिमा वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापन, कानून विषयमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी गरेको व्यक्ति प्रमुख र परिपालन (कम्प्लाइन्स) अधिकृत तथा सूचना प्रविधि सहित कम्तीमा तीन जना कर्मचारी हुनुपर्ने,

(ग) शाखा कार्यालयबाट हुने कारोबार मुख्य कार्यालयमार्फत हुने व्यवस्था गर्नुपर्ने,

(घ) कम्तिमा दुई थान कम्प्युटर र त्यसका लागि power backup भएको हुनुपर्ने,

(ङ) शाखा कार्यालयको कारोवार गर्ने कम्प्युटरमा कम्तीमा Dedicated Internet Connectivity (Leased Line) को प्रयोग हुनुपर्ने,

(च) कारोबार कक्ष तथा डिस्प्ले कक्ष छुट्टाछुट्टै हुनुपर्ने,

(छ) टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट था सिसीटिभि जस्ता पूर्वाधारहरुको व्यवस्था भएको हुनुपर्ने,

(ज) कार्यालयको लागि आवश्यक पर्ने फर्निचर, फिक्सचर्स तथा कार्यालय सामाग्रीहरुको यथोचित व्यवस्था भएको हुनुपर्ने ।

## अनुसूची– ४
### (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
### शाखा कार्यालय बन्द गर्नका लागि दिने निवेदनको ढाँचा

मितिः ......................

श्री नेपाल धितोपत्र बोर्ड ............................ ।

**बिषयः शाखा कार्यालय बन्द गर्न स्वीकृति पाऊँ ।**

बोर्डबाट मिति ......................... मा स्वीकृति प्राप्त गरी ............. प्रदेश....................जिल्ला ............ गा.वि.स./न.पा.,........वडा नं...............टोलमा शाखा कार्यालय खोली सञ्चालनमा रहेको यस कम्पनी शाखा कार्यालय सञ्चालन गर्न ................................ को कारणबाट असमर्थ भएकोले उक्त शाखा कार्यालय बन्द गर्न स्वीकृतिका लागि यो निवेदन पेश गरेका छौं ।

**कार्यकारी प्रमुखः**

नाम :

दस्तखतः

निवेदक कम्पनीको नाम तथा ठेगाना र छापः

❖❖❖

जारी मिति : २०७४।०७।१९
प्रथम संशोधन मिति : २०७७।०४।११

# मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४

धितोपत्र लगानीकर्तालाई मार्जिन कारोबार सुविधा उपलब्ध गराउने तथा धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्ने उद्देश्यले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डद्वारा देहायको निर्देशन जारी गरिएको छ ।

१. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउँदा कम्तीमा १० हजार शेयरधनी रहेको तथा नेटवर्थ सकारात्मक रहि पछिल्लो दुई आर्थिक वर्षमा कम्तीमा वार्षिक १० प्रतिशत लाभांश वितरण गरेको सूचिकृत संगठित संस्थाको शेयरमा मात्र मार्जिन कारोबार सुविधा उपलब्ध गराउनु पर्नेछ ।

२. मार्जिन कारोबार सुविधा उपलब्ध गराउने धितोपत्र दलाल व्यवसायीको खुद सम्पत्ती (Net Worth) कम्तीमा रु. ५ करोड हुनु पर्नेछ ।

[१]३. धितोपत्र दलाल व्यवसायीले सूचिकृत संगठित संस्थाको शेयरको १२० दिनको औषत मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ सोको ३० (तीस) प्रतिशतले हुन आउने रकम ग्राहकसंग प्रारम्भिक मार्जिन (Initial Margin) को रुपमा लिनु पर्नेछ ।

४. मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरिएको शेयरको विवरण तथा मार्जिन रकमको विवरण ग्राहकको छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्नेछ ।

५. मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद भएको शेयर दैनिक रुपमा कारोबार गर्दा वा कारोबार पश्चात वा राफसाफको समयमा पहिचान गरी राख्नु पर्नेछ ।

[२]६. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अवधि भर निर्देशन नं. ३ मा उल्लेखित मार्जिन सम्वन्धमा बजारको अवस्था तथा जोखिम हेरी न्यूनतम २० (बीस) प्रतिशत मार्जिन कायम रहने गरी ग्राहकसंग सम्भार मार्जिन (Maintenance Margin) लिनु पर्नेछ ।

७. बजारको अवस्था तथा सूचिकृत संगठित संस्थाको शेयरमा निहित जोखिमलाई दृष्टिगत गरी धितोपत्र दलाल व्यवसायीले निर्देशन नं. ३ मा उल्लेखित मार्जिनभन्दा बढी मार्जिन माग गर्न सक्नेछ ।

८. ग्राहकको मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरेको शेयरमा आवश्यक पर्ने मार्जिन (Maintenance Margin) भुक्तान गर्न नसकेमा वा ईन्कार गरेमा वा सम्पर्कमा नआएमा धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरेको शेयरमात्र बिक्री गर्न सक्नेछ ।

९. निर्देशन नं. ८ बमोजिम शेयर बिक्री पश्चात सम्बन्धित ग्राहकसंग हिसाव फछ्र्यौट गरी सोको जानकारी धितोपत्र बजारलाई गराउनु पर्नेछ ।

१०. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा दिनु अगावै लेखापरीक्षकबाट प्रमाणित आफ्नो वित्तीय विवरणसहित धितोपत्र बजारमा सहमतिको लागि निवेदन पेश गर्नु पर्नेछ ।

---

१ बोर्ड संचालक समितिको निर्णयबाट प्रथम संशोधन भएको

२ बोर्ड संचालक समितिको निर्णयबाट प्रथम संशोधन भएको

११. धितोपत्र बजारले निर्देशन नं. १० बमोजिम प्राप्त भएको निवेदनको सम्बन्धमा आवश्यक अध्ययन गरी सहमति प्रदान गर्नेछ र सोको जानकारी बोर्डलाई समेत गराउनु पर्नेछ ।

१२. धितोपत्र व्यवसायीले मार्जिन कारोबार सुविधा प्रदान गर्न आफ्नै स्रोत वा वाणिज्य बैंकसंग रकम लिएर मार्जिन कारोबार सुविधा प्रदान गर्न सक्नेछ ।

१३. धितोपत्र दलाल व्यवसायीले आफ्नो प्रमाणित नेटवर्थको दुई गुणासम्म मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्नेछ ।

१४. धितोपत्र दलाल व्यवसायीले कुनै एक ग्राहक तथा निजको एकाघरका सदस्यलाई आफ्नो नेटवर्थको बढिमा १० प्रतिशतभन्दा बढी मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सक्ने छैन ।

१५. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा प्रदान गर्दा लगानी विविधिकरणलाई समेत ध्यान दिनु पर्नेछ ।

१६. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अन्तर्गत खरिद गरेको अनुसूची-१ बमोजिमको विवरण कारोबार भएको भोलिपल्ट मध्यान्ह १२ बजेसम्म धितोपत्र बजारलाई उपलब्ध गराउनु पर्नेछ र उक्त विवरण साप्ताहिक रुपमा बोर्डलाई समेत जानकारी गराउनु पर्नेछ ।

१७. धितोपत्र बजारले अनुसूची-१ बमोजिमको विवरण प्राप्त गर्न आवश्यक विद्युतीय संयन्त्रको विकास गरी लागू गर्न सक्नेछ ।

१८. धितोपत्र बजारले मार्जिन कारोबार सुविधा अन्तर्गत कारोबार भएको शेयरको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा कारोबार भएको भोलिपल्टसम्ममा आफ्नो वेभसाईट मार्फत बजारमा संप्रेषण गर्नुपर्नेछ ।

१९. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा अन्तर्गत कारोबार भएको शेयरको हिसाव किताव तथा लेखा वार्षिकरुपमा लेखापरिक्षण गराई बोर्ड र धितोपत्र बजारलाई आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नु पर्नेछ ।

२०. धितोपत्र दलाल व्यवसायीले ग्राहकको परिष्कृत ग्राहक मूल्याङ्कन पद्धति अवलम्बन गरी पहिचान गरेर मात्र मार्जिन कारोबार सुविधा प्रदान गर्नु पर्नेछ ।

२१. धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउँदा सो सम्बन्धमा ग्राहकसंग सम्झौता गर्नु पर्नेछ र उक्त सम्झौतामा देहायका कुराहरुसमेत खुलाउनु पर्नेछ ।

(क) शुरु मार्जिन (Initial margin)

(ख) संभार मार्जिन (Maintenance Margin) दर

(ग) मार्जिन कल (Margin Call)

(घ) सेवा शुल्क वा व्याज

(ङ) खरिद गर्ने शेयरको विवरण

(च) आवश्यकता अनुसार अन्य शर्त । व्यवस्थाहरु

२२. धितोपत्र बजारले अन्य नियमित कारोबारसरह मार्जिन कारोबार सुविधाकोसमेत गुनासो सुन्ने व्यवस्था गर्नु पर्नेछ ।

[३]२३. यस निर्देशनको अधिनमा रही धितोपत्र बजार र धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा सम्वन्धी कार्यबिधि बनाई बोर्डको स्वीकृतिमा लागू गर्नु पर्नेछ ।

---

३ बोर्ड संचालक समितिको निर्णयबाट प्रथम संशोधन भएको

## अनुसूची-१
### (निर्देशन नं. १६ संग सम्बन्धित)

धितोपत्र दलाल व्यवसायीले धितोपत्र बजारमा पेश गर्नुपर्ने दैनिक प्रतिवेदनको ढाँचा

धितोपत्र दलालको नाम:

सदस्यता नं.

| ग्राहकको नाम | स्थायी लेखा नं. | सूचिकृत संगठित संस्थाको नाम | शेयरको किसिम | शेयर संख्या | धितोपत्रदलाल व्यवसायीले लगानी गरेको रकम |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची-२
### (निर्देशन नं. १८ संग सम्बन्धित)

धितोपत्र बजारले संप्रेषण गर्ने सूचनाको ढाँचा

| सूचिकृत संगठित संस्थाको नाम | शेयरको किसिम | कुल शेयर संख्या | सम्पूर्ण धितोपत्र दलाल व्यवसायीले लगानी गरेको कुल रकम |
|---|---|---|---|
| | | | |

❖❖❖

# सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर निवारण गर्ने सम्बन्धमा बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाको काम कारबाहीलाई थप नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प.को उपदफा (२) तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले देहायको निर्देशन जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६" रहेको छ।

(२) यो निर्देशन मिति २०७६ श्रावण १ गते देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ सम्झनु पर्छ।

(ग) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(घ) "सूचक संस्था" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम धितोपत्र सम्बन्धी व्यवसाय गर्न वा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम वस्तु विनिमय सम्बन्धी व्यवसाय गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी वा वस्तु विनिमय व्यवसायी संस्था सम्झनु पर्छ। साथै सो शब्दले धितोपत्र वा वस्तुको ओटिसी कारोबार संचालन गर्ने धितोपत्र बजार वा वस्तु विनिमय बजार समेतलाई जनाउनेछ।

३. **जोखिममा आधारित आन्तरिक नीति, कार्यविधि तथा कार्यः (१)** सूचक संस्थाले ऐनको दफा ७त. को उपदफा (१) बमोजिम आन्तरिक नीति तथा कार्यविधि बनाउदा जोखिम मुल्यांकनमा आधारित भएर बनाउनु पर्ने छ।

(२) सूचक संस्थाले सम्पादन गर्नु गराउनु पर्ने ग्राहक पहिचान, पहिचानको वर्ग विभाजन, हेरफेर, आवश्यक विवरण तथा कागजात निर्धारण, अनुगमन जोखिम मुल्यांकनमा आधारित हुने गरी तय गर्नु पर्ने छ।

(३) सूचक संस्थाले उपदफा (१) बमोजिम आन्तरिक नीति तथा कार्यविधि बनाई लागू गर्दा त्यस्तो नीति तथा कार्यविधिमा देहायका कुराहरु समेत समावेस गर्नु पर्नेछः-

(क) कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धती,

(ग) जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन प्रणाली,

(घ) अस्वभाविक तथा शंकास्पद कारोबारको पहिचान गर्ने पद्धती र सोको आधार,

(ङ) ऐनको परिच्छेद-६ख.र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० मा उल्लेख भए बमोजिमका दायित्व पूरा गर्ने प्रभावकारी पद्धती,

(च) ऐन, नियमावली र यो निर्देशन प्रभावकारी रूपमा पालना गर्न आवश्यक पर्ने अन्य बिषय ।

४. **ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने तरिकाः** (१) सूचक संस्थाले ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐन, नियम र यो निर्देशनको अधिन र मनसाय भित्र हुने गरी ऐनको दफा ७क.र नियमावलीको नियम ४ र ५ बमोजिम देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) जोखिमका आधारमा पहिचान तथा सोको सम्पुष्टि गर्न आवश्ययक कागजात, विवरण, प्रकृया, नियन्त्रणका उपाय आदिको कार्यविधि तथा फारममामा स्पष्टता,

(ख) कुनै विशेष प्रकार वा प्रकृतिका ग्राहकको पहिचान वा सम्पुष्टीको बारेमा अस्पष्टता देखिएको अवस्थामा सोको निदानको प्रकृया,

(ग) सेवा अनुसार छुट्टाछुट्टै फारम नभई एक ग्राहक एक पहिचान फारम भरी भराई ग्राहकले थप सेवा माग गरेमा सो बिषय अनुसार थप विवरण वा कागजात आवश्यक भएमा सोही फारममा थप गर्दै वा एकिकृत गर्ने व्यवस्था,

(घ) पहिचान अद्यावधिक गर्दा पुरानै फारममा नयाँ जानकारी थप गर्न सकिने भएमा पुरानो फाराम निरन्तर हुने व्यवस्था, र

(ङ) प्रकृया सहजिकरण पद्धतिको संरचना व्यवस्था ।

(२) सूचक संस्थाले ग्राहकको पहिचान गर्दा कुनै ग्राहक कानूनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्वमा रहेको देखिएमा त्यस्तो संरचनाको प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण गर्ने व्यक्ति फरक देखिएमा त्यस्तो व्यक्तिको नियमावलीको नियम ६ को उपनियम (२) को खण्ड (क) बमोजिम पहिचान गर्नु पर्नेछ ।

(३) सूचक संस्थाले कुनै प्राकृतिक व्यक्तिको कारोबारमा परिवार बाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ ।

(४) धितोपत्रमा लगानी गर्ने लगानीकर्ता वा ग्राहक बाहेक अन्य कुनै व्यक्तिले लगानीकर्ता वा ग्राहकको नाममा सूचक संस्थाको कार्यालयमा कारोबार गर्न आएमा त्यसरी कारोबार गर्न आउने व्यक्तिको नाम, थर, सम्पर्क नम्बर वा ठेगाना र ग्राहकसँगको सम्बन्ध खुलाउने विवरण लिनु पर्नेछ ।

(५) ग्राहक पहिचानको सिलसिलामा नियमावलीको नियम ४ को उपनियम (४) तोकिए बमोजिम देहाय बमोजिमका व्यक्तिहरुको ल्याप्चे सहीछाप लिनु पर्नेछः-

(क) प्राकृतिक व्यक्तिको हकमा हितग्राही र संरक्षक फरक भएमा संरक्षकको समेत, तर नाबालिगको हकमा संरक्षकको मात्र लिन बाधा पर्ने छैन ।

(ख) कानूनी व्यक्ति वा प्रबन्धको हकमा आधिकारिक प्रतिनिधि ।

(६) सूचक संस्थाले ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐन नियमावली बमोजिम नाम, ठेगाना, सम्पर्क गर्ने तरिका लगायत पहिचान गर्न पर्याप्त हुने न्यूनतम विवरण तथा कागजात लिनु पर्नेछ । ग्राहकको जोखिमलाई हेरी ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा थप कागजात तथा विवरण लिन आवश्यक देखिएमा सो समेत लिन र ग्राहक, वास्तविक स्वामी तथा हिताधिकारीको सही रुपमा पहिचान गर्न सूचक संस्थाले आवश्यक ठानेमा ग्राहकसँग अन्तरवार्ता समेत लिन सक्नेछ ।

(७) सूचक संस्थाले ग्राहक पहिचान लगायत अन्य काम(कारोबार गर्दा ऐनको परिच्छेद ६ख. तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० पालना गर्नुपर्नेछ ।

५. **<u>उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा थप उपाय अवलम्बन गर्नुपर्नेः</u>** (१) सूचक संस्थाले ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको विशेष पहिचान वा यकिन गर्दा देहाय बमोजिमका थप उपायहरु समेत अवलम्बन गर्नुपर्नेछः

(क) ग्राहकको हितग्राही खाता खोल्दा,ग्राहकसंग कारोबार गर्दा, ग्राहकसंग मार्जिन कारोबार गर्दा र ग्राहकको विवरण नियमित रुपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र,

(ख) उच्च पदस्थ व्यक्ति फेरबदल वा थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने थप संयन्त्र,

(घ) उच्च पदस्थ व्यक्तिको पदीय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने संयन्त्र,

(२) सूचक संस्थाले उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहायको प्रक्रिया अवलम्बन गर्न सक्नेछः-

(क) ग्राहकबाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचनाबाट जानकारी प्राप्त गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गरी जानकारी लिने,

(घ) प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको कुनै अभिलेखबाट सूचना लिने,

(ङ) व्यवसायिक रूपमा उपलब्ध तथ्याङ्क(डाटाबेस)बाट वा अन्य उपयुक्त आधारबाट जानकारी लिने ।

(३) सूचक संस्थाले उच्च पदस्थ व्यक्ति वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्ति अवकाश वा पदमुक्त भएको वा निजसँग व्यवसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले पाँच वर्षसम्म राख्नु पर्नेछ ।

६. **<u>वास्तविक धनी पहिचान गर्नेः</u>** (१) सूचक संस्थाले ऐनको दफा ७ग. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्दा देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्नेछः-

(क) वास्तविक धनी पहिचान गर्ने संयन्त्र,

(ख) वास्तविक धनी र निजसँग सम्बन्धित सम्पूर्ण कारोबारको एकीकृत रूपमा अनुगमन गर्ने संयन्त्र ।

(२) सूचक संस्थाले वास्तविक धनी पहिचान र सम्पुष्टि गर्दा दफा ५ को उपदफा (२) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) सूचक संस्थाले वास्तविक धनी वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख व्यवसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले पाँच बर्षसम्म राख्नु पर्नेछ ।

७. **जोखिम व्यवस्थापन र मूल्याङ्कनको अधार**: (१) सूचक संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमको विषयलाई समेत आधार लिनु पर्नेछः-

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्ध,सीमा र प्रकृति,

(घ) ग्राहक सम्बन्धी जोखिम हुनसक्ने तत्वहरुः-

(१) ग्राहक, वास्तविक धनीको प्रकार, प्रकृति र संख्या,

(२) अस्वभाविक अवस्थामा कायम गरिएको व्यवसायीक सम्बन्ध,

(३) गैर आवासीय ग्राहक,

(४) व्यक्तिगत सम्पत्ति वहन गर्ने कानूनी व्यक्ति वा कानूनी प्रबन्ध,

(५) मनोनित (नोमिनी) शेयरधनी वा धारक धितोपत्र वा अस्वभाविक र जटिल प्रकृतिको स्वामित्व संरचना भएका कानूनी व्यक्ति वा प्रबन्ध ।

(ङ) जोखिम सापेक्ष अन्य बिषयहरू ।

(२) सूचक संस्थाले जोखिमलाई उच्च, मध्यम, न्यून वर्गमा वर्गीकरण गर्नु पर्नेछ । साथै, सूचक संस्थाले जोखिमको समिक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् ।

(३) सूचक संस्थाले जोखिम मुल्याङ्कन गरि सोको अद्यावधिक अभिलेख राख्नु पर्नेछ र त्यस्तो अभिलेख बोर्ड र अन्य सम्बद्ध निकायले माग गरेमा त्यस्तो निकायलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) जोखिम मूल्याङ्कनमा गर्दा उच्च जोखिम देखिएका ग्राहकको हकमा बृहत ग्राहक पहिचानको उपाय अवलम्बन गर्नु पर्नेछ ।

८. **बृहत् ग्राहक पहिचान गर्ने तरिकाः** (१) सूचक संस्थाले ऐनको दफा ७ङ. को उपदफा (१) मा उल्लिखित ग्राहकका अतिरिक्त देहाय बमोजिमका ग्राहकसँग व्यवसायिक सम्बन्ध स्थापना वा कारोबार गर्दा बृहत ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछः-

(क) विद्युतीय माध्मबाट व्यवसायीक सम्बन्ध कायम गर्ने वा कारोबार गर्ने ग्राहक,

(ख) उच्च जोखिम देखिएको ग्राहक,

(ग) उच्च नेटवर्थ भएका ग्राहक (यस प्रयोजनका लागि उच्च नेटवर्थ जनाउने सिमा सूचक संस्थाले आफैं निर्धारण गर्नु पर्नेछ),

(घ) कुनै नैतिक पतन हुने कसुरजन्य वा शंकास्पद कार्यमा संलग्न भएको ग्राहक,

(ङ) नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक ।

(२) सूचक संस्थाले उपदफा (१) बमोजिम ग्राहकसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा त्यस्तो व्यक्ति उच्च जोखिमयुक्त व्यक्ति भएमा निजको सम्बन्धमा नियमावलीको नियम ८ मा उल्लिखित उपायहरुका अतिरिक्त देहायका उपाय समेत अवलम्बन गरी बृहत ग्राहक पहिचान पद्धति (इन्हान्च कस्तोमर ड्यू डिलिजेन्स) अवलम्बन गर्नु पर्नेछः-

(क) सम्पत्तिको स्रोत पहिचान गर्ने,

(ख) कारोबारको उद्देश्यको जानकारी लिने,

(ग) कारोबारको मात्रा प्रकृति र जोखिमको अवस्था अनुसार थप अनुगमन गर्ने,

(घ) धितोपत्रको खरिद बिक्री लगायत अन्य सूचक संस्था र ग्राहक बीच भएको धितोपत्रसंग सम्बन्धित कारोबार गरे बापतको रकम भुक्तानी एकाउन्ट पेयी चेक मार्फत गर्ने ।

९. **सरलीकृत ग्राहक पहिचान गर्ने तरिका:** (१) सूचक संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रकृया अवलम्बन तथा सोको सम्पुष्टि गर्दा देहाय बमोजिमका मापदण्ड र प्रकृयाहरू अपनाउनु पर्नेछः-

(क) सरलीकृत ग्राहक पहिचान फारमको व्यवस्था गर्ने,

(ख) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाइएका ग्राहकको छुट्टै विवरण राख्ने ।

(२) सूचक संस्थाले नियम ९ को उपनियम (१) बमोजिम न्युन जोखिम देखिएका ग्राहकसंग कारोबार गर्दा नियमावलीको नियम ९ को उपनियम (२)मा उल्लेख भए बमोजिम बोर्डको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०. **विद्यमान ग्राहकको पहिचान अद्यावधिक गर्नुपर्नेः** (१) सूचक संस्थाले ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा बर्षमा एक पटक,

(ख) ग्राहक पहिचान विवरण अनुरूप कारोबार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पूरा नभएको अवस्थामा तत्काल,

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सम्बन्धित सूचक संस्थालाई शंका लागेको अवस्थामा तत्काल,

(ङ) अन्य जोखिम भएको अवस्थामा जोखिम सापेक्ष हुने गरी सूचक संस्थाले निर्धारण गरे बमोजिम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले यो निर्देशन जारी भएपछि पहिलो पटकको लागि विद्यमान ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्ने कार्य यो निर्देशन प्रारम्भ भएको एक बर्ष भित्र सम्म सम्पन्न गर्नु पर्नेछ ।

(३) सूचक संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष वा अनौपचारिक रूपमा प्राप्त गरेको सूचनालाई विश्लेषण गरी ग्राहक पहिचान तथा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सूचक संस्थाले ग्राहक पहिचान तथा अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात बाहेक परिवर्तन भएको वा हुन सक्ने अन्यविवरण तथा कागजातमात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ ।

(५) सूचक संस्थाले ग्राहक विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी पर्याप्त हुने गरी लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दाग्राहकसँग सम्पर्क हुन नसकेमा त्यस्तो ग्राहकको छुट्टै विवरण तयार गरी राख्नु पर्नेछ ।

**११. <u>सीमा कारोबार सम्बन्धी प्रतिवेदन दिनु पर्नेः</u>** (१) कुनै पनि व्यक्ति वा संस्थाले एकै पटक वा पटक पटक गरी एक दिनमा दश लाख रुपैयाँ वा सो भन्दा बढीको धितोपत्रको कारोबार गरेमा ओटीसी बजारको कारोबारका सम्बन्धमा धितोपत्र बजारले र अन्य कारोबारका सम्बन्धमा सम्बन्धित धितोपत्र दलाल, वस्तु कारोबार दलाल, लगानी व्यवस्थापक, योजना व्यवस्थापक र निष्काशन तथा बिक्री प्रबन्धक संस्थाले सोको विवरण त्यस्तो कारोवार भएको मितिले पन्ध्र दिन भित्र वित्तीय जानकारी इकाइमा पेश गर्नु पर्नेछ ।

(**<u>द्रष्टव्यः</u>** सीमा कारोबारको प्रतिवेदन सम्बन्धमा वित्तिय जानकारी इकाईबाट तोकिए बमोजिमको ढाँचामा जानकारी दिनु पर्नेछ । हाललाई तोकिएको ढाँचा अनुसूची-१ मा दिईएको छ ।)

(२) सूचक संस्थाले दश लाख वा सो भन्दा माथिको कारोवारको रकम, श्रेस्ता वा हिसाव सञ्चालन सम्बन्धी छुट्टै अभिलेख तयार गर्नु पर्नेछ र त्यस्तो कारोवारमा प्रयोग हुने रकमको श्रोत समेत उल्लेख गर्न लगाई अध्यावधिक गरी राख्नु पर्नेछ ।

(३) सूचक संस्थाले यस दफा बमोजिम वित्तिय जानकारी इकाई समक्ष पेश गरेको विवरणको अभिलेख कम्तिमा पाँच बर्ष सम्म सुरक्षित राख्नु पर्नेछ ।

(४) सूचक संस्थाले उपदफा (१) बमोजिमको विवरण सहितको प्रतिवेदन वित्तीय जानकारी इकाईले तोकिदिए बमोजिम विद्युतीय वा अन्य माध्यमबाट पठाउनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका सरकारी कार्यालय, संस्था वा व्यक्तिहरूले गरेको देहायको कारोबार सम्बन्धी प्रतिवेदन वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक पर्नेछैनः-

(क) नेपाल सरकार, नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाले गरेको कारोबार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित संस्थाले गरेको कारोबार,

(ग) बोर्डमा धितोपत्र दर्ता भएको संगठित संस्थाले धितोपत्रको खरिद वा विक्रि गर्न स्थापना गरेको र बोर्डबाट अनुमति प्राप्त सहायक संस्थाले गरेको,

(घ) बोर्डमा दर्ता भएका संगठित संस्था, सरकारी वा अर्ध सरकारी कार्यालय, संघ, संस्था, कम्पनी वा निकाय, विशेष कानून बमोजिम स्थापित निकायसंग गरेको कारोवार,

(ङ) वीमा कम्पनीले गरेको कारोवार,

(च) सूचक संस्थाले आफ्नो ग्राहकलाई प्रचलित कानून बमोजिम कर्जा सापटी वा सुबिधा प्रदान गरेको कारोवार,

(छ) संयुक्त राष्ट्र संघ, सो अर्न्तगतका कार्यालय तथा यसका बिशिष्टीकृत निकाय र अन्तर्राष्ट्रिय संस्थाहरुले गरेको कारोवार,

(ज) सूचक संस्थाहरु बिच भएको कारोबार, र

(झ) सूचक संस्थाले आफ्ना कर्मचारीलाई दिएको सेवा सुबिधा वापतको कारोबार ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले सो उपदफा बमोजिमको कुनै कारोबार शंकास्पद कारोबार हो होइन भनी पहिचान गर्न सक्नेछ । त्यसरी पहिचान गर्दा त्यस्तो विवरण शंकास्पद कारोबार हो भन्ने कुरा सूचक संस्थालाई लागेमा सोको प्रतिवेदन तयार गरी तीन दिनभित्र वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

**१२. खास कारोबारमा विशेष ध्यान दिनुपर्ने**ः सूचक संस्थाले ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारको सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नु पर्नेछ । सो प्रणाली लागू गरेको जानकारी बोर्डलाइ दिनु पर्नेछ ।

**१३. शंकास्पद कारोबारको प्रतिवेदन तयार गर्नुपर्नेः** (१) ऐनको दफा ७ध. बमोजिमको कुनै अवस्था विद्यमान भएमा सूचक संस्थाले वित्तिय जानकारी इकाईबाट तोकिएको बमोजिम शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन तयार गरी तीन दिनभित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(**द्रष्टव्यः** शंकास्पद कारोबारको प्रतिवेदन सम्बन्धमा नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाईबाट हाललाई तोकिएको ढाँचा अनुसूची-२ मा दिईएको छ ।)

(२) अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारी प्राप्त गरेमा सो समेत वित्तीय जानकारी इकाईलाई अतिरिक्त सूचनाको रुपमा जानकारी दिनु पर्नेछ ।

(३) सूचक संस्थाले शंकास्पद कारोबार तथा गतिविधि पहिचान गर्ने सूचक तयार गरी लागू गर्नु पर्नेछ र त्यस्ता सूचक समय-समयमा अद्यावधिक गर्नु पर्नेछ ।

**१४. वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नुपर्ने**ः सूचक संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा (थ्रेसहोल्ड) कारोबार र शंकास्पद कारोबार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ ।

**१५. <u>आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने</u>:** (१) ऐन, नियमावली र यो निर्देशन बमोजिम सूचक संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित सूचक संस्थाको सञ्चालक समितिको हुनेछ ।

(२) सूचक संस्थाले ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर र प्रभावकारी रूपमा पूरा गर्न ऐनको दफा ७त. को उपदफा (३) बमोजिम व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, थर, ठेगाना, इमेल, योग्यता, लगायतका विवरण बोर्ड तथा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त गरिएको कार्यान्वयन अधिकारी वा निजको विवरण परिवर्तन भएमा सोको जानकारी समेत बोर्ड तथा वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त कार्यान्वयन अधिकारीले ऐनको दफा ७त. को उपदफा (४) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिमको जिम्मेवारी समेत पूरा गर्नु पर्नेछः-

(क) ऐन, नियमावली र यो निर्देशन बमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क व्यक्तिको रूपमा कार्य गर्ने,

(ख) ऐन, नियमावली र यो निर्देशन बमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मसौदा तयार गरी पेश गर्ने,

(ग) आफ्नो कार्यालयका पदाधिकारी, शाखामा कार्यरत कर्मचारी र अन्य कर्मचारीबाट ऐन, नियमावली र यो निर्देशन बमोजिम प्राप्त शंकास्पद वा अस्वभाविक कारोबार सम्बन्धी सूचना प्राप्त गरी जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य शाखा वा पदाधिकारीसँग आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना सरल तरिकाले जुनसुकै बखत प्राप्त गर्न सक्ने ,

(ङ) सरोकारवालाहरुबाट ऐन, नियमावली र यो निर्देशनमा पालना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(५) उपदफा (२) बमोजिमको कार्यान्वयन अधिकारीले ऐन, नियमावली र यो निर्देशन कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित सूचक संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाहीको सिफारिश गर्नु पर्नेछ र सो सिफारिश बमोजिम सम्बन्धित सूचक संस्थाले कारबाही गर्नु पर्नेछ । त्यसरी गरेको कारबाहीको जानकारी बोर्ड र वित्तीय जानकारी इकाईलाई समेत गराउनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिमको कार्यान्वयन अधिकारीले कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए गरेको काम कारबाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्नेछ । त्यसरी पेश हुन आएको प्रतिवेदन उपर सञ्चालक समितिले आवश्यक समीक्षा गर्नुपर्नेछ ।

(७) ऐन, नियमावली र यस  निर्देशनको पालना प्रभावकारी एंव परिणाममुखी बनाउनका लागि सूचक संस्थाले एक प्रतिशतभन्दा बढी शेयर स्वामित्व हुने सञ्चालक समितिका पदाधिकारी तथा उच्च व्यवस्थापन र कर्मचारीहरूलाई देहाय बमोजिम हुने गरी संस्थागत क्षमता अभिबृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्दछः-

(क) शेयर धनी, पदाधिकारी र उच्च व्यवस्थापनलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अभिमुखीकरण गराउने,

(ख) कार्यान्वयन अधिकारी र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कार्यमा प्रत्यक्ष तथा नियमित रूपमा अन्य कर्मचारीहरूलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी तालिममा सहभागी गराउने,

(ग) कर्मचारीको हकमा क्षमता अभिवृद्धिका लागि नियमित रूपले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी स्वदेशी तथा विदेशी तालिममा सहभागी गराउने,

**१६. आवश्यक थप उपायहरू अवलम्बन गर्ने :** (१) सूचक संस्थाको प्रमुख कार्यकारी अधिकृतले ऐन, नियमावली र यो निर्देशन बमोजिम सूचक संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू आवश्यकता अनुसार मातहतका कर्मचारीहरूमा समेत विभाजन गरी कार्य सम्पादनको जिम्मेवारी तोक्नु पर्नेछ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ७त. को उपदफा (४), नियमावली तथा यस निर्देशन बमोजिम कार्यान्वयन अधिकारीको भूमिकामा प्रतिकूल असर पर्ने गरी कार्यविभाजन वा जिम्मेवारी निर्धारण गर्नु हुँदैन ।

(३) यो निर्देशनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमको दायित्व पूरा गर्ने सिलसिलामा यो निर्देशनमा गरिएका व्यवस्था बाहेकका अन्य आवश्यक उपायहरू समेत अवलम्बन गर्नुपर्नेछ ।

**१७. मान्यताको पालना :**(१) सूचक संस्थाले ऐन, नियमावली तथा यस निर्देशनको अनुकुल हुने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा सोसँग सम्बन्धित International Organization of Securities Commissions (IOSCO) वा त्यस्तै अन्य निकाय वा यस सम्बन्धमा अध्ययन अनुगमन गर्ने अन्तराष्ट्रिय संस्थाले प्रकाशन गरेको अध्ययन तथा प्रतिवेदनलाई समेत आधार लिन सक्नेछ ।

(२) सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण लगायत अन्य गैर कानूनी तथा आपराधिक कार्यको नियन्त्रणमा कमजोर देखिएका मुलुकको सूची तयार तथा अद्यावधिक गरी राख्नु पर्नेछ ।

**१८. प्रतिवेदन तथा संपरीक्षण :** (१) सूचक संस्थाले यो निर्देशन बमोजिम सम्पादन गरेका कार्यहरूको अर्ध बार्षिक प्रतिवेदन उक्त अवधि व्यतित भएको पन्ध्र दिनभित्र अनुसूची-३ को ढाँचामा बोर्डमा पठाउनु पर्नेछ ।

(२) सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका काम कारबाहीको मूल्याङ्कन, लेखापरीक्षण लगायत अन्य संपरीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

**१८. अभिलेख सुरक्षित राख्नु पर्नेः**सूचक संस्थाले ऐनको दफा ७द.र नियमावलीको नियम १२ बमोजिम तयार भएका विवरण, अभिलेख, प्रतिवेदन, सूची, जानकारी तथा सूचनाहरू चाहिएको बखत तत्काल उपलब्ध गराउन सकिने गरी सोही दफामा तोकिएको अवधिसम्म सुरक्षित रुपमा विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ। त्यसरी राखेको अभिलेख आवश्यक परेको खण्डमा प्रमाण स्वरूप प्रयोग गर्न सकिने छ ।

**१९. सूचनाको गोप्यता सम्बन्धमा :**(१) सूचक संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले ऐन, नियमावली तथा यस निर्देशनबमोजिम तयार गरिएको प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई दिनु हुँदैन ।

(२) कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै, प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क. बमोजिम सजाय हुनेछ ।

**२०. कारबाही तथा सजाय सम्बन्धमा :**(१) ऐन, नियमावली र यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने सूचक संस्था र त्यस्तो सूचक संस्थाको कर्मचारी तथा पदाधिकारीलाई ऐन बमोजिमको कारबाही हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही गर्दा बोर्डले कम्तीमा पन्ध्र दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोध्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सोधिएको स्पष्टीकरणको जवाफ नदिएमा वा दिएको जवाफ चित्तबुझ्दो नभएमा वा ऐन, नियमावली तथा  यस निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावलाई समेत विचार गरी ऐनको दफा ७फ. बमोजिम बोर्डले सामान्यतः देहाय बमोजिमको कारवाही तथा सजाय गर्न सक्नेछ :

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाहीको प्रकार |
|---|---|---|
| १ | ऐनको दफा ७त. बमोजिम नीति तथा कार्यविधि नबनाएमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक बीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछि सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| २ | ऐनको दफा ७क .बमोजिम ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि तीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछि सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| ३ | ऐनकोदफा ६ विपरीत बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | एक करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म जरिबाना गर्ने । |

| क.सं. | पालना नभएको व्यवस्था | कारबाहीको प्रकार |
|---|---|---|
| ४ | ऐनको परिच्छेद ६ख. को व्यवस्था पालना भएको नपाइएमा | १. पहिलो पटक पचास लाखरुपैयाँ जरिबाना गर्ने,<br>२. दोस्रोपटक एक करोड रुपैयाँ जरिबाना गर्ने,<br>३. तेश्रो पटकदेखि दुई देखि पाँच करोड रुपैयाँ जरिबाना र  अन्य कारबाही वा सजाय,<br>४. पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा संस्थाको दर्ता खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५ | ऐनको दफा ७ख. बमोजिम उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि दश लाख देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछिसूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| ६ | ऐनको दफा ७ग. बमोजिम वास्तविक धनीको पहिचान गर्ने, ऐनको बृहत पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने ।<br>४. त्यसपछिसूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| ७ | ऐनको दफा ७घ. बमोजिम जोखिम व्यवस्थापन भएको नपाईएमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि तीस लाख रुपैयाँ देखि माथि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछि सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| ८ | ऐनको दफा ७ङ. बमोजिम निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने ।<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछि सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| ९ | ऐनको दफा १०क. बमोजिम सिमा कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | १. पहिलो पटक दश लाख देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>२. त्यसपछि सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| १० | ऐनको दफा ७ध. बमोजिम शंकास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | १. पहिलो पटक बीस लाख देखि एक करोड रुपैयाँ सम्म जरिबाना गर्ने ,<br>२. त्यसपछि पश्चात् सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| ११ | ऐनको दफा ७त. को उपदफा (३) बमोजिम कार्यान्वयन अधिकारी नियुक्त नगरेको नपाइएमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिवाना गर्ने,<br>४. त्यसपछि सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाहीको प्रकार |
|---|---|---|
| १२ | सञ्चालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक दश लाख देखि पचास लाख रुपैयाँसम्म जरिवाना गर्ने,<br>४. त्यसपछिसूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| १३ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै प्रकारको व्यवसाय गर्न रोक लगाउने,<br>३. तेस्रो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछि पश्चात् सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| १४ | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | १. पहिलो पटक पचास लाख रुपैयाँ वा गाम्भीर्यको आधारमा सोभन्दा बढी जरिबाना गर्ने,<br>२. त्यसपछि सूचक संस्थाको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| १५ | अन्यका हकमा | गाम्भिरर्यताको आधारमा कारवाही वा सजायँ गर्ने । |
| १६ | ऐनको दफा ७ध.बमोजिम सिमा वा शङ्कास्पद कारोबार प्रतिवेदन समयमा नपठाएमा | ऐनको दफा १० को उपदफा (७) बमोजिम वित्तीय जानकारी इकाईले दश लाख रुपैयाँसम्म जरिबाना गर्नसक्ने । |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डले कारबाही गर्दा सूचक संस्थाको आर्थिक तथा सांगठनिक अवस्था, पालनाका लागि भएका प्रयास र कसूरको गाम्भीर्यता समेतको विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी कारबाही गर्नेछ ।

तर उल्लंघनको गाम्भीर्यताको विचार गरी ऐनको दफा ७फ.बमोजिमको कुनै वा सबै कारबाही गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) सूचक संस्थालाई यस दफा बमोजिम कारबाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त सूचक संस्थाकोकुनै पदाधिकारी वा कर्मचारीको काम कारबाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सूचक संस्थाले प्रचलित कानून वा विनियमावली बमोजिम कारबाही गर्नु पर्नेछ ।

**२२. सूचक संस्थाको दायित्व :** (१) यस निर्देशनमा उल्लेख नभएका तर ऐन तथा नियमावलीमा उल्लेख गरिएका विषयमा ऐन तथा नियमावली बमोजिम र यस निर्देशनमा उल्लेख गरिएका विषयमा यसै निर्देशन बमोजिम सूचक संस्थाले आफ्नो काम दायित्व पूरा गर्नु गराउनु पर्नेछ ।

**२३. खारेजी र बचाऊः** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ लाई खारेज गरिएको छ ।

(२) ऐन, नियमावली र निर्देशनले बन्देज लगाएको अवस्थामा बाहेक उपदफा (१) बमोजिम खारेज गरिएको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१

(दफा ११सँग सम्बन्धित)

**<u>सूचक संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्ने सिमा कारोबार विवरण/प्रतिवेदनको सामान्य ढाँचा</u>**

**सूचक संस्थाको नामः**

| क.सं. | ग्राहकको नाम तथा ठेगाना (व्यक्ति तथा संस्था) | डिम्याट खाता नं. | पेशा व्यवसाय | कारोबार स्थान (मुख्य वा शाखा कार्यालय) | कारोबारको मिति | कारोबारको प्रकति (खरिद वा बिक्री) | कारोबार रकम | रकमको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विवरण पेश गर्नेको हस्ताक्षरः

(कार्यान्वयन अधिकृत/आधिकारिक प्रतिनिधि )

नामः

पदः

फोन :

इमेलः

फ्याक्सः

मिति :

## अनुसूची -२

(दफा १३ सँग सम्बन्धित)

# Suspicious Transaction Report (STR)

**A. Reporting Institution :**

| | | |
|---|---|---|
| 1. | Name of the Business Person/Branch: | |

**B. Details of Customer :**

| | | |
|---|---|---|
| 1. | a. Name of the Main account holder/s/customer: | a. |
| | b. Related Party/ies: | b. |
| 2 | a. Permanent Address: | a. |
| | b. Present Address: | b. |
| 3. | Profession (As per KYC): | |
| 4. | Nationality: | |
| 5. | Other account(s) number (if any): | |
| 6. | Other business (if nay): | |
| 7. | a. Citizen No./PP No./ other ID No./Regd.No. | a. |
| | b. Issue Date and Place | b. |
| | c. Issuing Agency/Authority | c. |
| 8. | a. Father' Name: | a. |
| | b. Mother's Name: | b. |
| | c. Spouse Name: | c. |
| | d. Grand Father: | d. |
| | e. Chairman/MD/Proprietor: | |
| 9. | Date of birth (Natural Person)/<br>Date of establishment(Legal Person): | |

## C. Details of Customer :

| | | |
|---|---|---|
| 1. | Demat Account Number: | |
| 2 | Nature of the account: | |
| 3. | Nature of Ownership: (Individual/proprietorship /Partnership/company/other, pls. specify) | |
| 4. | Names of Prop./Directors/ Partners etc.: | |
| 5. | Date of Business relation established: | |
| 6 | Dmat account(s)/ (Related Parties): | 1. |
| 7. | Margin Accuont : | 2. |
| | | 3. |

## D. Transaction

**a. Transaction Details**

| Transaction No. | Year | Buy | | Sell | | Closing Balance |
|---|---|---|---|---|---|---|
| | | **Total Trans. No./** | **Total Dr. Amount** | **Total Trans. No.** | **Total Cr. Amount** | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **Total upto now** | | | | | | |

**b. Person and Transaction Tree or Map**

**E. Reasons for considering the transaction(s) as unusual/suspicious?**

- Summary of suspicious activities
- Analysis or Examination
- Possible Linkage

**F. Suspicious Activity Information/Typology:**

Summarize characterization of suspicious activity/please specify the typologies (As per Act and FATF Guideline):

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| a. | ☐ | Corruption/Gratuity | e. | ☐ | False statement | i. | ☐ | Structuring |
| b. | ☐ | Cheque fraud | f. | ☐ | debit/credit or other card fraud | j. | ☐ | Mysterious Disappearance/behavior |
| c. | ☐ | Tax evasion | g. | ☐ | Identity Theft | k. | ☐ | Counterfeit instrument |
| d. | ☐ | Loan fraud | h. | ☐ | Terrorist Financing | L | ☐ | Misuse of Position or Self |

Others (Please Specify): …………………………………………………………..

**G. Has the Regulator taken any action in this context? Give details.**

| | | |
|---|---|---|
| Signature (Compliance Officer or Authorized Officer) : | | |
| Name : | | |
| Designation: | | Date: |
| Phone : | Email: | Fax: |

## अनुसूची-३

(दफा १८ सँग सम्बन्धित)

**प्रतिवेदनको ढाँचा**

सूचक संस्थाको नाम, ठेगाना : ... ... .................

साल..........महिना : ...

(ख)विवरण

१. नीति तथा कार्यविधि जारी गरेको मितिः

२. नीति तथा कार्यविधि अद्यावधिक गरेको मितिः

३. जोखिम मूल्याङ्कन सम्पन्न गरेको मितिः

४. जोखिम मूल्याङ्कन अद्यावधिक गरेको मितिः

| सि.नं. | विवरण | गत आ.ब. सम्मको | चालु आ.ब. | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो अर्धबार्षिक | दोश्रो अर्धबार्षिक | | |
| (१) | जम्मा ग्राहकको संख्या | | | | | |
| | मार्जिन ऋण लिने ग्राहकको संख्या | | | | | |
| | उच्च जोखिममा वर्गिकृति उत्पादन र सेवा उपकरण | | | | | |
| | मध्यम जोखिममा वर्गिकृति उत्पादन र सेवा उपकरण | | | | | |
| | न्यून जोखिममा वर्गिकृति उत्पादन र सेवा उपकरण | | | | | |
| (२) | पहिचान अद्यावधिक भएका ग्राहक | | | | | |
| (३) | पहिचान अद्यावधिक नभएका ग्राहक | | | | | |
| (४) | पहिचान पूरा नभएको कारण | | | | | |
| (५) | उच्च जोखिममा परेका ग्राहक संख्या | | | | | |
| (६) | मध्यम जोखिममा परेका ग्राहक संख्या | | | | | |
| (७) | न्यून जोखिममा परेका ग्राहक संख्या | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (८) | जोखिम स्तर परिवर्तन भएका संख्या | | | | | |
| (९) | उच्च जोखिममा वर्गिकृतको कारोबार गर्ने ग्राहकको संख्या | | | | | |
| (१०) | वृहत् पहिचान गरिएका ग्राहकको संख्या | | | | | |
| (११) | उच्च पदस्थ पदाधिकारी संख्या | | | | | |
| (१२) | वास्तविक धनी पहिचानको संख्या | | | | | |
| (१३) | अनुगमन गरिएको संख्या | | | | | |
| (१४) | सिमा कारोबार प्रतिवेदनको संख्या | | | | | |
| (१५) | शंकास्पद कारोबार प्रतिवेदनको संख्या | | | | | |
| (१६) | क्षमता अभिवृद्धि<br>(क) ग्राहक<br>(ख) पदाधिकारी<br>(ग) कर्मचारी | | | | | |
| (१७) | संचालक समितिमा छलफल भएको मिति | | | | | |

**(ग) गत आ.ब.मा गरिएका प्रमुख गतिविधि तथा चुनौती**

**(घ) आगामी आ.ब. का कार्य योजना**

**आधिकारीक हस्ताक्षर**

| **तयार गर्ने** | **स्वीकृत गर्ने** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

सूचक संस्थाको छाप :

❖❖❖

# सरकारी ऋणपत्रको दोश्रो बजार व्यवस्थापन विनियमावली, २०६२

धितोपत्र कारोबार ऐन, २०४० को दफा ३५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बोर्डले यो विनियमावली बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विनियमावलीको नाम "सरकारी ऋणपत्र दोश्रो बजार व्यवस्थापन विनियमावली, २०६२" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

(क) "ऋणपत्र" भन्नाले श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ । सो शब्दले त्यस्तो ऋणपत्रको खरिद सम्बन्धी निस्सा, सो सम्बन्धी हक र अधिकार समेतलाई जनाउँदछ ।

(ख) "राष्ट्र ऋण ऐन" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ लाई सम्झनु पर्छ ।

(ग) "धितोपत्र कारोबार ऐन" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० लाई सम्झनु पर्छ ।

(घ) "धितोपत्र कारोबार नियमावली" भन्नाले धितोपत्र कारोबार नियमावली, २०५० लाई सम्झनु पर्छ ।

(ङ) "बोर्ड" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० बमोजिम स्थापना भएको धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(च) "धितोपत्र बजार" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० बमोजिम धितोपत्र बजार संचालन गर्न अनुमति प्राप्त गरेको धितोपत्र बजार सम्झनु पर्छ ।

(छ) "अनुमति पत्र" भन्नाले विनियम ५ को उपविनियम (२) बमोजिम सरकारी ऋणपत्र खरिद बिक्री कारोबार गर्न बोर्डले व्यवसायीलाई प्रदान गरेको अनुमति पत्र सम्झनु पर्छ ।

(ज) "व्यवसायी" भन्नाले धितोपत्र कारोबार ऐन बमोजिम बोर्डबाट धितोपत्र व्यवसायीको प्रमाणपत्र तथा धितोपत्र बजारको सदस्यता प्राप्त गरी सरकारी ऋणपत्रको कारोबार गर्न यस विनियमावली बमोजिम बोर्डबाट बजार निर्माता वा दलालरुपमा अनुमति पत्र प्राप्त गरेको धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

## परिच्छेद - २
## अनुमति पत्र सम्बन्धी

३. **अनुमति पत्र लिनु पर्ने :** ऋणपत्रको कारोबार गर्न चाहने धितोपत्र व्यवसायीले बोर्डबाट अनुमति पत्र लिएर मात्र ऋणपत्रको कारोबार गर्नु पर्नेछ ।

४. **अनुमति पत्रका लागि निवेदन दिनु पर्नेः** (१) अनुमति पत्र लिन चाहने धितोपत्र व्यवसायीले बोर्डले तोकेको समयमा एक हजार रुपैयाँ निवेदन दस्तुर सहित अनुसूची १ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम निवेदन दिँदा देहायका कागजातहरु समेत संलग्न गर्नु पर्नेछ ।

(क) अनुमति पत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको प्रतिलिपि,

(ख) कर दर्ता प्रमाणपत्र तथा पछिल्लो आर्थिक बर्षको कर भुत्तान गरेको कागजातको प्रतिलिपि,

(ग) धितोपत्र व्यवसायी प्रमाणपत्रको प्रतिलिपी,

(घ) योग्यता तथा अनुभव प्रमाणित गर्ने निस्सा, र

(ङ) प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा लेखापरीक्षण भएको पछिल्लो वित्तीय विवरण ।

५. **अनुमति पत्र प्रदान गर्ने :** (१) विनियम (४) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण तथा कागजात माग गर्न वा कुनै बिषयमा स्पष्ट गर्न लगाउन सक्नेछ र आवश्यकता अनुसार निवेदक व्यवसायीको स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिमको विवरण तथा निरीक्षणबाट अनुमतिपत्र प्रदान गर्न योग्य देखिएमा बोर्डले निवेदकलाई अनुसूची २ बमोजिमको ढाँचामा अनुमति पत्र प्रदान गर्नेछ ।

६. **व्यवसायीको योग्यता :** (१) अनुमति पत्र प्राप्त गर्नका लागी धितोपत्र व्यवसायीको संचालक, प्रतिनिधि तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) कम्तीमा दुई तिहाई संचालक ,कार्यकारी प्रमुख तथा प्रतिनिधि कम्तीमा स्नातक तह उत्तिर्ण गरी उद्योग, वाणिज्य, बैंक, बीमा वा वित्तीय संस्थामा लेखा वा वित्त सम्बन्धी काममा कम्तीमा तीन बर्ष वा धितोपत्र बजार सम्बन्धी काममा कम्तीमा दुई बर्ष कार्य गरेको अनुभव भएको ।

(ख) कर्जा सूचना केन्द्रको कालो सूचीमा सूचीकृत नभएको वा सूचीकृत भएको भए फुकुवा भएको तीन वर्ष भुक्तान भएको,

(ग) अन्य धितोपत्र व्यवसायी संस्थामा संचालक, लेखापरीक्षक, प्रतिनिधि, सल्लाहकार, कर्मचारी वा चुक्ता पूँजीको दश प्रतिशत वा सो भन्दा बढी शेयर ग्रहण गरेको शेयरधनी नभएको ।

(२) उपविनियम (१) को खण्ड (क)मा तोकिएको योग्यता सम्बन्धी व्यवस्था निरन्तर रुपमा कायम राख्नु पर्नेछ । यदी कुनै अवस्थामा सो व्यवस्था कायम हुन नसकेमा तत्काल बोर्डलाई जानकारी दिनु पर्नेछ र उक्त व्यवस्था कायम हुन नसकेको तीन महिना भित्र सो पूरा गरी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(३) कुनै व्यवसायीको संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधि उपविनियम (१) को खण्ड (ख) र (ग) बमोजिमको अवस्था परी अयोग्य हुन गएमा त्यस्तो संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधि स्वतः हटेको मानिनेछ ।

७. **पूँजी तथा धरौटी सम्बन्धी व्यवस्था :** (१) अनुमति पत्र लिन चाहने धितोपत्र व्यवसायीले कारोबार संचालनका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी देहाय बमोजिम पूँजी स्तर कायम राख्नु पर्नेछ :-

(क) दलालको रुपमा काम गर्ने व्यवसायीको चुक्ता पूँजी कम्तीमा बीस लाख रुपैयाँ,

(ख) बजार निर्माताको रुपमा काम गर्ने व्यवसायीको चुक्ता पूँजी कम्तीमा चार करोड रुपैयाँ,

(२) ऋणपत्र कारोबार गर्न अनुमतिपत्र प्राप्त व्यवसायीले कारोबार गर्नु पूर्व बोर्डले तोके बमोजिम धितोपत्र बजारमा धरौटी राख्नु पर्नेछ । यस्तो धरौटी बोर्डले तोके बमोजिम नगद वा बैंक ग्यारेण्टी वा दुवैमा राख्नु पर्नेछ ।

(३) बोर्डले उपविनियम (१) मा तोकिएको चुक्ता पूँजी आर्थिक वर्ष २०६२/६३ भित्र पुऱ्याउनु पर्ने गरी छुट दिन सक्नेछ ।

(४) बजारको स्थिति तथा कारोबारमा निहित जोखिमको स्तरलाई हेरी बोर्डले उपविनियम (१) तथा (२) मा तोकिएको चुक्ता पूँजी तथा धरौटी सम्बन्धी व्यवस्थामा हेरफेर गर्न सक्नेछ।

८. **अनुमति पत्रको नवीकरण :** (१) अनुमति पत्र जुन आर्थिक बर्षमा प्रदान गरिएको हो, सोही आर्थिक बर्षसम्म मात्र बहाल रहनेछ । अनुमति पत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै अनुसूची ३ बमोजिमको ढाँचामा नवीकरणका लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको म्याद भित्र अनुमति पत्रको नवीकरण गराउन निवेदन नदिएका व्यवसायीले तीन हजार रुपियाँ जरिवाना सहित उक्त म्याद समाप्त भएको चार महिना सम्ममा बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

(३) विनियम १८ बमोजिम अनुमतिपत्र निलम्बनमा परेका व्यवसायीको हकमा सो सम्बन्धी कारवाही अन्तिम किनारा नलागेसम्म नवीकरण कार्यलार्य स्थगन गर्न सकिनेछ । निलम्बन फुकुवा भएमा यसरी फुकुवा भएको मितिले तीस दिन भित्र अनुमतिपत्र नवीकरणका लागि निवेदन दिनु पर्नेछ ।

(४) उपविनियम (२) वा (३) बमोजिम नवीकरणका लागि निवेदन पेश नगर्ने व्यवसायीको अनुमति पत्र खारेज गरिनेछ ।

(५) यस विनियममा जुनसुकै कुरा लेखिएको भएता पनि अनुमति पत्र कायम रहने अवधि समाप्त भइसकेको अवस्थामा सो को नविकरण नगरी कारोबार गर्न पाइने छैन ।

९. **अनुमति पत्र संशोधन वा नयाँ जारी गर्न सकिने :** (१) बोर्डबाट जारी गरिएको अनुमतिपत्र कुनै कारणवश हराए, च्यात्तिए वा नासिएमा सो व्यहोरा खुलाई निवेदन दस्तुर वापत पाँच सय रुपैयाँ सहित बोर्डमा निवेदन दिएमा बोर्डले अनुमतिपत्रको प्रतिलिपि जारी गर्न सक्नेछ ।

(२) बोर्डले आवश्यक देखेमा पहिले जारी भएको अनुमति पत्र फिर्ता लिई सोहि बमोजिमको नयाँ वा संशोधित अनुमति पत्र जारी गर्न सक्नेछ ।

१०. **कारोबार छोड्न सकिने:** (१) व्यवसायीले ऋणपत्र कारोबार गर्न छाड्ने निर्णय गरेमा निर्णयको प्रतिलिपि र राफसाफ तथा फछ्र्यौट गर्न बाँकी रहेका कारोबार विवरणहरु निर्णय भएको तीन दिन भित्र बोर्ड तथा धितोपत्र बजार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम कागजात तथा विवरण बोर्ड समक्ष पेश गरे पछि बोर्डले तोकेको समयभित्र लिनु दिनु पर्ने सम्पूर्ण हिसाब राफसाफ गरी बोर्ड तथा धितोपत्र बजारलाई जानकारी दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम जानकारी प्राप्त भएपछि बोर्डले तोके अनुसार व्यवसायीले धितोपत्र बजारमा राखेको धरौटी फुकुवा गर्न धितोपत्र बजारलाई लेखी पठाउनेछ ।

**११. <u>व्यवसायीले पालना गर्नु पर्ने शर्तहरु:</u>** (१) अनुमति पत्र प्राप्त गरेका व्यवसायीले ऋणपत्रको कारोबार गर्नका लागि देहायको शर्तहरु पालना गर्नु पर्नेछ ।

(क) धितोपत्र बजारमा सूचीकृत ऋणपत्रको मात्र कारोबार गर्नुपर्ने ।

(ख) बोर्ड तथा धितोपत्र बजारले समय समयमा माग गरेको विवरण पेश गर्नु पर्ने ।

(ग) बोर्डबाट समय समयमा तोकिदिए बमोजिम जनशक्ति, भौतिक पूर्वाधार तथा अन्य व्यवस्थाहरु पूरा गर्नुपर्ने ।

(घ) आफ्नो स्वामित्वमा ऋणपत्र खरिद बिक्री गर्दा बोर्डबाट तोकेको सीमा भित्र रही खरिद बिक्री गर्नु पर्ने ।

(ङ) बोर्डबाट समय समयमा जारी हुने निर्देशनहरु तथा बोर्डले तोकेका शर्तहरु पूर्ण रुपमा पालना गर्नु पर्ने ।

## परिच्छेद - ३
## ऋणपत्रको कारोबार सम्बन्धी

**१२. <u>बजार निर्माताले स्वीकृती लिन पर्ने</u> :** (१) बजार निर्माताले धितोपत्र बजार भन्दा बाहिर ऋणपत्रको कारोबार गर्ने भएमा कारोबार गर्ने स्थान र समय खुलाई स्वीकृतीका लागि बोर्ड समक्षनिवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम निवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गरी बजार निर्माताले धितोपत्र बजार भन्दा बाहिर ऋणपत्रको कारोबार गर्नका लागि बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ ।

**१३. <u>ऋणपत्रको स्वामित्वको आधारमा कारोबार गर्नु पर्ने:</u>** व्यवसायीले ऋणपत्रको प्रकृतिको आधारमा बोर्डले तोके बमोजिम व्यक्तिगत तथा संस्थागत स्वामित्वमा रहने गरी कारोबार गर्नु पर्नेछ ।

**१४. <u>कारोबारको अभिलेख राख्नुपर्ने:</u>** (१) व्यवसायीले बोर्डले तोके बमोजिमको दर्ता किताबमा ऋणपत्र खरिद बिक्रीका लागि ग्राहकबाट प्राप्त आदेश दर्ता गर्नु पर्नेछ ।

(२) व्यवसायीले गरेको कारोबार र आफ्नो तथा ग्राहकको स्वमित्वमा रहेको ऋणपत्रको विवरण स्पष्ट देखिने गरी बोर्डले तोकेको ढाँचा बमोजिम अभिलेख राख्नु पर्नेछ ।

**१५. <u>विवरण पेश गर्नु पर्ने :</u>** (१) व्यवसायीले गरेको ऋणपत्र कारोबार सम्बन्धी विवरण बोर्डले तोके बमोजिमको ढाँचामा देहाय अनुसार बोर्ड तथा नेपाल राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(क) प्रत्येक दिन गरेको कारोबार विवरण सोही दिनभित्र,

(ख) अर्ध बार्षिक कारोबार विवरण अर्ध वार्षिक अवधि समाप्त भएको तीस दिनभित्र,

(ग) बार्षिक कारोबार विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र ।

(२) बजार निर्माताले प्रत्येक दिन धितोपत्र बजार बाहिर गरेको ऋणपत्रको कारोबार सम्बन्धी विवरण बोर्डले तोके बमोजिमको ढाँचामा सोहि दिन व भोलीपल्ट बजार खुल्नु अगावै बोर्ड तथा नेपाल राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(३) धितोपत्र बजारले बोर्डले तोके बमोजिमको ढाँचामा प्रत्येक दिन भएको ऋणपत्र कारोबार विवरण सोहि दिन, अर्ध वार्षिक कारोबार विवरण अर्ध वार्षिक अवधि समाप्त भएको तीस दिनभित्र र वार्षिक कारोबार विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

**१६. कारोबारलाई नियमित गर्न सक्नेः** (१) व्यवसायीले ऋणपत्रको शुरु कारोवार मूल्य र त्यसपछिको कारोबार मूल्य बोर्डले तोकेको सीमा भित्र रही तोक्नु पर्नेछ ।

(२) ऋणपत्रको मूल्यमा अस्वाभाविक रुपमा उतार चढाव आएमा बोर्डले कारोबार स्थगन गर्न धितोपत्र बजारलाई निर्देशन दिन सक्नेछ र धितोपत्र बजारले यस्तो निर्देशनको पालना गर्नु पर्नेछ ।

(३) ऋणपत्रको मूल्यमा अस्वाभाविक उतार चढाव ल्याउने उद्देश्यले कारोबार गरेको देखिएमा बोर्डले त्यस्तो कारोबारको छानविन गर्न तथा कारोबार अमान्य घोषित गरी पूर्व स्थितिमा ल्याउन धितोपत्र बजार तथा व्यवसायीलाई निर्देशन दिन सक्नेछ । यस्तो कारोबारमा संलग्न व्यवसायीको अनुमतिपत्र विनियम १८ बमोजिम निलम्बन वा खारेज समेत गर्न सकिनेछ ।

## परिच्छेद - ४
## निरीक्षण तथा कारवाही

**१७. निरीक्षण तथा जाँचबुझ गर्न सक्नेः** (१) ऋणपत्र कारोवार सम्बन्धमा कारोबार प्रक्रिया, राफसाफ र फछ्र्यौट अभिलेख तथा अन्य व्यवस्थाहरुको सम्बन्धमा बोर्डले कुनै पनि समयमा पूर्व जानकारी दिई वा नदिई धितोपत्र बजारको निरीक्षण गर्न वा विवरण तथा अभिलेख बोर्डमा नै झिकाई जाँचबुझ गर्न सक्नेछ ।

(२) ऋणपत्र कारोवार सम्बन्धमा व्यवसायीले राखेको हिसाब किताब, अभिलेख तथा अन्य व्यवस्थाहरुको सम्बन्धमा बोर्डले कुनै पनि समयमा पूर्व जानकारी दिई वा नदिई निरीक्षण गर्न वा विवरण तथा अभिलेख बोर्डमा नै झिकाई जाँचबुझ गर्न सक्नेछ ।

(३) उपविनियम (१) वा (२) बमोजिमस्थलगत निरीक्षण गरिएमा निरीक्षण समाप्त भएको पन्ध्र दिन भित्र सोको प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपविनियम (१) वा (२) बमोजिम गरिने निरीक्षणका क्रममा असहयोग गर्ने वा अनावश्यक वाधा अड्चन गर्ने संचालक, कार्यकारी प्रमुख, प्रतिनिधि, कर्मचारी वा सम्बन्धित व्यक्तिलाई आवश्यक कारवाहीका लागि बोर्डले सम्बन्धित संस्थामा लेखी पठाउन सकिनेछ ।

**१८. अनुमति पत्रको निलम्बन तथा खारेजीः** (१) देहायको अवस्थामा बोर्डले अनुमति पत्र निलम्बन वा खारेजी गर्न सक्नेछः-

(क) राष्ट्र ऋण ऐन, धितोपत्र कारोबार ऐन तथा सो अन्तर्गत जारी गरिएका नियम, विनियम, आदेश तथा निर्देशन बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा,

(ख) झूठो विवरण तथा कागजात पेश गरी अनुमति पत्र प्राप्त गरेको कुरा पछि पत्ता लागेमा,

(ग) बोर्डले तोकिदिएका शर्तहरु पूरा नगरेमा वा

(घ) बोर्डको निरीक्षण वा अनुगमनबाट बजारको स्वच्छता वा लगानीकर्ताको हितको लागि अनुमति-पत्र निलम्बन वा खारेज गर्न आवश्यक देखिएमा ।

(२) उपविनियम (१) बमोजिम बोर्डले कुनै व्यवसायीको अनुमतिपत्र निलम्बन वा खारेजी गर्नु अघि त्यसरी अनुमतिपत्र निलम्बन वा खारेज गर्नु पर्ने कारण समेत खोली कम्तीमा सात दिनको म्याद दिई सम्बन्धित व्यवसायीबाट स्पष्टीकरण माग गर्नेछ ।

तर देहायको अवस्थामा बोर्डले स्पष्टिकरण माग नगरी निलम्बन गर्न सक्नेछ :

(क) निलम्बन नगरी काम गर्न दिँदा झुट्टा सबुत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो बिरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने संभावना देखिएमा,

(ख) निलम्बन नगरी काम गर्न दिंदा लगानीकर्ताहरुको हित विपरित हुने संभावना देखिएमा, वा

(ग) निलम्बन नगरी काम गर्न दिंदा बजारको स्वच्छता तथा विश्वसनीयतालाई असर पर्ने भएमा ।

(३) उपविनियम (२) बमोजिम माग गरिएको स्पष्टिकरण पेश नगरेमा वा पेश भएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा व्यवसायीको अनुमति पत्र बढीमा एक बर्षसम्मका लागि निलम्बन गर्न वा खारेज गर्न सकिनेछ ।

(४) धितोपत्र व्यवसायीको प्रमाण पत्र निलम्बन वा खारेजी भएमा ऋणपत्र कारोबारको अनुमति पत्र पनि स्वतः निलम्बन वा खारेजी हुनेछ ।

(६) यस विनियमावली बमोजिम ऋणपत्र कारोबार अनुमति पत्र निलम्बन वा खारेज भएतापनि व्यवसायीको लिन दिनु पर्ने हिसाब तथा फछ्र्यौट गर्नु पर्ने दायित्व कायमै रहनेछ ।

(५) उपविनियम (३) बमोजिम खारेज भएमा खारेज भएको मितिले पाँच बर्ष पूरा नभएसम्म खारेज भएको व्यवसायी संस्था वा उक्त संस्थाका संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधि संलग्न भएको अन्य कुनै संस्था ऋणपत्र कारोबार अनुमतिपत्र प्राप्त गर्नका लागि योग्य हुने छैन ।

## परिच्छेद - ५
## विविध

**१९.** **<u>प्रतिनिधिको नियुक्ति तथा परिवर्तनः</u>** व्यवसायीले ऋणपत्र कारोबार गर्नका लागि प्रतिनिधि नियुक्ति गर्दा वा प्रतिनिधि परिवर्तन गर्दा यस विनियमावली बमोजिम योग्यता पूरा भएको तथा धितोपत्र कारोबार नियमावली अनुसार अयोग्य नभएको व्यहोरा सहित बोर्डलाई जानकारी दिनु पर्नेछ ।

**२०.** **<u>ऋणपत्र कारोबार सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) ऋणपत्रको दोश्रो बजार कारोबार सम्बन्धमा ऋणपत्रको सूचीकरण, कारोबार समय र स्थान, खरिद बिक्री आदेश, कोारबार एकाई, मूल्य परिवर्तन सीमा, कारोबार राफसाफ र फछ्र्यौट, ग्राहकलाई दिनु पर्ने जानकारी तथा खरिद सम्बन्धी निस्सा लगायत अन्य व्यवस्थाहरु धितोपत्र बजारको विनियमावली बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिमका व्यवस्थाहरु सम्बन्धमा ऋणपत्र बजारको अवस्था हेरी बोर्डले समय समयमा तोकिदिए बमोजिम धितोपत्र बजारले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

**२१.** **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस विनियमावली कार्यान्वयनमा कुनै वाधा अडकाउ परेमा बोर्डले आवश्यक व्यवस्था गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

# अनुसूची - १
## (विनियम ४ को उपविनियम (१) संग सम्बन्धित)

मिति : ...................

श्री धितोपत्र बोर्ड

......................., काठमाण्डौ ।

बिषय: ऋणपत्र कारोबार गर्न अनुमति पत्र पाउँ ।

महाशय,

धितोपत्र कारोबार ऐन, २०४० अनुसार धितोपत्र व्यवसायीको प्रमाणपत्र प्राप्त यस संस्थालाई राष्ट्र ऋण ऐन, २०५९ तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही ऋणपत्र कारोबार गर्न इच्छा भएकोले निवेदन दस्तुर वापत रु. १०००। (एक हजार मात्र) सहित देहाय बमोजिमको विवरण र आवश्यक कागजातहरु संलग्न गरी ऋणपत्र कारोबार अनुमति पत्र पाउनका लागि यो निवेदन पेश गरेको छु । छौ ।

**विवरण**

१. संस्थाको नाम :

२. संस्थाको पूरा ठेगाना :

३. धितोपत्र व्यवसायीको किसिम :

४. कारोबार गर्न चाहेको क्षेत्र । स्थान :

५. संस्थापक, संचालक, कार्यकारी प्रमुख र प्रतिनिधि सम्बन्धी विवरण :

| पुरा नाम | संस्थापक, संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधि | पुरा ठेगाना (टेलिफोन नं सहित.) | लिएको शेयर | | शैक्षिक योग्यता | व्यवसायिक अनुभव | अन्य संस्थामा संलग्नता |
|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | | | |
| | | | | | | | |

(निवेदक संस्थाको संस्थापक वा शेयरधनी कुनै संगठित संस्था भएमा प्राकृतिक व्यक्ति पहिचान हुने गरी उक्त संस्थाका संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी विवरण खुलाउने)

६. संस्थापक, संचालक, कार्यकारी प्रमुख र प्रतिनिधि सम्बन्धी अन्य विवरण:

१. कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको भए सूचीमा रहेको व्यक्तिको नाम र सूचीमा परेको मिति

२. कर्जा सूचना केन्द्रको कालो सूचीमा परी हटेको भए सूचीबाट हटेको मिति:

३. धितोपत्र कारोबार ऐन तथा प्रचलित अन्य कानून बमोजिम कुनै कारबाही भएको भए तत्सम्बन्धी विवरण:

४. कुनै संगठित संस्था वा धितोपत्र व्यवसायी संस्थाबाट कुनै कारबाही भएको भए तत् सम्बन्धी विवरण:

७. व्यवसाय पुर्वाधार सम्बन्धी विवरण :

| | |
|---|---|
| सम्बन्धित कार्यालयको क्षेत्रफल | |
| ऋणपत्र कारोबारका लागि प्रयोग गरिने कम्प्यूटर संख्या | |
| कारोबार गर्ने बैंक र खाता नं. | |
| अन्य | |

८. ऋणपत्र कारोवारमा संलग्न हुने जनशक्ति सम्बन्धी विवरण

| पुरा नाम | पुरा ठेगाना | पद र कार्य जिम्मेवारी | शैक्षिक योग्यता | व्यवसायीक अनुभव | अन्य संलग्नता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. गत तीन बर्षको लेखापरीक्षण भएको आर्थिक विवरण

| **विवरण** | **आर्थिक बर्ष** | | |
|---|---|---|---|
| | | | |
| अधिकृत पूँजी | | | |
| जारी पूँजी | | | |
| चुक्ता पूँजी | | | |
| तरल सम्पत्ति | | | |
| जगेडा कोष | | | |
| नाफा/नोक्सान | | | |

१०. व्यवसायिक योजना :

क) धतोपत्र बजारको संक्षिप्त समिक्षाः

ख) आगामी तीन बर्षको ऋणपत्र कारोबारको अनुमान र अनुमानित ग्राहक संख्याः

ग) संस्थाको विकास र विस्तार सम्बन्धी योजनाः

घ) संगठन तथा जनशक्ति व्यवस्थाः

ङ) अन्य

घोषणा : उपरोक्त बमोजिमको विवरणहरु सत्य तथ्य र अनुमानहरु औचित्यपूर्ण छन् । कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक संस्थाको तर्फबाट :

कार्यकारी प्रमुखको नाम :

दस्तखत :

कार्यालयको छाप :

## अनुसूची - २
## विनियम ५ को उपविनियम (४) संग सम्बन्धित
## धितोपत्र, बोर्ड
## काठमाडौं

अनुमतिपत्र नं.:

सरकारी ऋणपत्र कारोबार अनुमति पत्र

. . . . . . . . . . . . . . . . . मा मुख्य कार्यालय रही . . . . . . . . . . . मा मुख्य कार्यालय रही धितोपत्र व्यवसायीको प्रमाणपत्र प्राप्त श्री . . . . . . . . . . . . लाई धितोपत्र कारोवार ऐन, २०४० तथा सो अन्तर्गत बनेको नियम, विनियमका साथै प्रचलित अन्य कानूनको अधिनमा रही .............................. को रुपमा धितोपत्र बजार मार्फत सरकारी ऋणपत्रको विनिमय कारोबर गर्न पाउने गरी यो अनुमतिपत्र प्रदान गरिएको छ ।

यो अनुमति पत्र नविकरण वा खारेज नभएमा मिति . . . . . . . सम्म बहाल रहनेछ ।

अनुमति प्रदान गर्ने अधिकारीको

धितोपत्र बोर्डको छाप

सहि :

नाम :

दर्जा :

मिति :

## अनुसूची - ३
## विनियम ८ को उपविनियम (१) संग सम्बन्धित

मिति :

श्री धितोपत्र बोर्ड

........................, काठमाण्डौ ।

बिषयः सरकारी ऋणपत्र कारोबार अनुमति पत्र नवीकरण गरी पाउँ ।

महाशय,

सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली,२०६२ बमोजिम ऋणपत्रको कारोबार गर्न तहाँबाट प्राप्त अनुमति पत्र यही मिति .................. सम्म कायम रहेकोले नवीकरणका लागि अनुमति पत्र यसै साथ संलग्न गरी पेश गरेको छु । छौ ।

निवेदक संस्थाको तर्फबाट :

आधिकारिक दस्तखतः

नाम :

पद :

कार्यालयको छाप :

❖❖❖

# सरकारी ऋणपत्र दोश्रो बजार कारोबार संचालन विनियमावली, २०६२

धितोपत्र कारोबार ऐन, २०४० को दफा ३५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र विनिमय बजार लि. ले धितोपत्र बोर्डको स्वीकृती लिई देहायको विनियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विनियमावलीको नाम "सरकारी ऋणपत्र दोश्रो बजार कारोबार संचालन विनियमावली, २०६२" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

(क) "ऋणपत्र" भन्नाले श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ। सो शब्दले त्यस्तो ऋणपत्रको खरिद सम्बन्धी। निस्सा, सो सम्बन्धी हक र अधिकारलाई समेत जनाउँदछ ।

(ख) "राष्ट्र ऋण ऐन" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ सम्झनु पर्छ ।

(ग) "धितोपत्र कारोबार ऐन" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० लाई सम्झनु पर्छ ।

(घ) "धितोपत्र कारोबार नियमावली" भन्नाले धितोपत्र कारोबार नियमावली, २०५० सम्झनु पर्छ ।

(ङ) "बोर्ड" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० बमोजिम स्थापना भएको धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(च) "धितोपत्र बजार" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० बमोजिम स्थापना भएको धितोपत्र बजार सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले धितोपत्र कारोबार ऐन बमोजिम धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायीको प्रमाणपत्र तथा धितोपत्र बजारको सदस्यता प्राप्त गरी सरकारी ऋणपत्र कारोबार गर्न बोर्डबाट अनुमति प्राप्त गरेको दलाल वा बजार निर्माता सम्झनु पर्छ ।

## परिच्छेद - २

## ऋणपत्र सूचीकरण तथा कारोबार संचालन सम्बन्धी

३. **ऋणपत्रको सूचीकरण :** ऋणपत्र कारोबारयोग्य गराउन अनुसूचि १ बमोजिम सूचीकरणका लागि नेपाल राष्ट्र बैंकबाट लेखिआएमा धितोपत्र बजारले त्यस्तो ऋणपत्र सूचीकरण गर्नेछ र सोको जानकारी बोर्डलाई दिनेछ ।

४. **धरौटी राख्नुपर्ने :** सदस्यले कारोबार गर्नु पूर्व बोर्डले समय समयमा तोके बमोजिम धितोपत्र बजारमा नगद वा बैंक ग्यारेण्टी वा दुवैमा धरौटी राख्नु पर्नेछ ।

५. **कारोबार गर्ने स्थान र समय :** (१) सदस्यले धितोपत्र बजारले उपलब्ध गराएको कारोबार स्थलमा धितोपत्र बजार खुलेको दिन धितोपत्र बजारले तोकेको समयमा ऋणपत्रको कारोबार गर्न सक्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डको स्वीकृती लिएर बजार निर्माताले धितोपत्र बजार भन्दा बाहिर आफ्नो कार्यालय तथा शाखाबाट समेत कारोबार गर्न सक्नेछ ।

६. **कारोबार एकाई तथा बोर्ड एकाई :** (१) सदस्यले प्रत्येक ऋणपत्रको देहाय बमोजिमको कारोबार एकाईमा कारोबार गर्नु पर्नेछ ।

(क) एक पटकमा कम्तीमा पच्चीस हजार रुपैयाँ मूल्य (अंकित मूल्यको आधारमा) बराबरको बोर्ड एकाईमा,

(ख) ऋणपत्रको कारोबार गर्दा खण्ड (क) मा तोकिएको एकाई भन्दा कम मौज्दात बाँकी रहने भएमा पुरै रकमको,

(ग) ऋणपत्रको अंकित मूल्य खण्ड (क) मा तोकिएको एकाई भन्दा कम भएमा पुरै मूल्यको ।

७. **खरिद वा बिक्री आदेश :** (१) सूचीकृत ऋणपत्र खरिद वा बिक्री गर्न चाहने सदस्यले ग्राहकबाट अनुसूची २ बमोजिमको ढाँचामा खरिद वा बिक्री आदेश लिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम खरिद वा बिक्री आदेशमा अवधि उल्लेख गरेकोमा सोही बमोजिम र अवधि उल्लेख नगरेकोमा आदेश दिएको मितिले तीन दिनसम्म आदेश बहाल रहनेछ ।

(३) ग्राहकले जति मूल्यको ऋणपत्र बिक्री गर्न चाहेको हो, सोही मूल्य बराबरको ऋणपत्रको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(४) ऋणपत्रमा उल्लेखित ब्याज भुक्तानी मिति बितिसकेको अवस्थामा उक्त अवधिको पाकेको ब्याज भुक्तानी लिइसकेको ऋणपत्रको मात्र कारोबार गर्नु पर्नेछ ।

(च) ऋणपत्रको कारोबार गर्न मूल्य तोक्दा एक सयलाई आधार मानी तोक्नु पर्नेछ ।

८. **दलाल मार्फत हुने कारोबार संचालन प्रकृया :** (१) दलालले कारोबार कक्षमा ऋणपत्र कारोबार गर्दा विनियम १३ को उपविनियम (१) बमोजिम राख्नुपर्ने दर्ता किताबको क्रम अनुसार ऋणपत्रको नाम, किसिम र खरिद वा बिक्री मूल्य बोल्नु पर्नेछ । यसरी बोलिएको मूल्य धितोपत्र बजारको सम्बन्धित कर्मचारीले कारोबार पाटीमा लेख्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम कारोबार पाटीमा उल्लेख भएको मूल्यमा कारोबार हुन नसक्ने अवस्था आएमा सम्बन्धित सदस्यले मूल्य परिवर्तन गर्न सक्नेछ । यसरी मूल्य परिवर्तन गरेपछि मूल्य तथा समय प्राथमिकता आधारमा मात्र निजको कारोबार गर्ने पालो आउनेछ ।

(३) कारोबार पाटीमा लेखिएको ऋणपत्र, खरिद बिक्री मूल्य मेल खाएपछि दलालले सर्व प्रथम मौखिक रुपमा लिए वा दिए भनी स्वीकृती जनाउनुपर्नेछ । मौखिक रुपमा स्वीकृती जनाई सकेपछि दलालले अनुसूची - ३ बमोजिमको ढाँचामा लिखित स्वीकृती जनाई एक अर्कालाई दिनु पर्नेछ र सो को एक एक प्रति धितोपत्र बजारको सम्बन्धित कर्मचारीलाई समेत दिनु पर्नेछ ।

(४) उपविनियम (३) बमोजिम मौखिक रुपमा स्वीकृती जनाई सकेपछि दलालले ऋणपत्र कारोबार गर्दिन भनी इन्कार गर्न पाउने छैन ।

(५) दलालले कारोबार पाटीमा अंकित गराएको खरिद वा बिक्री मूल्य अन्य दलालले अंकित गराएको मूल्यसँग मेल नखाएमा कारोबार पाटीबाट आफूले अंकित गराएको मूल्य हटाई आफूले चाहेको बजार निर्मातासँग कारोबार गर्न सक्नेछ ।

(६) दलालले कारोबार सम्पन्न गरेपछि ग्राहकलाई अनुसूचि-४ बमोजिमको ढाँचामा जानकारी दिई सोको एक प्रति धितोपत्र बजारलाई समेत दिनु पर्नेछ ।

(७) दलालले ग्राहकको आदेश नभएको अवस्थामा धितोपत्र बजारलाई लिखित रुपमा अग्रिम जानकारी गराई अर्का सदस्यलाई निश्चित मूल्यमा आदेश दिएर मात्र आफ्नो स्वमित्वमा ऋणपत्र खरिद बिक्री गर्न सक्नेछ ।

(८) दलालले आफूले खरिद वा बिक्रीतर्फ अंकित गराएको ऋणपत्र आफैले सकार गरी कारोबार गर्न पाउने छैन ।

९. **बजार निर्माता मार्फत हुने कारोबार संचालन प्रकृया :** (१)बजार निर्माताले आफूले खरिद बिक्री गर्ने ऋणपत्रको खरिद तथा बिक्री दुवै मूल्य कारोबार स्थल स्थित आफ्नो मूल्य पाटीमा लेख्नु पर्नेछ ।

(२) धितोपत्र बजारभन्दा बाहिर कारोबार गर्दा धितोपत्र बजार स्थित मूल्य पाटीमा अंकित गरेको मूल्यमा मात्र खरिद बिक्री गर्न सक्नेछ ।

(३) कारोबार स्थलमा अंकित गराएको मूल्यमा परिवर्तन गर्दा आफूले ऋणपत्र कारोबार गर्ने कार्यालय तथा सम्पूर्ण शाखाहरुमा समेत एकै पटक मूल्य परिवर्तन हुने व्यवस्था गर्नु पर्नेछ ।

(४) धितोपत्र बजारको मूल्य पाटीमा अंकित गराएको अन्तिम मूल्यमा धितोपत्र बजार बन्द भइसकेपछि समेत आफ्नो कार्यालय तथा शाखाहरुबाट खरिद बिक्री गर्न सक्नेछ ।

(५) बजार निर्मातासँग बोर्डले तोकिदिएको ऋणपत्रको न्यूनतम मौज्दात नभएको अवस्थामा खरिद मूल्यमात्र तोक्नु पर्नेछ । यस्तै बजार निर्मातासँग बोर्डले तोकिदिएको ऋणपत्रको अधिकतम मौज्दात पुगिसकेको अवस्थामा बिक्री मूल्य मात्र तोक्नु पर्नेछ ।

(६) अंकित गराएको मूल्यमा कारोबार गर्नका लागि आदेश प्राप्त भएमा त्यस्तो आदेश अनुसार कारोबार गर्दिन भन्न पाइने छैन ।

(७) धितोपत्र बजारको कारोबार कक्ष भन्दा बाहिर कारोबार गर्दा दलाल तथा अन्य बजार निर्मातासंग कारोबार गर्न पाउने छैन ।

(८) खरिदकर्ता ग्राहकले माग गरेमा बजार निर्माताले अनुसूची ५ बमोजिमको खरिद निस्सा समेत दिनु पर्नेछ । यसरी दिएको खरिद निस्सा ऋणपत्रकै रुपमा कारोबार योग्य हुनेछ । तर यस्तो निस्सा सम्बन्धित बजार निर्माता र धितोपत्र बजारमा अभिलेख गराएर मात्र कारोबार गर्न सकिनेछ ।

१०. **सदस्यले पालना गर्नु पर्ने कुराहरु :** (१) सदस्यले नेपाल राष्ट्र बैंकमा ऋणपत्रको लागि आफ्नो बिशेष खाता खोल्नु पर्नेछ ।

(२) आफ्नो स्वमित्वमा ऋणपत्र खरिद बिक्री गर्दा बोर्डले तोकेको सीमा भित्र रही खरिद बिक्री गर्नु पर्नेछ ।

(३) ऋणपत्रको कारोबार गर्दा पूँजी मूल्य (Capital Value) अनुसार मात्र कारोबार गर्नु पर्नेछ । खरिदकर्ता ग्राहकले खण्डित अवधिको व्याजको छुट्टै हिसाव गरी खरिद गरेको अघिल्लो मिति सम्मको नियमानुसार लाग्ने ब्याजकर कट्टी गरेर बिक्रेता ग्राहकलाई भुक्तानी दिनु पर्नेछ । यसरी ब्याजको गणना गर्दा तीस दिनको एक महिना र तीन सय साठी दिनको एक बर्ष मानी गणना गर्नु पर्नेछ । ब्याज भुक्तानी मितिमा ऋणपत्रमा स्वामित्व कायम हुने व्यक्ति/संस्थाले नै सम्पूर्ण व्याज कर तिर्नु पर्नेछ ।

(४) श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंक वा अधिकार प्राप्त कुनै अधिकारीले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको ऋणपत्रको कारोबार रोक्का गरेको अवस्थामा त्यस्तो ऋणपत्रको कारोबार गर्न पाइने छैन ।

(५) आफूले कारोबार गरेका ऋणपत्रका कुल रकमको शुन्य दशमलब शुन्य एक (०.०१) प्रतिशत बरावरको रकम धितोपत्र बजारमा बुझाउनु पर्नेछ ।

**११. मूल्य परिवर्तन सीमा :** (१) सदस्यले शुरु कारोबार मूल्य तोक्दा अघिल्लो दिन बजार बन्द हुँदा कायम भएको मूल्यको शून्य दशमलब एक प्रतिशतभन्दा बढी घटी नहुने गरी तोक्नु पर्नेछ । त्यसपछि प्रत्येक कारोबारका लागि अघिल्लो कारोबार मूल्य भन्दा शून्य दशमलब शुन्य पाँच प्रतिशत भन्दा घटी बढी नहुने गरी तोक्नु पर्नेछ ।

(२) बजार निर्माताले मूल्य पाटीमा तोक्ने खरिद तथा बिक्री मूल्यको भिन्नता शून्य दशमलव दुई प्रतिशत भन्दा बढी हुनु हुँदैन ।

(३) बजार निर्माताले अंकित गराएको खरिद बिक्री मूल्यमा कारोबार हुन नसकेमा एक पटकलाई शून्य दशमलव एक प्रतिशत भन्दा घटीबढी नहुने गरी मूल्य परिवर्तन गर्न सक्नेछ ।

(४) उपविनियम (१) र (२) बमोजिमको मूल्य सीमा बोर्डले बजारको स्थिति हेरी समय समयमा तोके बमोजिम हेरफेर हुन सक्नेछ ।

(५) कुनै ऋणपत्र कम्तीमा एक हप्ता सम्म कारोबार नभएको अवस्थामा उपविनियम (१) बमोजिमको बन्देज लागू हुने छैन । यस्तो अवस्थामा धितोपत्र बजारले कारोबारको शुरु मूल्य तोक्ने सम्बन्धमा बोर्डको पूर्व स्वीकृती लिई आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(६) सदस्यले सूचीकृत ऋणपत्रको कारोबार मूल्य तोक्दा साधारणतया पछिल्लो पटक जारी भएको सोही प्रकृतिको ऋणपत्रको व्याजदरको आधारमा तोक्नुपर्नेछ ।

(७) दलालले बोलेको मूल्यमा कम्तिमा एक बोर्ड एकाईमा ऋणपत्रको कारोबार गर्नु पर्नेछ ।

**१२. कारोबारको हिसाब राफसाफ तथा प्रमाणपत्र जारी :** (१) सदस्यले आफूले गरेको कारोबारको रकम, ऋणपत्रको प्रमाणपत्र, दाखिल खारेज पत्र, विक्रेताको लिखत तथा अन्य आवश्यक विवरण र कागजात कारोबार भएकै दिन धितोपत्र बजारले तोकेको समयभित्र धितोपत्र बजारमा पेश गरी कारोबार राफसाफ गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम विवरण तथा कागजात प्राप्त भएपछि धितोपत्र बजारले सोको अभिलेख गरी कारोबार राफसाफ गरिदिनेछ र प्रमाणपत्र नामसारीका लागि आवश्यक भएमा ऋणपत्र कारोबार भएको प्रमाणित गरिदिनेछ ।

(३) उपविनियम (१) बमोजिम राफसाफ गर्न नसक्ने सदस्यले सो नसक्नुको कारण खोली निवेदन दिएमा धितोपत्र बजारले कारोबार रकमको प्रतिदिन शुन्य दशमलव शुन्य पाँच प्रतिशत विलम्ब शुल्क र ऋणपत्रको तोकिएको व्याजदर अनुसार विलम्ब अवधिको व्याज रकम समेत थप गरी भुक्तानी दिने गरी कारोबार भएको बढीमा तेश्रो दिनसम्मको म्याद थप गरी दिन सक्नेछ ।

(४) उपविनियम (३) बमोजिमको विलम्ब शुल्क तथा व्याज रकम सदस्यले सम्बन्धित ग्राहकलाई दिनु पर्नेछ ।

(५) सदस्यले ऋणपत्र बिक्री बापत धितोपत्र बजारबाट रकम प्राप्त गरेकै दिन बिक्रीकर्तालाई भुक्तानी दिनु पर्नेछ ।

(६) बजार निर्माताले कारोबार कक्ष भन्दा बाहिर ग्राहकसंग कारोबार गर्दा सोही दिन रकम तथा कागजात लेनदेन गरी राफसाफ गर्नु पर्नेछ र सोको जानकारी सोही दिन धितोपत्र बजारलाई दिनु पर्नेछ ।

(७) उपविनियम (३) बमोजिम थपिएको म्याद भित्र समेत हिसाब राफसाफ नगरेमा सदस्यले राखेको धरौटी रकमबाट भ्याएसम्म धितोपत्र बजारले ऋणपत्र खरिद वा नगद भुक्तानी गरी दिनेछ ।

(८) उपविनियम (३) बमोजिम राफसाफ तथा उपविनियम (४) र (५) बमोजिम रकम भुक्तानी नगर्ने सदस्यलाई कारोबारमा रोक लगाई आवश्यक कारबाहीका धितोपत्र बजारले लागि बोर्ड समक्ष लेखी पठाउन सक्नेछ ।

(९) सदस्यले विनियम १० को उपविनियम (१) बमोजिम राखिने खातामा दैनिक कारोबारबाट भएको हेरफेरको हिसाब मिलान गर्नु पर्नेछ र ग्राहकको नाममा ऋणपत्रको प्रमाणपत्र जारी गर्नु परेमा नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागमा निवेदन दिनु पर्नेछ ।

**१३. कारोबार सम्बन्धी अभिलेख राख्नुपर्नेः** (१) सदस्यले ग्राहकबाट प्राप्त खरिद तथा बिक्री आदेशहरुमा दर्ता नम्बर, प्राप्त भएको मिति र समय समेत जनाउनु पर्नेछ र सोको क्रमानुसार बोर्डले तोके बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(२) सदस्यले बोर्डले तोकेको ढाँचा बमोजिम आफूले गरेको कारोबारको विवरण तथा ग्राहक र आफ्नो स्वमित्वको छुट्टा छुट्टै विवरण देखिने गरी अभिलेख राख्नु पर्नेछ ।

**१४. जानकारी तथा विवरण पेश गर्नु पर्ने :** (१) सदस्यले प्रत्येक दिन आफूले गरेको ऋणपत्रको कारोबारको विवरण सोही दिन धितोपत्र बजार समक्ष पेश गर्नु पर्नेछ ।

(२) बजार निर्माताले प्रत्येक दिन धितोपत्र बजार बाहिर गरेको कारोबार सम्बन्धी विवरण सोही दिन वा भोलिपल्ट बजार खुल्नु अगावै बोर्ड तथा धितोपत्र बजारलाई जानकारी दिनु पर्नेछ ।

**१५. कारोबार स्थगन गर्न सक्ने :** ऋणपत्रको मूल्यमा अस्वाभाविक उतार चढाव आएमा सो नियन्त्रणका लागि धितोपत्र बजारले ऋणपत्रको कारोबार तत्काल स्थगन गरी सोको कारण सहित तुरुन्त बोर्डलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद - ३
## निरीक्षण तथा कारबाही

**१६. सदस्यको निरीक्षण गर्ने :** (१) ऋणपत्र कारोबार सम्बन्धमा सदस्यले राखेको हिसाब किताब, अभिलेख तथा अन्य व्यवस्थाहरुको सम्बन्धमा धितोपत्र बजारले प्रत्येक वर्ष कम्तीमा एक पटक निरीक्षण गर्नेछ ।

(२) सदस्यले गरेको ऋणपत्र कारोबारको सम्बन्धमा कुनै पनि समयमा पूर्व जानकारी दिई वा नदिई धितोपत्र बजारले निरीक्षण गर्न सक्नेछ । साथै कारोबार सम्बन्धी विवरण तथा अभिलेख धितोपत्र बजारमा नै झिकाई जाँचबुझ गर्न सक्नेछ ।

(३) उपविनियम (१) वा (२) बमोजिम धितोपत्र बजारबाट निरीक्षण सम्पन्न भएको एक महिना भित्र उक्त निरीक्षणको प्रतिवेदनको एक प्रति बोर्डमा बुझाउनु पर्नेछ ।

**१७. कारोबार गर्न रोक लगाउने :**(१)देहायको अवस्थामा धितोपत्र बजारले सदस्यलाई ऋणपत्र कारोबार गर्न रोक लगाउन सक्नेछः-

(क) यस विनियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने कुनै काम गरेमा,

(ख) धितोपत्र बजारको आदेश पालना नगरेमा वा शर्तहरु पूरा नगरेमा, वा

(ग) यस विनियमावली बमोजिम कारोबार शुल्क नबुझाएमा ।

(२) उपविनियम (१) बमोजिम कारोबार गर्न रोक लगाउनु अघि त्यसरी रोक लगाउनु पर्ने कारण समेत खोली कम्तीमा सात दिनको म्याद दिई धितोपत्र बजारले सम्बन्धित सदस्यबाट स्पष्टीकरण माग गर्नेछ ।

तर, देहायको अवस्थामा धितोपत्र बजारले कारोबार गर्न रोक लगाएर स्पष्टीकरण माग गर्न सक्नेछ :-

(क) रोक नलागाई काम गर्न दिंदा झुट्टा सबुत प्रमाण संकलन गर्न सक्ने वा आफ्ना विरुद्धका सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) रोक नलगाई काम गर्न दिंदा बजारको स्वच्छता तथा विश्वसनीयतालार्य असर पर्ने भएमा ।

(३) उपविनियम (२) बमोजिम कुनै सदस्यले स्पष्टीकरण पेश नगरेमा वा पेश भएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा धितोपत्र बजारले बढीमा छ महिनाका लागि कारोबार गर्न रोक लगाउन सक्नेछ ।

(४) यस विनियम बमोजिम धितोपत्र बजारले सदस्यलाई कारोबार गर्न रोक लगाएमा तुरुन्त बोर्डलाई जानकारी दिनु पर्नेछ ।

(५) सदस्यले प्रचलित कानून विपरीत कार्य गरेमा सदस्यको अनुमतिपत्र निलम्बन वा खारेजीका लागि आवश्यक प्रमाण सहित धितोपत्र बजारले बोर्डमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद - ४
## विविध

**१९. बाधा अड्काउ फुकाउने :**यस विनियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ पर्न आएमा बोर्डले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**२०. अनुसूचीमा हेरफेर गर्न सक्ने :** यस विनीयमावलीको अनुसूचीमा हेरफेर वा थपघट गर्न आवश्यक देखेमा बोर्डको स्वीकृती लिएर धितोपत्र बजारले हेरफेर वा थपघट गर्न सक्नेछ ।

## अनुसूची १
## विनियम ३ संग सम्बन्धित

मिति :................

श्री नेपाल धितोपत्र विनिमय बजार लि.

........................, काठमाण्डौ ।

बिषयः ऋणपत्र सूचीकरण गरिदिनु हुन ।

देहायअनुसारको ऋणपत्र प्रचलित कानून अनुसार सूचीकरण गरी तहाँबाट संचालित बजार मार्फत कारोबार योग्य गराई दिनुहुन अनुरोध छ ।

१. ऋणपत्रको नाम :

२. ऋणपत्रको किसिम :

३. निष्काशन मिति :

४. निष्कासित ऋणपत्रको कुल रकम :

५. ऋणपत्रको अवधि र साँवा फिर्ता भुक्तानी हुने मिति :

६. ऋणपत्रमा प्रदान गरिने ब्याजदर :

७. ऋणपत्रको ब्याज भुक्तानी तरिका :

८. ऋणपत्रमा गरिएको ब्याजकर सम्बन्धी व्यवस्था :

९. जारी ऋणपत्रको प्रमाणपत्र नं. तथा क्रम संख्या सम्बन्धी विवरण :

१०. प्राथमिक निष्काशनमा कायम भएको औसत मूल्यः

११. ऋणपत्र एकिकरण वा विभाजन गर्दा लाग्ने शुल्क :

१२. ऋणपत्रको नामसारीका लागि लाग्ने शुल्क :

१३. ऋणपत्र प्राप्त गर्नेको सूचीः

१४. ऋणपत्र निष्काशन गर्दाका शर्तहरु :

१५. ऋणपत्र सम्बन्धी अन्य विवरण

संलग्नः ऋणपत्रको नमूना एक प्रति ।

<u>नेपाल राष्ट्र बैंकको तर्फबाट</u>

दस्तखत :

नाम :

दर्जा :

विभाग :

## अनुसूची २
## विनियम ७ को उपविनियम (१) संग सम्बन्धित
## ऋणपत्र खरिद/बिक्री आदेश पत्र

श्री.................................. मिति :

.................................. समय :

महाशय,

म/हामीलाई निम्न ऋणपत्र खरिद/बिक्री गर्नु परेको हुँदा मेरो/हाम्रो नाममा .........दिन भित्र खरिद/बिक्री गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं । उक्त ऋणपत्र खरिद/बिक्री गरिदिए बापत नियमानुसार कारोबार कमिसन र सेवा शुल्क दिन मेरो/हाम्रो मंजुर छ ।

| ऋणपत्रको नाम | ऋणपत्रको किसिम | कुल रकम (अंकित मूल्यमा) | खरिद/बिक्री मूल्य |
|---|---|---|---|
| | | | |

<u>व्यक्तिगत निवेदकका लागि</u>

निवेदकको दस्तखत :

निवेदकको नाम :

ठेगाना :

बाबुको नाम :

बाजेको नाम :

टेलिफोन नं :

नागरिकता नं र जारी भएको जिल्ला :

<u>संस्थागत निवेदकका लागी</u>

आधिकारिक प्रतिनिधिको दस्तखत :

आधिकारिक प्रतिनिधिको नाम :

संगठित संस्थाको नाम :

ठेगाना :

टेलिफोन नं :

संस्थाको छाप :

द्रष्टव्य : १. खरिद/बिक्री मूल्य तोक्दा अंकित मूल्यको आधारमा तोक्नु पर्नेछ ।

२. खरिद/बिक्री मूल्य तोक्दा देहाय मध्ये कुनै एक उल्लेख गर्नु पर्नेछ ।

(क) निश्चित मूल्य

(ख) न्युनतम वा अधिकतम मूल्य वा

(ग) सदस्यले उपयुक्त ठानेको मूल्य

## अनुसूची ३
## विनियम ८ को उपविनियम (३) संग सम्बन्धित
## ऋणपत्र खरिद/बिक्री गर्ने दलालले कारोबार स्वीकृति जनाउने फारम

आजको मितिमा हामीहरुले देहाय बमोजिमको ऋणपत्र खरिद/बिक्री गरेका छौं ।

करार नं :

मिति :

ऋणपत्रको नाम :

ऋणपत्रको किसिम :

ऋणपत्रको मूल्य (अंकित मूल्यमा) :

ऋणपत्रको संख्या :

खरिद÷बिक्री गरिएको मूल्य :

बिक्री गर्ने दलालको संकेत नं : प्रतिनिधिको संकेत नं :

खरिद गर्ने दलालको संकेत नं : प्रतिनिधिको संकेत नं :

............................................... ........................................

खरिदकर्ता दलाल वा निजको प्रतिनिधिको दस्तखत

बिक्रीकर्ता दलाल वा निजको प्रतिनिधिको दस्तखत

**अनुसूची ४**

**विनीयम ८ को उपविनियम (६) संग सम्बन्धित**

**<u>दलालले कारोबार सम्पन्न गरेपछि ग्राहकलाई दिनु पर्ने जानकारी फारम</u>**

जानकारी नं :

श्री............................                                  मिति :

................................

तपाई श्री....................................को मिति ...............................को खरिद/बिक्री आदेश अनुसार देहायको ऋणपत्र खरिद/बिक्री गरिएको जानकारीका साथै कारोबार राफसाफका लागी देहायको विवरण सहित अनुरोध गर्दछु।

| विवरण | सदस्यले ग्राहकलाई | | कैफियत |
|---|---|---|---|
| | दिनु पर्ने | लिनुपर्ने | |
| ऋणपत्रको नाम र किसिम :<br>ऋणपत्रको क्रं. सं. ........... देखि ...........सम्म को खरिद/बिक्री बापत हुने रकम रु. .........<br><br>मिति...........देखि ........... सम्मको ब्याज.... प्रतिशतका दरले दिनु/लिनु पर्ने रकम रु.........<br>कारोबार शुल्क खुद कारोबार मूल्यको ...... प्रतिशतका दरले हुने रकम रु...........<br>ब्याजकर बापतको रकम रु.................<br>सदस्यले ग्राहकलाई दिनु पर्ने/लिनुपर्ने जम्मा रकम रु............(अक्षेरेपी रु............ मात्र) | | | |

.........................................

सदस्य दलाल वा निजको प्रतिनिधिको दस्तखत

संकेत नं : .......

## अनुसूची ५
## विनियम ९ को उपविनियम (८) संग सम्बन्धित

मिति :

**<u>ऋणपत्र खरिद निस्सा</u>**

. . . . . . . . . ठेगाना भएको व्यक्ति/संस्था श्री . . . . . . . . . . . ले यस सदस्य मार्फत मिति . . . . . . . . . को कारोबार नं. . . . . . . . . बाट रु. . . . . . . . (अक्षेरेपी . . . . . . . . . . . ) बराबरको देहाय अनुसारको ऋणपत्र खरिद गरेकोले यो निस्सा प्रदान गरिएको छ।

यस निस्सालाई देहायमा उल्लेख गरिएको सदस्यले अभिलेख गरी प्रमाणित गरिएको छ। यो निस्सा प्राप्त गर्ने श्री . . . . . . . . . ले यस सदस्यबाट ऋणपत्रको प्रमाणपत्र प्राप्त गर्नको लागि यो निस्सा पेश गर्नु पर्नेछ।

ऋणपत्रको नाम:
ऋणपत्रको किसिम :
ऋणपत्रको संख्या :
ऋणपत्र निष्काशन भएको मिति र अवधि:

<u>खरिद निस्सा जारी गर्ने सदस्यको</u>

नाम :
धितोपत्र विनिमय बजार सदस्यता नं. :
कार्यकारी प्रमुखको दस्तखत :
कार्यालयको छाप :
मिति :

❖❖❖

# ओ.टि.सि. (ओभर द काउण्टर) बजार सञ्चालन विनियमावली, २०६५

धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को नियम २३ को प्रयोजनको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई नेपाल धितोपत्र बिनिमय बजारले देहाय बमोजिमको ओ.टि.सि. (ओभर द काउण्टर) बजार सञ्चालन बिनियमावली, २०६५ बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस बिनियमावलीको नाम "नेपाल धितोपत्र बिनिमय बजार लिमिटेड ओ.टि.सि. (ओभर द काउण्टर) बजार सञ्चालन बिनियमावली, २०६५" रहेको छ ।

(२) यो बिनियमावली नेपाल धितोपत्र बिनिमय बजारले तोकेको मिति देखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा

(क) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको धितोपत्र, स्टक, वण्ड, डिवेन्चर वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र, नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगिठत संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा वण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार तथा हस्तान्तरण हुन सक्ने भनी बोर्डले तोकी दिएको अन्य धितोपत्र र त्यस्तो धितोपत्र खरिद बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेत सम्झनु पर्छ ।

(ख) "ओ.टि.सि. (ओभर द काउण्टर) बजार" भन्नाले बिनियम ९ मा उल्लिखित कम्पनीका धितोपत्रहरु कारोबारका लागि सञ्चालत बजार सम्झनु पर्छ ।

(ग) "धितोपत्र कारोबार" भन्नाले धितोपत्र खरिद बिक्री वा विनिमय तथा तत्सम्बन्धी अन्य कार्य सम्झनु पर्छ ।

(घ) "दर्ता" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ४३ को उपदफा (२) अनुसार सूचीकरण नभएको धितोपत्रहरु खरिद बिक्रीका लागि दर्ता गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

(ङ) "धितोपत्र बजार" भन्नाले नेपाल धितोपत्र बिनिमय बजार लिमिटेड (नेप्से) सम्झनु पर्छ ।

(च) "सूचीकरण नभएका धितोपत्र" भन्नाले धितोपत्र बजारले तोकेको सूचीकरणका शर्तहरु पूरा नभएका वा सूचीकरण नगरिएका पब्लिक लिमिटेड कम्पनी वा सरकारी संस्थाले सार्वजनिक निष्काशन गरी जारी गरेका धितोपत्रहरु सम्झनु पर्छ ।

(छ) "सूचीकरण खारेज भएका" भन्नाले सूचीकरण विनियमावली अनुसार पूरा गर्नुपर्ने शर्तहरु पूरा नगरी धितोपत्र बजारले सूचीकरणबाट हटाएका कम्पनीहरु सम्झनु पर्छ ।

(ज) "कम्पनी" भन्नाले कम्पनी ऐन अन्तर्गत दर्ता भई धितोपत्र बजारको ओ.टि.सि. बजारमा कारोबार हुने धितोपत्रहरु जारी गर्न कम्पनीहरु सम्झनु पर्छ।

(झ) "विनियमावली" भन्नाले धितोपत्र बजारको ओ.टि.सि. बजार सञ्चालन विनियमावली, २०६५ लाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## कारोबार सम्बन्धी व्यवस्था

३. **बजारको स्थापना तथा सञ्चालन:** (१) धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को नियम २३ मा व्यवस्था भए अनुसार ओ.टि.सि. बजारको स्थापना तथा सञ्चालन गरिने छ ।

(२) यस ओ.टि.सि. बजारमा धितोपत्र कारोबार गराउन विनियम ९ अनुसारको धितोपत्रहरु हुनु पर्नेछ।

४. **निवेदन पेश गर्नुपर्ने :** ओ.टि.सि. बजार मार्फत धितोपत्रहरुको कारोबार गर्दा देहाय बमोजिम निवेदन पेश गर्नु पर्दछ :

(१) नेपाल धितोपत्र बजार लि. द्वारा सञ्चालित ओ.टि.सि. बजारमा धितोपत्र दर्ता गरी कारोबार गराउन चाहने कम्पनीहरुले अनसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको विवरण उल्लेख गरी अनुसूची-३ मा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा उल्लेख भएको भएता पनि धितोपत्र बजारद्वारा सूचिकरण खारेज गरिएका कम्पनीहरु ओ.टि.सि. बजारमा स्वत: दर्ता भएको मानिने छ।

५. **कारोबार गर्न सक्ने:** विनियम ४ अनुसार कारोबारको लागि दर्ता गरिएका कम्पनीका धितोपत्रहरु कारोबार गर्न व्यक्ति तथा संस्थाहरुले धितोपत्र बजारमा खरिद बिक्री आदेश दिन सक्नेछन्।

६. **दस्तखत प्रमाणित हुनुपर्ने** : धितोपत्र बजारमा मार्फत गरिने धितोपत्रहरुको कारोबार गर्न पेश गर्नु अघि सम्बन्धित बिक्रीकर्ता धितोपत्रधनीले अनिवार्य रुपमा आफ्नो दस्तखत सम्बन्धित कम्पनीबाट मिति समेत उल्लेख गराई प्रमाणित गराएको हुनुपर्नेछ। यस्तै प्रमाणित गरेको दस्तखतको मान्य अवधि ९० दिन मात्र रहने छ।

७. **कारोबार शुल्क:** (१) ओ.टि.सि. बजारमा धितोपत्र खरिद/बिक्री कारोबार गर्दा अनुसूची-४ मा तोकिए अनुसार कारोबार रकमको आधारमा प्रत्येक खरिदकर्ता/बिक्रीकर्ताले कारोबार शुल्क बुझाउनु पर्नेछ।

(२) प्रत्येक खरिद/बिक्री कारोबारमा अनुसूची-४ मा तोके अनुसारको नेपाल धितोपत्र बोर्डलाई बुझाउनु पर्ने शुल्क समेत बुझाउनु पर्नेछ।

(३) उपविनियम (१) र (२) मा लेखिएको शुल्कका अतिरिक्त कम्पनीले तोके अनुसारको धितोपत्र नामसारी दस्तुर समेत बुझाउनु पर्नेछ।

**८. आदेशपत्रः** (१) धितोपत्र बजारमा मार्फत धितोपत्रहरुको खरिद बिक्री गर्न चाहने खरिदकर्ता तथा बिक्रीकर्ताले अनुसूची-५ र अनुसूची -६ मा तोकिएको ढाँचामा खरिद बिक्री आदेश भरी दर्ता गराउनु पर्नेछ । आदेशपत्र नभरी धितोपत्रको कारोबार गर्न/गराउन पाइने छैन ।

(२) बिक्रीकर्ताले बिक्री आदेश भरी धितोपत्र बिक्रीका लाग धितोपत्र बजारमा दर्ता गरेमा सर्वप्रथम पहिलो खरिद आदेशकर्तालाई दर्ताक्रमानुसार प्राथमिकता दिई कारोबार गर्नु गराउनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम कुनै खरिदकर्ता ग्राहकले खरिद आदेश दर्ता गराएमा दर्ताक्रमानुसार पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(४) लगानीकर्ता कारोबार गर्दा खरिद बिक्री गर्न चाहेको मूल्य तथा संख्यालाई समेत ध्यान दिनु पर्नेछ ।

(५) आंशिक धितोपत्र मात्र खरिद बिक्री हुन सक्ने देखिएमा सम्बन्धित ग्राहकको सहमतिबाट आंशिक धितोपत्र कारोबार गर्न/गराउन सकिनेछ ।

(६) ग्राहकले खरिद बिक्री आदेशमा आदेश बहाल रहने अवधि नखुलाएमा दर्ता भएको मिति देखि त्यस्तो आदेशपत्र ७ दिन मात्र बहाल रहनेछ ।

**९. कारोबार हुनसक्ने धितोपत्रहरु :** (१) ओ.टि.सि. बजारमा देहायका धितोपत्रहरु कारोबार हुन सक्नेछन्

(क) धितोपत्र बजारले सूचीकरण खारेज गरेका कम्पनीका धितोपत्रहरु ।

(ख) धितोपत्र बजारको सूचीकरणका लागि आवश्यक शर्तहरु (क्राइटेरिया) पूरा गर्न नसकी सूचीकरण हुन नसकेका कम्पनीका धितोपत्रहरु ।

(ग) सूचीकरण प्रक्रियामा नआएका अन्य पब्लिक लिमिटेड कम्पनी तथा सरकारी संस्थाले सार्वजनिक निष्काशन गरेका धितोपत्रहरु ।

(२) उपविनियम (१) मा जेसुकै लेखिएको भएता पनि ओ.टि.सि. बजारमा कारोबार गराउने अभिप्रायले कुनै पनि सूचीकृत कम्पनीको सूचीकरण खारेज गरिने छैन ।

**१०. कारोबार समय र स्थानः** (१) ओ.टि.सि. बजारमा दर्ता भएका धितोपत्रहरुको कारोबार धितोपत्र बजारले तोकेको समय र स्थानमा हुनेछ ।

(२) उपविनियम (१) मा उल्लेखित समय र स्थान धितोपत्र बजारले आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ ।

**११. कारोबार प्रक्रियाः** ओ.टि.सि. बजारमा दर्ता गरिएका धितोपत्रको करोबार निम्न प्रक्रियाबाट गरिने छ :

(१) धितोपत्र बिक्रीकर्ताले आफ्नो बिक्री गर्न चाहेको कम्पनीको धितोपत्र बिक्रीका लागि बिक्री आदेश तथा सम्बन्धित कम्पनीबाट दस्तखत प्रमाणित गरी वा गराई आवश्यक कागजात सहित बुझाउनु पर्नेछ ।

(२) प्राप्त बिक्री आदेश धितोपत्र बजारले क्रमानुसार दर्ता गर्नेछ ।

(३) धितोपत्र खरिदकर्ताले खरिद गर्न चाहेको कम्पनीको धितोपत्र खरिद आदेश भरी दर्ता गराउनु पर्नेछ ।

(४) धितोपत्र खरिदकर्ताले भरेको खरिद आदेशमा उल्लिखित धितोपत्रको संख्या तथा खरिद गर्न चाहेको मूल्यको दश प्रतिशत रकम धितोपत्र बजारले आवश्यकता अनुसार पेश्की स्वरुप बुझाउन लगाउन सक्नेछ ।

(५) प्राप्त खरिद बिक्री आदेशमा उल्लिखित कम्पनीको नाम तथा धितोपत्र संख्या लगानीकर्ताहरुको जानकारीका लागि मूल्य अंकित पाटी (प्राइस कोटिङ बोर्ड) मा उल्लेख गरिने छ ।

धितोपत्र बजारले प्राप्त खरिद/बिक्री आदेशको आधारमा दर्ताक्रम तथा मूल्यलाई आधार मानी मूल्य तथा संख्या बढाबढ वा घटाघट गर्नु पर्नेछ ।

(६) उपविनियम (५) मा उल्लिखित प्रक्रिया अनुसार मूल्य तथा संख्या मिलेमा कारोबार गराइनेछ ।

**१२. <u>ओ.टि.सि. बजारको कारोबार प्रक्रियामा नरहने :</u>** (१) धितोपत्र बजार अन्तर्गत दर्ता भई कारोबार हुँदै गरेको अवस्थामा यदि कुनै कम्पनीले सूचीकरणका लागि आवश्यक शर्तहरु पूरा गरेमा पुनः सूचीकरणका लागि आवेदन दिई सूचीकरण भएमा त्यस्ता सूचीकरण भएका धितोपत्रहरु यस बजारको कारोबारबाट स्वतः हट्नेछ ।

(२) उपविनियम (१) मा जेसुकै कुरा उल्लेख भएको भएता पनि आवेदन दिएको मिति देखि सूचीकरणको निर्णय कार्यान्वयन हुने अघिल्लो दिनसम्म धितोपत्र बजारमा कारोबार हुन सक्नेछ ।

(३) ओ.टि.सि. बजारमा कारोबार भइरहेका एक भन्दा बढी धितोपत्रहरु मध्ये कुनै एक वा सबै धितोपत्रहरु धितोपत्र बजारमा सूचीकरण भएमा ओ.टि.सि. प्रक्रियाबाट स्वतः हट्नेछ ।

**१३. <u>ओ.टि.सि. बजारमा गर्न नहुने कारोबारः</u>** देहायका धितोपत्रहरु धितोपत्र बजारद्वारा सञ्चालित ओ.टि.सि. बजार मार्फत कारोबार गराइने छैन :

(क) नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित नियकाहरुबा रोक्का गरिएका धितोपत्रहरु,

(ख) बैंक तथा वित्तीय संस्थाहरुले रोक्का गरेका धितोपत्रहरु,

(ग) सम्बन्धित कम्पनीहरुबाट रोक्का गरिएका धितोपत्रहरु,

(घ) नेपाल धितोपत्र बोर्ड तथा धितोपत्र बजारले रोक्का गरेका धितोपत्रहरु,

(ङ) धितोपत्र बजारका सूचीकृत धितोपत्ररु (लिस्टेड सेक्युरिटिज) ।

**१४. <u>नामसारी गर्नुपर्नेः</u>** (१) ओ.टि.सि. बजारमा कारोबार भई नामसारीका लागि पेश गरिएका धितोपत्रहरु सम्बन्धित कम्पनीले यथाशाक्य चाँडो नामसारी गरी ओ.टि.सि. बजारमा फिर्ता पठाउनु पर्नेछ ।

(२) कुनै लगानीकर्ताको स्वामित्वमा रहेको धितोपत्रको दस्तखत प्रमाणित गरे पश्चात कुनै निकायबाट रोक्काको लागि लेखिई आएमा सोको जानकारी धितोपत्र बजारलाई तुरुन्त गराउनु पर्नेछ ।

## परिच्छेद-३

## कारोबार राफसाफ प्रक्रिया

**१५. <u>कारोबार राफसाफ प्रक्रियाः</u>** (१) बिक्रीकर्ताले कारोबार राफसाफ तथा नामसारीका लागि अनुसूची-७ अनुसार दाखिल खारेजपत्र, अनुसूची-८ अनुसार धितोपत्र बिक्रेताले गरी दिने लिखत तथा धितोपत्रको प्रमाणपत्र तीन दिन भित्र तोकिएको शाखामा पेश गर्नु पर्नेछ ।

(२) खरिदकर्ताले खरिद गरेको धितोपत्रको हुन आउने रकम, नामसारी दस्तुर आदि तीन दिन भित्र तोकिएको बैंक खातामा जम्मा गरी तोकिएको शाखामा पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (२) र (३) बमोजिम रकम तथा कागजात प्राप्त भए पछि धितोपत्र बजारको ओ.टि.सि. बजारले प्राप्त कागजात तथा रकम भिडाई राफसाफ प्रक्रिया सम्पन्न गर्नु पर्नेछ ।

(४) खरिदकर्ताले कारोबार रकम बुझाउँदा धितोपत्र बजारले तोकेको बैंकमा विनियम १० को उपविनियम (४) अनुसार पेश्की रकम बुझाएको भए सो रकम कट्टा गरी बाँकी रकम बुझाउनु पर्नेछ ।

(५) प्राप्त कागजात तथा बैंक भौचरमा उल्लिखित रकम भिडेमा खरिदकर्ताबाट प्राप्त रकम मध्ये बिक्रेताले पाउनुपर्ने रकम धितोपत्र बजारद्वारा सञ्चालित ओ.टि.सि. बजारले हिसाब गरी पाँच दिनमा बैंक मार्फत भुक्तानी दिनेछ ।

(६) बिक्रीकर्ताबाट प्राप्त कागजातहरुमा खरिदकर्ताको दस्तखत गराई नामसारीका लागि सम्बन्धित कम्पनी वा तोकिएको संस्थामा पठाउनु पर्नेछ ।

**१६. <u>हस्तान्तरण गर्नुपर्नेः</u>** कम्पनीबाट नामसारी भई प्राप्त धितोपत्रको प्रमाणपत्र सम्बन्धित व्यक्ति वा निजले ईच्छाएको व्यक्तिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

**१७. <u>दस्तखत प्रमाणित गर्नुपर्नेः</u>** (१) ओ.टि.सि. बजारका धितोपत्रको कारोबार गर्नु अघि सम्बन्धित कम्पनीबाट अनिवार्य रुपमा दस्तखत प्रमाणित गराउनु पर्नेछ ।

(२) कुनै धितोपत्रको खरिद/बिक्री कारोबार रोक्का गरको भएमा सम्बन्धित कम्पनीले सो व्यहोरा जनाई दस्तखत प्रमाणित गर्नु हुनैन ।

(३) दस्तखत प्रमाणित पश्चात ओ.टि.सि. बजारमा कारोबार भएमा धितापत्रहरुको कारोबार प्रमाणित गरी धितोपत्र जारले कागजात तथा धितोपत्रको प्रमाणपत्र नामसारीका लागि पठाएमा सम्बन्धित कम्पनीले नामसारी गरिदिनु पर्नेछ ।

## परिच्छेद-४

## विविध

**१८. <u>धितोपत्र खरिद वा बिक्रीकर्ताले गर्न नहुने कामहरुः</u>** (१) कुनै पनि धितोपत्र खरिद वा बिक्रीकर्ताले देहायका कामहरु गर्नु हुँदैन :-

(क) कुनै कम्पनीको वास्तविक स्थिति ढाकछोप गरी आफ्नो स्वामित्वको धितोपत्र बढी मूल्यमा बिक्री गराउन आवञ्छनीय हल्ला फैलाउन,

(ख) लगानीकर्ताहरुलाई प्रलोभनमा पार्न,

(ग) कृत्रिम बजार श्रृजना गर्न,

(घ) लगानीकर्ताहरुको हित विपरित कार्य गर्न,

(ङ) सर्कुलर ट्रेडिङ्ग गरेर मूल्यमा अनावश्यक उतार-चढाव ल्याउन ।

(२) धितोपत्र सम्बन्धी ऐन, २०६३ मा गर्न नहुने भनी उल्लेख भएका कार्यहरु ।

**१९. कम्पनीको दायित्वः** देहाय बमोजिमको दायित्व कम्पनीहरुको हुनेछः

(क) मूल्यमा प्रभाव पार्ने कुनै निर्णय वा कार्य भएमा सोको जानकारी धितोपत्र बजारलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

(ख) कम्पनीको वार्षिक प्रतिवेदनमा वित्तीय विवरण परिवर्तन भएमा धितोपत्र बजारलाई तुरुन्त त्यस्तो परिवर्तका बारेमा जानकारी गराउनु पर्नेछ ।

(ग) कम्पनीले त्रैमासिक वित्तीय विवरण धितोपत्र बजारलाई ३० दिनभित्र पेश गर्नुपर्नेछ ।

(घ) ओ.टि.सि. बजारले दाखिला खारेजका लागि पठाएका धितोपत्रहरुको प्रमाणपत्रहरु यथाशाक्य चाँडो दाखिला खारेज गरी कम्पनीले फिर्ता पठाउनु पर्नेछ ।

(ङ) कुनै लगानीकर्ताले आफ्नो लगानी गरेको धितोपत्र एकीकरण वा टुक्र्याउन चाहेमा निजको निवेदनको आधारमा कम्पनीले धितोपत्रको प्रमाणपत्र एकीकरण वा टुक्र्याई दिनु पर्नेछ ।

**२०. सुचना दिनुपर्ने :** विनियम १९ मा जुनसुकै कुरा लेखिएको भएता पनि सूचिकरण खारेज भई स्वतः दर्ता गरिएका कम्पनीहरुले धितोपत्र बजारले समय समयमा माग गरे बमोजिम सूचना, विवरण तथा जानकारी उपलब्ध गराउनु पर्नेछ ।

## अनुसूची-१

(विनियम ४(१) सँग सम्बन्धित)

## आवेदन फाराम

## (सूचीकृत नभएका नयाँ कम्पनी दर्ताको लागि आवेदन पत्र)

मितिः.........................

श्री नेपाल धितोपत्र विनिमय बजार लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषयः दर्ता गराई दिने बारे ।**

महाशय,

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा विनियम अनुसार यस कम्पनीको धितोपत्र त्यस लि. मार्फत कारोबार हुन सक्ने गराउन सम्पूर्ण आवश्यक विवरण .भरी यो निवेदन पेश गरेका छौं । हाम्रो तल उल्लेख गरे बमोजिम धितोपत्र/डिबेन्चर अग्राधिकार धितोपत्र दर्ता गरी दिन हुन अनुरोध छ । साथै धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेको नियमावली तथा विनियमावली अनुसार गर्नुपर्ने कुराहरुको पालना गर्न यस कम्पनीलाई मन्जुर भएको व्यहोरा समेत अनुरोध छ ।

१.
२.
३.
४.
५.
६.

......................................

(महाप्रबनध्क/कार्यकारी प्रमुख)

कम्पनीको नामः .......................................

(क) धितोपत्रको किसिम अनुसार नाम, संस्था र रकम छुट्टाछुट्टै उल्लेख गर्ने ।
(ख) प्रत्येक कोलममा एकै किसिमको धितोपत्रहरु मात्र उल्लेख गर्ने ।

## अनुसूची-२

(विनियम ४(१) सँग सम्बन्धित)

### दर्ता गराउँदा सम्बन्धित कम्पनीले भर्नुपर्ने विवरण

१. कम्पनीको नामः
२. कुन ऐन अन्तर्गत स्थापना भएको हो
३. स्थापना मिति
४. कम्पनी रहेका स्थान
५. स्थापना हुँदा प्राईभेट लि. हो वा पब्लिक लि. कम्पनी हो
६. स्थापना हुँदा प्राईभेट लि. भएमा पब्लिक लि. कम्पनीमा परिणत भएको मिति
७. कम्पनी दर्ता ठेगाना
८. कारोबार हुने ईलाका
९. उद्देश्य र कार्यहरु

१०. अधिकृत पूँजीः

| क्र.सं. | धितोपत्रको किसिम | अंकित मूल्य | धितोपत्र संख्या | धितोपत्र रकम रु. |
|---|---|---|---|---|
| (क) | साधारण धितोपत्र | | | |
| (ख) | अग्राधिकार धितोपत्र | | | |
| (ग) | | | | |

११. निष्काशन पूँजी

| क्र.सं. | धितोपत्रको किसिम | अंकित मूल्य | धितोपत्र संख्या | धितोपत्र रकम रु |
|---|---|---|---|---|
| (क) | साधारण धितोपत्र | | | |
| (ख) | अग्राधिकार धितोपत्र | | | |
| (ग) | जम्मा निष्काशित धितोपत्र पूँजी | | | |
| | जम्मा | | | |

१२. कम्पनी स्थापना भए देखि पुर्नस्थापना संयुक्तिकरण वा धितोपत्र पूँजीमा घटी बढी गरेर परिवर्तन गरेको भए सो सम्बन्धी विवरण

१३. नामसारी दस्तुरः
(क) साधारण धितोपत्र/बोनस धितोपत्रः
(ख) अग्राधिकार धितोपत्रः
(ग) डिवेन्चरः

१४. एकीकरण/विभाजन शुल्क
(क) एकीकरणः
(ख) विभाजनः
(ग) नविकरण वा पुरानोको बदलामा नयाँ दिनु परेमा :

माथि उल्लिखित व्यहोराहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा प्रचलित नेपाल कानून बमोजिम व्यहोर्ने छु ।

.............................

(महाप्रबन्धक/प्रबन्धक)

## अनुसूची-३

(विनियम ४(१) सँग सम्बन्धित)

**दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरु**

१. कम्पनी सञ्चालनमा रहेको अन्तिम वर्षको वित्तीय विवरण ।

२. सूचीकरणका शर्तहरु पूरा नभएका वा सूचीकरण प्रक्रियामा नआएका कम्पनीको हकमा आगामी ३ वर्षको प्रक्षेपित वासलात तथा नाफा/नोक्सान हिसाबको विवरण ।

३. कम्पनीको सञ्चालकहरुको नाम, ठेगाना र उनीहरुको ग्रहण गरेको धितोपत्र संख्या ।

४. कम्पनीको दर्ता प्रमाणपत्र ।

५. कम्पनीको उद्देश्य तथा काम कारवाही देखिने कागजात ।

६. कर कार्यालय तथा अन्य निकायहरुमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

७. धितोपत्र प्रमाणपत्रको नमुना ।

८. व्यवसाय पुनः सञ्चालन गर्ने निर्णय वा सञ्चालनमा रहेका व्यवसायको धितोपत्र यस धितोपत्र बजार मार्फत कारोबार गराउने सम्बन्धमा सञ्चालक समतिलि गरेको निर्णय ।

९. कम्पनीको प्रबन्धपत्र तथा नियमावली ।

१०. धितोपत्र धनीहरुको विवरण ।

११. अन्य ।

## अनुसूची-४

(विनियम ७ सँग सम्बन्धित)

**कारोबार शुल्क**

नेपाल धितोपत्र बजार मार्फत खरिद वा बिक्री गर्दा खरिद वा बिक्रीकर्ताले बुझाउनुपर्ने शुल्क देहाय अनुसार हुनेछ ।

| कारोबार रकम | नेपाल धितोपत्र बोर्डलाई बुझाउनु पर्ने शुल्क | धितोपत्र बजारलाई बुझाउनुपर्ने शुल्क | नेपाल सरकारलाई बुझाउनु पर्ने पूँजीगत लाभकर |
|---|---|---|---|
| रु. २५०००/- सम्म | ०.०१५% | २.००% | बिक्रेता प्राकृतिक व्यक्ति भए पूँजीगत लाभकरको लागि १०% र बिक्रेता अप्राकृतिक व्यक्ति भए १५% |
| रु. २५,००१/- देखि ५,००,०००/- | ०.०१५% | १.५०% | |
| रु. ५,००,००१/- देखि माथि | ०.०१५% | १.००% | |

## अनुसूची-५
(विनियम ८ सँग सम्बन्धित)
**खरिद आदेश**

मितिः..................

श्री .......................

...............................

**विषयः खरिद गरी दिने बारे ।**

महाशय,

म हामीलाई ......................... कम्पनीको ....................... खरिद गर्ने इच्छा भएकोले आजका मिति देखि ....................... भित्र ................... कित्ता धितोपत्र ऋणपत्र अग्राधिकार धितोपत्र प्रति ................ रु. .................... का दरले खरिद गर्न आवश्यक व्यवस्था मिलाई दिन हुन अनुरोध गर्दछु, छौं ।

भवदीय
दस्तखतः
नाम, थरः
ठेगानाः
टेलिफोनः
बाबुको नाम, थरः
बाजेको नाम, थरः
नागरिकता नं.:
जारी मिति र स्थानः

## अनुसूची-६
(विनियम ८ सँग सम्बन्धित)
**बिक्री आदेश**

मितिः ....................

श्री ...............................

.......................................

**विषयः बिक्री गरिदिने बारे ।**

महाशय,

म/हामीलाई ........................... कम्पनीको ................. बिक्री गर्ने ईच्छा भएकोले आवश्यक कागजात सहित प्रमाणपत्र नं. ............ क्रम संख्या ............ देखि .................. सम्मको धितोपत्र/ऋणपत्र/अग्राधिकार धितोपत्र को ...................... कित्ता यसै साथ संलग्न गरी पेश गरको छु, छौं । कृपया ................... दिनभित्र प्रति धितोपत्र, ऋणपत्र/अग्राधिकार धितोपत्र रु. ......................... का दरले बिक्री गरी दिन हुन अनुरोध गर्दछु, छौं ।

भवदीय
दस्तखतः
नाम, थरः
ठेगानाः
टेलिफोनः
बाबुको नाम, थरः
बाजेको नाम, थरः
नागरिकताको प्र.प.नं.:
जारी मिति र स्थानः

## अनुसूची-७
(विनयम १५ (१) सँग सम्बन्धित)
धितोपत्र दाखिला खारेज आवेदन फाराम

श्री सञ्चालक समिति
...............................

**विषयः धितोपत्रमा हक कायम गरी दाखिला खारेज गरी पाउँ ।**

त्यस कम्पनीको धितोपत्रवाला श्री .............................. का नाममा दर्ता रहेका त्यस कम्पनीको रु. १००/- दरले चुक्ता मूल्य रु. ......................... को नं. ..................... देखि ................. नं. सम्मको धितोपत्र डिबेन्चर वापत प्राप्त हुने धितोपत्र ............. कित्ता आजका मितिमा रु. ................ मा निजले बिक्री गरेको हुँदा निजले आफ्नो हक छाडी म/हामीलाई बिक्री गरी सोको लिखत गरी दिएको र म/हामीले पनि धितोपत्र खरिद गरी त्यसमा हुने नाफा-नोक्सान व्यहोर्न कबुल गरेको हुनाले तत्सम्बन्धी लिखतको एक प्रति निस्सा र सोमा लाग्ने दस्तुर रु. ५/- समेत राखी यो दरखास्त दिन आएको छु, छौं । अतः उक्त धितोपत्र निजको नामबाट दाखिला खारेज गरी मेरो/हाम्रो नाममा हस्तान्तरण गराई पाउँ ।

भवदीय
धितोपत्र खरिदकर्ताका दस्तखतः
नामः
बाबुको नाम, थरः
बाजेको नाम, थरः
ठेगानाः ब्लक नं.: ........... टोलः .......................
न.पा./गा.वि.स.: .................. वडा नं.: .................
जिल्ला :....................
अञ्चलः ........................ पो.ब.नं.: .......................
फोन नं.: ..................

## अनुसूची-८
(विनियम १५ (१) सँग सम्बन्धित)
**धितोपत्र बिक्रेताले गरिदिने लिखत्**

लिखतम ......................... बस्ने ..................... आगे कसैको हक नलाग्ने कसैलाई कुनै व्यहोराले केही गरी नदिएको मेरो एकलौटी भोगको र मेरो स्वामित्वको ...................... कम्पनीको धितोपत्र कित्ता नं. .................... देखि कित्ता नं. ............. सम्मको जम्मा धितोपत्र कित्ता थान ........... धितोपत्र ........... प्रतिध धितोपत्र रु. .................... को दरले बिक्री गरी जम्मा रु. ............ बुझिलिई आजका मितिमा ................ बस्ने तपाई श्री ....................... ............ लाई आजकै मितिदेखि उक्त भोगचलन गर्न पाउने गरी यो राजीनामा लिखत गरिदिएँ । उक्त धितोपत्र कम्पनीमा पठाई धितोपत्र आफ्नो नामा नामसारी गराई भोग चलन गर्नुहोला । कथंकदाचित उक्त धितोपत्र तपाईको नाममा नामसारी हुन नसके वा कुनै कारणवश कच्चा ठहरे मैले बुझिलिएको रकम प्रचलित कानून बमोजिम घर घराना जायजेथाबाट असुल उपर गरी लिनु होला भनी मेरो मनोमान खुशी राजीसँग ..................... मा बसी यो लिखत गरिदिएँ ।
ईति सम्वत् ................ साल ................ महिना ........... गते रोज ................ शुभम् ।

बिक्रेताको दस्तखतः ..................
नामः .................................
बाबुको नाम, थरः .............................
बाजेको नाम, थरः ..................
ठेगानाः ....................................
साक्षीहरु
(१) ....................................................
(२) ......................................................

| दायाँ | बायाँ |
|---|---|
| | |
| औठाको छाप | |

❖❖❖

लागू मिति : २०६८/१०/०१
पहिलो संशोधन लागू मिति : २०६९/०९/२९
दोस्रो संशोधन लागू मिति : २०७३/११/१५
तेस्रो संशोधन लागू मिति : २०७५/०५/१९
चौथा संशोधन लागू मिति : २०७५/०६/१८
पाँचौ संशोधन लागू मिति : २०७६/०५/२०
छैठौं संशोधन लागू मिति : २०७७/०१/३०

# धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले देहायका विनियमहरु बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विनियमावलीको नाम "धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८" रहेको छ ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले सार्वजनिक सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ सम्झनु पर्छ ।

(घ) "विनियमावली" भन्नाले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ सम्झनुपर्छ ।

(ङ) "सिडिएससि" भन्नाले नियमावलीको नियम ७ बमोजिम बोर्डबाट अनुमतिपत्र प्राप्त संस्था सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले सिडिएससिको संचालक समिति सम्झनुपर्छ ।

(छ) "सम्झौता" भन्नाले सिडिएससि र निक्षेप सदस्य, निक्षेप सदस्य र हितग्राही, सिडिएससि र निष्काशनकर्ता, निक्षेप सदस्य र दलाल, सिडिएससि, निष्काशनकर्ता र रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि, सिडिएससि र अन्य पक्ष बीच केन्द्रीय निक्षेप सेवा सम्बन्धमा यस विनियमावली बमोजिम भएको सम्झौता सम्झनु पर्छ ।

(ज) "रजिष्ट्रार" भन्नाले मर्चेन्ट बैंकरको अनुमति प्राप्त शेयर रजिष्ट्रार वा धितोपत्र निष्काशन गर्ने संगठित संस्थाको रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि सम्झनुपर्छ।

(झ) "संस्थागत गतिविधि" भन्नाले निष्काशनकर्ताले दर्ता किताब बन्द गर्ने, साधारण सभाको मिति, अवधि पुरा गरेका धितोपत्रहरु बापत फिर्ता भुक्तानी गर्ने मिति, परिवर्तनिय विशेषता भएको ऋणपत्र तथा अधिकारपत्रको फेरबदल गर्ने मिति, लाभांश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र जारी तथा भुक्तानी गर्ने मिति, प्रिमियमको फिर्ता भुक्तानी मिति साथै समय समयमा गर्ने अन्य यस्तै गतिविधि सम्झनु पर्छ।

(ञ) "संस्थागत लाभ" भन्नाले हितग्राहीलाई निष्काशनकर्ताको तर्फबाट हितग्राहीले लिएको धितोपत्र बापत समय समयमा प्राप्त हुने लाभ सम्झनु पर्छ र यस शब्दले लाभांश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र, प्रिमियमको फिर्ता भुक्तानी तथा अन्य लाभलाई समेत सम्झनु पर्छ ।

(ट) "बाह्य बजार कारोबार" भन्नाले धितोपत्र बजारको खरिद बिक्री भन्दा बाहिर कारोबार भै दुई पक्ष बीच सम्पन्न हस्तान्तरणलाई सम्झनु पर्छ ।

(ठ) "रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि" भन्नाले कुनै पनि संगठित संस्थाको तर्फबाट सो संस्थाले निष्काशन गरेका धितोपत्र तथा धितोपत्र धनीहरुको अभिलेख राखी धितोपत्र हस्तान्तरण तथा फिर्ता भुक्तानी लगायतका कार्य गर्ने व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ।

(ड) "निर्देशन पुर्जी" भन्नाले सिडिएससिमा खाता खोलेका व्यक्ति वा संस्थाले आफ्नो खातामा धितोपत्र जम्मा गर्न (क्रेडिट) वा आफ्नो खाताबाट धितोपत्र घटाउन (डेबिट) दिईने आदेशलाई सम्झनु पर्छ ।

(ढ) "अभौतिकीकरण" भन्नाले कागजी अवस्थामा रहेको भौतिक धितोपत्रलाई विद्युतीय प्रणालीमा अभिलेख राखिने (डिम्याट्) कार्यलाई सम्झनु पर्छ।

(ण) "भौतिकीकरण" भन्नाले विद्युतीय प्रणालीमा राखिएको धितोपत्रको अभिलेखलाई कागजी अवस्थामा परिवर्तन गर्ने (रिम्याट्) कार्यलाई सम्झनु पर्छ ।

(त) "पूर्व भुक्तान खाता" भन्नाले राफसाफका लागि प्राप्त धितोपत्रहरु राफसाफका लागि तोकिएको समय अगावै जम्मा गर्न सकिने गरी धितोपत्र दलालको नाममा खोलिएको खातालाई सम्झनु पर्छ ।

(थ) "अस्थायी राफसाफ खाता" भन्नाले कुनै कारणले राफसाफका लागि तोकिएको समयावधी भित्र राफसाफ हुन नसकेको अवस्थामा अस्थायीरुपमा धितोपत्र जम्मा गर्ने प्रयोजनको लागि निक्षेप सदस्यले धितोपत्र दलालका लागि राफसाफ खाता खोल्दा खोलिदिने छुट्टै खातालाई सम्झनु पर्छ ।

(२) उपविनियम (१) मा परिभाषित भएको बाहेकका यस विनियमावलीमा प्रयोग भएका अन्य शब्दहरुको अर्थ सम्बन्धित ऐन, नियमहरुमा परिभाषा भए बमोजिम हुनेछ।

## परिच्छेद-२

## धितोपत्र निक्षेप सम्बन्धी व्यवस्था

३. **धितोपत्र अभौतिक स्वरुपमा राख्नका लागि निवेदन पेश गर्नु पर्ने :** (१) बोर्डमा धितोपत्र दर्ता गरेका संगठित संस्थाले आफुले जारी गरेको धितोपत्रको अभौतिकीकरण प्रयोजनका लागि अनुसूची-१को ढाँचामाअनुसूची-२ बमोजिमको शुल्क सहित निवेदन पेश गर्नुपर्नेछ ।

(२) निवेदनका साथ देहायका कागजात तथा विवरण समेत पेश गर्नुपर्नेछ ।

(क) बोर्डमा धितोपत्र दर्ता भएको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि,

(ख) संगठित संस्था दर्ता प्रमाणपत्र तथा व्यवसाय संचालन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि,

(ग) कम्पनीको प्रबन्धपत्र नियमावलीको प्रमाणित प्रतिलिपि,

(घ) विशेष ऐनद्वारा स्थापित संगठित संस्थाहरुको हकमा ऐन तथा नियमावलीको प्रतिलिपि,

(ङ) कम्पनीका संचालक,कार्यकारी प्रमुख तथा कम्पनी सचिवहरुको नाम, ठेगाना,योग्यता तथा अनुभवसम्बन्धी विवरण,

(च) धितोपत्र बजारमा सूचीकरण भएको भए सो सम्बन्धी सम्झौतापत्रको प्रमाणित प्रतिलिपि,

(छ) शेयर रजिष्ट्रार नियुक्त गरेको भए सो सम्बन्धी सम्झौतापत्रको प्रमाणीत प्रतिलिपि,

(३) उपविनियम (१) बमोजिम प्राप्त निवेदन उपर सिडिएससिले आवश्यक जाँचबुझ गर्नेछ । यसरी जाँचबुझ गर्दा आवश्यक भए सिडिएससिले कुनै कागजात, विवरण वा जानकारी बारे स्पष्ट गर्न लगाउने तथा थप कागजात तथा विवरण माग गर्न सक्नेछ ।

(४) उपविनियम (३) बमोजिम जाँचबुझ गरी सिडिएससि सन्तुष्ट भएमा निवेदकसँग अनुसुची-२ बमोजिमको दर्ता शुल्क लिई अनुसूची-३ बमोजिम दर्ता सम्झौता गर्नेछ ।

(५) सिडिएससिले संगठित संस्थासँग सम्झौता गर्नु अघि उक्त संगठित संस्था वा सम्बन्धित रजिष्ट्रारलाई सिडिएससिको प्रणाली मार्फत कारोबार गर्नका लागि पर्याप्त हार्डवेयर र सफ्टवेयरको व्यवस्था गर्न लगाउनु पर्नेछ ।

[१](६) यस विनियमावलीमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि एक पटक धितोपत्र अभौतिकीकरण गराईसकेको संस्थाले भविष्यमा कुनै धितोपत्र अभौतिकीकरण गराउनु पर्ने भएमा उक्त संस्थाले पहिले पेश गरेका विवरण तथा कागजातमा कुनै परिवर्तन भएमा सो परिवर्तन भएको विवरण तथा कागजात मात्र पेश गर्न सक्नेछ ।

---

१ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

४. **वार्षिक शुल्क बुझाउनुपर्नेः** वनियम ३ बमोजिम धितोपत्र अभौतिकिकरण गराएका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र अनुसूची-२बमोजिमको वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

५. **शेयर रजिष्ट्रार सिडिएससिमा दर्ता हुनेः** संगठित संस्थाले शेयर रजिष्ट्रार नियुक्त गरेको भए सो रजिष्ट्रार कम्पनी सिडिएससिमा अनुसूची-२६ बमोजिम सम्झौता गरी दर्ता भएको हुनु पर्नेछ ।

६. **वार्षिक जडान तथा मर्मत शुल्कः** संगठित संस्थाले अनुसूची-२१ बमोजिम वार्षिक सफ्टवेयर जडान तथा मर्मतशुल्कबुझाउनु पर्नेछ ।

[२]७. **संगठित संस्थाको नाम, ठेगाना तथा शेयर रजिष्ट्रार परिवर्तन भएमा :** संगठित संस्थाको नाम, ठेगाना परिवर्तन भएमा तथा शेयर रजिष्ट्रार कम्पनी परिवर्तन भएमा संगठित संस्थाले सोको जानकारी ३(तीन) कार्य दिन भित्र सिडिएससिलाई दिनु पर्नेछ ।

८. **सरकारी धितोपत्र सम्बन्धी व्यवस्थाः** (१) सिडिएससिले सरकारी धितोपत्रको समेत अभौतिकीकरण गरी कारोबार राफसाफ तथा नामसारी गर्ने सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(२) यस विनियमावलीमा जुनसुकै कुरा उल्लेख भएको भए तापनि सरकारी धितोपत्रको हकमा दर्ता शुल्क तथा वार्षिक शुल्क लाग्ने छैन ।

९. **दर्ता सम्झौता खारेजः** (१) देहायको अवस्थामा सिडिएससिले विनियम ३ को उपविनियम (४) बमोजिम भएको दर्ता सम्झौता खारेज गर्न सक्नेछ,

(क) संगठित संस्था वा यसको रजिष्ट्रारले सिडिएससिसँग भएको सम्झौतामा उल्लेख भएका शर्तहरुको पालना नगरेमा,

(ख) वार्षिक शुल्क नबुझाएमा ।

(२) उपविनियम (१) बमोजिम दर्ता सम्झौता खारेज गर्दा सिडिएससिले यसरी दर्ता खारेज गर्नु पूर्व सम्बन्धित संगठित संस्थालाई स्पष्टिकरण दिने तथा सुनुवाईको मौका दिनेछ ।

[३](३) यसविनियम बमोजिम दर्ता सम्झौता खारेज भएको सम्बन्धमा सिडिएससिले बोर्ड, धितोपत्र बजार, सम्बन्धित निष्काशनकर्ता, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि, हितग्राही तथा अन्य निक्षेप सदस्यहरुलाई सूचना दिनेछ ।

## परिच्छेद-३

## निक्षेप सदस्य सम्बन्धी व्यवस्था

१०. **निक्षेप सदस्यले निवेदन दिनुपर्नेः** [४](१) सिडिएससिको सदस्यता प्राप्त गर्नका लागि बोर्डबाट नियमावलीको नियम २१ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) निवेदनसाथ देहायका कागजात तथा विवरण संलग्न गर्नुपर्नेछ ।

---

२ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

३ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

४ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

(क) संचालक र कार्यकारी प्रमुखको सम्बन्धमा अनुसूची-६ बमोजिम विवरण,

(ख) अनुसूची-७ बमोजिमको विवरण तथा कागजात,

(ग) निक्षेप सदस्य कम्पनीको संस्थापकका सम्बन्धमा अनुसूची-८ बमोजिम विवरण तथा कागजात,

(घ) बोर्डमा दर्ता भएको प्रमाणपत्र ।

**११. निवेदन उपर जाँचबुझः** (१) विनियम १० बमोजिम निवेदन प्राप्त भए पछि सिडिएससिले त्यस्तो निवेदन र निवेदन साथ प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम जाँचबुझ गर्दा सिडिएससिले कुनै कागजात, थप विवरण वा जानकारी बारे स्पष्ट हुन चाहेमा निवेदक कम्पनी वा संगठित संस्थासँग त्यस्तो कागजात, थप विवरण वा जानकारी माग गर्न वा स्पष्ट गर्न निर्देशन दिन सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम जाँचबुझ पश्चात् सिडिएससिले निवेदकलाई कारोबारका लागि आवश्यक पूर्वाधार तयार गर्नका लागि सूचित गर्नेछ ।

**१२. पूर्वाधार तयार गर्नुपर्ने:** (१) विनियम ११ बमोजिम सिडिएससिले पूवार्धार तयार गर्न निर्देशन दिएको २ महिनाभित्र निवेदकले आवश्यक पूर्वाधार तयार गरी सिडिएससिलाई जानकारी गराउनुपर्नेछ ।

(२) उपविनियम (१) मा उल्लेख भएको अवधीभित्र पुर्वाधार तयार गर्न नसकि थप समयावधी माग गरेमा सिडिएससिले निवेदकलाई बढीमा एक महिनासम्मको अवधि थप गरिदिन सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम थप भएको अवधि भित्र समेत पूर्वाधार तयार गर्न नसकेको अवस्थामा सिडिएससिले निवेदन खारेज गर्नेछ र सो को जानकारी बोर्डलाई समेत दिनेछ ।

**१३. पूर्वाधारको निरीक्षणः** (१) विनियम १२ बमोजिमको जानकारी प्राप्त भएको बढीमा पन्ध्र दिन भित्र सिडिएससिले पूर्वाधारको स्थलगत निरीक्षण गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सिडिएससिले निरीक्षण गर्दा पुर्वाधारको सम्बन्धमा भएको व्यवस्था अपर्याप्त देखिएमा थप गर्नुपर्ने व्यवस्थाहरु समेत तोकी बढीमा तीस दिनको समय दिन सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम तोकिएको थप समयावधी भित्र आवश्यक पूर्वाधारको व्यवस्था गरी सिडिएससि समक्ष जानकारी गराउनुपर्नेछ ।

**१४. सदस्यता दिने:** निवेदकले निवेदनसाथ पेश गरेको विवरण तथा कागजात र पूर्वाधारहरुको निरीक्षणबाट निक्षेप सदस्यता दिन उपयुक्त देखिएमा निवेदकसँग अनुसूची-९ बमोजिमको सम्झौता गरी अनुसूची-५ बमोजिमको सदस्यता दस्तुर लिई अनुसूची-१०बमोजिमको ढाँचामा निक्षेप सदस्यता प्रदान गर्नेछ ।

**१५. सदस्यताको नवीकरणः** निक्षेप सदस्यले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र अनुसूची-५ बमोजिमको वार्षिक शुल्क सहित अनुसूची-११ बमोजिमको ढाँचामा सिडिएससि समक्ष निवेदन दिई सदस्यता नवीकरण गराउनु पर्नेछ ।

**१६. <u>सेवा शुल्क सम्बन्धी व्यवस्थाः</u>** (१) निक्षेप सदस्यले धितोपत्र कारोबार सँग सम्बन्धित सेवा उपलब्ध गराए बापत हितग्राहीबाट अनुसूची-१४ बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

(२) निक्षेप सदस्यले सेवा शुल्क बापत प्रत्येक महिना प्राप्त गरेको शुल्कको हिसाब गरी यस विनियमावली बमोजिम सिडिएससिलाई बुझाउनु पर्ने रकम महिना समाप्त भएको पन्ध्र दिन भित्र सिडिएससिलाई बुझाउनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको अवधि भित्र सिडिएससिलाई बुझाउनु पर्ने रकम नबुझाएमा निक्षेप सदस्यले त्यस्तो रकमको भुक्तानी वार्षिक दश प्रतिशतका दरले थप गरी छ महिनासम्ममा गर्नुपर्नेछ र उक्त समयावधिमा समेत नबुझाएमा निक्षेप सदस्यलाई विनियम ३६ बमोजिमको कारवाही गर्न सकिनेछ ।

**१७. <u>नगद धरौटी राख्नु पर्नेः</u>** (१) निक्षेप सदस्यले आफ्नो कारोबार सुरु गर्नु अगाडि सिडिएससिमा एक लाख रुपैयाँ नगद धरौटि राख्नु पर्नेछ ।

[५](२) निक्षेप सदस्यले उपविनियम (१) मा तोकिएको भन्दा थप धरौटी राख्नु पर्ने गरी सिडिएससिले तोकेमा त्यस्तो थप धरौटी बैंक ग्यारेण्टीको रुपमा समेत राख्न सक्नेछ ।

**१८. <u>धितोपत्र निक्षेप सिमा :</u>** [६](१) निक्षेप सदस्यले निक्षेप व्यवस्थापन गरेको हितग्राहीको धितोपत्रको बजार मूल्य आफ्नो खुद सम्पत्ति मूल्यको पाँच सय गुणा भन्दा बढी हुने छैन ।

(२) कुनै निक्षेप सदस्यको धितोपत्रको निक्षेप सिमा उपविनियम (१) मा तोकेको भन्दा बढी हुन गएमा उक्त निक्षेप सदस्यले सो को जानकारी सिडिएससिलाई गराई आवश्यक खुद सम्पत्तिको व्यवस्था नभएसम्मका लागि सिडिएससिमा नगद धरौटी राखी कार्य संचालन गर्न सक्नेछ ।

(३) कुनै निक्षेप सदस्यले उपविनियम (२) मा उल्लेख भए बमोजिमको धरौटी राख्न नसक्ने अवस्था आएमा सिडिएससिले उक्त निक्षेप सदस्यको पोर्टफोलियोमा उपविनियम (१) मा तोकिएको सिमा भन्दा बढी रहेको हितग्राहीको धितोपत्र अन्य निक्षेप सदस्यसँग रहेको हितग्राही खातामा सार्न लगाउन निर्देशन दिनेछ र यसरी दिएको निर्देशन सम्बन्धित निक्षेप सदस्यले तत्काल कार्यान्वयन गर्नुपर्नेछ ।

**१९. <u>शाखा कार्यालयः</u>** (१) निक्षेप सदस्य कम्पनीले सिडिएससिको स्वीकृति लिई आवश्यकता अनुसार नेपाल भित्र शाखा कार्यालय खोल्न सक्नेछ ।

(२) सम्पर्क कार्यालय आवश्यक परेमा निक्षेप सदस्यलाई योग्यता तथा शर्त तोकि सम्पर्क कार्यालय खोल्न स्वीकृति दिन सक्नेछ ।

(३) यस विनियम बमोजिम निक्षेप सदस्यलाई शाखा वा सम्पर्क कार्यलय खोल्न दिएको स्वीकृतीको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

---

५ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा थप

६ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधित

## परिच्छेद-४
## खाता सम्बन्धी व्यवस्था

२०. **<u>हितग्राहीले खाता खोल्न निवेदन दिनुपर्नेः</u>** (१) यस विनियम बमोजिम हितग्राहीले सिडिएससिमा खाता खोल्नका लागि निक्षेप सदस्यसमक्ष अनुसूची-१२ वा अनुसूची-१३ को ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) निवेदनका साथ देहाय बमोजिमको विवरण तथा कागजात पेश गर्नुपर्नेछ,

[७](२क) निवेदनमा विवरण उल्लेख गर्दा बैंक विवरणमा “क” वर्गको वाणिज्य बैंकमा रहेको खाता नम्बर उल्लेख गर्नु पर्नेछ,

(क) अनुसूची-१२ वा अनुसूची-१३ बमोजिमको वैयक्तिक वा संस्थागत विवरण,

(ख) निवेदक प्राकृतिक व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्र वा गैर आवासीय नेपालीको हकमा सो को परिचय पत्र

(ग) निवेदक कम्पनी वा संस्था भएमा  दर्ता प्रमाणको प्रतिलिपि,

(घ) निवेदककम्पनी वा संस्था भएमा खाता संचालनका लागि अख्तियारनामा,

(ङ) निवेदक कम्पनी वा संस्थाको संचालक समितिको निर्णय,

(च) हितग्राही नाबालक भएमा संरक्षकत्व खुल्ने कागजात ।

(३) प्राप्त निवेदनको जाँचबुझ गरी निक्षेप सदस्यले अनुसूची-१४ बमोजिमको खाता खोल्ने शुल्क लिई खाता खोलिदिनुपर्नेछ र खाता खोल्दाअनुसूची-१५बमोजिमको सम्झौता गर्नुपर्नेछ ।

(४) उपविनियम (३) बमोजिमको खाता खोल्नु अघि निक्षेप सदस्यले सम्बन्धित हितग्राहीको आवश्यक विवरण केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ र यसरी प्रविष्टि गरिसकेपछि प्रणालीबाट उत्पन्न हुने हितग्राही खाता नम्बर सम्बन्धित हितग्राहीलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) निक्षेप सदस्यले प्रत्येक हितग्राहीको नाममा छुट्टा छुट्टै खाता खोली प्रत्येक खाताको छुट्टा छुट्टै व्यवस्थापन गर्नु पर्नेछ र प्रत्येक हितग्राहीको धितोपत्रलाई अन्य हितग्राही वा निक्षेप सदस्य वा आफ्नै धितोपत्रसँग नमिसाई राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(६) संयुक्तरुपमा धितोपत्र ग्रहण गरेको अवस्थामा धितोपत्रधनीहरुको सम्झौताको आधारमा कुनै एक धितोपत्र धनीको नाममा खाता खोली अभौतिकीकरण गर्न सकिनेछ ।

(७) निक्षेप सदस्यले आफ्नो लागि समेत यस विनियम बमोजिमको हितग्राही खाता खोल्न सक्नेछ ।

[८](८) हितग्राहीले आफ्नो खातामा भएको कारोबारको जानकारी अनलाईन मार्फत् हेर्ने सुविधा लिन चाहेमा वार्षिक रुपमा पचास रुपैयाँ शुल्क भुक्तानी गरी सिडिएससिले निक्षेप सदस्यलाई व्यवस्था गरेको सफ्टवेयर मार्फत् त्यस्तो सुविधा लिन सक्नेछ ।

---

७ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

८ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

[९]तर सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले बोर्डलाई पूर्वजानकारी दिई विशेष परिस्थिति वा विशेष अवसरमा हितग्राहिले आफ्नो हितग्राहि खाताको अनलाईन सुविधा लिए वापत लाग्ने शुल्कमा आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

[१०](९) उपविनियम (८) बमोजिम हितग्राहीले भुक्तान गरेको शुल्कको पचास प्रतिशत रकम निक्षेप सदस्यले सिडिएससिलाई बुझाउनु पर्नेछ ।

[११](१०) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विशेष परिस्थिति वा विशेष अवसरमा निक्षेप सदस्यले हितग्राहि खाता खोल्दा अनुसुची–१४ बमोजिम लाग्ने शुल्कमा आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

**२१. राफसाफ खाता सम्बन्धी व्यवस्था :** (१) धितोपत्र बजारमा कारोबार गर्ने सदस्यदलाल, बजार निर्माताले अभौतिक रुपमा रहेका धितोपत्रहरुको राफसाफ प्रयोजनका लागि कुनै एक निक्षेप सदस्य मार्फत् राफसाफ खाता खोल्नु पर्नेछ,

(२) उपनियम (१) बमोजिम खाता खोल्दा निवेदन साथ देहाय बमोजिमको विवरण तथा कागजात पेश गर्नु पर्नेछ,

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बोर्डबाट प्राप्त अनुमतिपत्रको प्रमाणित प्रतिलिपि,

(ग) खाता संचालनको अख्तियारनामा,

(घ) संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) धितोपत्र बजारबाट प्राप्त सदस्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(३) प्राप्त निवेदनको जाँचबुझ गरी निक्षेप सदस्यले अनुसूची- १४ बमोजिमको खाता खोल्ने शुल्क लिई अनुसूची- २२ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

(४) राफसाफ खाता खोल्दा निक्षेप सदस्यले धितोपत्र दलाल, बजार निर्माताको लागि अस्थायी राफसाफ खाता समेत खोलिदिनु पर्नेछ ।

(५) धितोपत्र दलाल, बजार निर्माता आफैं निक्षेप सदस्य रहेको अवस्थामा उक्त धितोपत्र दलाल, बजार निर्माताले कारोबार राफसाफ प्रयोजनका लागि स्वयंले आफ्नै नाममा राफसाफ खाता खोली कार्य गर्न सक्नेछ ।

(६) सिडिएससिले राफसाफ प्रयोजनका लागि प्रत्येक धितोपत्र दलाल, बजार निर्माताका लागि पूर्व भुक्तान खाता (Early Pay-in Account) खोलिदिन सक्नेछ ।

(७) राफसाफ खाता खोलेको जानकारी निक्षेप सदस्यले सम्बन्धित धितोपत्र बजार तथा सिडिएससिलाई दिनु पर्नेछ ।

(८) विनियम बमोजिम राफसाफ प्रयोजनका लागि धितोपत्र दलाल, बजार निर्माताले एक भन्दा बढी खाता खोल्न सक्ने छैन ।

(९) सिडिएससिले राफसाफ प्रयोजनका लागि आवश्यकता अनुसार आफ्नो नाममा एक वा एक भन्दा बढी खाता खोल्न सक्नेछ ।

---

९ धितोपत्र केन्द्रीय निक्षेप सेवा (छैठौ संशोधन) विनियमावली, २०७७ द्वारा थप

१० धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

११ धितोपत्र केन्द्रीय निक्षेप सेवा (चौथो संशोधन) विनियमावली, २०७५ द्वारा थप

[12]**२१क. <u>मार्जिन कारोबार राफसाफ हितग्राही खाता सम्बन्धी व्यवस्था</u>** : (१) सिडिएससिले मार्जिन कारोबार राफसाफ प्रयोजनको लागि हितग्राही खाता सम्बन्धी व्यवस्था गरी धितोपत्र बजार, निक्षेप सदस्य र राफसाफ सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको व्यवस्था पश्चात राफसाफ सदस्यले मार्जिन कारोबार राफसाफ प्रयोजनका लागि कुनै निक्षेप सदस्य मार्फत मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम खाता खोल्दा अनुसूची–१३ को ढाँचामा अनुसूची–१४ बमोजिमको शुल्क सहित देहाय बमोजिम विवरण तथा कागजातका साथ निक्षेप सदस्यकोमा अनुसूची–२८ बमोजिमको निवेदन दिनु पर्नेछ ।

(क) धितोपत्र बजारबाट मार्जिन कारोबारकोलागि प्राप्त अनुमतिको प्रतिलिपि,

(ख) सिडिएससिबाट प्राप्त निक्षेप सदस्यताको प्रतिलिपि,

(ग) राफसाफ सदस्यको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

(४) उपविनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि निक्षेप सदस्यले राफसाफ सदस्यको मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोली सोको जानकारी सिडिएससिलाई दिनु पर्नेछ ।

(५) मार्जिन कारोबार गर्ने लगानीकर्ताले मार्जिन कारोबार राफसाफ प्रयोजनको लागि हितग्राही खाता खोल्दा अनुसूची-१४ बमोजिमको शुल्क तथा देहायको कागजातसहित निक्षेप सदस्यकोमा निवेदन दिनुपर्ने छ :-

(क) राफसाफ सदस्यको सिफारिश पत्र,

(ख) अनुसूची–१२ बमोजिमको निवेदन,

(ग) मार्जिन कारोबार सम्बन्धमा राफसाफ सदस्य र लगानीकर्ता बीचमा भएको सम्झौतापत्रको प्रतिलिपि,

(६) उपविनियम (५) बमोजिम निवेदन प्राप्त भएपछि निक्षेप सदस्यले मार्जिन कारोबार गर्ने लगानीकर्ताको हितग्राही खाता खोली राफसाफ सदस्यको मार्जिन कारोबार राफसाफ हितग्राही खातासंग आवद्ध गरी सोको जानकारी सिडिएससि र सम्बन्धित राफसाफ सदस्यलाई दिनुपर्नेछ ।

**२२. <u>अभौतिकीकरणका लागि निवेदन दिनुपर्नेः</u>** (१) हितग्राहीले आफुसँग भौतिक रुपमा रहेको धितोपत्रको अभौतिकीकरणका लागि अनुसूची-१६ को ढाँचामा अभौतिकीकरण गर्नुपर्ने धितोपत्रको प्रमाणपत्र सहित आफ्नो निक्षेप खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

(२) निक्षेप सदस्यले उपविनियम (१) बमोजिम निवेदन साथ प्राप्त भएको धितोपत्रको विवरण उल्लेख गरी सो को निस्सा निवेदकलाई दिनुपर्नेछ ।

(३) निक्षेप सदस्यले उपविनियम (१) बमोजिम प्राप्त निवेदन आवश्यक जाँचबुझ गरी

---

१२ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पाँचौ संशोधन) विनियमावली, २०७६ द्वारा थप

निक्षेप प्रणालीमा निवेदन बमोजिमको धितोपत्रको विवरण प्रविष्टि गरी प्रत्येक भौतिक प्रमाणपत्रको अग्रपृष्ठमा "अभौतिकीकरणको लागि सुम्पेको (SURRENDER FOR DEMATERIALIZATION)" शब्द उल्लेख भएको मिति सहितको छाप लगाई निवेदन प्राप्त भएको ७ (सात) कार्यदिन भित्र निवेदन तथा कागजात सम्बन्धित संगठित संस्था वा रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि समक्ष पठाउनु पर्नेछ ।

(४) सम्बन्धित संगठित संस्था वा रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले निक्षेप सदस्यबाट उपविनियम (३) बमोजिमको निवेदन प्राप्त भएको तीन कार्यदिन भित्र निवेदनसाथ प्राप्त कागजात तथा धितोपत्र प्रमाणपत्रको जाँचबुझ गरी अभौतिकीकरण गर्न योग्य भएमा अभौतिकीकरणका लागि स्वीकृत गरी सो को जानकारी निक्षेप सदस्यलाई दिनेछ ।

(५) निक्षेप सदस्यले उपविनियम (४) बमोजिम अभौतिकीकरण भएको धितोपत्र सम्बन्धित निवेदकको खातामा जम्मा गरी सो को विवरण (स्टेटमेण्ट) सहितको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

(६) सम्बन्धित संगठित संस्था वा रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले उपविनियम (४) बमोजिम जाँचबुझ गर्दा धितोपत्र अभौतिकीकरणको लागि योग्य नदेखिएमा सो को कारण खुलाई निक्षेप सदस्यलाई जानकारी दिनुपर्नेछ र सो जानकारी निक्षेप सदस्यले सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

[१३](६क) कुनै संगठित संस्था वा रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि वा निक्षेप सदस्यले पद्धतिमा गलत प्रविष्ट गरेको विवरण रुजु र प्रमाणित गरी सो सच्याउनका लागि सिडिएससिमा गलत प्रविष्टी र सच्याउनु पर्ने विवरण उल्लेख गरी निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन प्राप्त भएमा सिडिएससिले त्यस्तो निवेदन जाँचबुझ गर्दा सही ठहरिएमा प्रति संशोधन एक सय रुपैयाँ शुल्क लिई त्रुटी सच्याउनको लागि सहमति दिन सक्नेछ ।

**२३. <u>धितोपत्रको अभौतिक रुपमा बाँडफाँटः</u>** [१४](१) निष्काशन तथा बिक्री प्रबन्धकले संगठित संस्थाको धितोपत्रको सार्वजनिक तथा अन्य निष्काशन गर्ने क्रममा आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही खाता नम्बर तथा विवरण रुजु गर्ने प्रयोजनका लागि सो सम्बन्धी विवरण सहित अनुसूची-२१ को बुँदा नं. (३) बमोजिमको प्रारम्भिक निष्काशन प्रमाणित शुल्क सहितसिडिएससिलाई अनुरोध गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम अनुरोध प्राप्त भएमा सिडिएससिले सम्बन्धित हितग्राहीको खाता नम्बर तथा विवरण निष्काशन तथा बिक्री प्रबन्धकलाई उपलब्ध गराउनेछ ।

[१५](३) संगठित संस्थाबाट कुनै हितग्राहीको नाममा अभौतिक रुपमा धितोपत्र बाँडफाँड

---

१३ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

१४ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

१५ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

भएको जानकारी सिडिएससिमा प्राप्त भएमा सो संगठित संस्थाबाट सिडिएससिले अनुसूची-२१ को बुँदा नं(४ ) बमोजिमको प्रारम्भिक निष्काशन प्रमाणित शुल्क लिई सम्बन्धित हितग्राहीको खातामा त्यस्तो धितोपत्र जम्मा गरिदिनेछ र सो को जानकारी सम्बन्धित निक्षेप सदस्यलाई दिनेछ ।

(४) सिडिएससिले उपविनियम (३) बमोजिम अभौतिक रुपमा बाँडफाँट भएको धितोपत्रका सम्बन्धमा त्यस्तो हितग्राहीको परिचय एवं अस्तित्व स्थापित गर्न नसकेमा त्यस्तो अनुरोध इन्कार गरी सो को जानकारी सम्बन्धित संगठित संस्थालाई दिनेछ ।

[१६](५) संगठित संस्थाले कुनै संस्थागत लाभ हितग्राहीको खातामा वितरण गर्दा सिडिएससिले अनुसूची-२१ बमोजिमको संस्थागत लाभ शुल्क लिई संगठित संस्थाले प्रविष्टी गरेको विवरण रुजु गरी स्वीकृत गर्नेछ ।

[१७](६) निष्काशनकर्ताले जारी गर्ने हकप्रद तथा बोनस शेयर अभौतिकृत रुपमा सोझै हितग्राहीको खातामा प्रदान गर्न, प्राथमिक निष्काशन अभौतिक रुपमा जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकलाई आवेदकको व्यक्तिगत विवरण तथा हितग्राही खाता नम्बर सजिलै उपलब्ध गराउन तथा रुजु गर्न सिडिएससिले उपलब्ध गराएको सफ्टवेयर अनुसूची-२१ बमोजिमको शुल्क तिरी प्रयोग गर्न सक्नेछ ।

**२४. <u>पुनःभौतिकीकरणका लागि निवेदन दिनुपर्नेः</u>** (१) हितग्राहीले आफ्नो खातामा अभौतिक रुपमा रहेको सम्पूर्ण वा आंशिक धितोपत्रको पुनःभौतिकीकरण गर्न चाहेमा अनुसूची-१७ को ढाँचामा अनुसूची-१४ बमोजिमको पुनःभौतिकीकरण शुल्क सहित निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

(२) हितग्राहीबाट पुनःभौतिकीकरणको लागि निवेदन प्राप्त भएमा निक्षेप सदस्यले जाँचबुझ गरी हितग्राही खातामा धितोपत्र कायम रहेको पाईएमा सो निवेदन स्वीकार गर्नेछ र हितग्राहीको खातामा पुनःभौतिकीकरण गर्नु पर्ने धितोपत्रको संख्या रोक्का गरी सिडिएससिलाई सुचित गराउनु पर्नेछ ।

[१८](३) निक्षेप सदस्यले हितग्राहीबाट धितोपत्रको पुनःभौतिकीकरणको लागि अनुरोध प्राप्त भए पछि संगठित संस्था वा सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले पन्ध्र दिन भित्र केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्ट गरेको पुनःभौतिकीकरणको अनुरोध बमोजिम रुजु गरी हितग्राहीको डिम्याट खाताबाट मौज्दात घटाई पुनःभौतिकीकरण गरी अनुसूची-२७ बमोजिमको ढाँचामा धितोपत्रको भौतिक प्रमाणपत्र सम्बन्धित हितग्राहीलाई उपलब्ध गराई सो को जानकारी सिडिएससिलाई दिनु पर्नेछ ।

(४) उपविनियम (३) बमोजिमको अनुरोध प्राप्त भए पछि संगठित संस्था वा सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले पन्ध्र दिन भित्र भौतिकीकरण गरिएको

---

१६ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

१७ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

१८ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

धितोपत्रको प्रमाणपत्र सम्बन्धित हितग्राहीलाई उपलब्ध गराई सिडिएससिलाई जानकारी गराउनुपर्नेछ। यसरी जानकारी प्राप्त भएपछि सिडिएससिले निक्षेप सदस्य र हितग्राहीको खाताबाट पुनःभौतिकिकरण गरिएको धितोपत्र घटाउनेछ ।

२५. **खाता रोक्का तथा फुकुवाः** (१) हितग्राहीले आफ्नो खाता रोक्का राख्न वा रोक्का रहेको खाता फुकुवा गर्न चाहेमा अनुसूची-१४ बमोजिमको खाता रोक्काशुल्क सहित अनुसूची-१८ को ढाँचामा निक्षेप सदस्य समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम खाता रोक्का वा फुकुवाको निवेदन प्राप्त भएमा निक्षेप सदस्यले आवश्यक जाँचबुझ गरी खाता रोक्का वा फुकुवा गर्नेछ र सो को जानकारी सिडिएससिलाई दिनेछ ।

(३) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार,अदालत, बोर्ड वा कानून अनुसार अख्तियार प्राप्त अधिकारीको आदेश बमोजिम सिडिएससि वा निक्षेप सदस्यले हितग्राहीको खाता रोक्का राख्न सक्नेछ ।

(४) उपविनियम (३) बमोजिम खाता रोक्का राख्नका लागि सम्बन्धित हितग्राही यकिन हुने गरी परिचय खुल्न नसकेको अवस्थामा सिडिएससि वा निक्षेप सदस्य खाता रोक्का गर्न बाध्य हुने छैन ।

(५) सिडिएससिले निक्षेप सदस्यको आफ्नै नामबाट खोलेको खाता निम्न अवस्थामा रोक्का वा फुक्का गर्न निर्देशन दिन सक्नेछ :-

(क) नेपाल सरकार, अदालत, बोर्ड वा अन्य कुनै कानून बमोजिम अख्तियार प्राप्त निकायले प्रचलित कानून बमोजिम जारी गरेको आदेशमा उल्लेख भएअनुसार,

(ख) निक्षेप सदस्य दामासाहीमा परेमा, टाट पल्टेमा वा विघटन हुने भएमा,

(ग) ऋण दिने संस्थाले ऋण असुली प्रयोजनको लागि खाता रोक्का वा फुक्का गर्न अनुरोध गरेमा ।

(६) नेपाल सरकार, अदालत, बोर्ड वा कानून अनुसार अख्तियार प्राप्त अधिकारीको वा निकायले खाता रोक्काको लागि जारी गरेको आदेश बदर गरेमा वा फुकुवा गर्न आदेश दिएमा उक्त खाता फुकुवा गरिनेछ। तर खाता रोक्का हुँदा हितग्राहीको तर्फबाट निक्षेप सदस्यले रोक्का फिर्ता नगरेसम्म खाताबाट हटाउने वा अन्य कुनै कारोबार गर्नेछैन यद्यपि निक्षेप सदस्यले रोक्का खातामा संस्थागत गतिविधिद्धारा प्राप्त संस्थागत लाभ जम्मा गर्नेछ ।

२६. **धितो बन्धकी सम्बन्धीः** (१) हितग्राहीको खातामा रहेको धितोपत्रको धितो बन्धकी लिने संस्थाको सिडिएससिमा खाता रहेको हुनुपर्नेछ ।

(२) धितो बन्धकी लिने संस्थाले धितो बन्धकी लिखतको प्रतिलिपि तथा अनुसूची-१४ बमोजिमको धितोपत्र बन्धकी शुल्क सहित अनुसूची-१९ को ढाँचामा निक्षेप सदस्य समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको निवेदन प्राप्त गरेपछि निक्षेप सदस्यले आवश्यक जाँचबुझ गरी हितग्राहीको खातामा रहेको धितोपत्र माग भए बमोजिम रोक्का हुने गरी व्यवस्थित गरी दिनु पर्नेछ ।

(४) धितो बन्धकी लिने संस्थाबाट धितो बन्धकी खारेज वा निखनेको जानकारी नदिएसम्म श्रृजित धितो बन्धकी फुकुवा गरिने छैन ।

(५) धितो बन्धकी लिखतको उल्लंघन भएको पर्याप्त आधार सहित धितो बन्धकी लिने संस्थाले धितो बन्धकी रहेको धितोपत्र आफ्नो नाममा सार्न निक्षेप सदस्य समक्ष निवेदन दिएमा निक्षेप सदस्यले आवश्यक जाँचबुझ गरी त्यस्तो धितोपत्र धितो बन्धकी लिने संस्थाको खातामा सारिदिनेछ र सो को जानकारी सम्बन्धित हितग्राहीलाई दिनेछ ।

**२७. <u>हितग्राहीको खाता बन्द :</u>** (१) हितग्राहीले आफ्नो खाता बन्द गर्न चाहेमा अनुसूची-२० को ढाँचामा निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निक्षेप सदस्यले उक्त हितग्राहीको खातामा धितोपत्र मौज्दात नरहेको तथा कुनै शुल्क वा दस्तुर भुक्तानी गर्न बाँकी नरहेको यकिन गरेर खाता बन्द गरिदिनु पर्नेछ ।

(३) आफ्नो खातामा धितोपत्र मौज्दात भएको हितग्राहीको खाता बन्द गर्नका लागि उक्त धितोपत्र पुनःभौतिकीकरण गरेर वा अन्य निक्षेप सदस्यसँग रहेको निजको खातामा सारेर मात्र बन्द गर्नुपर्नेछ ।

(४) विनियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि हितग्राहीको खातामा रहेको धितोपत्र धितो बन्धकी रहेको वा खाता रोक्का रहेको अवस्थामा हितग्राहीको खाता बन्द हुने छैन ।

**२८. <u>हितग्राहीसँगको सम्झौता समाप्तिः</u>** (१) देहायको कुनै अवस्था भएमा निक्षेप सदस्यले हितग्राहीसँगको सम्झौता समाप्त गर्न सक्नेछ :-

(क) यस विनियमावली अनुसारको शुल्क वा दस्तुर भुक्तानी माग भएको तीस दिनभित्र भुक्तानी हुन नसकेमा,

(ख) अभौतिकीकरणको लागि पेश गरेका प्रमाणपत्र वा अन्य लिखत किर्ते नक्कली भएमा वा चोरिएको भएमा वा किर्तेबाट प्राप्त भएको वा नेपाल सरकार, अदालत, बोर्ड वा कानून अनुसार अख्तियार प्राप्त अधिकारी वा निकायले हस्तान्तरणमा रोक लगाएको भएमा,

(ग) कुनै प्रकारको खराब आचरण वा व्यवहार भएबाट धितोपत्रको निक्षेप सेवा प्रदान गर्न उपयुक्त नदेखिएको प्रमाणित भएमा ।

(२) उपविनियम (१) को खण्ड (क) बमोजिमको अवस्था परि निक्षेप सदस्यले सम्झौता समाप्त गरेकोमा हितग्राहीबाट लिनुपर्ने शुल्क दस्तुर भुक्तानी लिई निजको इच्छा अनुसार निजको खातामा कायम रहेको धितोपत्र अन्य निक्षेप सदस्यसँग रहेको खातामा हस्तान्तरण गरी वा पुनःभौतिकीकरण गरी विनियममा तोकिएको तरिका अनुसारको हितग्राहीको खाता बन्द गर्न सक्नेछ ।

(३) निक्षेप सदस्यले कुनै कारण उल्लेख नगरी सम्झौता समाप्त गरेमा वा हितग्राहीको कुनै गल्ती नभई निक्षेप सदस्यको कारणबाट सम्झौता समाप्त हुन गएमा अन्य निक्षेप सदस्यसँग रहेको हितग्राहीको खातामा धितोपत्र हस्तान्तरण वा पुनःभौतिकीकरण गर्दा लागेको लागत शुल्क र खर्च निक्षेप सदस्यले व्यहोर्नु पर्नेछ ।

(४) हितग्राही र निक्षेप सदस्य बीचको सम्झौता समाप्त भएतापनि उक्त सम्झौता समाप्त हुनु अघि श्रृजित अधिकार तथा दायित्वबाट सम्बन्धित पक्षले उन्मुक्ति पाउने छैन ।

## परिच्छेद-५
## धितोपत्र हस्तान्तरण सम्बन्धी व्यवस्था

**२९. धितोपत्र बजारमा कारोबार भएका धितोपत्रको हस्तान्तरण:** [१९](१) धितोपत्र बजारमा भएको कारोबारको राफसाफ प्रयोजनका लागि हितग्राहीले आफ्नो खाताबाट धितोपत्र दलालको राफसाफ खातामा वा पूर्व भुक्तान खाता वा धितोपत्र दलालको राफसाफ खाता मार्फत् सिडिएससिमा धितोपत्र जम्मा गर्नका लागि अनुसूची-२३ बमोजिमको ढाँचामा सम्बन्धित निक्षेप सदस्यलाई निर्देशन पुर्जी जारी गर्नु पर्नेछ। सम्बन्धित हितग्राहीले यस प्रयोजनको लागि विद्युतीय रुपमा पनि अनुरोध गर्न सक्नेछ।

[२०](१क) कुनै निक्षेप सदस्य वा सदस्य दलालले कारोबारको सम्बन्धमा देहायको कुनै त्रुटी गरेमा निजले त्यस्तो त्रुटी सच्याउनको लागि प्रमाण सहित सिडिएससिमा निवेदन दिनु पर्नेछ र त्यसरी प्राप्त निवेदनको जाँचबुझ गर्दा व्यहोरा साँचो देखिएमा कैफियतमा जनाई सिडिएससिले प्रति संशोधन एक सय रुपैयाँ शुल्क लिई त्रुटी सच्याउन र अन्य हितग्राहीको खातामा जम्मा हुन गएको धितोपत्र सम्बन्धित हितग्राहीको नाममा जम्मा गर्न सहमति दिन सक्नेछ।

(क) कुनै एक हितग्राहीको खातामा जम्मा गर्नु पर्ने धितोपत्र अन्य कुनै हितग्राहीको खातामा जम्मा हुन गएको,

(ख) हितग्राहीको नाम, नागरिकता प्रमाणपत्र नम्बर, सेटलमेन्ट आई.डी., आई एस आई एन, शेयर संख्या उल्लेखनमा त्रुटी भएमा,

(ग) पद्धतिमा उल्लेख गर्नु पर्ने हितग्राही परिचय नम्बर गलत उल्लेख गरी प्रविष्ट भएको,

(घ) क्लाइन्टकोड दोहोरो हुने गरी प्रविष्टी भएको,

(ङ) दर्ता किताब बन्दको समयमा राफसाफ सदस्यले सम्बन्धित खरिदकर्ताको खातामा शेयर हस्तान्तरण गर्नु पर्नेमा कुनै संगठित संस्थाले जारी गरेको संस्थागत लाभ राफसाफ खातामा जम्मा गरेको।

(२) निक्षेप सदस्यले उपविनियम (१) बमोजिम प्राप्त निर्देशन पुर्जीको आवश्यक जाँचबुझ गरी निर्देशन पुर्जीमा उल्लेख भए बमोजिमको आदेश केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्टी गरी सम्बन्धित धितोपत्र दलालको राफसाफ खाता वा पूर्व भुक्तान खाता वा सिडिएससिको राफसाफ खातामा जम्मा गर्नुपर्नेछ।

(३) निक्षेप सदस्यले उपविनियम (२) बमोजिम आदेश प्रविष्टि गर्नु अघि उक्त हितग्राहीको खातामा आवश्यक धितोपत्रको मौज्दात रहेको यकिन गर्नु पर्नेछ।

(४) धितोपत्र दलालले कारोबार सम्पन्न भए पश्चात् राफसाफ खातामा जम्मा हुन आएका धितोपत्रहरु राफसाफको लागि निर्धारण गरिएको समय भित्र राफसाफका लागि खोलिएको सिडिएससिको खातामा जम्मा गर्नुपर्नेछ।

---

१९ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधन गरिएको

२० धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

(५) उपविनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलालले अनुसूची-२३ बमोजिमको ढाँचामा निर्देशन पुर्जी जारी गरी राफसाफ प्रयोजनका लागि प्राप्त धितोपत्र निर्धारित समय अगावै राफसाफ खाताबाट घटाईपूर्व भुक्तान खातामा जम्मा गर्न सक्नेछ।

(६) धितोपत्र कारोबारको राफसाफ सम्पन्न भएपश्चात् सिडिएससिले राफसाफका लागि खोलिएको खातामा रहेका धितोपत्रहरु सम्बन्धित खरिदकर्ता धितोपत्र दलालको राफसाफ खातामा जम्मा गरी दिनेछ ।

[२१](७) उपविनियम (६) बमोजिम खरिदकर्ता धितोपत्र दलालको राफसाफ खातामा प्राप्त धितोपत्रहरु सम्बन्धित खरिदकर्ता हितग्राहीको खातामा जम्मा गर्नका लागि अनुसूची-२३ बमोजिमको ढाँचामा सम्बन्धित निक्षेप सदस्यलाई निर्देशन पूर्जी जारी गर्नुपर्नेछ । त्यसरी प्राप्त निर्देशन पूर्जी बमोजिम निक्षेप सदस्यले हितग्राहीको खातामा धितोपत्र जम्मा गरिदिनु पर्नेछ वा खरिदकर्ता धितोपत्र दलालले आफ्नो राफसाफ खातामा प्राप्त धितोपत्रहरु सम्बन्धित खरिदकर्ता हितग्राहीको खातामा जम्मा गर्न विद्युतीय रुपमा पनि निर्देशन दिन सक्नेछ ।

तर, धितोपत्र दलालले सिडिएससिको राफसाफ खाताबाट सम्बन्धित हितग्राहीको खातामा धितोपत्र सोझै जम्मा गर्न चाहेमा सोही बमोजिमको व्यहोरा खोली सिडिएससिमा निवेदन दिई सिडिएससिको स्वीकृतिमा हितग्राहीको खातामा जम्मा गर्न सक्नेछ ।

(८) धितोपत्र दलालको राफसाफ खातामा सिडिएससिको राफसाफ खाताबाट जम्मा हुन आएको धितोपत्र सम्बन्धित हितग्राहीको खातामा जम्मा गर्नुपर्ने सम्बन्धमा निश्चित समयावधी तोकी समय समयमा सिडिएससिले धितोपत्र दलाललाई निर्देशन दिन सक्नेछ।

(९) हितग्राहीले आफ्नो दायित्व पुरा नगरेको कारणबाट धितोपत्र दलालले उपविनियम (७) बमोजिम हितग्राहीको खातामा धितोपत्र जम्मा गर्न नसक्ने अवस्था आएमा त्यस्तो धितोपत्र उक्त दलालले आफ्नो निक्षेप सदस्यलाई निर्देशन पुर्जी जारी गरी आफ्नो अस्थायी राफसाफ खातामा जम्मा गर्नुपर्नेछ र सो गर्नुको कारण खुलाई सिडिएससि र धितोपत्र बजारलाई जानकारी दिनु पर्नेछ ।

(१०) हितग्राहीले आफ्नो दायित्व पुरा गरे पश्चात् उपविनियम (९) बमोजिम धितोपत्र दलालले आफ्नो अस्थायी राफसाफ खातामा जम्मा गरेको धितोपत्र सम्बन्धित हितग्राहीलाई उपलब्ध गराई सो को जानकारी सिडिएससि र धितोपत्र बजारलाई दिनु पर्नेछ ।

(११) धितोपत्र दलालको राफसाफ खाता वा अस्थायी राफसाफ खातामा कुनै हितग्राहीले प्राप्त गर्नु पर्ने संस्थागत लाभ जम्मा हुन आएमा सम्बन्धित हितग्राहीको खातामा सो लाभ जम्मा गराउने जिम्मेवारी सम्बन्धित धितोपत्र दलालको हुनेछ र यसरी जम्मा गरेको सम्बन्धमा सिडिएससिलाई जानकारी दिनु पर्नेछ ।

---

२१ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

(१२) धितोपत्र बजारमा कारोबारका लागि धितोपत्र दलालको राफसाफ खातामा जम्मा भएका धितोपत्र धितोपत्र बजारमा कारोबार हुन नसकेमा धितोपत्र दलालले सम्बन्धित हितग्राहीको खातामा फिर्ता गरिदिनु पर्नेछ ।

**३०. <u>अन्य हस्तान्तरण:</u>** (१) धितोपत्र बजारमा सूचीकृत नभएका वा धितोपत्र बजारको कारोबार पद्दति बाहिर कारोबार गर्न स्वीकृती प्राप्त धितोपत्रको कारोबार भएमा त्यस्तो धितोपत्रको हस्तान्तरणका लागि सम्बन्धित धितोपत्र व्यवसायी वा हितग्राहीले अनुसुची-२४ को ढाँचामा निक्षेप सदस्य समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको निवेदनमा देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ ।

(क) दुवै पक्ष बीच खरिद बिक्री भएको तथा लेनदेन भएका पुष्टाईं गर्ने कागजात,

(ख) माग गरिएको अन्य आवश्यक कागजातहरु ।

(३) उपविनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निक्षेप सदस्यले धितोपत्र हस्तान्तरणको व्यवस्था गर्नेछ ।

[२२](४) धितोपत्रको घरायसी हस्तान्तरण, अंशबण्डाबाट प्राप्त धितोपत्र तथा धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा धितोपत्र हस्तान्तरण गर्नका लागि अनुसूची-२५(क) मा उल्लिखित शुल्क सहित सम्बन्धित पक्षले देहाय बमोजिम निवेदन दिनुपर्नेछ :

(क) एकाघरका तीन पुस्ता भित्रको सदस्यको नाममा धितोपत्रको घरायसी हस्तान्तरण गर्न चाहेमा त्यस्तो धितोपत्रधनीले अनुसूची-२५(ख) बमोजिमको फारम भरी धितोपत्र नामसारी गरिदिन चाहेको व्यक्तिको विवरण सहित आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तान्तरणका लागि त्यस्तो धितोपत्र पाउनेले अनुसूची-२५(ख) बमोजिमको फारम भरी धितोपत्र रहेको खाताको विवरण सहित आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

(ग) धितोपत्र धनीको मृत्यु पश्चात् सम्बन्धित हकवालाले अनुसूची-२५(ग) बमोजिमको फारम भरी मृत्युभएको धितोपत्रधनीको नाममा रहेको धितोपत्रको हितग्राही खाताको विवरण तथा आफूले पाउने धितोपत्रको विवरण सहित आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र धनीको मृत्यु पश्चात् सम्बन्धित हकवालाले हस्तान्तरण गरिलिने धितोपत्र भौतिक रुपमा रहेको भएमा प्रत्येक सूचीकृत संस्थाको धितोपत्रको हस्तान्तरणका लागि अनुसूची-२५(घ) बमोजिमको फारम भरी मृत्युभएको धितोपत्रधनीको नाममा रहेको धितोपत्रको प्रमाणपत्र सहित हकवालाको हितग्राही खाता रहेको निक्षेप सदस्य समक्ष निवेदन दिनु पर्नेछ ।

---

२२ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत

(५) उपविनियम (४) बमोजिमको निवेदनका साथ देहायको विवरण तथा कागजात समेत संलग्न गर्नुपर्नेछ,

(क) अंशबंडाबाट प्राप्त धितोपत्रको हस्तान्तरणको लागि देहाय अनुसारका कागजातहरु २/२ प्रति पेश गर्नु पर्नेछ :

१. लिने दिनेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. मालपोत कार्यालयबाट पास भएको लिखित प्रमाणित प्रतिलिपि,

३. माग गरिएको अन्य आवश्यक प्रमाणित कागजात ।

[२३](ख) मृत्यु पश्चात धितोपत्र नामसारी गर्नको लागि देहाय बमोजिमका कागजातहरु २/२ प्रति पेश गर्नु पर्नेछ :

(१) मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(२) मृतकको नागरिकता प्रमाणित प्रतिलिपि,

(३) हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(४) नाता प्रमाणित प्रमाणपत्र तथा उल्लिखित सम्पूर्ण व्यक्तिहरुको नागरिकताको प्रतिलिपि,

(५) अन्य हकवालाको मन्जुरीनामा ।

(ग) एकाघर परिवार भित्रको तीन पुस्ता भित्र घरायसी नामसारी गर्नको लागि देहाय बमोजिमका कागजातहरु २/२ प्रति पेश गर्नु पर्नेछ :

१. शेयर नामसारी गरी लिने तथा शेयर नामसारी गरी दिने दुवैको निवेदन,

२. ३ (तीन) पुस्ता भित्रको परिवार देखिने कागजात,

३. शेयर लिने तथा दिने दुबैको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

४. शेयरको सक्कल प्रमाणपत्र,

५. शेयर लिने तथा दिने बीचको नाता प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि,

[२४](घ)

[२५](६) उपविनियम (४) को खण्ड (क), (ख), (ग) वा (घ) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित निक्षेप सदस्यले त्यस्तो निवेदन तथा संलग्न कागजातहरु रुजु गरी सिडिएससीको प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

[२६](७) उपविनियम (६) बमोजिम निक्षेप सदस्यले प्रणालीमा प्रविष्टी गरे पश्चात प्रणालीबाट उपलब्ध हुने विवरण सहित निवेदन तथा संलग्न सम्पूर्ण कागजात आवश्यक कारवाहीका लागि सिडिएससीमा पेश गर्नु पर्नेछ ।

[२७](८) उपविनियम (७) बमोजिम निक्षेप सदस्यबाट प्राप्त हुन आएको निवेदन तथा कागजातको आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सिडिएससीले निवेदन बमोजिम धितोपत्रको हस्तान्तरण गरि दिनुपर्नेछ ।

---

२३ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत

२४ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा हटाइएको

२५ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत

२६ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत

२७ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा थप

[28](९) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरणका लागि अन्य कसैको हकदाबी भए त्यस्तो दावी गर्न आउनका लागि सिडिएससीको वेब साइटमा पैंतीस दिनको म्याद दिई सूचना प्रकाशित गरेर मात्र हस्तान्तरण सम्बन्धी कार्य गर्नु पर्नेछ ।

[29](१०) उपविनियम (४) को खण्ड (घ) बमोजिमको भौतिक धितोपत्रको हस्तान्तरण भएमा सिडिएससीले हस्तान्तरण प्रमाणित गरी भौतिक धितोपत्रलाई अभौतिक रुपमा निवेदकको खातामा जम्मा गरिदिन सम्बन्धित सूचीकृत संस्था वा त्यस्तो संस्थाको शेयर रजिष्ट्रारमा पठाउनु पर्नेछ ।

[30](११) यस विनियम बमोजिम धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरणका गर्दा सो धितोपत्रसंग सम्बन्धित बोनश तथा लाभाँश लगायतका लाभहरु समेत हकवालाको नाममा हस्तान्तरण हुने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-६
## अभिलेख तथा विवरण प्रवाह

**३१. <u>अभिलेख राख्नुपर्नेः</u>** (१) प्रत्येक निक्षेप सदस्यले देहाय बमोजिमको अभिलेख र कागजात व्यवस्थित राख्नु पर्नेछ :-

(क) हितग्राहीको पहिचान सम्बन्धी विवरण तथा सो को पुष्टि गर्ने कागजात,

(ख) धितोपत्रको भौतिकिकरण तथा अभौतिकिकरण सम्बन्धी विवरण र हितग्राहीलाई उपलब्ध गराइएको खाताको विवरणहरु,

(ग) प्रत्येक हितग्राहीको तर्फबाट सिडिएससिमा भएको कारोबारको अभिलेख तथा कारोबारका लागि प्राप्त निवेदन आदेश,

(घ) धितो बन्धकी, खाता रोक्का तथा फुकुवा, खाता बन्द तथा खारेज सम्बन्धी विवरण,

(ङ) निक्षेप सदस्यले सिडिएससि तथा अन्य सरोकारवालासँग गरेका कारोबार सम्बन्धी विवरण तथा अभिलेख,

(च) हितग्राही खाता संचालन सम्बन्धमा सिडिएससिले समय समयमा तोकिदिएका अन्य विवरण तथा अभिलेख ।

(२) निष्काशनकर्ता संगठित संस्था वा सम्बन्धित रजिष्ट्रारले आफुले निष्काशन गरेको धितोपत्रको अभौतिकिकरण तथा भौतिकिकरण सम्बन्धी विवरणको रुजु गरी अभिलेख राख्नु पर्नेछ ।

(३) निक्षेप सदस्यले अभिलेख र कागजातहरु कम्तीमा पाँच वर्ष सम्म सुरक्षित राख्नु पर्नेछ । तर, निक्षेप सदस्यले हितग्राहीको पहिचान सम्बन्धी विवरण सधैका लागि सुरक्षित राख्नुपर्नेछ ।

**३२. <u>हिसाब मिलानः</u>** (१) सिडिएससिले निक्षेप सदस्य र निष्काशनकर्ता संगठित संस्था वा सम्बन्धित रजिष्ट्रारको कारोबारको हिसाब मिलानका लागि सहजीकरण गर्नेछ ।

---

२८ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा थप

२९ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा थप

३० धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा थप

(२) निक्षेप सदस्यले दैनिकरुपमा आफ्नो कारोबारको रुजु गरी हिसाव मिलान गर्नुपर्नेछ ।

(३) सिडिएससिले निष्काशनकर्ता संगठित संस्था र सम्बन्धित रजिष्ट्रारलाई प्रत्येक दिनको अन्तमा अभौतिकरणमा कायम रहेको मौज्दात विवरणको जानकारी दिनेछ ।

(४) निष्काशनकर्ता संगठित संस्था वा सम्बन्धित रजिष्ट्रारले उपविनियम (३) बमोजिमको विवरण रुजु तथा हिसाब मिलान गरी धितोपत्र सम्बन्धी विवरण अद्यावधिक बनाई राख्नु पर्नेछ ।

(५) धितोपत्रको निक्षेप वा हस्तान्तरण सम्बन्धमा निक्षेप सदस्यबाट भुलवस कुनै त्रुटीपूर्ण कार्य भएमा सिडिएससिले सो त्रुटीलाई सच्याउन लगाउन सक्नेछ र यस्तो कार्यबाट हितग्राहीलाई कुनै आर्थिक हानी नोक्सानी भएमा सिडिएससिले उक्त निक्षेप सदस्यबाट सो हानी नोक्सानी पुरा गर्न लगाउन सक्नेछ ।

(६) कुनैपनि हितग्राहीको खातामा निक्षेप सदस्यको तर्फबाट त्रुटिपूर्ण कारोबार वा कुनै त्रुटि भुलचुक वा हेलचेक्रयाँईको कारणबाट खातामा सन्तुलन घटेमा सिडिएससिले उक्त निक्षेप सदस्यलाई सो बमोजिमको धितोपत्र पूरा गर्न लगाउन सक्नेछ ।

(७) उपविनियम (५) बमोजिम धितोपत्र पुरा गर्न लगाएको अवस्थामा बजारमा उक्त धितोपत्र उपलब्ध नभएमा सिडिएससिले उक्त धितोपत्रको तत्कालिन बजार मूल्यलाई समेत आधार मानी सम्बन्धित हितग्राहीलाई नगद भुक्तानी दिन लगाउन सक्नेछ ।

(८) निक्षेप सदस्य र निष्काशनकर्ता संगठित संस्था वा रजिष्ट्रारले यस विनियम तथा विनियम बमोजिमका सम्झौता अनुसारका कार्य नगरेबाट हितग्राहीलाई हानी नोक्सानी पुग्न गएमा सो को जिम्मेवारी सम्बन्धित निक्षेप सदस्य र निष्काशनकर्ता संगठित संस्था वा रजिष्ट्रारको हुनेछ ।

**३३. <u>विवरण तथा जानकारीहरु पेश गर्नुपर्ने</u>:** निक्षेप सदस्यले सिडिएससि समक्ष देहायका विवरण तथा जानकारीहरु पेश गर्नुपर्नेछ,

(क) नियमावलीको नियम (२८) बमोजिमको लेखा परिक्षण प्रतिवेदन तथा वार्षिक प्रतिवेदन,

(ख) लेखा परिक्षकको नियुक्ती गरेकोमा १५ (पन्ध्र)दिन भित्र सो को जानकारी,

(ग) कार्यालय ठेगाना, संचालक, कार्यकारी प्रमुख तथा कम्पनी सचिव परिवर्तन भएमा यसरी परिवर्तन भएको तीन कार्य दिन भित्र सो सम्बन्धी जानकारी,

(घ) कानून पालना अधिकारीको नियुक्ती तथा परिवर्तनसम्बन्धी जानकारी,

(ङ) हितग्राहीबाट प्राप्त गुणासा तथा सो को समाधानसम्बन्धी जानकारी,

(च) धितोपत्र निक्षेप तथा कारोबार संचालन सम्बन्धमा सिडिएससिले समय समयमा माग गरेका अन्य विवरणहरु,

(छ) धितोपत्र बजारको सदस्य रहेका निक्षेप सदस्यको सदस्यता धितोपत्र बजारले स्थगन, निलम्बन वा खारेज गरेमा सो सम्बन्धी जानकारी,

(ज) प्रत्येक निष्काशनकर्ताले सिडिएससिमा धितोपत्र दर्ता गरेपछि धितोपत्र दर्ता किताब बन्द हुने मिति, दाखिल खारेज मिति, लाभांस वा ब्याज भुक्तानी मिति, साधारण सभा हुने मिति, धितोपत्रको रकम फिर्ता वा ऋणपत्रको अवधि समाप्त हुने मिति, धितोपत्र परिणत मिति, वारेन्ट कार्यान्वयन हुने मिति आदि सम्बन्धमा सिडिएससिले समय समयमा माग गरे बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

तर, नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट जारी धितोपत्रको सम्बन्धमा यस खण्डको व्यवस्था लागु हुने छैन ।

## परिच्छेद-७

## निरिक्षण तथा अनुगमन

३४. **निरीक्षण तथा अनुगमन गर्नेः** (१) निक्षेप सदस्यले ऐन, नियम, विनियम, निर्देशिका तथा निर्देशन बमोजिम धितोपत्र निक्षेप सम्बन्धी व्यवसाय संचालन गरे नगरेको सम्बन्धमा सिडिएससिले निरिक्षण तथा अनुगमन गर्नेछ ।

(२) सिडिएससिले देहायका सम्बन्धमा निक्षेप सदस्यको स्थलगत तथा गैरस्थलगत निरिक्षण गर्नेछ,

(क) हिसाब किताबको अभिलेख तथा विवरणहरु व्यवस्थित रुपमा राखे नराखेको सम्बन्धमा,

(ख) निक्षेप सदस्यको क्रियाकलापसँग सम्बन्धित हितग्राही अन्य निक्षेप सदस्य वा अन्य व्यक्तिबाट प्राप्त गुनासा तथा उजुरीको समाधानका सम्बन्धमा,

(ग) निक्षेप सदस्यका मामिला वा क्रियाकलाप सम्बन्धमा उत्पन्न परिस्थितिका कारणले उचित लागेको विषय ।

(३) उपविनियम (२) बमोजिम निरिक्षणका लागि सिडिएससिले आवश्यक भएमा निक्षेप सदस्यसँग सम्बद्ध नरहेका बाह्य विज्ञ समेत नियुक्त गर्न सक्नेछ ।

(४) यस विनियम बमोजिम सिडिएससिले निरिक्षण तथा अनुगमन गर्दा सम्बन्धित निक्षेप सदस्यलाई पुर्व सुचना दिई वा नदिई गर्न सक्नेछ ।

(५) सिडिएससिले यस विनियम बमोजिम निरिक्षण तथा अनुगमन गर्दा निरिक्षण टोलीले माग गरे बमोजिमको कागजात, विवरण तथा धितोपत्र निक्षेपसँग सम्बन्धित हिसाव किताब, तथ्यांक तथा अभिलेख आदि बुझाउनु तथा निरीक्षण कार्यमा कुनै बाधा विरोध खडा नगरी आवश्यक सहयोग गर्नु निक्षेप सदस्य, यसका पदाधिकारी तथा कर्मचारीहरुको दायित्व हुनेछ ।

(६) यस विनियम बमोजिम स्थलगत निरिक्षण गर्दा निरीक्षण सम्पन्न भएको पन्ध्र कार्य दिन भित्र सो सम्बन्धी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(७) निरीक्षण तथा अनुगमनमा संलग्न अधिकारीले निरिक्षण तथा अनुगमनका क्रममा प्राप्त विवरण तथा जानकारीहरुको पूर्ण रुपमा गोप्यता कायम राख्नु पर्नेछ । तर, कानून बमोजिम कार्यान्वयन गर्ने निकायले माग गरेको अवस्थामा उक्त जानकारी, विवरण तथा प्रतिवेदन उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-८

## अनुशासन तथा कारवाही सम्बन्धी व्यवस्था

३५. **अनुशासन तथा कारवाहीः** (१) सिडिएससिले निक्षेप सदस्यलाई देहाय अनुसारको एक वा एक भन्दा बढी कारवाही गर्न सक्नेछ,

(क) सचेत गराउने,

(ख) सुधारात्मक कार्यका लागि निर्देशन दिने,

(ग) हितग्राही खाता खोल्न रोक लगाउने,

(घ) निक्षेप सदस्यता निलम्बन वा खारेज गर्ने ।

(२) उपविनियम (१) बमोजिम कारवाही गर्नु अघि कम्तीमा७ (सात) दिनको समयावधी तोकि स्पष्टिकरण माग गर्नुपर्नेछ ।

तर, उपविनियम (१) को खण्ड (क) र (ख) बमोजिमको कारवाही गर्दा स्पष्टिकरण माग गर्न अनिवार्य हुने छैन ।

**३६. <u>निक्षेप सदस्यको निलम्बनः</u>** (१) सिडिएससिले देहायको अवस्थामा निक्षेप सदस्यलाई बढीमा छ महिनाका लागि निलम्बन गर्न सक्नेछ :-

(क) नियमावलीको नियम २० बमोजिमको योग्यता कायम नभएको देखिएमा,

(ख) निक्षेप सदस्यले बोर्ड वा सिडिएससिको निर्देशन बारम्बार उलंघन गरेमा,

(ग) निक्षेप सदस्यले ऐन, नियम, विनियम तथा निर्देशिका र यस विनियमावली बमोजिमको सम्झौतामा रहेका प्रावधानहरुको पालना नगरेमा ।

(२) उपविनियम (१) बमोजिम निलम्बन भएमा निक्षेप सदस्यको अवस्था देहाय बमोजिम हुनेछ :-

(क) निक्षेप सदस्यको हैसियतले सिडिएससिबाट प्राप्त गर्ने सम्पूर्ण अधिकारबाट वञ्चित र बन्देज हुनेछ,

(ख) निक्षेप सदस्य निलम्बनमा रहँदा निजको निलम्बनको कारणले हितग्राहीको अधिकारलाई कुनै प्रभाव पार्ने छैन,

(ग) निक्षेप सदस्यको निलम्बनको कारणले अन्य कुनै पनि निक्षेप सदस्य र निज उपर कुनै पनि दावी गर्ने अधिकारलाई प्रभाव पार्ने छैन,

(घ) निक्षेप सदस्यको निलम्बनले धितोपत्र बन्धकी राख्ने हितग्राहीको तर्फबाट धितोपत्र बन्धकी लिनेको अधिकारमा कुनै प्रभाव पार्ने छैन,

(ङ) निक्षेप सदस्यले निलम्बनमा रहेको अवधिमा सिडिएससिको निर्देशन बमोजिम बाँकी रहेको दायित्व तथा जिम्मेवारी पूरा गर्नु पर्नेछ ।

(च) निक्षेप सदस्यले निलम्बन अवधिभर सिडिएससिसँग वा अन्य निक्षेप सदस्य मार्फत् व्यवसायिक कारोबार गर्न पाउने छैन,

(छ) निक्षेप सदस्य निलम्बनमा रहेको अवस्थामा हितग्राहीलाई अन्य निक्षेप सदस्यको खातामा धितोपत्र हस्तान्तरण गर्न वा धितोपत्रको पुनः भौतिकीकरण गर्ने अवसर हुनेछ ।

**३७. <u>निक्षेप सदस्यता खारेजः</u>** (१) देहायका अवस्थामा सिडिएससिले निक्षेप सदस्यको सदस्यता खारेज गर्न बोर्डमा सिफारिश गर्न सक्नेछ :-

(क) सुधारात्मक कार्यका लागि निर्देशन दिए बमोजिम सुधार गर्न नसकेमा,

(ख) छ महिनासम्म निलम्बन फुकुवा हुन नसकि कारोबार संचालन गर्न नसक्ने अवस्था सृजना भएमा,

(ग) निक्षेप सदस्यले सदस्यता खारेज गर्नका लागि सिडिएससि समक्ष अनुरोध गरेमा,

(घ) निक्षेप सदस्य दामासाहीमा परेमा,

(ङ) जानाजानी निक्षेप प्रणालीमा हानी नोक्सानी पुयाउने कार्य गरेको प्रमाणीत भएमा,

(च) हितग्राहीको खातामा रहेको धितोपत्र हितग्राहीको आदेश विना अन्य खातामा हस्तान्तरण गर्ने कार्य गरेमा,

(छ) जानीजानी हितग्राहीलाई हानी नोक्सानी पुयाउने कार्य गरेमा,

(ज) निक्षेप सदस्यले ऐन, नियम, विनियम तथा निर्देशिका र यस विनियमावली बमोजिमको सम्झौतामा रहेका प्रावधानहरुको बारम्बार उलंघन गरेमा ।

(२) उपविनियम (१) बमोजिम खारेज प्रकृया अगाडि बढेको अवस्थामा निक्षेप सदस्यको सदस्यता स्वतः निलम्बन हुनेछ ।

(३) उपविनियम (१) बमोजिम सदस्यता खारेज गर्नुअघि सिडिएससिले उक्त निक्षेप सदस्यको दायीत्व पुरा गर्न लगाउनु पर्नेछ ।

(४) यस विनियमावली बमोजिम सदस्यलाई निलम्बन गर्नु अघि कम्तीमा पन्ध्र दिनको म्याद दिई सफाई पेश गर्ने मौका प्रदान गरिनेछ ।

**३८. कारवाहीको जानकारी गराउनुपर्नेः** (१) सिडिएससिले यस विनियमावली बमोजिम निक्षेप सदस्यलाई कुनै कारवाही गरेको अवस्थामा सो को जानकारी निक्षेप प्रणालीमा आवद्ध पक्षहरुलाई गराउनु पर्नेछ,

तर, निक्षेप सदस्यको सदस्यता खारेज भएको अवस्थामा भने सिडिएससिले सो सम्बन्धमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सुचना प्रकाशित गरी सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) सिडिएससिले निक्षेप सदस्य उपर कुनै कारवाही गरेमा त्यस्तो कारवाहीको बारेमा बोर्डलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-९
## मध्यस्थता समिति सम्बन्धी व्यवस्था

**३९. मध्यस्थता समितिको गठनः** (१) सिडिएससि, निक्षेप सदस्य, निष्काशनकर्ता संगठित संस्था, रजिष्ट्रार लगायत सम्बन्धित अन्य पक्षहरु बीच धितोपत्रको केन्द्रीय निक्षेप तथा राफसाफ सेवा सम्बन्धी विवाद उत्पन्न भएमा उक्त विवाद समाधानका लागि एक मध्यस्थता समिति गठन हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको मध्यस्थता समितिमा कम्तीमा तीन जना सदस्यहरु रहने छन्,

(क) विवाद उत्पन्न भएका प्रत्येक पक्षबाट एक एक जना प्रतिनिधि,

(ख) सिडिएससिबाट एक जना प्रतिनिधि ।

(३) उपविनियम (२) बमोजिम गठित समितिका सदस्यहरुको सहमतिमा कुनै एक स्वतन्त्र व्यक्तिलाई समितिको प्रमुखको रुपमा कार्य गर्नका लागि नियुक्त गर्नुपर्नेछ ।

(४) मध्यस्थता समितिको सचिवालय सिडिएससिमा रहनेछ र सचिवालयले मध्यस्थता समितिको कामकारवाहीका लागि आवश्यक खर्च विवाद उत्पन्न भएका पक्षहरुबाट संकलन गर्नेछ ।

४०. **निर्णय गर्नुपर्ने अवधिः** मध्यस्थता समिति गठन भएको एक महिना भित्र मध्यस्थता समितिले विवाद समाधान सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ। उक्त समयावधी भित्र निर्णय हुन नसेकेमा संचालक समितिले मध्यस्थता समितिको अनुरोधमा उपयुक्त समयावधी थप गर्न सक्नेछ।

४१. **समितिको निर्णयः** (१) मध्यस्थता समितिले प्रत्येक निर्णय लिखित रुपमा राख्नुपर्नेछ र मध्यस्थता समितिका प्रत्येक सदस्यले सो निर्णयमा दस्तखत गरेको हुनुपर्नेछ।

(२) मध्यस्थता समितिको निर्णयमा निर्णयको आधार तथा कारण र निर्णय भएको मिति र स्थान समेत उल्लेख भएको हुनुपर्नेछ।

(३) उपविनियम (१) बमोजिम मध्यस्थता समितिले गरेको निर्णय त्यस्तो निर्णय भएको सात कार्य दिन भित्र सम्बन्धित पक्षहरुलाई उपलब्ध गराउनु पर्नेछ।

४२. **मध्यस्थता समितिको कार्य विधिः** (१)मध्यस्थता समितिको कामकारवाही सम्बन्धी कार्य विधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपविनियम (१) बमोजिम निर्धारण गरेको कार्य विधि मध्यस्थता समितिले कार्य सुरु गर्नु अघि जानकारीका लागि सिडिएससि समक्ष पेश गर्नुपर्नेछ।

(३) उपविनियम (२) बमोजिम प्राप्त कार्य विधि सम्बन्धमा आवश्यक देखेमा सिडिएससिले संशोधन वा सुधार गर्न मध्यस्थता समितिलाई निर्देशन दिन सक्नेछ।

४३. **कारवाहीको अभिलेख र प्रमाण उपर विचार गर्नेः** यस विनियम बमोजिम गठन भएको मध्यस्थता समितिको कुनै सदस्यको मृत्यु भएमा, हेलचेक्रयाँई गरेमा, इन्कार गरेमा, संचालक समितिले त्यस्तो सदस्यको स्थानमा नयाँ सदस्य नियुक्त गरी निजले प्रमाणको आधारमा बाँकी कार्य गर्न वा सुरु देखि नै कारवाही गर्न सक्नेछ।

४४. **पक्ष वा सम्बन्धित प्रतिनिधिलाई निर्णय बन्धनकारी हुनेः** मध्यस्थता समितिबाट भएको निर्णयमा उल्लेखित सबै कुराको पक्षहरुले पालना गर्नु पर्नेछ। मध्यस्थता समितिबाट भएको निर्णय यस विनियमावलीले व्यवस्था गरे अनुरुप पुनरावेदन नपरेमा पक्षहरुको लागि अन्तिम र बन्धनकारी हुनेछ। निर्णय हुनु पुर्व वा पश्चात कुनै पक्षको मृत्यु वा कानूनी असक्षमताले विवादका विषयमा भएको निर्णय खारेज हुनेछैन।

४५. **पुनरावेदनको अधिकारः** मध्यस्थतासमितिको निर्णय चित्त नबुझ्ने पक्षले प्रचलित कानून बमोजिम सम्बन्धित अदालतमा पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-१०
## विविध

४६. **उपकरणहरुको अभौतिकीकरण गरी निक्षेप राख्न सक्नेः** विद्युतीय माध्यममा राख्न सकिने उपकरणहरु अभौतिकीकरण गरी सिडिएससिले निक्षेप गरी राख्न सक्ने छ ।

४७. **गोपनियता सम्बन्धीः** सिडिएससिका कर्मचारी, निक्षेप सदस्य तथा निष्काशनकर्ता संगठित संस्था वा रजिष्ट्रारले हितग्राहीसँग सम्बन्धित विवरण, तथ्यांक वा जानकारीका सम्बन्धमा कानून बमोजिम अधिकार प्राप्त निकायबाट माग भएको अवस्थामा वाहेक गोप्यता कायम राख्नु पर्नेछ ।

४८. **तथ्यांकको संरक्षणः** सिडिएससिले आफ्नो प्रणाली अन्तर्गतका तथ्यांक संरक्षण गर्न प्रशारण र भण्डारणको लागि आवश्यक व्यवस्था गर्नेछ । सिडिएससि को प्रणालीमा भण्डारण भएका तथ्यांकको सूरक्षा (ब्याक अप) सिडिएससिमा अति सूरक्षा पूर्वक राख्ने त्यस्तै गरी निक्षेप सदस्य निष्काशनकर्ता रजिष्ट्रार र राफसाफ संस्थाले समेत सोही अनुसार गर्नुपर्नेछ । सिडिएससिले अनाधिकृत व्यक्तिले तथ्यांक संचालन गर्न नपाउने गरी पर्याप्त सुरक्षा उपाय अपनाउनेछ ।

४९. **उपसमितिको गठनः** (१) संचालक समितिले सिडिएससिको काम सुव्यवस्थित रुपमा संचालन गर्न आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम गठित उपसमितिको सदस्य, काम, कर्तव्य, अधिकार, कार्य क्षेत्र, कार्य विधि आदि संचालक समितिले तोक्नेछ ।

५०. **कार्य संचालन निर्देशिका(अपरेटिङ्ग म्यानुअल) बनाउन सक्ने :** सिडिएससिले केन्द्रीय निक्षेप सेवा संचालनको लागि कार्य संचालन निर्देशिका (अपरेटिङ्ग म्यानुअल) बनाई बोर्डबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ ।

५१. **आचार संहिता बनाई लागू गर्न सक्नेः** सिडिएससिले निक्षेप सदस्यका लागि व्यवसायीक आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

५२. **बाधा अड्काउ फुकाउने अधिकारः** यो विनियमावलीको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सिडिएससिको सिफारिशमा बोर्डले बाधा अड्काउ फुकाउन सक्नेछ ।

५३. **यसै विनियमावली बमोजिम हुनेः** यस विनियमावलीमा लेखिएका कुराहरुको हकमा यसै विनियमावली बमोजिम हुनेछ ।

**अनुसूची - १**
**(विनियम ३ सँग सम्बन्धित)**

मिति : ..............................

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
थापाथली, काठमाण्डौं

**विषय : अभौतिकीकरणका लागि दर्ता गरी पाउँ**

................................ ऐन बमोजिम स्थापित ..................... को देहाय बमोजिमको धितोपत्र/उपकरण अभौतिकीकरण लागि दर्ता गरी सो को प्रमाणपत्र पाउनको लागि रु. ......................... दस्तुर बुझाएको रसिद वा बैंक भौचर संलग्न गरी यो निवेदन पेश गर्दछौं ।

**१. संगठित संस्था सम्बन्धी संक्षिप्त विवरण :**

(क) संगठित संस्थाको नाम :
(ख) ठेगाना :
टेलिफोन नं. ............................... फ्याक्स ....................................
इमेल ....................................... वेभसाइट ..................................
(ग) विदेशी संगठित संस्था संस्थापक भएमा त्यस्तो संगठित संस्थाको नाम र ठेगाना :
(घ) संगठित संस्था दर्ता मिति :
(ङ) कारोबार संचालन मिति :
(च) सूचीकरण भएको मिति :

**२. संस्थापक र निजहरुको पृष्ठभुमि सम्बन्धी विवरण :**

(क) संस्थापकहरुको नाम, ठेगाना :
(ख) संगठित संस्थाको संस्थापक भएकोमा उक्त संस्थाको तर्फबाट मनोनित संचालकको नाम, ठेगाना :

**३. संगठित संस्थाको धितोपत्र सम्बन्धी विवरण :**

(क) अधिकृत पूँजी : ........................... शेयर प्रति एकाई मूल्य ............. दरले ।
(ख) जारी पूँजी : ........................... शेयर प्रति एकाई मूल्य ............... दरले ।
(ग) चुक्ता पूँजी : ........................... शेयर प्रति एकाई मूल्य ............... दरले ।
(घ) सूचीकरण गरेको शेयर कित्ता :

**४. दर्ता गर्ने धितोपत्र/उपकरण सम्बन्धी विवरण :**

(क) दर्ता गर्ने धितोपत्रको किसिम र मूल्य :
(ख) दर्ता गर्ने उपकरणको किसिम र मूल्य :

**५. व्यवस्थापन सम्बन्धी विवरण :**

(क) संचालकहरुको नाम, ठेगाना ग्रहण गरेको शेयर स्वामित्व
(ख) व्यवस्थापनको मुख्य जिम्मेवारी लिने कार्यकारी प्रमुख :

**६. उद्घोषण :**

यस निवेदनमा उल्लेखित विवरण तथा संलग्न कागजात तथा विवरणहरु सत्य तथ्य र पूर्ण छन् र कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन । कुनै विवरण झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**अधिकार प्राप्त व्यक्ति**
नाम :
संस्थाको छाप : दस्तखत :
पद :
मिति :

(**द्रष्टव्यः** यस विनियमावली बमोजिम धितोपत्र अभौतिकीकरणको प्रयोजनका लागि दर्ता सम्झौता गरिसकेका संगठित संस्थाले दर्ता सम्झौता गरिसकेपछि निष्काशन गरेका धितोपत्रको अभौतिकीकरणका लागि अभौतिकीकरण गर्नु पर्ने धितोपत्रको विवरण सहित साधारण निवेदन दिन सक्नेछ ।)

## [३१]अनुसूची-२
## (विनियम ३ र ४ सँग सम्बन्धित)
## निवेदन दस्तुर, दर्ता तथा वार्षिक शुल्क :

(१) दर्ता तथा वार्षिक शुल्क :

| क.सं | संगठित संस्थाको सेयर चुक्ता पूँजी | दर्ता शुल्क | वार्षिक शुल्क |
|---|---|---|---|
| १. | रु.२० करोडसम्म | ०.०७५% वा न्यूनतम रु.५०,०००।- | रु.५०,०००।- |
| २. | रु.२० करोड भन्दा माथि रु.५० करोडसम्म | ०.०५०% वा न्यूनतम रु.१,५०,०००।- | रु.१,००,०००।- |
| ३. | रु.५० करोड भन्दा माथि रु.१ अर्बसम्म | ०.०३५% वा न्यूनतम रु.२,५०,०००।- | रु.१,५०,०००।- |
| ४. | रु.१ अर्ब भन्दा माथि रु.२ अर्बसम्म | ०.०२५% वा न्यूनतमरु.३,५०,०००।- | रु.२,००,०००।- |
| ५. | रु.२ अर्ब भन्दा माथि रु.५ अर्बसम्म | ०.०१५% वा न्यूनतम रु.५,००,०००।- | रु.३,००,०००।- |
| ६. | रु.५ अर्ब भन्दा माथि रु.१० अर्बसम्म | ०.०१०% वा न्यूनतम रु.६,००,०००।- | रु.४,००,०००।- |
| ७. | रु.१० अर्ब भन्दा माथि | ०.००८% वा न्यूनतम रु.७,००,०००।- | रु.५,००,०००।- |

(२) डिवेन्चर/एकांक, अग्राधिकार सेयर बचत वा समूहगत बचत दर्ता तथा वार्षिक शुल्क :

| क.सं | जारी पूँजी | दर्ता शुल्क | वार्षिक शुल्क |
|---|---|---|---|
| १. | रु.५० करोडसम्म | ०.०२% वा न्यूनत्तम रु.५०,०००।- | रु.५०,०००।- |
| २. | रु.५० करोड भन्दा माथि रु.१ अर्ब सम्म | ०.०१५% वा न्यूनतम रु.१,००,०००।- | रु.१,००,०००।- |
| ३. | रु.१ अर्ब भन्दा माथि रु.२ अर्बसम्म | ०.०१% वा न्यूनतम रु.१,५०,०००।- | रु.१,५०,०००।- |
| ४. | रु.२ अर्ब भन्दा माथि रु.५ अर्बसम्म | ०.००७५% वा न्यूनतम रु.२,००,०००।- | रु.२,००,०००।- |
| ५. | रु.५ अर्ब भन्दा माथि | ०.००५% वा न्यूनतम रु.३,००,०००।- | रु.३,००,०००।- |

(३) बुँदा नं. (१) र (२) मा उल्लेखित धितोपत्रहरु बाहेकका अन्य धितोपत्रहरुको लागि :

| क.सं | जारी पूँजी | दर्ता शुल्क | वार्षिक शुल्क |
|---|---|---|---|
| १. | रु.५० करोडसम्म | ०.०२% वा न्यूनत्तम रु.५०,०००।- | रु.५०,०००।- |
| २. | रु.५० करोड भन्दा माथि रु.१अर्बसम्म | ०.०१५% वा न्यूनतम रु.१,००,०००।- | रु.१,००,०००।- |
| ३. | रु.१ अर्ब भन्दा माथि रु.२ अर्बसम्म | ०.०१% वा न्यूनतम रु.१,५०,०००।- | रु.१,५०,०००।- |
| ४. | रु.२ अर्ब भन्दा माथि रु.५ अर्बसम्म | ०.००७५% वा न्यूनतम रु.२,००,०००।- | रु.२,००,०००।- |
| ५. | रु.५ अर्ब भन्दा माथि | ०.००५% वा न्यूनतम रु.३,००,०००।- | रु.३,००,०००।- |

**नोट :** (१) कुनै कम्पनीको पूँजी वृद्धि भएमा सोही बमोजिम दर्ता तथा वार्षिक शुल्कको रकम बुझाउनु पर्नेछ ।

## अनुसूची - ३
### (विनियम ३ को उपविनियम ४ सँग सम्बन्धित)
### सिडिएससि र निष्काशनकर्ताबीचको सम्झौता

काठमाडौं स्थित रजिस्टार्ड कार्यालय रहेको सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (यसपछि "सिडिएससि" भनिएको) प्रथम पक्ष र .....स्थित कार्यालय रहेको.................. (वैधानिक अस्तित्व भएको निकायको विवरण) यसपछि ("निष्काशनकर्ता" भनिएको) दोश्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

**१. सामान्य प्रावधान :**

१.१. यस सम्झौतामा प्रयोग भएका तर व्याख्या नगरिएका कम्पनी ऐन, २०६३, धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ वा सिडिएससिका विनियमावलीहरूमा व्याख्या गरिएको शब्दावली तथा वाक्यांशहरूको अर्थ उल्लिखित ऐन, नियमावली वा विनियिमावली अनुसार हुनेछन् ।

१.२. विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेसम्म, "हितग्राही", "निष्काशनकर्ता", "निक्षेप सदस्य", "रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि" जस्ता यहाँ प्रयोग भएका शब्दावली तथा वाक्यांशहरूले सिडिएससिको सम्बन्धमा क्रमशः हितग्राही, निष्काशनकर्ता, रजिष्ट्रारलाई बुझाउँछन् र "नियमावली", "विनियमावली" तथा "सञ्चालन निर्देशिका", "राफसाफ संस्था" भन्ने शब्दावलीहरूले क्रमशः "धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७", सिडिएससिको विनियमावली तथा सिडिएससिले जारी गरेको सञ्चालन निर्देशिका र राफसाफ संस्थालाई बुझाउँछन् ।

१.३. निष्काशनकर्ता धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, सिडिएससि विनियमावलीलाई यसै सम्झौताको अङ्गका रूपमा र सिडिएससिले समय समयमा यिनमा गरेको संसोधन तथा सञ्चालन निर्देशिका पालन गर्न सहमत हुनेछन् ।

१.४. निष्काशनकर्ताको हैसियत खारेज हुनुभन्दा अगाडि निष्काशनकर्ताले सम्पन्न गरेका, कार्यान्वयन गरेका, लागु गरेका, सञ्चालन गरेका वा निष्काशनकर्ता खारेज हुँदाको समयमा बाँकी, अपूर्ण वा अनिर्णित रहेका सबै विषयहरू, प्रविष्टिहरू वा कारोबारहरूसँग सम्बन्धित निजका दायित्वहरूको समापन गर्न वा पालनाका लागि बन्धनकारी रहिरहनेछन् ।

१.५. निष्काशनकर्ता संलग्न रहेका उत्तरदायित्वहरु विनियमावली तथा सञ्चालन निर्देशिकामा भएको उत्तरदायित्वहरुमा उल्लेख हुन छुटेमा उत्तरदायित्वबाट पन्छिन पाइने गरी अर्थ लगाइनेछैन ।

**२. शुल्क, दस्तुर तथा निक्षेप :**

नेपाल धितोपत्र बोर्डलाई तिर्नुपर्ने शुल्क, दस्तुर तथा निक्षेपबाहेक, निष्काशनकर्ताले सिडिएससिलाई विनियमावली बमोजिम शुल्क, दस्तुर तथा निक्षेप बुझाउनुपर्नेछ । सिडिएससिले आफ्नो विनियमावलीमा उल्लेख गरेको अन्तिम मितिभित्र निष्काशनकर्ताले तोकिएको शुल्क, दस्तुर तथा निक्षेप बुझाउन असमर्थ भएमा, विनियमावली बमोजिम थप दस्तुर समेत बुझाउनुपर्नेछ ।

---

३१ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

**३. निष्काशनकर्ताले जडान गर्नुपर्ने हार्डवेयर तथा सफ्टवेयर :**

३.१. सिडिएससिसँग सम्बन्धित कार्यहरूका लागि छुट्याइएको स्थानहरूमा निष्काशनकर्ताले कम्प्युटर, प्रिन्टर, सञ्चारका उपकरणहरू र अविछिन्न विद्युत प्रवाह एकाइ, सफ्ट्वेयर र हार्डवेयर तथा तोकिएको अन्य उपकरणहरु जडान गर्नुपर्नेछ ।

३.२. निष्काशनकर्ताले खरिद गरेका सबै कम्प्युटरहरू, सञ्चारका उपकरण, प्रिन्टर, अविच्छिन्न विद्युत प्रवाह एकाईहरू तथा अन्य सबै हार्डवेयर र सफ्ट्वेयरहरू तोकिएको स्वरुप (Configuration) परिपूर्ति भएको हुनुपर्ने कुरामा सहमति कायम गरिएको छ ।

३.३. उल्लेखित हार्डवेयर तथा सफ्ट्वेयर संरचनालाई निष्काशनकर्ताले निश्चित कम्प्युटर प्रोग्राम (Application Module) का लागि मात्र प्रयोग गर्नेछ । यदि त्यहाँ भण्डारण तथा प्रक्रियागत क्षमता बढी भएमा पनि त्यसलाई निष्काशनकर्ताले आफ्नो कार्यालयको अन्तरप्रणाली वा सञ्चालनलगायत अन्य कुनै पनि कम्प्युटर प्रयोगमा उपयोग गर्नेछैन ।

३.४. सिडिएससिको लिखित अनुमति बिना निष्काशनकर्ताले आफ्नो कार्यालयमा आन्तरिक व्यापक क्षेत्रको सञ्जाल (Wide Area Network)मा उल्लिखित हार्डवेयर जडान गर्नेछैन ।

३.५. सिडिएससिले तोकेअनुसारको उल्लिखित हार्डवेयरलाई थपघट गर्न बदल्न, स्तरोन्नति गर्न वा विस्थापन गर्न लाग्ने खर्च निष्काशनकर्ता आफैले बेहोर्नुपर्नेछ ।

**४. आबद्धता र प्रणालीहरू :**

४.१. निष्काशनकर्ता र सिडिएससिले एकआपसमा सञ्चारको विद्युतीय माध्यम निरन्तर रूपमा स्थापना गर्नेछन् ।

४.२. निक्षेपसँग सम्बन्धित कार्यसञ्चालनको लागि प्रभावकारी तथा छिटोछरितो रूपमा कारोबार सम्पादन गर्न आवश्यक भएकोले सिडिएससिले समयसमयमा निष्काशनकर्तालाई सञ्चालनको आवश्यक निर्देशन प्रदान गर्नेछ ।

४.३. निष्काशनकर्ताले तोकिए बमोजिमका त्यस्ता प्रणाली, विधि, सञ्चारका साधन, संरचना, हार्डवेयर, सफ्टवेयर, सुरक्षाका उपकरणहरू, भण्डारण सुविधाहरू (Back-up Facilities) आफ्नो खर्चमा खरिद तथा मर्मतसम्भार गर्नेछ ।

४.४. सिडिएससिले सिफारिस गरेको सबै प्रणाली तथा कार्यविधिहरूलाई निष्काशनकर्ताले पालना गर्नेछ र सिडिएससिले प्रणाली कार्यविधिको पालनाको आवधिक मूल्याङ्कन गर्नका लागि खटाएको कम्प्युटरकृत प्रणालीको कार्यसम्पादन परीक्षण गर्न विशेष सीप भएका वा विज्ञहरू भएको एक वा एक भन्दा बढी व्यवसायीहरूको समूह (जसलाई "प्रणालीको परिक्षण गर्ने समूह" भनेर बुझिन्छ) लाई उसको प्रणाली सम्मको पहुँच निष्काशनकर्ताले प्रदान गर्नेछ ।

**५. अभौतिकीकरण तथा पुनःभौतिकीकरण प्रभावकारी हुने मिति :**

निष्काशित धितोपत्रको अभौतिकीकरण, पुनःभौतिकीकरण र अभौतिकीकरण स्वरूपमा रहेका धितोपत्रहरूको हस्तान्तरण यो सम्झौतापत्रको कार्यान्वयन हुने मितिबाट प्रारम्भ हुनेछ ।

## ६. निष्काशनकर्ताले सिडिएससिलाई उपलब्ध गराउनुपर्ने सूचनाहरू :

६.१. निष्काशित धितोपत्रका हकमा सम्बन्धित धितोपत्र बजारले सूचीकरणसूचीकरण गरेको भोलिपल्टै निष्काशनकर्ताले सोको कारोबार प्रारम्भ गर्न सूचीकरण गरेको र अनुमति दिएको पत्र सिडिएससि समक्ष बुझाउनेछ ।

६.२ निष्काशनकर्ताले सिडिएससिलाई देहायबमोजिम सूचनाहरू उपलब्ध गराउनेछ :

६.२.१. निष्काशित, धितोपत्रका हकमा भएसम्मका हकप्रद, बोनस, संस्थागत लाभ लगायतको खुल्ने र बन्द हुने मिति जारी पूँजी संरचना, जारी अंकित मूल्य, अभिलेख गरिने मिति, दर्ता किताब बन्द हुने मिति, आह्वान पत्र, अनुपात लगायतका सबै कुराको कागजातका प्रति,

६.२.२. निष्काशित धितोपत्र सूचीकृत भएकोमा कुनै पनि धितोपत्र बजारलाई दिएकै दिनमा र अन्य सबै मामिलामा निष्काशनकर्ताले औपचारिक निर्णय लिएको २ (दुई) कार्यदिनभित्र सिडिएससिलाई यस्तो जानकारी उपलब्ध गराइनेछ ।

## ७. सिडिएससिले निष्काशनकर्तालाई दिने विवरण :

७.१. सिडिएससिले हितग्राहीको अभिलेख सम्बन्धी विवरण निष्काशनकर्तालाई दिनेछ,

७.२ माथि उल्लेख भए अतिरिक्त, निष्काशनकर्तालाई आवश्यक परेको बेला सिडिएससिले भुक्तानी लिई कुनै विवरण वा फाँटवारी उपलब्ध गराउन सक्नेछ ।

## ८. अभौतिकीकरण :

८.१ सिडिएससिले निक्षेपसदस्यहरूबाट प्राप्त गरेको अभौतिकीकरणका सबै अनुरोधहरू दैनिक रूपमा विद्युतीय माध्यमबाट निष्काशनकर्तालाई जनाउ दिनेछ ।

८.२ अभौतिकीकरण अनुरोध फारम प्राप्तिमा जुन अभौतिकीकरणको माग गरिएको छ, त्यस्तो धितोपत्रहरूको साथमा निष्काशनकर्ताले प्रथमतः प्रमाणपत्र वा कागजातहरुको वैद्यता तथा विश्वसनीयता र सूचीहरूको यथार्थता प्रमाणित गर्नेछ । साथै दोस्रोमा अभौतिकीकरण जुन व्यक्तिलाई चाहिएको छ उसको नाम धितोपत्रको धारकको रूपमा निष्काशनकर्ताद्वारा प्रमाणित भए नभएको निश्चित गर्नेछ ।

८.३ सिडिएससिमार्फत सदस्यहरूको अभौतिकीकरण हुनका लागि धितोपत्रसँग सम्बन्धित प्राप्त तथ्याङ्क निष्काशनकर्ताले कायम गरेको धितोपत्रहरूको तथ्याङ्कसँग भिडाएर प्रमाणित गर्ने र प्रमाणित धितोपत्रहरूलाई मात्रै स्पष्ट शीर्षकको साथमा अभौतिकीकरण गर्ने जिम्मा निष्काशनकर्ताको हुनेछ ।

८.४ कुनैपनि धितोपत्रको सम्बन्धमा वोर्ड, नेपाल सरकार, अदालत वा राजस्व सम्बन्धी निकायमा उजुरी वा विवाद उत्पन्न भै उक्त निकायवाट कुनै आदेश, निर्देशन वा निषेधाज्ञा जारी भएको अवस्थामा अभौतिकरणको अनुरोध स्वीकार गर्ने छैन ।

८.५ अभौतिकरणको अनुरोधलाई पूर्ण वा आशिंक स्वीकार गरेकोमा निष्काशनकर्ताले सात दिनभित्र सिडिएससीलाई जानकारी दिनु पर्नेछ ।

८.६ निष्काशनकर्ताले आफुसँग रहेको अनुरोध फारम लगायतका कागजात न्युनतम ५ (पाँच) वर्ष सम्म सुरक्षित राख्नुपर्नेछ ।

८.७. निम्नलिखित कारणहरू बाहेक धितोपत्रहरूको अभौतिकीकरणको अनुरोधलाई निष्काशनकर्ताले इन्कार अथवा अस्वीकार गर्नेछैन :

८.७.१. धितोपत्रका प्रमाणपत्रहरू वा अन्य कागजातहरू चोरिएको, किर्ते जालसाजी वा नक्कली पाइएमा,

८.७.२. सक्कल प्रमाणपत्रहरूको सट्टामा प्रतिलिपि जारी भएको अवस्थामा पहिलेको सक्कल प्रमाणपत्र पेश भएमा,

८.७.३. अभौतिकीकरण गर्न खोजिएका धितोपत्रहरूको हस्तान्तरणमा तत्कालका लागि कुनै कानूनले वा शर्त तथा बन्देजहरूले प्रतिबन्ध वा बन्देज लगाएमा वा

८.७.४. बोर्ड वा सिडिएससिले कुनै धितोपत्र अभौतिकिकरण नगर्न निर्देशन दिएमा ।

८.८. अभौतिकीकरणका लागि पेश गरिएका प्रमाणपत्रहरू एवं कागजातहरू सो आवेदन अस्विकार भएमा सम्बन्धित निक्षेप सदस्यलाई फिर्ता दिनुपर्नेछ ।

८.९. निष्काशनकर्ताले अभौतिकीकरणका लागि पेश भएको धितोपत्रको आवेदन पूर्ण वा आंशिक नामञ्जुर गरेमा त्यस्तो नामञ्जुरीको यथार्थ कारणबारे सम्बन्धित निक्षेप सदस्यलाई लिखित रूपमा सूचित गर्नेछ ।

८.१०. सिडिएससिलाई प्राप्त कुनै पनि धितोपत्रहरूको अभौतिकीकरणको स्वीकृतिका जनाउहरू निष्काशनकर्ताहरूको प्रतिनिधित्व र कबुलियतद्वारा समर्थित भएको, त्यस्ता धितोपत्रहरू अस्तित्वमा रहेको, रितपूर्वक जारी भएको, निष्काशनकर्तासँग रहेको अभिलेखमा धितोपत्रअनुसारको अभौतिकीकरण गर्न चाहने हितग्राही हकदारको नाम जनिएको हुनु पर्नेछ ।

८.११. अभौतिकीकरण भएका धितोपत्रहरूको प्रमाणपत्रहरूको अभिलेख विनियम एवं सञ्चालन निर्देशनमा उल्लेख भएमा सो बमोजिम कायम गर्ने सहमति एवम उत्तरदायित्व निष्काशनकर्ताले लिनेछ ।

८.१२. निष्काशनकर्ताले भण्डारमा अभौतिकीकरण रूपमा राखिएका प्रत्येक ISIN (International Securities Identification Number) का मातहतका कूल धितोपत्रहरू तथा धितोपत्र बजारमा सूचीकृत धितोपत्रहरू भन्दा बढी नहुने र सूचीकृत धितोपत्रहरूको सम्बन्धमा भण्डारमा अभौतिकीकरण रूपमा राखेका प्रत्येक ISIN को मातहतका कूल धितोपत्रहरूका साथसाथै भौतिक रूपमा राखिएको धितोपत्रहरू बाँडफाँड गरिएका रितपूर्वक जारी गरिएको धितोपत्रहरू भन्दा बढी हुनेछैन भन्ने कुरा निश्चित गर्नेछ । निष्काशनकर्ताले दैनिक रूपमा यस्तो रुजु गर्नेछन् ।

## ९. पुनःभौतिकीकरण :

९.१. आफ्ना हितग्राहीबाट पुनःभौतिकीकरण अनुरोध फाराम निक्षेप सदस्यबाट सिडिएससिले विद्युतीय माध्यमबाट जनाउ पाएपछि, सम्बन्धित हितग्राहीको खातामा रहेको धितोपत्रहरूको मौज्दात देखिएको पुनःभौतिकीकरणको मात्रको हदसम्म, तत्कालै रोक्का गर्नेछ र दैनिक आधारमा यस्ता सबै पुनःभौतिकीकरण अनुरोधहरूलाई निष्काशनकर्तासमक्ष विद्युतीय रूपमा

जनाउ दिनेछ । माथि लेखिएबमोजिम पुनःभौतिकीकरणको काम बाँकी रही मौज्दात रोक्का भैसकेपछि सिडिएससिले त्यस्तो धितोपत्र खर्च लेख्न वा अन्यथा दावी लिन अनुमति दिनेछैन ।

९.२. सदस्यबाट पुनःभौतिकीकरण अनुरोध फारम प्राप्त गरेपछि, निष्काशनकर्ताले अनुरोध फारममा रहेको विवरण र सिडिएससिले कम्प्युटरमा उपलब्ध गराएको विवरण भिडाउनेछ र सो भिडेको पाएमा पुनःभौतिकीकरण अनुरोध फारम स्वीकार भएको कुरा सिडिएससि र सम्बन्धित निक्षेप सदस्यलाई जानकारी गराउनेछ । त्यसपछि निष्काशनकर्ताले, सुरक्षाकासाथ पुनःभौतिकीकरण अनुरोधको धितोपत्र प्रमाणपत्र सम्बन्धित हितग्राहीको नाम र ठेगानामा पठाउनेछ ।

९.३. निष्काशनकर्ताबाट पुनःभौतिकीकरण अनुरोध फारम स्वीकृत भएको जनाउ प्राप्त गरेपछि सिडिएससिले सम्बन्धित हितग्राहीको खातामा रहेको मौज्दातबाट पुनःभौतिकीकरण भएको धितोपत्र घटाउनेछ ।

९.४. निष्काशनकर्ताले यस्ता पुनःभौतिकीकरण अनुरोध फारमहरू कम्तीमा ५ (पाँच) वर्षसम्म सुरक्षित राख्नेछ ।

**१०. धितोपत्रहरूको नयाँ निष्काशन :**

निष्काशनकर्ताले धितोपत्रहरूको नयाँ निष्काशन गरेमा हितग्राहीहरुको बाँडफाँड विवरण सिडिएससिबाट निर्धारित ढाँचामा उपलब्ध गराउनेछ ।

**११. हितग्राही हकदारको परिचय स्थापित नभएमा :**

परिचय स्थापित हुन नसक्ने कुनै हितग्राही हकदारको तर्फबाट निष्काशनकर्ताद्वारा सिडिएससिलाई जनाउ प्राप्त भएको खण्डमा सिडिएससिले त्यस्तो अनुरोध कारण खुलाई नामञ्जुर गर्न सक्नेछ ।

**१२. संस्थागत कार्य तथा लाभ :**

१२.१. सिडिएससिले निष्काशनकर्तालाई खाता बन्द हुने मिति वा तोकिएको मितिसम्ममा हितग्राहीहरुको सूचीका साथै तत्सम्बन्धी विवरण उपलब्ध गराउने छ ।

१२.२. निष्काशनकर्ताले उल्लेखित धितोपत्रहरूको सन्दर्भमा खाताबन्द हुने मिति, दर्ता मितिहरू, ब्याज वा लाभांश भुक्तानीका मितिहरू, वार्षिक साधारणसभा तथा अन्य बैठकहरूका मितिहरू, धितोपत्रहरूको ऋण मिनाहा वा कर्जालाई शेयरमा बदलेको मितिहरू, धितोपत्रको अवधि पुगेको मितिहरु, अधिकार उपभोग गर्ने मितिहरू, रकम झिकिएको मितिहरू, अन्य संगठित कार्यको विवरणहरू जस्तै गाभिनु, सम्मिश्रण वा निष्काशनकर्ताको पुनःसंरचना, पूँजी कटौति, जरिवाना, पुनःनिष्काशन, पुनःसंरचना वा संस्थापन आदि एवम् सिडिएससिद्वारा समय समयमा माग गरिएको वा तोकिएका सूचना तथा विवरण उपलब्ध गराउनेछ ।

१२.३. सिडिएससिलाई सम्पूर्ण संस्थागत कार्यको जनाउको लागि र यसको सम्पूर्ण संस्थागत लाभांशहरूको वितरणको यथार्थताको लागि निष्काशनकर्ता जिम्मेवार हुनेछ । निष्काशनकर्ताद्वारा सिडिएससिलाई दिइएको संगठित लाभांशको यथार्थताको लागि

समेत निष्काशनकर्ता जिम्मेवार हुनेछ। निष्काशनकर्ताद्वारा सिडिएससिलाई उपलब्ध भएको कुनै सूचना गलत वा असत्य भएको कारणले सिडिएससिलाई कुनै नोक्सानी भएमा सोको क्षतिपूर्ति निष्काशनकर्ताले गर्नेछ।

**१३. अभिलेखको रुजु :**

निष्काशनकर्ताले निष्काशन भएका, कारोबार भएका लगायतका धितोपत्रहरूको रुजु दैनिक रूपमा गर्नेछ।

**१४. सिडिएससिद्वारा निरीक्षण :**

सिडिएससिलाई निष्काशनकर्ताको सम्पूर्ण कारोबारहरूसँग सम्बन्धित सुविधाहरू, प्रणालीहरू, दर्ताहरू र निष्काशनकर्ताको खाताहरू सिडिएससिको तर्फबाट अधिकारप्राप्त व्यक्ति मार्फत निरीक्षण गर्ने हक हुनेछ र निष्काशनकर्ताले त्यस्तो अधिकारप्राप्त व्यक्तिलाई कार्यालय सञ्चालन हुने कुनै पनि दिनमा नियमित कामको समयावधिमा उसको क्षेत्रभित्र प्रवेश गर्ने अनुमति दिनेछ र उसको सुविधाहरू, प्रणालीहरू, दर्ताहरू र किताबहरू हेर्ने अधिकार दिनेछ र त्यसको प्रतिलिपि उतार्ने अनुमति दिनेछ।

**१५. निष्काशनकर्ताद्वारा सिडिएससिलाई तत्काल जनाउ दिने अवस्थाहरू :**

१५.१. निष्काशनकर्ताले सिडिएससिलाई तुरुन्त सूचित गर्नेछ :

१५.१.१. कुनै अदालतमा निष्काशनकर्ताको विघठनको लागि निवेदन परेमा वा निष्काशनकर्ताको विघठनको प्रस्ताव पारित भएमा :

१५.१.२. निष्काशनकर्ताको गाभिने, सम्मिश्रण हुने वा पुनःसंरचनाको खाका तर्जुमा भएमा,

१५.१.३. टाट पल्टने, बन्द हुने वा सम्पत्ति रोक्का हुने कुनै दरखास्त वा निवेदन प्रस्तुत हुने सम्भावना भएमा,

१५.१.४. कुनै कानूनी वा राजस्व सम्बन्धी निकायद्वारा कुनै करहरू, भन्सार दस्तुरहरू, तिरो, जरिवाना, महशूल भुक्तानीको लागि निष्काशनकर्ता वा उसको सम्पत्ति माथि कुनै कारवाही गराउने प्रक्रियाको बारेमा जानकारी भएमा,

१५.१.५. वित्तीय अवस्थाहरूको परिवर्तन भई टाट उल्टने वा विघठन हुने वा ऋणदाताहरूसँग जटिलता उत्पन्न हुने भएमा,

१५.१.६. निष्काशनकर्ताले निष्काशन गरेका धितोपत्रहरू सूचीकृत भएको वा कारोबारको अनुमति पाएको धितोपत्र बजारबाट उक्त धितोपत्रहरूको स्थगन गर्ने वा सूचीबाट हटाउने कुनै सूचना प्राप्त भएमा,

१५.१.७. निष्काशनकर्ता उपरको कुनै घटना वा परिस्थितिबाट व्यवसायिक निर्वाह वा अस्तित्व वा यस सम्झौता बमोजिमको उसको दायित्व परिपालन गर्ने क्षमतामा तात्विक असर पार्ने सम्बन्धमा जानकार भएमा,

१५.१.८. निष्काशनकर्ताले जारी गरेको कुनै धितोपत्र एवंशेयर पूँजीमा कुनै थपघट भएमा।

**१६. आधिकारिक प्रतिनिधि :**

निष्काशनकर्ताले यो सम्झौतापत्रको कार्यान्वयनको लागि सिडिएससिसमक्ष आफूले अख्तियार प्रदान गरेका पदाधिकारीहरूको सूची पेस गर्नेछ जसले सिडिएससि समक्ष निजको हितको प्रतिनिधित्व गर्नेछन् । त्यस्तो सूचीमा गरिएको थपघट वा हेरफेर सिडिएससिलाई जानकारी गराउनेछ ।

**१७. गोपनीयता :**

१७.१. पक्षहरूले यस सम्झौतापत्र अन्तर्गतका दायित्व सम्पादन गर्ने सिलसिलामा खुलाउनुपर्ने वा गोप्य राख्नुपर्ने वा विनियमावलीअन्तर्गत कुनै पनि पक्षले तेस्रो पक्षलाई खुलासा गर्न नहुने समेतका कुराहरु गोप्य राख्नुपर्नेछ ।

१७.२. पक्षहरु कानूनबमोजिमको दायित्व पूरा गर्नका लागि आफ्नो अधिकारको प्रचलनका लागि वा हित संरक्षणका लागि नेपाल सरकार, अदालत, नेपाल धितोपत्र बोर्ड वा कानूनले अधिकार दिएको कुनै पनि नियामक वा राजस्व अधिकारीको लिखित आदेश वा मागको विवरण, फाँटवारी, वा सूचना उपलब्ध गराउन वा खुलासा गर्न स्वतन्त्र हुनेछ । तर उल्लिखित त्यस्तो सूचनाको उपलब्धता वा खुलासाले कुनै पनि पक्षले अर्को पक्षसँग रहेका विवरण, फाँटवारी वा सूचनाको गोप्यता उपलब्ध गराउन वा खुलासा गराउन पाउनेछैन ।

**१८. ठेगाना परिवर्तन :** निष्काशनकर्ताले निजको रजिस्टार्ड कार्यालयको प्रस्तावित स्थान परिवर्तन साथै कम्प्युटरकृत अभिलेख, भण्डारण सुविधा र सिडिएससिसँगको सञ्चारको व्यवस्थापनका उपकरण रहेको हाताको स्थानको कुनै पनि परिवर्तन हुने भएमा कम्तीमा त्यस्तो परिवर्तनको ३० दिन पूर्व सिडिएससिलाई जानकारी गराउनुपर्नेछ ।

**१९. भण्डारण सुविधा :**

१९.१. निष्काशनकर्ताले सिडिएससिले सिफारिस गरेअनुसारको भण्डारण कार्यविधि कढाइकासाथ लागू गर्नुपर्नेछ । निष्काशनकर्ताले गर्नुपर्ने कम्प्युटर प्रणालीको भण्डारण सुविधाको अद्यावधिक गर्ने कार्यबाट हुन गएको कुनै पनि क्षति वा हानी वा कमजोरीका लागि सिडिएससि जवाफदेही हुनेछैन ।

१९.२. सिडिएससिले खटाएको कुनै पनि व्यक्तिलाई निष्काशनकर्ताले निजको भण्डारण सुविधासम्मको पहुँचका लागि अनुमति दिनेछ र सिडिएससिलाई चाहिएअनुसारको उल्लिखित सुविधाको प्रतिवेदन उपलब्ध गराउनेछ ।

**२०. हितग्राहीको गुणासो र उजुरको उपचार :**

निष्काशनकर्ताले हितग्राहीको कुनै पनि गुणासो वा उजुर भएमा समाधान गर्नुपर्नेछ र गुणासो वा उजुर प्राप्त भएको तीस दिनभित्र सिडिएससिलाई सो बारे जानकारी दिनुपर्नेछ ।

**२१. प्रत्यायोजनमा प्रतिबन्ध :**

सिडिएससिको लिखित पूर्वसहमति नलिई निष्काशनकर्ताले यो सम्झौतापत्रअन्तर्गतका कार्य, अधिकार वा दायित्वहरू कुनै पक्ष वा व्यक्तिलाई हस्तान्तरण गर्ने  वा प्रत्यायोजित गर्नेछैन ।

**२२. हर्जाना :**

२२.१. निष्काशनकर्ताले धितोपत्र निष्काशनकर्ताका तर्फबाट ऐन, नियम, विनियमावली र सञ्चालन निर्देशिकाको उल्लंघनमा कर्मचारी, एजेन्ट वा अन्यथा कुनै कार्य लिखत बाट भएको कुनै पनि लापरवाहीबाट सिडिएससिलाई हुन गएका सबै क्षति, हानी, नोक्सानी वा  सबै दावी माग, मुद्दा, कारवाही, अन्य जुनसुकै कार्यप्रक्रियाका सम्बन्धित सबै लागत, दस्तुर तथा खर्चलगायत सिडिएससिको हानी रहित सुरक्षाको हर्जाना दिनेछ। यस प्रयोजनका लागि निजका अधिकृत, कर्मचारी, एजेन्टबाट भएका मनसायपूर्वक वा अन्यथा जे भए पनि सम्पूर्ण कृतकार्य (कार्य वा अकार्य) लाई निष्काशनकर्ताले गरेको कृतकार्य (कार्य वा अकार्य) मानिनेछ । निष्काशनकर्ताको लापरवाहीबाट हितग्राहीलाई क्षति वा नोक्सानी भएमा सिडिएससिले, आवश्यक देखेमा, अन्य कुराका अतिरिक्त सिडिएससिसमक्ष रहेका कुनै पनि धितोपत्रको मिलान वा बाँडफाँडद्वारा, सर्वप्रथम त्यस्तो क्षति वा नोक्सानीलाई पुर्ति गराउनेछ र भएको क्षति निष्काशनकर्ताबाट उपर गरिलिनेछ ।

२२.२. सिडिएससिले आफू वा आफ्ना अधिकारी, कर्मचारी वा सेवकका कार्यबाट ऐन, नियम, विनियमावली र सञ्चालन निर्देशिकाको उल्लंघन वा गलत प्रस्तुति, जालसाँजी, चोरी मास्ने वा विश्वासको धोका वा सिडिएससिको निष्काशनकर्ताप्रतिको दायित्व पूरा नगरेका वा सिडिएससिले दिने सेवाको कुनै पनि कमिकमजोरीबाट निष्काशनकर्तालाई हुन गएका सबै क्षति, हानी, नोक्सानीसँग सम्बन्धी दस्तुर तथा खर्चको निष्काशनकर्तालाई हर्जाना दिनेछ ।

**२३. काबुबाहिरको परिस्थिति :**

यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भूँईचालो, आगलागी, विस्फोटन वा दैवी घटना, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही आपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंश, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौताअन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षतिसोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

**२४. जनाउ :**

यस सम्झौताअनुसार दिइने आवश्यक हुने  कुनै पनि जनाउ वा सञ्चार लिखित रूपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

**२५. प्रभावरहितताको हद :**

यो सम्झौताको कुनै पनि प्रावधान कुनै अदालत, नियमनकारी निकायले गैरकानूनी, प्रभावशून्य वा लागू गर्न नसकिने भनी निरूपण वा ठहर गरेमा वा कुनै कानूनको संशोधन, वा न्यायिक निर्णयका कारणले शून्य वा लागू गर्न नसकिने बनाइएमा  यस सम्झौतामा

हुनुपर्नेसम्भव भएसम्म सम्झौताका अन्य प्रावधानहरू फेरबदल नगरी त्यस्तो प्रावधान निष्क्रिय वा प्रभावरहित हुनेछन् तर सो कुराले सम्झौताका बाँकी प्रावधानहरूलाई असर गर्नेछैनन् ।

**२६. बोर्डबाट भएका संशोधन वा हेरफेर बन्धनकारी हुने :**

निष्काशनकर्ता र सिडिएससी बीच भएको यस सम्झौतामा वोर्डवाट कुनै संशोधन वा सुधार गर्न जारी निर्देशनको दुवै पक्षले पालना गर्नुपर्नेछ ।

**२७. परित्याग गर्न नपाउने :**

यसका कुनै पनि पक्षले यस सम्झौता अन्तर्गत भएका वा कानूनमा रहेका कुनै पनि अधिकार, विशेषाधिकार वा उपचार लिखित रूपमा कार्यान्वयन गरेबाहेक परित्याग गर्न, छाड्न वा अलग्गिन पाउनेछैनन र पक्षहरू त्यस्ता अधिकार, विशेषाधिकार वा उपचार प्रयोग नगर्न वा विलम्ब गर्ने कुराले त्यसको परित्याग गरेको कुरा वा यस सम्झौताको तेस्रो पक्षले गरेको कुनै कार्यविधि, उल्लंघन परित्याग क्रियाशील हुनेछैन साथै यस सम्झौताअन्तर्गत वा अन्य कानून अन्तर्गत उपलब्ध अधिकार, विशेषाधिकार वा उपचारको एक वा आंशिक प्रचलन पनि हुनेछैन वा सामान्यतया यस्ता सबै अधिकार, शक्ति, विशेषाधिकार वा उपायहरू एकअर्कामा अनेक र सञ्चयी भएर स्वीकारिएका हुनेछैनन् ।

**२८. अनुशासन र कारबाही :**

पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावलीमा तोकिएअनुसारको मध्यस्थता समिति सम्बन्धी व्यवस्था लागू हनेछ ।

**२९. नियमनकारी भाषा :**

यस सम्झौतापत्रको विषयवस्तुका सम्बन्धमा पक्षहरूका बीचमा कार्यान्वयन हुने सबै लिखत, कागजात तथा लेखाइ र आदानप्रदान गरिने पत्राचार नेपाली भाषामा हुनेछ जुन पक्षहरूबीचको नियमनकारी भाषा हुनेछ ।

**३०. नियमनकारी कानून :**

यो सम्झौता प्रचलित नेपालको कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

**३१. सम्झौताको कार्यान्वयन :**

यो सम्झौताको कार्यान्वयन सक्कल प्रतिबाट गरिनेछ जुन यसका पक्षहरूसँग रहनेछन् ।

**सम्झौताका प्रथम पक्ष**

सिडिएससिको तर्फबाट अधिकार प्राप्त<br>
व्यक्तिको नामः<br>
दस्तखत :<br>
कम्पनीको छाप :

**सम्झौताका दोश्रो पक्ष**

निष्काशनकर्ताको तर्फबाट अधिकार प्राप्त<br>
व्यक्तिको नामः<br>
दस्तखत :<br>
कम्पनीको छापः

**साक्षी**

१. ..........................................

**साक्षी**

१. ..........................................

ईति संम्वत ............ साल ............... महिना ............ गते रोज.......... शुभम् ।

## अनुसूची - ४
## (विनियम १०सँग सम्बन्धित)
## निक्षेप सदस्यताका लागि दिने निवेदनको ढाँचा

मिति : ............................

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.

......................................

धितोपत्र सम्बन्धि ऐन, २०६३ र सो अन्तर्गत बनेको नियम, विनियम तथा अन्य प्रचलित कानूनको अधिनमा रहि निक्षेप सदस्यको रुपमा कार्य गर्ने इच्छा भएकोले देहायको विवरण तथा कागजात संलग्न गरी निक्षेप सदस्यको अनुमतिपत्र प्राप्त गर्न यो निवेदन पेश गर्दछु ।

यस निवेदनसाथ संलग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला, बुझाउँला ।

**कार्यकारी प्रमुखको**

नाम :

दस्तखत :

संगठित संस्थाको छाप :

## [३२]अनुसूची - ५
## (विनियम १४ र १५ सँग सम्बन्धित)
## सदस्यता दस्तुर तथा नवीकरण शुल्क

१. सदस्यता दस्तुर : रु.५०,०००।-

२. सदस्यता नविकरण दस्तुर : रु.२५,०००।-

३२ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

## अनुसूची - ६

### (विनियम १०को उपविनियम २ को खण्ड (क) सँग सम्बन्धित)

### संचालक/कार्यकारी प्रमुख सम्बन्धि विवरण

हालसाल खिचिएको पासपोर्ट साइजको फोटो

१. नाम :-

२.

स्थायीठेगाना:-........अंचल...........जिल्ला................गा.वि.स. ⁄ न.पा. ⁄ म.न.पा............... टोल.......... वडा नं......... ब्लक नं. .........फोन नं. .............. फ्याक्स.......... इमेल ...................

३.

हालकोठेगाना:-........अंचल...........जिल्ला................गा.वि.स. ⁄ न.पा. ⁄ म.न.पा............... टोल.......... वडा नं......... ब्लक नं. .........फोन नं. .............. फ्याक्स.......... इमेल ...................

४. बाबुको नाम :-

५. बाजेको नाम :-

६. पति वा पत्नीको नाम :-

७. शैक्षिक योग्यता :-

८. व्यवसायिक अनुभव :-

९. तालिम :-

१०. अन्य कम्पनीवा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको भए त्यस सम्बन्धी विवरण :-

१२. आफू उपर वा आफू सम्बन्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धीकानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण :-

दस्तखत

संलग्न गर्नुपर्ने कागजात :-

१. अघिल्लो आर्थिक वर्षसम्मको कर दाखिला गरेको प्रमाण ।

२. कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए त्यस्तो सूचीबाट हटेको प्रमाणित गर्ने कागजात ।

३. योग्यता अनुभव प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

४. नागरिकता प्रमाणपत्र प्रतिलिपि ।

## अनुसूची - ७
## (विनियम १०को उपविनियम २ को खण्ड (ख) सँग सम्बन्धित)
## निक्षेप सदस्यको अनुमति लिन चाहने संगठित संस्था सम्बन्धी विवरण

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. प्रबन्धपत्र र नियमावली
३. संस्थापकहरु बीच निक्षेप सदस्य, कम्पनी संस्थापन गर्ने सम्बन्धमा कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि
४. केन्द्रिय निक्षेपको सदस्यता लिन संचालक समितिले गरेको निर्णय
५. कार्यालय संचालनका लागि तयार गरिने पूर्वाधार सम्बन्धी देहायको विवरण :-
   (क) कार्यालय रहने स्थान तथा कार्यालयले ओगट्ने क्षेत्रफल सम्बन्धी विवरण,
   (ख) कार्यालय संचालनका लागि व्यवस्था गरिने जनशक्ति सम्बन्धी विवरण,
   (ग) संचालनका लागि व्यवस्था गरिएको कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,

## अनुसूची - ८
## (विनियम १०को उपविनियम २ को खण्ड (ग) सँग सम्बन्धित)
## निक्षेप सदस्य कम्पनीको शेयर स्वामित्व लिने संस्थासम्बन्धी विवरण

१. दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,
३. कुनै विशेष ऐनद्वारा संस्था संस्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,
४. निक्षेप सदस्यको शेयर ग्रहण गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,
५. प्रचलित कानूनबमोजिम तोकिएको ढाँचा र लेखामानअनुसार तयार गरी लेखा परीक्षण भएको विगत तीन आर्थिक वर्षको वित्तीय विवरण तथा प्रत्येक वर्षमा गरेको काम कारवाहीसमेत समावेश गरिएको वार्षिक प्रतिवेदन,
   (संस्थापना भएको तीन वर्ष पूरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा उपलब्ध वर्षको वित्तीय विवरण तथा प्रतिवेदन पेश गर्न सकिनेछ ।)
६. कम्पनी कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको उद्घोषण,
७. कम्पनी वा संगठित संस्था वा संस्थाको संचालक उपर धितोपत्रसम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सोसम्बन्धी विवरण,
८. कर दर्ता प्रमाण,
९. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,
१०. संचालकसम्बन्धी देहायका विवरण तथा कागजात,
   क) तीन पुस्तेसहित पूरा नाम र ठेगाना,
(ख) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै संलग्नता रहेको भए तत्सम्बन्धी विवरण ।

## अनुसूची - ९
### (विनियम १४ सँग सम्बन्धित)
### सिडिएससि र निक्षेप सदस्यबीचको सम्झौता

काठमाडौं स्थित रजिस्टार्ड कार्यालय रहेको सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (यसपछि "सिडिएससि" भनिएको) प्रथम पक्ष र .....स्थित कार्यालय रहेको.................. (वैधानिक अस्तित्व भएको निकायको विवरण) यसपछि ("सदस्य" भनिएको) दोश्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिका साथ यो सम्झौता गरिएको छ ।

**१. सामान्य प्रावधान :**

१.१. यस सम्झौतामा प्रयोग भएका तर व्याख्या नगरिएका तर कम्पनी ऐन २०६३, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली २०६७ वा सिडिएससिका विनियमावलीहरूमा व्याख्या गरिएको शब्दावली तथा वाक्यांशहरूको अर्थ उल्लिखित ऐन, नियम र विनियिम अनुसार हुनेछन् ।

१.२. यस सम्झौतामा प्रयोग भएका "हितग्राही", "फछ्र्यौट निकाय", "निष्काशनकर्ता", "सदस्य", "रजिष्ट्रार वा धितोपत्र हस्तान्तरण प्रतिनिधि" जस्ता शब्दावली तथा वाक्याशंहरूले धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ तथा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा उल्लेख भए बमोजिमको अर्थ लाग्नेछ ।

१.३. सदस्यका लागि धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली २०६७ बन्धनकारी हुनेछ र यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको अङ्गका रूपमा सिडिएससिले जारी गरेको विनियमावली तथा सञ्चालन निर्देशिका पालन गर्न सहमत छन् ।

१.४. सदस्य खारेज हुनुभन्दा अगाडि सदस्यले सम्पन्न गरेका, कार्यान्वयन गरेका, लागु गरेका, सञ्चालन गरेका वा त्यसो गर्न आवश्यक भएका तथा सदस्य खारेज हुँदाको समयमा बाँकी, अपूर्ण वा अनिर्णित रहेका सबै विषयहरू, प्रविष्टिहरू वा कारोबारहरूसँग सम्बन्धित निजका उत्तरदायित्वहरूको समापन गर्न वा पालनका लागि आवश्यक भएसम्म विनियमावली तथा सञ्चालन निर्देशिका बमोजिम सदस्य खारेज भएपश्चात् पनि सदस्यका हकमा बन्धनकारी रहिरहनेछन् ।

१.५. सदस्यले सिडिएससिलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ । यसरी तोकिएको समयमा रकम नबुझाएको अवस्थामा सिडिएससिले कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

**२. सदस्यले जडान गर्नुपर्ने हार्डवेयर तथा सफ्टवेयर :**

२.१. सिडिएससिसँग सम्बन्धित कार्यहरूका लागी छुट्याइएको स्थानहरूमा सदस्यले आवश्यक कम्प्युटर, प्रिन्टर, सञ्चारका उपकरणहरू र अविछिन्न विद्युत प्रवाह एकाइ, सिस्टम सफ्ट्वेयर र तोकिए अनुसारका अन्य उपकरण हार्डवेयर तथा सफ्ट्वेयर जडान गर्नेछ ।

२.२. सिडिएससिले वा यसका एजेन्टले सोझै परिपूर्ति/उपलब्ध गराएको अवस्थामा बाहेक सदस्यले खरिद गरेका सबै कम्प्युटरहरू, सञ्चारका उपकरणहरु, प्रिन्टर, अविच्छिन्न विद्युत प्रवाह

एकाइहरू तथा अन्य सबै हार्डवेयर र सफ्ट्वेयरहरू तोकिएको स्वरुप (Configuration)मा परिपूर्ति भएको हुनुपर्ने कुरामा सहमति कायम गरिएको छ ।

२.३. माथि उल्लेखित हार्डवेयर तथा सफ्ट्वेयर संरचनालाई सदस्यले निश्चित कम्प्युटर प्रोग्राम (Application Module) का लागि मात्र प्रयोग गर्नेछ, र यदि त्यहाँ भण्डारण तथा प्रक्रियागत क्षमता बढी भएमा पनि त्यसलाई सदस्यले आफ्नो कार्यालयको अन्तरप्रणाली वा सञ्चालन लगायत अन्य कुनै पनि कम्प्युटर प्रयोगमा उपयोग गर्नेछैन ।

२.४. सिडिएससिको लिखितअनुमति बिना सदस्यले आफ्नो कार्यालयआन्तरिक व्यापक क्षेत्रको सञ्जाल (Wide Area Network)मा उल्लिखित हार्डवेयर जडान गर्नेछैन ।

२.५. हार्डवेयरलाई थपघट गर्न बदल्न, स्तरोन्नति गर्न वा विस्थापन गर्न लाग्ने खर्च सदस्य आफैले व्यहोर्नेछ ।

**३. आबद्धता र प्रणालीहरू :**

३.१. सदस्य र सिडिएससिले एकआपसमा सञ्चारको विद्युतीय माध्यम निरन्तर रूपमा स्थापना गर्नेछन् ।

३.२. निक्षेपसँग सम्बन्धित कार्यसञ्चालनको लागि प्रभावकारी तथा छिटोछरितो रूपमा कारोबार सम्पादन गर्न आवश्यक हुनाले सिडिएससिले समयसमयमा सदस्यलाई सञ्चालनको आवश्यक निर्देशन प्रदान गर्नेछ ।

३.३. सदस्यले सिडिएससिको सदस्य भएको नाताले यसको सञ्चालनसम्बन्धी सिडिएससिले तोके बमोजिमका त्यस्ता प्रणाली, विधि, सञ्चारका साधन, संरचना, हार्डवेयर, सफ्टवेयर, सुरक्षाका उपकरणहरू, भण्डारण/आधार सुविधाहरू (Back-up Facilities) आफ्नो खर्चमा खरिद तथा मर्मतसम्भार गर्नेछ र सिडिएससिले समयसमयमा तोकेअनुसार तिनीहरूलाई स्तरोन्नति वा विस्थापन गर्नेछ ।

३.४. सिडिएससिले सिफारिस गरेको सबै प्रणाली तथा कार्यविधिहरूलाई सदस्यले पालना गर्नेछ र सिडिएससिले कार्यविधिको पालनाको आवधिक मूल्याङ्कन गर्नका लागि खटाएको कम्प्युटर कृत प्रणालीको कार्यसम्पादन परीक्षण गर्न विशेष सीप भएका वा विज्ञहरू भएको एक वा एक भन्दा बढी व्यवसायीहरूको समूह (जसलाई “प्रणालीको परिक्षण गर्ने समूह” भनेर बुझिन्छ) लाई आफ्नो प्रणाली सम्मको पहुँच सदस्यले प्रदान गर्नेछ ।

**४. कार्यसञ्चालन प्रारम्भहुने मिति :**

सिडिएससीबाट सदस्यलाई कार्य सञ्चालन गर्न सहमति प्रदान गरेको मितिदेखि कार्य प्रारम्भ गर्नेछ ।

**५. सदस्यले सिडिएससिलाई उपलब्ध गराउनुपर्ने सूचनाहरू :**

५.१. देहायबमोजिम उल्लेख गरिएको अवधिभित्र सदस्यले सिडिएससिलाई देहायबमोजिम सूचनाहरू उपलब्ध गराउने :

५.१.१. आर्थिक वर्ष समाप्तिको तीन महिनाभित्र सदस्यले लेखापरीक्षण भएको आफ्नो वार्षिक लेखाको आधारमा आफ्नो सम्बन्धित नियमनकारी संस्थाले तोकेअनुसार तयार गरेको लेखापरीक्षक द्वारा परीक्षण गराएको खुद सम्पति विवरण/प्रमाणपत्र

पेस गर्नेछ। तर यस प्रकरणअन्तर्गत जारी गरिएको प्रमाणपत्र/विवरणमा विगतमा उल्लेख गरिएको सदस्यको खुद सम्पति भन्दा यस पटकको खुद सम्पति कम भएको खण्डमा, सदस्यले सिडिएससिलाई यसबारे तुरुन्त खवर गर्नेछ र सिडिएससिले माग गरेमा माथि लेखिएबमोजिम तयार गरी वैधानिक लेखापरीक्षकद्धारा प्रमाणित खुद सम्पतिको विवरण सिडिएससिलाई प्रदान गर्नुपर्नेछ । तत्पश्चात सिडिएससिले नियमावली, विनियमावली वा यस सम्झौता अनुसारको उपयुक्त कारवाहि गर्न सक्नेछ।

५.१.२. सदस्य, कुनै मान्यताप्राप्त धितोपत्र बजार सदस्य भएमा वा परिस्थितिअनुसार त्यस्तो धितोपत्र बजारका विनियमहरू अथवा त्यस सम्बन्धि सरकारले वा नेपाल धितोपत्र बोर्डले तर्जुमा गरेको कानूनहरूको पालना नगरेमा वा उल्लंघन गरेमा वा भंग गरेमा अथवा निजका सञ्चालन, गतिविधि वा सदस्यताहरू परिस्थितिअनुसार धितोपत्र विनिमय, वा अन्य निक्षेप संस्थाले निलम्बन वा खारेज गरेमा, त्यस्तो उल्लंघनको प्रकृति र त्यस्तो उल्लंघन, निलम्बन वा खारेजको कारण घटना भएमा घटना हुनासाथ जानकारी गराउनु पर्नेछ।

५.१.३. हितग्राहीबाट एक महिनाभर प्राप्त उजुरी, सोही महिना समाधान गरेका/समाधान नगरेका उजुरीको संख्या तत्पश्चात्को अवस्था र सदस्यले समाधानको लागि चालेको कदम अर्को महिनाको दस दिन भित्र जानकारी दिनु पर्नेछ।

५.१.४. सिडिएससिलाई बुझाएको आवेदन फारममा भएका कुनै पनि विषयहरूसँग सम्वन्धित कुनै पनि कुरामा भएको परिर्वतनको यथासिघ्र सदस्यले सिडिएससिलाई सूचित गर्नुपर्नेछ।

५.१.५. सदस्यसँग भएको हितग्राही सम्बन्धि सूचना तथा खाताहरू सदस्यले सिडिएससिलाई आवश्यक भएअनुसार समय समयमा प्रदान गर्नुपर्नेछ।

५.१.६. सदस्य कर्जा सूचना केन्द्रबाट कालो सूचिमा पर्न गएमा सो को बारेमा सिडिएससिलाई तुरुन्तै खबर गर्नुपर्नेछ।

**६. सदस्यको काम कर्तव्यहरु :**

६.१. सदस्यले हितग्राहीसँग कुनै सम्झौता गर्नुपूर्व वा खाता खोल्नुपूर्व देहायबमोजिम गर्नेछ :

६.१.१. खाता खोल्न आवश्यक विषयहरुका बारे सोधपुछ गर्नेछ तथा विगतका क्रियाकलापको मूल्याङ्कन गर्न विशेष सावधानी तथा सर्तकता अपनाउनेछ।

६.१.२.हितग्राहीले खाता खोल्न वा धितोपत्रहरूलाई अभौतिकीकरण गर्न पेस गरेका सबै कागजातहरूको वैधता जाँच गर्नेछ।

६.१.३. सदस्यले सम्बन्धित हितग्राही वा सिडिएससिबाट पूर्व लिखित आदेश प्राप्त नगरि हितग्राहीको खातालाई डेबिट वा क्रेडिट गर्नेछैन्।

६.१.४. सदस्यले हरेक हितग्राहीको नाममा भिन्ना भिन्नै खाता खोली अभिलेख राख्नेछ र प्रत्येक हितग्राहीको धितोपत्रहरूलाई अलगै राख्नेछ तथा अन्य हितग्राही वा सदस्य स्वयंका धितोपत्रहरूसँग मिसाउने छैन।

६.१.५. सदस्यले कम्तीमा ५ (पाँच) वर्षसम्म सबै सक्कल कागजातहरू जस्तै : खाता खोल्ने फारमहरू, हितग्राही संगका सम्झौताहरू तथा हितग्राहीबाट प्राप्त निर्देशनहरू, अभौतिकीकरण अनुरोध फारम तथा पुनःभौतिकीकरण अनुरोध फारमको छायाँप्रति पनि सुरक्षित रूपमा राख्नुपर्नेछ ।

६.१.६. सदस्यले गरेको वा उसको मार्फत भएका कारोबारसँग सम्बन्धित शुल्क, दस्तुर, बाँकि तथा जरिवाना तिर्ने सदस्यको सिडिएससिप्रतिको जिम्मेवारी तथा दायित्व निशर्त हुनेछ ।

६.१.७. हितग्राहीबाट प्राप्त आदेशलाई सोही दिन सदस्यले कार्यान्वयन गर्नुपर्नेछ तर यसो गर्न छुटेमा/नसकेमा त्यस निर्देशनलाई ठीक अर्को दिनको कार्यालय समयभित्र सम्पन्न गर्नुपर्नेछ ।

६.१.८. हितग्राहीको स्वामित्वमा रहेको अथवा सदस्यले गर्ने कारोबारको सिलसिलामा उसको जिम्मामा आएको कुनै पनि धितोपत्र, अभिलेखवा कागजातहरू नष्ट भएमा वा चोरी भएमा सदस्यले तुरुन्तै सिडिएससि, सम्बन्धित निष्काशनकर्ता अथवा रजिष्ट्रार तथा हितग्राहीलाई सो सम्बन्धमा सूचित गर्नेछ ।

६.१.९. सदस्यले गरेको वा सदस्यमार्फत गरिएका प्रविष्टि, कारोबार वा स्थानान्तरणहरूसँग नेपाल सरकारले जारी गरेको नियमअनुसार तिर्नुपर्ने कुनै पनि प्रकृतिका शुल्क कर वा दस्तुरहरू तिर्नुपर्ने भएमा कानूनले मागेबमोजिम तिरे नतिरेको सुनिश्चित गर्न सदस्य आफैं जिम्मेवार हुनेछ ।

६.१.१०. विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख भएअनुसार र तोकिएको समय भित्र भौतिकीकरण वा पुनःभौतिकीकरण गर्न हितग्राहीबाट प्राप्त आग्रहलाई सदस्यले अगाडि बढाउनेछ तथा नियमावली तथा सिडिएससिद्वारा व्यवस्था गरिएअनुसार सो को अभिलेख राख्नेछ ।

६.१.११. यस सम्झौतामा वा विनियमावलीहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, अदालत अथवा कानूनबमोजिमको निकायको आदेशको अवहेलना हुने भएमा अथवा नेपाल सरकार वा नेपाल धितोपत्र बोर्ड वा सदस्य वा सिडिएससिद्वारा पालना गरिने अन्य कुनै वैधानिक निकाय वा राजस्व अधिकारीको कुनै आदेश वा निर्देशनको अवहेलना हुने भएमा अथवा हितग्राहीको भलो नहुने ठहर गरेमा कुनै पनि प्रविष्टि वा कारोबारलाई मूर्त रूप दिन सदस्य बाध्य हुनेछैन ।

६.१.१२. ऐन, नियम अन्तर्गत निक्षेप सदस्यलाई दिएको जिम्मेवारीअनुसार हितग्राहीको खाता रोक्का गर्ने वा हितग्राहीको खातासँग सम्बन्धित कुनै कारवाहि बारे अदालत न्यायधिकरण, नेपाल सरकार वा कानून बमोजिम अख्तियारी प्राप्त अधिकारीको कुनै आदेशलाई त्यस्ता अधिकारीबाट हितग्राही परिचय नम्बर वा स्थायी लेखा नम्बर वा नागरिकता प्रमाणपत्र नम्बर साथै त्यस्तो आदेशमा पर्याप्त यथार्थ विवरण उल्लेख नभएको भए प्रष्ट निर्देशन प्राप्त भएपछि मात्र त्यस्तो कारवाहिलाई सिडिएससिवा सदस्यले अगाडि बढाउनेछन् ।

६.१.१३. हितग्राहीले दिएका निर्देशन वा कार्यादेशउपर आवश्यक कारवाहि गर्ने जिम्मेवारी सदस्यको हुनेछ र हितग्राहीको निर्देशन वा कार्यादेशको पूरा नगरेका कारणबाट हुने परिणामको जिम्मेवार सदस्य स्वयं हुनेछ।

६.१.१४. धितोपत्र बजारमा भएको कारोबारको राफसाफ तथा फछ्र्यौट प्रयोजनको लागि तथ्यांक प्रविष्टि तथा धितोपत्रको स्थानान्तरण गर्ने सम्बन्धमा सिडिएससिले समयसमयमा निर्धारित गरेको कार्यतालिकालाई सदस्यले अनिवार्य पालना गर्नेछ ।

६.१.१५. सदस्यले हितग्राहीलाई निजका खातामा सो महिनामा केवल एउटा प्रविष्टि वा कारोबार भएमा हरेक महिनाको अन्तमा र अन्य अवस्थामा हरेक आर्थिक वर्षको अन्तमा खाताको फाँटवारी प्रदान गर्नेछ । सदस्यले आवश्यक दस्तुर लिई हितग्राहीलाई चाहिएको बेला छोटो समयावधिमा त्यस्तो फाँटवारी प्रदान गर्नेछ ।

६.१.१६. सदस्यले हितग्राहीको निर्देशनपुर्जीमा दस्तखतलगायत हितग्राहीले वा निजका हकमा जारी भएका निर्देशनहरूको आधिकारिकता जाँच प्रमाणित गर्ने उत्तरदायित्व सदस्यको हुनेछ र निर्देशनपुर्जीको दस्तखत ठीक दुरुस्त भएको कुरामा आफू सन्तुष्ट भएपछि निर्देशनको सम्पादन गर्नेछ । यस सम्बन्धमा सिडिएससि वा नेपाल धितोपत्र बोर्डले समयसमयमा तोकेका प्रक्रियाहरू ठीकठीक ठाउँमा रहेको कुरा सदस्यले निश्चित गर्नेछ ।

६.१.१७. ऐन, नियम, नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्टारबाट मार्गदर्शन, जनाउ, परिपत्र वा जुनसुकै नाममा गरिएका पत्राचार, विनियमावली र सञ्चालन निर्देशिका, नेपाल धितोपत्र बोर्ड तथा नेपाल राष्ट्र बैंकबाट समयसमयमा जारी भएका परिपत्रसँग मेल नखाने गरी हितग्राहीको नाममा कुनै खाता नखोलिने कुरा निश्चित पार्नु सदस्यको कर्तव्य हुनेछ ।

**७. सदस्यको आफ्नै खातासम्बन्धी दायित्व :**

७.१. सदस्यले सिडिएससिमा आफूले राखेका वा आफ्नो नाममा रहेका धितोपत्रसँग आफूले सदस्यको रूपमा हितग्राहीका नाममा राखेका धितोपत्रहरूलाई मिसाउनेछैन ।

७.२. सदस्यले आफ्ना खाता (हितग्राहीका निजसँग रहेका खाताभन्दा भिन्दै) मा धितोपत्र निक्षेप जम्मा गर्दा र झिक्दा विनियमावली र सञ्चालन निर्देशिकाले कायम गरेका कार्यविधिसँग मिल्दो गरी गर्नेछ ।

**८. अभिलेख भिडान र त्रुटि सच्याउने :**

८.१. सदस्यले सिडिएससिसँगका निजका अभिलेखहरू दैनिक रूपले भिडाउनुपर्नेछ। हितग्राहीहरूका सबै अभिलेख र सदस्यले सिडिएससिबाट पाएका सञ्चय, फाँटवारीको जाँच गर्ने र भिडान गर्ने गर्नुपर्छ र त्यस्ता अभिलेख, सञ्चय, फाँटवारी र प्रतिवेदनमा कुनै त्रुटि वा छुटपुटको सिडिएससिलाई तुरुन्त जनाउ दिनुपर्नेछ ।

८.२. सिडिएससिले उपलब्ध गराएका कुनै पनि सुझाव, फाँटवारी वा प्रतिवेदनमा कुनै त्रुटि नभएमा सम्बन्धित मामिलाका लागि अन्तिम हुनेछ । सिडिएससिले अन्यथा स्वीकार गरेमा

बाहेक, कुनै पनि सुझाव, फाँटवारी वा प्रतिवेदनमा रहेको कुनै त्रुटि वा छुटपुट सिडिएससिले उल्लेख गरेको समयभित्र सदस्यले जानकारी गराउन नसकेमा सच्याउनका लागि आवश्यक कुनै पनि अधिकार सदस्यले पाउनेछैन ।

८.३. त्रुटि सच्याउने विषय हितग्राहीको हितमा छ भन्ने कुरामा सन्तुष्ट भएमा सिडिएससिले माथि लेखिएअनुसारको कुनै त्रुटि वा छुटपुट सच्याउन सदस्यले ढिलागरी गरेको अनुरोधलाई मान्न सक्नेछ । सदस्यको यस्तो अनुरोधलाई सिडिएससिले मान्यता दिएमा अनुरोधको ढिलाइबाट सिडिएससि वा अन्य कुनै सदस्य वा हितग्राहीलाई भएको कुनै पनि क्षतिका लागि सदस्य उत्तरदायी हुनेछ ।

८.४. कुनै पनि हितग्राहीका खाताका त्रुटिपूर्ण प्रविष्टि वा कारोबार सच्याउने अधिकार सिडिएससिमा रहनेछ । यस्तो कुनै पनि भूलसूधारको कार्य सम्पादन गर्दा सिडिएससिले सदस्य र त्यस्तो हितग्राहीलाई सूचित गर्नेछ ।

८.५. हितग्राहीको खतामा रहेको धितोपत्रहरूमा गलत ह्रास आउने वा सन्तुलन ऋणात्मक हुने गरी सदस्यतर्फबाट भएको त्रुटि, गल्ती वा लापरवाही भएको कुनै पनि त्रुटिपूर्ण प्रविष्टि वा कारोबार भएमा, सिडिएससिका अन्य कुनै पनि अधिकार तथा उपचारहरूसँग पूर्वाग्रह नराखी, सिडिएससिले आफ्नो निरपेक्ष तजबिजमा देहायका एक वा बढी गर्न सक्नेछ :

८.५.१. सदस्यको लागत र खर्चमा न्यून भएको धितोपत्रको सदस्यबाट असुल गर्न लगाउने,

८.५.२. प्रचलित बजारमूल्यमा असुल स्वरूप न्यून भएको धितोपत्र आफैले खरिद गर्ने । यस्तो धितोपत्र खरिदको सिलसिलामा सिडिएससिबाट भएका लागत र खर्च सदस्यले बेहोर्नेछ । उल्लेख भएबमोजिम सिडिएससिबाट त्यस्ता न्यून धितोपत्रको खरिद वा असुल गर्ने सिलसिलामा भएका सबै लागत, शुल्क, दस्तुर, महसुल, घाटा र क्षति सदस्यले सिडिएससिलाई शोधभर्ना गर्नुपर्नेछ ।

८.५.३. सिडिएससिले तोकेको समयभित्र कुनै पनि कारणले न्यून धितोपत्र असुल हुन नसकेमा, सिडिएससिले सदस्यलाई न्यून धितोपत्र त्यस्तो त्रुटिपूर्ण प्रविष्टि वा कारोबार भएको मिति वा शोधभर्नाको मितिमा धितोपत्रको मूल्यको नगद वा बजार मूल्यमध्ये उच्च हुने सिडिएससिले ठीक ठहराएको  रकम हितग्राहीलाई शोधभर्ना गर्न लगाउन सक्नेछ ।

८.५.४. न्यून धितोपत्र वा सोको सट्टामा शोधभर्नाको असुल बाँकी राखी सिडिएससिले उपयुक्त हुने ठहराएको धितोपत्र वा अतिरिक्त धितोपत्रको रकम सिडिएससिलाई भुक्तान गर्न सदस्यलाई आह्वान गर्नेछ ।

### [३३]**९. धितोपत्रको सीमा :**

निक्षेप सदस्यले निक्षेप व्यवस्थापन गरेको हितग्राहीको धितोपत्रको बजार मूल्य आफ्नो खुद सम्पत्ति मूल्यको ५०० गुणा भन्दा बढी हुनु हुने छैन ।

---

३३ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

**१०. सम्झौताको ढाँचा बन्धनकारी हुने :**

यसमा जुनसुकै कुरा लेखिएको भए तापनि, सदस्यले हरेक हितग्राही र धितोपत्र दलालसँग गर्ने सम्झौताको सन्दर्भमा विनियमावलीमा संलग्न अनुसूचीको मसौदा सम्झौतापत्रको ढाँचा कडाईपूर्वक पालना गर्नुपर्नेछ र सिडिएससिको पूर्व लिखित सहमति प्राप्त गरेमा बाहेक तिनमा कुनै अन्तर, फेरबदल, थप वा केरमेट गर्न पाइनेछैन । उल्लिखित मसौदा सम्झौता विनियमावली र सञ्चालन निर्देशिका विरुद्ध भएमा सदस्यले निजका तर्फबाट दिएको कुनै पनि फाँटवारी वा गरेको कुनै प्रतिनिधित्व वा कुनै दायित्व वा दातव्यका लागि सदस्य पूरापूर उत्तरदायी हुनेछ ।

**११. आन्तरिक नियन्त्रण र लेखापरीक्षण :**

११.१. सदस्यले अन्य कुराका अतिरिक्त विनियमावली र सञ्चालन निर्देशिकामा उल्लेख भएबमोजिम गोपनीयता पालन गर्ने कुरा निश्चित पार्नका लागि निजको आन्तरिक कार्यसम्पादनको नियमित पुनरावलोकनका लागि भिन्दै आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण विभाग खडा गर्ने लगायतका लेखापरीक्षण तथा नियन्त्रणका उपायहरूका लागि उपयुक्त प्रणाली जडान तथा व्यवस्थापन गर्नुपर्नेछ ।

११.२. सदस्यको रूपमा निजका क्रियाकलाप तथा कार्यसञ्चालन, कार्यसम्पादन, आर्थिक, प्राविधिक तथा अन्य सूचनावली, जानकारी, प्रतिवेदन, लेखापरीक्षकले लेखापरीक्षण र प्रमाणित गरेका कुरा समयसमयमा र अवस्थाअनुसार विनियमावली र सञ्चालन निर्देशिकाले तोकेका अवधि, ढाँचा र तरिकाअनुसार पेश गर्नुपर्नेछ ।

**१२. सिडिएससिबाट निरीक्षण :**

सिडिएससिले आफ्ना तर्फबाट निरिक्षणका लागि अख्तियारी प्रदान गरेका व्यक्तिहरूबाट सदस्यका सम्पूर्ण कामकारवाहिसँग सम्बन्धित सुविधा, प्रणाली, अभिलेख तथा खाताहरूको निरीक्षण गर्ने हक राख्नेछ र सदस्यले यसरी अख्तियारप्राप्त व्यक्तिलाई कार्यदिनमा सदस्यको कार्यालय वा कार्यव्यापारको समयमा निजका हातामा प्रवेश गर्न र निजका सुविधा, प्रणाली, अभिलेख तथा खातासम्म पहुँच दिई तिनको प्रतिलिपि लिन अनुमति दिनुपर्नेछ ।

**१३. सदस्यले सिडिएससिलाई अविलम्ब जनाउ दिनुपर्ने विषयहरू :**

१३.१. सदस्यले देहायका कुरा अविलम्ब सिडिएससिलाई जनाउ दिनेछ :

१३.१.१. अदालतसमक्ष विघटनका लागि निवेदन परेमा वा सदस्यको विघटनसम्बन्धी प्रस्ताव पास भएमा,

१३.१.२. सदस्य गाभिने, मिसिने वा पुनर्गठन भएमा,

१३.१.३. निजको टाटपल्टाइ, दामासाही, लिक्विडेसन वा यसको सम्पत्ति सार्ने विषयमा कुनै निवेदन प्रस्तुत भएको कुरामा जानकारी भएमा,

१३.१.४. सदस्य वा निजको सम्पत्तिउपर कुनै कर, महसुल, दस्तुर, दण्ड,जरिवाना बाँकीबक्यौता असुलउपरका लागि सदस्यविरुद्ध कुनै वैधानिक वा राजस्व अधिकारीबाट कुनै उजरी छानबीन भएको जानकारी भएमा,

१३.१.५. सदस्यको सम्पत्तिको विवादमा कुनै अदालतसमक्ष कुनै निवेदन प्रस्तुत भएमा,

१३.१.६. निजको दामासाही, विघटन वा समाप्ति हुन सक्ने गरी निजको आर्थिक अवस्थामा कुनै फेरबदल भएमा,

१३.१.७. निजको कुनै सम्पत्तिका सम्बन्धमा लिक्विडेटर, नियुक्त गर्ने प्रस्ताव विचार गर्न कुनै बैठक बोलाइएमा वा सदस्यको रूपमा काम गर्ने निजको क्षमतालाई भौतिक रूपले असर पार्न सक्ने परिस्थितिको कुनै पनि फेरबदल भएमा,

१३.१.८. सदस्य धितोपत्र दलाल समेत भएमा सम्बन्धित धितोपत्र बजार वा बोर्डबाट निज डिफल्टर भएको वा सदस्यता निलम्बन वा समाप्त भएको घोषित गरिएमा,

१३.१.९. सदस्यले बोर्ड वा सिडिएससिले निर्धारण गरेका योग्यता पूरा नगरेमा,

१३.१.१०. यस सम्झौतापत्रका निजका दायित्वहरू सम्पादन र पूरा गर्ने निजको क्षमता, उपस्थिति वा व्यापारिक सम्भाव्यतालाई वस्तुतः असर गर्ने मनासिव सम्भावना रहेको वा सिडिएससि वा बोर्ड वा कानून अन्तर्गतको अन्य कुनै नियामक पदाधिकारीले निर्धारण गरेका योग्यता शर्तलाई भौतिक प्रतिकूल परिवर्तन गर्न सक्ने कुनै पनि परिघटनाबारे सदस्य सचेत भएमा ।

**१४. बीमा समेट्नुपर्ने :**

सिडिएससिले समयसमयमा दिएको निर्देशानुसार सदस्यले धितोपत्र निक्षेप व्यवसायको बीमा गर्नेछ ।

**१५. सदस्यले पेश गर्नुपर्ने सुरक्षण :**

१५.१. सिडिएससिले कुनै पनि समयमा निर्धारण गरेबमोजिमको तरिका र हदमा मागेबमोजिम त्यस्तो सुरक्षण वा अतिरिक्त वा कोलेटरल सुरक्षण सदस्यले सिडिएससिलाई उपलब्ध गराउनुपर्नेछ। सुरक्षण वा अतिरिक्त वा कोलेटरल सुरक्षणको निर्धारणका लागि सिडिएससिले अन्य कुराका अतिरिक्त सदस्य, निजका प्रतिनिधि वा कर्मचारीका तर्फबाट भएका कुनै पनि जालसाजी, लापरवाही, भूलचूक, गलतकार्यका कारणले हितग्राहीका खातामा रहेका धितोपत्रहरूको भिडान नभएको मौज्दात वा मौज्दातको अधिकता वा न्यूनतालाई समेत ध्यानमा राख्नेछ । यस्तो सुरक्षण सदस्यले सिडिएससिसमक्ष पहिला पेस गरेका कुनै पनि सुरक्षणबाट स्वतन्त्र र अतिरिक्त हुनेछ ।

१५.२. निक्षेप सदस्यले सिडिएससिसमक्ष पेस गरेको सुरक्षण, अतिरिक्त सुरक्षण वा कोलेटरल संरक्षणका रूपमा रहेको कुनै पनि सम्पत्तिलाई बेचबिखन, स्थानान्तरण वा अन्यथा अलग्याउने वा तिनमा कुनै धितोबन्धकी राख्ने वा अन्य तरिकाले तिनको अधिकारलाई दोहोरो खतरामा पार्ने कार्य गर्नेछैनन् ।

१५.३. निक्षेप सदस्यले सिडिएससि समक्ष पेस गरेको सबै वा कुनै पनि सुरक्षण निक्षेप सदस्यको वा अन्य कुनै हितग्राही, निक्षेप सदस्य, रजिष्ट्रार वा राफसाफ संस्थासँगको कुनै पनि दायित्वमा वा सोको सन्तुष्टिका लागि सदस्यलाई पूर्वसूचना नदिई प्रयोग गर्न सक्नेछ ।

**१६. अख्तियारप्राप्त प्रतिनिधि :**

सदस्यले यो सम्झौतापत्रको कार्यान्वयनसँगै सिडिएससिसमक्ष आफूले अख्तियार प्रदान गरेका पदाधिकारीहरूको सूची पेस गर्नेछ जसले सिडिएससिसमक्ष निजको हितको प्रतिनिधित्व गर्नेछन् । त्यस्तो सूचीमा गरिएको थप, घट वा हेरफेर सिडिएससिसमक्ष अविलम्ब सञ्चार गरिनेछ ।

**१७. गोपनीयता :**

१७.१. यसका पक्षहरूले यस सम्झौतापत्र अन्तर्गतका दायित्व सम्पादन गर्ने सिलसिलामा खुलाउनुपर्ने वा गोप्य राख्नुपर्ने वा विनियमावलीअन्तर्गत कुनै पनि पक्षले तेस्रो पक्षलाई खुलासा गर्न नहुने समेतका तर तिनैमा मात्र सीमित नहुने सबै प्राविधिक तथा व्यापारिक सूचनाहरू अनिवार्य रुपमा गोप्य राख्नेछन् ।

१७.२. यसको कुनै पनि पक्ष कानून बमोजिमको दायित्व पूरा गर्नका लागि अधिकारप्राप्त निकायलाई चाहिएको वा आफ्नो अधिकारको प्रचलनका लागि वा हितको संरक्षणका लागि कुनै सन्दर्भविना अर्काको उपचारको लागि वा सम्बन्धित हितग्राहीलाई दिनका लागि कानूनले अधिकार दिएको कुनै पनि नियामक वा राजस्व अधिकारीको लिखित आदेश वा माग गरेको विवरण, फाँटवारी, सूचनावली वा सूचना उपलब्ध गराउन वा खुलासा गर्न स्वतन्त्र हुनेछ । तर उल्लिखित त्यस्तो सूचनाको उपलब्धता वा खुलासाले कुनै पनि पक्षले अर्को पक्षसँग रहेका विवरण, फाँटवारी, सूचनावली वा सूचनाको गोप्यता उपलब्ध गराउन वा खुलासा गराउन पाउनेछैन ।

**१८. ठेगाना परिवर्तन :**

रजिस्टार्ड कार्यालयको प्रस्तावित स्थानपरिवर्तन साथै कम्प्युटरकृत अभिलेख, भण्डारण सुविधा र सिडिएससिसँगको सञ्चारको व्यवस्थापनका उपकरण रहेको हाताको स्थानको कुनै पनि परिवर्तन भएमा कम्तीमा त्यस्तो परिवर्तनको ७ (सात) दिन पूर्व सिडिएससिलाई जानकारी गराउनुपर्नेछ ।

**१९. भण्डारण सुविधा :**

१९.१. सदस्यले सिडिएससिले सिफारिस गरेअनुसारको भण्डारण कार्यविधि लागू गर्नुपर्नेछ। सदस्यले गर्नुपर्ने कम्प्युटर प्रणालीको भण्डारण सुविधाको अद्यावधिक गर्ने कार्यबाट हुन गएको कुनै पनि क्षति वा हानी वा कमजोरीका लागि सिडिएससि जवाफदेही हुनेछैन ।

१९.२. सिडिएससिले खटाएको कुनै पनि व्यक्तिलाई सदस्यले निजको भण्डारण सुविधासम्मको पहुँचका लागि अनुमति दिनेछ र सिडिएससिलाई चाहिएअनुसारको उल्लिखित सुविधामा पालन गरिएको प्रतिवेदन उपलब्ध गराउनेछ ।

**२०. हितग्राहीको गुणासो र उजुरको उपचार :**

सदस्यले हितग्राहीको कुनै पनि गुणासो वा उजुर भएमा समाधान गर्नुपर्नेछ र गुणासो वा उजुर प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र विनियमावली र सञ्चालन निर्देशिकाले तोकेको तरिका अपनाई समाधान गरी सिडिएससिलाई सोबारे जानकारी दिनुपर्नेछ। तोकिएको समय अपुग भएमा सिडिएससिले उपयुक्त समय दिन सक्नेछ ।

## २१. प्रत्यायोजनमा प्रतिबन्ध :

सिडिएससिको व्यक्त लिखित पूर्वसहमति नलिई सदस्यले यो सम्झौतापत्रअन्तर्गतका कार्य, अधिकार वा दायित्वहरू कुनै पक्ष वा व्यक्तिलाई हस्तान्तरण गर्न वा प्रत्यायोजित गर्नेछैन । यो सम्झौतापत्रको विपरित हुने गरी गरिएको कुनै पनि अख्तियारी शून्य र अमान्य हुनेछ ।

## २२. निलम्बन र खारेज :

२२.१. निलम्बन र खारेज आवश्यक छ भन्ने कुरामा सन्तुष्ट भएमा र त्यस्ता अवस्थाहरूमा खारेज गर्नु मनासिव हो भन्ने ठानेमा सिडिएससिले सदस्यसँग लिखित सञ्चार गरी देहायका अवस्थामा सम्झौतापत्र खारेज गर्न सक्नेछ :

२२.१.१. बोर्ड वा सिडिएससिले निर्धारण गरेका सदस्यका योग्यता र प्रवेश शर्तहरू पूरा नगरेमा,

२२.१.२. सदस्य कम्पनी भएमा विघटनका लागि कुनै अदालतसमक्ष निवेदन परेमा वा विघटनको प्रस्ताव पारित भएमा,

२२.१.३. सदस्यको रूपमा सिडिएससिसँगको व्यापार गर्ने कार्य समाप्त भएमा,

२२.१.४. सदस्यले सिडिएससिसँग वा निजका हितग्राहीसँगका निजका दायित्वहरू पूरा गर्न कठिन वा अयोग्य हुने कुरा सिडिएससिले विश्वास गर्नुपर्ने मनासिव आधार भएमा,

२२.१.५. सदस्य टाट पल्टेको, दामासाही भएको, लिक्विडेसनमा गएको वा विघटन भएको वा सोसम्बन्धी कारवाहि सुरु भएमा वा सिडिएससिले यसको तजबिजमा त्यसो हुन सक्ने ठानेमा,

२२.१.६. सदस्यको सम्पत्ति प्रापक वा प्रशासकको नियुक्ति भएमा वा सदस्य निजका दाताहरू वा निजको कार्ययोजनाको गठनमा सताइएकोमा सो कुरा अदालतबाट (पुनःनिर्माण वा मिश्रणबाहेक) स्वीकृत भएमा वा सिडिएससिले यसको तजबिजमा त्यसो हुन सक्ने ठानेमा,

२२.१.७. यो सम्झौता वा विनियमअन्तर्गत सदस्यले धितोपत्र निक्षेप, शुल्क वा अन्य कुनै दस्तुर तिर्न नसकेमा (पुनर्विचार भएको शुल्क वा बढाइएको शुल्क दस्तुर वा निक्षेपसमेत) वा सिडिएससिले चाहेका बेला अतिरिक्त वा कोलेटरल सुरक्षण दालिख गर्न नसकेमा,

२२.१.८. सदस्यले सिडिएससिलाई दिनुपर्ने हर्जानाबाट उत्पन्न दायित्व पूरा गर्न सदस्यले नसकेमा,

२२.१.९. सदस्यको लापरवाही, जालसाजी वा बेइमानी आचरणका लागि जिम्मेवार रहेको कुरा विश्वास गर्नुपर्ने मनासिव आधार सिडिएससिसँग भएमा वा सिडिएससिसमक्षको कुनै पनि विवरणमा वस्तुगत विवरण दुरुल्लेखन गरेमा वा मेटेमा,

२२.१.१०. सदस्यले ऐन, नियमावली, विनियमावली वा यस सम्झौताको कुनै पनि व्यवस्थाबमोजिम कार्य नगरेमा वा सञ्चालन निर्देशिकासँग बाझिने गरी काम गरेमा,

२२.१.११. बोर्डबाट प्रदान गरिएको निक्षेप सदस्यको अनुमतिपत्र निलम्बन वा खारेज भएमा,

२२.१.१२. सदस्य धितोपत्र विनिमयको सदस्य भए, धितोपत्र विनिमयबाट निजलाई निष्कासन वा निजको व्यवसाय  निलम्बन गरिएमा,

२२.१.१३. धितोपत्र सम्बन्धी ऐन, २०६३ ले व्यवस्था गरेअनुसार माध्यमक (सदस्यबाहेक अन्य) भए, सदस्यको माध्यमक क्षमता नेपाल धितोपत्र बोर्ड वा सो गर्न अख्तियारप्राप्त अन्य नियमक निकाय वा अधिकारीले निलम्बन वा खारेज गरेमा वा बेदर्ता गरेमा,

२२.१.१४. सिडिएससि सन्तुष्ट हुने गरी हितग्राहीका गुणासामा उपचार दिन सदस्यले नसकेमा,

२२.१.१५. सिडिएससि वा हितग्राहीको हित प्रतिकूल हुने गरी सदस्यले निजका क्रियाकलाप अगाडि बढाउँदैछ भन्ने विश्वास गर्नुपर्ने मुनासिब आधार सिडिएससिसँग भएमा वा हितग्राही वा अन्य सदस्यको संरक्षणका लागि वा सिडिएससिले दिने सेवाको कार्यसम्पादन नियमित रूपले सञ्चालन गर्न सहज बनाउका लागि सम्बन्ध समाप्त गर्नु आवश्यक भएमा,

२२.१.१६. सदस्यले दिएको सेवाको गुणस्तर हितग्राही वा अन्य सदस्य निष्काशनकर्ता र फर्छयोट निकायहरूको उजुरबाट सिडिएससि  सन्तोषजनक नभएमा,

तर सम्झौतापत्र खारेज गर्नुपर्ने आधारहरू खुलाई सदस्यलाई सिडिएससिले कारण देखाऊ सूचना नदिएसम्म र त्यसका लागि सिडिएससिले अख्तियार गरेको कुनै पनि अधिकारीबाट सुनवाइका लागि सदस्यलाई मुनासिब अवसर हुनेछ र त्यस्तो अधिकारीले दिएको प्रतिवेदनमा सन्तुष्ट भएर मात्र सदस्यसँगको यो सम्झौता खारेज गर्न सन्तुष्ट नभएसम्म सिडिएससिले उल्लिखित कुनै कारवाहि गर्नेछैन ।

२२.२. अन्य अधिकारसँग पूर्वाग्रही नहुने गरी सिडिएससिले माथि लेखिएका कुनै पनि परिघटना भएमा, कुनै सूचना जारी गर्न अगावै वा सूचनाको कामबाँकी रहेको वा विनियमावलीअन्तर्गत छानबिन भइरहेको बेला,  सिडिएससिसँग रहेका सदस्यको व्यवसाय तथा कामकारवाहिलाई तत्कालै लागू हुने गरी निलम्बन गर्न सक्नेछ ।

**२३. सदस्य अलग हुने :**

२३.१. सदस्यले यो सम्झौता खारेज वा समाप्त गर्ने मनसाय देखाई २१ (एक्काईस) दिनभन्दा कम नहुने गरी लिखित सूचना सिडिएससि समक्ष दिई उल्लेखित २१ (एक्काईस) दिन वा तोकिएको सोभन्दा बढी  अवधिबाट प्रभावकारी हुने गरी सिडिएससिबाट सदस्य अलग्गिन पाउने कुराको हक सदस्यलाई रहनेछ । तर, यस्तो सूचना प्राप्त भएपछि  हितग्राहीको हित वा सिडिएससिको क्रमबद्ध कार्यका लागि सिडिएससिले आवश्यक देखेमा सिडिएससिले सदस्यलाई सिडिएससिमा सदस्यको रूपमा निजको व्यवसाय र कामकाज बढीमा ३ (तीन) महिनामा नबढ्ने गरी निरन्तर जारी राख्न लगाउन सक्नेछ । सिडिएससिले सदस्यका हितग्राही, धितोपत्र बजार, अन्य सदस्यर बोर्डलाई सातदिनभित्र सदस्य अलग्गिएको जनाउ दिनुपर्नेछ ।

२३.२. सदस्यले देहायअनुसारको सन्तोषजनक प्रमाण उपलब्ध नगराएसम्म सदस्यले सिडिएससिको सदस्यबाट अलग हुनका लागि अनुमति पाउनेछैन :

२३.२.१. आफूसँग खाता भएका कुनै पनि हितग्राहीलाई आफू अलग्गिने मनसायको सूचना जारी गरेको,

२३.२.२. हितग्राहीहरूका सबै खाताहरू अर्को सदस्यसमक्ष वा हितग्राहीले रोजेअनुसार सिडिएससिमा स्थानान्तर गरेको,

२३.२.३. हितग्राही, सिडिएससि, निष्काशनकर्ता/रजिष्ट्रार वा राफसाफ संस्थाका निर्देशनको समाधान भइनसकेका गुणासा वा उजुरको काम बाँकी नरहेको,

२३.२.४. नेपाल धितोपत्र बोर्ड वा सिडिएससिलाई बुझाउनुपर्ने अन्य कुराका अतिरिक्त शुल्क, दस्तुर जरिवाना वा ब्याजलगायत कुनै पनि बाँकी, तिर्न बाँकी नरहेको ।

## २४. खारेज वा सदस्य अलग हुने कुराको परिणाम

२४.१. यो सम्झौतापत्रको खारेज वा सदस्य अलग भएमा, सदस्यले सिडिएससिसमक्ष राखेको कोलेटरल सुरक्षणहरू निक्षेप सदस्यको दर्ता प्रमाणपत्र नेपाल धितोपत्र बोर्डबाट रद्द गरेको मितिले ६ (छ) महिना पुगेपछि वा हितग्राहीका कामबाँकी रहेका गुनासा कुनै भए तिनको समाधान गरेको मिति जुनचाहिँ पछिल्लो हुन्छ सो मितिमा सिडिएससिले सदस्यलाई फिर्ता गर्ने वा उपलब्ध गराउनेछ ।

तर, कानूनमा सिडिएससिलाई आफूसमक्ष तिर्न बाँकी रहेको धितोपत्र वा अन्य सदस्य वा हितग्राहीको कारोबार वा सदस्यबाट यस सम्झौतापत्रको सिलसिलामा भएको कारोबार वा प्रविष्टिको निक्षेपको मिलान गर्न बाँकी रहेको रकममा सो बराबरको रकमका लागि कुनै कोलेटरल वा सुरक्षणहरु राख्ने अधिकार (उपलब्ध कुनै अधिकार वा उपचार सँग पूर्वाग्रह नराखी) हुनेछ ।

२४.२. उल्लिखित कुरामा पूर्वाग्रह नराखी, त्यस्तो दावी यो सम्झौतापत्रको खारेज भएको मितिभन्दा पछिको भएमा बाहेक, सिडिएससिलाई आफ्नो वा सिडिएससिमार्फत सदस्यसँग दावी लाग्न सक्ने अन्य व्यक्तिको कुनै पनि बाँकी रकममा रहेको पूर्वदावी वा अधिकारको हिसाब मिलान गर्ने अधिकार हुनेछ ।

२४.३. सिडिएससिबाट यो सम्झौतापत्रको खारेज गरिए वा सदस्यको सिडिएससिबाट आफू अलग्गिने वा सम्झौतापत्र खारेज गर्ने लिखित सञ्चार प्राप्त गरेपछि, सिडिएससिले सबै सदस्यहरूलाई जनाउ दिनेछ र हितग्राहीहरू र अन्य सदस्यहरूको हितको संरक्षणका लागि उपयुक्त हुने पाइला चाल्नेछ । सिडिएससिले यो सम्झौता खारेज भएको ७ (सात) दिनभित्र अन्य सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि र नेपाल धितोपत्र बोर्डलाई जनाउ दिनेछ ।

२४.४. सदस्यको हैसियतले काम गर्दा वा यो सम्झौता जारी रहेको बेलाका कुनै पनि कार्य, कारोबार वा व्यवहारबाट उत्पन्न भएका सिडिएससि समक्षका दायित्वहरू पूरा गर्नुपर्नेछ ।

२४.५. सिडिएससिबाट यो सम्झौतापत्रको खारेज गरिए वा सदस्य सिडिएससिबाट अलग्गिएमा, सदस्यसँग खाता रहेका हरेक हितग्राहीलाई सदस्यसँग रहेका निजको धितोपत्र अर्को सदस्यकहाँ सार्ने वा पुनःभौतिकीकरण गर्ने विकल्प रहनेछ । माथि जुनसुकै कुरा लेखिएको भए पनि, त्यस्तो खारेज वा अलग्याइपछि पनि सदस्यसँग रहेको धितोपत्र अर्को सदस्यमा सार्ने वा पुनःभौतिकीकरण गर्ने सीमित प्रयोजनका कामलाई सदस्यले निरन्तरता दिनेछ ।

२४.६. यो सम्झौतापत्रको खारेज गरिए वा सदस्य सिडिएससिबाट अलग्गिएपछि सदस्यसँग खाता रहेका हरेक हितग्राहीलाई सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सदस्यसँग रहेका निजको धितोपत्र अर्को सदस्य कहाँ सार्न सूचना दिनेछ । उल्लेख भएअनुसार कुनै हितग्राहीले अर्को सदस्यसँग धितोपत्र नसारेमा त्यस्तो खाता केही समयका लागि सार्ने एक वा बढी सदस्य मनोनयन गर्नेछ ।

तर, सम्बन्धित हितग्राहीले त्यस्तो अर्को कुनै सदस्यसँग सम्झौता नगरेसम्म त्यस्तो सारिएको खाताको धितोपत्रका सम्बन्धमा कुनै खर्च (डेबिट) लेखिने छैन ।

२४.७. यो सम्झौतापत्र सिडिएससिबाट खारेज वा सदस्य सिडिएससिबाट अलग्गिने कार्य जेसुकै भए तापनि, त्यस्तो खारेज वा अलग्याइ सँग नबाझिएसम्म, यो सम्झौतापत्रका प्रावधान र तिनबाट उत्पन्न पारस्परिक अधिकार तथा दायित्वहरू सम्झौता प्रभावमा रहेको समयमा भएका सबै कार्य, लिखत, सवाल र वस्तु र कारोबारका सन्दर्भमा दुवै पक्षका लागि बन्धनकारी रहिरहनेछन् ।

**२५. हर्जाना :**

२५.१. सदस्यको तर्फबाट ऐन, नियम, विनियमावली र सञ्चालन निर्देशिकाको उल्लंघनमा कर्मचारी, एजेन्ट वा अन्यथा कुनै कार्य लिखत वा कुनै कुराबाट भएको कुनै पनि लापरवाहीबाट सिडिएससिलाई हुन गएका सबै क्षति, हानी, नोक्सानी र सबै दावी माग, मुद्दा, कारवाहि, अभियोजन र अन्य जुनसकै कार्यप्रक्रियाका सम्बन्धित सबै लागत, दस्तुर तथा खर्चलगायत क्षतिको हर्जाना दिनेछ । यस प्रयोजनका लागि निजका अधिकृत, कर्मचारी, एजेन्टबाट भएका मनसायपूर्वक वा अन्यथा जेभएपनि सम्पूर्ण कार्यलाई सदस्यले गरेको कार्य मानिनेछ । सदस्यको लापरवाहीबाट हितग्राहीलाई क्षति वा नोक्सानी भएमा सिडिएससिले, आवश्यक देखेमा, अन्य कुराका अतिरिक्त सिडिएससिसमक्ष रहेका कुनै पनि धितोपत्रको मिलान वा बाँडफाँडद्वारा, सर्वप्रथम त्यस्तो क्षति वा नोक्सानीलाई व्यवस्थित गर्नेछ ।

२५.२. सिडिएससिले आफू वा आफ्ना अधिकारी, कर्मचारीका कार्यबाट ऐन, नियम, विनियमावली र सञ्चालन निर्देशिकाको उल्लंघन वा गलत प्रस्तुति, जालसाँजी, चोरी सिडिएससिको सदस्यप्रतिको दायित्व पूरा नगरेका वा सिडिएससिले दिने सेवाको कुनै पनि कमिकमजोरीबाट सदस्यलाई हुन गएका सबै क्षति, हानी, नोक्सानी र सबै दावी माग, मुद्दा, कारवाहि, अभियोजन र अन्य जुनसकै कार्यप्रक्रियाका सम्बन्धित सबै लागत, दस्तुर तथा खर्चलगायतको हर्जाना दिनेछ ।

## २६. काबुबाहिरको परिस्थिति :

यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तूफान, बाढी, चट्याङ, भूँईचालो, आगलागी, विस्फोटन वा दैवी घटना, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाहि वा अशान्ति, शत्रुराज्यको कारवाहि आपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंश, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यता लगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौताअन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानी नोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

## २७. जनाउ :

यस सम्झौताअनुसार दिइनेजनाउ लिखित रूपमा प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

## २८. प्रभावकारिता :

यो सम्झौताको कुनै पनि प्रावधान कुनै अदालत, नियमनकारी निकायले गैरकानूनी, प्रभाव शून्य वा लागू गर्न नसकिने भनी निरूपण वा ठहर गरेमा वा कुनै कानूनको संशोधन, सूचना वा न्यायिक निर्णयका कारणले शून्य वा लागू गर्न नसकिने भएमा यस सम्झौतामा हुनुपर्ने सम्भव भएसम्म सम्झौताका अन्य प्रावधानहरू फेरबदल नगरी त्यस्तो प्रावधान निष्क्रिय वा प्रभावरहित हुनेछन् । तर सो कुराले सम्झौताका बाँकी प्रावधानहरूको मान्यता वा प्रभावकारितालाई कुनै हिसाबले असर गर्नेछैनन् र पूरापूर लागू हुनेछन् ।

## २९. नेपाल धितोपत्र बोर्डबाट भएका संशोधन वा हेरफेर बन्धनकारी हुने :

नेपाल धितोपत्र बोर्डबाट यस सम्झौतामा गरिएका थपघट, हेरफेर, परिमार्जन, संशोधन वा निर्देश गरेका तिनउपरका कुनै प्रावधान यसका पक्षका लागि बन्धनकारी हुनेछन् र तिनको प्रभावका लागि चाहिने त्यस्ता लिखत कागजात वा लेखाइको पक्षहरूले कार्यान्वयन गर्नेछन् ।

## ३०. परित्याग गर्न नपाउने :

यसका कुनै पनि पक्षले यस सम्झौता अन्तर्गत भएका वा कानूनमा रहेका कुनै पनि अधिकार, शक्ति, विशेषाधिकार वा उपचार लिखित रूपमा कार्यान्वयन गरेबाहेक परित्याग गर्न, छाड्न वा अलग्गिन पाउनेछैनन र पक्षहरू त्यस्ता अधिकार, शक्ति, विशेषाधिकार वा उपचार प्रयोग नगर्न वा विलम्ब गर्ने कुराले त्यसको परित्याग गरेको कुरा वा यस सम्झौताको तेस्रो पक्षले गरेको कुनै कार्यविधि परित्याग क्रियाशील हुनेछैन साथै यस सम्झौता अन्तर्गत वा अन्य कानून अन्तर्गत उपलब्ध अधिकार, शक्ति, विशेषाधिकार वा उपचारको एक वा आंशिक प्रचलन पनि हुनेछैन वा सामान्यतयामा यस्ता सबै अधिकार, शक्ति, विशेषाधिकार वा उपायहरू एकअर्कामा अनेक र सञ्चयी भएर स्वीकारिएका हुनेछैनन् ।

**३१. नियमनकारी भाषा :**

यस सम्झौतापत्रको विषयवस्तुका सम्बन्धमा पक्षहरूका बीचमा कार्यान्वयन हुने सबै लिखत, कागजात तथा लेखाइ र आदानप्रदान गरिने पत्राचार नेपाली भाषामा हुनेछ ।

**३२. नियमनकारी कानून :**

यो सम्झौता नेपालको कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

**३३. प्रकरण शीर्षक :**

यस सम्झौतापत्रका प्रकरण शीर्षकहरू सुविधा र सन्दर्भका लागि मात्र हुन र तिनले सम्झौतापत्रको व्याख्यालाई प्रभाव पार्ने छैनन् ।

**सम्झौताका प्रथम पक्ष**

सिडिएससिको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नामः

दस्तखत :

कम्पनीको छापः

**साक्षी**

१. ...........................................

**सम्झौताका दोश्रा पक्ष**

निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नामः

दस्तखत :

कम्पनीको छापः

**साक्षी**

१. .....................................

......

ईति संम्वत ............ साल ............... महिना ............ गते रोज.......... शुभम् ।

## अनुसूची - १०
## (विनियम १४ सँग सम्बन्धित)

सदस्यता नम्बरः

**निक्षेप सदस्यता**

..............................मा मुख्य कार्यालय रहेको श्री.....................................लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सो अन्तर्गत बनेका नियम, विनियम तथा अन्य प्रचलित कानूनको अधिनमा रही यो निक्षेप सदस्यता प्रदान गरिएको छ ।

| क.सं. | नवीकरण मिति | बहाल रहने मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**आधिकारिक दस्तखत :**

नामः

पदः

मितिः

## अनुसूची - ११
### (विनियम १५ सँग सम्बन्धित)
### सदस्यता नवीकरणको लागि दिने निवेदनको ढाँचा

मिति : ..................

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

............................ ।

**विषयः सदस्यता नवीकरण गरी पाउँ ।**

मेरो/हाम्रो निक्षेप सदस्यता अवधि मिति ................... सम्म कायम रहेकोले आर्थिक वर्ष ....... का लागि नवीकरण गरी पाउनका लागि सदस्यता नविकरण दस्तुर यसै साथ संलग्न गरी अनुरोध गर्दछु/छौं ।

**आधिकारिक दस्तखत :**

नाम :

पद :

संगठित संस्थाको छाप :

## [३४]अनुसूची - १२
### (विनियम २० सँग सम्बन्धित)
### [३]प्राकृतिक व्यक्तिको हितग्राही खाता खोल्ने निवेदनको ढाँचा
### Format of Account Opening Form for Individual Beneficial Owner

| हालसालै खिचिएको फोटो |
|---|

**कार्यालय प्रयोजनका लागि मात्र**

For Official Use Only

| | |
|---|---|
| आवेदन नम्बर :<br>Application No: | मिति :<br>Date : |
| संकेत नम्बर :<br>Symbol No: | |

३४ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधन गरिएको ।

| | |
|---|---|
| हितग्राहीकोखाता नम्बर :<br>Beneficial Owner Account No: | |

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसंग भर्नु पर्नेछ । आफूसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।

Please complete all details and strike out the non-applicable fields/boxes.

…………………… (निक्षेप सदस्यको नाम र Name of Depository Participant)

……………………… (शाखा र Branch)

खाताको किसिम : व्यक्तिगत ☐ गैर आवासीय नेपाली ☐ विदेशी ☐

Types of Account: Individual Non Resident Nepalese Foreigner

**हितग्राहीको विवरण**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हितग्राहीको नाम<br>Name of Beneficial Owner | | | | | | | | |
| जन्म मिति<br>Date of Birth | बि.सं. :<br>द्याक | | | | ई. सं. :<br>बम | | | |
| लिंङ्ग<br>Gender | पुरुष ☐<br>Male | महिला ☐<br>Female | | | | | | |
| राष्ट्रियता<br>Nationality | नेपाली ☐<br>Nepali | अन्य ☐<br>Other | | | | | | |
| नागरिकता नम्बर<br>Citizenship No: | | | जारी जिल्ला<br>Issue District | | | जारी मिति<br>Issue Date | | |
| राहदानी नम्बर<br>Passport No. | | जारी ठाउँ<br>Place of Issue | | जारी मिति<br>Issue Date | | म्याद सकिने मिति<br>Expiry Date | | |
| परिचयपत्र को किसिम<br>Types of Identity Card | | परिचयपत्र नं.<br>Identification No. | | जारी गर्ने निकाय<br>Issuance Authority | | जारी मिति<br>Issue Date | | |

| | |
|---|---|
| **पत्राचार गर्ने ठेगाना :**<br>Correspondence Address: | |
| राष्ट्र :<br>Country | |

| | | | | | |
|---|---|---|---|---|---|
| अंचल :<br>Zone : | | जिल्ला:<br>District : | | गा.वि.स./न.पा./म.न.पा.:<br>VDC /Municipality /Metropolitan | |
| टोल:<br>Tole : | | वडा नं.:<br>Ward No.: | | ब्लक नं.:<br>Block No.: | |
| टेलिफोन नं.:<br>Telephone No.: | | | मोबाइल नं.:<br>Mobile No.: | | |
| फ्याक्स नं.:<br>Fax No.: | | | ईमेल:<br>E-mail ID : | | |
| **स्थायी ठेगाना :**<br>Permanent Address : | | | | | |
| अंचल :<br>Zone : | | जिल्ला:<br>District : | | गा.वि.स./न.पा./म.न.पा.:<br>VDC /Municipality /Metropolitan | |
| टोल:<br>Tole : | | वडा नं.:<br>Ward No.: | | ब्लक नं.:<br>Block No. : | |
| टेलिफोन नं.:<br>Telephone No. : | | | मोबाइल नं.:<br>Mobile No.: | | |
| फ्याक्स नं.:<br>Fax No. : | | | ईमेल:<br>E-mail ID : | | |
| नजिकको ल्यान्डमार्क :<br>Nearest Landmark : | | | | | |

## एकाघर परिवारका सदस्यहरुको विवरण

## Details of Family Members

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हजुर बुबाको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Grand Father's Name : | | | | | | | | | | | | | | | | | | | | |
| बुबाको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Father's Name | | | | | | | | | | | | | | | | | | | | |
| आमाको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Mother's Name | | | | | | | | | | | | | | | | | | | | |
| पति/पत्नीको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Spouse's Name | | | | | | | | | | | | | | | | | | | | |
| छोराको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Son's Name | | | | | | | | | | | | | | | | | | | | |
| छोरीको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Daughter's Name | | | | | | | | | | | | | | | | | | | | |
| बुहारीको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Daughter in-Law's Name | | | | | | | | | | | | | | | | | | | | |

**पेशागत विवरण**
**Details of Occupation**

| | |
|---|---|
| पेशा<br>Occupation | सेवा ☐ Service; सरकारी ☐ Govt.; सार्वजनिक/निजी क्षेत्र ☐ Public/Private Sector; एन.जी.ओ./आई.एन.जी.ओ. ☐ NGO/INGO; कानूनी विज्ञ ☐ Legal Expert; विशेषज्ञ ☐ Expert; व्यापारी ☐ Businessperson; विद्यार्थी ☐ Student; सेवा निवृत ☐ Retired; गृहिणी ☐ House Wife; अन्य ☐ Others |
| व्यापारको प्रकार<br>Types of Business | उत्पादन ☐ Manufacturing; सेवामुखी ☐ Service Oriented |
| संस्थाको नाम<br>Organization's Name | ठेगाना Address: ___ पद Designation: ___ |
| आर्थिक विवरण<br>Financial Details | आयको सीमा (वार्षिक विवरण)र Income Limit (Annual Details)<br>रु. १,००,००० सम्म Up to Rs. 1,00,000<br>रु. १,००,००१ देखि रु. २,००,००० सम्म From Rs. 1,00,001 to Rs. 2,00,000<br>रु. २,००,००१ देखि रु. ५,००,००० सम्म From Rs. 2,00,001 to Rs. 5,00,000<br>रु. ५,००,००० भन्दा माथि Above Rs. 5,00,000 |

| | |
|---|---|
| निक्षेप सदस्यले हितग्राहीको खातामा भएको घटबढ स्वचालित रुपमा गराउने/नगराउने।<br>Standing Instruction for the automatic transactions | गराउने ☐ Yes; नगराउने ☐ No |
| खाताको विवरण प्राप्त गर्ने<br>Account Statement | दैनिक ☐ Daily; साप्ताहिक ☐ Weekly; पाक्षिक ☐ 15 days; मासिक ☐ Monthly |

**संरक्षकको विवरण (नाबालकको हकमा मात्र)**

**Guardian's Details (In case of Minor only)**

| | | | |
|---|---|---|---|
| नाम/थर :<br>Name/Surname: | | | |
| निवेदकसँगको सम्बन्ध :<br>Relationship with applicant: | | | |
| पत्राचार ठेगाना :<br>Correspondence Address : | | | |
| राष्ट्र :<br>Country : | | अंचल :<br>Zone | |
| जिल्ला :<br>District : | | टेलिफोन नं.:<br>Telephone No. : | |
| फ्याक्स नं. :<br>Fax No. : | | मोबाइल नं.:<br>Mobile No. : | |
| स्थायी लेखा नं. :<br>PAN No. : | | ईमेल :<br>E-mail ID : | |

नोट : १. नाबालकको हकमा संरक्षक तथा नाबालक दुवैको फोटो संलग्न गर्नु पर्नेछ।
(In case of minor, guardian and minor's photos are required to submit.)
२. कानूनी संरक्षक भए सो सम्बन्धी कागजात संलग्न गर्नु पर्नेछ।

३. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप हुनु पर्नेछ ।

**निवेदकगैर आवासिय नेपाली भएमा**

**For Non Resident Nepalese**

| | | | |
|---|---|---|---|
| वैदेशिक ठेगाना<br>Foreign Address | | | |
| सहर<br>City | | राज्य<br>क्tate | |
| देश<br>Country | | गैरआवासिय कोड नं.<br>NRN Code No. | |

## बैंक खाताको विवरण

**Bank Account Details**

| | |
|---|---|
| बैंक खाताको किसिम<br>Types of Bank Account | बचत खाता ☐ Saving Account    चल्ती खाता ☐ Current Account |
| बैंक खाता नम्बर / Bank Account Number | |
| तपाईको बैंक खाता भएको बैंकको नाम र ठेगाना<br>Name & Address of Bank | |

**इच्छाइएको व्यक्ति सम्बन्धी विवरण :**

**Nominee's Details:**

मेरो मृत्यू भएको अवस्थामा देहायको व्यक्तिले मेरो नाममा भएको सम्पूर्ण धितोपत्रको हक पाउने गरी इच्छाएको छु ।

In the event of my death or incapacity, the following named nominee shall be entitled to the balance of my demat account:

| | | | | | |
|---|---|---|---|---|---|
| इच्छाएको व्यक्तिको नाम : | | | | | |
| Name of Nominee : | | | | | |
| निवेदकसँगको सम्वन्ध :<br>Relationship : | | | | | |
| नागरिकता/राहदानी नम्बर<br>Citizenship/Passport No. | | जारी ठाउँ<br>Place of Issue | | उमेर<br>Age | |
| पत्राचार ठेगाना :<br>Correspondence Address : | | | | | |
| राष्ट्र<br>Country | | अंचल<br>Zone | | | |

| | | | |
|---|---|---|---|
| जिल्ला<br>District | | टेलिफोन नं.:<br>Telephone No; : | |
| फ्याक्स नं.<br>Fax No. | | मोबाइल नं.:<br>Mobile No. : | |
| स्थायी लेखा नं.<br>PAN No. : | | ईमेल :<br>E-mail ID : | |

| | |
|---|---|
| घर रहेको स्थानको नक्शा<br>Location Map | Site Map of the Account Holder's Residence<br><br>from main Road Street……………the distance of the Residence is …..meters (approximately). |

म/हामीले निक्षेप सदस्य र हितग्राहीको करारनामा, प्रचलित ऐन, नियम, विनियम र सो मा भएको संशोधन मान्न मन्जुर गर्दछु/गर्दछौं । माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । अन्यथा भएमा हितग्राही खाता रद्द गर्न मन्जुर गर्दछु/गर्दछौं ।

I /We shall accept to the terms and conditions relating to the agreement between Depository Participants and Beneficial Owner, prevailent act, regulations, byelaws and any amendments on it. I/We hereby acknowledge that the above disclosed details are true. I further hereby consent to borne any legal actions in case any false disclosure of information related to me/us and the Depository Participants reserve right to close my account.  All disputes are subject to the jurisdiction of courts in Kathmandu, Nepal.

निवेदकको नाम :
Name of Nominee:
हस्ताक्षर :
Signature :

औंठा छाप
Thumb Print

| दायाँ<br>Right | बायाँ<br>Left |
|---|---|
| | |

(हस्ताक्षर गर्दा कालो मसीको प्रयोग गर्नु पर्नेछ)
(Please use Black ink.)

.................................................................................................................

**(अर्धकट्टी)**

Beneficial Owner's Copy

| हितग्राहीको खाता नम्बर :<br>Beneficial Account Number : | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | **शेयरवालाको विवरण**<br>Shareholder's Details |
|---|---|
| नाम /Name | |
| आधिकारीक हस्ताक्षर<br>Authorized Signature | |

.................................................................................................................

**बुझिलिएको रसिद**

Receipt

**आवेदन नं.:** **मिति :**

Application No.: Date :

हामीले खाता खोल्ने फाराम बुझिलियौं ।

We received account opening form.

| आवेदकको नाम र ठेगाना<br>Applicant's Name and Address | |
|---|---|

**निक्षेप सदस्यको** (Depository Participant's)

नाम /Name :

दस्तखत/ Signature:

कम्पनीको छाप/Company'sStamp:

## [३५]अनुसूची - १३

**फा.नं.: २**
Form No: 2

## (विनियम २० सँग सम्बन्धित)

### [३]प्राकृतिक व्यक्ति बाहेक अन्य संस्थाको हितग्राही खाता खोल्ने निवेदन
Format of Account Opening Form for Corporate Beneficial Owner

**कार्यालय प्रयोजनको लागि मात्र For Official Use Only**

| | |
|---|---|
| आवेदन नम्बर :<br>Application No: | मिति :<br>Date : |
| संकेत नम्बर :<br>Symbol No: | |

| कम्पनी वा संस्थाको हितग्राहीखाता नम्बर :<br>Company's Beneficial Owner Account No: | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसँग भर्नु पर्नेछ । आफूसंग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।

Please complete all details and strike out the non-applicable fields/boxes.

…………………… (निक्षेप सदस्यको नाम/Name of Depository Participant)

……………………… (शाखा/Branch)

| खाताको किसिम :<br>Types of Account: | राफसाफ ☐<br>Clearing | हितग्राही ☐<br>Beneficial Owner | अन्य ☐<br>Others |
|---|---|---|---|

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हितग्राही कम्पनीको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Name of BeneficialOwner Company | | | | | | | | | | | | | | | | | | | | |
| पहिलो आधिकारीक प्रतिनिधिको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Name of First Authorized Person | | | | | | | | | | | | | | | | | | | | |

---

३५ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधन गरिएको

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दोस्रो आधिकारीक प्रतिनिधिको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Name of Second Authorized Person | | | | | | | | | | | | | | | | | | | | |
| तेस्रो आधिकारीक प्रतिनिधिको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Name of Third Authorized Person | | | | | | | | | | | | | | | | | | | | |
| प्रमुख कार्यकारी अधिकृतको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Chief Operating Officer's Name | | | | | | | | | | | | | | | | | | | | |
| कम्पनी सचिवको नाम | | | | | | | | | | | | | | | | | | | | |
| Company Secretary's Name | | | | | | | | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| कम्पनी स्थापना मिति<br>Date of Incorporation | बि.सं. :<br>B.S. : | ई. सं. :<br>A.D. : |
| कम्पनीको किसिम<br>Types of Company | ☐प्राइभेट लि. Pvt. Ltd. ☐पब्लिक लि. Public Ltd. ☐सरकारी स्वामित्व भएको Govt. Owned ☐अन्य OtherS | |
| कम्पनी दर्ता भएको देश<br>Country of Registration | ☐ नेपाल Nepal   अन्य (नेपाल बाहेक अन्य देश भएमा उल्लेख गर्ने): Others (Please mention if other than Nepal) | |

**कम्पनीको थप विवरण**

| | | | |
|---|---|---|---|
| दर्ता गर्ने कार्यालय<br>Registration Office | | | |
| | | | |
| दर्ता नं.:<br>Registration No.: | | दर्ता मितिः<br>Registration Date : | |
| स्थायी लेखा नं.:<br>PAN No. : | | मूल्य अभिबृद्धि कर दर्ता नं.:<br>VAT Registration No. : | |
| सहायक कम्पनी भएमा मुख्य कम्पनीको नाम र ठेगाना<br>Name and Addres of Main Company in case of Subsidiary Company | | | |
| कम्पनीको कारोबारको किसिम<br>Types of business of the company | | कार्य क्षेत्र<br>Area of Work | |

| | | | |
|---|---|---|---|
| धितोपत्र बजारमा सूचिकरण भए नभएको<br>Listed No. : | | सूचिकरण मिति :<br>SEBON Registration Date | |
| नेपाल राष्ट्र बैंकमा दर्ता भएको भए दर्ता नं.:<br>NRB Registration No. : | | नेपाल राष्ट्र बैंकको स्वीकृत मिति :<br>NRB Approval Date : | |

| | | | | | |
|---|---|---|---|---|---|
| **कम्पनीको हालको ठेगाना :**<br>Current Address of Company | | | | | |
| राष्ट्र :<br>Country | | | | | |
| अंचल :<br>Zone | | जिल्लाः<br>District : | | गा.वि.स. ⁄ न.पा. ⁄ म.न.पा.:<br>VDC /Municipality /Metropolitan | |
| टोलः<br>Tole : | | वडा नं.:<br>Ward No: | | ब्लक नं.:<br>Block No: | |
| टेलिफोन नं.:<br>Telephone No: | | फ्याक्स नं.:<br>Fax No.: | | ईमेलः<br>E-mail ID : | |
| कम्पनीको दर्ता हुँदाको ठेगाना :<br>Company's Registered Address: | | | | | |
| अंचलः<br>Zone : | | जिल्लाः<br>District : | | गा.वि.स. ⁄ न.पा. ⁄ म.न.पा.:<br>VDC /Municipality /Metropolitan | |
| टोलः<br>Tole : | | वडा नं.:<br>Ward No.: | | ब्लक नं.:<br>Block No. : | |
| टेलिफोन नं.:<br>Telephone No. : | | फ्याक्स नं.:<br>Fax No.: | | ईमेलः<br>E-mail ID : | |
| नजिकको ल्यान्डमार्क :<br>Nearest Landmark : | | | | वेवसाइट<br>Website : | |

**राफसाफ सदस्यको विवरण**

Details of Clearing Member

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धितोपत्र बजारको नाम :<br>Name of Securities Market: | | | | | | | | |
| दलाल परिचय नं.:<br>Broker No.: | | | | | | | | |

**शाखा/कार्यालय संख्या र मुख्य मुख्य शाखा / कार्यालयहरु रहेको स्थान**

Branch/Number of Office and Main Branches/ Office Location

| **क्र.सं.**<br>क्रम | **क्षेत्र**<br>Area | **मुख्य शाखा/कार्यालय**<br>Main Branch/Office | **ठेगाना**<br>Address | **टेलिफोन नं.**<br>Telehpone No.: | **मोबाईल नं.**<br>Mobile No. | **सम्पर्क व्यक्ति**<br>Contact Person |
|---|---|---|---|---|---|---|
| 1 | | | | | | |
| 2 | | | | | | |
| 3 | | | | | | |

(तीनवटा भन्दा बढी भएका छुट्टै विवरण पेश गर्न सकिनेछ⁄Separate details can be submitted in case of more than three.)

**संचालक, कार्यकारी प्रमुख र खाता संचालकहरुको विवरण**/Details of Directors, CEO and Authorised Account Operators

| **क्र.सं.** S.N. | **नाम, थप** Name/ Surname | **पद** Designation | **पति/ पत्नीको नाम** Spouse's name | **बाबुको नाम** Father's Name | **बाजेको नाम** Grand Father's Name | **स्थायी ठेगाना** Permanent Addres | **हालको ठेगाना** Current Address | **टेलिफोन नं.** Telephone No. | **मोबाइल नं.** Mobile No. | **ईमेल ठेगाना** E-mail ID |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | | | |
| 2 | | | | | | | | | | |
| 3 | | | | | | | | | | |
| 4 | | | | | | | | | | |
| 5 | | | | | | | | | | |

| | **पहिलो आधिकारिक व्यक्ति** First Authorized Person | **दोस्रो आधिकारिक व्यक्ति** Second Authorized Person | **तेस्रो आधिकारिक व्यक्ति** Third Authorized Person |
|---|---|---|---|
| नाम /Name | | | |
| पद /Designation | | | |
| हस्ताक्षर /Signature | | | |
| पासपोर्ट साइजको फोटो Passport Size Photo | फोटो Photo | फोटो Photo | फोटो Photo |

म/हामीले निक्षेप सदस्य र हितग्राहीको करारनामा, प्रचलित ऐन, नियम, विनियम र सो मा भएको संशोधन मान्न मन्जुर गर्दछु/गर्दछौं । माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । अन्यथा ठहरिएमा हितग्राही खाता रद्द गर्न मन्जुर गर्दछु/गर्दछौं ।

I /We shall accept to the terms and conditions relating to the agreement between Depository Participants and Beneficial Owner, prevailent act, regulations, byelaws and any amendments on it. I/We hereby acknowledge that the above disclosed details are true. I further hereby consent to borne any legal actions in case any false disclosure of information related to me/us and the Depository Participants reserve right to close my account. All disputes are subject to the jurisdiction of courts in Kathmandu, Nepal.

| घर रहेको स्थानको नक्शा<br>Location Map | Site Map of the Account Holder's Residence<br><br>From main Road Street……………the distance of the Residence is …..meters (approximately). |
|---|---|

आधिकारीक व्यक्तिको नाम :
Name of Authorized Person:

हस्ताक्षर :

Signature :

कम्पनीको छाप :

Company's Stamp:

(हस्ताक्षर गर्दा कालो मसीको प्रयोग गर्नु पर्नेछ/Please sign with black ink.)

**बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंक खाताको किसिम<br>Types of Bank Account | ☐ बचत खाता Saving Account ☐ चल्ती खाता Current Account |
| बैंक खाता नम्बर/Bank Account Number | |
| तपाईको बैंक खाता भएको बैंकको नाम र ठेगाना<br>Name and Address of Bank | |

**(अर्धकट्टी)**

Beneficial Owner's Copy

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कम्पनीको हितग्राहीखाता नम्बर :<br>Company's Beneficial Owner Account No. | | | | | | | | | | | | | | | | |

| | **पहिलो आधिकारिक व्यक्ति**<br>First Authorized Person | **दोस्रो आधिकारिक व्यक्ति**<br>Second Authorized Person | **तेस्रो आधिकारिक व्यक्ति**<br>Third Authorized Person |
|---|---|---|---|
| नाम/Name | | | |
| पद<br>Designation | | | |
| हस्ताक्षर<br>Signature | | | |

**बुझिलिएको रसिद**

हामीले खाता खोल्ने फाराम बुझिलियौं /We received the Account Opening Form.

| | |
|---|---|
| हितग्राही कम्पनीको नाम<br>Name of Beneficial Owner | |

**निक्षेप सदस्यको**

Depository Participant's

नाम :

Name :

दस्तखत :

Signature :

कम्पनीको छाप :

Company's Stamp :

## [36]अनुसूची - १४

(विनियम १६ र २० को उपविनियम (३) सँग सम्बन्धित)
(विनियम २१ को उपविनियम (३) सँग सम्बन्धित)
(विनियम २१क को उपविनियम (३) सँग सम्बन्धित)
(विनियम २४ को उपविनियम (१) सँग सम्बन्धित)
(विनियम २५ को उपविनियम (१) सँग सम्बन्धित)
(विनियम २६ को उपविनियम (२) सँग सम्बन्धित)
(विनियम २९ को उपविनियम (१) सँग सम्बन्धित)

### १. निक्षेप सदस्यले हितग्राहीसँग लिन पाउने शुल्कः

| शुल्कको शिर्षक | रकम | निक्षेप सदस्यले सिडिएसिलाई बुझाउनु पर्ने रकम |
|---|---|---|
| (क) खाता खोल्ने शुल्क | रु. ५० | रु. ५ |
| (ख) खाता संचालन वार्षिक शुल्क | रु. १०० | रु. १० |
| (ग) धितोपत्र हस्तान्तरण शुल्क | प्रति हस्तान्तरण रु.२५ | निक्षेप सदस्यले प्राप्त गरेको रकमको बीस प्रतिशत |
| (घ) पुनः भौतिकीकरण शुल्क | रु. ५० | रु. ५ |
| (ङ) धितो बन्धकी शुल्क | रु. ५० | रु. ५ |
| (च) खाता रोक्का शुल्क | रु. २५ | रु. २ |

### २. राफसाफ सदस्यले मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्दा लाग्ने शुल्कः

| शुल्कको शिर्षक | रकम | निक्षेप सदस्यले सिडिएसिलाई बुझाउनु पर्ने रकम |
|---|---|---|
| क. मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्ने शुल्क | रु. १००००।- | रु. ६०००।- |
| ख. खाता संचालन वार्षिक शुल्क | रु. ५०००।- | रु. ३०००।- |

**द्रष्टव्य :**

(१) धितोपत्र हस्तान्तरण भन्नाले धितोपत्रको खरिद वा बिक्री भएको अवस्थामा हितग्राहीको खाताबाट घटाउने वा खातामा जम्मा गर्ने कार्यलाई सम्झनु पर्छ।

(२) सिडिएससि वा निक्षेप सदस्यले हितग्राहीको खाता रोक्का गरेको अवस्थामा छुट दिन सक्नेछ।

---

३६ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

## अनुसूची - १५
## (विनियम २० को उपविनियम ३ सँग सम्बन्धित)
## निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्थाबीचको सम्झौता

.... स्थित कार्यालय  रहेको ............. (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि "सदस्य" भनिएको) प्रथम पक्ष र .....स्थित कार्यालय रहेको.................. (वैधानिक अस्तित्व भएको निकायको विवरण) यसपछि ("हितग्राही" भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

**१. सामान्य प्रावधान :**

यस सम्झौताका पक्षहरू धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ का व्यवस्था र सिडिएससिले समयसमयमा जारी गरेका विनियमलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रूपमा पालना गर्न सहमत छौं ।

**२. रकम असुल उपर :**

हितग्राहीले सदस्यलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।

**३. खाताको फाँटवारी (स्टेटमेन्ट) :**

[३]सदस्यले अनलाईन मार्फत् हितग्राहीलाई निजको खाताको फाँटवारी हेर्ने सुविधा प्रदान गर्नेछ । साथै हितग्राहीले आफ्नो धितोपत्रको फाँटवारी भौतिक रुपमा प्राप्त गर्न अनुरोध गरेमा सदस्यले सो समेत प्रदान गर्न सक्नेछ । तर यस अवधिमा कुनै कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

**४. विवरणमा भएका परिवर्तनहरूबारे हितग्राहीले सूचित गर्नुपर्ने :**

हितग्राहीले सूचित गरेको अवस्था बाहेक, हितग्राहीले विवरणमा भएको परिवर्तन सदस्यलाई जानकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवार हुनेछैन ।

**५. हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने :**

सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/ क्रेडिट गरिएको तेस्रो पक्षका दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा माग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैनन् ।

**६. प्रत्येक हितग्राही निम्न कुरामा विशेष रुपले जिम्मेवार हुनेछ :**

(क) निक्षेप सदस्यसँग भएको सम्झौता र खाता खोल्दाका विवरणहरु तथा तथ्य सम्बन्धमा,

(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेका लिखतको अधिकारीकता र सत्यता सम्बन्धमा,

(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने,

(घ) हितग्राहीको खातामा भएको परिवर्तनका विवरण सम्बन्धमा जस्तैः ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि,

(ङ) कुनैपनि निष्काशित धितोपत्र खरिद गरेकोमा सो को सत्य विवरण ।

**७. आधिकारिक प्रतिनिधि :**

हितग्राही सङ्गठित संस्था वा कानूनी व्यक्ति भएमा त्यस्तो संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियारप्राप्त व्यक्तिले सदस्यसँगको सम्झौता क्रियान्वित गर्नेछन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउनेछ ।

**८. सम्झौता रद्द गर्ने :**

विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिएअनुसारका शर्तबन्देजको अधिनमा रही पक्षहरूले यो सम्झौता जुनसुकै समयमा रद्द गर्न सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएका धितोपत्रहरूलाई सोही हितग्राहीको निर्देशनबमोजिम सदस्यले व्यवस्थापन गर्नेछ ।

**९. काबुबाहिरको परिस्थिति :**

यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भूँईचालो, आगलागी, विस्फोटन वा दैवी प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाहि वा अशान्ति, शत्रुको कारवाहि, अपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौताअन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपुर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

**१०. जनाउ :**

यस सम्झौताअनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रूपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

**११. विवादको समाधान :**

पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमालीमा तोकिएअनुसारको मध्यस्थता समितिको ब्यबस्था यस सम्झौताका पक्षहरूलाई पनि लागु हुनेछ ।

**१२. नियमनकारी कानून :**

यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

| **सम्झौताका प्रथम पक्ष** | **सम्झौताका दोश्रा पक्ष** |
|---|---|
| निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त | हितग्राहीको तर्फबाट अधिकार प्राप्त |
| व्यक्तिको नामः | व्यक्तिको नामः |
| दस्तखत : | दस्तखत : |
| कम्पनीको छापः | कम्पनीको छापः |
| **साक्षी** | **साक्षी** |
| १. ........................................... | १. ........................................... |

ईति संम्वत ............ साल ............... महिना ............ गते रोज.......... शुभम् ।

# अनुसूची - १६
## (विनियम २२ सँग सम्बन्धित)
## अभौतिकीकरण आदेश

मिति : ......................

श्री .........................

.............................

**विषय : अभौतिकीकरण गरी दिने बारे ।**

महाशय,

म/हामी ................... कम्पनीको ................ कित्ता अभौतिकीकरण गर्ने इच्छा भएकोले अभौतिकीकरण गर्न आवश्यक शुल्क यस निवेदन साथ संलग्न गरी निवेदन दिएको हुनाले आवश्यक व्यवस्था मिलाई दिनु हुन अनुरोध गर्दछु/छौं ।

| क्र. सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | शेयरधनीको नाम | शेयरधनी नम्बर | शेयर प्रमाणपत्र नम्बर | क्रम संख्या | | शेयर प्रमाणपत्र संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | | | | | | | |

**भवदीय**

निक्षेप सदस्यमा भएको दस्तखत :

कम्पनीमा भएको दस्तखत :

नाम/थर :

ठेगाना :

टेलिफोन :

इमेल :

बाबु/संचालक को नाम/थर :

बाजेको नाम/थर :

पतिको नाम/थर :

नागरिकता नं.:

जारी मिति र स्थान :

हितग्राही परिचय नम्बर :

लकिङ्ग भएको कारण :

लकिङ्ग भएको मिति सम्म :

## अनुसूची - १७
### (विनियम २४ सँग सम्बन्धित)
### पुनःभौतिकीकरण आदेश

मिति : .......................

श्री .........................
..............................

**विषय : पुनःभौतिकीकरण गरी दिने बारे ।**

महाशय,

म ⁄ हामी .................... कम्पनीको ......................... कित्ता अभौतिकीकरण गरेकोमा पुनःभौतिकीकरण गर्न आवश्यक शुल्क यस निवेदन साथ संलग्न गरी निवेदन दिएको हुनाले आवश्यक व्यवस्था मिलाई दिनु हुन अनुरोध गर्दछु ⁄ छौं ।

**भवदीय**
दस्तखत :
नाम ⁄ थर :
ठेगाना :
टेलिफोन :
इमेल :
बाबु ⁄ संचालक को नाम ⁄ थर :
बाजेको नाम ⁄ थर :
पतिको नाम ⁄ थर :
नागरिकता नं.:
जारी मिति र स्थान :
हितग्राही परिचय नम्बर :

## अनुसूची - १८
### (विनियम २५ सँग सम्बन्धित)
### खाता रोक्का/फुक्का फारामको नमुना

मिति :............................

श्री ........................
.............................

**विषय : खाता रोक्का/फुकुवा गर्ने बारे ।**

महोदय,

मेरो ⁄ हाम्रो ................. को नाममा रहेको खाता रोक्का ⁄ फुकुवा गरी दिन आवश्यक शुल्क संलग्न गरी यो निवेदन पेश गरेको छु ⁄ छौं ।

**भवदीय**
दस्तखत :
नाम ⁄ थर :
ठेगाना :
टेलिफोन :
इमेल :
बाबु ⁄ संचालक को नाम ⁄ थर :
बाजेको नाम ⁄ थर :
पतिको नाम ⁄ थर :
नागरिकता नं.:
जारी मिति र स्थान :
हितग्राही परिचय नम्बर :

## अनुसूची - १९
## (विनियम २६ को उपविनियम २ सँग सम्बन्धित)
## धितोपत्र बन्धकी सम्बन्धी विवरण

मिति :......................

श्री .......................
............................

**विषय : धितोपत्रको धितो बन्धक लिएको व्यहोरा जनाई पाउँ भन्ने बारे ।**

.................. कम्पनीको प्रति धितोपत्र मूल्य रु....... दरको जम्मा ........ कित्ता धितोपत्र श्री ............. बाट बन्धक लिएको हुँदा सो सम्बन्धी लिखितको एक प्रति संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं । उक्त धितोपत्र धितो बन्धक लिएको कुरा कम्पनीको रेकर्डमा जनाई पाउन नियम अनुसार लाग्ने दस्तुर यस निवेदन साथ पेश गरेको छु ।

**भवदीय**
दस्तखत :
नाम/थर :
ठेगाना :
टेलिफोन :
इमेल :
बाबु/संचालकको नाम/थर :
बाजेको नाम/थर :
पतिको नाम/थर :
नागरिकता नं.:
जारी मिति र स्थान :
हितग्राही परिचय नम्बर :

## अनुसूची - २०
## (विनियम २७ सँग सम्बन्धित)
## हितग्राहीको खाता बन्द गर्ने सम्बन्धी विवरण

मिति :.....................

श्री .......................
.............................
.............................

**विषय : खाता बन्द गर्ने बारे ।**

महोदय,
मेरो/हाम्रो ................ को नाममा रहेको खाता बन्द गरी दिन आवश्यक शुल्क संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

**भवदीय**
दस्तखत :
नाम/थर :
ठेगाना :
टेलिफोन :
इमेल :
बाबु/संचालकको नाम/थर :
बाजेको नाम/थर :
पतिको नाम/थर :
नागरिकता नं.:
जारी मिति र स्थान :
हितग्राही परिचय नम्बर :

## [37]अनुसूची - २१
## (विनियम ६, ७ तथा विनियम २३ को उपविनियम (१) र (३) सँग सम्बन्धित)

### सिडिएससिले लिन शुल्क

**निक्षेप सदस्यसंग लिने शुल्क**

सफ्टवेयर जडान तथा मर्मत शुल्क - रु.२०,०००।-

**अभौतिकीकरणका लागि दर्ता भएका संगठित संस्थासंग लिने शुल्क**

१. सफ्टवेयर जडान तथा मर्मत शुल्क - रु.२०,०००।-

२. संस्थागत लाभ शुल्क - प्रति हितग्राही रु.२।-*

३. प्रारम्भिक निष्काशन प्रमाणित शुल्क - प्रति हितग्राही रु.१।-

४. प्रारम्भिक निष्काशन प्रशोधन शुल्क - प्रति हितग्राही रु.५।-

*(बोनश शेयर तथा हकप्रद शेयर सम्बन्धी)

## अनुसूची - २२
## (विनियम २१ को उपविनियम ४ सँग सम्बन्धित)
## निक्षेप सदस्य र धितोपत्र दलालबीचको सम्झौता

.... स्थित कार्यालय रहेको ............. (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि "सदस्य" भनिएको) प्रथम पक्ष र ..... स्थित कार्यालय रहेको.................. (वैधानिक अस्तित्व भएको निकायको विवरण) यसपछि ("धितोपत्र दलाल" भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

**१. सामान्य प्रावधान :**

१.१. यस सम्झौतापत्रमा प्रयोग भई यसमा परिभाषित नभएका तर कम्पनी ऐन, २०६३, धितोपत्र सम्बन्धी ऐन २०६३, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ र सिडिएससिको विनियमावलीमा परिभाषित भएका शब्दावली तथा अभिव्यक्तिहरु उल्लिखित ऐन नियमावली तथा विनियमावलीले निर्धारण गरेको अर्थमा ग्रहण गरिनेछन् ।

१.२. यस सम्झौतामा प्रयोग भएका "हितग्राही", "फछ्र्यौट निकाय", "निष्काशनकर्ता", "सदस्य", "रजिष्ट्रार वा धितोपत्र हस्तान्तरण प्रतिनिधि" जस्ता शब्दावली तथा वाक्याशंहरूले धितोपत्र केन्द्रीय निक्षेप सम्बन्धी नियमावली, २०६७ तथा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा उल्लेख भए बमोजिमको अर्थ लाग्नेछ ।

१.३. सदस्यका लागि धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बन्धनकारी हुनेछ र यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको अङ्गका रूपमा सिडिएससिले जारी गरेको विनियमावली तथा सञ्चालन निर्देशिका पालन गर्न सहमत छन् ।

१.४. सदस्य वा धितोपत्र दलाल रहने कुराको समाप्त भए पनि निक्षेप सदस्य वा धितोपत्र दलालको समाप्ति हुनुपूर्वका सो हैसियतमा सम्पादन वा कार्यान्वयन गरिएका, प्रवेश

---

३७ धितोपत्र राफसाफ तथा फछ्र्यौट (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

गरिएका वा सम्पन्न गरिएका वा गर्न बाँकी रहेका बक्यौता, अपूर्ण वा कामबाँकी प्रविष्टि वा कारोबारलगायत सबै मामिलामा तिनका दायित्व परिपूर्णताका लागि आवश्यक हुने कुरामा सदस्य र धितोपत्र दलालका लागि विनियमावली तथा सञ्चालन निर्देशिका बन्धनकारी रहनेछन् ।

**२. शुल्क दस्तुर बुझाउनुपर्ने :**

धितोपत्र दलालले निक्षेप सदस्यलाई खाताहरु खोल्ने तथा सञ्चालन गर्ने निर्देशनहरु कार्यान्वयन गर्ने र उल्लेखित खाताको सञ्चालनार्थ भई परिआउने खर्च तथा सेवाहरु उपलब्ध गराउन लागेको शुल्क, दस्तुर भुक्तानी बुझाउनु पर्नेछ ।

**३. धितोपत्र दलालको उत्तरदायित्व :**

३.१. खाता खोल्ने फारम, समर्थन तथा नत्थी कागजात र यो सम्झौतापत्रमा कायम गरिएका सबै व्यहोरा तथा विवरणहरूको आधिकारिकता,

३.२. खाता खोल्नका लागि वा तत्पश्चात् सदस्यसमक्ष प्रस्तुत कागजातहरूको आधिकारिकता र सत्यता,

३.३. कुनै पनि कारोबारलाई प्रभाव पार्नका लागि सदस्यलाई जारी गरिएका निर्देशनहरू पूरा गर्न पर्याप्त हुने निजको खर्चहरूको सुरक्षण सुनिश्चित गर्न,

३.४. खाता खोल्ने समयमा वा समयसमयमा ठेगाना, बैंक विवरण, हैसियत, अभौतिकीकरण, मनोनयन, हस्ताक्षर आदि जस्ता सदस्यसमक्ष प्रस्तुत आवेदन फारमका विवरणहरूमा भएका कुनै पनि परिवर्तनको यथाशक्य चाँडै सदस्यलाई जानकारी गराउने कुरा ।

**४. धितोपत्र दलालले खाताहरू खोल्नुपर्ने :**

४.१. धितोपत्र दलालले राफसाफ प्रयोजनको लागि खाताहरू खोल्नुपर्नेछ ।

४.२. धितोपत्र दलालले हितग्राहीको नाममा खोलिएको खातामा हुन आउने संस्थागत लाभ तत्काल आफ्नो खातामा प्राप्त भएमा तुरुन्तै हितग्राहीको खातामा जम्मा गरिदिनु पर्नेछ । यसरी उपलब्ध लाभ हितग्राहीको खातामा जम्मा नभएको कारणबाट उत्पन्न क्षतिपूर्ति धितोपत्र दलालले व्यहोर्ने छ ।

**५. निक्षेप सदस्यले प्रत्येक धितोपत्र दलालका लागि भिन्दाभिन्दै खाता खोल्ने :**

सदस्यले प्रत्येक धितोपत्र दलालका लागि भिन्दाभिन्दै खाता सञ्चालन गर्नेछ । कुनै एक धितोपत्र दलालका धितोपत्रहरू अर्को धितोपत्र दलाल वा सदस्यका धितोपत्रहरूसँग नमिसिने कुरा सुनिश्चित पार्नेछ ।

**६. निक्षेप सदस्यले धितोपत्र दलालको निर्देशनअनुसार मात्र कार्य गर्नुपर्ने :**

६.१. सदस्यले धितोपत्र दलाल वा सोका लागि सिडिएससिले तोकेअनुसारको तरिकाबाट धितोपत्र दलालले अख्तियार गरेको व्यक्तिहरूको निर्देशन वा कार्य अनुसार मात्र कार्य गर्नेछ ।

६.२. सदस्यले धितोपत्र दलालका निर्देशनहरूको कार्यान्वयनगर्नुपर्नेछ । धितोपत्र दलालको तर्फबाट प्रतिनिधित्व र अख्तियारप्राप्त सूचीकृत व्यक्तिहरूले सदस्यसँगको सम्झौता कार्यान्वयन गर्नेछन् । प्रतिनिधिहरूको त्यस्तो सूचीमा थपघट, हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा धितोपत्र दलालले निक्षेप सदस्यलाई तुरुन्त जानकारी गर्नेछन् ।

**७. धितो/बन्धक :**

धितोपत्र दलालले निजका खाताहरूमा रहेका धितोपत्रहरूलाई धितो, बन्धक राख्न पाउने छैन ।

**८. धितोपत्र दलालको खाता निष्क्रिय (फ्रिजिङ) र सक्रिय (डिफ्रिजिङ) गर्ने :**

८.१. धितोपत्र दलालले निजको खातामा रहेको धितोपत्रहरूका सम्बन्धमा तिनको सम्पूर्ण सञ्चालन निष्क्रिय गर्न र खाता रोक्का गर्ने अधिकार जुनसुकै बेला प्रयोग गर्न सक्नेछ । त्यसका लागि निर्देशन प्राप्त गरेको समयभित्रमा धितोपत्र दलालको खाता निष्क्रिय गरिदिने काम सदस्यको हुनेछ । समयमा सदस्यले निष्क्रिय नगरेका कारणले धितोपत्र दलाललाई पुगेको कुनै पनि क्षति, हानी, घाटा सदस्यले व्यहोर्नु पर्नेछ ।

८.२. नेपाल सरकार, अदालत, वा राजस्व निकायका निर्देशन, आदेश वा आज्ञा पालनाका लागि वा सदस्यलाई त्यसो गर्न सिडिएससिको लिखित निर्देशन पाएमा धितोपत्र दलालका खाताहरू सदस्यले निष्क्रिय गर्न सक्नेछ र यसरी खाता रोक्का हुँदा सदस्यले त्यसबारे धितोपत्र दलाललाई तुरुन्तै सूचित गर्नेछ ।

**९. सदस्यको लियन अधिकार :**

सिडिएससिको पूर्वस्वीकृति नलिई सदस्यले धितोपत्र दलालसँगको धितोपत्रसम्बन्धी धितोपत्र दलालका तर्फको जालसाजी, लापरवाही वा गल्तीका कारणबाट सदस्य वा सिडिएससिलाई भएको कुनै पनि क्षतिको क्षतिपूर्तिलगायत बाँकीबक्यौता असुलउपरस्वरूप निजसँगको खातामा रहेको धितोपत्र दलालको अभौतिकिकरणमा रहेको जेथाउपर सदस्यले लियन अधिकार प्रयोग गर्नेछैन । सदस्यले सिडिएससिबाट यस्तो पूर्वस्वीकृति प्राप्त गरेमा सिडिएससिले निर्दिष्ट गरेअनुसार धितोपत्र दलालको खातामा रहेको धितोपत्रको लियन अधिकार प्रयोगसम्बन्धी सूचना सम्बन्धित धितोपत्र दलाललाई लिखित रूपमा दिनेछ ।

**१०. धितोपत्र दलालको खाताको फाँटवारी (स्टेटमेन्ट) :**

१०.१. सदस्यले धितोपत्र दलाललाई निजका खाताको फाँटवारी हरेक महिनाको अन्तमा प्रदान गर्नेछ । सो समय बाहेक धितोपत्र दलाललाई चाहिएको बेला निक्षेप सदस्यले दस्तुर लिई जुनसुकै बेला फाँटवारी प्रदान गर्न सक्नेछ ।

१०.२. धितोपत्र दलालले सदस्यबाट प्राप्त निजको खाताको प्रत्येक फाँटवारीको सत्य तथ्य र तिनको आधिकारिकताको जाँच गर्नेछ र त्यस्तो फाँटवारीमा कुनै गल्ती वा फरक देखिए शीघ्रातिशीघ्र निक्षेप सदस्यलाई जानकारी गराउनेछ ।

**११. गोपनीयता :**

अदालत वा राजस्व निकायले वा सिडिएससि वा सम्बन्धित निश्काशनकर्ता वा सिडिएससि मार्फत रजिष्ट्रार वा राफसाफ संस्थाले मागेको वा लिखित रूपमा निर्देशन गरेकोमा कुनै कानूनी दायित्व पूरा गर्न धितोपत्र दलालसँग सरोकार नराखी वा नसोधी धितोपत्र दलाल र निजको खातासम्बन्धी विस्तृत जानकारी, विवरण, तथ्याङ्क वा सूचना उपलब्ध गराउन वा खुलासा गर्न सदस्यलाई स्वतन्त्रता रहनेछ । तर सदस्यले अन्य पक्ष वा व्यक्तिलाई धितोपत्र दलाल र निजको खातासम्बन्धी विस्तृत जानकारी, विवरण, तथ्याङ्क वा सूचनाको गोपनीयता कायम राख्नेछ ।

## १२. धितोपत्र दलालले तुरुन्तै जनाउ दिनुपर्ने :

१२.१. धितोपत्र दलालले सिडिएससि र निक्षेप सदस्यलाई तुरुन्त जनाउ दिनेछन् :

१२.१.१. धितोपत्र दलालको रूपमा काम गर्न असमर्थ भएमा,

१२.१.२. धितोपत्र दलाल विघटनका लागि निवेदन स्वीकार गरेमा, लिक्विडेटरको नियुक्ति भएमा वा विघटन प्रस्ताव स्वीकृत भएमा,

१२.१.३. दामासाही, टाटपल्टाइ वा लिक्विडेसनकालागि कुनै निवेदन जानकारी आएमा,

१२.१.४. निजको सम्पत्तिमा वा निजउपर कुनै संकट, क्षति वा अन्य कुनै कुरा भएको वा गरिएको जानकारी प्राप्त भएमा,

१२.१.५. धितोपत्र दलाललाई भुक्तान गर्न नसक्ने (डिफल्टर) घोषणा गरिएमा वा निलम्बन गरिएमा वा निजको सदस्यता सम्बन्धित धितोपत्र बजार वा बोर्डद्वारा समाप्त गरिएमा,

१२.१.६. बोर्ड वा धितोपत्र बजारले धितोपत्र दलाललाई खारेज, निलम्बन वा कुनै कारवाही गरेमा,

## १३. धितोपत्र दलालको गुणासो/उजुरीको समाधान :

सदस्यले निजसँग सम्बन्धित धितोपत्र दलालका सबै गुणासो/उजुरी समाधान गर्नेछन् र सो को जानकारी सिडिएससिलाई दिनेछन् ।

## १४. खाता बन्द हुने :

१४.१. धितोपत्र दलालले कुनै पनि निर्देशनको काम बाँकि नरहेको वा क्रियान्वित हुन बाँकि नराखी र सदस्यलाई बुझाउनुपर्ने शुल्क वा दस्तुर बुझाउन बाँकि नराखी सदस्यसमक्ष रहेका निजका सबै खाताहरू बन्द गर्नका लागि आह्वान गरी यो सम्झौतापत्र रद्द गर्न सक्नेछ । यसका लागि यस सम्बन्धमा खाता बन्द गर्नुपर्ने उचित कारण सहितको व्यहोरामा धितोपत्र दलालले सदस्यसमक्ष निवेदन दिनुपर्नेछ। धितोपत्र दलालले खातामा रहेका कुनै पनि सङ्कलन वा मौज्दात बाँकी नभएमा खाताबन्दी फारम कार्यानवयन गरी बन्द गर्न सक्नेछ। बन्द गर्न खोजिएको खातामा कुनै पनि धितोपत्र बाँकी देखिएमा देहायका मध्ये कुनै एक तरिकाबाट खाताहरू बन्द हुन सक्नेछन् :

१४.१.१. खातामा रहेका सबै मौज्दातको अभौतिकीकरण गरेर,

१४.१.२. खातामा बाँकी रहेका सबै मौज्दात निजका अन्य सदस्यसमक्ष रहेका एक वा बढी खाताहरूमा स्थानान्तरण गरेर,

१४.१.३. यस्तो खातामा रहेका मौज्दातमध्ये केहीको अभौतिकीकरण गरेर र केही मौज्दात निजका अन्य सदस्यसमक्ष रहेका एक वा बढी खाताहरूमा स्थानान्तरण गरेर,

१४.२. धितोपत्र दलालबाट सो सम्बन्धमा गरेको निर्देशन पाएको २ (दुई) कार्य दिन अवधि भित्र सदस्यले धितोपत्र दलालका धितोपत्रहरूको मौज्दात स्थानान्तर वा अभौतिकीकरणको कार्यविधिको जनाउ दिनुपर्नेछ ।

१४.३. धितोपत्र दलालका खातामा रहेको धितोपत्रहरू धितोबन्धकमा रहेको वा हिसाब नमिलेको वा खाता बन्द गर्ने कुराले कुनै अदालत, वा राजस्व न्यायाधिकरणको कुनै आदेश वा निषेधाज्ञा तोडिने वा उल्लंघन हुने भएमा धितोपत्र दलालको खाता बन्द हुनेछैन ।

१४.४. निक्षेप सदस्यले आफ्नो सदस्यता निष्कृया गर्ने अवस्था भएमा धितोपत्र दलालले निजका धितोपत्रहरूको अभौतिकीकरण गर्न वा अर्को सदस्यसँग खोलिएको खातामा निजको खाताका धितोपत्रहरू स्थानान्तर गर्न अनुरोध गर्न सक्नेछ ।

## १५. खारेज :

१५.१. निम्न अवस्थामा सदस्यले यो सम्झौतापत्र रद्द गर्न सक्नेछ :

१५.१.१. माग गरिएको मितिले ३० (तीस) दिनभित्र सहमति गरिएको शुल्क वा दस्तुरहरू बुझाउन नसकेमा,

१५.१.२. धितोपत्र बजारले निलम्बन गरेमा वा डिफल्टर घोषित गरेमा वा धितोपत्र बजारको सदस्यता समाप्त भएमा,

१५.१.३. बोर्ड वा सो सम्बन्धमा कानूनले अधिकारप्राप्त नियमनकारी अधिकारीले राफसाफ संस्था वा धितोपत्र बजारबाट हटाएमा, निलम्बन गरेमा वा दर्ता खारेज गरेमा,

१५.१.४. सदस्यसँगको कारोबारमा जालसाजी वा नैतिक पतन देखिने कुनै कार्य गरेमा वा सहभागी भएमा,

१५.२. धितोपत्र दलाललाई कम्तीमा १ (एक) महिनाको लिखित सूचना जारी गरेर सदस्यले कुनै पनि कारण नजनाई यो सम्झौतापत्र रद्द गर्न सक्नेछ ।

१५.३. सदस्यले यो सम्झौता रद्द गरेको अवस्थामा, धितोपत्र दलालको खाता बन्द गर्नका लागि सदस्यले धितोपत्र दलाललाई निजको खातामा रहेका धितोपत्र मौज्दात अर्को सदस्यसमक्ष रहेको खातामा स्थानान्तर गर्ने वा विनियमावली अनुसार पुनःभौतिकीकरण गरी सहमतिमा सोही बमोजिम खाता बन्द गर्नेछ । धितोपत्र दलालका कारणले नभई सदस्य आफैले खाता बन्द गराएकोमा धितोपत्र दलालको खाताको धितोपत्र अर्को सदस्यको खातामा स्थानान्तर गर्दा वा यस्तो खातामा रहेको धितोपत्र पुनःअभौतिकीकरण गर्दा लागेको कुनै पनि लागत, दस्तुर वा खर्च सदस्यले व्यहार्नेछ ।

१५.४. सम्झौतापत्रको खारेजमा धितोपत्र दलालले खाताका बाँकी मौज्दात अर्को सदस्यको खातामा स्थानान्तर गर्न खाता तोक्न नसकेमा वा अर्को सदस्यको खातामा मौज्दात स्थानान्तरण गर्न प्रयत्न गर्दा नसकेमा सिडिएससिले केही समयका लागि खाता स्थानान्तर गर्न अर्को कुनै पनि सदस्य मनोनयन गर्नेछ तर सिडिएससिले स्थानान्तर गर्न अर्को सदस्यसँग धितोपत्र दलालले सम्झौता नगरेसम्म सो कुरा प्रभावकारी हुनेछैन ।

१५.५. सदस्यबाट यो सम्झौताको खारेज भए वा धितोपत्र दलालबाट यस्तो खाता बन्द गरे तापनि, यस सम्झौतापत्रका व्यवस्था र त्यसबाट उत्पन्न पारस्परिक अधिकार तथा दायित्वहरू, त्यस्तो खारेज वा खाताबन्दीसँग नबाझिएसम्म, सम्झौता प्रभावकारी रहेका अवधिका सबै कार्य, लिखत, मामिला, सम्पादित कार्य र कारोबारका लागि पक्षहरू बन्धनकारी रहनेछन् ।

**१६. हर्जाना :**

१६.१. सदस्यले धितोपत्र दलालको निर्देशनविपरित वा प्रतिकूल वा सदस्यका तर्फबाट ऐन, नियम, विनियम उल्लंघनमा कर्मचारी, एजेन्ट वा कुनै कुराबाट भएको कुनै पनि लापरवाहीबाट धितोपत्र दलालका खातामा रहेको धितोपत्रहरूको कुनै पनि आम्दानी वा खर्चलाई असर पार्ने गरी वा सो को कारणबाट धितोपत्र दलाललाई हुन गएका सबै क्षति, हानी, नोक्सानी र मुद्दा, कारवाहि र अन्य जुनसुकै कार्यप्रक्रियासंग सम्बन्धित सबै लागत, दस्तुर तथा खर्चबाट भएको नोक्सानीको हर्जाना निक्षेप सदस्यले दिनेछ ।

१६.२. धितोपत्र दलालले सदस्यसमक्ष पेस भएका प्रमाणपत्र वा अन्य कागजातको सम्बन्धमा भएका जालसाँजी, झुटा, खोटो, चोरीको, रद्द भएको वा कुनै अदालत, वा त्यस्तो धितोपत्रको स्थानान्तरमा रोक लगाउने वा निषेध गर्न अधिकार पाएको कुनै पनि निकायको आदेश वा निषेधाज्ञाको अधीनमा रही अमान्य भएमा सदस्य र तिनका कर्मचारीहरूलाई हानीरहित गरिएको कुनै कार्य लिखत वा कुनै कुराबाट भएको कुनै पनि लापरवाहीबाट धितोपत्र दलालका खातामा रहेको धितोपत्रहरूको कुनै पनि आम्दानी वा खर्चलाई असर पार्ने गरी वा सो कारणबाट धितोपत्र दलालबाट हुन गएका सबै क्षति, हानी, नोक्सानी र दावी माग, मुद्दा, कारवाही, अभियोजन र अन्य जुनसकै कार्यप्रक्रिया सम्बन्धी लागत, दस्तुर तथा खर्चलगायतको सदस्यलाई हर्जाना दिनेछ ।

**१७. काबुबाहिरको परिस्थिति :**

यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भूँईचालो, आगलागी, विस्फोटन वा दैवी प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, सेवामा अवरोधजस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही आपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंश, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौताअन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षति वा चोटको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

**१८. जनाउ :**

यस सम्झौताअनुसार दिइन आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रूपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

**१९. प्रभावकारिता :**

यो सम्झौताको कुनै पनि प्रावधान कुनै अदालत, वा नियमनकारी निकायले गैरकानूनी, प्रभावशून्य वा लागू गर्न नसकिने भनी निरूपण वा ठहर गरेमा वा कुनै कानूनको संशोधन, सूचना वा न्यायिक निर्णयका कारणले शून्य वा लागू गर्न नसकिने बनाइएमा यस सम्झौतामा हुनुपर्नेसम्भव भएसम्म सम्झौताका अन्य प्रावधानहरू फेरबदल नगरी त्यस्तो प्रावधान निष्क्रिय वा प्रभावरहित हुनेछन् तर सो कुराले सम्झौताका बाँकी प्रावधानहरूको मान्यता वा प्रभावकारितालाई कुनै असर गर्नेछैनन् र हुबहु लागू हुनेछन् ।

**२०. नेपाल धितोपत्र बोर्डबाट भएका संशोधन वा हेरफेर बन्धनकारी हुने :**

नेपाल धितोपत्र बोर्डबाट यस सम्झौतामा गरिएका थपघट, हेरफेर, परिमार्जन, संशोधन वा निर्देश गरेका कुनै प्रावधान यसका पक्षका लागि बन्धनकारी हुनेछन् र तिनको प्रभावका लागि चाहिने त्यस्ता लिखत कागजात वा लेखाइको पक्षहरूले पालना गर्नेछन् ।

**२१. परित्याग गर्न नपाउने :**

कुनै पनि पक्षले यस सम्झौताअन्तर्गत भएका वा कानूनमा रहेका कुनै पनि अधिकार, विशेषाधिकार वा उपचार लिखित रूपमा कार्यान्वयन गरेबाहेक परित्याग गर्न, छाड्न वा अलग्गिन पाउनेछैनन र पक्षहरू त्यस्ता अधिकार, विशेषाधिकार वा उपचार प्रयोग नगर्न वा विलम्ब गर्ने कुराले त्यसको परित्याग गरेको कुरा वा तेस्रो पक्षले गरेको कुनै कार्यविधिको उल्लंघन, परित्याग क्रियाशील हुनेछैन साथै यस सम्झौताअन्तगत वा अन्य कानूनअन्तर्गत उपलब्ध अधिकार, विशेषाधिकार वा उपचारको आंशिक प्रचलन पनि हुनेछैन । समान्यतया यस्ता सबै अधिकार, पक्षद्धारा स्विकारिने छन ।

**२२. उपचार :**

पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका उपचारका सम्बन्धमा विनियमावलीमा तोकिएअनुसारको मध्यस्थता समितिको प्राभधान लागु हुनेछ ।

**२३. नियमनकारी भाषा :**

यस सम्झौतापत्रको विषयवस्तुका सम्बन्धमा पक्षहरूका बीचमा कार्यान्वयन हुने सबै लिखत, कागजात तथा लेखाइ र आदानप्रदान गरिने पत्राचार नेपाली भाषामा हुनेछ जुन पक्षहरूबीचको नियमनकारी भाषा हुनेछ ।

**२४. नियमनकारी कानून :**

यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

**२५. प्रकरण शीर्षक :**

यस सम्झौतापत्रका प्रकरण शीर्षकहरू सुविधा र सन्दर्भका लागि मात्र हुन र तिनले सम्झौतापत्रको व्याख्यालाई प्रभाव पार्नेछैनन् ।

**२६. सम्झौताको कार्यान्वयन :**

यो सम्झौताको कार्यान्वयन यसको सक्कल प्रति बाट गरिनेछ जुन यसका पक्षहरूसँग रहनेछन्

| **सम्झौताका प्रथम पक्ष** | **सम्झौताका दोश्रा पक्ष** |
|---|---|
| निक्षेप सदस्यको तर्फबाट | दलाल सदस्यको तर्फबाट |
| अधिकार प्राप्त व्यक्तिको नामः | अधिकार प्राप्त व्यक्तिको नामः |
| दस्तखत : | दस्तखत : |
| कम्पनीको छापः | कम्पनीको छापः |
| **साक्षी** | **साक्षी** |
| १. ........................................... | १. ..................................... |

ईति संम्वत ............ साल ............... महिना ............ गते रोज.......... शुभम् ।

## अनुसूची- २३
## (विनियम २९ सँग सम्बन्धित)
## निर्देशन पुर्जी
## (धितोपत्र बजारमा कारोबार भएको)

निक्षेप सदस्यको नाम र ठेगाना : ..........................

निक्षेप सदस्य संकेत नं.: ...............

धितोपत्र बोर्डको दर्ता नं.: ....................

क्रम संख्या :

<table>
<tr><td colspan="14">म/हामी अनुरोध गर्दछु/गर्दछौं मेरो/हाम्रो खाताबाट तपशिलमा उल्लेखित विवरण थप/घट गर्न अनुरोध गर्दछु/गर्दछौं ।</td><td colspan="2">मिति</td><td></td></tr>
<tr><td colspan="3">निक्षेप सदस्य परिचय नं.:</td><td colspan="8"></td><td>हितग्राही परिचय नं.:</td><td colspan="2"></td><td colspan="2">शेयर धनीको नाम :</td><td></td></tr>
<tr><td rowspan="2">क्र. सं</td><td colspan="10" rowspan="2">ISIN</td><td rowspan="2">कम्पनीको नाम</td><td colspan="3">संख्या</td><td rowspan="2" colspan="2">निर्देशन नं.: (निक्षेप सदस्यले भर्ने)</td></tr>
<tr><td colspan="2">अंकमा</td><td>अक्षरमा</td></tr>
<tr><td>१.</td><td>N</td><td>P</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td><td colspan="2"></td></tr>
<tr><td>२.</td><td>N</td><td>P</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td><td colspan="2"></td></tr>
<tr><td>३.</td><td>N</td><td>P</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td><td colspan="2"></td></tr>
<tr><td>४.</td><td>N</td><td>P</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td><td colspan="2"></td></tr>
<tr><td>५.</td><td>N</td><td>P</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td><td colspan="2"></td></tr>
<tr><td colspan="11">जम्मा प्राप्त निर्देशन (अंकमा)</td><td></td><td colspan="2"></td><td></td><td colspan="2"></td></tr>
</table>

### → -: उचित विवरण भर्नु होला :-

| निर्देशन पुर्जीको प्रकार | पूर्व भुक्तान | साधारण भुक्तान |
|---|---|---|
| धितोपत्र बजारको नाम | | |
| राफसाफ तथा फर्छौटको प्रकार | | |
| राफसाफ तथा फर्छौट नं.: | | |
| धितोपत्र दलाल नं.: | | |
| काउन्टर निक्षेप सदस्य नं.: | | |
| काउन्टर खाता नं.: | | |

<table>
<tr><td colspan="2">पहिलो आधिकारिक दस्तखत</td><td colspan="2">दोस्रो आधिकारिक दस्तखत</td><td>तेस्रो आधिकारिक दस्तखत</td><td></td></tr>
<tr><td colspan="5">निक्षेप सदस्यको कार्यालयले भर्ने</td><td></td></tr>
<tr><td>आन्तरिक नं.:</td><td></td><td>दस्तखत प्रमाणित गर्ने</td><td></td><td>कारोबार प्रविष्टी गर्ने</td><td></td></tr>
</table>

# अनुसूची- २४

## (विनियम ३० सँग सम्बन्धित)

## निर्देशन पुर्जी

## (धितोपत्र बजार भन्दा बाहिर कारोबार भएका)

निक्षेप सदस्यको नाम र ठेगाना : ..........................

निक्षेप सदस्य संकेत नं.: ...............

धितोपत्र बोर्डको दर्ता नं.: ....................

बुझाउने

प्राप्त गर्ने क्रम संख्या :

| | | | | | |
|---|---|---|---|---|---|
| म/हामी अनुरोध गर्दछु/गर्दछौं मेरो/हाम्रो खाताबाट तपशिलमा उल्लेखित विवरण थप/घट गर्न अनुरोध गर्दछु/गर्दछौं । | | | | मिति | |
| निक्षेप सदस्य परिचय नं.: | | हितग्राही परिचय नं.: | | शेयर धनीको नाम : | |

| क्र. सं | ISIN | | | | | | | | | | कम्पनीको नाम | संख्या | | निर्देशन नं.: (निक्षेप सदस्यले भर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | अंकमा | अक्षरमा | |
| १. | N | P | | | | | | | | | | | | |
| २. | N | P | | | | | | | | | | | | |
| ३. | N | P | | | | | | | | | | | | |
| ४. | N | P | | | | | | | | | | | | |
| ५. | N | P | | | | | | | | | | | | |
| जम्मा प्राप्त निर्देशन (अंकमा) | | | | | | | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| एउटा हितग्राहीको खाताबाट अर्को हितग्राहीको खातामा हस्तान्तरण भएमा र धितोपत्र बजारको कारोबारसँग सम्बन्धित नभएमा :- | कोबार हुने मिति | | | | | | | |
| | | | | | | | | |

→ **-: उचित विवरण भर्नु होला :-**

| निर्देशन पुर्जीको प्रकार | खाता हस्तान्तरण-सिडिएससिसँग सम्बन्धित | |
|---|---|---|
| राफसाफ तथा फछ्र्यौटको विवरण | हितग्राही - हितग्राही | हितग्राही - धितोपत्र दलाल, धितोपत्र दलाल - हितग्राही, धितोपत्र दलाल - धितोपत्र दलाल |
| धितोपत्र बजारको नाम : | | |
| राफसाफ तथा फछ्र्यौटको प्रकार | | |
| राफसाफ तथा फछ्र्यौट नं.: | | |
| काउन्टर निक्षेप सदस्य नं./राफसाफ सदस्य नं.: | | |
| काउन्टर खाता नं.: | | |
| काउन्टर हितग्राही/धितोपत्र दलालको नाम : | | |
| काउन्टर राफसाफ तथा फछ्र्यौट विवरण | धितोपत्र दलाल - धितोपत्र दलाल | |
| धितोपत्र बजारको नाम | | |
| राफसाफ तथा फछ्र्यौटको प्रकार | | |
| राफसाफ तथा फछ्र्यौट नं.: | | |

| पहिलो आधिकारिक दस्तखत | | दोस्रो आधिकारिक दस्तखत | | तेस्रो आधिकारिक दस्तखत | |
|---|---|---|---|---|---|
| **निक्षेप सदस्यको कार्यालयले भर्ने** | | | | | |
| आन्तरिक नं.: | | दस्तखत प्रमाणित गर्ने | | कारोबार प्रविष्टी गर्ने | |

## अनुसूची- २५
### (विनियम ३० को उपविनियम ४ सँग सम्बन्धित)
### अभौतिकीकरण गरी मृत्यु नामसारीका लागि दिने निवेदनको ढाँचा

मिति : ........................

श्री ..........................

..............................

**विषय : अभौतिकीकरण गरी मृत्यु नामसारी गरिदिने बारे ।**

उपरोक्त विषयमा तपशिल बमोजिमको शेयर श्री .............................................. को मिति ...............मा निधन भएकोले म मृतकको ...................... नाता पर्ने हितग्राही खाता नम्बर ........................ भएको श्री ............................... नाममा उक्त शेयर अभौतिकीकरण गरी मृत्यु नामसारी गरी पाउँ भनी आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । पछि फरक पर्ने छैन यदि फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| क.सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | शेयरधनीको नाम | शेयरधनी नम्बर | शेयर प्रमाणपत्र नम्बर | क्रम संख्या | | शेयर प्रमाणपत्र संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | | | | | | | |

**निवेदक**

दस्तखत :-

नाम, थर :-

हितग्राही खाता नम्बर :-

ठेगाना :-

फोन/मोबाईल नं.:-

**अभौतिकीकरण गरी मृत्यु नामसारी गर्नको लागि पेश गर्नु पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**

(१) मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(२) मृतकको नागरिकताको प्रमाणित प्रतिलिपि

(३) हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(४) नाता प्रमाणित रहने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(५) हकवाला एक भन्दा बढी भए संयुक्त मञ्जुरीनामा

(६) शेयरको सक्कल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

**द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।**

## [३८]अनुसूची- २५(क)
## (विनियम ३० को उपविनियम ४ सँग सम्बन्धित)

### धितोपत्रको हस्तान्तरण दस्तुर

१. निक्षेप सदस्यले घरायसी हस्तान्तरण वा अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तारणका लागि हस्तान्तरण गरिने धितोपत्रको चुक्ता रकमको दुई प्रतिशत वा न्यूनतम दुईसय रुपैयाँ लिनु पर्नेछ ।

२. निक्षेप सदस्यले धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरणका लागि देहाय बमोजिमको शुल्क लिनेछ :

| धितोपत्रको चुक्ता रकम | निक्षेप सदस्यले लिने शुल्क |
|---|---|
| रु. १,००,०००।- सम्म | ०.५% वा न्यूनतम रु.२५।- |
| रु. १,००,००० भन्दा माथि रु. ५,००,०००।- सम्म | ०.२% वा न्यूनतम रु.५००।- |
| रु. ५,००,००० भन्दा माथि रु.१०,००,०००।- सम्म | ०.१५ % वा न्यूनतम रु.१०००।- |
| रु.१०,००,०००।- भन्दा माथि | ०.१% वा न्यूनतम रु.१५००।- |

३. उपरोक्त बमोजिम निक्षेप सदस्यले लिएको शुल्कको ६० प्रतिशत सिडिएससीलाई बुझाउनु पर्नेछ ।

## [३९]अनुसूची- २५(ख)
## (विनियम ३० को उपविनियम ४(क) र ४(ख) सँग सम्बन्धित)
### घरायसी / अंशवण्डा हस्तान्तरण लागि दिने निवेदनको ढाँचा

मिति : ............................

श्री .............................

..................................

**विषय : घरायसी/अंशवण्डा हस्तान्तरण बारे ।**

उपरोक्त विषयमा ....................................को नाममा रहेको हितग्राही खाता नम्बर ..... ............................. बाट ..................................... नाता पर्ने हितग्राही खाता नम्बर .......................... भएको श्री ....................................... को नाममा देहाय बमोजिमको धितोपत्र हस्तान्तरण गरिदिनु हुन आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु। उक्त धितोपत्रमा मेरो बाहेक अन्य कसैको हक अधिकार नरहेको व्यहोरा प्रमाणित गर्दछु। उक्त व्यहोरामा कुनै फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| क्र.सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |

३८ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत

३९ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत

**धितोपत्र लिने :**

माथि उल्लेख विवरण अनुसारको धितोपत्र दिन चाहने

श्री.......................................

मेरो एकाघरको नाता पर्ने कुरा ठिक साँचो हो । उक्त धितोपत्र लिने ईच्छा भएकोले मेरो नाममा नामसारी गरी पाऊँ ।

दस्तखत :

नाम :

बाबुको नाम :

बाजे/पतिका नाम :

ठेगाना :

फोन नं.:

**धितोपत्र दिने :**

दस्तखत :

नाम :

बाबुको नाम :

बाजे/पतिको नाम :

ठेगाना :

फोन नं.:

औंठाको छाप :

दायाँ बायाँ

निक्षेप सदस्यको आधिकारीक व्यक्तिको

नाम :-

हस्ताक्षर :-

कम्पनीको छाप :-

**घरायसी हस्तान्तरण लागि पेश गुर्न पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**

(१) धितोपत्र नामसारी गरी लिने तथा धितोपत्र नामसारी गरी दिने दुवैको निवेदन ।

(२) धितोपत्र लिने तथा दिने दुबैको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

(३) धितोपत्र लिने तथा दिने बीचको नाता प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि ।

**द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।**

### [४०]अनुसूची- २५(ग)
### (विनियम ३० को उपविनियम ४(ग) सँग सम्बन्धित)
### मृत्यु पश्चात धितोपत्र हस्तान्तरणका लागि दिने निवेदनको ढाँचा

मिति : ............................

श्री .............................

..................................

**विषय : मृत्यु पश्चात धितोपत्र हस्तान्तरण बारे ।**

उपरोक्त विषयमा हितग्राही खाता नम्बर ......................... भएका श्री ................................ ................. को मिति ........................... मा निधन भएकोले म हकवाला मृतकको ........... ..................... नाता पर्ने श्री ....................................... को नाममा रहेको हितग्राही खाता नम्बर .......................... मा उक्त धितोपत्र हस्तान्तरण गरी पाउँ भनी आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु। पछि फरक पर्ने छैन। यदि फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| क्र.सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | धितोपत्र कित्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**निवेदक**

दस्तखत :-

नाम, थर :-

हितग्राही खाता नम्बर :-

ठेगाना :

फोन/मोबाईल नं.:-

निक्षेप सदस्यको आधिकारीक व्यक्तिको

नाम :-

हस्ताक्षर :-

कम्पनीको छाप :-

**संलग्न गर्नु पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**

१. मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

२. मृतकको नागरिकता प्रमाणित प्रतिलिपि,

३. हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४. नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा सम्पूर्ण व्यक्तिहरुको नागरिकताको प्रतिलिपि,

५. अन्य हकवालाको मन्जुरीनामा,

६. अन्य आवश्यक कागजात,

**द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।**

---

४० धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा थप गरिएको ।

[४१]अनुसूची-२५(घ)

**(विनियम ३० को उपविनियम ४(घ) सँग सम्बन्धित)**

(भौतिक धितोपत्रको हकमा)

श्री ............................

..................................

**विषय : मृत्यु पश्चात धितोपत्र हस्तान्तरण बारे ।**

उपरोक्त विषयमा ......................... ठेगाना भएका श्री ..................................... .......... को मिति ........................... मा निधन भएकोले निजको नाममा कायम रहेको ........................... कम्पनीको देहाय बमोजिमको धितोपत्र म हकवाला मृतकको ............... ................ नाता पर्ने श्री ....................................... को नाममा रहेको हितग्राही खाता नम्बर .......................... मा हस्तान्तरण गरी पाउँ भनी आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । पछि फरक पर्ने छैन । यदि फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| क्र. सं. | धितोपत्र प्रमाणपत्र नम्बर | कित्ता | क्रम संख्या | | कैफियत / DRN |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |

**निवेदकको**

दस्तखत :-

नाम, थर :-

हितग्राही खाता नम्बर :-

ठेगाना :

फोन/मोबाईल नं.:-

४१ धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा थप गरिएको ।

**<u>संलग्न गर्नु पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-</u>**

१. मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

२. मृतकको नागरिकता प्रमाणित प्रतिलिपि,

३. हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४. नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा सम्पूर्ण व्यक्तिहरुको नागरिकताको प्रतिलिपि,

५. अन्य हकवालाको मन्जुरीनामा ।

**<u>द्रष्टव्य</u> : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।**

## अनुसूची-२६
## (विनियम ५ सँग सम्बन्धित)
## सिडिएससि, निष्काशनकर्ता र रजिष्ट्रार बीचको सम्झौता

काठमाण्डौं रजिस्टार्ड कार्यालय रहेको सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (यसपछि “सिडिएससि” भनिएको) पहिलो पक्ष र ..... स्थित कार्यालय रहेको.................. (वैधानिक अस्तित्व भएको निकायको विवरण) यसपछि (“निष्काशनकर्ता” भनिएको) दोस्रो पक्ष, र ..... स्थित कार्यालय रहेको.................. (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि “रजिष्ट्रार” भनिएको) तेस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्न सहमतिसाथ यो सम्झौता गरिएको छ ।

सिडिएससि, निष्काशनकर्ता र रजिष्ट्रारले स्वीकार गरेको अभौतिकीकरण धितोपत्र राख्न र हस्तान्तरण गर्न साथै सहजीकरण गर्नको लागि सम्झौतापत्रमा पक्ष बन्न इच्छा गरेकोले यस सम्झौतापत्रमा अनुबन्धित भएका छौं ।

**१. सामान्य प्रावधान :**

१.१. यस सम्झौतामा प्रयोग भएका तर व्याख्या नगरिएका कम्पनी ऐन, २०६३, धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ वा सिडिएससिका विनियमावलीमा व्याख्या गरिएको शब्दावली तथा वाक्यांशहरूको अर्थ उल्लिखित ऐन नियमावली वा विनियिमावलीअनुसार हुनेछन् ।

१.२. यस सम्झौतामा प्रयोग भएका “हितग्राही”, “फछ्र्यौट निकाय”, “निष्काशनकर्ता”, “सदस्य”, “रजिष्ट्रार वा धितोपत्र हस्तान्तरण प्रतिनिधि” जस्ता शब्दावली तथा वाक्याशंहरूले धितोपत्रको केन्द्रीय निक्षेप सम्बन्धी नियमावली, २०६७ तथा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा उल्लेख भए बमोजिमको अर्थ लाग्नेछ ।

१.३. सदस्यका लागि धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली २०६७ बन्धनकारी हुनेछ र यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको अङ्गका रूपमा सिडिएससिले जारी गरेको विनियमावली तथा सञ्चालन निर्देशिका पालन गर्न सहमत छन् ।

१.४. निष्काशनकर्ता र रजिष्ट्रारको खारेज हुनुभन्दा अगाडि निष्काशनकर्ता र रजिष्ट्रारले सम्पन्न गरेका, कार्यान्वयन गरेका, लागु गरेका, सञ्चालन गरेका वा त्यसो गर्न आवश्यक भएका तथा निष्काशनकर्ता र रजिष्ट्रार खारेज हुँदाको समयमा बाँकी, अपूर्ण वा अनिर्णित रहेका सबै विषयहरू, प्रविष्टिहरू वा कारोबारहरूसँग सम्बन्धित निजका उत्तरदायित्वहरूको समापन गर्न वा पालनका लागि बन्धनकारी रहिरहनेछन् ।

१.५. निष्काशनकर्ता र रजिष्ट्रार संलग्न रहेका उत्तरदायित्वहरू विनियमावली र सञ्चालन निर्देशिकामा भएको उत्तरदायित्वहरूमा उल्लेख हुन छुटेमा उत्तरदायित्वबाट पन्छिनपाइने गरी अर्थ लगाइनेछैन ।

**२. रकम असुल उपर :**

निष्काशनकर्ताले सिडिएससिलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ । यसरी तोकिएको समयमा रकम नबुझाएको अवस्थामा सिडिएससिले कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

**३. रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले जडान गर्नुपर्ने हार्डवेयर तथा सफ्टवेयर :**

३.१. सिडिएससिसँग सम्बन्धित कार्यहरूका लागी छुट्याइएको स्थानहरूमा सदस्यले सिडिएससिले आवश्यक कम्प्युटर, प्रिन्टर, सञ्चारका उपकरणहरू, र अविछिन्न विद्युत प्रवाह एकाइ, सिस्टम सफ्ट्वेयर र तोकिएअनुसारका अन्य उपकरण हार्डवेयर तथा सफ्ट्वेयर जडान गर्नेछ ।

[४२]३.२.

...........................................

३.३. माथि उल्लेखित हार्डवेयर तथा सफ्ट्वेयर संरचनालाई रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले निश्चित कम्प्युटर प्रोग्राम ९ब्उउष्अिबतष्यल :यमगभि० का लागि मात्र प्रयोग गर्नेछ र यदि त्यहाँ भण्डारण तथा प्रक्रियागत क्षमता बढी भएमा पनि त्यसलाई रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले आफ्नो कार्यालयको अन्तरप्रणाली वा सञ्चालन लगायत अन्य कुनै पनि कम्प्युटर प्रयोगमा उपयोग गर्नेछैन ।

३.४. सिडिएससिको लिखितअनुमति बिना रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले आफ्नो कार्यालय आन्तरिक व्यापक क्षेत्रको सञ्जाल (Wide Area Network) मा उल्लिखित हार्डवेयर जडान गर्नेछैन ।

३.५. हार्डवेयरलाई थपघट गर्न बदल्न, स्तरोन्नति गर्न वा विस्थापन गर्न लाग्ने खर्च रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि आफैंले व्यहोर्नेछ ।

**४. आबद्धता र प्रणालीहरू :**

४.१. रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि र सिडिएससिले एकआपसमा सञ्चारको विद्युतीय माध्यम निरन्तर रूपमा स्थापना गर्नेछन्

४.२. निक्षेपसँग सम्बन्धित कार्यसञ्चालनको लागि प्रभावकारी तथा छिटोछरितो रूपमा कारोबार

---

४२ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा हटाईएको

सम्पादन गर्न आवश्यक हुनाले सिडिएससिले समयसमयमा रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिलाई सञ्चालनको आवश्यक निर्देशन प्रदान गर्नेछ ।

४.३. सदस्यले सिडिएससिको रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि भएको नाताले यसको सञ्चालन सम्बन्धी सिडिएससिले तोके बमोजिमका त्यस्ता प्रणाली, विधि, सञ्चारका साधन, संरचना, हार्डवेयर, सफ्टवेयर, सुरक्षाका उपकरणहरू, भण्डारण/आधार सुविधाहरू ९द्यबअप(गउ ँबअषष्तिष्भक० आफ्नो खर्चमा खरिद तथा मर्मतसम्भार गर्नेछ र सिडिएससिले समयसमयमा तोकेअनुसार तिनीहरूलाई स्तरोन्नति वा विस्थापन गर्नेछ ।

४.४. सिडिएससिले सिफारिस गरेको सबै प्रणाली तथा कार्यविधिहरूलाई रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले पालना गर्नेछ र सिडिएससिले कार्यविधिको पालनाको आवधिक मूल्याङ्कन गर्नका लागि खटाएको कम्प्युटरकृत प्रणालीको कार्यसम्पादन परीक्षण गर्न विशेष सीप भएका वा विज्ञहरू भएको एक वा एक भन्दा बढी व्यवसायीहरूको समूह (जसलाई "प्रणालीको परिक्षण गर्ने समूह" भनेर बुझिन्छ) लाई आफ्नो प्रणाली सम्मको पहुँच रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले प्रदान गर्नेछ ।

**५. कार्यसञ्चालन प्रारम्भहुने मिति :**

सिडिएससिबाट रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिलाई कार्य सञ्चालन गर्न सहमति प्रदान गरेको मितिदेखि कार्य प्रारम्भ गर्नेछ ।

**६. निष्काशनकर्ता र रजिष्ट्रारले सिडिएससिलाई उपलब्ध गराउनुपर्ने सूचनाहरू :**

६.१. निष्काशित, धितोपत्रका हकमा धितोपत्र बजारले सूचीकरण गरेको भोलिपल्टै रजिष्ट्रारले सोको कारोबार प्रारम्भ गर्न सूचीकरण गरेको र अनुमति दिएको पत्र सिडिएससि समक्ष बुझाउनेछ ।

६.२. रजिष्ट्रारले सिडिएससिलाई देहायबमोजिम सूचनाहरू उपलब्ध गराउनेछ :

६.२.१. निष्काशित, धितोपत्रका हकमा भएसम्मका हकप्रद, बोनस, संस्थागत लाभ लगायतको खुल्ने र बन्द हुने मिति जारी पूँजी आकार, जारी अंकित मूल्य, अभिलेख गरिने मिति, दर्ता किताब बन्द हुने मिति, आवह्रन पत्र, अनुपात लगायतका कागजातका प्रति,

६.३. धितोपत्र सूचीकृत भएकोमा कुनै पनि धितोपत्र बजारलाई दिएकै दिनमा र अन्य निष्काशनकर्ताले औपचारिक निर्णय लिएको दुई कार्यदिनभित्र सिडिएससिलाई यस्तो जानकारी उपलब्ध गराउनेछ ।

**७. सिडिएससिले दिने विवरण :**

सिडिएससिले हितग्राहीको अभिलेख सम्बन्धी विवरण, निष्काशनकर्ता र रजिष्ट्रारलाई उपलब्ध गराउनेछ ।

## ८. अभौतिकीकरण :

८.१. सिडिएससिले निक्षेप सदस्यहरूबाट प्राप्त गरेको अभौतिकीकरणका सबै अनुरोधहरू दैनिक रुपमा विद्युतिय माध्यमबाट निष्काशनकर्ता र रजिष्ट्रारलाई जनाउ दिनेछ ।

८.२. अभौतिकीकरण अनुरोध फाराम साथ प्राप्त धितोपत्रहरूको वैधता तथा विश्वसनियता प्रमाणित गर्ने साथमा रजिष्ट्रारले प्रथमतः प्रमाणपत्र वा अन्य कागजातहरूको वैद्यता तथा विश्वसनियता प्रमाणित गर्ने कार्य गर्नेछ ।

८.३. सिडिएससिमार्फत सदस्यहरूको अभौतिकीकरण हुनका लागि धितोपत्रहरुसँग सम्बन्धित प्राप्त तथ्याङ्क निष्काशनकर्ताले कायम गरेको धितोपत्रहरूको तथ्यांकसँग भिडाएर प्रमाणित गर्ने, अनुमति दिने जिम्मा रजिष्ट्रारको हुनेछ ।

८.४. अदालत वा राजश्व सम्बन्धी निकायको निर्णयबाट हस्तान्तरण हुन निषध भएको अवस्थामा अभौतिकीकरण गर्ने छैन ।

८.५ रजिष्ट्रारले अभौतिकीकरण अनुरोधलाई सदर वा बदर गरेको सम्बन्धमा अनुरोध फारम प्राप्त गरेको मितिले ७ (सात) दिन भित्र सिडिएससिलाई विद्युतीय माध्यमबाट जनाउ दिनुपर्नेछ ।

८.६. निम्नलिखित कारणबाहेक यस विनियमावली बमोजिम धितोपत्रहरूको अभौतिकीकरणको अनुरोधलाई रजिष्ट्रारले इन्कार अथवा अस्वीकार गर्नेछैन :

८.६.१. धितोपत्रका प्रमाणपत्रहरु वा अन्य कागजातहरू चोरिएको, किर्ते जालसाजी वा नक्कल गरिएको पाइएमा :

८.६.२.नेपाल सरकार,अदालत, बोर्ड वा अन्य कुनै कानूनी तथा राजस्व सम्बन्धी निकायले ती धितोपत्रहरूको हस्तान्तरण निषेध गर्ने, आदेश वा निर्णय भएमा :

८.६.३. सक्कल प्रमाणपत्रहरूको सट्टामा प्रतिलिपि जारी भएको अवस्थामा पहिलेको सक्कल प्रमाणपत्र पेश भएमा ।

८.६.४. बोर्ड वा सिडिएससिले कुनै धितोपत्र अभौतिकीकरण नगर्न निर्देशन दिएमा ।

८.७. अभौतिकीकरणका लागि आवेदन पेश गरिएका प्रमाणपत्रहरू एवं कागजातहरू सो आवेदन नामञ्जुर भएमा रजिष्ट्रारले सम्बन्धित सदस्यलाई कारण खुलाई फिर्ता दिनुपर्नेछ ।

८.८. रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले अभौतिकीकरणका लागि पेश भएको धितोपत्रको आवेदन पूर्ण वा आशिंक नामञ्जुर गरेको अवस्थामा त्यस्तो नामञ्जुरीको यथार्थ कारणबारे सम्बन्धित सदस्यलाई लिखितरूपमा सूचित गर्नेछ ।

८.९. सिडिएससिलाई प्राप्त कुनै पनि धितोपत्रहरूको अभौतिकीकरणको स्वीकृतिका जनाउहरू निष्काशनकर्ता र रजिष्ट्रारहरूको कबुलियतद्वारा समर्थित भएको, धितोपत्रहरू अस्तित्वमा रहेको, रितपूर्वक निष्काशन भएको, निष्काशनकर्ता र रजिष्ट्रारसँग रहेको अभिलेखमा धितोपत्रअनुसारको हितग्राही जनिएको मानिनेछ ।

८.१०. निष्काशनकर्ता र रजिष्ट्रारले भण्डारमा अभौतिकीकरण रूपमा राखिएका प्रत्येक International Securities Identification Number (ISIN) का अभौतिक वा भौतिक रुपमा राखिएका धितोपत्रहरू, धितोपत्र बजारहरूमा सूचीकृत धितोपत्रहरू भन्दा बढी नहुने कुराको निश्चित गर्नु पर्नेछ । यसका लागि निष्काशनकर्ता र रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले दैनिक रूपमा यसको रुजु गर्नेछन् ।

**९. पुनःभौतिकीकरण :**

९.१. आफ्ना हितग्राहीबाट पुनःभौतिकीकरण अनुरोध फारम सदस्यबाट सिडिएससिले विद्युतीय माध्यमबाट जनाउ पाएपछि, सम्बन्धित हितग्राहीको खातामा रहेको सान्दर्भिक धितोपत्रहरूको मौज्दात देखिएको पुनःभौतिकीकरणको मात्रको हदसम्म, तत्कालै रोक्का गर्नेछ र दैनिक आधारमा यस्ता सबै पुनःभौतिकीकरण अनुरोधहरूलाई रजिष्ट्रार समक्ष विद्युतीय रूपमा जनाउ दिनेछ । माथि लेखिएबमोजिम पुनःभौतिकीकरणको काम बाँकी रही मौज्दात रोक्का भैसकेपछि सिडिएससिले त्यस्तो धितोपत्र खर्च लेख्न वा अन्यथा दावी लिन अनुमति दिनेछैन ।

९.२. सदस्यबाट पुनःभौतिकीकरण अनुरोध फारम प्राप्त गरेपछि, रजिष्ट्रारले अनुरोध फारममा रहेको विवरण र सिडिएससिले कम्प्युटरमा उपलब्ध गराएको विवरण भिडाउनेछ र सो भिडेको पाएमा पुनःभौतिकीकरण अनुरोध फारम स्वीकार गरी सम्बन्धित सदस्यलाई जानकारी गराउनेछ र अस्विकार भएमा पुनःभौतिकीकरण अनुरोधको धितोपत्रको प्रमाणपत्र सम्बन्धित हितग्राहीलाई फिर्ता गर्नेछ ।

**१०. धितोपत्रहरूको नयाँ निष्काशन :**

रजिष्ट्रारले धितोपत्रहरूको नया निष्काशन गरेमा सिडिएससिमा अभौतिकीकरण रूपमा रहेका नवनिश्कासन धितोपत्र लिन खोज्ने सबै हितग्राही हकदारहरूको बाँडफाँड विवरण सिडिएससिलाई उपलब्ध गराउनेछ ।

**११. हितग्राही हकदारको परिचय स्थापित नभएको कार्यविधि :**

परिचय स्थापित हुन नसक्ने कुनै हकदारको तर्फबाट रजिष्ट्रारबाट सिडिएससिलाई जनाउ प्राप्त भएको खण्डमा सिडिएससिले त्यस्तो अनुरोध कारण खुलाई नामञ्जुर गर्न सक्नेछ ।

**१२. संस्थागत कार्य तथा लाभहरू**

१२.१. सिडिएससिले निष्काशनकर्ता र रजिष्ट्रारलाई खाता बन्द हुने मिति वा तोकिएको मितिसम्ममा हितग्राहीहरूको सूचीका साथै तत्सम्बन्धी विवरण उपलब्ध गराउने छ । सिडिएससिले निष्काशनकर्ता र रजिष्ट्रारलाई उपलव्ध गराएको हितग्राही तथा तिनीहरूको सम्पत्तिको बारेमा कुनै असत्य वा भ्रामक सूचनाको कारणले निष्काशनकर्ता र रजिष्ट्रारलाई कुनै नोक्सानी भएमा सोको क्षतिपूर्ति सिडिएससिले दिनेछ ।

१२.२. रजिष्ट्रारले उल्लेखित धितोपत्रहरूको सन्दर्भमा खाताबन्द हुने मिति, दर्ता मितिहरू, ब्याज वा लाभांश भुक्तानीको मितिहरू, वार्षिक साधारणसभा तथा अन्य बैठकहरूको मितिहरू,

धितोपत्रहरूको ऋण मिनाहा वा कर्जालाई शेयरमा बदलेको मितिहरू, धितोपत्रको अवधि पुगेको मितिहरु, अधिकार उपभोग गर्ने मितिहरू, रकम झिकीएको मितिहरू, अन्य संगठित कार्यको विवरणहरू जस्तै गाभिनु, सम्मिश्रण वा निष्काशनकर्ताको पुनःसंरचना, पुँजी कटौति, जरिवाना, पुनःनिष्काशन, पुनःसंरचना वा संस्थापन आदि एवं सिडिएससिद्वारा समय समयमा माग गरिएको सूचना तथा विवरण उपलब्ध गराउनेछ ।

१२.३. सिडिएससिलाई सम्पूर्ण संस्थागत कार्यको जनाउको लागि र यसको सम्पूर्ण संस्थागत लाभांशहरूको वितरणको यथार्थताको लागि निष्काशनकर्ता र रजिष्ट्रार जिम्मेवार हुनेछन् । निष्काशनकर्ता र रजिष्ट्रारद्वारा सिडिएससिलाई दिइएको संगठित लाभांशको यथार्थताको लागि समेत निष्काशनकर्ता र रजिष्ट्रार एक्लै जिम्मेवार हुनेछ । निष्काशनकर्ता र रजिष्ट्रारद्वारा सिडिएससिलाई उपलब्ध भएको कुनै सूचना गलत वा असत्य भएको कारणले सिडिएससिलाई कुनै नोक्सानी भएमा सोको क्षतिपूर्ति निष्काशनकर्ता र रजिष्ट्रारले गर्नेछ ।

**१३. अभौतिकीकरण सम्बन्धी विवाद आदि :**

१३.१. निष्काशनकर्ता र रजिष्ट्रारले संस्थागत लाभ छुटयाएका धितोपत्रहरुको सिडिएससिद्वारा अभौतिकीकरण गरि हितग्राहीका खातामा जम्मा लेखिएका कुनै पनि धितोपत्रका सम्बन्धमा कुनै व्यक्ति वा पक्षबाट उठान गरिएका दावी, माग वा विवाद भई तिनको परिणामस्वरूप भएका परिणामी दायित्वहरू निष्काशनकर्ता र रजिष्ट्रारको संयुक्त उत्तरदायित्व हुनेछन् ।

१३.२. पुनःभौतिकीकरण अनुरोध फारममा भएका त्रुटि वा भूलचुकलाई छाडेर, पुनःभौतिकीकरण गरिएका कुनै पनि धितोपत्रका सम्बन्धमा कुनै व्यक्ति वा पक्षबाट उठान गरिएका दावी, माग वा विवाद तिनको परिणामस्वरूप भएका परिणामी दायित्वहरू निष्काशनकर्ता र रजिष्ट्रारको संयुक्त उत्तरदायित्व हुनेछन्।

१३.३. नेपाल सरकार, अदालत, बोर्ड वा अन्य कुनै कानून बमोजिमका न्यायिक निकायबाट भएका आदेश विरुद्ध निष्काशनकर्ता र रजिष्ट्रारले अभौतिकीकरण वा पुनःभौतिकीकरणका अनुमति दिएका कारणबाट हितग्राहीलाई पुग्न गएको क्षति निष्काशनकर्ता र रजिष्ट्रारले भरिभराउ गर्नु पर्नेछ ।

**१४. अभिलेखको रुजु :**

रजिष्ट्रारले निष्काशन भएका, कारोबार भएका लगायतका धितोपत्रहरूको रुजु दैनिक रूपमा गर्नेछ ।

**१५. सिडिएससिद्वारा निरीक्षण :**

निष्काशनकर्ता र रजिष्ट्रारको सम्पूर्ण कारोबारहरूसँग सम्बन्धित सुविधाहरू, प्रणालीहरू, दर्ताहरू र खाताहरू सिडिएससिको तर्फबाट अधिकारप्राप्त व्यक्ति मार्फत निरिक्षण गर्ने हक हुनेछ र त्यस्तो अधिकारप्राप्त व्यक्तिलाई कार्यालय सञ्चालन हुने कुनै पनि दिनमा नियमित कामको समयावधिमा उनीहरुको क्षेत्रभित्र प्रवेश गर्ने अनुमति दिनेछन् र सुविधाहरू, प्रणालीहरू, दर्ताहरू र किताबहरू हेर्ने प्रतिलिपि उतार्ने अनुमति दिनेछ ।

**१६. निष्काशनकर्ताद्वारा सिडिएससिलाई तत्काल जनाउ दिने अवस्थाहरू :**

१६.१ निष्काशनकर्ताले सिडिएससिलाई तुरुन्त सूचित गर्नेछ :

१६.१.१. कुनै अदालतमा निष्काशनकर्ताको विघठनको लागि निवेदन परेमा वा निष्काशनकर्ताको विघठनको प्रस्ताव पारित भएमा,

१६.१.२. निष्काशनकर्ताको गाभिने, सम्मिश्रण हुने वा पुनःसंरचनाको खाका तर्जुमा भएमा,

१६.१.३. टाट उल्टने, बन्द हुने वा सम्पत्ति रोक्का हुने कुनै दरखास्त वा निवेदन प्रस्तुत हुने सम्भावना भएमा,

१६.१.४. कानूनी वा राजस्व सम्बन्धी निकायद्वारा कुनै करहरू, भन्सार दस्तुरहरू, तिरो, जरिवाना, महशूल भुक्तानीको लागि निष्काशनकर्ता वा उसको सम्पत्ति माथि कुनै कारवाही गराउने प्रक्रियाको बारेमा जानकारी भएमा,

१६.१.५. वित्तीय अवस्थाहरूको परिवर्तन भई टाट उल्टने वा विघठन हुने वा ऋणदाताहरूसँग जटिलता उत्पन्न हुने भएमा,

१६.१.६. निष्काशनकर्ताले निस्कासन गरेका धितोपत्रहरू सूचीकृत भएको वा कारोबारको अनुमति पाएको धितोपत्र बजारबाट उक्त धितोपत्रहरूको स्थगन गर्ने वा सूचीबाट हटाउने कुनै सूचना प्राप्त भएमा,

१६.१.७. निष्काशनकर्ता उपरको कुनै घटना वा परिस्थितिबाट व्यवसायिक निर्वाह वा अस्तित्व वा यस सम्झौता बमोजिमको उसको दायित्व परिपालन गर्ने क्षमतामा तात्विक असर पार्ने सम्बन्धमा जानकारी भएमा,

१६.१.८. निष्काशनकर्ताले जारी गरेको कुनै धितोपत्र एवं शेयर पूँजीमा कुनै थपघट भएमा ।

**१७. रजिष्ट्रारद्वारा सिडिएससिलाई तत्काल जनाउ दिने अवस्थाहरू :**

१७.१ रजिष्ट्रारले सिडिएससिलाई तुरुन्त सूचित गर्नेछ :

१७.१.१. रजिष्ट्रार नियमित निकाय वा संगठित संस्था रहेकोमा यसको विघटनका लागि निवेदन स्वीकार गरेमा वा लिक्विडेटरको नियुक्ति भएमा वा विघटन प्रस्ताव स्वीकृत भएमा,

१७.१.२. रजिष्ट्रारको एकीकरण वा पुनर्रचनाको कुनै योजना तर्जुमा भएमा,

१७.१.३. रजिष्ट्रारको दामासाही, टाटपल्टेमा वा लिक्विडेसन वा सम्पत्ति बाँडचुँडका लागि कुनै निवेदन प्रस्तुतिको जानकारी आएमा,

१७.१.४. दामासाही वा विघटन वा यसका साहूहरू संरचनास्वरूप प्रभावित हुन सक्ने गरी यसको आर्थिक अवस्थाहरूमा कुनै परिवर्तन आएमा,

१७.१.५. सम्पत्तिहरूका सम्बन्धमा लिक्विडेटर नियुक्तिको प्रस्ताव विचार गर्न कुनै बैठक बोलाइएमा वा निजको काम गर्ने क्षमतामा भौतिक रूपले असर पार्न सक्ने गरी परिस्थितिमा कुनै परिवर्तन आएमा,

१७.१.६ दैनिक रूपले मौज्दात भिडाउने प्रक्रियामा कुनै मौज्दात नभिडेको प्रतिवेदन आएमा ।

## १८. आधिकारिक प्रतिनिधि :

निष्काशनकर्ता र रजिष्ट्रारले यो सम्झौतापत्रको कार्यान्वयनसँगै सिडिएससिसमक्ष आफूले अख्तियार प्रदान गरेका पदाधिकारीहरूको सूची पेस गर्नेछन् जसले सिडिएससिसमक्ष निजको हितको प्रतिनिधित्व गर्नेछन् । त्यस्तो सूचीमा गरिएको थप, घट वा हेरफेर सिडिएससिलाई जानकारी गराउनेछ ।

## १९. गोपनीयता :

१९.१. यसका पक्षहरूले यस सम्झौतापत्रअन्तर्गतका दायित्व सम्पादन गर्ने सिलसिलामा खुलाउनुपर्ने वा गोप्य राख्नुपर्ने वा विनियमावलीअन्तर्गत कुनै पनि पक्षले तेस्रो पक्षलाई खुलासा गर्न नहुने समेतका कुरा गोप्य राख्नु पर्नेछ। तर प्राविधिक तथा व्यापारिक सूचनाहरू कढाइपूर्वक गोप्य राख्नेछन् ।

१९.२. पक्षहरु कानूनबमोजिमको दायित्व पूरा गर्नका लागि आफ्नो अधिकारको प्रचलनका लागि वा हित संरक्षणका लागि नेपाल सरकार, अदालत, बोर्ड वा कानूनले अधिकार दिएको कुनै पनि नियामक वा राजस्व अधिकारीको लिखित आदेश वा मागको विवरण, फाँटवारी, वा सूचना उपलब्ध गराउन वा खुलासा गर्न स्वतन्त्र हुनेछ । तर उल्लिखित त्यस्तो सूचनाको उपलब्धता वा खुलासाले कुनै पनि पक्षले अर्को पक्षसँग रहेका विवरण, फाँटवारी वा सूचनाको गोप्यता उपलब्ध गराउन वा खुलासा गराउन पाउनेछैन ।

## २० ठेगाना परिवर्तन :

निष्काशनकर्ता र रजिष्ट्रारले तिनका कार्यालय, रजिस्टर्ड कार्यालयको प्रस्तावित स्थानपरिवर्तन साथै कम्प्युटरकृत अभिलेख, भण्डारण सुविधा र सिडिएससिसँगको सञ्चारको व्यवस्थापनका उपकरण रहेको हाताको स्थानको कुनै परिवर्तन हुने भएमा कम्तीमा त्यस्तो परिवर्तनको ३० (तीस) दिन पूर्व सिडिएससिलाई जानकारी गराउनुपर्नेछ ।

## २१. भण्डारण सुविधा :

२१.१. रजिष्ट्रारले सिडिएससिले सिफारिस गरेअनुसारको भण्डारण कार्यविधि कढाइका साथ लागू गर्नुपर्नेछ । रजिष्ट्रारले गर्नुपर्ने कम्प्युटर प्रणालीको भण्डारण सुविधाको अद्यावधिक नगरेको कार्यबाट हुन गएको कुनै पनि क्षति वा हानी वा कमजोरीका लागि सिडिएससि जवाफदेही हुनेछैन ।

२१.२. सिडिएससिले खटाएको व्यक्तिलाई रजिष्ट्रारले निजको भण्डारण सुविधासम्मको पहुँचका लागि अनुमति दिनेछ र सिडिएससिलाई चाहिएअनुसारको उल्लिखित सुविधामा पालन गरिएको प्रतिवेदन उपलब्ध गराउनेछ ।

## २२. हितग्राहीको गुणासो र उजुरको उपचार :

निष्काशनकर्ता र रजिष्ट्रारले हितग्राहीको कुनै पनि गुणासो वा उजुर भएमा समाधान गर्नुपर्नेछ र गुणासो वा उजुर प्राप्त भएको ३० (तीस) दिनभित्र विनियमावली र सञ्चालन निर्देशिकाले तोकेको तरिका अपनाई समाधान गरी सिडिएससिलाई सो बारे जानकारी दिनुपर्नेछ ।

## २३. प्रत्यायोजनमा प्रतिबन्ध :

सिडिएससिको लिखित पूर्वसहमति नलिई रजिष्ट्रारले यो सम्झौतापत्र अन्तर्गतका कार्य, अधिकार वा दायित्वहरू कुनै पक्ष वा व्यक्तिलाई हस्तान्तरण गर्ने वा प्रत्यायोजित गर्नेछैन ।

## २४. संयुक्त दायित्व :

सिडिएसि, निष्काशनकर्ता र रजिष्ट्रारबीचको सम्झौतामा जेसुकै लेखिएको भए तापनि, यस सम्झौतापत्र र विनियमावली तथा सञ्चालन निर्देशिका अन्तर्गतका सबै दायित्वहरूको सन्दर्भमा सिडिएससि, यसका सदस्य र हितग्राहीप्रति निष्काशनकर्ता र रजिष्ट्रार संयुक्त रूपमा उत्तरदायी रहनेछन् ।

## २५. खारेज :

२५.१. प्रस्तावित खारेजको ३० (तीस) दिन अगावै पूर्वसूचना सिडिएससिलाई नदिई र निष्काशनकर्ताले अर्को रजिष्ट्रार वा हस्तान्तरण प्रतिनिधिको सम्झौता वा उल्लिखित धितोपत्रका सम्बन्धमा विनियमावलीले तोकेअनुसार सिडिएससिसमक्ष द्विपक्षीय सम्झौता नगरीकन उल्लिखित धितोपत्रका सम्बन्धमा सम्झौता वा बन्दोबस्तका विषय निष्काशनकर्ता र रजिष्ट्रार खारेज गर्न सक्नेछैनन् ।

२५.२. सिडिएससिलाई रजिष्ट्रारले ऐन, नियमावली, विनियमावली वा सञ्चालन निर्देशिका वा यस सम्झौतापत्रमा रहेका कुनै पनि सर्तबन्देजको बर्खिलाप काम गरेको वा अन्यथा यसले सिडिएससिको ऋमबद्ध कामकाजका लागि अनुकूल नहुने तरिकाले आफूलाई सञ्चालित गरेको ठानेमा जुनसुकै बेला यो सम्झौतापत्र खारेज गर्न सक्नेछ। त्यसो भएमा सिडिएससिले रजिष्ट्रारलाई खारेजको तीस दिने सूचना दिनेछ र निष्काशनकर्तालाई पनि अर्को रजिस्टार वा हस्तान्तरण प्रतिनिधिसँग समान किसिमको त्रिपक्षीय सम्झौता गराउन वा ३० (तीस) दिनको उल्लिखित अवधि भुक्तान हुनुअगावै दुई पक्षीय सम्झौता गर्ने सूचना दिनेछ ।

२५.३. यो सम्झौतापत्र माथि उल्लेख भएबमोजिम खारेज भएमा, सम्झौतापत्र जारी रहेको समयमा रजिष्ट्रारले सो हैसियतमा काम गर्दा वा निजका त्यसपछिका कार्यबाट उत्पन्न कुनै पनि कारवाही, कारोबार वा कामकारवाहीबाट भए गरेका रजिष्ट्रारले सिडिएससिसँग पूरा गर्नुपर्ने मूलभूत दायित्वहरू पूरा गर्नुपर्नेछ । तर, रजिष्ट्रारले त्यस्ता मूलभूत दायित्व पूरा गर्न नसकेमा त्यस्ता दायित्वहरू निष्काशनकर्ताले पूरा गर्नेछ ।

२५.४. सिडिएससि वा रजिष्ट्रारबाट यो सम्झौताको खारेज गरेतापनि, यस सम्झौतापत्रका व्यवस्था र त्यसबाट उत्पन्न पारस्परिक अधिकार तथा दायित्वहरू, त्यस्तो खारेजसँग नबाझिएसम्म, सम्झौता प्रभावकारी रहेका अवधिका सबै कार्य, लिखत, सम्पादित कार्य र कारोबार पक्षहरूलाई बन्धनकारी रहनेछन् ।

## २६. हर्जाना :

२६.१. निष्काशनकर्ता र रजिष्ट्रारले धितोपत्र निष्काशनकर्ताका तर्फबाट ऐन, नियम, विनियमावली र सञ्चालन निर्देशिकाको उल्लंघनमा कर्मचारी, एजेन्ट वा अन्यथा कुनै कार्य लिखत बाट भएको कुनै पनि लापरवाहीबाट सिडिएससिलाई हुन गएका सबै क्षति, हानी, नोक्सानी

वा  सबै दावी माग, मुद्दा, कारवाही, अन्य जुनसुकै कार्यप्रक्रियाका सम्बन्धित सबै लागत, दस्तुर तथा खर्चलगायत सिडिएससिको हानीरहित सुरक्षाको हर्जाना दिनेछ। यस प्रयोजनका लागि निजका अधिकृत, कर्मचारी, एजेन्टबाट भएका मनसायपूर्वक वा अन्यथा जे भएपनि सम्पूर्ण कृतकार्य (कार्य वा अकार्य) लाई निष्काशनकर्ताले गरेको कृतकार्य (कार्य वा अकार्य) मानिनेछ । निष्काशनकर्ता र रजिष्ट्रारको लापरवाहीबाट हितग्राहीलाई क्षति वा नोक्सानी भएमा सिडिएससिले, आवश्यक देखेमा, अन्य कुराका अतिरिक्त सिडिएससिसमक्ष रहेका कुनै पनि धितोपत्रको मिलान वा बाँडफाँडद्वारा, सर्वप्रथम त्यस्तो क्षति वा नोक्सानीलाई पुर्ति गराउनेछ र भएको क्षति निष्काशनकर्ता र रजिष्ट्रारबाट उपर गरिलिनेछ ।

२६.२. सिडिएससिले आफू वा आफ्ना अधिकारी, कर्मचारीका कार्यबाट ऐन, नियम, विनियमावली र सञ्चालन निर्देशिकाको उल्लंघन वा गलत प्रस्तुति वा जालसाँजी, मास्ने, सिडिएससिको निष्काशनकर्ताप्रतिको दायित्व पूरा नगरेका वा सेवाको कुनै पनि कमिकमजोरीबाट निष्काशनकर्ता र रजिष्ट्रारलाई हुन गएका सबै क्षति, हानी, नोक्सानी वा दावी, अन्य जुनसकै कार्यप्रक्रियासँग सम्बन्धित दस्तुर तथा खर्च निष्काशनकर्ता र रजिष्ट्रारलाई हर्जाना दिनेछ।

**२७. काबुबाहिरको परिस्थिति :**

यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, बाढी, चट्याङ, भूँईचालो, आगलागी, विस्फोटन वा दैवी घटना, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही आपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंश, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौताअन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षति वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

**२८. जनाउ**

यस सम्झौताअनुसार दिइन आवश्यक हुने  कुनै पनि जनाउ वा सञ्चार लिखित रूपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

**२९. प्रभावरहितताको हद**

यो सम्झौताको कुनै पनि प्रावधान कुनै अदालत वा नियमनकारी निकायले गैरकानूनी, प्रभावशून्य वा लागू गर्न नसकिने भनी ठहर गरेमा वा कुनै कानूनको संशोधन, सूचना वा न्यायिक निर्णयका कारणले शून्य वा लागू गर्न नसकिने बनाइएमा  यस सम्झौतामा हुनुपर्ने सम्भव भएसम्म सम्झौताका अन्य प्रावधानहरू फेरबदल नगरी त्यस्तो प्रावधान निष्क्रिय वा प्रभावरहित हुनेछन् । तर सो कुराले सम्झौताका बाँकी प्रावधानहरूलाई असर गर्नेछैनन् ।

**३०. बोर्डबाट भएका संशोधन वा हेरफेर बन्धनकारी हुने**

बोर्डबाट यस सम्झौतामा गरिएका थपघट, हेरफेर, परिमार्जन, संशोधन वा तिनउपरका कुनै प्रावधान यसका पक्षका लागि बन्धनकारी हुनेछन् ।

**३१. परित्याग गर्न नपाउने**

कुनै पनि पक्षले यस सम्झौताअन्तर्गत भएका वा कानूनमा रहेका कुनै पनि अधिकार वा उपचार लिखित रूपमा कार्यान्वयन गरेबाहेक परित्याग गर्न, छाड्न वा अलग्गिन पाउनेछैनन र पक्षहरू त्यस्ता अधिकार वा उपचार प्रयोग नगर्न वा विलम्ब गर्ने कुराले त्यसको परित्याग गरेको कुरा वा यस सम्झौताको तेस्रो पक्षले गरेको कुनै कार्यविधि, उल्लघन परित्याग क्रियाशील हुनेछैन साथै यस सम्झौताअन्तगत वा अन्य कानूनअन्तर्गत उपलब्ध अधिकार, विशेषाधिकार वा उपचारको एक वा आंशिक प्रचलन पनि हुनेछैन वा सामान्यतया यस्ता सबै अधिकार, शक्ति, विशेषाधिकार वा उपायहरू एकअर्कामा अनेक र सञ्चयी भएर स्वीकारिएका हुनेछैनन् । कुनैपनि पक्षले यस सम्झौता अर्न्तगत भएका र कानूनसँग नबाझिने लिखित रुपमा संशोधन नगरी यसका प्रावधान परत्याग गर्न पाउने छैनन् ।

**३२. अनुशासन र कारवाही**

पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमालीमा तोकिएअनुसारको मध्यस्थता समिति सम्बन्धी प्रावधानहरूको पक्षहरूले पालना गर्नुपर्नेछ ।

**३३. नियमनकारी भाषा**

यस सम्झौतापत्रको विषयवस्तुका सम्बन्धमा पक्षहरूका बीचमा कार्यान्वयन हुने सबै लिखत, कागजात तथा लेखाइ र आदानप्रदान गरिने पत्राचार नेपाली भाषामा हुनेछन् जुन पक्षहरूबीचको नियमनकारी भाषा हुनेछ ।

**३४. नियमनकारी कानून**

यो सम्झौता नेपालको प्रचलित कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

**३५. सम्झौताको कार्यान्वयन**

यो सम्झौताको कार्यान्वयन यसको सक्कल प्रतिबाट गरिनेछ जुन यसका पक्षहरूसँग रहनेछन् ।

| **सम्झौताका प्रथम पक्ष** | **सम्झौताका दोस्रो पक्ष** | **सम्झौताका तेस्रो पक्ष** |
|---|---|---|
| सिडिएससिको तर्फबाट | निष्काशनकर्ताको तर्फबाट | रजिष्ट्रारको तर्फबाट |
| अख्तियार प्राप्त व्यक्तिको | अख्तियार प्राप्त व्यक्तिको | अख्तियार प्राप्त व्यक्तिको |
| नामः | नामः | नामः |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| कम्पनीको छापः | कम्पनीको छापः | कम्पनीको छापः |

| **साक्षी** | **साक्षी** | **साक्षी** |
|---|---|---|
| १. ........................ | १. ................... | १. .............................. |

ईति संम्वत ............ साल ............... महिना ............ गते रोज.......... शुभम् ।

## [४३]अनुसूची-२७
## (विनियम २४ सँग सम्बन्धित)
## पुनः भौतिकीकरण गरिएको शेयर प्रमाणपत्र/भौतिक शेयर प्रमाणपत्र/बण्ड
## ...................... लिमिटेड कम्पनी

**प्रमाणपत्र**

**प्रमाणपत्र नं.:**

........................... जिल्ला .................... न.पा./गा.वि.स. वडा नं. ...................... श्री ...................... का नाती श्री .................... का छोरा श्री .............................. ले यस कम्पनीको प्रतिशेयर रु. ...... दरको जम्मा .......... कित्ता साधारण शेयर/अग्राधिकार शेयर खरिद गरी सो बापत हुन आउने रु. .......................................................।- भुक्तानी गरेकोले निजको नाममा निष्काशन गरिएको शेयर/अभौतिकशेयर/बण्ड सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सदस्यता प्राप्त ............................ निक्षेप सदस्य मार्फत् अभौतिकीकरण गरिएको हुँदा उक्त शेयर/अभौतिक शेयर/बण्डको मौज्दात घटाई पुनः भौतिकीकरण गरी यो प्रमाणपत्र दिइएको छ ।

**प्रमाणपत्र धनीको**
दस्तखत :
नाम, थर :
मिति :

**कम्पनीको**
आधिकारीक दस्तखत :
पद :
मिति :

## [४४]अनुसूची-२८
## (विनियम २१क को उपविनियम (३) संग सम्बन्धित)

मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न राफसाफ सदस्यले निक्षेप सदस्यकोमा दिने निवेदनको ढाँचा

मिति : .....................

श्री..........

निक्षेप सदस्य ।

**बिषयः मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोलिदिने बारे ।**

उपर्युक्त सम्बन्धमा राफसाफ सदस्य नं. ............(कम्पनीको नाम)..........................मार्जिन कारोबार सुविधा उपलब्ध गराउन धितोपत्र बजारबाट अनुमति प्राप्त भएकोले मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २१क(३) बमोजिम यो निवेदन पेश गरेको छु ।

निवेदक,
कार्यकारी प्रमुखको नामः......................
निवेदक राफसाफ सदस्यको नामः..................
ठेगानाः..................
फोन नं..............
फ्याक्स नं.................
ईमेलः..............

**संलग्न गर्नुपर्ने कागजातहरु**

(क) धितोपत्र बजारबाट मार्जिन कारोबारको लागि प्राप्त अनुमतिको प्रतिलिपि,
(ख) सिडिएससिबाट प्राप्त निक्षेप सदस्यताको प्रतिलिपि,
(ग) राफसाफ सदस्यको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

❖❖❖

४३ धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

४४ धितोपत्र केन्द्रीय निक्षेप सेवा (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा थप गरिएको ।

लागू मिति : २०६९/१२/२०
पहिलो संशोधन लागू मिति : २०७१/०८/०२
दोस्रो र तेस्रो संशोधन लागू मिति : २०७३/११/१५
चौथौं संशोधन लागू मितिः २०७७/१०/११
पाँचौं संशोधन लागू मितिः २०७७/१२/१६

# धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९

धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट गर्न तथा त्तसम्बन्धी अन्य व्यवस्था गर्ने सम्बन्धमा विनियम बनाउन आवश्यक भएकोले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा;-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्दछ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

(ग) "नेप्से" भन्नाले नेपाल स्टक एक्सचेन्ज लिमिटेड सम्झनु पर्दछ ।

(घ) "सिडिएससि" भन्नाले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सम्झनु पर्दछ ।

(ङ) "राफसाफ" भन्नाले खरिदकर्ताले खरिद गरेको धितोपत्र आफ्नो नाममा नामसारी, निष्काशन गर्न कम्पनीमा पठाउने पत्र सहित दर्ता गर्ने र बजारबाट हुने लाभ प्राप्त गर्न खाली हस्तान्तरण (Blank Transfer) मा दर्ता गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले खरिद बिक्री भएको धितोपत्रको नामसारी स्वचालित कारोवार प्रणाली मार्फत अभौतिकीकरण गरी वा नगरी हुने राफसाफ कार्यलाई समेतलाई जनाउँछ ।

(च) "फछ्र्यौट" भन्नाले धितोपत्र खरिदकर्ता र बिक्रीकर्ता सदस्य बीच कारोबार सम्पन्न भई धितोपत्र तथा रकम लेनदेन भएको कार्यलाई सम्झनुपर्दछ ।

(छ) "ग्राहक" भन्नाले धितोपत्र कारोबारको लागि खरिद वा बिक्रीको आदेश दिने व्यक्ति वा संस्था तथा धितोपत्र कारोबारसँग सम्बन्धित राफसाफ तथा फछ्र्यौट गर्न निर्देशन दिने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ज) "राफसाफ सदस्य" भन्नाले सिडिएससिले राफसाफ तथा फछ्र्यौट कारोबार गर्न विनियम ३ बमोजिम सदस्यता दिएको संस्था सम्झनु पर्दछ ।

(झ) “राफसाफ बैंक” भन्नाले राफसाफ कार्य गर्नका लागि विनियम १२ बमोजिम नियुक्त बैंक सम्झनु पर्दछ ।

(ञ) “दर्ता भएको संगठित संस्था” भन्नाले सिडिएससिमा दर्ता भएका संगठित संस्था सम्झनु पर्दछ ।

(ट) “सूचीकृत संगठित संस्था” भन्नाले नेप्सेमा सूचीकरण भई सिडिएससिमा दर्ता भएका संगठित संस्था सम्झनु पर्दछ ।

(ठ) “क्लोज आउट” भन्नाले विनियम २० र २१ मा व्यवस्था भए अनुसार कारोबार राफसाफ तथा फछ्र्यौट गर्ने कार्य सम्झनु पर्दछ ।

(ड)“खरिदकर्ता” भन्नाले खरिद कारोबारका लागि आदेश दिने ग्राहक वा निजको तर्फबाट कारोबार गर्ने राफसाफ सदस्य सम्झनु पर्दछ ।

(ढ) “बिक्रीकर्ता” भन्नाले बिक्री कारोबारका लागि आदेश दिने ग्राहक वा निजको तर्फबाट कारोबार गर्ने राफसाफ सदस्य सम्झनु पर्दछ ।

(ण) “खुल्ला कारोबार” भन्नाले राफसाफ तथा फछ्र्यौट सम्पन्न हुन बाँकीकारोबार सम्झनु पर्दछ ।

(त) “धितोपत्रको पूल एकाउन्ट” भन्नाले राफसाफ सदस्यले धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यको लागि निक्षेप सदस्यकोमा खोलेको विद्युतीय खाता (डिम्याट् एकाउन्ट) सम्झनु पर्दछ ।

(थ) “धितोपत्र कारोबार” भन्नाले धितोपत्र विनियम बजार वा ओटिसी बजारमा भएको धितोपत्र खरिद वा बिक्री सम्पन्न भएको कारोबार वा प्रचलित कानून बमोजिम धितोपत्रको लेनदेन सम्झनु पर्दछ ।

## परिच्छेद - २

## सदस्यता सम्बन्धी व्यवस्था

३. **सदस्यता लिनुपर्ने :** (१) धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गराउनका लागि अनुमति प्राप्त धितोपत्र व्यवसायीले सिडिएससिबाट राफसाफ सदस्यता लिनु पर्नेछ ।

(२) उपविनियम (१) अनुसार सिडिएससिको राफसाफ सदस्यता प्राप्त गर्न बोर्डको अनुमति पत्र तथा नेप्सेको सदस्यता कायम रहेको हुनु पर्नेछ ।

४. **सदस्यताको लागि निवेदन दिनुपर्ने :** (१) सिडिएससिको राफसाफ सदस्यता लिन धितोपत्र व्यवसायीले अनुसूची-१बमोजिमको ढाँचामा पाँच हजार दस्तुर संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१)बमोजिम निवदेन साथ देहायको विवरण तथा कागजात संलग्नु हुनु पर्नेछ;-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) बोर्डको अनुमतिपत्रको प्रतिलिपि,

(घ) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(च) संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

**५.** **निवेदन उपर जाँचबुझः** (१) सिडिएससिले विनियम ४ बमोजिम प्राप्त निवेदन साथ संलग्न विवरण तथा कागजात जाँचबुझ गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम जाँचबुझ गर्दा आवश्यक देखिएमा सिडिएससिले प्राप्त विवरण तथा कागजातलाई स्पष्ट गराउन थप विवरण तथा कागजात माग गर्न सक्नेछ ।

**६.** **सदस्यता प्रदानः**विनियम ५ बमोजिम निवेदन उपर जाँचबुझ गर्दा निवेदकलाई सदस्यता प्रदान गर्न उपयुक्त देखिएमा निवेदन प्राप्त भएको मितिले सात कार्य दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा राफसाफ सदस्यता प्रदान गर्नेछ ।

**७.** **धरौटी राख्नु पर्ने**[१] **:** राफसाफ तथा फछ्र्यौट कार्यका लागि राफसाफ सदस्यले कुनै कारणवश आफूले बुझाउनु पर्ने धितोपत्र वा रकम बुझाउन नसकेमा राफसाफ तथा फछ्र्यौट कार्यमा कुनै बाधा व्यवधान सृजना हुन नदिन सिडिएससिमा राफसाफ सदस्यले धरौटी वापत दश लाख रुपियाँ नगद वा सो बराबरको बैंक ग्यारेन्टी राख्नु पर्नेछ ।

**८.** **सदस्यताको नवीकरण :** (१) विनियम ६ बमोजिम प्रदान गरिएको सदस्यताको अवधि सोही आर्थिक वर्षको अन्त्य सम्म मात्र हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको सदस्यताको अवधि समाप्त हुनु भन्दा पन्ध्र दिन अगावै सदस्यता नवीकरणका लागि एक हजार नवीकरण दस्तुर सहित निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (२) मा तोकिएको अवधिमा निवेदन पेश नगर्ने राफसाफ सदस्यले सदस्यताको अवधि समाप्त भए पश्चात् कारोबार गर्न पाउने छैन । यस्तो सदस्यले नवीकरण दस्तुरको दोब्बर दस्तुर बुझाई सदस्यता अवधि समाप्त भएको सात कार्य दिन भित्रसम्ममा आफ्नो सदस्यता नवीकरणका लागि निवेदन दिन सक्नेछ ।

(४) उपविनियम (३) बमोजिम समेत सदस्यता नवीकरण नगरेका राफसाफ सदस्यको सदस्यता स्वतः खारेज हुनेछ ।

## परिच्छेद - ३

## धितोपत्रको राफसाफ तथा फछ्र्यौट सम्बन्धी व्यवस्था

**९.** **नेप्सेको कारोबार पद्धतिसँग आबद्ध हुने :** सिडिएससिको राफसाफ तथा फछ्र्यौट सम्बन्धी कार्य नेप्सेको स्वचालित कारोबार पद्दतिसँग आबद्ध हुने व्यवस्था नेप्सेले मिलाउनु पर्नेछ ।

**१०.** **केन्द्रीय राफसाफ पद्धतिसँग आबद्ध हुने :** सूचीकृत धितोपत्रको दोश्रो बजारको कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य संचालन गर्दा नेप्सेले सिडिएससिसँग आबद्ध हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

---

१ धितोपत्र राफसाफ तथा फछ्र्यौट (पहिलो संशोधन) विनियमावली, २०६९ द्वारा संशोधीत

**११. <u>सिडिएससिमा राफसाफ तथा फछ्र्यौट कारोबार हुने धितोपत्रः</u>** (१) नेप्सेमा कारोबार सम्पन्न भएका धितोपत्रको राफसाफ तथा फछ्र्यौट सिडिएससिले गर्नेछ ।

(२)[२] यस विनियमावली बमोजिम कारोबारको राफसाफ तथा फर्स्यौट गरे वापत संगठित संस्थाको शेयरको प्रत्येक खरिद र बिक्रीमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले नेप्सेबाट कारोबार रकमको ०.०१७५ प्रतिशत कमिशन प्राप्त गर्नेछ ।

[३]तर नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र तथा सस्थागत ऋणपत्र, सामूहिक लगानी कोषको इकाई तथा अन्य धितोपत्रको हकमा प्रत्येक खरिद बिक्री कारोबारको राफसाफ तथा फर्स्यौट गरे वापत नेप्सेले सदस्य दलालबाट प्राप्त गर्ने कारोबार शुल्कको पचास प्रतिशतले हुन आउने रकम नेप्सेलाई दिई बाँकी रहने पचास प्रतिशत रकम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले प्राप्त गर्नेछ ।

(३) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सिडिएससिलाई ओभर द काउण्टर मार्केटमा भएको कारोबारको राफसाफ तथा फछ्र्यौट गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(४) सरकारी ऋणपत्रको कारोबार राफसाफ तथा फछ्र्यौट सम्बन्धमा सिडिएससिले आवश्यक व्यवस्था गर्नेछ ।

**१२. <u>राफसाफ बैंकः</u>**[४](१) धितोपत्रको खरिद बिक्री कारोबारको राफसाफ कार्यका लागि सिडिएससिले देहाय बमोजिमको परिसूचकहरु रहेको बैंकलाई राफसाफ बैंक नियुक्त गर्नेछ :-

(क) नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजत प्राप्त गरी नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी कायम गरेको,

(ख) प्रति शेयर चुक्ता पूँजी भन्दा प्रति शेयर नेटवर्थ बढी भएको,

(ग) कम्तीमा पाँच वर्ष संचालनमा रहेको र कम्तीमा पछिल्लो दुई वर्ष खुद नाफामा संचालनमा रहेको,

(घ) निष्कृय कर्जा पाँच प्रतिशत भन्दा कम रहेको,

(ङ) धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत भएको,

(च) Online Banking System विकास गरेको ।

[५](२) उपविनियम (१)बमोजिम नियुक्त बैंक, सिडिएससि र राफसाफ सदस्य र अन्य सम्बद्ध पक्षहरु बीच धितोपत्र कारोवार राफसाफका लागि सम्झौता गर्नु पर्नेछ ।

[६](३) राफसाफ बैंक नियुक्त गरेको ७ दिन भित्र सिडिएससिले राफसाफ बैंक छनौटको आधार, प्रक्रिया तथा क्लियरिङ्ग बैंकको नामसहित बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

---

२ धितोपत्र राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

३ धितोपत्र राफसाफ तथा फछ्र्यौट (पाँचौ संशोधन) विनियमावली, २०७७ द्वारा संशोधीत

४ धितोपत्र राफसाफ तथा फछ्र्यौट (तेस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

५ धितोपत्र राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

६ धितोपत्र राफसाफ तथा फछ्र्यौट (तेस्रो संशोधन) विनियमावली, २०७३ द्वारा थप

**१३. राफसाफ तथा फछ्र्यौटको समयः** [७](१) राफसाफ सदस्यले धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्य कारोबार भएको दिन बाहेक २ (दुई) कार्य दिन (T+2) भित्र गर्नु पर्नेछ ।

(२) धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यका लागि सिडिएससिले देहाय अनुसार समयको व्यवस्था गर्नेछ :-

| **कार्यालय खुलेको दिन** | **समय** |
|---|---|
| आईतबार-बिहिबार | बिहान साढे दश बजे देखि अपरान्ह साढे चार बजे सम्म |
| शुक्रबार | बिहान साढे दश बजे देखि अपरान्ह एक बजे सम्म |

(३) कार्यालय समय अपरान्ह चार बजे सम्म भएको अवधिमा राफसाफ तथा फछ्र्यौट कार्य अपरान्ह साढे तीन बजे सम्म हुनेछ ।

(४) यस विनियममा माथि जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डको स्वीकृतीमा सिडिएससिले राफसाफ तथा फछ्र्यौटको समय हेरफेर गर्न सक्नेछ ।

**१४. धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट :** (१) सिडिएससिले धितोपत्र कारोबारको देहायका कुनै एक वा एक भन्दा बढी प्रक्रिया अवलम्बन गरी राफसाफ तथा फछ्र्यौटको कार्य गर्नेछ;-[८]

(क) भौतिक रुपमाकारोबार भएको धितोपत्रको राफसाफ तथा फछ्र्यौट ट्रेड टु ट्रेड आधारमा,

(ख) अभौतिकीकरण भएका धितोपत्रको राफसाफ तथा फछ्र्यौट ट्रेड टु ट्रेड आधारमा, वा

(ग) नेटिङ्ग प्रणालीको आधारमा ।

(२) उपविनियम (१) को खण्ड (क) बमोजिम राफसाफ तथा फछ्र्यौट कार्य गर्दा सिडिएससिले देहाय बमोजिम गर्नेछ;-

(क) बिक्रीकर्ता राफसाफ सदस्यले आफुले बिक्री गरेको धितोपत्रको विवरण राफसाफका लागि उपलब्ध पद्दतिमा प्रविष्टी गर्नु पर्नेछ ।

(ख) खरिदकर्ता राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्रको रकमको विवरण राफसाफका लागि उपलब्ध पद्दतिमा प्रविष्टी गर्नु पर्नेछ ।

(ग) बिक्रीकर्ता राफसाफ सदस्यले खण्ड (क) बमोजिम विवरण प्रविष्टी गरे पश्चात् आफूले बिक्री गरेको धितोपत्र सम्बन्धित खरिदकर्ता राफसाफ सदस्यलाई बुझाउनु पर्नेछ ।

(घ) खण्ड (ख) अनुसार प्रविष्टी पश्चात् खरिदकर्ता राफसाफ सदस्यले उपखण्ड (ग) बमोजिम बिक्रीकर्ता राफसाफ सदस्यसँग धितोपत्र प्रमाणपत्र बुझिलिई अनुसूची-३ बमोजिमको ढाँचामा सोको निस्सा दिनु पर्नेछ ।

(ङ) खण्ड (घ) अनुसार प्राप्त धितोपत्रको प्रमाणपत्र तथा आफूले खरिद गरेको रकमको बैंक भौचर संलग्न गरी खरिदकर्ता राफसाफ सदस्यले सिडिएससिमा राफसाफ तथा फछ्र्यौटका लाीग पेश गर्नु पर्नेछ ।

(च) खण्ड (घ) अनुसार राफसाफका लागि प्राप्त कागजात सिडिएससिले रुजु गर्नु पर्नेछ ।

---

७ धितोपत्र राफसाफ तथा फछ्र्यौट (चौथौं संशोधन) विनियमावली, २०७७ द्वारा संशोधीत

८ धितोपत्र राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

(छ) खण्ड (घ) र (ङ) अनुसार राफसाफका लागि प्राप्त कागजात रुजु गर्दा ठिक देखिएमा सिडिएससिले सोको विवरण ठिक भएको व्यहोरा जनाई राफसाफ प्रक्रिया अगाडि बढाईने छ। प्राप्त कागजात ठिक नभएको देखिएमा सिडिएससिले सम्बन्धित सदस्यलाई तुरुन्त ठिक दुरुस्त बनाई पेश गर्न जानकारी दिनेछ।

(ज) खण्ड (ङ) र (च) अनुसारको प्रक्रिया सम्पन्न भएपछि सिडिएससिले सम्बन्धित खरिदकर्ता राफसाफ सदस्यलाई कागजात दिनेछ।

(झ) खण्ड (च) र (छ) अनुसारको कार्य सम्पन्न भएपछि सिडिएससिले बिक्रीकर्ता राफसाफ सदस्यलाई राफसाफ बैंक मार्फत रकम भुक्तानी गर्नेछ।

[९](ञ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कारोबार सम्पन्न भएको दुई कार्य दिन भित्र खण्ड (ग) बमोजिम बिक्रीकर्ता सदस्यले धितोपत्र सम्बन्धित खरिदकर्तालाई नबुझाए तापनि खरिदकर्ता सदस्यले आफूले बुझाउनु पर्ने रकम बुझाउन सक्नेछ।

(ट) खण्ड (ञ) बमोजिम धितोपत्र तथा कागजात नबुझाउने बिक्रीकर्ता राफसाफ सदस्यलाई कारोबार गर्न बाट वञ्चित गरी आवश्यक कारवाही अगाडि बढाइनेछ।

(३) उपविनियम (१) को खण्ड (ख) बमोजिम राफसाफ तथा फछ्र्यौट कार्य गर्दा सिडिएससिले देहाय बमोजिम गर्नेछ:-

(क) नेप्सेले हरेक दिनको कारोबार समय समाप्त भए पश्चात् सो दिन भएको धितोपत्रको कारोबारको विवरण (Trade File) सिडिएससिलाई उपलब्ध गराउनेछ।

(ख) हरेक राफसाफ सदस्यले राफसाफ तथा फछ्र्यौट कार्यको लागि सिडिएससिमा धितोपत्रको पुल खाता (पुल एकाउण्ट) खोल्नु पर्नेछ।

तर, राफसाफ सदस्यले एक भन्दा बढी पुल खाता (एकाउण्ट) खोल्न पाउने छैन।

(ग) हरेक राफसाफ सदस्यको राफसाफ तथा फछ्र्यौट कार्यको लागि विनियम १२ बमोजिमको राफसाफ बैंक मार्फत राफसाफ गर्नु पर्नेछ।

[१०](घ) बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेको धितोपत्र कारोबार सम्पन्न भएको दुई कार्य दिन (T+2) भित्र आफ्नो पुल एकाउण्टमा जम्मा गर्नु पर्नेछ।

[११](ङ) खरिदकर्ता राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्र वापतको रकम कारोबार सम्पन्न भएको दुई कार्य दिन (T+2) भित्र खण्ड (ग) बमोजिमको बैंकमा रहेको आफ्नो राफसाफ खातामा जम्मा गर्नु पर्नेछ।

(च) सिडिएससिले नेप्सेबाट प्राप्त कारोबारको विवरणको आधारमा हरेक राफसाफ सदस्यले कारोबार वापत बुझाउनु पर्ने धितोपत्र तथा रकम तथा बुझाएको धितोपत्र तथा रकमको गणना गर्नेछ।

---

९ धितोपत्र राफसाफ तथा फछ्र्यौट (चौथौं संशोधन) विनियमावली, २०७७ द्वारा संशोधीत

१० धितोपत्र राफसाफ तथा फछ्र्यौट (चौथौं संशोधन) विनियमावली, २०७७ द्वारा संशोधीत

११ धितोपत्र राफसाफ तथा फछ्र्यौट (चौथौं संशोधन) विनियमावली, २०७७ द्वारा संशोधीत

(छ) खण्ड (च) बमोजिम गणना गर्दा कुनै सदस्यले जम्मा गर्नुपर्ने धितोपत्र तथा रकम जम्मा नगरेको वा कम जम्मा गरेको पाइएमा उक्त सदस्यलाई नपुग भएको धितोपत्र तथा रकम जम्मा गराउन सिडिएससिले निर्देशन दिनेछ । साथै रकम जम्मा गर्दा कर दस्तुर शुल्क समेत थप गर्नुपर्ने भए सो समेत थप गरी जम्मा गर्न लगाउनेछ ।

(ज) खण्ड (च) बमोजिम हरेक राफसाफ सदस्यले कारोबार वापत बुझाउनु पर्ने कर दस्तुर शुल्क समेत गणना गरीराफसाफ सदस्यको खाताबाट आफ्नो खातामा रकमान्तर गराउन सिडिएससिले राफसाफ बैंकलाई निर्देशन दिनेछ ।

(झ) खण्ड (ज) बमोजिम निर्देशन गर्दा कुनै सदस्यको खातामा रकम पर्याप्त नभएको पाइएमा उक्त जानकारी राफसाफ बैंकले सिडिएससिलाई दिनु पर्नेछ । यस्तो जानकारी प्राप्त भएमा सिडिएससिले उक्त सदस्यलाई तत्काल नपुग भएको रकम जम्मा गराउन निर्देशन दिनेछ ।

(ञ) खण्ड (क) देखि खण्ड (झ) सम्मको प्रक्रिया सम्पन्न भए पश्चात् सिडिएससिले खरिदकर्ताको हकमा हरेक खरिदकर्ता राफसाफ सदस्यले प्राप्त गर्नुपर्ने धितोपत्रको गणना गरी उक्त सदस्यको धितोपत्रको पुल एकाउण्टमा जम्मा गरी दिनेछ तथा बिक्रीकर्ताको हकमा हरेक बिक्रीकर्ता राफसाफ सदस्यले प्राप्त गर्नुपर्ने रकम गणना गरी राफसाफ बैंकमा रहेको पुल एकाउण्टबाट रकमान्तर गरी राफसाफ सदस्यको राफसाफ खातामा जम्मा गराउन राफसाफ बैंकलाई निर्देशन दिनेछ ।

(ट) खण्ड (ञ) बमोजिम रकमान्तर गरी रकम प्रदान गर्दा राफसाफ सदस्य ग्राहकले बुझाउनु पर्ने कर शुल्क दस्तुर आदि कट्टा गरेर मात्र रकम प्रदान गरिनेछ ।

(ठ) खण्ड (ञ) बमोजिम खरिदकर्ता राफसाफ सदस्यले प्राप्त गरेको धितोपत्र आफ्नो धितोपत्रको पुल एकाउण्टबाट ग्राहकको खातामा हस्तान्तरण गर्नु पर्नेछ ।

(ड) खण्ड (ञ) बमोजिम बिक्रीकर्ता राफसाफ सदस्यले प्राप्त गरेको रकम आफ्नो राफसाफ खाताबाट ग्राहकको खातामा जम्मा गरिदिनु पर्नेछ ।

(४) नेप्सेले विद्युतीय खाता (डिम्याट एकाउण्ट)मा निक्षेप भएको धितोपत्रको मात्र कारोबार गर्ने गरी स्वचालित कारोबार अवलम्बन गरे पश्चात् सिडिएससिले उपविनियम (१) को खण्ड (ग) बमोजिमको प्रणालीको आधारमा राफसाफ तथा फछ्र्यौट प्रणाली लागू गर्न सक्नेछ ।

(५) उपविनियम (४) बमोजिमको राफसाफ तथा फछ्र्यौट प्रणाली लागू गर्नु पूर्व सो को विस्तृत प्रक्रिया खुलाई बोर्डबाट स्वीकृती लिनु पर्नेछ ।

**१५. <u>कारोबार गर्नबाट वञ्चित गरिने :</u>** (१) राफसाफ सदस्यले आफूले खरिद बिक्री गरेको कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य विनियम १३ को उपविनियम १ मा उल्लेखित समयावधि भित्र सम्पन्न गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम राफसाफ सदस्यले राफसाफ तथा फछ्र्यौट कार्य सम्पन्न नगरेमा वा गलत कागजात तथा धितोपत्रको प्रमाणपत्र पेश गरेको पाइएमा कम्तीमा [१२]तीन कार्य दिनका लागि कारोबार गर्न गराउनबाट वञ्चित गरिनेछ ।

[१३](३) राफसाफ सदस्यलाई उपविनियम (२) बमोजिम कारोबार गर्नबाट वञ्चित गर्नुका साथै राफसाफको लागि गलत कागजात वा धितोपत्र बुझाएकोमा सही कागजात वा धितोपत्र नबुझाए सम्म र राफसाफको लागि बुझाउनु पर्ने रकम र धितोपत्र नबुझाएकोमा त्यस्तो रकम र धितोपत्र नबुझाए सम्म कारोबार गर्नबाट वञ्चित गरिनेछ ।

**१६. <u>राफसाफ सदस्यले खरिद रकम लिनु पर्ने :</u>** (१) राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्र वापतको खरिद मुल्य, सो मा लाग्ने बोर्ड दस्तुर, नेप्से कमिशन, राफसाफ सदस्यको कमिशन आदि ग्राहकबाट लिनु पर्नेछ ।

(२) उपविनियम (१) अनुसार रकम प्राप्त गरे पश्चात् सो को निस्सा ग्राहकलाई दिनु पर्नेछ ।

(३) राफसाफ सदस्यले ग्राहकबाट अग्रीम रकम प्राप्त गरेको भए सो समेत खुलाई निस्सा जारी गर्नु पर्नेछ ।

**१७. <u>राफसाफ सदस्यले बिक्री रकम दिनु पर्ने :</u>** (१) राफसाफ सदस्यले आफूले बिक्री गरेको धितोपत्र वापतको बिक्री रकमबाट बोर्ड दस्तुर, नेप्से कमिशन, पूँजीगत लाभकर र आफ्नो कमिशन घटाएर आउने रकम बिक्रीकर्ता ग्राहकलाई सिडिएससिले राफसाफ सदस्यको खातामा जम्मा गरी दिए पश्चात् यथाशीघ्र दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम राफसाफ सदस्यले ग्राहकलाई भुक्तानी नदिएको खण्डमा विनियम ३३ बमोजिम कारवाही हुनेछ ।

**१८. <u>विशेष राफसाफ तथा फछ्र्यौट :</u>** (१) दर्ता भएको संगठित संस्था गाभ्ने वा गाभिने प्रक्रियामा जाने भई वा अन्य कुनै विशेष कारणले सूचीकृत धितोपत्रको कारोबार स्थगन गरिएमा,यसरी स्थगन गरिनु पूर्व भए गरेका सम्पूर्ण कारोबारको राफसाफ तथा फछ्र्यौट गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपविनियम (१) बमोजिम राफसाफ तथा फछ्र्यौट गर्नुपर्ने भएमा सिडिएससिले समय सीमा तोकी राफसाफ तथा फछ्र्यौट गराउनेछ ।

(३) उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेको संस्थाको निजीकरण हुने क्रममा हुने धितोपत्रको कारोबारको सम्बन्धमा सिडिएससिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

---

१२ धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

१३ धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ द्वारा संशोधीत

## परिच्छेद - ४
## राफसाफ गर्न नसकेमा हुने सम्बन्धी व्यवस्था

१९. **<u>समयमा राफसाफ सम्बन्धी कार्य सम्पन्न नगरेमा :</u>** [१४](१) राफसाफ सदस्यले कारोबार सम्पन्न भएको दिन बाहेक दुई कार्य दिन भित्र राफसाफ सम्बन्धी कार्य सम्पन्न नगरेमा बजारको आवश्यकता एवं प्रकृति हेरी सिडिएससिले क्लोज आउट गर्न सक्नेछ।

(२) उपविनियम (१) अनुसार क्लोज आउट गर्दा लागेको सम्पूर्ण खर्च राफसाफ सदस्यको खाताबाट बेहोरिनेछ ।

२०. **<u>आंशिक मौज्दात भएमा क्लोज आउट गर्नु पर्ने :</u>** (१) ग्राहकको खाताबाट धितोपत्र बिक्री गर्दा बिक्री गरिएको परिमाण भन्दा कम संख्यामा धितोपत्र उपलब्ध भएमा सो बराबरको धितोपत्र राफसाफ तथा फछ्र्यौट गरी नपुग संख्या बराबरको धितोपत्रको लागि सिडिएससिले क्लोज आउट गर्नेछ ।

(२) उपविनियम (१) अनुसार क्लोज आउट गर्दा लागेको सम्पूर्ण खर्च राफसाफ सदस्यको खाताबाट बेहोरिनेछ।

२१. **<u>क्लोज आउट सम्बन्धी व्यवस्था सिडिएससिले निर्धारण गर्न सक्ने:</u>** (१) यस विनियमावली बमोजिम राफसाफ सदस्यले राफसाफ सम्बन्धी कार्य सम्पन्न नगरेको कारणबाट क्लोज आउट गर्नु पर्ने अवस्था आएमा सो सम्बन्धमा तरिका, समय सीमा, शर्त र कार्यविधि सिडिएससिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिम क्लोज आउट गर्दा राफसाफ सदस्यले क्लोज आउट भएको कारोबार मुल्यको बीस प्रतिशत रकम थप गरी सिडिएससिमा बुझाउनु पर्नेछ ।

२२. **<u>ग्राहकले राफसाफ सदस्यसँगको कारोबार बन्द गर्ने:</u>** (१) ग्राहकले राफसाफ सदस्यसँगको कारोबार बन्द गरी अर्को राफसाफ सदस्य मार्फत कारोबारको क्लोज आउट गर्न सक्नेछ ।

(२) उपविनियम (१)बमोजिम राफसाफ तथा फछ्र्यौट नभई राफसाफ सदस्यसँग कारोबार बन्द गरेमा सिडिएससिलाई ग्राहकले लिखित जानकारी दिनु पर्नेछ । यसरी प्राप्त जानकारी उपर सिडिएससिले छानबिन गर्दा राफसाफ सदस्य दोषी देखिएमा सिडिएससिले उक्त राफसाफ सदस्यलाई कारवाही गर्नेछ ।

२३. **<u>ग्राहकले राफसाफ गर्न नसकेमा :</u>** (१) कुनै ग्राहकले राफसाफ सदस्यसँग राफसाफ गर्न नसकेमा राफसाफ सदस्यले सोको जानकारी सिडिएससिलाई गराउनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम जानकारी प्राप्त भए पश्चात् सिडिएससिले त्यस्तो ग्राहकको सूची तयार गरी अन्य राफसाफ सदस्यलाई जानकारी गराउनेछ ।

(३) उपविनियम (१) बमोजिम जानकारी प्राप्त भएका ग्राहकको हकमा सिडिएससिले विनियम १९ बमोजिम क्लोज आउट गर्नेछ ।

२४. **<u>ग्राहकको गुनासो सुन्ने :</u>** (१) कुनै राफसाफ सदस्यले आफ्नो दायित्व पूरा नगरेको सम्बन्धमा सम्बन्धित ग्राहकले सिडिएससिमा लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्नेछ ।

---

१४ धितोपत्र राफसाफ तथा फछ्र्यौट (चौथौं संशोधन) विनियमावली, २०७७ द्वारा संशोधीत

(२) उपविनियम (१) अनुसार गुनासो प्राप्त भएमा सिडिएससिले आवश्यक जाँचबुझ गर्नेछ ।

(३) उपविनियम (२)अनुसार जाँचबुझ गर्दा गुनासो अनुसार भए गरेको पाइएमा त्यस्तो राफसाफ सदस्यलाई विनियम ३२अनुसार कारवाही गरिनेछ ।

२५. **सरकारी ऋणपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट हुने :** (१) नेप्सेमा कारोबार भएका सरकारी ऋणपत्रको राफसाफ तथा फछ्र्यौट सिडिएससिबाट हुनेछ ।

(२) उपविनियमा (१) अनुसार राफसाफ तथा फछ्र्यौट गर्दा प्रचलित ऐन कानूनको मातहतमा रही राफसाफ तथा फछ्र्यौट गरिनेछ ।

२६. **धितोपत्रको राफसाफ तथा फछ्र्यौट गर्न निषेध गर्न सक्ने :** (१) धितोपत्रको भित्री कारोबार, झुठो कारोबार, जालसाजी युक्त कारोबार गरेको लागेमा सिडिएससिले त्यस्तो कारोबारको राफसाफ तथा फछ्र्यौट गर्न निषेध गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिमको कुनै कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य गर्न निषेध गरेमा सोको जानकारी बोर्ड तथा नेप्सेलाई दिनुपर्नेछ ।

२७. **राफसाफ तथा फछ्र्यौट रोक्का गर्न सक्ने :**(१)अधिकार प्राप्त निकायबाट कुनै व्यक्ति वा संस्थासँग सम्बन्धित कारोबारको राफसाफ तथा फछ्र्यौट रोक्का राख्न लेखी आएमा सिडिएससिले त्यस्तो व्यक्ति वा संस्थाको राफसाफ तथा फछ्र्यौट कारोबार रोक्का गर्न सक्नेछ ।

(२) कुनै व्यक्तिले उचित कारण खुलाई कुनै कारोबारको राफसाफ तथा फछ्र्यौट रोक्का राख्न अनुरोध गरेमा सिडिएससिले त्यस्तो कारोबारको राफसाफ तथा फछ्र्यौट रोक्का गर्न सक्नेछ ।

२८. **राफसाफ तथा फछ्र्यौट कार्य स्थगन गर्न सकिने :**(१)कुनै प्राविधिक गडबढीको कारणबाट समस्या श्रृजना भएमा सिडिएससिले राफसाफ तथा फछ्र्यौट कार्य स्थगन गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिमको परिस्थिति श्रृजना भई राफसाफ तथा फछ्र्यौट कार्य स्थगन गर्नु परेमा सोको जानकारी बोर्ड तथा नेप्सेलाई तुरुन्त दिनु पर्नेछ ।

## परिच्छेद-५
## सुपरिवेक्षण, अनुगमन तथा कारवाही सम्बन्धी व्यवस्था

२९. **अनुगमन तथा सुपरिवेक्षण गर्ने :**(१) सिडिएससिले धितोपत्र कारोबारको राफसाफ तथा फछ्यौंट कार्यको सुपरिवेक्षण तथा अनुगमन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सुपरिवेक्षण तथा अनुगमनका क्रममा सिडिएससिले माग गरेका विवरण तथा कागजात सम्बन्धित सदस्यले उपलब्ध गराउनु पर्नेछ ।

(३) सिडिएससिले सुपरिवेक्षण तथा अनुगमन गरी दिएको निर्देशन राफसाफ तथा फछ्र्यौट सदस्यले पालना गर्नु पर्नेछ ।

३०. **मौज्दातमा धितोपत्र नभई राफसाफ तथा फछ्र्यौट गर्न नहुने :** बिक्रीकर्ता राफसाफ सदस्यले ग्राहकको नामबाट धितोपत्र बिक्री गर्दा खातामा मौज्दात नभएको धितोपत्रको कारोबार गर्नु हुँदैन ।

३१. **राफसाफ सदस्यको दायित्व:**राफसाफ सदस्यको दायित्व देहाय अनुसार हुनेछ :

(१) राफसाफ सदस्यको आधिकारिक व्यक्तिबाट मात्र राफसाफ तथा फछ्र्यौट प्रयोजनको लागि राफसाफ तथा फछ्र्यौट प्रणाली संचालन गर्ने,

(२) राफसाफ तथा फछ्र्यौट प्रयोजनको लागि सिडिएससिले उपलब्ध गराएको सफ्टवेयर तथा सो सम्बन्धी हार्डवेयर लगायत अन्य उपकरणको उचित संरक्षण तथा संवर्द्धन गर्ने,

(३) राफसाफ तथा फछ्र्यौट प्रणालीमा कुनै प्राविधिक समस्या देखा परेमा सोको जानकारी सिडिएससिलाई तुरुन्त दिने,

(४) राफसाफ सदस्यले धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य पश्चात् ग्राहकलाई उपलब्ध गराउनु पर्ने रकम तथा कागजात समयमा नै उपलब्ध गराउनु पर्ने,

(५) सिडिएससिले समय समयमा दिएको निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्ने ।

**३२. <u>अनुशासन तथा कारवाही</u> :**(१) यो विनियमावलीमा भएको व्यवस्था पालना नगरेमा वा विनियमावलीको बरखिलाफ हुने गरी कुनै कार्य गरेमा त्यस्तो राफसाफ सदस्यलाई सिडिएससिले देहाय अनुसारको एक वा एक भन्दा बढी कारवाही गर्न सक्नेछ;-

(क) सचेत गराउने,

(ख) सुधारात्मक कार्यका लागि निर्देशन दिने,

(ग) राफसाफ तथा फछ्र्यौट कार्य गर्न रोक लगाउने,

(घ) राफसाफ सदस्यता निलम्बन वा खारेज गर्ने ।

(२) उपविनियम (१) बमोजिम कारवाही गर्नु अघि कम्तीमा सात कार्य दिनको समयावधी दिई स्पष्टिकरण माग गर्नुपर्नेछ ।

तर, उपविनियम (१) को खण्ड (क) र (ख) बमोजिमको कारवाही गर्दा स्पष्टिकरण माग गर्न अनिवार्य हुने छैन ।

**३३. <u>राफसाफ सदस्यको निलम्बन</u> :**(१) सिडिएससिले देहायको अवस्थामा राफसाफ सदस्यता बढीमा एक वर्षका लागि निलम्बन गर्न सक्नेछ;-

(क) राफसाफ सदस्यले बोर्ड, नेप्से र सिडिएससिको निर्देशन पटक पटक उल्लंघन गरेमा,

(ख) राफसाफ सदस्यले ऐन, सो अन्तर्गतका नियम, विनियम तथा निर्देशिका पालना नगरेमा वा उल्लंघन गरेमा ।

(२) उपविनियम (१) बमोजिम निलम्बन भएमा राफसाफ सदस्यको अवस्था देहाय बमोजिम हुनेछ;-

(क) राफसाफ सदस्यको हैसियतले सिडिएससिबाट प्राप्त गर्ने सम्पूर्ण अधिकारबाट वञ्चित र बन्देज हुनेछ,

(ख) राफसाफ सदस्य निलम्बनमा रहँदा निलम्बनको कारणले सम्बन्धित ग्राहकको अधिकारलाई कुनै प्रभाव पार्ने छैन,

(ग) राफसाफ सदस्यको निलम्बनको कारणले अन्य कुनै पनि राफसाफ सदस्य र निज उपर कुनै पनि दावी गर्ने अधिकारलाई प्रभाव पार्ने छैन।

(घ) राफसाफ सदस्यले निलम्बनमा रहेको अवधिमा सिडिएससिको निर्देशन बमोजिम बाँकी रहेको दायित्व तथा जिम्मेवारी पूरा गर्नु पर्नेछ,

(ङ) राफसाफ सदस्यले निलम्बन अवधिभर सिडिएससिसँग वा अन्य राफसाफ सदस्य मार्फत व्यवसायिक कारोबार गर्न पाउने छैन ।

**३४. <u>राफसाफ सदस्यताकोखारेजी :</u>** (१) देहायका अवस्थामा सिडिएससिले राफसाफ सदस्यको सदस्यता खारेज गर्न सक्नेछ;-

(क) सुधारात्मक कार्यका लागि निर्देशन दिएकोमा सो बमोजिम सुधार गर्न नसकेमा,

(ख) छ महिना निलम्बन गरेकोमा सो अवधि पश्चात् पनि फुकुवा गर्नु नहुने देखिएमा,

(ग) राफसाफ सदस्यले सदस्यता खारेज गर्नका लागि सिडिएससि समक्ष लिखित अनुरोध गरेमा,

(घ) राफसाफ सदस्य दामासाहीमा परेमा,

(ङ) जानीजानी राफसाफ तथा फछ्र्यौट कार्यमा हानी नोक्सानी पुयाउने कार्य गरेको प्रमाणीत भएमा ।

(च) राफसाफ सदस्यले ऐन, सो अन्तर्गतको नियम, विनियम तथा निर्देशिकाको पटक पटक उल्लंघन गरेमा ।

(२) उपविनियम (१) बमोजिम खारेज प्रक्रिया अगाडि बढेको अवस्थामा राफसाफ सदस्यको सदस्यता स्वतः निलम्बन हुनेछ ।

(३) उपविनियम (१) बमोजिम सदस्यता खारेज गर्नु अघि सिडिएससिले उक्त राफसाफ सदस्यको दायित्व पुरा गर्न लगाउनु पर्नेछ ।

(४) यस विनियमावली बमोजिम सदस्यलाई खारेजी गर्नु अघि कम्तीमा सात कार्य दिनको म्याद दिई सफाई पेश गर्ने मौका प्रदान गर्नु पर्नेछ ।

**३५. <u>कारवाहीको जानकारीतथा पुनरावेदनः</u>** (१) सिडिएससिले यस विनियमावली बमोजिम राफसाफ सदस्यलाई कुनै कारवाही गरेको अवस्थामा सोको जानकारी राफसाफ तथा फछ्यौट प्रणालीमा आवद्ध पक्षलाई गराउनु पर्नेछ ।

(२) सिडिएससिले राफसाफ सदस्य उपर कुनै कारवाही गरेमा त्यस्तो कारवाहीको बारेमा बोर्ड तथा नेप्सेलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

(३) सिडिएससिले राफसाफ सदस्यलाई विनियम ३३ र ३४बमोजिम कारवाही गरेको चित्त नबुझेमा उक्त सदस्यले बोर्डमा पुनरावेदन गर्न सक्नेछ ।

**३६. <u>सदस्यता निलम्बनको फुकुवाः</u>** विनियम ३३ अनुसार सदस्यता निलम्बन गरिएकोमा निजले पेश गरेको स्पष्टिकरण चित्त बुझ्दो भएमा वा निर्देशन बमोजिमको सुधार गरेको पाइएमा निलम्बन फुकुवा गर्न  सकिनेछ ।

# परिच्छेद-६
## मध्यस्थता समिति सम्बन्धी व्यवस्था

**३७. मध्यस्थता समितिको गठन :**(१) सिडिएससि, राफसाफ सदस्य, ग्राहक, दर्ता भएका संगठित संस्था लगायत सम्बन्धित अन्य पक्षहरु बीच धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्य सम्बन्धी विवाद उत्पन्न भएमा उक्त विवाद समाधानका लागि एक मध्यस्थता समिति गठन हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको मध्यस्थता समितिमा कम्तिमा तीन जना सदस्यहरु रहने छन् ।

(क) विवादसँग सम्बन्धित प्रत्येक पक्षबाट एक एक जना प्रतिनिधि,

(ख) सिडिएससिबाट एक जना प्रतिनिधि ।

(३) उपविनियम (२) बमोजिम गठित समितिका सदस्यहरुको सहमतिमा कुनै एक स्वतन्त्र व्यक्तिलाई समितिको प्रमुखको रुपमा कार्य गर्नका लागि नियुक्त गरिनेछ ।

(४) मध्यस्थता समितिको सचिवालय सिडिएससिमा रहनेछ र सचिवालयले मध्यस्थ समितिको काम कारवाहीका लागि आवश्यक खर्च विवाद उत्पन्न भएका पक्षहरुबाट संकलन गर्नेछ ।

**३८. निर्णय गर्नुपर्ने अवधि :**मध्यस्थता समिति गठन भएको एक महिना भित्र मध्यस्थता समितिले विवाद समाधान सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ। उक्त समयावधी भित्र निर्णय हुन नसेकेमा सिडिएससिले मध्यस्थता समितिको अनुरोधमा उपयुक्त समयावधी थप गर्न सक्नेछ ।

**३९. समितिको निर्णय :**(१) मध्यस्थता समितिले प्रत्येक निर्णय लिखित रुपमा राख्नु पर्नेछ र मध्यस्थता समितिका प्रत्येक सदस्यले सो निर्णयमा दस्तखत गरेको हुनु पर्नेछ ।

(२) मध्यस्थता समितिको निर्णयमा निर्णयको आधार तथा कारण र निर्णय भएको मिति र स्थान समेत उल्लेख भएको हुनु पर्नेछ,

(३) उपविनियम (१) बमोजिम मध्यस्थता समितिले गरेको निर्णय त्यस्तो निर्णय भएको सात कार्य दिन भित्र सम्बन्धित पक्षहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

**४०. मध्यस्थता समितिको कार्य विधि :**(१)मध्यस्थता समितिको काम कारवाही सम्बन्धी कार्य विधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिम निर्धारण गरेको कार्यविधि मध्यस्थता समितिले कार्य शुरु गर्नु अघि जानकारीका लागि सिडिएससि समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम प्राप्त कार्यविधि सम्बन्धमा आवश्यक देखेमा सिडिएससिले संशोधन वा सुधार गर्न मध्यस्थता समितिलाई निर्देशन दिन सक्नेछ ।

**४१. कारवाहीको अभिलेख र प्रमाण उपर विचार गर्ने :** यस विनियम बमोजिम गठन भएको मध्यस्थता समितिको कुनै सदस्यको मृत्यु भएमा, हेलचेक्रयाँई गरेमा, इन्कार गरेमा, सिडिएससिले त्यस्तो सदस्यको स्थानमा नयाँ सदस्य नियुक्त गरी निजले प्रमाणको आधारमा बाँकी कार्य गर्न वा शुरु देखि नै कारवाही गर्न सक्नेछ ।

४२. **पक्ष वा सम्बन्धित प्रतिनिधिलाई निर्णय बन्धनकारी हुने :** मध्यस्थता समितिबाट भएको निर्णयमा उल्लेखित सबै कुराको पक्षहरुले पालना गर्नु पर्नेछ । मध्यस्थता समितिबाट भएको निर्णय यस विनियमावलीले व्यवस्था गरे अनुरुप पुनरावेदन नपरेमा पक्षहरुको लागि अन्तिम र बन्धनकारी हुनेछ । निर्णय हुनु पुर्व वा पश्चात् कुनै पक्षको मृत्यु वा कानुनी असक्षमताले विवादका विषयमा भएको निर्णय खारेज हुने छैन ।

४३. **पुनरावेदनको अधिकार :** मध्यस्थता समितिको निर्णय चित्त नबुझ्ने पक्षले प्रचलित कानुन बमोजिम सम्बन्धित अदालतमा पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ७
## विविध

४४. **राफसाफ सदस्य जिम्मेवार हुने :** (१) कुनै ग्राहकको तर्फबाट जाली, त्रुटिपुर्ण वा नक्कली कागजातको आधारमा राफसाफ तथा फछ्र्यौट कारोबार गरेमा सो प्रति बिक्रीकर्ता राफसाफ सदस्य जिम्मेवार हुनेछ।

(२) उपविनियम (१)मा उल्लेखित कागजातबाट पुनः धितोपत्र बिक्री भएमा यस प्रति पहिलो बिक्रीकर्ता राफसाफ सदस्य नै जिम्मेवार हुनेछ।

४५. **सिडिएससिको उत्तरदायित्व :** राफसाफ तथा फछ्र्यौट प्रणालीको संरक्षण, सम्बर्द्धन र सुपरिवेक्षण तथा अनुगमन गर्ने उत्तरदायित्व सिडिएससिको हुनेछ।

४६. **कोष सम्बन्धी व्यवस्था :** (१) सिडिएससिले राफसाफ तथा फछ्र्यौट कार्य प्रभावकारी रुपमा व्यवस्थित गर्न फछ्र्यौट ग्यारेण्टी कोष स्थापना गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम स्थापना भएको कोषको संचालन गर्नका लागि आवश्यक कार्यविधि तयार गरी बोर्डबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

४७. **बाधा अड्काउ फुकाउ :** यस विनियमावली अनुसार दैनिक कार्य संचालन गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा सिडिएससिको अनुरोधमा त्यस्तो बाधा अड्काउ बोर्डले फुकाउन सक्नेछ ।

४८. **यसै विनियमावली बमोजिम हुने :** यस विनियमावलीमा लेखिएका कुराहरुको हकमा यसै विनियमावली बमोजिम हुनेछ ।

## अनुसूची - १
### (विनियम ४ सँग सम्बन्धित)
### राफसाफ सदस्यताको लागि दिने निवेदनको ढाँचा

मिति : ....................

श्रीमान प्रमुख कार्यकारी अधिकृतज्यू,
सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
थापाथली, काठमाण्डौं ।

**विषय : राफसाफ सदस्यताका लागि निवेदन पेश गरेको सम्बन्धमा ।**

महोदय,

यस ......................कं (प्रा) लि.ले नेपाल स्टक एक्सचेन्ज लि.को सदस्य दलालको रुपमा काम गर्दै आएको हुँदा धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम ३ अनुसार राफसाफ तथा फछ्र्यौटका लागि आवश्यक कागजपत्र एवं दस्तुर रु..............को बैंक भौचर सहित यो निवेदन पेश गरेको छु । कृपया धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेको नियम, विनियमको पूर्ण परिपालना गर्ने वचनबद्धता समेत प्रकट गर्दै सो को लागि नियमानुसार सदस्यता उपलब्ध गराई दिनहुन अनुरोध गर्दछु।

**संलग्न :**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) संस्थाको प्रबन्धपत्र तथा नियमावली,
(ग) बोर्डको अनुमतिपत्रको प्रतिलिपि,
(घ) नेप्सेको सदस्यता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) कर दखिला सम्बन्धी प्रमाण,
(च) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(छ) संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

निवेदक संगठित संस्थाको नाम : .......................................
ठेगाना : .......................................................... फोन नं.: ...............................
फ्याक्स : ....................................... इमेल : .................................
रजिष्टर्ड कार्यालय : कार्यकारी प्रमुखको :
नाम :
संगठित संस्थाको छाप : दस्तखत :

## अनुसूची - २
## (विनियम ६ सँग सम्बन्धित)

सदस्यता नम्बरः

**राफसाफ सदस्यता**

.............................मा मुख्य कार्यालय रहेको श्री.....................................लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सो अन्तर्गत बनेका नियम, विनियम तथा अन्य प्रचलित कानूनको अधिनमा रही यो राफसाफ सदस्यता प्रदान गरिएको छ।

| क.सं. | नवीकरण मिति | बहाल रहने मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**आधिकारिक दस्तखत :**

नामः

पदः

मितिः

## अनुसूची - ३
## (विनियम १४ को उपविनियम २ को खण्ड (ग) सँग सम्बन्धित)

**धितोपत्र प्रमाणपत्र बुझाएको भरपाई**

तपशिल बमोजिमको ठेगाना भएका राफसाफ सदस्य श्री ................................................ ..... ले बिक्री गरेको ...................... कम्पनीका धितोपत्रको प्रमाणपत्र तथा सो सँग सम्बन्धित नामसारी सम्बन्धी कागजात ............................ थान बुझिलिएँ।

**तपशिल**

क.सं. कम्पनीको नाम कागजात थान

कैफियत

बुझाउनेको नाम : बुझिलिनेको नाम :

दस्तखत : दस्तखत :

मिति : मिति :

❖❖❖

लागू मितिः २०७५।०४।२०
पहिलो संशोधन लागू मिति : २०७७/०३/१५
दोस्रो संशोधन लागू मिति : २०७८/०४/०३
तेस्रो संशोधन बोर्डबाट स्वीकृत मिति : २०७९/०१/१६

# धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति **लिई** नेपाल स्टक एक्सचेन्ज लिमिटेडले देहाय बमोजिमको विनियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विनियमावलीको नाम "धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५" रहेको छ ।

(२) यो विनियमावली नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "आदेश" भन्नाले लगानीकर्ताले कारोबार प्रणाली मार्फत धितोपत्रको खरिद वा बिक्रीका लागि दिने आदेश सम्झनुपर्छ ।

(ग) "कारोबार प्रणाली" भन्नाले विनियम ३ बमोजिम नेप्सेले धितोपत्रको खरिद तथा बिक्री कारोबार सञ्चालन गर्नका लागि स्थापना गरेको स्वचालित विद्युतीय कारोबार प्रणाली (अटोमेटेड इलेक्ट्रोनिक ट्रेडिङ्ग सिस्टम) सम्झनु पर्छ ।

(ग१) [१]कारोबार व्यवस्थापन प्रणाली" भन्नाले नेप्सेले धितोपत्र कारोबारका लागि विनियम २१क. बमोजिम स्थापना गरेको तथा प्रयोगमा ल्याएको ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) सम्झनु पर्छ र सो शब्दले कारोबार सदस्यले यस विनियमावली बमोजिम नेप्सेबाट स्वीकृति लिई धितोपत्र कारोबार सञ्चालन गर्न प्रयोगमा ल्याएको ट्रेड म्यानेजमेन्ट सिस्टमलाई समेत जनाउँछ ।

(घ) "कारोवार सदस्य" भन्नाले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी नेप्सेको सदस्यता प्राप्त गरेका धितोपत्र दलाल, बजार निर्माता वा धितोपत्र व्यापारी सम्झनुपर्छ।

(ङ) [२]........................

(च) "ग्राहक" भन्नाले धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न कारोवार सदस्यसंग सम्झौता गर्ने वा आदेश दिने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(छ) **"**दलाल" भन्नाले बोर्डबाट अनुमतिपत्र प्राप्त गरी नेप्सेको सदस्यता प्राप्त गरेका धितोपत्र दलाल व्यवसायी सम्झनुपर्छ ।

---

१ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा थप

२ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा हटाइएको

(ज) "धितोपत्र" भन्नाले संगठित संस्थाले नेप्सेमा सूचीकरण गराएका धितोपत्र सम्झनुपर्छ ।

(झ) "नेप्से" भन्नाले नेपाल स्टक एक्सचेञ्ज लिमिटेड सम्झनुपर्छ ।

(ञ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।

## परिच्छेद-२
## धितोपत्रको कारोबार सम्बन्धी व्यवस्था

३. **कारोबार प्रणाली :** (१) नेप्सेले धितोपत्रको खरिद वा बिक्री कारोबार सञ्चालनका लागि स्वचालित विद्युतीय कारोबार प्रणालीको स्थापना गर्नेछ ।

(२) कारोबार प्रणालीमा मूल्य समय प्राथमिकता (प्राईस टाइम प्रायोरिटी) को आधारमा कारोबार हुने व्यवस्था गर्नु पर्नेछ ।

स्पष्टिकरण : यस उपविनियमको प्रयोजनका लागि "मूल्य समय प्राथमिकता" भन्नाले कारोबार प्रणालीले धितोपत्रको खरिद बिक्री आदेशको प्रशोधन गर्दा खरिदका लागि बढी मूल्य र बिक्रीका लागि कम मूल्य कबोल गर्ने आदेशलाई प्राथमिकता दिने तर आदेश दिइएको मूल्य समान भएमा समयानुसार पहिलो आदेशलाई पहिलो प्राथमिकता दिने व्यवस्था सम्झनुपर्छ ।

४. **धितोपत्रको कारोवार :** (१) प्रत्येक सदस्यले कारोबार प्रणालीको माध्यमबाट मात्र धितोपत्रको खरिद वा बिक्री गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम धितोपत्रको खरिद वा बिक्रीका लागि नेप्सेले सदस्यलाई कारोवार प्रणालीमा आवश्यक पहुँच र सुविधा प्रदान गर्नेछ ।

५. **कारोवार इकाई :** (१) कारोबार हुने धितोपत्र शेयर वा सामूहिक लगानी योजनाको इकाई भएमा कारोवार इकाई(बोर्ड लट) देहाय बमोजिम हुनेछः-

(क) अंकित मूल्य रु. १०।- भएमा १०० कित्ता,

(ख) अंकित मूल्य रु. १००।- भएमा १० कित्ता,

(२) धितोपत्र ऋणपत्र भएमा कारोवार इकाई (बोर्ड लट) देहाय बमोजिम हुनेछः :-

(क) अंकित मूल्य रु. १००।- भएमा १० कित्ता,

(ख) संस्थागत ऋणपत्रको अंकित मूल्य रु. १०००।- भएमा १ कित्ता,

(३) उपविनियम (१) र (२) मा उल्लिखित कारोबार इकाई भन्दा कम परिमाणको धितोपत्र अडलट हुनेछ र त्यस्तो धितोपत्रको कारोबारलाई अडलट कारोबार भनिनेछ ।

तर कारोबार इकाई वा सो भन्दा बढी धितोपत्र भएका धितोपत्रधनीले त्यस्तो धितोपत्रलाई अडलट बनाई बिक्री गर्न पाइने छैन ।

(४) अडलट कारोबारलाई धितोपत्रको कारोबार मूल्य परिवर्तन सीमा र बजार सूचकाङ्क गणनामा समावेश गरिने छैन ।

(५) उपविनियम (१) र (२) मा उल्लिखित धितोपत्र बाहेक अन्य धितोपत्रको कारोबार इकाईको हकमा बोर्डको सहमति लिई नेप्सेले समय समयमा कारोबार इकाई तोक्न सक्नेछ ।

(६) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी ऋणपत्रको कारोबार इकाईको सम्बन्धमा बोर्डको सहमतिमा नेप्सेले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ।

६. **कारोवार प्रणालीमा पहुँच :** (१) देहायका शर्तहरू पूरा गरेका धितोपत्र व्यवसायीलाई कारोवार प्रणालीमा पहुँच प्रदान गरिनेछ :-

(क) धितोपत्र सम्बन्धी व्यवसाय गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त गरेको,

(ख) नेप्सेको सदस्यता प्राप्त गरेको,

(ग) अनुमतिपत्र वा सदस्यता निलम्बन तथा खारेज नभएको,

(२) उपविनियम (१) बमोजिम कारोबार प्रणालीमा पहुँच प्राप्त गरेका धितोपत्र व्यवसायीले आफ्नो कर्मचारी, आधिकारीक प्रतिनिधि वा शाखा कार्यालयको जिम्मेवार व्यक्तिलाई कारोबार प्रणालीमा पहुँच दिन सक्नेछ।

(३) इन्टरनेटमा आधारित अनलाइन माध्यमबाट कारोवार गर्न सकिने व्यवस्था भएमा धितोपत्र व्यवसायीले धितोपत्रको कारोबारको लागि खरिद वा बिक्री आदेश प्रविष्ट गर्न सक्ने गरी लगानीकर्तालाई कारोबार प्रणालीमा पहुँच दिन सक्नेछ।

(४) उपविनियम (१) वा (२) बमोजिम कारोबार प्रणालीमा पहुँच दिइएकोमा त्यस्तो कारोबारको सम्बन्धमा सम्बन्धित धितोपत्र व्यवसायी उत्तरदायी हुनेछ।

७. **आदेश लिनु पर्ने :** (१) कारोबार सदस्यले ग्राहकको लागि धितोपत्रको कारोबार गर्नुपूर्व धितोपत्रको कारोबारका गर्न चाहने ग्राकहबाट **अनुसूची-१** बमोजिमको विवरण खुल्ने गरी खरिद वा बिक्रीको आदेश लिनुपर्नेछ।

(२) उपविनियम (१) बमोजिमको आदेश टेलिफोन, मोवाइल फोन, इमेल लगायत अन्य विद्युतीय माध्यमहरूबाट समेत प्राप्त गर्न सकिनेछ।

(३) इन्टरनेटमा आधारित अनलाइन कारोवार प्रणालीको उपयोग गरी लगानीकर्ताले आदेश प्रविष्ट गरेमा त्यस्तो प्रविष्टिलाई ग्राहकको आदेश मानिनेछ।

(४) कारोबार सदस्यले यस विनियम बमोजिम प्राप्त गरेका खरिद वा बिक्री आदेशको अभिलेख राख्नु पर्नेछ।

८. **अग्रीम रकम लिनुपर्ने :** (१) कारोवार सदस्यले खरिद आदेश प्राप्त गर्दा सो आदेश कार्यान्वयन हुँदा कायम हुने अनुमानित रकमको कम्तीमा पच्चीस प्रतिशत रकम सम्बन्धित आदेश दिने ग्राहकबाट अग्रिम रूपमा लिनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिम लिएको रकम कारोबार सदस्यले अन्य ग्राहकको कारोवारको फर्छ्यौट गर्नमा प्रयोग गर्न पाउने छैन।

(३) कारोबार सदस्यले उपविनियम (१) बमोजिम अग्रिम रूपमा लिएको रकमको हिसाब स्पष्टसंग राख्नु पर्नेछ।

९. **आदेश प्रविष्ट गर्नु पर्ने :** (१) सदस्यले विनियम ७ बमोजिम प्राप्त गरेको खरिद वा बिक्री आदेशलाई कारोवार प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(२) सदस्यले आदेश प्रविष्ट गर्दा पहिले प्राप्त गरेको आदेशलाई पहिला प्रविष्ट गर्नु पर्नेछ।

**१०. कारोबार सम्झौता गर्नु पर्ने :** (१) ग्राहकको लागि धितोपत्रको कारोबार गर्न कारोबार सदस्यले धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ बमोजिमको ग्राहक पहिचान प्राप्त गरी ग्राहकसंग कारोबार सम्झौता गर्नु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको सम्झौतामा देहायका बिषय समावेश हुनुपर्नेछ :

(क) कारोवारका लागि खरिद वा बिक्रीको आदेश दिने माध्यम,

(ख) लगानीकर्ताले आदेश प्रविष्टिका लागि प्रयोग गर्ने उपकरणको पहिचान,

(ग) खरिद वा बिक्री आदेश प्रविष्टिको सीमा,

(घ) लगानीकर्ताको निक्षेप खाता तथा बैंक खातामा सदस्यको पँहुचको सीमा,

(ङ) मार्जिन कारोबारको सुविधा उपयोग गर्ने भए सो सम्बन्धी विषय,

(च) कारोवारका लागि आवश्यक धरौटी सम्बन्धी विषय,

(छ) कारोवारको अन्तिम दायित्व सम्बन्धी विषय,

(ज) काबुबाहिरको परिस्थिति तथा क्षतिपूर्ति सम्बन्धी विषय,

(झ) ग्राहक कालोसूची वा दामासाहीमा परेको भए सो सम्बन्धी जानकारी,

(ञ) धितोपत्र रोक्का रहे नरहेको जानकारी,

(ट) कारोवार प्रणालीको सुरक्षा सम्बन्धी विषय,

[३](ठ) कारोवार सदस्य र लगानीकर्ता बिचमा लिन दिन बाँकी रकमबाट सृजित दायित्व वा प्रतिफल सम्बन्धी विषय।

(३) यस विनियम बमोजिम गरिने सम्झौताको ढाँचा नेप्सेले तयार गरी लागू गर्न सक्नेछ।

**११. कारोवार सञ्चालन :** (१) लगानीकर्ताको आदेश कार्यान्वनयका लागि कारोबार प्रणालीमा कारोबार सत्र र समय देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) प्रारम्भिक कारोवार | : बिहान १०:३० देखि ११:०० बजेसम्म |
| (ख) बोलकबोल र निरन्तर कारोवार | : मध्यान्ह ११.०० देखि ३.०० बजेसम्म |
| (ग) अन्तिम कारोवार | : अपरान्ह ३.०० देखि ३.०५ बजेसम्म |

(२) उपविनियम (१) बमोजिमको कारोबारको समय र सत्रमा बोर्डलाई जानकारी दिई आवश्यकतानुसार नेप्सेले हेरफेर गर्न सक्नेछ। यसरी कारोबारको समय र सत्रमा हेरफेर गरिएमा नेप्सेले सो सम्बन्धी सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपविनियम (१) को खण्ड (क) बमोजिमको प्रारम्भिक कारोवार सत्रमा धितोपत्रको आदेश प्रबिष्टि मात्र गर्न सकिनेछ।

(४) उपविनियम (१) को खण्ड (क) बमोजिमको समयमा गरिएको आदेशको प्रबिष्टीलाई इकोनमिक अडर क्वान्टिटी तथा इकोनमिक अर्डर प्राइसको आधारमा खण्ड (ख) बमोजिमको समय शुरुहुनु ठिक अघि कार्यान्वयन गरिनेछ।

स्पष्टिकरणः "इकोनमिक अडर क्वान्टिटी तथा इकोनमिक अर्डर प्राइस" भन्नाले निर्धारित समय भित्र प्रविष्ट भएका खरिद र बिक्री आदेशलाई गणना गरी माग र आपूर्तिको सिद्धान्त बमोजिम मूल्य निर्धारण गरि प्रविष्टि भएका सम्पूर्ण आदेशहरुलाई एकैपटक कार्यान्वयन गर्ने प्रणाली सम्झनु पर्छ।

---

३ धितोपत्र कारोबार सञ्चालन (पहिलो संशोधन) विनियमावली, २०७७ द्वारा संशोधीत

(५) विनियम (१) को खण्ड (ख) बमोजिमको बोलकबोल र निरन्तर कारोवार सत्रमा मूल्य समय प्राथमिकताका आधारमा खरिद वा बिक्रीको आदेश कार्यान्वयन गरिनेछ ।

(६) विनियम (१) को खण्ड (ख) बमोजिमको सत्रमा कारोबार गर्दा सदस्यले आदेश बमोजिम धितोपत्रको मूल्य तथा संख्या परिवर्तन गर्न सक्नेछ ।

(७) विनियम (१) को खण्ड (ग) बमोजिमको अन्तिम कारोवार सत्रमा औसत मूल्यमा कारोवार हुनेछ । औसत गणनाका लागि नेप्सेले समय तथा कारोवार संख्या तोक्न सक्नेछ ।

(८) विनियम (१) को खण्ड (ख) र (ग) बमोजिमको सत्रमा सञ्चालन भएका कारोबारको विवरण नेप्सेले वेभसाइट मार्फत कारोबार भइरहेको समय (रियल टाइम) मा नै सार्वजनिक गर्नेछ ।

(९) नेप्सेको स्वीकृतिमा कारोवार प्रणाली भन्दा बाहिर कारोबार भएको तथा छुट्टै मूल्य कायम भएकोमा त्यस्तो कारोबारलाई कारोवार सदस्य मार्फत नेप्सेको कारोवार प्रणालीमा प्रविष्टी गरी कारोवारको अभिलेख गर्नु पर्ने भएमा छुट्टै कारोवार सत्र संचालन गर्न सकिनेछ ।

**१२. मूल्य परिवर्तन सीमा :** [४](१) प्रारम्भिक कारोवार सत्रमा मूल्य प्रविष्टी गर्दा अघिल्लो दिनको अन्तिम मूल्यको दुई प्रतिशत घटी वा बढी मूल्य सीमाभित्र रही गर्नुपर्नेछ ।

(२) निरन्तर कारोवार सत्रमा उपविनियम (१) बमोजिम कायम भएको मूल्यको दुई प्रतिशत घटी वा बढी मूल्य सीमाभित्र रही आदेश प्रविष्टि गर्नुपर्नेछ ।

(३) प्रारम्भिक कारोवार सत्रमा कारोवार नभएका धितोपत्रको कारोवारका लागि मूल्य प्रविष्टि गर्दा अघिल्लो दिनको अन्तिम मूल्यको दुई प्रतिशत घटी वा बढी मूल्य सीमाभित्र रही आदेश प्रविष्टि गर्नुपर्नेछ ।

(४) कुनै धितोपत्रको कारोवार लगातार पन्ध्र दिनसम्म नभएमा त्यस पछि हुने पहिलो कारोबारका लागि नेप्सेले मूल्य परिवर्तनको सीमालाई खुल्ला गर्न सक्नेछ ।

(५) धितोपत्रको सूचीकरण पश्चात हुने पहिलो कारोवारको लागि आदेशको प्रविष्टि गर्दा उल्लेख हुने मूल्यको सीमा नेप्सेले समय-समयमा तोक्न सक्नेछ ।

(६) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत संगठित संस्थाले बोनस सेयर, हकप्रद सेयर, नगद लाभांश घोषणा वा अन्य कुनै संस्थागत गतिविधिको कारणले धितोपत्रको मूल्यमा उल्लेखनीय परिवर्तन हुने अवस्था भएमा नेप्सेले मूल्य समायोजन गरी नयाँ मूल्य दिन सक्नेछ ।

**१३. न्यूनतम मूल्य परिवर्तन** : [५](१) धितोपत्र व्यवसायीले धितोपत्रको कारोवारको लागि विनियम १२ बमोजिम मूल्य परिवर्तन सीमा प्रविष्ट गर्दा न्यूनतम दश पैसा वा दश पैसाले भाग जाने मूल्यमा आदेश प्रविष्टी गर्नु पर्नेछ ।

[६](२) ..............

---

४ धितोपत्र कारोबार सञ्चालन (दोस्रो संशोधन) विनियमावली, २०७८ द्वारा संशोधीत

५ धितोपत्र कारोबार सञ्चालन (दोस्रो संशोधन) विनियमावली, २०७८ द्वारा संशोधीत

६ धितोपत्र कारोबार सञ्चालन (दोस्रो संशोधन) विनियमावली, २०७८ द्वारा हटाइएको

**१४. धितोपत्र व्यापारीको कारोबार :** (१) अनुमतिपत्र प्राप्त धितोपत्र व्यापारीले कारोबार प्रणालीमा आफ्नो लागि खरिद वा बिक्री आदेश प्रविष्ट गर्न सक्नेछ ।

(२) नेप्सेले धितोपत्र व्यापारीले कारोबार गर्न सक्ने सूचीकृत संगठित संस्थाको नामावली तयार गरी सार्वजनिक गर्नेछ ।

(३) उपविनियम (२) बमोजिम सार्वजनिक गरिएको नामावलीलाई नेप्सेले समय समयमा हेरफेर वा परिवर्तन गर्न सक्नेछ ।

(४) धितोपत्र व्यापारीले आफ्नो स्वामित्वमा नभएको धितोपत्रको बिक्री आदेश प्रविष्ट गर्न सक्ने छैन ।

(५) धितोपत्र व्यापारीले कारोबार गर्दा देहायको कार्य गर्न हुँदैनः-

(क) ग्राहकले दिएको खरिद वा बिक्री आदेशलाई आफैले सकार गरी धितोपत्र खरिद वा बिक्री गर्ने,

(ख) ग्राहकले दिएको खरिद वा बिक्री आदेशको जानकारीको आधारमा ग्राहकको भन्दा पहिले आफ्नो आदेश प्रविष्टी गर्ने,

(६) उपविनियम (५) बमोजिम कार्य गरेको देखिएमा नेप्सेले त्यस्तो धितोपत्र व्यापारीको सदस्यता निलम्बन गरी आवश्यक कारवाही अगाडी बढाउनेछ ।

**१५. धरौटी राख्नु पर्ने :** (१) धितोपत्रको कारोवार सीमाको लागि दलालले नेप्सेले समय समयमा तोकिदिए बमोजिम नगद धरौटी वा बैंक जमानत राख्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम राखेको धरौटीको पच्चीस गुणा सम्म कारोबार गर्न सक्ने गरि नेप्सेले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपविनियम (१) र (२) बमोजिम नेप्सेले तोकेको धरौटी रकम र सीमाको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

स्पष्टिकरण: यस विनियमको प्रयोजनका लागि "कारोवार सीमा" भन्नाले खरिद तथा बिक्रीको लागि कम्प्युटर प्रणालीमा प्रविष्टी गरी कारोवार राफसाफ हुने अवधिसम्मको रकमलाई जनाउँछ ।

**१६. ब्लक कारोवार सम्बन्धी व्यवस्था :** (१) लगानीकर्ताले नेप्सेको पूर्व स्वीकृती लिई धितोपत्रको ब्लक कारोबार गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम ब्लक कारोवारका लागि सम्बन्धित लगानीकर्ताले देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन दिनु पर्नेछः-

क. धितोपत्र खरिद तथा बिक्री सम्बन्धमा बोर्डलाई दिएको जानकारी,

ख. संगठित संस्थाको सम्बन्धित नियमनकारी निकायलाई दिएको जानकारी,

ग. सम्बन्धित संगठित संस्थाको संचालक समितिको सहमति ।

(३) उपविनियम (२) बमोजिम प्राप्त निवेदनको आधारमा उपयुक्त देखेमा नेप्सेले ब्लक कारोबारको स्वीकृती दिनेछ ।

(४) उपविनियम (३) बमोजिम स्वीकृती प्राप्त भएको सात दिन भित्र कारोवार प्रणालीमा रहेको ब्लक ट्रेड विन्डोमा कारोबार सदस्य मार्फत प्रविष्टी गरी कारोबार सम्पन्न गराउनु पर्नेछ ।

(५) नेपाल सरकार वा नेपाल सरकारको बहुमत स्वामित्व रहेको संस्थाले ग्रहण गरेको धितोपत्र खरिद बिक्री हुने भएमा नेप्सेले छुट्टै व्यवस्था गर्न सक्नेछ ।

(६) यस विनियम अनुसार भएको कारोवारसँग सम्बन्धित लगानीकर्ता, खरिद बिक्री मूल्य, परिमाणको पूर्ण विवरण नेप्सेको साइट मार्फत सार्वजनिक गरिनेछ ।

**स्पष्टिकरण:** "ब्लक कारोवार" भन्नाले सम्बन्धित सूचीकृत संगठित संस्थाको चुक्ता पूँजीको एक प्रतिशत वा पाँच करोड रुपैयाँ मध्ये जुन बढी हुन्छ सो बमोजिमको कारोबार बुझाउँछ ।

**१७. सर्किट ब्रेकर :** (१) निरन्तर कारोबार शुरु हुँदा कायम रहेको नेप्से परिसूचक देहाय बमोजिम घटबढ भएमा देहाय बमोजिम कारोबारमा सर्किट ब्रेकर लगाइनेछ :-

(क) निरन्तर कारोवार शुरु भएको एक घण्टाभित्र नेप्से परिसूचक तीन प्रतिशतले घटी वा बढी भएमा पन्ध्र मिनेटका लागि,

(ख) निरन्तर कारोवार शुरु भएको दुई घण्टा भित्र नेप्से परिसूचक चार प्रतिशतले घटी वा बढी भएमा तीस मिनेटका लागि,

(ग) निरन्तर कारोवार शुरु भएको कुनै पनि समयमा नेप्से परिसूचक पाँच प्रतिशतले घटी वा बढी भएमा सो पश्चात सो दिनको कारोबार बन्द गर्ने,

(२) कुनै संगठित संस्थाको प्रारम्भिक कारोबार सत्रमा कायम भएको धितोपत्रको मूल्यमा दश प्रतिशत भन्दा घटी वा बढी हुने गरी सो दिन कारोवार हुने छैन् ।

(३) उपविनियम (१) र (२) मा उल्लिखित सर्किट ब्रेकर सम्बन्धी व्यवस्थामा बोर्डलाई जानकारी दिई नेप्सेले समय समयमा हेरफेर गर्न सक्नेछ ।

**१८. बैंक खाता संचालन :** (१) कारोवार सदस्यले धितोपत्र कारोवारका लागि नेप्सेबाट तोकिएको राफसाफ बैंकमा अलग्गै खाता खोली धितोपत्र सम्बन्धी कारोवार गर्नु/गराउनु पर्नेछ ।

(२) कारोवार सदस्यले लगानीकर्ता तथा अन्य धितोपत्र व्यवसायीबाट कारोबार बापत प्राप्त हुने रकम कारोवार शुरु हुनु पूर्व बैंक दाखिला गर्नु पर्नेछ ।

(३) कारोवार सदस्यले लगानीकर्ता वा अन्य धितोपत्र व्यवसायीलाई कारोबार बापतको भुक्तानी एकाउन्ट पेयी चेक मार्फत गर्नु पर्नेछ ।

(४) कारोबार सदस्यले उपविनियम (१) बमोजिम खोलिएको खातालाई धितोपत्र कारोबार राफसाफ बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

**१९. कारोवारको सूचना दिनुपर्ने :** (१) नेप्सेको कारोवार प्रणालीमा खरिद वा बिक्री आदेश बमोजिम कारोवार सम्पन्न भएको जानकारी कारोबार सदस्यले तत्काल उपयुक्त माध्यम मार्फत सम्बन्धित पक्षलाई सूचना दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिइने जानकारीमा **अनुसूची-२** बमोजिमको विवरण समावेश भएको हुनुपर्नेछ ।

२०. **कारोवार विवरण अभिलेख गर्नु पर्ने :** (१) कारोवार सदस्यले आफूले सम्पन्न गरेको धितोपत्रको खरिद, बिक्री, राफसाफ तथा फछ्र्यौट सम्बन्धी सम्पूर्ण विवरण तथा कागजातको अभिलेख पाँचवर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(२) प्रत्येक कारोवार सदस्यले सम्पन्न गरेको धितोपत्र सम्बन्धी कारोबारको देहाय बमोजिम सक्कल वा प्रमाणित प्रति कागजात वा विवरण सुरक्षित राख्नु पर्नेछ :-

(क) प्रत्येक संगठित संस्था अनुसार गरिएको धितोपत्रको खरिद वा बिक्री, संख्या, मूल्य, शुल्क, नेप्से कमिशन, कर तथा बोर्ड दस्तुर सम्बन्धी,

(ख) प्रत्येक ग्राहक अनुसार भएका खरिद वा बिक्री सम्बन्धी,

(ग) नियमित कारोबार बाहेक प्रत्येक ग्राहक अनुसार भएका अन्य खरिद वा बिक्री सम्बन्धी,

(घ) निवृत्तिभरण कोष, लगानी कम्पनी, सामुहिक लगानी कोष, पोर्टफोलियो व्यवस्थापन कम्पनी, सम्पत्ति व्यवस्थापन कम्पनी लगायत नेप्सेले समय समयमा तोकेका ग्राहक अनुसारको खरिद वा बिक्री सम्बन्धी,

२१. **गलत विवरण दिन नहुने** : (१) कारोवार सदस्यले सम्पन्न गरेको खरिद तथा बिक्री कारोवार सम्बन्धमा गलत विवरण नेप्सेलाई दिन तथा त्यस्तो विवरण कारोवार प्रणालीमा प्रबिष्टी गर्न गराउन हुँदैन ।

(२) उपविनियम (१) बमोजिम गलत विवरण दिएमा वा कारोवार प्रणालीमा प्रबिष्टी गराएमा त्यस्तो धितोपत्र व्यवसायीलाई नेप्सेले बढीमा सात दिनसम्म कारोवार गर्न नपाउने गरी निलम्बन गर्न सक्नेछ ।

## [७]परिच्छेद-२क.

## कारोबार व्यवस्थापन प्रणाली स्थापना तथा सञ्चालन

२१क. **कारोबार व्यवस्थापन प्रणाली स्थापना गर्नु पर्ने**: (१) कारोबार सदस्यले धितोपत्रको कारोबार सञ्चालन गर्न नेप्सेको कारोबार प्रणालीसँग आबद्ध हुने गरी कारोबार व्यवस्थापन प्रणालीको स्थापना गर्नु पर्नेछ । त्यसरी कारोबार व्यवस्थापन प्रणालीको स्थापना गर्दा कारोबार सदस्यले नेप्सेले सञ्चालनमा ल्याएको कारोबार व्यवस्थापन प्रणाली वा आफैँले छुट्टै कारोबार व्यवस्थापन प्रणाली स्थापना गरी प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम कारोबार सदस्यले स्थापना गर्ने वा सञ्चालनमा ल्याउने कारोबार व्यवस्थापन प्रणाली सञ्चालनको सुनिश्चितताको लागि चाहिने आवश्यक हार्डवेयर तथा सफ्टवेयरको फेल ओभर सम्बन्धी व्यवस्था र सोको समय समयमा परीक्षणको सुनिश्चितता हुने गरी देहाय बमोजिमका भौतिक पूर्वाधार तथा अन्य सुरक्षा मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

---

७ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा थप

(क) नेटवर्क सम्बन्धी घटना, गडबडी र आक्रमण पहिचानको लागि सुरक्षा अनुगमन प्रणाली स्थापना गरिएको,

(ख) साईबर आक्रमण सम्बन्धी घटना र समस्याहरुको निराकरणका लागि तत्काल सम्बोधन गर्ने व्यवस्था तथा सुरक्षाको लागि अनुगमन र सम्बोधन गर्ने प्रणाली स्थापना गरिएको,

(ग) बिजनेश रिकभरी म्यानेजमेन्ट र रेस्पोन्स सिस्टम स्थापना गरिएको,

(घ) डिजास्टर रिकभरी साइट स्थापना गरिएको,

(ङ) कारोबार व्यवस्थापन प्रणाली सञ्चालनका लागि आवश्यक पर्ने सर्भर, भण्डारण (स्टोरेज) क्षमता, सुरक्षा व्यवस्था (फायरवाल), नेटवर्क र सैन स्वीच तथा अन्य पूर्वाधार नेप्सेले तोके बमोजिम भएको ।

(३) उपविनियम (१) बमोजिमको कारोबार व्यवस्थापन प्रणालीमा यस विनियममा अन्यत्र उल्लिखित विषयका अतिरिक्त कम्तीमा देहाय बमोजिमका सुविधा तथा विशेषता भएको हुनु पर्नेछः-

(क) आदेश व्यवस्थापन (अर्डर म्यानेजमेन्ट) अन्तर्गत देहाय बमोजिमका सुविधा तथा विशेषता भएको,-

(१) आदेश प्रविष्टि व्यवस्था (अर्डर इन्ट्री एट्रिब्युट्स),

(२) ग्राहक कारोबार खाताको प्रकार (एकाउन्ट टाइप्स),

(३) आदेश पुष्टि (अर्डर कन्फरमेसन),

(४) आदेश स्थिति (अर्डर स्टाटस्),

(५) आदेश परिमार्जन (अर्डर मोडिफिकेसन),

(६) आदेश रद्द (अर्डर क्यान्सिलेसन),

(७) प्रक्रियामा रहेको आदेश (आउटस्टाण्डिङ अर्डर),

(८) आदेश अभिलेख र प्रतिवेदन (अर्डर हिस्ट्री एण्ड रिपोर्ट) ।

(ख) कारोबार व्यवस्थापन (ट्रेड म्यानेजमेन्ट) अन्तर्गत देहाय बमोजिमका सुविधा तथा विशेषता भएको,-

(१) कारोबार पुष्टि,

(२) कारोबार प्रतिवेदन (रिपोर्ट),

(३) कारोबारको राफसाफ तथा फछ्र्यौट ।

(ग) जोखिम व्यवस्थापन अन्तर्गत देहाय बमोजिमका सुविधा तथा विशेषता भएको,-

(१) आदेश परिमाणको सीमा,

(२) आदेश मूल्यको सीमा,

(३) धितोपत्र अनुसार आदेश परिमाणको र मूल्यको सीमा (सेक्यूरिटिज वाइज अर्डर क्वान्टिटी एण्ड भ्यालु लिमिट) ।

(घ) बोलकबोल व्यवस्था अन्तर्गत देहाय बमोजिमका सुविधा तथा विशेषता भएको,-

(१) बोलकबोल आदेश प्रविष्टि,

(२) बोलकबोल आदेश रद्द,

(३) बोलकबोल आदेश सोधपुछ ।

(ङ) ग्राहक विवरण अन्तर्गत देहाय बमोजिमका सुविधा तथा विशेषता भएको,-

(१) ग्राहक कोड नमूना,

(२) ग्राहकको परिचय र अवस्था,

(३) ग्राहक पहिचान ।

(च) सुरक्षा तथा अनुपालना (सेक्युरिटी एण्ड कम्प्लाइन्स) अन्तर्गत देहाय बमोजिमका सुविधा तथा विशेषता भएको,-

(१) पासवर्डको सुरक्षा,

(२) निष्क्रिय ग्राहकको खाताको पहुँचमा रोक,

(३) कारोबार व्यवस्थापन प्रणाली चालू (लगइन) रहेको अवधिको सुरक्षा,

(४) कारोबार सदस्यको कोड र परिचय,

(५) अनिवार्य अग्रिम रकम वा मार्जिन सङ्कलन,

(६) सम्परीक्षणको अभिलेख (अडिट ट्रेल),

(७) लगइन ट्र्याक ।

(छ) प्रणाली प्रशासन नियन्त्रण (एडमिन कन्ट्रोल प्यानल) भएको,

(ज) कारोबारको विश्लेषण रेखाचित्र (ग्राफ) भएको,

(झ) राफसाफ बैङ्क, राफसाफ सदस्य, केन्द्रीय निक्षेप सेवा, निक्षेप सदस्य लगायतका तेस्रो पक्षको प्रणालीसँग आबद्धता भएको ।

(४) उपविनियम (१) बमोजिमको कारोबार व्यवस्थापन प्रणाली मोबाइल एप्सबाट समेत सञ्चालन गर्न सकिने गरी कन्टेन्ट एक्सिसिबिलिटी गाईडलाइन अनुरुप तयार गरेको हुनु पर्नेछ ।

(५) उपविनियम (१) बमोजिमको प्रत्येक कारोबार व्यवस्थापन प्रणालीमा एक दिनमा कम्तीमा पाँच लाख आदेशको व्यवस्थापन गर्ने क्षमता रहेको हुनु पर्नेछ र त्यस्तो कारोबार व्यवस्थापन प्रणालीको क्षमता आवश्यकता अनुसार वृद्धि गर्न सकिने हुनु पर्नेछ ।

(६) उपविनियम (१) बमोजिमको कारोबार व्यवस्थापन प्रणाली स्वदेशी वा विदेशी राष्ट्रियस्तरको कम्तीमा कुनै एउटा स्टक एक्सचेन्जमा आवद्ध र कम्तीमा दशवटा कारोबार सदस्य वा स्टक ब्रोकरले प्रयोग गरिरहेको हुनु पर्नेछ ।

**२१ख. कारोबार व्यवस्थापन प्रणाली विकासकर्ताको योग्यताः** (१) विनियम २१क. को उपविनियम (१) बमोजिमको कारोबार व्यवस्थापन प्रणाली देहायको योग्यता पुगेको सूचना प्रविधि सम्बन्धी सेवा प्रदान गर्ने संस्था वा कम्पनीबाट विकास गरिएको हुनु पर्नेछः-

(क) कारोबार व्यवस्थापन प्रणालीको विकास सम्बन्धी क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ख) विगत तीन वर्षको औषत वार्षिक कारोबार कम्तीमा सात करोड रुपैयाँ भएको।

(२) विदेशी कम्पनीबाट विकास गरिएको कारोबार व्यवस्थापन प्रणाली स्थापना गरिने भएमा त्यस्तो कम्पनीले देहाय बमोजिमको योग्यता पुगेको स्थानीय प्रतिनिधि नियुक्त गरेको हुनु पर्नेछः-

(क) कम्तीमा एक करोड चुक्ता पुँजी भएको,

(ख) वित्तीय क्षेत्रको सूचना प्रविधि सम्बन्धी कम्तीमा तीन वर्ष कार्य अनुभव भएको,

(ग) सफ्टवेयर विकास तथा आफूले उपलब्ध गराएको कारोबार व्यवस्थापन प्रणाली मर्मत सम्भार गर्न आवश्यक दक्ष जनशक्ति रहेको।

स्पष्टीकरणः यस विनियमको प्रयोजनको लागि "स्थानीय प्रतिनिधि" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको संस्था वा कम्पनीलाई सम्झनु पर्छ।

(३) यस विनियम बमोजिम प्रत्येक कारोबार सदस्य अनुसारको डाटा स्टोर हुने गरी डेडिकेटेड कारोबार व्यवस्थापन प्रणाली जडान भएको हुनु पर्नेछ।

(४) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कारोबार व्यवस्थापन प्रणाली र धितोपत्र बजारको विद्युतीय कारोबार प्रणालीको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी कार्य एउटै सेवा प्रदायक संस्था वा कम्पनीले गर्न पाउने छैन।

(५) कारोबार व्यवस्थापन प्रणाली विकासकर्ता तथा स्थानीय प्रतिनिधिले यस विनियमको प्रतिकूल हुने गरी कुनै कार्य गरेको देखिएमा नेप्सेले त्यस्तो कारोबार व्यवस्थापन प्रणाली तत्काल बन्द गरी आवश्यक कारवाही गर्नेछ र सोको जानकारी बोर्डलाई दिनु पर्नेछ।

**२१ग. कारोबार व्यवस्थापन प्रणाली स्थापनाको लागि निवेदन दिनु पर्नेः** (१) विनियम २१क. को उपविनियम (१) बमोजिमको कारोबार व्यवस्थापन प्रणाली स्थापना गर्न चाहने कारोबार सदस्यले नेप्सेमा देहायका विवरण खुलाई **अनुसूची-२क** बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) प्रणाली र सञ्जाल पूर्वाधार अवधारणा चित्र (सिस्टम एण्ड नेटवर्क इन्फ्रास्ट्रक्चर डाईग्राम) सम्बन्धी विवरण,

(ख) कारोबार व्यवस्थापन प्रणाली सञ्चालन तथा मर्मत सम्भार गर्ने प्राविधिक जनशक्तिको अद्यावधिक विवरण,

(ग) कारोबार व्यवस्थापन प्रणाली सञ्चालन गर्दा आइपर्ने जोखिम व्यवस्थापन योजना,

(घ) डाटा सेन्टर, फेल ओभर तथा डाटा रिकभरी साइट व्यवस्थापन योजना,

(ङ) नेप्सेले समय समयमा तोकेको कागजात तथा विवरण।

(२) कुनै कारोबार सदस्यले विनियम २१क. को उपविनियम (१) बमोजिमको कारोबार व्यवस्थापन प्रणाली बाहेक छुट्टै कारोबार व्यवस्थापन प्रणाली स्थापना गर्न चाहेमा देहायका विवरण खुलाई **अनुसूची-२क** बमोजिमको ढाँचामा नेप्सेमा निवेदन दिनु पर्नेछः-

(क) प्रणाली र सञ्जाल पूर्वाधार अवधारणा चित्र (सिस्टम एण्ड नेटवर्क इन्फ्रास्ट्रक्चर डाईग्राम) सम्बन्धी विवरण,

(ख) कारोबार व्यवस्थापन प्रणाली सञ्चालन तथा मर्मत सम्भार गर्ने प्राविधिक जनशक्तिको अद्यावधिक विवरण,

(ग) कारोबार व्यवस्थापन प्रणाली सञ्चालन गर्दा आइपर्ने जोखिम व्यवस्थापन योजना,

(घ) डाटा सेन्टर, फेल ओभर तथा डाटा रिकभरी साइट सम्बन्धी विवरण,

(ङ) प्रणाली विकास गर्ने वा आपूर्तिकर्ता कम्पनी वा संस्थाको विस्तृत विवरण (डिटेल प्रोफाइल),

(च) प्रणाली विकास गर्ने वा आपूर्तिकर्ता कम्पनी वा संस्थासँग कारोबार व्यवस्थापन प्रणाली विकास वा आपूर्ति सम्बन्धमा भएको सम्झौताको प्रतिलिपि,

(छ) कारोबार व्यवस्थापन प्रणाली सञ्चालनको लागि आवश्यक सुरक्षा व्यवस्था (फायरवाल) सम्बन्धी विवरण,

(ज) प्रणाली जडानसँग सम्बन्धित (आइपी एड्रेस, भिपिएन प्यारामिटर्स) विवरण,

(झ) कारोबार व्यवस्थापन प्रणालीको निर्वाध सञ्चालन हुने सम्बन्धी विवरण,

(ञ) कम्तीमा पाँच वर्षसम्म कारोबार व्यवस्थापन प्रणालीको मर्मत सम्भार सम्झौता वा सोको सुनिश्चितता,

(ट) प्रयोग गर्न चाहेको कारोबार व्यवस्थापन प्रणालीको विस्तृत प्राविधिक विवरण तथा विशेषता (टेक्निकल स्पेसिफिकेसन एण्ड फिचर्स),

(ठ) कारोबार व्यवस्थापन प्रणाली सञ्चालन सम्बन्धी विस्तृत दिग्दर्शन (डिटेल म्यानुअल),

(ड) नेप्सेले समय समयमा तोकेको कागजात तथा विवरण ।

(३) उपविनियम (१) बमोजिम निवेदन प्राप्त भएको एक महिनाभित्र नेप्सेले प्राविधिक खटाई निवेदन साथ संलग्न विवरण बमोजिम आवश्यक पूर्वाधार भए वा नभएको सम्बन्धमा स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नेछ ।

(४) उपविनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा कुनै विवरण अपुग भएमा वा स्पष्ट नभएमा नेप्सेले थप विवरण माग गर्न वा स्पष्ट गर्न लगाउनु पर्नेछ ।

(५) उपविनियम (३) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा आवश्यक पूर्वाधार पूरा गरेको देखिएमा वा उपविनियम (४) बमोजिम विवरण प्राप्त भए पछि नेप्सेले त्यस्तो कारोबार सदस्यलाई आफूले सञ्चालनमा ल्याएको कारोबार व्यवस्थापन प्रणाली स्थापना गरी सञ्चालनयोग्य बनाइदिनु पर्नेछ ।

तर यस्तो प्रणाली सञ्चालनको लागि आवश्यक पूर्वाधार स्थापना, थर्ड पार्टी सफट्वेर जडान गर्ने लगायतको जिम्मेवारी कारोबार सदस्यको हुनेछ ।

(६) उपविनियम (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकको व्यहोरा मनासिब देखिएमा नेप्सेले एक महिनाभित्र त्यस्तो कारोबार सदस्यलाई कारोबार व्यवस्थापन प्रणाली स्थापनाका लागि पूर्वाधार निर्माण लगायतका आवश्यक व्यवस्था गर्न सहमति दिनु पर्नेछ ।

(७) उपविनियम (६) बमोजिम सहमति प्राप्त गरेपछि कारोबार सदस्यले नेप्सेले तोकेको अवधिभित्र कारोबार व्यवस्थापन प्रणाली स्थापनाको लागि विनियम २१क. को उपविनियम (२) बमोजिम भौतिक पूर्वाधार तथा अन्य सुरक्षा मापदण्ड पूरा गरी नेप्सेलाई जानकारी दिनु पर्नेछ।

(८) उपविनियम (७) बमोजिम जानकारी प्राप्त भएपछि नेप्सेले प्राविधिक खटाई निवेदन साथ संलग्न विवरण बमोजिम आवश्यक पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नेछ ।

(९) उपविनियम (८) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली स्थापनाको लागि यस विनियमावली बमोजिम आवश्यक पूर्वाधार पूरा गरेको देखिएमा नेप्सेले त्यस्तो कारोबार सदस्यलाई एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपिआई) प्रदान गरी नेप्सेको कारोबार परीक्षण प्रणालीमा आबद्ध गराई सञ्चालनयोग्य बनाइदिनु पर्नेछ ।

(१०) उपविनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियम २१घ. बमोजिम नेप्सेसँग सम्झौता नभएसम्म कारोबार सदस्यलाई एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपिआई) प्रदान गरिने छैन ।

**२१घ. <u>सम्झौता गर्नु पर्ने</u>:** (१) यस विनियमावली बमोजिम कारोबार व्यवस्थापन प्रणालीको स्थापना तथा सञ्चालन सम्बन्धमा कारोबार सदस्यले नेप्सेसँग देहायका विषय समावेश गरी सम्झौता गर्नु पर्नेछः-

(क) नेप्सेको कारोबार व्यवस्थापन प्रणाली प्रयोग गरेकोमा त्यस्तो कारोबार व्यवस्थापन प्रणालीको व्यावसायिक निरन्तरता र सुरक्षा व्यवस्था (फायरवाल) सम्बन्धी विषय,

(ख) कारोबार सदस्यले आफैँले कारोबार व्यवस्थापन प्रणालीको व्यवस्था गरेकोमा त्यस्तो कारोबार व्यवस्थापन प्रणालीको व्यावसायिक निरन्तरता, सुरक्षा व्यवस्था (फायरवाल), समस्या समाधान (ट्रबल सुटिङ) तथा नेप्सेको प्रणालीसँगको पहुँच लगायतका प्राविधिक सुरक्षा सम्बन्धी विषय,

(ग) नेप्सेले सम्झौतामा उल्लेख गर्नु पर्ने भनी तोकेका अन्य विषय ।

(२) विनियम २१क. को उपविनियम (१) बमोजिम कारोबार सदस्यले आफूले व्यवस्था गरेको कारोबार व्यवस्थापन प्रणालीको सम्बन्धमा नेप्से र त्यस्तो कारोबार व्यवस्थापन प्रणाली विकास गर्ने विकासकर्ता कम्पनी वा संस्था, आपूर्तिकर्ता वा स्थानीय प्रतिनिधिसँग कारोबार व्यवस्थापन प्रणालीमा रहेका ग्राहकको परिचय तथा कारोबार सम्बन्धी सूचना वा तथ्याङ्कको गोपनीयता सम्बन्धमा आवश्यक हेरफेर सहित **अनुसूची-२ख** बमोजिमको ढाँचामा आवश्यकता अनुसार छुट्टाछुट्टै सम्झौता गर्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली विकास गर्ने विकासकर्ता कम्पनी वा संस्था, आपूर्तिकर्ता वा स्थानीय प्रतिनिधिसँग कम्तीमा पाँच वर्षका लागि कारोबार व्यवस्थापन प्रणालीको मर्मत सम्भार सेवा दिने प्रतिबद्धता समावेश गरी सम्झौता गरेको हुनु पर्नेछ ।

(४) यस विनियम बमोजिम गरेको सम्झौताको प्रमाणित प्रतिलिपि नेप्सेले सात कार्य दिनभित्र बोर्डमा पठाउनु पर्नेछ ।

**२१ङ. <u>कारोबार व्यवस्थापन प्रणाली परीक्षण तथा सञ्चालन</u>:** कारोबार सदस्यले विनियम २१ग. को उपविनियम (८) बमोजिम नेप्सेसँग आबद्ध कारोबार व्यवस्थापन प्रणाली तीस दिनसम्म परीक्षणको रुपमा सञ्चालन गर्नु पर्नेछ । त्यसरी परीक्षणको रुपमा सञ्चालन गर्दा कारोबार व्यवस्थापन प्रणालीमा कुनै समस्या नदेखिएमा सो व्यहोरा सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको सूचना प्रविधि प्रणाली सम्परीक्षण गर्ने सेवाप्रदायक संस्था वा विशेषज्ञ मार्फत सम्परीक्षण तथा प्रमाणित गराई सञ्चालनमा ल्याउनु पर्नेछ ।

**२१च. <u>निवेदन दस्तुर तथा शुल्क सम्बन्धी व्यवस्था</u>:** (१) कारोबार सदस्यले विनियम २१ग. बमोजिम निवेदन दिँदा **अनुसूची-२ग** बमोजिमको निवेदन दस्तुर बुझाउनु पर्नेछ ।

(२) कारोबार सदस्यले नेप्सेको कारोबार प्रणालीमा कारोबार व्यवस्थापन प्रणाली आबद्ध गरे बापत नेप्सेलाई **अनुसूची-२ग** बमोजिमको जडान शुल्क बुझाउनु पर्नेछ ।

(३) कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली सञ्चालन भएपछि नेप्सेलाई **अनुसूची-२ग** बमोजिमको मासिक प्राविधिक सेवा शुल्क बुझाउनु पर्नेछ ।

(४) कारोबार सदस्यले उपविनियम (३) बमोजिम नेप्सेमा मासिक प्राविधिक सेवा शुल्क बुझाउँदा प्रत्येक त्रैमासिक अवधिको पहिलो महिनाको सात गतेभित्र बुझाउनु पर्नेछ । त्यसरी शुल्क बुझाउँदा नेप्सेले अर्धवार्षिक वा वार्षिक रुपमा एकमुष्ठ अग्रिम शुल्क बुझाउन सकिने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(५) कारोबार सदस्यले उपविनियम (४) मा उल्लिखित अवधिभित्र शुल्क नबुझाएमा सो महिनाभित्रसम्मको लागि थप एक हजार रुपैयाँ शुल्क लाग्नेछ । त्यस्तो एक महिनाभित्रको अवधिमा पनि मासिक प्राविधिक सेवा शुल्क नबुझाएमा नेप्सेले जुनसुकै बखत कारोबार सदस्यको कारोबार व्यवस्थापन प्रणाली बन्द गर्न सक्नेछ ।

(६) उपविनियम (५) बमोजिम कारोबार व्यवस्थापन प्रणाली बन्द भएकोमा पुनः कारोबार व्यवस्थापन प्रणाली चालू राख्नको लागि कारोबार सदस्यले नेप्सेलाई **अनुसूची-२ग** बमोजिमको जडान शुल्क बुझाएमा पुनः जडान गरिदिन सकिनेछ ।

(७) कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली मार्फत ग्राहकलाई अनलाइन सेवा प्रदान गरे बापत प्रत्येक ग्राहकबाट वार्षिक बढीमा एक सय रुपैयाँको दरले सेवा शुल्क लिन सक्नेछ ।

**२१छ. <u>जनशक्ति सम्बन्धी व्यवस्था</u>:** (१) कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली सञ्चालनका लागि देहाय बमोजिमको योग्यता भएको कम्तीमा एक जना सिस्टम एण्ड नेटवर्क एडमिनिस्ट्रेटर वा डाटाबेस एडमिनिस्ट्रेटर र एक जना सूचना प्रविधि सहायक कर्मचारीको व्यवस्था गर्नु पर्नेछः-

(क) सिस्टम एण्ड नेटवर्क एडमिनिस्ट्रेटर वा डाटाबेस एडमिनिस्ट्रेटरको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर इञ्जिनियरिङ्ग, कम्प्युटर विज्ञान वा सूचना प्रविधि व्यवस्थापन विषयमा कम्तीमा स्नात्तक तह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्षको कार्य अनुभव प्राप्त गरेको,

(ख) सूचना प्रविधि सहायकको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर इञ्जिनियरिङ्ग, कम्प्युटर विज्ञान वा सूचना प्रविधि व्यवस्थापन विषयमा कम्तीमा स्नात्तक तह उत्तीर्ण गरेको ।

(२) कारोबार सदस्यले उपविनियम (१) बमोजिमको योग्यता भएको कर्मचारी नियुक्त गरेपछि त्यस्तो कर्मचारीसँग कारोबार व्यवस्थापन प्रणालीको गोपनीयता कायम राख्ने सम्बन्धमा कबुलियतनामा गराउनु पर्नेछ ।

(३) यस विनियम बमोजिम नियुक्त भएको जनशक्ति एकै पटक अन्य कारोबार सदस्यसँग आबद्ध हुन सक्नेछैन ।

**२१ज. डाटा रिकभरी साइटको व्यवस्था गर्नु पर्ने:** (१) कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली सञ्चालन गर्नुअघि तथ्याङ्क व्यवस्थापनका लागि डेडिकेटेड डाटा बेसको व्यवस्था गरी आपतकालीन अवस्थामा तथ्याङ्क पुनः प्राप्त गर्न सक्ने डाटा रिकभरी साइटको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो डाटा रिकभरी साइटको प्राविधिक विशेषता (टेक्निकल स्पेसिफिकेसन) नेप्सेले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको डाटा बेस तथा डाटा रिकभरी साइट भूकम्पीय दृष्टिकोणले फरक भौगोलिक क्षेत्र (डिफरेन्ट सेस्मिक जोन) मा व्यवस्था गरेको हुनु पर्नेछ ।

**२१झ. कारोबार सदस्यको जिम्मेवारी:** (१) कारोबार व्यवस्थापन प्रणाली स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित कारोबार सदस्यको हुनेछ ।

(२) कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली प्रयोग गर्दा धितोपत्र कारोबार प्रणालीको गोपनीयता र सुरक्षा सम्बन्धी आवश्यक सतर्कता अपनाउनु पर्नेछ ।

(३) कारोबार सदस्यले प्रयोग गरेको कारोबार व्यवस्थापन प्रणाली मार्फत कसैले नेप्सेको कारोबार प्रणालीमा कुनै क्षति पुऱ्याएमा त्यस्तो क्षति सम्बन्धित कारोबार सदस्यले बेहोर्नु पर्नेछ ।

(४) नेप्सेले बोर्डलाई पूर्व जानकारी गराई कारोबार व्यवस्थापन प्रणालीको विशेषताहरु, सुरक्षा मापदण्ड (सेक्यूरिटी प्रोटोकल) तथा तथ्याङ्क सुरक्षा (डाटा सेक्यूरिटी)को लागि समय समयमा आवश्यक मापदण्ड तोक्न सक्नेछ । त्यसरी तोकिएको मापदण्ड अनुसार कारोबार व्यवस्थापन प्रणाली सञ्चालन गर्नु सबै कारोबार सदस्यको जिम्मेवारी हुनेछ ।

(५) कारोबार सदस्यले कारोबार व्यवस्थापन प्रणाली सञ्चालन सम्बन्धी स्ट्याण्डर्ड अपरेटिङ्ग प्रोसेडुअर (एसओपी) बनाई लागू गर्नु पर्नेछ ।

(६) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ग्राहकको उपकरण वा नेटवर्कमा उत्पन्न खराबीको कारणले कारोबार सदस्यले ग्राहकलाई उपलब्ध गराएको सेवामा कुनै समस्या आएमा कारोबार सदस्य जिम्मेवार हुने छैन ।

**२१ञ. कारोबार सदस्यले गर्न नहुने:** कारोबार सदस्यले देहायका कार्य गर्न वा गराउन पाउने छैनः-

(क) आफ्नो ग्राहकको विवरण तथा जानकारी अन्य ग्राहक वा व्यवसायीलाई दिन,

(ख) कारोबार व्यवस्थापन प्रणालीको स्क्रिनसट सामाजिक सञ्जाल लगायतका माध्यमबाट सार्वजनिक गर्न,

(ग) कारोबार व्यवस्थापन प्रणालीको स्क्रिन तथा अन्य विवरण नक्कल गर्नका लागि पेनड्राइभ प्रविष्ट तथा प्रयोग गर्न,

(घ) अनाधिकृत व्यक्तिलाई कारोबार व्यवस्थापन प्रणालीमा पहुँच दिन,

(ङ) नेप्सेसँगको आबद्धता सम्बन्धी विवरण सार्वजनिक गर्न वा दुरुपयोग गर्न ।

**२१ट. सूचना प्रविधि प्रणालीको सम्परीक्षण गराउनु पर्ने:** कारोबार सदस्यले आफूले प्रयोगमा ल्याएको सूचना प्रविधि सम्बन्धी प्रणाली नेप्सेले निर्धारण गरेको मापदण्ड बमोजिम भए वा नभएको सम्बन्धमा कम्तीमा दुई वर्षमा सम्परीक्षण गराई सोको प्रतिवेदन नेप्से तथा बोर्डमा पेश गर्नु पर्नेछ ।

**२१ठ. पूर्व जानकारी दिनु पर्ने:** (१) नेप्सेले आफ्नो कारोबार व्यवस्थापन प्रणालीमा कुनै परिमार्जन गर्नु परेमा एक महिना अगावै सोको जानकारी सम्बन्धित कारोबार सदस्यलाई दिनु पर्नेछ ।

(२) कारोबार सदस्यले आफ्नो कारोबार व्यवस्थापन प्रणालीमा कुनै परिमार्जन गर्नु परेमा एक महिना अगावै सोको जानकारी नेप्सेलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि नेप्सेले कारोबार सदस्यलाई त्यस्तो परिमार्जन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) नेप्सेले उपविनियम (१) वा (२) बमोजिम कारोबार व्यवस्थापन प्रणालीमा भएको परिमार्जन सम्बन्धी जानकारी पन्ध्र दिनभित्र बोर्डलाई दिनु पर्नेछ ।

**२१ड. कारोबार व्यवस्थापन प्रणाली सञ्चालन निरन्तरता:** (१) कारोबार सदस्यले स्ट्याण्डर्ड अपरेटिङ्ग प्रोसेडुअर (एसओपी) मा उल्लेख भए बमोजिम आफूले सञ्चालन गरेको कारोबार व्यवस्थापन प्रणालीको निरन्तरताको सुनिश्चितता गर्नु पर्नेछ ।

(२) कारोबार व्यवस्थापन प्रणालीको निरन्तरतामा कुनै समस्या आएमा कारोबार सदस्यले स्वतः कारोबार हुने गरी ब्याकअप तथा तथ्याङ्क व्यवस्थापन (डाटा म्यानेजमेन्ट) हुने व्यवस्था मिलाउनु पर्नेछ ।

**२१ढ. मापदण्ड कायम गर्नु पर्ने:** यो विनियमावली प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको कारोबार व्यवस्थापन प्रणालीलाई यो विनियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र विनियम २१क. मा उल्लेख भए बमोजिमको मापदण्ड, सुविधा तथा विशेषता अनुसार सञ्चालनमा ल्याउनु पर्नेछ ।

## परिच्छेद-३
## निलम्बन सम्बन्धी व्यवस्था

**२२. कारोवार सदस्यलाई निलम्बन गर्न सक्ने:** (१) नेप्सेले देहायको अवस्थामा कारोवार सदस्यले कारोबार गर्न नपाउने गरी निलम्बन गर्न सक्नेछ :-

(क) अनुमतिपत्र वा सदस्यता नवीकरण नगरेमा,

(ख) कारोवार सदस्यको कारोवार निलम्बन भएमा,

(ग) धितोपत्रको कारोवार सम्बन्धी आवश्यक कागजात नबुझाएमा,

(घ) धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेप्सेलाई दिनुपर्ने सूचना तथा जानकारी नदिएमा,

(ङ) धितोपत्रको मूल्यमा अस्वाभाविक उतार चढाव ल्याउने प्रयास गरेमा,

(च) कारोवार गर्न राख्नुपर्ने धरौटी रकम अपर्याप्त भएमा

(छ) समयमा नै कारोवारको राफसाफ तथा फछ्र्योट नगरेमा,

(ज) नेप्सेले स्वीकृति दिएका बाहेक अन्य सफ्टवेयर र टर्मिनल प्रयोग गरेमा,

(झ) नेप्सेले दिएको आदेश तथा निर्देशनको पालना नगरेमा,

(ञ) अन्य कुनै कारणबाट निलम्बन गर्नुपर्ने देखिएमा ।

(२) उपविनियम (१) को खण्ड (ग), (घ), (ङ), (झ) र (ञ) बमोजिम कारोबार निलम्बन गनु अघि सम्बन्धित कारोबार सदस्यलाई सफाई पेश गर्ने मुनासिव माफिकको समय दिनु पर्नेछ ।

(३) यस विनियमावली बमोजिम कारोबार सदस्यलाई निलम्बन गरिएमा सो को जानकारी सम्बन्धित सदस्य तथा बोर्डलाई दिई नेप्सेको वेव साइटमा समेत राख्नु पर्नेछ ।

२३. **धितोपत्रको कारोवार निलम्बन गर्न सक्ने :** (१) कुनै सूचीकृत संगठित संस्थाको धितोपत्रको बजार मूल्यमा अस्वाभाविक उतार-चढाव हुन सक्ने गरी काम कारवाही भएको देखिएमा नेप्सेले त्यस्तो संस्थाको धितोपत्रको कारोबारलाई बढीमा पन्ध्र दिन सम्मका लागि निलम्बन गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम धितोपत्रको कारोबार निलम्बन गरिएमा धितोपत्रको बजार मूल्यमा अस्वाभाविक उतार-चढाव सम्बन्धमा नेप्सेले आवश्यक छानबीन गरी प्रतिवेदन सहित बोर्ड समक्ष पेश गर्नेछ ।

## परिच्छेद- ४

## कारोवार सुपरीवेक्षण सम्बन्धी व्यवस्था

२४. **कारोवार सदस्यले गर्न नहुने काम :** (१) कारोबार सदस्यले धितोपत्र कारोवार गर्दा देहायका काम गर्न वा गराउन हुँदैन:

(क) खरिद वा बिक्री आदेश प्राप्त नगरी कारोवार गर्ने वा गराउने,

(ख) धितोपत्रको कारोवार गर्दा बजार सन्तुलनमा विकृति आउने काम गर्ने वा अनुचित प्रभाव पार्ने वा व्यक्तिगत फाइदाको निमित्त झुट्ठो हल्ला वा भ्रम फैलाउने,

(ग) ग्राहकको हित प्रतिकूल हुने काम कारबाही गर्ने,

(घ) कारोवारको सिलसिलामा लगानीकर्तासंग सम्बन्धित गोप्य कुरा वा सूचना वा विवरण प्रकाशन गर्ने वा दुरुपयोग गर्ने,

(ङ) दलाली दस्तुर वा कमिशन बढाउने उद्देश्यले लगानीकर्तालाई धितोपत्र खरिद वा बिक्री गर्न उक्साउने वा वाध्य पार्ने,

(च) दलाली दस्तुर वा कमिशन बढाउने उद्देश्यले झुट्ठो वा भ्रामक आश्वासन दिने वा लगानीकर्तालाई झुट्ठो वा भ्रामक सल्लाह वा सूचना दिने,

(छ) धितोपत्र बजारलाई प्रतिकूल प्रभाव पार्ने गरी विज्ञापन गर्ने,

(ज) कारोबारका लागि ग्राहकलाई अनुचित प्रभावमा पार्ने,

(झ) नेप्सेलाई झुट्ठा वा भ्रामक सूचना वा विवरण दिने,

(ञ) ग्राहकको मञ्जुरी विना लगानी सम्बन्धी वा निजको कुनै विवरण वा जानकारी अनधिकृत व्यक्तिलाई दिने वा गोप्यता भंग गर्ने,

(ट) ग्राहकबाट प्राप्त रकम सोही ग्राहकको कारोवारका लागि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्ने,

(ठ) बजार सञ्चालनमा बाधा अवरोध गर्ने कार्य गर्ने,

(ड) कारोबार प्रणालीसँग आबद्ध कम्प्यूटरलाई कारोबारसंग सम्बन्धित कार्य बाहेक अन्यमा प्रयोग गर्ने, वा असम्बन्धित व्यक्तिलाई प्रयोग गर्न दिने,

(ढ) कारोबार प्रणालीमा असर वा क्षति पुग्ने गरी कुनै पनि प्रकारका विद्युतीय उपकरण वा प्रविधि प्रयोग गर्ने वा गराउने,

(ण) राफसाफ कोषको दुरुपयोग गर्ने वा गराउने,

(त) नक्कली प्रमाणपत्र, नक्कली हस्ताक्षर, नक्कली छाप प्रयोग गर्ने वा ठग्ने झुक्याउने लगायतका नियत राखी धितोपत्रको कारोवार गर्ने/गराउने ।

**२५. __सुपरीवेक्षण सम्बन्धी व्यवस्था :__** (१) कारोबार सदस्यको कारोबारको सुपरीवेक्षणका लागि नेप्सेले आवश्यक विद्युतीय सुपरीवेक्षण प्रणाली (सर्भेलेन्स सिस्टम) स्थापना गर्नेछ ।

(२) नेप्सेले कारोवार सदस्यको धितोपत्र कारोवार सम्बन्धमा स्थलगत तथा गैरस्थलगत सुपरिवेक्षण गर्नेछ ।

(३) उपविनियम (२) बमोजिम सुपरीवेक्षण गर्दा कारोवार सदस्यले धितोपत्रको कारोवारमा अनियमितता गरेमा वा विनियम २४ ले निषेध गरेको कार्य गरे गराएमा त्यस्तो कारोबार सदस्यलाई नेप्सेले तत्काल निलम्बन गर्न सक्नेछ ।

(४) उपविनियम (३) बमोजिम नेप्सेले कारोबार सदस्यको निलम्बन गरेमा सो को जानकारी तत्काल बोर्डलाई दिई आफ्नो वेव साइटमा समेत राख्नु पर्नेछ ।

## परिच्छेद-५

## राफसाफ कोष संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**२६ __कोषमा जम्मा हुने रकम :__** (१) धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को **नियम २७** मा उल्लिखित रकमको अतिरिक्त कोषमा देहाय बामोजिमको रकम जम्मा हुनेछ,

(क) कोषमा जम्मा भएको रकममा आर्जित व्याज,

(ख) कोषले कारोबार सदस्यलाई उपलब्ध गराएको रकममा प्राप्त व्याज वा नाफा रकम,

(ग) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपविनियम एक बमोजिम प्राप्त रकम आवश्यक भएको समयमा तत्काल उपलब्ध हुने गरी “क” बर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

**२७. __कोषको सञ्चालन :__** (१) धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को **नियम २७** बमोजिमको कोष संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक समिति रहनेछ:

(क) नेप्सेका प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको बरिष्ठ अधिकृत -संयोजक

(ख) सिडिएससीका प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको बरिष्ठ अधिकृत - सदस्य

(ग) धितोपत्र दलाल व्यवसायीको प्रतिनिधि - सदस्य

(घ) सिडिएससीको राफसाफ हेर्ने बरिष्ठ अधिकृत - सदस्य

(ङ) नेप्सेका प्रमुख कार्यकारी अधिकृतले तोकेको अधिकृत - सदस्य सचिव

(२) राफसाफ कोषको सचिवालय नेप्सेको कार्यालयमा रहनेछ ।

**२८. संचालन समितिको बैठक र निर्णय :** (१) कोष संचालन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएका विषयवस्तु तथा बैठकमा भएका निर्णयहरु एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको दस्तखत गराई राख्नु पर्नेछ ।

(५) समितिले गरेका निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२९. लेखा र लेखापरीक्षण :** (१) कोषको लेखा नियमनकारी निकायबाट तोकिएको प्रचलित लेखा सम्बन्धी व्यवस्था बमोजिम  राखिनेछ ।

(२) कोषको आय व्ययको वार्षिक लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकहरु मध्येबाट संचालन समितिले नियुक्त गरेको लेखापरीक्षकबाट हुनेछ ।

(३) बोर्डले चाहेमा जुनसुकै बखत कोषको वार्षिक हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

**३०. कोषले रकम उपलब्ध गराउने :** (१) कुनै ग्राहकले खरिद गरेको धितोपत्रको रकम राफसाफ गर्नुपर्ने अवधि भित्र नबुझाएमा त्यस्तो अवधि पछि उक्त कारोबारको राफसाफका लागि सम्बन्धित कारोबार सदस्यले **अनुसूची-३** बमोजिमको ढाँचामा निवेदन दिई कोषबाट सापटीको रुपमा रकम प्राप्त गरी राफसाफ गर्न सक्नेछ । यसरी राफसाफ गरिएमा कोषले **अनुसूची-४** बमोजिम कारोबार सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

(२) सिडिएससीबाट राफसाफ सदस्यता लिएका कारोबार सदस्यले मात्र उपविनियम (१) बमोजिम कोषबाट रकम प्राप्त गर्न सक्नेछ ।

(३) कारोवार सदस्यले कारोवार रकमको अधिकतम पचहत्तर प्रतिशतसम्म कोषबाट रकम प्राप्त गर्न सक्नेछ ।

(४) उपविनियम (१) बमोजिम कोषबाट प्राप्त रकम सात दिन भित्र बार्षिक दश प्रतिशतको दरले ब्याज सहित कारोबार सदस्यले फिर्ता गर्नु पर्नेछ ।

**३१. कोषबाट रकम लिने दिने प्रकृया** : (१) कोषबाट रकम प्राप्त गर्नका लागि कोष र कारोबार सदस्यबीच सो सम्बन्धी सम्झौता भएको हुनु पर्नेछ ।

(२) कोषवाट रकम प्राप्त गरी कारोवार राफसाफ गर्नुपर्ने भएमा सो सम्बन्धी जानकारी सिडिएससीलाई लिखित रुपमा दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम जानकारी प्राप्त भएमा सिडिएससीले त्यस्तो कारोबार सदस्यलाई क्लोज आउट गर्ने छैन ।

(४) कारोबार सदस्यले कोषबाट प्राप्त रकम ग्राहकको लागि खरिद गरेको सम्बन्धित धितोपत्रको बिक्री गरी फिर्ता भुक्तानी गर्न सक्नेछ ।

(५) उपविनियम (४) बमोजिम धितोपत्रको बिक्री गर्दा सम्बन्धित धितोपत्र राफसाफका लागि लिइएको रकम भन्दा बढी प्राप्त भएमा त्यस्तो बढी रकम समेत कोषमा दाखिला गर्नु पर्नेछ। तर त्यस्तो धितोपत्रको बिक्री गर्दा रकम भन्दा कम प्राप्त भई नोक्सान भएको अवस्थामा पनि कारोबार सदस्यले कोषसंग थप रकम दाबी गर्न सक्ने छैन ।

**३२. कोषको दुरुपयोग गर्न नहुने :** (१) कारोबार सदस्यले देहायका कुनै कार्य गरे गराएमा कोषको दुरुपयोग गरेको मानिनेछ :

(क) कोषको नाममा धितोपत्र नामसारी गरिदिने

(ख) ग्राहकलाई लाभ पुऱ्याउन कोषबाट सापटी लिने,

(ग) ग्राहकसँग लिएको रकम अन्य कारोवारमा प्रयोग गरी राफसाफका लागि कोषबाट रकम लिने।

(२) कारोबार सदस्यले उपविनियम (१) बमोजिम कोषको दुरुपयोग गरेको पुष्टि भएमा त्यस्तो कारोबार सदस्यबाट सापटी रकममा लाग्ने ब्याजका अतिरिक्त थप दश प्रतिशतले हुने रकम हर्जाना स्वरुप असुल उपर गरिनेछ ।

(३) कारोबार सदस्यले उपविनियम (१) बमोजिम पटक पटक कोषको दुरुपयोग गरेमा नेप्सेले त्यस्तो कारोबार सदस्यको सदस्यता बढीमा एक महिनाका लागि निलम्बन गर्न सक्नेछ।

**३३. कोष संचालन कार्यविधि बनाउन सक्ने :** कोषको व्यवस्थित र प्रभावकारी संचालनका लागि थप व्यवस्था गर्न आवश्यक भएमा कोष संचालन समितिले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद-६
## अक्सन कारोबार सञ्चालन सम्बन्धी व्यवस्था

**३४. अक्सन कारोबार सञ्चालन गर्न सक्ने :** (१) नेप्सेले कारोबार सदस्यको उपस्थितिमा बोलकबोल माध्यम वा कारोबार प्रणाली मार्फत अक्सन कारोबार सञ्चालन गर्न सक्नेछ ।

(२) अदालत वा नेपाल सरकार वा नियामक निकाय वा प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकार प्राप्त निकायको आदेश वा कारोबार र राफसाफ प्रणालीमा हुनसक्ने प्राविधिक त्रुटि वा त्यस्तै अन्य कारणले धितोपत्र बिक्रीकर्ताको मौज्दातमा धितोपत्र उपलब्ध हुन नसकेमा नेप्सेले संचालन गर्ने अक्सन कारोबार मार्फत धितोपत्र खरिद गरी राफसाफ गर्न सक्नेछ ।

**३५. अक्सन कारोबार सञ्चालन सम्बन्धी :** (१) नेप्सेले कार्यालय खुलेको दिन आइतबारदेखि बिहीबारसम्म ३:३० बजेदेखि ४:०० बजेसम्म र शुक्रबार ११ बजेदेखि १२ बजेसम्म अक्सन कारोबार सञ्चालन गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिमको अक्सन कारोबारको समय नेप्सेले हेरफेर गर्न सक्नेछ ।

(३) नियमित राफसाफ समय भित्र बिक्रीकर्ताले आवश्यक संख्यामा धितोपत्र उपलब्ध गराउन नसकेमा सिडिएसले सो सम्बन्धी जानकारी नेप्से र कारोबार सम्बद्ध कारोबार सदस्यलाई तत्काल उपलब्ध गराउनुपर्नेछ ।

(४) उपविनियम (३) बमोजिमको जानकारीको आधारमा नियमित राफसाफ समय समाप्त भए पश्चातको कार्यालय खुलेको दिन अक्सन कारोबार सञ्चालन हुनेछ ।

(५) अक्सन कारोबारमा सम्पन्न भएका कारोवारको राफसाफ त्यस्तो कारोवार भएको भोलिपल्ट गर्नु पर्नेछ ।

(६) अक्सन कारोबारमा धितोपत्र खरिद गर्दा आवश्यक धितोपत्र उपलब्ध नभएमा उपलब्ध भए जतिको धितोपत्रलाई राफसाफ गर्नु पर्नेछ र बाँकी रहन गएको धितोपत्रको सम्बन्धमा राफसाफ विनियमावली बमोजिम हुनेछ ।

(७) धितोपत्रको शुरु कारोवार हुँदा कायम भएको मूल्य भन्दा कम मूल्यमा अक्सन कारोबारमा धितोपत्र उपलब्ध भएमा त्यसरी फरक हुन आउने रकम कारोबार सदस्यले कारोवार राफसाफ कोषमा जम्मा गर्नु पर्नेछ ।

तर धितोपत्रको शुरु कारोवार हुँदा कायम भएको मूल्य भन्दा बढी मूल्यमा अक्सन कारोबारमा धितोपत्र उपलब्ध भएमा त्यसरी फरक हुन आउने रकम कारोबार सदस्यले सम्बन्धित ग्राहकबाट असूल उपर गरी लिनेछ ।

(८) अक्सन कारोबारमा मूल्य परिवर्तन सीमा अन्तिम कारोबार दिन नियमित कारोबारको अन्तिम मूल्यको अधिकतम दश प्रतिशतसम्म घटी वा बढी हुनेछ ।

**३६. कारोवार गर्नुपर्ने धितोपत्र संख्या :** (१) अक्सन कारोबारबाट धितोपत्र खरिद गर्नु पर्दा राफसाफका लागि आवश्यक धितोपत्र संख्या एकमुष्ठ वा पटक-पटक उपलब्ध भएसम्म खरिद गर्नु पर्नेछ ।

**३७. सेयर कारोवारको हिसाब मिलान :** (१) अक्सन मार्केटवाट सेयरको खरिद विक्री कार्य सम्पन्न भएपछि आवश्यक हिसाब मिलान गर्नु पर्नेछ ।

(२) उपविनियम (१) अनुसार खरिद गरेको सेयर लिनु नपर्ने भएमा वा लिन अस्वीकार गरेमा त्यस्तो सेयर बिक्री गरी आएको रकम राफसाफ प्रत्याभूति कोषमा राख्न लगाउनु पर्नेछ ।

**३८. गणनामा समावेश नगरिने :** अक्सन कारोबारमा कायम भएको मूल्यलाई अन्तिम मूल्य तथा बजार परिसूचक गणनामा समावेश हुने छैन ।

## परिच्छेद-७
## विविध

**३९. कार्यविधि बनाई लागू गर्ने :** (१) यस विनियमावलीको प्रभावकारी कार्यान्वयनका लागि नेप्सेले देहायका बिषयमा कार्यविधी बनाई लागू गर्न सक्नेछः

(क) कारोबार सदस्यले गर्ने कारोबार आधारमा जोखिम वर्गिकरण सम्बन्धमा,

(ख) कारोबारको सुपरिवेक्षण सम्बन्धमा,

(ग) कारोबार प्रणालीको संचालन सम्बन्धमा,

(घ) धितोपत्र व्यापारीको कारोबार सम्बन्धमा,

(२) उपविनियम (१) बमोजिम बनाएको कार्यविधी सम्बन्धमा बोर्डलाई जानकारी दिनुपर्नेछ।

[८]**३९क. कारोबार भए पश्चातको तथ्याङ्कको व्यवस्थापन:** (१) धितोपत्रको कारोबार भए पश्चात उपलब्ध हुने तथ्याङ्क तथा जानकारी दिने सम्बन्धी कार्यलाई व्यवस्थित गर्न नेप्सेले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

---

८ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा थप

(२) उपविनियम (१) बमोजिम नेप्सेले बनाउने कार्यविधिमा धितोपत्रको कारोबार भए पश्चातको तथ्याङ्क तथा जानकारी उपलब्ध गराए बापत कुनै शुल्क लिने व्यवस्था भएमा त्यस्तो शुल्क बोर्डबाट स्वीकृत भएपछि मात्र लिन सकिनेछ ।

**४०. कारोबार प्रणाली सुचारु हुनपर्ने सम्बन्धी** : (१) नेप्सेले कारोबार सञ्चालनको लागि स्थापना गरेको कारोबार प्रणालीमा कुनै अवरोध नआउने वा आए तापनि कारोबार सुचारु (बिजिनेश कन्टीन्यूटी) हुने गरी स्वचालीत विद्युतीय कारोबार प्रणालीको व्यवस्था गर्नु पर्नेछ ।

(२) नेप्सेले लगानीकर्ता तथा कारोबारसँग सम्बन्धित सबै प्रकारका सूचना तथा तथ्याङ्कको दुरुपयोग तथा अनधिकृत पहुँच नहुने गरी आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(३) नेप्सेले स्थापना गर्ने स्वचालीत विद्युतीय कारोबार प्रणालीको सुरक्षण व्यवस्था अन्तर र्राष्ट्रिय मापदण्ड अनुरुपको हुनु पर्नेछ ।

(४) नेप्सेले आफ्नो स्वचालीत विद्युतीय कारोबार प्रणालीको डिजाष्टर्ड रीकभरी सिष्टमको व्यवस्था गर्नु पर्नेछ ।

**४१. विवाद समाधान :** (१) धितोपत्रको कारोवार वा कारोबारसँग सम्बन्धित बिषयमा सम्बन्धित पक्षबीच विवाद उत्पन्न भएमा पक्षले आपसी सहमतिमा विवादको समाधान गर्न सक्नेछन् ।

(२) उपविनियम (१) बमोजिम विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद समाधानका लागि एक मध्यस्थता समिति रहनेछ ।

(३) मध्यस्थता समितिमा प्रत्येक पक्षले एक एकजना मध्यस्थ नियुक्त गर्नेछन् र त्यसरी नियुक्त भएका मध्यस्थहरुद्वारा नियुक्त तेस्रो मध्यस्थले मुख्य मध्यस्थ भई काम गर्नेछ ।

(४) पक्षले नियुक्त गरेको मध्यस्थहरुबाट तेस्रो मध्यस्थ नियुक्त हुन नसकेमा नेप्सेले तेस्रो मध्यस्थ नियुक्त गर्नेछ ।

(५) मध्यस्थहरु मध्ये बहुसंख्यकको राय नै मध्यस्थ समितिको निर्णय मानिनेछ ।

**४२. निर्देशन दिन सक्ने :** (१) यस विनियमावली बमोजिमको कामकारवाहीका सम्बन्धमा नेप्सेले सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**४३. अनुसूचीमा हेरफेर गर्न सक्ने** : यस विनियमावलीमा रहेका अनुसूचीहरूमा नेप्से सञ्चालक समितिले आवश्यक देखेमा हेरफेर गर्न सकिनेछ ।

**४४. वाधा अड्चन फुकाउने** : यस विनियमावली कार्यान्वयनको क्रममा कुनै द्विविधा वा अड्चन आएमा नेप्से संचालक समितिले उक्त वाधा अड्चन फुकाउन सक्नेछ ।

**४५. खारेजी र बचाउ** : (१) धितोपत्र बजारको सदस्यता तथा कारोवार विनियमावली, २०५५ को धितोपत्र कारोबार सञ्चालन सम्बन्धी व्यवस्था खारेज गरिएको छ ।

(२) उपविनियम (१) बमोजिम खारेज भएको धितोपत्र बजारको सदस्यता तथा कारोवार विनियमावली, २०५५ अर्न्तगतको व्यवस्था बमोजिम भए गरेका काम कारबाहीहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

[९]विनियम ७ को उपविनियम (१) संग सम्बन्धित

**खरिद वा बिक्री आदेशमा समावेश हुनुपर्ने विवरण**

१. आदेश दिने ग्राहकको परिचय नम्बर तथा नाम ठेगाना,
२. धितोपत्र खरिद वा बिक्री गर्न चाहेको संगठित संस्था, धितोपत्रको किसिम, परिमाण, मूल्य र समय,
३. धितोपत्र खरिद वा बिक्री के का लागि आदेश दिइएको हो सो व्यहोरा,
४. आदेश बहाल रहने अवधि,
५. कारोबारका लागि कुनै शर्त भए सो शर्त,
६. आदेश दिने ग्राहकको हस्ताक्षर वा पहिचान हुने व्यवस्था
७. अभौतिक धितोपत्र सम्बन्धी हितग्राही खाता नम्बर,
८. अन्य आवश्यक कुरा ।

## अनुसूची-२

[१०]विनियम १९ को उपविनियम (२) संग सम्बन्धित

**खरिद तथा बिक्री कारोवार विवरणको सूचना**

कारोबार सदस्यको नाम :
ठेगानाः
फोन नं. :
फ्याक्स नं. :
विल नं.
लगानीकर्ताको नाम :

तहांको मिति .........................................................को आदेशानुसार यस कम्पनीले तल उल्लेखित विवरण अनुसारका धितोपत्र कारोवार सम्पन्न गरिएको छ ।

**कारोवार नम्बर । सेयरसंख्या । कम्पनीको नाम । सेयर मूल्य । आधार मूल्य । रकम । कमिसन दर । कमिसन रकम । पुँजीगत लाभ कर ।**

............... ............... .................. .............. ................ ........... ............ ................. .....................

सेयरको मूल्य :
बोर्ड दस्तुर :
सदस्य कमिसन :
नामसारी दस्तुर :
पुँजीगत लाभकर :
जम्मा प्राप्त हुने रकम :
जम्मा तिर्नु पर्ने रकम :
कम्पनीको नामः
सदस्य नम्बर :
दस्तखत :
मितिः
छाप :

---

९ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा संशोधीत

१० धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा संशोधीत

## [११]अनुसूची-२क

(विनियम २१ग. को उपविनियम (१) र (२) सँग सम्बन्धित)

**कारोबार व्यवस्थापन प्रणाली स्थापनाको लागि दिने निवेदनको ढाँचा**

**मितिः ....................**

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यू,
नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शाान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

विषय : कारोबार व्यवस्थापन प्रणाली स्थापना गर्ने बारे ।

उपरोक्त सम्बन्धमा यस संस्था वा कम्पनी (कारोबार सदस्य नं. ......) ले नेप्सेले प्रयोग गरिआएको कारोबार व्यवस्थापन प्रणाली/आफ्नै पहलमा कारोबार व्यवस्थापन प्रणालीको व्यवस्था गरी सो मार्फत कारोबार गर्नको लागि कम्पनीको सञ्चालक समितिले मिति .................. मा निर्णय गरेकोले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम २१ग.को उपविनियम (१)/ उपविनियम (२) बमोजिम आवश्यक कागजात, विवरण तथा विनियम २१च. को उपविनियम (१) बमोजिमको निवेदन दस्तुर सहित यो निवेदन पेश गरेको छु ।

| | |
|---|---|
| १. कारोबार व्यवस्थापन प्रणाली निर्माता संस्थाको नाम र ठेगाना :.......<br>२. विदेशी कारोबार व्यवस्थापन प्रणाली प्रयोग गर्ने भएमा,-<br>(क) त्यस्तो कारोबार व्यवस्थापन प्रणाली विकासकर्ता कम्पनीको नाम र मुलुकः .............<br>(ख) आपूर्तिकर्ता स्थानीय प्रतिनिधि (एजेन्ट) को नाम र ठेगाना :.........................<br>३. संलग्न कागजात तथा विवरणः<br>(१)<br>(२)<br>(३)<br>कार्यालयको छापः | कम्पनीको कार्यकारी प्रमुखको हस्ताक्षरः..........<br>कार्यकारी प्रमुखको नामः :..........................<br>निवेदक कम्पनी वा संस्थाको नाम :..............<br>ठेगानाः............................<br>फोनः..............<br>फ्याक्स नं. ...........................<br>ईमेल :...............................................<br>मितिः .......................<br>कार्यालयको छापः |

११ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा थप

## [१२]अनुसूची-२ख
(विनियम २१घ. को उपविनियम (२) सँग सम्बन्धित)
**कारोबार व्यवस्थापन प्रणाली सम्बन्धी सम्झौताको ढाँचा**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (यसपछि "प्रथम पक्ष" भनिएको) र .................. (कारोबार सदस्य) ...................................... (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच कारोबार व्यवस्थापन प्रणाली (ट्रेड म्यानेजमेन्ट सिस्टम) (संक्षेपमा "टिएमएस" भनिएको) मार्फत धितोपत्रको कारोबार गर्दा गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिमका शर्तहरु पालना गर्न दुवै पक्ष सहमत भई यो सम्झौता गरिएको छ ।

शर्तहरुः

१. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को परिच्छेद २क. बमोजिम टिएमएस सञ्चालन गर्दा गोपनीयता कायम गर्न दोस्रो पक्ष मञ्जुर गर्दछ ।

२. प्रथम पक्षबाट सहमति लिई प्रयोगमा ल्याएको टिएमएसको सट्टामा अर्को टिएमएस प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रत्येक पटक पहिलो पक्षको सहमति लिनु पर्नेछ । त्यसरी टिएमएस परिवर्तन गर्दा प्रथम पक्षको स्वामित्वमा रहेको टिएमएस प्रथम पक्षले जुनसुकै बखत आफ्नो नियन्त्रणमा लिन वा रद्द (डिसेबल) गर्न सक्नेछ ।

३. दोस्रो पक्षले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम २१ञ. विपरित कार्य गरेमा प्रथम पक्षले आफ्नो कारोबार व्यवस्थापन प्रणाली बन्द गर्न सक्नेछ ।

४. टिएमएस प्रयोगमा ल्याएपछि आवश्यक उपकरण लगायतको व्यवस्था गर्न दोस्रो पक्ष मञ्जुर गर्दछ ।

५. टिएमएसको सञ्चालन गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्न दोस्रो पक्ष मञ्जुर गर्दछ ।

६. टिएमएसमा व्यवस्था गरिएको सुविधामा थप गर्नु परेमा नेप्सेलाई जानकारी गराएर थप गर्न दोस्रो पक्ष मञ्जुर गर्दछ ।

७. टिएमएस प्रयोगमा ल्याउन दोस्रो पक्षलाई आवश्यक एपीआई उपलब्ध गराउन प्रथम पक्ष मञ्जुर गर्दछ ।

८. टिएमएसको गलत प्रयोग वा दुरुपयोग गरेमा कानून बमोजिम दण्ड सजाय व्यहोर्न दोस्रो पक्ष मञ्जुर गर्दछ ।

९. नेप्सेको धितोपत्र कारोबार प्रणाली (म्याचिङ्ग इञ्जिन) सँग टिएमएस जडान गर्न वा गराउन प्रथम पक्ष मञ्जुर गर्दछ ।

१०. नेप्सेले म्याचिङ्ग इञ्जिन जडान गर्न उपलब्ध गराएको प्रयोगकर्ताको नाम (युजर आइडी) तथा पासवर्ड दोस्रो पक्षले अन्य कसैलाई दिने छैन ।

११. प्रथम पक्षले प्रणाली परीक्षणको लागि उपलब्ध गराएको टेस्टिङ इन्भाइरोमेन्टको जानकारी दोस्रो पक्षले प्रकाशन गर्ने छैन ।

१२. प्रथम पक्षले तोकेको उपकरण बाहेक अन्य ठाउँबाट म्याचिङ्ग इञ्जिनसँग जडान नगर्न दोस्रो पक्ष मञ्जुर गर्दछ ।

१३. नेप्सेले प्रयोग गरिरहेको प्राविधिक प्रणालीबारे अन्यलाई जानकारी दिने तथा इन्टरनेट वा सामाजिक सञ्जाल मार्फत सार्वजनिक नगर्न दोस्रो पक्ष मञ्जुर गर्दछ ।

१४. नेप्सेले प्रयोग गरेको प्रणाली सम्बन्धी कुनै त्रुटि थाहा पाएमा बोर्ड तथा नेप्से बाहेक अन्यलाई जानकारी नदिन दोस्रो पक्ष मञ्जुर गर्दछ ।

---

१२ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा थप

१५. नेप्सेको प्रणाली सम्बन्धी गोप्य सूचना प्राप्त गर्न कुनै पनि एप्लिकेसन मार्फत हस्तक्षेप गर्ने वा भाइरस फैलाउने कार्य नगर्न दोस्रो पक्ष मञ्जुर गर्दछ। कसैले त्यस्तो गरेको जानकारी प्राप्त भएमा तुरुन्त नेप्सेलाई खबर गर्न दोस्रो पक्ष मञ्जुर गर्दछ।

१६. यस सम्झौताका बुँदाहरुमा आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा थपघट गर्न सकिनेछ।

**प्रथम पक्ष**
नेपाल स्टक एक्सचेञ्ज लि.
(प्रमुख कार्यकारी अधिकृत)
दस्तखत :
नाम :
ठेगाना :
मिति :
कार्यालयको छाप :

**दोस्रो पक्ष**
कारोबार सदस्य (धितोपत्र व्यवसायी)
(कार्यकारी प्रमुख)
दस्तखत :
नाम :
ठेगाना :
मिति :
कार्यालयको छाप :

नोटः कारोबार सदस्यले टिएमएस विकासकर्ता, आपूर्तिकर्ता कम्पनी, स्थानीय प्रतिनिधि (एजेन्ट) वा टिएमएस सञ्चालन गर्ने कर्मचारीसँग यसै ढाँचा अनुसार आवश्यक हेरफेर गरी सम्झौता गर्न सकिनेछ।

## [१३]अनुसूची-२ग
(विनियम २१च. सँग सम्बन्धित)
**निवेदन दस्तुर, जडान शुल्क तथा प्राविधिक सेवा शुल्क**

| क्र.सं. | शीर्षक | दस्तुर तथा शुल्क रकम |
|---|---|---|
| १. | निवेदन दस्तुर | रू. १०,०००।- |
| २. | नेप्सेको कारोबार प्रणालीमा आबद्धता बापतको जडान शुल्कः<br>(क) नेप्सेको कारोबार व्यवस्थापन प्रणालीको लागि-<br>(ख) कारोबार सदस्यले व्यवस्था गरेको कारोबार व्यवस्थापन प्रणालीको लागि- | <br>रू. ५०,०००।-<br>रू.१,००,०००।- |
| ३. | प्राविधिक सेवा शुल्क (प्रत्येक महिना)<br>(क) नेप्सेको कारोबार व्यवस्थापन प्रणालीको लागि-<br>(ख) कारोबार सदस्यले व्यवस्था गरेको कारोबार व्यवस्थापन प्रणालीको लागि- | <br>रु. २५,०००।-<br>रु. १०,०००।- |

(४) अनुसूची-३ मा रहेका "विनियम १९ को उपविनियम (२) सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "विनियम ३० को उपविनियम (१) सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन्।

१३ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा थप

## अनुसूची - ३

[१४]विनियम ३० को उपविनियम (१) संग सम्बन्धित

**कारोवार राफसाफ कोषबाट रकम उपलब्ध गरिदिने निवेदनको ढाँचा**

मितिः....................

श्री संचालन समिति,

राफसाफ कोष,

काठमाडौं ।

विषयः कारोवार राफसाफ कोषबाट रकम उपलब्ध गरिदिने बारे ।

महाशय,

मैले तपशिलमा उल्लेखित कम्पनीहरुको सेयर कारोवार गरेकोमा खरिदकर्ता श्री................ले समयमा दायित्व पूरा नगरेको हुँदा कारोवार राफसाफका लागि नपुग हुन आएको रकम रु ......................... मध्ये राफसाफ कोषबाट रु .................................. प्रदान गरी राफसाफ गरिदिन हुन अनुरोध गर्दछु । साथै उक्त रकमको व्याज रकम सहित सम्पूर्ण रकम सात दिन भित्र फिर्ता गर्ने प्रतिवद्धता समेत जाहेर गर्दछु । यदि उल्लेखित दिन भित्र रकम फिर्ता नगरेमा यसै निवेदनको आधारमा मैले ........... बैंक मार्फत नेप्सेमा दाखिला गरेको बैंक ग्यारेण्टीबाट असुल उपर गरेमा मञ्जुर गर्दछु । अन्य व्यवस्थाहरु प्रचलित कानून बमोजिम भएमा मेरो मन्जुरी छ ।

तपशिल

| क्र.सं. | कम्पनीको नाम | कारोवार नं. | खरिद संख्या | प्रति सेयर खरिद रकम | कुल रकम | अग्रिम प्राप्त रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

भवदीय,

.....................................

राफसाफ सदस्य :.....................

सदस्य नं. ............................

बोधार्थ

श्री सिडिएस एण्ड क्लियरिङ लि. ।

१४ धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावली, २०७९ द्वारा संशोधीत

## अनुसूची-४

विनियम ३० को उपविनियम (१) संग सम्बन्धित

**राफसाफ गराएको जानकारीको ढाँचा**

मितिः....................

श्री .....................

कारोबार सदस्य नं. ......

............................

विषय : जानकारी गराएको वारे ।

महाशय,

तहाँको मिति ........................... को निवेदनवाट माग भए अनुसार रु ............................. .... ट्रेड कारोवार प्रत्याभुति कोषबाट रकम उपलब्ध गराई कारोवार राफसाफ गरिएको छ । अतः उक्त रकम सात दिनभित्र ब्याज सहित उपलब्ध गराई समयमा नै तहाँको नाममा रहेको लिनुपर्ने दिनुपर्ने हिसाब फर्छ्यौटका लागि अनुरोध गर्दछु ।

**संलग्न :**

मिति .................को आवेदन पत्रको प्रति

भवदीय,

.....................................

राफसाफ सदस्य :.....................

सदस्य नं. ............................

बोधार्थ,

श्री सिडिएस एन्ड क्लियरिङ लि. ।

❖❖❖

लागू मिति: २०७५।०३।२७

प्रथम संशोधन : २०७५।०४।२७

# धितोपत्र सूचीकरण विनियमावली, २०७५

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी नेपाल स्टक एक्सचेञ्ज लि. ले नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विनियमावलीको नाम "धितोपत्र सूचीकरण विनियमावली, २०७५" रहेको छ ।

(२) यो विनियमावली नेपाल धितोपत्र बोर्डको स्वीकृति पश्चात नेपाल स्टक एक्सचेञ्ज लि. ले तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम गठित नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले ऐन बमोजिम बनेको नियमावली सम्झनु पर्छ ।

(घ) "नेप्से" भन्नाले धितोपत्र बजार संचालन गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई सम्झनु पर्छ ।

(ङ) "संगठित संस्था" भन्नाले नेप्सेमा धितोपत्रको सूचीकरण गराएका संगठित संस्था सम्झनु पर्छ ।

(च) "संस्थागत गतिविधि" भन्नाले संगठित संस्थाको दर्ता किताब बन्द गर्ने, साधारण सभा गर्ने, अवधि पुरा गरेका धितोपत्रहरु बापत फिर्ता भुक्तानी गर्ने, परिवर्तनीय विशेषता भएको ऋणपत्र तथा अधिकारपत्रको फेरबदल गर्ने, लाभांश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र जारी तथा भुक्तानी गर्ने, प्रिमियमको फिर्ता भुक्तानी लगायतका गतिविधि सम्झनु पर्छ ।

(छ) "संस्थागत लाभ" भन्नाले संगठित संस्थाको तर्फबाट लगानीकर्तालाई प्रदान गरिने लाभांश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र, प्रिमियमको फिर्ता भुक्तानी लगायतको लाभलाई सम्झनु पर्छ ।

(ज) "सूचीकरण" भन्नाले धितोपत्र बजार मार्फत धितोपत्रको खरिद, बिक्री वा विनिमय गर्ने प्रयोजनको लागि नेप्सेमा गरिने धितोपत्रको सूचीकरण सम्झनु पर्छ ।

## परिच्छेद-२
## धितोपत्रको सूचीकरण

३. **धितोपत्रको निष्काशन गरेको हुनुपर्ने :** नेप्सेमा धितोपत्रको सूचीकरण गराउन चाहने संगठित संस्थाले विवरणपत्र, बिक्री प्रस्ताव, विवरण पुस्तिका लगायत अन्य विवरण बोर्डबाट स्वीकृत गरी सर्वसाधारण समक्ष धितोपत्र निष्काशन गरेको हुनुपर्नेछ ।

४. **धितोपत्रको सूचीकरण गराउनु पर्ने :** (१) नेप्सेको कारोबार प्रणाली मार्फत कारोबार गराउन चाहने संगठित संस्थाले आफ्नो धितोपत्र नेप्सेमा सूचीकरण गराउनु पर्नेछ ।

(२) संगठित संस्थाले धितोपत्रको सूचीकरणको लागि अनुसूची-१ बमोजिमको ढाँचामा नेप्से समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको निवेदन साथ अनुसूची-२ बमोजिमको कागजात तथा विवरण र अनुसूची-३ बमोजिमको सूचीकरण शुल्क संलग्न गर्नु पर्नेछ ।

५. **निवेदन उपर जाँचबुझ :** (१) विनियम ४ बमोजिमको निवेदन साथ प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्दा थप कागजात तथा विवरण आवश्यक देखिएमा नेप्सेले निवेदकबाट त्यस्तो विवरण वा कागजात माग गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम विवरण तथा कागजात उपर जाँचबुझ सम्पन्न गरी निवेदन प्राप्त भएको मितिले सामान्यतया तीस दिन भित्र धितोपत्रको सूचीकरण सम्पन्न गर्नु पर्नेछ ।

६. **सूचीकरण सम्झौता गर्नु पर्ने :** (१) विनियम ५ को उपविनियम (२) बमोजिम धितोपत्रको सूचिकरण गर्न उपयुक्त देखिएमा नेप्सेले सम्बन्धित संगठित संस्थासंग अनुसूची-४ बमोजिमको सूचीकरण सम्झौता गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको सूचीकरण सम्झौता गर्नु अघि सम्बन्धित संगठित संस्थाले अनुसूची-३ बमोजिमको सूचीकरण शुल्क नेप्सेमा बुझाउनु पर्नेछ ।

७. **बोनस, हकप्रद शेयरको सूचीकरण :** (१) सूचीकृत संगठित संस्थाले बोनस शेयर वा हकप्रद शेयर जारी गरेमा त्यस्तो शेयर कारोबार गर्नका लागि सूचीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) सूचीकरणका लागि सूचीकृत संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा देहायका विवरण तथा कागजात सहित नेप्से समक्ष निवेदन दिनुपर्नेछः

(क) बोनस शेयर वा हकप्रद शेयर जारी गर्ने सम्बन्धी साधारण सभाको निर्णय,

(ख) निष्काशन गरिएको बोनस शेयर वा हकप्रद शेयरको संख्या, रकम तथा लगायत सो सम्बन्धी विवरण,

(ग) बोर्डमा दर्ता भएको प्रमाण,

(घ) पूँजी बृद्धि सम्बन्धमा निर्णय तथा अभिलेखको जानकारी,

(ङ) सूचीकरण गराउने सम्बन्धमा संचालक समितिको निर्णय,

(च) केन्द्रिय निक्षेप प्रणालीमा अभौतिकिकरण भएको सम्बन्धी कागजात,

(२) उपविनियम (१) बमोजिम निवेदन साथ प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा नेप्सेले निवेदकबाट विवरण वा कागजात माग गर्न वा विवरण स्पष्ट गराउन सक्नेछ ।

(३) यस विनियमावली बमोजिम सूचिकरणका लागि निवेदन प्राप्त भई सम्पुर्ण प्रकृया पूरा भएको देखिएमा नेप्सेले सातदिन भित्र सम्बन्धित धितोपत्रको सूचिकरण गरी दिनुपर्नेछ ।

(४) उपविनियम (३) मा जुनसुकै कुरा लेखिएतापनि बोनस शेयर वा हकप्रद शेयरको सूचीकरण नेप्सेले बढीमा पन्ध्र दिनभित्र गर्नु पर्नेछ ।

८. **सरकारी ऋणपत्रको सूचीकरण गर्ने :** (१) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले निष्काशन सरकारी ऋणपत्र सूचीकरण गराउन चाहेमा यस विनियमावली बमोजिम सूचीकरण गर्न सकिनेछ ।

(२) सरकारी ऋणपत्र सूचीकरणका लागि सम्बन्धित निकायले देहायका विवरण तथा कागजता नेप्से समक्ष प्रस्तुत गर्नुपर्नेछ :

(क) ऋणपत्रको नाम,
(ख) ऋणपत्रको किसिम,
(ग) ऋणपत्रको निष्कासन मिति,
(घ) निष्कासित ऋणपत्रको कुल रकम,
(ङ) ऋणपत्रको अवधि र साँवा फिर्ता भुक्तानी हुने मिति,
(च) ऋणपत्रको ब्याज भुक्तानी गर्ने तरिका,
(छ) ऋणपत्रको ब्याजमा लाग्ने कर,
(ज) प्राथमिक निष्कासनमा कायम भएको ऋणपत्रको औसत मूल्य,
(झ) जारी ऋणपत्रको प्रमाणपत्र तथा क्रम संख्या सम्बन्धी विवरण,
(ञ) ऋणपत्रको एकीकरण वा विभाजन गर्दा लाग्ने शुल्क,
(ट) ऋणपत्र नामसारीका लागि लाग्ने शुल्क,
(ठ) ऋणपत्र स्वमित्वकर्ताहरुको विवरण,
(ड) ऋणपत्र निष्कासन गर्दाका शर्तहरु,
(ढ) ऋणपत्र सम्बन्धी अन्य विवरण ।

(३) यस विनियम बमोजिम सूचिकृत भएका सरकारी ऋणपत्रको कारोबारका लागि नेप्सेले बिशेष कारोबार विधि वा कक्षको व्यवस्था गर्न सक्नेछ ।

(४) यस विनियम बमोजिम सूचिकृत भएका सरकारी ऋणपत्रको म्याद समाप्त भएको मितिबाट त्यस्तो ऋणपत्रको सूचीकरण स्वतः खारेजी हुनेछ ।

(५) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी ऋणपत्रको सूचीकरण गराउन सूचीकरण सम्झौता गर्नुपर्ने छैन ।

९. **सूचीकरण अस्वीकार गर्न सकिने :** (१) संगठित संस्थाले यस विनियमावली धितोपत्रको सूचीकरणकालागि पेश पेश गर्नुपर्ने विवरण, कागजात, जानकारी तथा शुल्क पेश नगरेमा नेप्सेले त्यस्तो संस्थाको धितोपत्र सूचीकरण गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपविनियम (१) अनुसार सूचीकरण अस्वीकार गर्ने निर्णय गरेमा त्यस्तो निर्णय भएको सात दिनभित्र सूचीकरण गर्न अस्वीकार गरिएको कारण सहित सम्बन्धित संगठित संस्थालाई जानकारी दिनुपर्नेछ ।

**१०. <u>धितोपत्रको लकईन अवधि उल्लेख गर्नुपर्ने</u> :** (१) विनियम ४ बमोजिम सूचीकरणका लागि निवेदन गर्दा सम्बन्धित संस्थाले प्रचलित कानून वा सम्बन्धित नियामक निकायको निर्देशन बमोजिम संगठित संस्थाको धितोपत्र खरिद बिक्री, हक हस्तान्तरण वा नामसारी गर्न नपाउने गरी लकईन गरिएको भए त्यस्तो लकईन अवधि समेत उल्लेख गर्नु पर्नेछ ।

(२) संगठित संस्थाले उपविनियम (१) बमोजिम लकईन गरिएका धितोपत्रमा प्राप्त हुने बोनस शेयर र हकप्रद शेयर समेत लकईन गर्नुपर्नेछ ।

(३) उपविनियम (१) तथा (२) बमोजिम लकईन भएका धितोपत्रको हस्तान्तरण नहुने सम्बन्धीको जानकारी शेयर रजिष्ट्रार र केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने संस्था समेतलाई दिनुपर्नेछ ।

## परिच्छेद-३
## वर्गिकरण सम्बन्धी व्यवस्था

**११. <u>सूचिकृत संगठित संस्थाको वर्गिकरण</u> :** (१) सूचिकृत संगठित संस्थालाई देहाय बमोजिम वर्गिकरण गरिनेछ :

(क) वर्ग “ए” मा रहने संगठित संस्थाः-

(१) चुक्ता पूँजी कम्तीमा एक अरब रुपैयाँ भएको,
(२) धितोपत्र सूचीकरण गराएको कम्तीमा तीन बर्ष भएको,
(३) विगत तीन आर्थिक बर्ष लगातार नाफामा रही लाभांश वितरण गरेको,
(४) क्रेडिट रेटिङ्ग संस्थाबाट औसत वा सो भन्दा माथिको रेटिङ्ग प्राप्त गरेको,
(५) नियमनकारी निकायले तोकेको ढाँचामा वित्तीय विवरण राखेको,
(६) आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गरेको ।

(ख) वर्ग “बी” मा रहने संगठित संस्थाः :-

(१) चुक्ता पूँजी कम्तीमा पचास करोड रुपैयाँ भएको,
(२) धितोपत्र सूचीकरण गराएको कम्तीमा तीन बर्ष भएको,
(३) विगत तीन बर्षमा कम्तीमा दुई आर्थिक बर्षमा नाफा गरेको,
(४) क्रेडिट रेटिङ्ग संस्थाबाट कम्तीमा औसत भन्दा एक तह मुनीको रेटिङ्ग प्राप्त गरेको,
(५) आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र बार्षिक साधारण सभा सम्पन्न गरेको,
(६) संचित नोक्सानी नरहेको ।

(ग) खण्ड (क) र (ख) मा जनुसुकै कुरा लेखिएको भएता पनि सूचिकृत भएको दुई बर्ष पूरा नभए सम्म त्यस्तो संगठित संस्था “जि” वर्गमा रहनेछ ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको वर्गीकरणमा नपरेका सूचिकृत संगठित संस्था “जेड” वर्गमा रहनेछ ।

(७) यस विनियम बमोजिम वर्गिकरण गरिएका पुनरावलोकन गरी प्रत्येक त्रैमासिक अवधिमा अद्यावधिक गर्नुपर्नेछ ।

(८) यस विनियम बमोजिम संगठित संस्थाको वर्गिकरण गरिएको सम्बन्धमा नेप्सेले बेभसाईट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम सार्वजनिक गरिएको वर्गिकरणमा परेका संगठित संस्थाले उल्लेखित समूहमा पर्नु नपर्ने कारण सहित पैतिस दिन भित्र दावी गर्न सक्नेछ ।

## परिच्छेद-४
## संगठित संस्था गाभिए वा टुक्रिएमा हुने व्यवस्था

**१२. <u>संगठित संस्था गाभिएमा</u> :** (१) दुई वा सो भन्दा बढी सूचीकृत संगठित संस्था एक आपसमा गाभिई नयाँ संगठित संस्थामा परिणत भएमा त्यसरी परिणत भएको संगठित संस्थाको धितोपत्र सूचिकरणका लागि विनियम ४ बमोजिम नेप्से समक्ष निवेदन दिई सूचीकरण गराउनु पर्नेछ ।

**१३. <u>संगठित संस्था विलय भएमा</u> :** (१) कुनै सूचीकृत संगठित संस्थाले अर्को संगठित संस्था खरिद गरेमा वा आफूमा विलय गराएमा त्यसरी थप हुन आएको धितोपत्र सूचिकरणका लागि विनियम ४ बमोजिम नेप्से समक्ष निवेदन दिई सूचीकरण गराउनु पर्नेछ ।

**१४. <u>संगठित संस्था टुक्रिएमा हुने व्यवस्था</u> :** (१) सूचिकृत संगठित संस्था टुक्रिएर नयाँ स्थापना भएमा त्यस्तो नयाँ संगठित संस्थाले सूचीकरणका लागि विनियम ४ बमोजिम नेप्से समक्ष निवेदन दिई सूचीकरण गराउनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिइने निवेदन साथ संगठित संस्था टुक्रिए पश्चात बाडफाँड गरिएको सम्पत्ति तथा दायित्वको बाँडफाँड सम्बन्धी प्रक्रिया तथा विवरण समेत पेश गर्नु पर्नेछ ।

**१५. <u>थप धितोपत्रको सूचीकरण शुल्क</u> :** यस परिच्छेद बमोजिम संगठित संस्थाको थप धितोपत्र सूचीकरण गर्दा साविकको सूचीकृत धितोपत्रको चुक्ता मूल्य भन्दा बढि मूल्यको धितोपत्र सूचीकरण हुने भएमा त्यसरी बढि भएको धितोपत्रको मूल्यको लागि मात्र अनुसूची-३ बमोजिमको सूचीकरण शुल्क नेप्सेमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-५
## सूचीकरण स्थगन, खारेजी तथा पुनःसूचीकरण

**१६. <u>सूचीकरण स्थगन गर्न सकिने</u> :** (१) देहायको कुनै अवस्थामा विद्यमान भएमा नेप्सेले सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण स्थगन गर्न सक्नेछ :-

(क) धितोपत्र सूचीकरणको वार्षिक शुल्क नबुझाएमा,

(ख) धितोपत्र कारोबार तथा मूल्यसँग सम्बन्धित संवेदनशील सूचना तथा जानकारी सूचीकरण सम्झौतामा उल्लिखित समयमा नेप्सेमा पेश नगरेमा,

(ग) नेप्सेलाई गलत सूचना दिएमा वा पटक पटक सूचना परिवर्तन गरेमा,

(घ) नेप्सेमा वार्षिक तथा अर्धवार्षिक प्रतिवेदन समयमा पेश नगरेमा,

(२) उपविनियम (१) बमोजिम सूचीकरण स्थगन गरेमा नेप्सेले सो को कारण सहितको जानकारी सम्बन्धित सङ्गठित संस्थालाई दिनेछ ।

(३) नेप्सेले सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण बढीमा तीन महिनासम्म स्थगन गर्न सक्नेछ र बोर्डको सहमति लिई सो अवधिमा थप गर्न सक्नेछ ।

(४) यस विनियम बमोजिम सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण स्थगन गरिएमा जुन कारणले स्थगन गरिएको हो सो अवस्था विद्यमान नरहेमा नेप्सेले सूचीकरण स्थगन फुकुवा गर्नेछ ।

**१७. जानकारी गराउनु पर्ने :** नेप्सेले सूचीकृत संगठित संस्थाको सूचीकरण स्थगन गरेमा सोको जानकारी तुरुन्तै वा भोलिपल्ट कारोबार शुरु हुन अघि बोर्डलाई र सम्बन्धित सूचीकृत संगठित संस्था तथा सदस्य दलालहरुलाई जानकारी गराउनु पर्नेछ ।

**१८. स्वेच्छिक खारेजी गर्न सकिने :** (१) सूचीकृत संगठित संस्थाले स्वेच्छिक रुपमा धितोपत्रको सूचीकरण खारेज गर्न चाहेमा धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को नियम ८ को प्रकृया पूरा गरेको व्यहोरा सहित अनुसूची-५ बमोजिमको ढाँचामा नेप्से समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम निवेदनका साथै संगठित संस्थाले तिर्न बुझाउन बाँकी रहेको सूचीकरण शुल्क वा बार्षिक शुल्क समेत बुझाउनु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी धितोपत्रको सूचीकरण खारेजी गर्न उपयुक्त देखिएमा तीस दिनभित्र त्यस्तो धितोपत्रको सूचीकरण खारेज गरिदिनु पर्नेछ ।

**१९. सूचीकरण खारेज गर्न सक्ने :** (१) देहायका कुनैपनि अवस्थामा नेप्सेले संगठित संस्थाको सूचीकरण खारेज गर्न सक्नेछ :-

(क) कुनै सूचीकृत संगठित संस्था गाभिएर, खरिद वा विलय भएर अस्तित्वमा नरहेमा,

(ख) प्रचलित कानून बमोजिम कुनै संगठित संस्था खारेज भएमा,

(ग) बोर्डले वा कुनै नियामक निकायले धितोपत्रको सूचीकरण खारेजी गर्न निर्देशन दिएमा,

(घ) बार्षिक शुल्क नबुझाएको कारण लगातार तीन बर्ष धितोपत्रको सूचीकरण स्थगन भएमा,

(ङ) एउटै कारणले तीन पटक भन्दा बढी सूचीकरण स्थगन भएमा,

(२) उपविनियम (१) बमोजिम धितोपत्रको सूचीकरण खारेज गर्नुअघि त्यस्तो धितोपत्रको सूचीकरण खारेज गर्नुपर्ने आधार र कारण समेत उल्लेख गरी सम्बन्धित संगठितलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम प्राप्त सफाई चित्तबुझ्दो नभएमा नेप्सेले त्यस्तो संगठित संस्थाको धितोपत्रको सूचीकरण खारेजी गर्न सक्नेछ ।

**२०. सूचीकरण स्थगन वा खारेजीको सूचना प्रकाशन गर्नु पर्ने :** यस विनियमावली बमोजिम धितोपत्रको सूचीकरण स्थगन वा खारेजी भएमा नेप्सेले सो सम्बन्धी सूचना राष्ट्रियस्तरको पत्रपत्रिका वा वेभ साइटमा प्रकाशन गर्नु पर्नेछ ।

**२१. पुनः सूचीकरण गर्न सकिने :** (१) धितोपत्रको सूचीकरण खारेजी भएका संगठित संस्थाले धितोपत्रको पुनः सूचीकरण गराउन चाहेमा विनिय ४ बमोजिम नेप्से समक्ष निवेदन दिनु पर्नेछ ।

(२) धितोपत्रको सूचीकरण खारेजी भएको कम्तीमा एक बर्ष भए पछि मात्र पुनः सूचीकरणका लागि उपविनियम (१) बमोजिमको निवेदन दिन सकिनेछ ।

(३) उपविनियम (१) बमोजिम निवेदन प्राप्त भएमा नेप्सेले आवश्यक जाँचबुझ गरी सूचीकण गर्न उपयुक्त देखिएमा तीस दिनभित्र सूचीकरण गर्नेछ ।

(४) उपविनियम (३) बमोजिम जाँचबुझ गर्दा संगठित संस्थाको धितोपत्रको पुनःसूचीकरणका सम्बन्धमा नेप्सेले देहायका अवस्थालाई समेत आधार लिन सक्नेछः-

(क) संगठित संस्थाको वित्तीय अवस्था सम्बन्धमा,

(ख) संगठित संस्थाको धितोपत्रको गतिशिल कारोबारको सम्भाव्यता सम्बन्धमा,

(ग) जुन कारणले धितोपत्रको सूचीकरण खारेजी भएको सोमा भएको सुधार सम्बन्धमा।

## परिच्छेद-६
## सूचना तथा जानकारी प्रवाह सम्बन्धी व्यवस्था

२२. **सूचना तथा जानकारी पेश गर्नुपर्ने :** (१) सूचीकृत संगठित संस्थाले देहाय बमोजिम सूचना तथा जानकारी नेप्सेमा पेश गर्नुपर्नेछ :

(क) संगठित संस्थाको प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको पाँच महिना भित्र,

(ख) प्रति शेयर आम्दानी, मूल्य आय अनुपात, प्रति शेयर खुद सम्पत्तिको मूल्य, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण सहितको त्रैमासिक प्रतिवेदन सो अवधि समाप्त भएको तीस दिन भित्र,

(ग) धितोपत्रको दाखिल खारेज वन्द ९द्यययप ऋयिकभ० हुने सम्बन्धी सूचना त्यस्तो दाखिल खारेज हुनु भन्दा कम्तिमा सात दिन अगाडि,

(घ) धितोपत्रको मूल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सिर्जना भएमा सोही दिन वा भोलिपल्ट कारोबार खुल्नुअघि,

त्यस्तो सूचना, जानकारी तथा निर्णय सम्बन्धित सूचीकृत संगठित संस्थाको वेभसाइट मार्फत समेत सार्वजनिक गर्नु पर्ने,

(ङ) नगद लाभांश, बोनस शेयर, हकप्रद शेयर वा थप शेयर निष्कासन सम्बन्धी निर्णय भएमा सो निर्णय हुनेबित्तिकै सञ्चालक समितिको बैठक बसेको समय समेत उल्लेख गरी उपलब्ध गराउनु पर्ने,

(च) खण्ड (ङ) बमोजिमको सूचना जानकारीका साथ लाभाँश दिन लागिएको सम्बन्धित आर्थिक वर्ष तथा दाखिल खारेज बन्द मिति, अनुपात तथा शेयर कित्ता वा रकम समेत खुलाउनु पर्ने,

(च) सूचीकृत धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने कुनै घटना वा कारोबार भएमा त्यस्तो विषयको सूचना तुरुन्त दिनु पर्ने,

(छ) रु. दश करोड वा सोभन्दा माथिको सम्पत्ति खरिद वा बिक्री सम्बन्धी निर्णय भएमा सो को जानकारी,

(ज) सञ्चालक समिति, लेखा परीक्षण समिति, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, लेखा विभाग प्रमुख, लेखा परीक्षकमा हेरफेर भएमा सो को जानकारी,

(झ) दश करोड रुपैयाँ वा सो भन्दा माथिको दायित्व वहन गर्नुपर्ने संभावना भएको मुद्दा अदालतमा दायर भएमा सो को विवरण ।

(२) सूचिकृत सामुहिक लगानी कोषको योजना व्यवस्थापकले योजनाको खुद सम्पत्ति मूल्य तथा लगानी सम्बन्धी अवस्थाको मासिक विवरण प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र नेप्सेमा पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (१) र (२) बमोजिम प्राप्त विवरण एवं सूचना प्राप्त हुनासाथ लगानीकर्ताको जानकारीको लागि नेप्सेले वेभसाइट मार्फत सार्वजनिक गर्नेछ ।

(४) सूचीकृत संगठित संस्थाको संचालक समितिले संस्था गाभ्ने गाभिने वा विलय हुने वा खरिद गरी लिने वा टुक्रिने निर्णय गरेमा त्यस्तो निर्णय गरेकै दिन वा भोलिपल्ट कारोबार शुरुहुनु अघि नेप्सेलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद-७
## विविध

**२३. पालना गर्नुपर्ने शर्तहरु :** धितोपत्र सम्बन्धी प्रचलित कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त सूचीकृत संगठित संस्थाले देहायका शर्त समेत पालना गर्नुपर्नेछ :-

(क) सूचीकृत संगठित संस्थाको सूचना तथा जानकारी सार्वजनिक गर्ने सम्बन्धमा नेप्सेले समय समयमा दिएको निर्देशन,

(ख) समान प्रकारको धितोपत्र ग्रहण गरेका धितोपत्रधनी बीच कुनै भेदभाव नगर्ने,

(ग) नेप्सेले संगठित संस्थको धितोपत्र दर्ता किताबको निरीक्षण नियमित वा आकस्मिक रुपमा गर्न चाहेमा सो गर्न दिनु पर्ने,

(घ) नेप्सेले धितोपत्र दाखिल खारेज पत्रको ढाँचा, स्तर तोकेको अवस्थामा सोही अनुसारको दाखिल खारेज पत्रको प्रयोग गर्नु पर्ने ।

**२४. बार्षिक शुल्क बुझाउनु पर्ने :** यस विनियमावली बमोजिम धितोपत्र सूचीकरण गराएका संगठित संस्थाले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र अनुसूची-२ बमोजिम बार्षिक शुल्क बुझाउनु पर्नेछ ।

**२५. विवरण पेश गर्ने जिम्मेवारी :** धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेप्सेमा पेश गर्नु पर्ने सूचना, जानकारी तथा कागजातहरु विश्वसनीय रुपमा पेश गर्ने गराउने जिम्मेवारी सम्बन्धित संगठित संस्थाको प्रमुखको हुनेछ ।

**२६. खारेजी तथा बचाऊ :** (१) धितोपत्र सूचीकरण विनियमावली, २०५३ खारेज गरिएको छ ।

(२) धितोपत्र सूचीकरण विनियमावली, २०५३ बमोजिम भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(विनियम ४ को उपविनियम (२) संग सम्बन्धित)

**सूचीकरणको लागि दिइने आवेदन पत्रको ढाँचा**

मिति :.................

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

................., काठमाण्डौं ।

विषय : धितोपत्रको सूचीकरण बारे ।

महाशय,

धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम यस कम्पनी/संगठित संस्थाले निष्काशन गरेको धितोपत्रको सूचीकरण/पुनः सूचीकरणका लागि आवश्यक विवरण, कागजात तथा शुल्क समेत संलग्न गरी यो निवेदन पेश गरेको छु। धितोपत्र सम्बन्धी ऐन प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कुराहरुको पालना गर्न यस कम्पनी/संगठित संस्था मंजूर भएको ब्यहोरा अनुरोध छ।

यस निवेदनसाथ संलग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदक संगठित संस्थाः

नाम : ..........................

ठेगानाः ....................अंचल....................जिल्ला ......................... गा. पा./न.पा./म. न. पा.

टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल ................

भवदीय,..........................................

कार्यालयको छापः (प्रमुख कार्यकारी अधिकृत)

संलग्न कागजात तथा विवरणः

**अनुसूची-२**

(विनियम ४ को उपविनियम (३) संग सम्बन्धित)

**धितोपत्र सूचीकरणका लागि आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. सूचीकरण गरिने धितोपत्र शेयर भएमा:

(क) संगठित संस्थाको प्रवन्धपत्र तथा नियमावली,

(ख) विशेष ऐन अर्न्तगत स्थापित संगठित संस्था भएमा सम्बन्धित ऐनको एक प्रति,

(ग) संगठित संस्था कम्पनीको रुपमा दर्ता भए संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि,

(घ) व्यवसाय संचालन ईजाजत पत्रको प्रतिलिपि,

(ङ) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता अध्यावधिक गरेको अभिलेख,

(च) शेयर प्रमाणपत्रको नमूना,

(छ) विदेशी लगानीकर्ताले शेयर लगानी गरेको भए सो सम्बन्धी विवरण,

(ज) संगठित संस्थाका संचालक, लेखापरीक्षक, कार्यकारी प्रमुख र कम्पनी सचिवको नाम, थर र ठेगाना,

(झ) संगठित संस्थाको पूँजी तथा शेयर स्वामित्व संरचना

(ञ) संगठित संस्थाले प्रविधि हस्तान्तरण, व्यवस्थापन, ऋण वा शेयर लगानी सम्बन्धी कुनै सम्झौता वा समझदारी गरेको वा शेयरधनी बीच कुनै सम्झौता भएको भए सो सम्बन्धी विवरण,

(ट) शेयरधनीको क्रम संख्या सहितको अद्यावधिक सूची,

(ठ) संगठित संस्थाले अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाबाट ऋण प्राप्त गरेको भए ऋण रकम, व्याजदर, व्याज भुक्तानी प्रकृया तथा ऋणको प्रयोग,

(ड) संगठित संस्थाले चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी रकम कुनै संगठित संस्थामा लगानी गरेको भए त्यस्तो संस्थाको नाम, ठेगाना र लगानी रकम सम्बन्धी विवरण,

(ढ) धितोपत्र निष्कासन गर्नु पूर्व प्रकाशन गरिएको विवरणपत्र, आव्हानपत्र, शेयर बाँडफाँड सम्बन्धी सम्पूर्ण कागजात वा सोही प्रयोजनको लागि सार्वजनिक रुपमा जारी गरिएको अन्य कुनै सूचना वा जानकारी भए सोको विवरण,

(ण) संगठित संस्थाको उपलब्ध भएसम्म विगत तीन वर्षको वासलात तथा नाफा नोक्सान हिसाब र आगामी तीन वर्षको अनुमानित वासलात तथा नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण,

(त) संगठित संस्थाले अन्य कुनै संगठित संस्थामा पचास प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गरेको भए त्यस्तो सहायक संगठित संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको आय-व्यय विवरण, वासलात तथा लेखापरीक्षकको प्रतिवेदन,

(थ) सूचीकरण गराउने सम्बन्धमा संचालक समितिको निर्णय,

(द) केन्द्रिय निक्षेप प्रणालीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

(ध) धितोपत्र हस्तान्तरण, दाखिला खारेज सम्बन्धी व्यवस्था,

(न) धितोपत्रको खरिद बिक्रीको बन्देज भए सो सम्बन्धी जानकारी,

(प) धितोपत्र अग्राधिकार शेयर भए किसिम, अवधि, प्रतिफल, भुक्तानी प्रकृया, मताधिकार सम्बन्धी जानकारी,

२. सूचीकरण गरिने धितोपत्र सामूहिक लगानी कोषको इकाई भएमा:

(क) योजना व्यवस्थापकको प्रवन्धपत्र तथा नियमावली,

(ख) योजना व्यवस्थापक विशेष ऐन अर्न्तगत स्थापित भए सम्बन्धित ऐनको एक प्रति,

(ग) योजना व्यवस्थापक कम्पनीको रुपमा दर्ता भए संस्थापना सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

(घ) योजना व्यवस्थापकको कार्य गर्न बोर्डबाट प्राप्त अनुमतिपत्रको प्रतिलिपि,

(ङ) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता अध्यावधिक गरेको अभिलेख,

(च) इकाई प्रमाणपत्रको नमूना,

(छ) सूचीकरण गराउने सम्बन्धमा कोष सुपरिवेक्षक र योजना व्यवस्थापकको संचालक समितिको निर्णय,

(ज) योजना व्यवस्थापकको संचालक, लेखापरीक्षक, कार्यकारी प्रमुख र कम्पनी सचिवको नाम, थर र ठेगाना,

(झ) कोष सुपरिवेक्षक र योजनाको लेखापरीक्षकको नाम, थर र ठेगाना

(ञ) इकाईधनीको क्रम संख्या सहितको अद्यावधिक सूची,

(ट) इकाई निष्कासन गर्नु पूर्व प्रकाशन गरिएको विवरण पुस्तिका, आव्हानपत्र, इकाई बाँडफाँड सम्बन्धी सम्पूर्ण कागजात वा सोही प्रयोजनको लागि सार्वजनिक रुपमा जारी गरिएको अन्य कुनै सूचना वा जानकारी भए सोको विवरण,

(ठ) केन्द्रिय निक्षेप प्रणालीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

(ड) इकाई हस्तान्तरण, दाखिला खारेज सम्बन्धी व्यवस्था,

(ढ) इकाईको खरिद बिक्रीको बन्देज भए सो सम्बन्धी जानकारी,

३. सूचीकरण गरिने धितोपत्र ऋणपत्र भएमा:

(क) संगठित संस्थाको प्रवन्धपत्र तथा नियमावली,

(ख) विशेष ऐन अर्न्तगत स्थापित संगठित संस्था भएमा सम्बन्धित ऐनको एक प्रति,

(ग) संगठित संस्था कम्पनीको रुपमा दर्ता भए संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि,

(घ) ऋणपत्र, बण्ड वा डिवेन्चरको नाम, किसिम, निष्कासन मिति, कुल रकम, अवधि र साँवा फिर्ता भुक्तानी हुने मिति,

(ङ) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता अध्यावधिक गरेको अभिलेख,

(च) ऋणपत्र प्रमाणपत्रको नमूना,

(छ) विदेशी लगानीकर्ताले संगठित संस्थामा शेयर लगानी गरेको भए सो सम्बन्धी विवरण,

(ज) संगठित संस्थाका संचालक, लेखापरीक्षक, कार्यकारी प्रमुख र कम्पनी सचिवको नाम, थर र ठेगाना,

(झ) संगठित संस्थाको पूँजी तथा शेयर स्वामित्व संरचना

(ञ) संगठित संस्थाले प्रविधि हस्तान्तरण, व्यवस्थापन, ऋण वा शेयर लगानी सम्बन्धी कुनै सम्झौता वा समझदारी गरेको वा शेयरधनी बीच कुनै सम्झौता भएको भए सो सम्बन्धी विवरण,

(ट) ऋणपत्रको क्रम संख्या सहित ऋणपत्रधनीको अद्यावधिक सूची,

(ठ) संगठित संस्थाले अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाबाट ऋण प्राप्त गरेको भए ऋण रकम, व्याजदर, व्याज भुक्तानी प्रकृया तथा ऋणको प्रयोग,

(ड) संगठित संस्थाले चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी रकम कुनै संगठित संस्थामा लगानी गरेको भए त्यस्तो संस्थाको नाम, ठेगाना र लगानी रकम सम्बन्धी विवरण,

(ढ) ऋणपत्र निष्कासन गर्नु पूर्व प्रकाशन गरिएको विवरणपत्र, आव्हानपत्र, शेयर बाँडफाँड सम्बन्धी सम्पूर्ण कागजात वा सोही प्रयोजनको लागि सार्वजनिक रुपमा जारी गरिएको अन्य कुनै सूचना वा जानकारी भए सोको विवरण,

(ण) संगठित संस्थाको उपलब्ध भएसम्म विगत तीन वर्षको वासलात तथा नाफा नोक्सान हिसाब र आगामी तीन वर्षको अनुमानित वासलात तथा नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण,

(त) संगठित संस्थाले अन्य कुनै संगठित संस्थामा पचास प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गरेको भए त्यस्तो सहायक संगठित संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको आय-व्यय विवरण, वासलात तथा लेखापरीक्षकको प्रतिवेदन,

(थ) सूचीकरण गराउने सम्बन्धमा संचालक समितिको निर्णय,

(द) केन्द्रिय निक्षेप प्रणालीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

(ध) ऋणपत्र हस्तान्तरण, दाखिला खारेज सम्बन्धी व्यवस्था,

(न) ऋणपत्रको खरिद बिक्रीको बन्देज भए सो सम्बन्धी जानकारी,

(प) ऋणपत्रको किसिम, अवधि, ब्याजदर, ब्याज तथा साँवा भुक्तानी तथा अन्य जानकारी,

(फ) ऋणपत्र परिवर्तनशील भए परिवर्तन हुने अनुपात, विधि, मिति सम्बन्धी जानकारी,

(ब) ऋणपत्रमा मताधिकार भए सो सम्बन्धी जानकारी,

(ढ) ऋणपत्रको ट्रष्टीको व्यवस्था भए सो सम्बन्धी सम्झौता र विवरण,

(ड) ऋणपत्र निष्कासन गर्दाका शर्तहरु,

४. संगठित संस्था एक आपसमा गाभिइ नयाँ संगठित संस्थामा परिणत भएमाः

(क) अद्यावधिक प्रवन्धपत्र तथा नियमावली,

(ख) संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि,

(ग) व्यवसाय संचालन ईजाजत पत्रको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता अध्यावधिक गरेको अभिलेख,

(ङ) शेयर प्रमाणपत्रको नमूना,

(च) विदेशी लगानीकर्ताले शेयर लगानी गरेको भए सो सम्बन्धी विवरण,

(छ) सूचीकरण गराउने सम्बन्धमा संचालक समितिको निर्णय,

(ज) संगठित संस्थाका संचालक, लेखापरीक्षक, कार्यकारी प्रमुख र कम्पनी सचिवको नाम, थर र ठेगाना,

(झ) संगठित संस्थाको पूँजी तथा शेयर स्वामित्व संरचना

(ञ) संगठित संस्थाले प्रविधि हस्तान्तरण, व्यवस्थापन, ऋण वा शेयर लगानी सम्बन्धी कुनै सम्झौता वा समझदारी गरेको वा शेयरधनी बीच कुनै सम्झौता भएको भए सो सम्बन्धी विवरण,

(ट) शेयरधनीको क्रम संख्या सहितको अद्यावधिक सूची,

(ठ) संगठित संस्थाले अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाबाट ऋण प्राप्त गरेको भए ऋण रकम, व्याजदर, व्याज भुक्तानी प्रकृया तथा ऋणको प्रयोग,

(ड) संगठित संस्थाले चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी रकम कुनै संगठित संस्थामा लगानी गरेको भए त्यस्तो संस्थाको नाम, ठेगाना र लगानी रकम सम्बन्धी विवरण,

(ढ) धितोपत्र निष्कासन गर्नु पूर्व प्रकाशन गरिएको विवरणपत्र, आव्हानपत्र, शेयर बाँडफाँड सम्बन्धी सम्पूर्ण कागजात वा सोही प्रयोजनको लागि सार्वजनिक रुपमा जारी गरिएको अन्य कुनै सूचना वा जानकारी भए सोको विवरण,

(ण) संगठित संस्थाको उपलब्ध भएसम्म विगत तीन वर्षको वासलात तथा नाफा नोक्सान हिसाब र आगामी तीन वर्षको अनुमानित वासलात तथा नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण,

(त) संगठित संस्थाले अन्य कुनै संगठित संस्थामा पचास प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गरेको भए त्यस्तो सहायक संगठित संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको आय-व्यय विवरण, वासलात तथा लेखापरीक्षकको प्रतिवेदन,

(थ) केन्द्रिय निक्षेप प्रणालीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

(द) धितोपत्र हस्तान्तरण, दाखिला खारेज सम्बन्धी व्यवस्था,

(ध) धितोपत्रको खरिद बिक्रीको बन्देज भए सो सम्बन्धी जानकारी,

## अनुसूची- ३

(विनियम ४ को उपविनियम (३) संग सम्बन्धित)

**सूचीकरण तथा वार्षिक शूल्क**

[1]क) धितोपत्र सूचीकरण तथा वार्षिक शूल्क

| क.सं | चुक्ता पूँजी | सूचीकरण शूल्क | वार्षिक शूल्क |
|---|---|---|---|
| १ | रु ५० करोड सम्म | ०.१० प्रतिशत वा न्यूनतम रु १,५०,०००। | रु ५०,००० |
| २ | रु ५० करोड भन्दा माथि | ०.०५ प्रतिशत वा न्यूनतम रु २,५०,०००। | रु १,००,००० |

[2](ख) डिबेन्चर/ एकांक बचत वा समूहगत बचत सूचीकरण शूल्क तथा बार्षिक शूल्क :

| क.सं | निष्काशित रकम | सूचीकरण शूल्क | वार्षिक शूल्क |
|---|---|---|---|
| १ | रु ५० करोड सम्म | रु ६०,०००। | रु २५,००० |
| २ | रु ५० करोड भन्दा माथि | रु १,००,०००। | रु ५०,००० |

(ग) सरकारी ऋणपत्रको सूचीकरण शुल्कः

| क.सं. | निष्काशित रकम | सूचीकरण शुल्क |
|---|---|---|
| १ | रु.१ अरब सम्म | रु २०,०००।- |
| २ | रु. १ अरब देखि रु. ५ अरब सम्म | रु. ३०,०००।- |
| ३ | रु. ५ अरब भन्दा माथि | रु. ५०,०००।- |

नोट :

१. सूचीकरण निवेदन दस्तुर रु १५,०००/- निवेदन साथ संलग्न गरी बुझाउनु पर्नेछ ।

२. तोकिएको समयमा नवीकरण शूल्क नबुझाएमा नवीकरण शूल्कको वार्षिक १० प्रतिशतका दरले जरिवाना बुझाउनु पर्नेछ ।

---

१ धितोपत्र सूचीकरण विनियमावली, २०७५ (पहितो संशोधन) द्वारा संशोधन

२ धितोपत्र सूचीकरण विनियमावली, २०७५ (पहितो संशोधन) द्वारा संशोधन

## अनुसूची-४

(विनियम ६ को उपविनियम (१) सँग सम्बन्धित)

**धितोपत्र सूचीकरण गराउने संगठित संस्था र नेपाल स्टक एक्सचेञ्ज लि. बीच हुने सूचीकरण सम्झौताको ढाँचा**

नेपाल स्टक एक्सचेञ्ज लि.

र

..........................................(सूचीकरण गर्ने संस्था)

बीच भएको

धितोपत्र सूचीकरण सम्बन्धी सम्झौता

...................... (सम्बन्धित ऐन) अन्तर्गत मिति ......... मा संस्थापना भएको र ........... मा रजिर्ष्टड कार्यालय रहेको .............................................. (यसपछि "संगठित संस्था" भनिएको) को ............. (धितोपत्रको किसिम) को सूचीकरणको लागि मिति ...................... मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरवार (यसपछि "नेप्से" भनीएको) मा निवेदन दिएको: नेप्सेले त्यस्तो निवेदन उपर आवश्यक जांचवुझ गरी धितोपत्र सूचीकरणका लागि मिति ............. मा संगठित संस्थालाई सम्झौता गर्नका लागि पत्राचार गरेकोले देहायका शर्त बमोजिम ........... कित्ता ................ (धितोपत्र) सूचीकरण गर्न गराउन दुवै पक्ष मञ्जूर भएका छौं ।

**शर्तहरुः**

१. नेप्सेले धितोपत्र सम्बन्धी प्रचलित कानूनको अधिनमा रहि संगठित संस्थाले जारी गरेको अंकित मूल्य रु....... चुक्ता मूल्य रु........ भएको ............ कित्ता ............. (धितोपत्रको किसिम) धितोपत्र कारोवार गर्नको लागि नेप्सेमा रहेको सेवा र सुविधा प्रदान गर्नेछ ।

२. कारोबार भएको संगठित संस्थाको धितोपत्र सम्बन्धी प्रमाणित विवरणहरु संगठित संस्थाले माग गरेमा नेप्सेले उपलब्ध गराउने छ ।

३. संगठित संस्थाले लिखित रुपमा कारण सहित कारोबार भएका धितोपत्र सम्बन्धी सूचना र विवरणहरु गोप्य राख्न अनुरोध गरेको अवस्थामा बाहेक त्यस्ता सूचना र विवरणहरु नेप्सेले सार्वजनिक गर्न सक्नेछ ।

४. यस सम्झौता बमोजिम सूचिकरण भएका धितोपत्रमा संगठित संस्थाले बोनस शेयर वा हकप्रद शेयर जारी गरेमा त्यस्तो शेयरहरु समेत प्रचलित कानून बमोजिम नेप्सेमा सूचीकरण गराउनु पर्नेछ ।

५. संगठित संस्थाले लाभांश, बोनस, वा हकप्रद शेयर निष्कासन गर्ने निर्णय गरेमा कुन मिति सम्म कायम रहेको शेयरधनीले त्यस्तो लाभांश, बोनस, वा हकप्रद शेयर पाउने हो सो सम्बन्धी जानकारी त्यस्तो निर्णय हुने बित्तिकै वा भोलिपल्ट कारोबार शुरु हुनु अघि नेप्सेलाई दिनुपर्नेछ ।

६. संगठित संस्थाको धितोपत्रको दाखिल खारेज, नामसारी, नवीकरण, एकीकरण वा विभाजन रोक्नु परेमा सो को कारण सहित नेप्सेलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

७. प्राकृतिक विपद्, आकस्मिक घटना, तालाबन्दी वा अन्य कुनै कारणले संगठित संस्थाको दैनिक काम कारवाही रोक्नु पर्ने भएमा सोको जानकारी यथासंभव छिटो माध्यमद्वारा नेप्सेलाई दिनु पर्नेछ ।

८. संगठित संस्थाको धितोपत्रको मूल्यमा प्रत्यक्ष प्रभाव पार्ने आन्तरिक संस्थागत गतिविधि (कर्पोरेट अफेयर्स) भएमा सो सम्बन्धी सूचना वा जानकारी नेप्सेलाई तुरुन्त दिनु पर्नेछ ।

९. संगठित संस्थाको व्यावसायिक प्रकृतिमा कुनै परिवर्तन गर्ने, त्यसको सबै वा आंशिक स्वामित्व बिक्री गर्ने वा अन्य कुनै संस्थाको बहुमत स्वामित्व खरिद गर्ने कुनै प्रस्ताव पारित भएमा सो सम्बन्धी निर्णय सहितको जानकारी नेप्सेलाई तुरुन्त दिनु पर्नेछ ।

१०. संगठित संस्थाको धितोपत्र दर्ता किताब बन्द गर्नुपर्ने भएमा सोको कारण तथा बन्द रहने अवधि सहितको जानकारी कम्तीमा सात दिन अगाडि नेप्सेलाई दिनुपर्नेछ ।

११. संगठित संस्थाले आफ्नो रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरेमा सोको जानकारी नेप्सेलाई तुरुन्त दिई सरोकारवालाको लागि पत्र पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१२. एउटै व्यक्ति वा संस्थाले संगठित संस्थाको पांच प्रतिशत वा सो भन्दा बढी हुने गरी शेयर लिएमा सोको जानकारी नेप्सेलाई तुरुन्त दिनु पर्नेछ ।

१३. संगठित संस्थाले कुनै संचालक वा अन्य कुनै व्यक्ति वा संस्थालाई नगदको सट्टा कुनै शेयर दिएको छ भने सोको जानकारी नेप्सेलाई तुरुन्त दिनु पर्नेछ ।

१४. संगठित संस्थाको संचालक, कार्यकारी प्रमुख, कम्पनी सचिव वा लेखापरीक्षक परिवर्तन भएमा नेप्सेलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

१५. संगठित संस्था विघटन हुने भएमा सोको जानकारी नेप्सेलाई तुरुन्त दिनेछ ।

१६. संगठित संस्थाले वार्षिक साधारण सभा वा विशेष साधारण सभामा पेश गरिने वार्षिक प्रतिवेदन, वासलात, नाफानोक्सान हिसाव तथा अन्य जानकारी विवरण र छलफलका विषय सूचि शेयरधनी र नेप्सेलाई उपलब्ध गराउनु पर्नेछ ।

१७. संगठित संस्थाले साधारण सभा समाप्त भएको एक महिना भित्र सो सभामा पेश भएका प्रस्ताव, छलफल भएका विषय तथा निर्णय सम्वन्धी विवरण नेप्सेलाई उपलब्ध गरानेछ ।

१८. संगठित संस्थाले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधि भित्रका काम कारवाही, वित्तीय विवरण सहितको प्रगति प्रतिवेदन (विद्युतीय प्रति) पेश गर्नेछ ।

१९. संगठित संस्थाले प्रत्येक वर्ष असोज मसान्त भित्र सूचीकरण शूल्क बुझाउनेछ ।

२०. नेप्सेले संगठित संस्थाको धितोपत्र दर्ता कितावको निरीक्षण नियमित वा आकस्मिक रुपमा गर्न सक्नेछ ।

२१. संगठित संस्थाले वार्षिक साधारण सभा समाप्त भएको एक महिना भित्रमा धितोपत्रधनीको लगत (विद्युतीय प्रति) नेप्सेमा पेश गर्नेछ ।

२२. संगठित संस्थाको धितोपत्रको दाखिल खारेज बन्द हुनु भन्दा अगाडि कारोबार भएका तर नामसारी हुन वांकी रहेका धितोपत्र धनीको विवरण दाखिल खारेज बन्द भएको कम्तिमा सात दिन भित्र पठाएमा संगठित संस्थाले खरिदकर्तालाई लाभांश वा वोनश शेयर वा हकप्रद शेयर दिनु पर्नेछ ।

## अनुसूची-५

(विनियम १८ को उपविनियम (१) संग सम्बन्धित)

**स्वेच्छिक सूचीकरण खारेजीको लागि**
**आवेदन पत्रको ढाँचा**

मिति :.................

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,

............................, काठमाण्डौं ।

बिषय : धितोपत्रको सूचीकरण खारेजी बारे ।

महाशय,

धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम यस संगठित संस्थाको धितोपत्र स्वेच्छिक सूचीकरण खारेजीका लागि आवश्यक कागजात तथा विवरण सहित निवेदन गर्दछु ।

यस निवेदनसाथ संलग्न विवरण तथा कागजात सत्य तथ्य छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । लुकाएको वा गलत विवरण पेश गरेको ठहरेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदक संगठित संस्थाः

नाम : ..........................

ठेगानाः ...................अंचल....................जिल्ला ......................... गा. पा. /न.पा. /म. न. पा.

टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............

इमेल ................

भवदीय,

.........................................

कार्यालयको छापः (प्रमुख कार्यकारी अधिकृत)

संलग्न कागजात तथा विवरणः

❖❖❖